तन्त्र साधना रहस्य

शीतल गिरी

तन्त्र साधना रहस्य

तन्त्र साधना रहस्य

शीतल गिरी

एकेडेमी अफ तन्त्र एण्ड स्यामनिक स्टडिज्

तन्त्र साधना रहस्य

शीतल गिरी

प्रकाशक : एकेडेमी अफ तन्त्र एण्ड स्यामनिक स्टडिज्
सर्वाधिकार : लेखकमा
संस्करण : पहिलो, वि.सं. २०८२ (१,००० प्रति)
आवरण/सज्जा : वसन्तराज अज्ञात (९८४१३४४५७७)

मूल्य : रु. ५५०।-

ISBN : 978-9937-1-8376-5

आशीर्वचन

शीतल गिरीले रचना गर्नुभएको ग्रन्थ 'तन्त्र साधना रहस्य' मैले अध्ययन गरेँ। उसो त तन्त्र साधना बारेका यसो त अनेकौं ग्रन्थहरू प्रकाशित भएका छन् तर यो ग्रन्थमा पहिलेदेखि नै प्रचलनमा रहेका अनेकौं ग्रन्थहरूका सार छन्। यस ग्रन्थमा सहज तर पूर्ण रूपमा प्रकाशित गरेर तन्त्रबारे रुचि भएका सर्वसाधारणसम्म पुगाउने यो प्रयास सामान्य होइन।

यसकारण लेखक बधाइ र प्रशंसाका पात्र हुनुहन्छ। शीतल गिरीको यो ग्रन्थ तन्त्रमा रूचि रहेका पाठक समक्ष पुग्ने कुराले म खुसी छु। यो कृतिमा तन्त्र- प्रतिपादित साधना र सिद्धान्त वैज्ञानिक पद्धतिबाट युक्तियुक्त यथार्थ विवेचना गरिएको छ। तन्त्र स्वयं रहस्यमय र प्रयत्नगम्य शास्त्र हो। तन्त्र ज्ञान एवं विशेष प्रक्रिया, विधि-विधानको शास्त्र हो, यसकारण यस शास्त्रको प्रतिपादन सदा दुरुह र दुर्बोध रहिरहन्छ। तन्त्रमा रुचि लिनेहरूको यही दुर्बोध्यता पन्छाउनको लागि शीतल गिरीबाट सरल रूपमा गुह्य तन्त्र ज्ञान राख्ने काम भएको छ।

लेखकको प्रयास धेरै सराहनीय छ। यस ग्रन्थले सर्वसाधारण जिज्ञासुहरूसम्म तन्त्र साधनाको सन्देश सम्प्रेषणमा सहायता गर्नेछ। मलाई विश्वास छ, तन्त्रका सहृदयी अध्येताले यो महत्त्वपुर्ण रचना सर्वाधिक उत्साहपूर्वक स्वीकार गर्नुहनेछ।

लेखकलाई यस कार्यको लागि हार्दिक शुभकामना !

प्रा. विद्यानाथ उपाध्याय भट्ट

तन्त्रविद्याशिरोमणि

शाक्तीश्वरी प्रसीदतु !

तन्त्रको स्वरूप संस्कार र आगम सम्बन्धी तन्त्र साधना रहस्य

सवै गर्ने गराउने माँले शीतल गिरीलाई अधिसार्नु भयो । वन्दना गर्दछु । सप्रेम बधाई ! कृपा सधैं बक्सियोस् !

यो विशाल संसार रच्नु भएको माँले निरन्तरता दिनु भएको तन्त्रचर्चाका गौरवमय उपलब्धिहरूमा यो ग्रन्थ पनि हो । तन्त्र भन्ने वित्तिकै टुना-मुना, बोक्सी भनी तर्सने बेलामा होइन, तन्त्र त स्वर्ग नरक हटाएर मुक्त नै पार्ने साधना हो, आफ्नै घरमा पुऱ्याउने ममता हो ।

छाप्रो नै भए नि घर पुगेपछि ढुक्क होइन्छ, परिवारसँग रमाइन्छ, सुखैले निदाइन्छ । माँको न्यानो काख मानिसको हक लाग्ने घर हो भन्ने चर्चा चलायो तन्त्र चर्चाले ।

बाँचुन्जेल अनेक रसरङ्ग गरी सुखैले ढुक्कै हुन्छन् तन्त्र साधक साधिकाहरू । यसलाई भुक्ति भनिन्छ । मरी जाँदा न्यानो काख पाउनु मुक्ति हो । माँ ! म पापी हुं सरण परें भनी भित्री मनै पगाली आँसु झरेपछि माँको पनि आँखा रसाउँछ घप्लक्कै च्याप्नु हुन्छ । वात्सल्य प्रेमको ममता माँले पुण्य पाप सवैबाट मुक्त पारेर काखमा लिनु हुन्छ–

"अहं त्वां सर्वपापेभ्यो मोक्षयिष्यामि मा शुचः ॥"

गीता अध्याय १८ श्लोक ६६

सृष्टिकर्ता ब्रह्मा होइन र ?

हो, ब्रह्मा माँको विना बाबुको हो, छोरा हो भन्यो सप्तशती चण्डीको प्राधानिक रहस्यले–यसको अर्थ माताको वरदपुत्र ब्रह्मा हुन् भनेर बुझ्नुपर्छ ।

"विशाललोचना नारी बभूव तनुमध्यमा "॥८॥

सूर्य चन्द्र तारा कुनै झिल्को पनि नभएको डरलाग्दो अँध्यारोमा एक्ली नारी प्रकट हुनुभयो– नारी बभूव। अनि आफ्नो तेज फिजाएर अँध्यारो भगाउनुभयो र आफैले ब्रह्मा, विष्णु, शङ्करका तीन जोडी जन्माउनु भयो–

"शून्यं तदखिलं स्वेनपूरया तेजसा" ॥६॥

"ससेज मिथुनं अयम्" ॥१७॥

यसरी रचना शक्तीश्वरी स्वयंले गर्नु भयो र यी सबै लीला श्लेष्मान्तक वनमा भयो भन्छ– गौरीघाटको गौरी-शिला र किरातेश्वर मन्दिरले।

यी रहस्य विदेशीले लेख्दैन किरातभूमिले लेख्छ। विदेशीले त गोठालाहरू आई यहाँ राज गरे भन्छ। रैथाने नेपालीको नामै लिंदैनन्। दासहरू पनि हो हो भन्छन् र पाषाणयुग खोई ? भन्दैनन्। जहाँ पहिलो सभ्यता जन्म्यो।

पाषाणयुगका किरात यहाँका वासिन्दा हुन्।असभ्य किरातलाई सभ्य बनाउनुभयो किरातेश्वर महादेव र किरात महारानी पार्वतीले। ती शिक्षा नै तन्त्र हो। यसरी समभावको मानव सभ्यता नेपालबाट शुरुभयो। नेपाल तन्त्रको जन्मभूमि हो। बाहिरबाट आयो नभनौं ! यहाँ अदीक्षितले पनि पर्दाभित्र दशैं पूजा गर्छ नै। मानिस स्वयं अपूर्ण छ। उसको रचनामा कमी कमजोरी हुन्छ नै, सुधार्दै जान्छ। तै पनि परिपूर्ण हुँदैन। पूर्ण त माँ मात्रै हुन्। त्वं शरणाम् !

जुजु "निस्त्रैगुण्यो भवार्जुन !" को साधक हो।

पुनश्च–

१. अरुलाई सताउने कुविद्या, टुनामुना ,बोक्सी नरकै जान्छन्।

२. धर्म पाप दुवै गर्ने पशु सुख दुःखको संसारमा बस्छन्।

३. दान धर्म तपस्याले स्वर्ग पुर्‍याउँछ। पुण्य भोगेर रित्तिएपछि जन्ममरणको बन्धनमा नै ल्याई थचार्छ–

ते तं धुक्त्वा स्वर्गलोकं विशालं
क्षीणे पुण्ये मर्त्यलोके विशन्ति ॥२१॥
गीता अध्याय ६ ,श्लोक २१
भुवब्रह्म भुवनात् लोकाः
पुनरावर्तिनोर्जुन ! ॥१६॥
गीता अध्याय ८ श्लोक १६

माँ ! जानिनं विराएँमाफ पाऊँ भनी गिड्गिडाएर शरण परेपछि पार लाग्छ। यो पनि भित्री मनैले गर्नुपर्छ, मुखले बकेर हुँदैन।

कन्या कुमारी माँबाटै यी सबै भए भनी बोध गराउन साक्षात् बोल्ने खेल्ने बच्ची देवी भएरै नेपालमा राज हुनुभयो कुमारी माँ। वर्षको तीन दिन रथ यात्रा नै हुन्छ। विदेशीहरू जीवित देवी भन्छन्। हामी भन्छौं यहाँका सवै देवता जीवित। खल्खली पसीना काड्छन्।

बच्चा बच्ची आमालाई छोड्दैनन्, बाबुसँग पनि बस्न मान्दैनन्। तर, २, ३ वर्षकी कुमारी माँ घर परिवार छोडी पराया घरमा आफ्नै भनी रमाउनु हुन्छ। बा आमा हवन् दर्शन पूजा गर्न आउँदा पनि सँगै जाऊँ भन्नु हुन्न। देवी बनेरै विदा गर्नु हुन्छ। तन्त्र भूमि नेपालको यो गौरव अन्त खोजेर पाइन्न। मनले देख्छ। किन ?

मनकी महारानीलाई मनैले पुकारिन्छ। मनैले पूजा गरिन्छ। मानसिक पूजामा वाहिरी वस्तु चाहिन्न। मनले चिताए पुग्छ। गरीबले पनि हीराको हारै पहिराउँछ र माँलाई कति सुहाएको भनी मख्खै पर्छ। यसरी तल्लीन हुनु समाधि हो। एक भक्त मानस पूजामा लीन हुन पुग्छ। कोठा पूरै अलौकिक सुगन्धले मग्मगायो। त्यहाँ बसेकाहरू चकित भए। भक्तले आफ्नो मुख खोलेर देखाए– माँले चपाउनु भएको प्रसाद पान आफ्नै बाहुलीले मेरो मुखमा कोचि दिनुभयो। वररर आँसु झऱ्यो। सवैको भक्ति भाव स्वतः बढ्यो। मानस पूजामा मात्र यो र पाइन्छ। बाहिरी पूजामा तनावै तनाव। मैले गरैं भन्ने अहङ्कार आउँछ नै। अहङ्कार माँलाई मन पिर्दैन। अस्तु।

महेश्वर जुजु राजोपाध्याय

पुरोवाक्

सुपरिचित लेखक शीतल गिरीले 'तन्त्रसाधना रहस्य' शीर्षकको यस कृतिमा तन्त्रको स्वरूप र आविर्भाव, तान्त्रिक संस्कृति, गुरुतत्त्व र सद्गुरु रहस्य, मन्त्र र देवताको रहस्य, शक्तिको रहस्य, दीक्षारहस्य, तान्त्रिक साधना, कुण्डलिनी तत्त्व, नाद, विन्दु र कला, नादरहस्य आदि विषयलाई शास्त्रीय प्रमाणहरूले परिपुष्ट गरी बडो सुन्दर ढङ्गले प्रस्तुत गर्नुभएको छ। नेपाली भाषामा तन्त्रविषयक कृतिको रचना ज्यादै कम रहेको परिप्रेक्ष्यमा यस कृतिको विशिष्ट महत्त्व रहनेछ।

'तन्त्रसाधना' शब्दले मूलतः शाक्त साधना र आनुषंगिक रूपमा शैवसाधनालाई बुझाउँछ। वैष्णव, सौर, गाणपत्य आदि साधना पनि वास्तवमा तान्त्रिक परम्पराकै प्रकारभेदमात्र हुन्। वैष्णव साधनामा पाञ्चरात्र, वैखानस र सात्वतधारा प्राचीन कालदेखि नै प्रचलित छन्। पाञ्चरात्रतन्त्र, सात्वततन्त्र आदि ग्रन्थ प्राचीनकालदेखि नै वैष्णवसमाजमा सम्मानित रहँदै आएका छन्। वेद र तन्त्र दुवै ज्ञानपरम्परा दिव्य र अपौरुषेय हुन्। वेद र तन्त्र दुवै बोधात्मक र वागात्मक छन्। परज्ञान बोधात्मक छ भने अपरज्ञान वागात्मक छ। वागात्मक ज्ञान नै शास्त्रका रूपमा प्रतिष्ठित छ। बोधात्मक परज्ञान वागात्मक शब्दमा आरूढ भएर अर्थप्रकाशनमा प्रवृत्त हुन्छ। विश्वसृष्टिको प्रथम उन्मेषको समयमा परम कारण निष्कल शिवबाट अवबोधरूप ज्ञानको नादात्मक प्रसार हुन्छ। त्यसपछि सोही नादात्मक ज्ञान सदाशिवको आश्रय लिएर तन्त्र अथवा शास्त्रको रूप ग्रहण गर्दछ। तन्त्रप्रवर्तनको यही प्रक्रियालाई स्वच्छन्दतन्त्रमा यसरी व्यक्त गरिएको छ–

गुरुशिष्यपदे स्थित्वा स्वयं देवः सदाशिवः।
प्रश्नोत्तरपदैर्वाक्यैस्तन्त्रं समवतारयत्॥

गुरु अथवा सदाशिवमा परमेश्वर शिव चित्, आनन्द, ज्ञान, इच्छा र क्रियारूप पाँच शक्तिलाई पाँच मुखका रूपमा प्रकट गर्दछन् र सदाशिवका तिनै पाँच मुखको मिलनबाट पञ्चस्रोतमय अभेद, भेदाभेद र भेदरूप तन्त्रशास्त्रको आविर्भाव हुन्छ। शाक्त तन्त्रको आम्नाय परम्परामा सदाशिवका पाँच मुखका अतिरिक्त सर्वविश्रान्तिमय छैटौं मुखको कल्पना गरी षडाम्नाय तन्त्रपरम्पराको उल्लेख पाइन्छ। तन्त्रशास्त्रको अवतरणक्रम र यसका विविध भेदसम्बन्धी विषयको चर्चा "तन्त्रको स्वरूप र आविर्भाव" शीर्षकको लेखमा गरिएको छ।

सनातन संस्कृतिमा वैदिक र तान्त्रिक दुवै साधनाधाराको समान महत्त्व रहेको छ। तान्त्रिक साधनाको मूल आदर्श शक्तिको जागरणद्वारा आफूलाई शिवका रूपमा बोध गर्नु हो। वैदिक साधनामा पनि चराचर जगत्को कारणका रूपमा प्रतिष्ठित ब्रह्मतत्त्वको साक्षात्कार वा "म नै ब्रह्म हुँ" भन्ने अविचल बोधलाई जीवनको परम लक्ष्य मानिएको छ। "मोक्षो हि नाम नैवान्यः स्वरूपप्रथनं हि सः" अर्थात् मोक्ष भनेको आफ्नो वास्तव स्वरूपलाई चिन्नु वा आफूलाई पूर्ण चैतन्यका रूपमा बोध गर्नु हो भन्ने मूल आदर्शलाई चरितार्थ गर्न तन्त्रमा पशुभाव, वीरभाव र दिव्यभावको उपासना प्रणाली विकास गरिएको छ। शब्दान्तरका रूपमा आणव उपाय, शाक्त उपाय र शाम्भव उपाय भनिए तापनि तिनमा लक्ष्यगत भेद दृष्टिगोचर हुँदैन। "शक्त्यवस्थाप्रविष्टस्य निर्विभागेन भावना। तदासौ शिवरूपी स्याच्छैवीमुखमिहोच्यते" अर्थात् आफूमा शक्तिको जागरणद्वारा शक्तिको अवस्थामा प्रवेश गरेको साधकले जब आफूभित्र जागृत शक्तिलाई शिवका साथ दृढ रूपले अभिन्न भावना गर्दछ तब ऊ शिवरूपी बन्दछ त्यसैले यहाँ शक्तिलाई शिवमा प्रवेश गर्ने ढोका मानिएको छ त्यसैले तन्त्रसाधनामा शक्तिलाई विशेष महत्त्व दिनुको रहस्य पनि यही हो। तान्त्रिक संस्कृतिमा निहित यही शक्तिवादलाई लेखकले नेपालमा प्रचलित शाक्त उपासनाको ऐतिहासिक सन्दर्भको विस्तृत विवरणका माध्यमबाट "तान्त्रिक संस्कृति" शीर्षकको लेखमा समेट्ने प्रयास गर्नुभएको छ।

तन्त्रसाधनाको मूल लक्ष्य प्राप्तिका लागि सद्गुरुको भूमिका ज्यादै महत्त्वपूर्ण मानिन्छ। अज्ञानरूपी अन्धकारले अन्धो बनेको शिष्यको आँखालाई ज्ञानरूपी अञ्जनशलाका (छेस्को)ले खोलिदिने नै सद्गुरु हुन्। संसारप्रति वैराग्य र मोक्षप्रति जिज्ञासा भएको व्यक्ति जब सद्गुरुको खोजी गर्दै गुरुको समीपमा पुगदछ तब सद्गुरुले दीक्षाका माध्यमबाट शिष्यको पशुवासनालाई

हटाई ज्ञानसद्भाव प्रदान गर्दछन्। वास्तवमा शिव स्वयं नै जीवको मुक्तिका लागि गुरुरूपमा मनुष्यरूप धारण गरी पृथ्वीमा अवतीर्ण भएका हुन् भन्ने शास्त्रीय वचन पाइन्छ। गुरुतत्त्व र सद्गुरुको रहस्यसम्बन्धी विषयलाई "गुरुतत्त्व र सद्गुरु रहस्य" शीर्षकको लेखमा सविस्तार प्रकाश पारिएको छ।

मलको तारतम्यले जीव सकल, प्रलयाकल र विज्ञानकल गरी तीन प्रकारका हुन्छन्। तिनमा सकल जीव अज्ञानरूप मल, माया र कर्म तीनै प्रकारका मलले युक्त हुन्छन्। प्रलयाकल मायामलले रहित तर अज्ञान र कर्ममलले युक्त जीव हुन् भने विज्ञानकल माया र कर्ममलले रहित तर अज्ञानमलले युक्त जीव हुन्। विज्ञानकल जीवका पनि दुई भेद छन्– समाप्तकलुष र असमाप्तकलुष। समाप्तकलुष विज्ञानकल जीवलाई परमेश्वर शिवले आफ्नो अनुग्रहकृत्यद्वारा अनन्त, सूक्ष्म, शिवोत्तम, एकनेत्र, एकरुद्र, त्रिमूर्ति, श्रीकण्ठ र शिखण्डी यी आठ विद्येश्वर पदमा नियुक्त गर्दछन् भने असमाप्तकलुष विज्ञानकल जीवलाई सात करोड मन्त्र बनाउँछन् त्यसैले मन्त्र चैतन्ययुक्त हुन्छन् जसको विधिपूर्वक अभ्यास गर्दा अभीष्ट सिद्धि हुन्छ। "मन्त्र र देवतारहस्य" शीर्षकको लेखमा यिनै विषय र सर्वज्ञ एवं बलशाली मन्त्रको स्वरूप तथा त्यसको रहस्यमाथि प्रकाश पार्ने प्रयत्न गरिएको छ।

"शक्तिको रहस्य" शीर्षकको लेखमा शक्तिपात र कुण्डलिनीशक्तिका विषयमा चर्चा गरिएको छ। शक्तिपात वस्तुतः शिवको अनुग्रहरूप कृत्य हो। शक्तिपात भएपछि व्यक्तिमा मोक्षशास्त्रप्रति श्रद्धा, गुरुको खोजी, सत्सङ्गको चाहना आदि देखा पर्न थाल्छन्। यसका पनि मन्दतर, मन्द, तीव्र, तीव्रतर आदि भेद रहन्छन्। शक्तिपातको सोही तारतम्यअनुसार व्यक्तिको मोक्षसाधनाको मार्ग निर्धारित हुन्छ तर कर्मसाम्य नभई मोक्षप्राप्ति हुँदैन र कर्मसाम्यका लागि मल (मल, माया र कर्म)को परिपाक अनिवार्य हुन्छ। मलपरिपाकको पनि तारतम्यअनुसार सकल (पक्व सकल र अपक्व सकल), प्रलयाकल (पक्व प्रलयाकल र अपक्व प्रलयाकल) र विज्ञानकेवल (समाप्तकलुष र असमाप्तकलुष) गरी जीवमा भेद रहन्छ। मलको परिपाक हुँदै गएपछि दीक्षाका माध्यमबाट जीवमा रहेको सुषुप्त शक्तिलाई जगाइदिने काम गुरुले गर्दछन् र शक्तिको पूर्ण जागरणबाट आफ्नो वास्तव चैतन्य स्वरूपको बोध जीवलाई हुन्छ अनि शिवपदमा आरूढ हुन्छ, यही नै मनुष्यको चरम लक्ष्य हो। "चिति प्राक् प्राणे परिणता" अर्थात् चितिशक्ति सबैभन्दा पहिले प्राणशक्तिका रूपमा परिणत

भइन् भन्ने वचनअनुसार परिपूर्ण समष्टि चैतन्यस्वरूप पराकुण्डलिनी नै व्यष्टि देहमा प्राणका रूपमा रहेकी छिन् जसलाई प्राणकुण्डलिनी भनिन्छ। कुण्डलिनीयोगका विशारदहरू मूलाधारमा सुषुप्त अवस्थामा रहेकी सोही प्राणकुण्डलिनीलाई शरीरस्थ षट्चक्रहरूको भेदनद्वारा सहस्रारस्थित परम शिवका साथ मेलन गराई शिवशक्तिसम्मीलनजन्य आनन्दामृतको वर्षाद्वारा आप्यायित हुने चिन्तन गर्दछन्।

"दीयते ज्ञानसद्भाव: क्षीयन्ते पशुवासना। दानक्षपणसंयुक्ता दीक्षा तेनेह कीर्तिता" यस व्युत्पत्तिअनुसार दीक्षा भनेको ज्ञान प्रदान गर्ने र पशुवासना वा मलको क्षय गर्ने क्रियाव्यापार हो। यसका अनेकौं भेदको वर्णन तन्त्रालोक आदि ग्रन्थमा पाइन्छ तर सबै भेदलाई समयदीक्षा, विशेषदीक्षा र निर्वाणदीक्षाभित्रै अन्तर्भाव गर्न सकिन्छ। यसप्रकार "दीक्षारहस्य" शीर्षकको लेखमा दीक्षाको स्वरूप, उद्धारक्रम आदि विषयमाथि प्रकाश पारिएको छ।

तान्त्रिक साधना, शक्ति जागरण, कुण्डलिनीतत्त्व, नादतत्त्व आदि विषयलाई ग्रन्थको उपसंहार भागमा समेटिएको छ। समष्टिमा हेर्दा यस ग्रन्थमा तन्त्रसाधनाका विविध विषयलाई समेट्ने प्रयास भएको छ। लेखकको यो प्रयास स्तुत्य छ। तन्त्रसाधनासँग सम्वद्ध विपुल साहित्य र विस्तीर्ण परम्परा रहेकाले एउटै ग्रन्थमा सबै विषयवस्तुलाई समेट्नु सम्भव छैन तर यस ग्रन्थमा समेटिएका विषयवस्तुका माध्यमवाट तन्त्रसाधनाका बारेमा जानकारी राख्न चाहने पाठकले प्रशस्त बौद्धिक खुराक प्राप्त गर्नेछन् भन्ने मेरो विश्वास छ। अन्त्यमा लेखकलाई यस कृतिका लागि बधाई दिँदै आगामी दिनमा यस क्षेत्रमा निरन्तर लेखनको शुभकामना पनि व्यक्त गर्दछु। तन्त्रायिणे नम: !

वि.सं. २०८१,
विजया दशमी

डा. माधवप्रसाद लामिछाने
सहप्राध्यापक
पूर्वमीमांसा तथा तन्त्रविभाग
नेपाल संस्कृत विश्वविद्यालय,
वाल्मीकि विद्यापीठ, प्रदर्शनीमार्ग, काठमाडौं

शुभकामना

विद्वान् शीतल गिरीज्यूले लेख्नुभएको पुस्तक मैले आद्योपान्त अध्ययन गरेँ । पुस्तकमा तन्त्रसाधनाका विविध आयमका बारेमा गहन विमर्श गरिएको रहेछ । तन्त्रको सिद्धान्तलाई सरल रूपमा प्रस्तुतीकरण गरिएको उक्त पुस्तकमा कुण्डलिनीको बारेमा सैद्धान्तिक व्याख्यालाई सुन्दर रूपमा उत्कीर्ण गर्नुभएका गिरीज्यूको लेखनीको म कदर गर्दछु । नेपालमा प्रचलित तन्त्रको शास्त्रीय परम्परा र लोकजीवनसँग जोडिएका यावत् विषयलाई समेत जोडर गर्नुभएको बृहत् खोजको म कदर गर्दछु । भविष्यमा पनि उहाँबाट नेपाल तन्त्र वाङमयलाई सजाउने सुन्दर रचनाहरू आइरहून् भन्ने मेरो कामना छ । उहाँलाई यस बृहत् खोजको लागि सहर्ष धन्यवाद ज्ञापन गर्दछु ।

भोलानाथ बास्तोला
धामीझाँक्रीविद

यस कृतिका बारेमा

तन्त्र साधना रहस्य सकभर सबैले सहज रूपमा बुझ्न सक्ने बनोस् यसतर्फ मेरो विशेष ध्यान गएको छ । तन्त्र भनेपछि डरलाग्दो भयानक अर्थमा धेरैले लिने गरेका छन् । तन्त्र सहज रूपमा गरिने र हाम्रो व्यवहारमा अपनाउँदै आएको कुरा हो । हो यही कुरा बुझाउने प्रयत्न हो मेरो ।

यो पुस्तकको श्रेय भोला वास्तोलाजीलाई जान्छ, शब्दको माला मात्र हो मैले उनेको, लेखिएका शब्द उहाँको भावना नै हो ।

नेपाल दर्शन अध्ययन समाजका अध्यक्ष अभय शर्माको आयोजनामा मार्टिन चौतारी सेमिनार हलमा एक वर्ष पहिले मैले साङ्ख्य दर्शनबारे बोलेको थिएँ । साङ्ख्य दर्शन लोकको नजिक रहेको हुँदा लोकको कुरा आउनु स्वाभाविक थियो र आयो ।

अन्तर्राष्ट्रिय क्षेत्रमा धामी-झाँक्रीबारे वृहद् अध्ययन थाल्नुभएका सज्जन भोलानाथ वास्तोलाजीलाई किन हो मेरो बोलीले प्रभाव पारेछ । अनि उहाँले धामी/झाँक्री र सोको उपचार पद्धतिबारे पुस्तक लेख्न भन्नुभयो । म अरू नै काममा व्यस्त रहेकोले स्वीकार गर्न अनाकानी गरेँ । तर भोलाजी लिसोझैँ टाँसिनुभयो । अन्तमा हुन्छ भने मैले, भन्नुस्, तपाईं भएको भए के गर्नुहुन्थ्यो ?

अनि मनमनै विचार गरेँ "१०० पृष्ठको किताब लेख्छु, ४० पृष्ठ तन्त्र, ३० पृष्ठ धामी-झाँक्री र ३० पृष्ठ उपचार । सामान्यतया २५००० शब्द त हो । अनि स्वरूप तयार पारेँ १. तन्त्रको पृष्ठभूमि, २. तान्त्रिक संस्कृति, ३. गुरुतत्त्व र सद्‌गुरु रहस्य, ४. मन्त्र देवताको रहस्य, ५. शक्तिको रहस्य, ६. दीक्षा रहस्य, ७. धामी-झाँक्रीको प्रार्दुभाव, ८. धामी-झाँक्रीको शक्ति जागरण, ९. समाजमा पारेको प्रभाव, १०. तिनको अध्यात्म जीवनको आदर्श, ११. धामी-झाँक्रीको साधना र तन्त्रमन्त्र, अनि सो अध्ययन गर्न मैले रोजेको

गाउँमा पनि गएँ, तर वर्षाको कारण सफल हुन सकिन र फर्किएँ। नेपालको दूरदराजका ठाउँमा अहिले पनि सहज रूपमा आधुनिक चिकित्सा पुग्न सकेको छैन। हजारौँ वर्षदेखि हाम्रो हरेक कुराको सहजै समाधान दिन सक्ने, आधार यिनै थिए, यिनले चिनेका, उपचारमा ल्याएका जडीबुटी ज्ञान हामीले पुस्तान्तरणको रूपमा नलिने हो भने हराएर जान्छन्। लोकको ज्ञान सकेसम्म सङ्कलन गरेर राख्नुपर्छ यो नै हाम्रो मौलिक पहिचान हो र सम्पत्ति पनि। हो यही कुराले मैले यो कार्य स्वीकार गरेको हुँ। स्वीकार त गरें, तर म यसबारेको जानकार भने थिइनं। तन्त्र चर्चामा तीन चार पटक भट्याएको र आधा दर्शन वढी यस विषयमा लेख लेखेको भरमा यो पुरा गर्न सकिने कुरा पनि थिएन। थियो त केवल ममा उत्साह। अनि लागेँ अध्ययनमा। भेटिएका पाइएका धामी-झाँक्रीहरूको विश्वास जितेर उनीहरूले उपचार गर्ने रोग र सोमा प्रयोग गरिएका जडीवुटीको नाम संकलन गर्न थाले। ठुलो समस्या पर्यो, मलाई वताइएको या मैले सङ्कलन गरेको जडीवुटी वास्तवमा तत् तत् रोगकै लागि हो त ? यसैबीच म प्रोस्टेडको समस्याले थलिएँ र मेरो सम्पर्क महामना डा.हरिप्रसाद पोखेल मानसाग्निज्यूसँग भयो। मेरो समस्या उहाँसँग राखे।

मानसाग्निज्यूको सल्लाह अनुसार अहिले मसँग चन्द्रनिघण्टु, महारसनिघण्टु, चरकसंहितालगायतका आयुर्वेदिक जडीवुटी र औषधोपचारवारे जानकारी गराउने पुस्तकहरू छन्। अनुकूल समयमा धामी-झाँक्रीको अध्ययन गर्न गाउँ जाने कार्य थाती राखी लेख्न थालें र मैले लेख्दै गएँ। अध्ययन गर्दै शब्दहरू सजाउँदै गएँ। अनि जव फिल्डवर्क मात्र बाँकी रह्यो यसो हेर्छु त १,००,००० शब्दभन्दा वढी लेखिसकिएछ। कहाँ २५००० शब्द कहाँ १,००,००० शब्द। अनि भोलाजीसँग सल्लाह भयो तीन वटा किताव वनाउने।

यसरी तयार भएको हो तन्त्र साधना रहस्य। तन्त्र हृदयको कुरा हो, विश्वासको कुरा हो। संस्कृति र हाम्रो व्यवहारसँग जोडिएको कुरा हो। वैयक्तिक, पारिवारिक, सामाजिक र राष्ट्रिय हितसँग जोडिएको छ, संस्कृति परम्परामा। अहिलेका धेरै मानिसलाई आफ्नो संस्कृति र संस्कारवारे चासो छैन।

तन्त्र कुनै अनौठो कुरा होइन। नभएको कुरा पनि होइन। शरीरमा जसरी रगत छ, हाम्रो संस्कृतिमा त्यसैगरी तन्त्र छ। हामीले मानिआएको विक्रम संवत्को सम्बन्ध तन्त्रसँग रहेको पाउँछौं। हाम्रा प्रत्येक चाड पर्वले तन्त्रको महत्त्व बताउँदै छ।

जहिलेदेखि नेपालीले तन्त्रको साधनामा ध्यान दिन छाड्यो, अनि तन्त्रको अर्थ पनि बिर्सियो र चटकेलाई तान्त्रिक र तिनको चटकलाई तन्त्र भन्ने अर्थमा लिन थाल्यो ।

हामी कहाँ विक्रमादित्य, बन्धुदत्त, जमुना गुभाजु, लम्बकर्ण भट्ट, फाल्गुनन्द लिङ्देन, स्वर्गद्वारी महाप्रभु, बालागुरु षडानन्द अनि हावाहुरी र असिना पानीबाट समाजलाई बचाउने लामाहरूका कृत्य अपरिग्रह नै हो । उहाँहरूले आफ्नो लागि होइन समाज र राष्ट्रको लागि आफूले आर्जन गरेको तन्त्रशक्ति लगाउनुभयो । सो समयमा घर घरमा तन्त्र साधना गर्ने चलन थियो । साधना गरेका सबै अब्बल नै हुन्छ भन्नु छैन । हो तन्त्र साधनाबाट साधकले आफूलाई चिन्न सक्छ, आफूमा भएको शक्ति पहिचान गर्न सक्छ र असल काममा लगाउँछ ।

प्राचीनतम कुरालाई अध्ययन गरेर यस रूपमा ल्याएको छु तन्त्रका जिज्ञासु पाठकबाट स्वीकार गरिएमा मैले एउटा असल काम गरेँ भनेर भन्न पाउने छु, प्रबुद्ध पाठकबाट सहजता साथ स्वीकारिनेछ भन्ने विश्वास लिएको छु ।

तन्त्र हाम्रो जीवनमा महत्त्वपूर्ण छ, आग्रह, पूर्वाग्रह राखेर आवेग वा उत्तेजनामा आएर मेटाइदिने, बङ्ग्याइदिने काम मबाट भएको छैन । सकभर सम्मान गर्न चाहेको छु । तन्त्रको यस पुस्तकमार्फत हामीले आफ्नो माटोको तन्त्र साधना परम्पराको गौरव बढाउन सकौँ, अग्रज पुर्खाको देन तन्त्र साधना परम्पराको सम्मान गरौँ ! आज नेपाली तन्त्र विलुप्तको अवस्थामा छ ।

तन्त्र नेपालको सांस्कृतिक जीवन हो । आज जुन कुनै बहाना वा कारण देखाएर कोही कसैको तन्त्र साधनाको परम्परा मेटाइयो भने भोलि आफ्नो मौलिकपन पनि मेटिनेछ, यो कटुसत्य सबैले बुझ्न जरुरी छ । आफूलाई नराम्रो वा नमीठो लागे पनि तपाईं हामीले हाम्रो संस्कार संस्कृतिमा रहेको तन्त्रको यथार्थ बुझेर सम्मान गर्न सक्यौँ भने सबैका लागि, सधैँका लागि हितकर हुनेछ भन्ने तथ्यलाई हरेकले आत्मसात् गर्नैपर्छ ।

तन्त्रले साधना खोज्छ– यस्तो गहन विषयवस्तुमा कलम चलाउनु अवश्य सहज थिएन । तन्त्रविद्याशिरोमणि प्रा.विद्यानाथ उपाध्याय भट्ट, त्रिगुणातीत तन्त्रसाधकरत्न महेश्वर जुजु राजोपाध्याय, तन्त्राचार्य डा.माधव लामिछाने र तन्त्र चर्चा परिवारका संयोजक अध्यक्ष सन्दीप सापकोटालगायतप्रति आभार व्यक्त गर्दछु । उहाँहरूको साथ र उहाँहरूकै ज्ञानलाई मैले शब्दमा उतारेको

मात्र हुँ, भोला बास्तोलाजीको हुटहुटीको कारण। मेरो परिश्रमले तन्त्रका कतिपय अँध्यारा गौँडा-गल्छेडामा प्रकाश पार्ने नै छ र कतिपय अन्योल, द्विविधा, अस्पष्टता हट्नेछन् भन्ने विश्वास ममा छ।

यही कुरा महसूस गरेर मबाट यो तन्त्रको पुस्तक लेखियो। यो पुस्तक लेखन र परिमार्जन गर्नका लागि थुप्रै महानुभावहरूले अमूल्य सहयोग दिनुभएको छ। प्रत्यक्ष र परोक्ष सहयोग पुऱ्याउनुहुने सबैप्रति कृतज्ञताज्ञापन गर्नु म आफ्नो मुख्य कर्तव्य ठान्दछु।

बडो मिहीन किसिमले यसका शब्द शब्द केलाएर, भाव छामेर मन्तव्य लेखिदिनुहुने तन्त्रका आधिकारिक विद्वान् डा. माधव लामिछानेको साथ पाएर म धन्य भएको छु। देवकोटीमा पुग्नुभएका विद्यानाथ भट्ट र महेश्वर जुजुको आशीर्वचन सदा मेरो कवच बनेर रहनेछ।

भोला बाँस्कोटाको प्रयास र तन्त्र चर्चा परिवारको साथले यो पुस्तक तपाईंको हातमा छ, यसका सबल-दुर्बल पक्ष केलाउने जिम्मा पनि तपाईंलाई नै ! रचनात्मक आलोचना मेरो मांग हो।

यसमा रहन गएका कमी कमजोरी र विवादास्पद कुराहरू भए सोका लागि विज्ञ पाठक, समालोचकहरूसँग क्षमा चाहन्छु। राम्रा कुराजति अग्रजहरूका, जसको आशीर्वाद, प्रेरणा र प्रोत्साहनले गर्दा तन्त्र साधना रहस्य लेखियो, उहाँहरूकै पोल्टामा– यस कृतिको बारेमा मैले भन्नु यति मात्र हो !

शीतल गिरी
गौर-५, रौतहट

प्रकाशकीय

इतिहास, पुराण, पुराकथा वा समाजका उपजीव्य वस्तु लिएर साहित्य थुप्रै लेखिन्छ प्राज्ञहरूको लेखनीबाट । कलमबाट पोखिने शब्दहरूमा जीवनजगत्सँग सम्वद्ध विविध विषयहरूमा सौन्दर्य, रूप, गुण र भावुकता अभिव्यक्त हुन्छन् ।

लेखन आफैंमा साध्य होइन, तपश्चर्या हो– उपासनाको क्रम हो । साध्य हो– चिन्तन । हुन त लेखन चिन्तनकै उपज हो भन्दा फरक परोइन तर कलम पण्डितको विचार सर्वानुभवमा अड्छ वा सर्वानन्दमा, त्यो विचारणीय छ ! यसले पनि अर्को निदर्शन जन्माउँछ ।

साधना भावोद्दीपक हुन्छ, दर्शनको प्रस्थानविन्दु यही हो । चिन्तन वडो विचित्रको छ– भावातिरेक हुन्छन् साधकहरू । सञ्चिन्तनले अग्रगमन गराउँछ, भावदोष अर्थात् विचारको शिथिलताले साधनालाई अधोगतितर्फ लैजाँदो रहेछ ।

विद्वान् शीतल गिरिजीले वडो मिहिनेतपूर्वक यो कृति "तन्त्रसाधना रहस्य" को लेखन कार्य सम्पन्न गर्नुभएको छ । यसको पाण्डुलिपि मैले पनि आद्योपान्त अध्ययन गरेँ, विद्वत्तापूर्ण समित वस्तुको उठान भएको पाएँ । यो सुलेखलाई प्रकाशन गर्न पाउनु हाम्रो लागि खुसीको कुरा हो । पुस्तकमा प्रतिपादित तन्त्रको सुचिन्तनले पाठकवर्गमा असल प्रभाव पर्ने नै छ भन्ने मैले ठानेको छु । प्रत्यक्ष-परोक्ष सहयोग गर्नुहुने सबैलाई धन्यवाद ! कृतधी गिरिजीलाई पुनश्चः बधाई एवम् शुभकामना !

सन्दीप सापकोटा
प्रकाशक, तन्त्रचर्चा परिवार

विषयसूची

१.	तन्त्रको स्वरूप र आविर्भाव	२१
	क. तन्त्र के हो ?	२१
	ख. तान्त्रिक परम्परा	३१
	ग. तन्त्र साधना	३६
	घ. नेपालमा तान्त्रिक देवता	४४
	ङ. तन्त्र उपासना	४९
	च. तन्त्रको महत्त्व	६६
२.	तान्त्रिक संस्कृति	७१
३.	गुरुतत्त्व र सद्‌गुरु रहस्य	९४
४.	मन्त्र र देवताको रहस्य	११८
५.	शक्तिको रहस्य	१२८
६.	दीक्षा रहस्य	१४१
	१. दीक्षाको स्वरूप	१४१
	२. द्वैतआगम मत	१४४
	३. भगवान्‌को जीवउद्धार-क्रम	१४६
	४. साधिकार मुक्ति र यसको प्रकार भेद	१४९
	५. समय दीक्षा	१५१
७.	उपसंहार	१७२
	१. तान्त्रिक साधना	१७२
	२. शक्ति जागरण	२०५
	३. कुण्डलिनी तत्त्व	२११
	४. नाद, विन्दु र कला	२२१
	५. नाद रहस्य	२२९

सन्दर्भग्रन्थ सूची

तन्त्रको स्वरूप र आविर्भाव

क) तन्त्र के हो ?

महेश्वर जुजु राजोपाध्यायका शब्दमा– "काठमा तिलको अगेनुमा आगो छ बडेमाको ज्वाला नै छ, संसार देखाउने निर्मल प्रकाश छ । तर, घोट्नै पर्छ वा आगो लगाउनै पर्छ । अनि जाग्रत हुन्छ, चम्चमाउँछ । मनचिन्ते झोली नै बनिदिन्छ । दिव्यता समेत पाइन्छ । टुनामुना गरी रौरव नरक पनि पाइन्छ त्यो तिम्रो खुसी, भन्ने शक्ति भक्ति सिद्धिको नाम हो तन्त्र ।" (तन्त्र चर्चा : २०७९, पृ. १) सबै प्राणीको आत्मा भएर शक्ति प्रदान गर्ने शक्तिविना शिवको पनि काम छैन । महादेव पार्वतीबाट सुन्ने अनि सम्झिराख्ने श्रुति स्मृति शास्त्र बन्यो, तन्त्र शास्त्र । किरातेश्वर दम्पतीको मूक प्राणीप्रतिको प्रेमले तन्त्र प्रकट गरायो । तन्त्र मानव धर्म हो । यसमा प्रेम छ, करुणा छ, सेवा छ ।

अन्धकारलाई चिरेर जङ्गली मानिसलाई सभ्य बनाएको तन्त्र विश्वकै पहिलो ज्ञान हो । पञ्चतत्त्वको जानकारी गराउने तन्त्रशास्त्र सनातन धर्म हो । तन्त्रले सबै मानवको सम्मान गर्छ । सत् चित् आनन्दको सन्तान भएर सबैको भलो गर्न उत्प्रेरित गर्छ । जन्ममृत्युको जन्जालबाट सदाका लागि मुक्त हुने साधना हो, तन्त्र ।

तनत्राण इति तन्त्रः अर्थात् शरीरलाई रक्षा गर्ने शारीरिक शक्ति तन्त्र हो भनेर तन्त्र शब्दको व्युत्पति र व्याख्या गरिएको छ । मन्त्र मानिसक शक्ति हो र यसले साकार रूप धारण गरेपछि उक्त मानिसक शक्ति तन्त्र बन्दछ । आगमनिगम दुवैको एउटै उद्देश्य सुखपूर्वक जीवनयापन गर्दै ईश्वर वा मोक्ष प्राप्ति गर्नु हो । धार्मिक अभ्यास गरेर पाउनुपर्ने उपलब्धि वैदिक तरिकाले भन्दा तन्त्रको माध्यमबाट शीघ्र प्राप्त गर्न सकिन्छ । शैव वा शाक्त तान्त्रिक पद्धति

अपनाएमा एकै जन्ममा गृहस्थाश्रममा बसेर भोग गर्दागर्दै मोक्ष प्राप्त गर्न सकिन्छ। जीविकोपार्जन र सामाजिक न्याय हुउन्जेलसम्म समाजले आ-आफ्नो धर्म पालन गरिरहन्छ, यसर्थ समाज विचलन आउन नदिन धार्मिक र सामाजिक व्यवस्थामा समयानुसार सुधार र परिमार्जनको आवश्यकता पर्छ।

आगमशास्त्रले सबै मानव, तन्त्रको अधिकारी भनेको छ, त्यही अनुरूप जनसमुदायले अक्षरशः पालन गर्दै सबै समुदायले पहिले तन्त्र दीक्षा लिने गर्दथे। समाजभित्र केही समुदाय संस्कारमा र केही समुदाय विविध उत्पादन वा सेवासँग सम्बन्धित रहेका हुन्थे। उत्पादन वा सेवा कार्यमा लाग्नेको पनि दीक्षा अनिवार्य रहेको हुन्थ्यो। तन्त्र दीक्षाले एक वा केही सीप, क्षमता, उत्पादन विषयमा विशिष्टता हासिल गर्न आरक्षणको काम गर्ने गर्थ्यो।

समाजका प्रत्येक समुदायले भिन्नाभिन्नै सामग्री बनाउने, उत्पादन गर्ने भएकाले रोजगारीमा असर पर्दैनथ्यो। सबैको अलग अलग जीवनयापनका उपाय रहेको हुँदा एकले अर्काको कार्यमा हस्तक्षेप गर्दैनथे। हरेक समुदायले आफ्नो सीप, दक्षतालाई जन्मदेखि परिमार्जन गर्दै लैजान पोख्त हुन्थे। विशेषयुक्त सीपका लागि तान्त्रिक देवता प्रतिस्थापन गरेका हुन्थे, गुरु स्थापना गरेका हुन्थे, आफ्नो पेसागत कार्यका लागि सबैले तान्त्रिक दीक्षा लिन्थे।

तन्त्राचारमा जीवनयापन, रोजगारी, उत्पादन, सामूहिक आत्मनिर्भर र परस्परको सहकार्य यही हो, तन्त्रको सामाजिक ऐक्यबद्धताको सुन्दर पक्ष। दीक्षा मानव मात्रले लिन पाउँछ, यसमा जातिभेद लिङ्गभेद मात्र होइन, नपुंसक, कुनै पनि पेसासँग सम्वन्धितले लिन पाउँछ। वैदिक एवम् तान्त्रिक दर्शनवेत्ता आदि शङ्कराचार्य एवम् प्रकाण्ड ज्योतिषाचार्य वराहमीहिरहरूले समताका लागि प्रयास गरे तापनि वैदिक धर्मको भावनालाई पछिल्ला वैदिक वाङ्मय एवम् धर्माधिकारीहरूले अङ्गीकार र कार्यान्वयन गर्न सकेन। वैदिक आदर्श ग्रन्थमा कैद भए, समभावको अभाव रहिरह्यो। तन्त्रशास्त्रले जातीय भावना छुवाछुतलाई घृणा, भय, लज्जा, जुगुप्साजस्तै त्याग गर्नुपर्ने 'पाश' (बन्धन) को संज्ञा दियो र त्याग गर्न प्रेरित गऱ्यो। ऋग्वेदको ९।११३।३[क] यस ऋचाले कुनै पनि व्यक्ति युवा भएपछि आफ्नो पेसा वा कार्य रोज्न र एउटै परिवारभित्रका व्यक्तिहरू अलग अलग वर्णको कार्य गर्न स्वतन्त्र भएको प्रमाण दिन्छ।

वैदिक वाङ्मयले विधर्मी भनेकालाई तन्त्रले समताभाव राख्दछ, महिला र पुरुषमा भेदभाव गर्दैन। तन्त्राचारीहरूबीच पूजा अनुष्ठानमा जातिभेद गर्नु

महापाप मानिन्छ। तान्त्रिक पूजामा वस्ने सबै भैरव र भैरवी हुन्छन्, त्यहाँ नाता, उमेर केही नहुने नियम छ र प्रसाद वितरणमा सवैले सम्मान गर्नुपर्ने परम्परा रहेको पाइन्छ। श्रीदुर्गासप्तशती ११.६ मा उल्लेख भएअनुसार यो जगत्मा जे जति महिला हुनुहुन्छ उहाँहरू सबै माँ जगदम्वाका अर्को रूप हुन्। महिलाको महत्त्व मात्र नभएर एकले अर्कोप्रति गर्ने सम्मान तान्त्रिक अभ्यासबाट दैनिक जीवनमा समेत सिकेर लागु गर्ने हो भने कति उत्कृष्ट हुन्छ होला हाम्रो सामाजिक अवस्था।

विद्याः समस्तास्तव देदि भेदाः।

स्त्रियः समस्ताः सकला जगत्सु ॥

धार्मिक वाङ्मयमा भनेको चार पुरुषार्थ (अर्थ, काम, धर्म र मोक्ष) मध्ये दुई (अर्थ र काम जसलाई अभ्युदय भनिन्छ) कुनै पनि जीवले पूरा गर्छ, बाँकी दुई (धर्म र मोक्ष जसलाई निःश्रेयस भनिन्छ) मानिसले मात्र गर्ने पुरुषार्थ हुन्– जसका लागि ज्ञान चाहिन्छ, धर्मको मार्ग र व्यवहार अपनाउनुपर्छ। मानिसले ज्ञान वा विद्या प्राप्त गर्ने धेरै दर्शन र साधनहरू छन्। वैदिक धर्मअनुसार सुखसयलमा बसेर मुक्तिको आशा गर्न सकिन्न, त्यसका लागि धेरै यज्ञ, दान, धर्म, भक्ति, आश्रम (सन्यासाश्रम समेत) आदि चाहिन्छ, रहनुपर्छ। मुक्ति चाहनेले वेद वा वेदान्तले निर्देशन गरे अनुरूप नित्यकर्म, काम्यकर्म, नैमित्तिककर्म, प्रारब्धकर्म गरेपछि भगवत् कृपा भएमा मोक्ष प्राप्त हुनसक्छ। जीवनभरि अति कठिन सात्त्विक यात्रा एवम् व्यवहार गरिरहनु अति कठिन मुक्ति भन्ने बुझिन्छ, मोक्ष प्राप्त गर्न धेरै जुनी चाहिन पनि सक्छ। न्यायदर्शनअनुसार संसारमा सुखको सीमितता छैन, अब सुखको सीमानासम्म पुग्यो भन्ने हुँदैन। जति सुख प्राप्त गरे पनि जब मनमा कतै दुःख, ग्लानिभाव हुन्छ, यसले प्राप्त सुखलाई बिझाउँछ। तान्त्रिक धर्म दर्शनअनुसार एकै जुनीमा घर गृहस्थीमा वसेर भुक्तिका साथ मुक्ति पाइने ज्ञान र त्यसका लागि अपनाउनुपर्ने विधिविधान उल्लेख गरेको पाइन्छ। तन्त्र भन्नासाथ जादु, टुनामुना वा मारण, मोहन आदि बुझ्नेहरू धेरै छन्। तन्त्रलाई बुझ्न तन्त्र शब्दको आदि स्वरूप, इतिहास र विकास हेर्नुपर्ने हुन्छ। तन्त्रलाई तन्त्रका विद्वान्हरू 'तन्यते विस्तार्यते ज्ञानं इति तन्त्रम्' भन्दछन्। तन्त्र शब्द 'तनु विस्तरि' धातुबाट 'न' प्रत्ययको योग छुट्टिएर 'तन्' बनेको छ र 'तन्' धातुको अर्थ 'विस्तार गर्नु' हुन जान्छ। 'तन्' पछिको बाँकी अक्षर 'र'ले 'रक्षा गर्नु' अर्थ वोकेर अनि यी दुई

जोडिएर 'तन्त्र' बन्छ र तन्त्रको शाब्दिक अर्थ हुन्छ– विस्तार गर्नु र रक्षा गर्नु। तन्त्रको प्रयोग मानिसले गर्छ, मानिसको 'रक्षा'को 'विस्तार' ज्ञानले हुन्छ। वास्तवमा तन्त्रशास्त्र अति व्यापक विषय हो। विद्वान् डा. रुद्रदेव त्रिपाठीले रुद्रयामल तन्त्रको भूमिकामा– तन्त्रले मानिसको मनोवैज्ञानिक स्वस्थता, मानस-प्रभुत्व, व्यवहार, विनम्रता, शुद्धता, शारीरिक आकर्षण तथा त्रिविध तापलाई समन गरेर मोक्षमार्ग पहिल्याउने कार्य गर्छ र यही नै तन्त्रको प्रमुख लक्ष्य हो (तन्त्र चर्चा : २०७९, पृ. १२३) लेखेका छन्। कतिपय विषयले वेद र तन्त्रलाई एकआपसमा गाँसेको छ, अन्योन्याश्रित देखिन्छ। वेदमा आगमको धेरै कुरा छन् भने तन्त्रमा वेदका।

शक्ति भन्नु नै तन्त्र हो। तन्त्रका विविध ग्रन्थहरू अध्ययन गर्दा, ती ग्रन्थमा तन्त्रको विशेषता र कार्य बारे प्रशस्त जानकारी पाइन्छ। कालिकागम (१।१।२८-२९) अनुसार तन्त्र त्यो सिद्धान्तशास्त्र हो जसका श्लोक वा मन्त्रले प्रचुर मात्रामा इच्छित फल प्राप्त गर्न सकिन्छ र साधकलाई त्राण (रक्षा, शरण, आश्रय, मुक्ति) गर्छ वा दिन्छ। तन्त्रशास्त्रका विद्वान् सर जोन उड रोफका अनुसार तन्त्र अद्वैतवादी वेदान्तको साधनाशास्त्र हो (तन्त्र चर्चा : २०७९, पृ. १२५) तन्त्र दैवी शक्तिको सबैभन्दा विकसित स्वरूपमध्ये एक हो। तन्त्र, देवतालाई आफूमा लीन गराउने विद्या हो। जुन देवतालाई पूजा गर्ने हो सोही देवतालाई आफ्ना देहमा विराजमान गराएर मण्डल बनाई त्यस मण्डलमा पूजा आराधना गर्छन्। नेपाल मण्डलका तान्त्रिक साधक आगम परम्परामा मात्र होइन, वैदिक पूजा अनुष्ठानमा पनि आगम पद्धतिलाई अङ्गीकार गरी पूजाअर्चना गर्छन्। प्रायशः वैदिक पूजामा पनि पाञ्चायन (विष्णु, शिव, गणेश, सूर्य र माँ भगवती)का साथै धेरै अनुष्ठानमा त्रिबलि (गोग्रास, गणेश र कुमारी) र पञ्चवलि (अष्टभैरव)को समेत पूजाअर्चना गरिन्छ।

सिन्धुघाटीको सभ्यतामा फेला परेका केही सङ्केत वा मुद्रा वा मूर्ति कुदिएका चित्र आदिको व्याख्या गर्ने विद्वान्हरूले मातृका मूर्ति, यन्त्र, मुद्रा, शिवको उत्तेजित जनेन्द्रिय आदिलाई तन्त्रसँग जोडेर तन्त्रलाई ईस्वीभन्दा २५००-३००० वर्ष पुरानो अनुमान गरेको छ। सनातन धर्मको अति पुरानो ग्रन्थमा ऋग्वेद पर्दछ। ऋग्वेदका ऋचामा तन्त्र शब्द उल्लेख भएको पाइन्छ। तन्त्रको प्रमुख क्षेत्र वा कार्य शक्तिको पूजा अर्चना ध्यान आदि हुन्। भगवान् बुद्ध स्वयम्ले बोधि प्राप्त हुनुभन्दा अगाडि तन्त्र साधना गर्नुभएको भनिन्छ।

बुद्ध धर्ममा तन्त्रको प्रयोग वा साधनाको क्षेत्र धेरै पाइन्छ। जैन धर्मका महावीरले पनि तन्त्रको साधना गरेको पाइन्छ। जैन धर्ममा शाक्त, शैवतन्त्र जस्तै समान वा त्यसैलाई जैनकरण गरी साधना भइरहेको देखिन्छ।

ऋग्वेद (१०।७१।९)ले तन्त्रलाई प्रविधि वा जीवनयापनका लागि विशिष्ट औजारका रूपमा लिएको छ। कतिपय समुदायले तन्त्रकै कारणले सीपमा विविधीकरण भई जीवनलाई प्रविधिमय, आर्जनमय, संस्कृतिमय बनाएको छ। तन्त्रमा सवै मानव समान हुन्छन्, कुनै वर्ण वा जातजाति छुतअछुतको विभेद हुँदैन।

आगमशास्त्र भगवान् शङ्करको पञ्चमुखद्वारा उत्पन्न भएको हुँदा यिनलाई पञ्चाम्नाय भनिन्छ। तन्त्र वैष्णव र बौद्धलाई पनि आफ्नो परिधिभित्र हालेर भाँगिएको छ। शाक्ततन्त्र वास्तवमा प्रकृतिभूत कुरो हो त्यसपछि अरू त्यसैबाट प्रभावित भएका विषयान्तरमा आएका सिद्धान्त हुन्। शाक्ततन्त्रमा निहित विषय अति गोपनीय र गुरुमुखैकगम्य हुनाले त्यसबारेमा धेरै प्रकाश पार्न सकिन्न। निगममा दीक्षा लिएर यज्ञमा रहेपछि "दीक्षितो न ददाति न जुहोति" भनिन्छ। वास्तवमा आगम मतमा स्वशक्तिको अभिव्यक्तता नै मोक्ष हो भनिन्छ।

शिवको पूर्वमुखबाट भनिएको पुर्वाम्नाय सृष्टिरूप तथा मन्त्रयोग हो। दक्षिणमुखबाट उत्पत्ति दक्षिणाम्नाय स्थितिरूप र भक्तियोगपरक छ। पशिचममुखबाट उच्चारित पशिचमाम्नाय संहार रूप नै कर्मयोग हो भने उत्तरमुखबाट उत्पत्ति भएको उत्तराम्नायले अनुग्रह रूपको र ज्ञानयोगको समर्थन गर्छ। ऊर्ध्वमुखबाट प्रकट भएको ऊर्ध्वम्नायलाई कौलहरूले कौलाचारमा ग्रहण गरेर बढ्ता मान्यता दिइएको छ। अधराम्नायका रूपमा ग्रहण गरिएको अधोभाग नाभिबाट प्रकट भएको मानिएको छ भने यी आम्नायमा शैवदर्शनले प्रतिपादित सिद्धान्त अनतिनीर्हत भएको पनि देखिन्छ। शिवमा सृष्टिस्थिति संहार अनुग्रह हुने कुरा प्रविदित रहेअनुसार आम्नाय पनि तद्भिमुख देखिन्छन्। 'त्रिकोणरूपिणी शक्ति बिन्द्यनुरूपधरः शिवः' भने कामख्यापीठ कौलगतको मुख्यस्थल मानिएको छ।

काञ्चीमा दुग्ध, काश्मीरमा भावना र कामख्यामा मद्यमांसद्वारा पूजाको प्रकार गरिएको छ। आगमको गुण, देश, काल, आम्नाय आदिको भिन्नताले अनेक भेद-उपभेद खडा गरेको पाइन्छ। सात्त्विक आगमलाई तन्त्र, राजसलाई

यामल, तामसलाई डामरका अतिरिक्त कौल, मिश्र तथा समय मार्गको पनि तन्त्रमा विशेष परिचय प्राप्त गरिन्छ । समय मार्गको मूलग्रन्थ "शुभागमपञ्चक"ले समस्त तन्त्रलाई अवैदिक सिद्ध गरेको पाइन्छ । मिश्र मार्गमा कौल र समय दुवै मत मिसिएको हुन्छ । कुलार्णव, कुलेश्वरी, कलानिधि, भुवनेश्वरी आदि मिश्रतन्त्र हुन् । शाक्ततन्त्रका सङ्ख्या हजारौँ छन् । धर्म र मोक्षको अर्थ र कामको साहचर्य जस्तो देखिए तापनि ज्ञानबाट धन, धनबाट धर्म हुने पक्षलाई पनि बढ्ता मान्यता थियो र "धनाद् धर्मस्ततः सुखम्" भन्ने सिद्धान्त कायम भयो । हाम्रो परम्परामा श्रोतालाई पहिले त्यसको प्रयोजन भन्नुपर्छ, सिद्धार्थ र सिद्ध सम्बन्धको पनि व्याख्या गरिदिनुपर्छ । यो पढ्नाले यति लाभ हुन्छ भन्ने नजानी जब परीक्षोत्तीर्ण हुन्छ, अनि ऊ किंकर्तव्यविमूढ हुन्छ । तन्त्रशास्त्रले हामीलाई राम्ररी त्यस मार्गमा हिँडेर बाटो नचुके धर्म, अर्थ, काम र मोक्ष प्रदान गर्छ । तन्त्रको वास्तविक कुरा गर्दा शब्दार्थ सृष्टि, ऋषि, छन्द, देवता, विनियोग, विधि, यन्त्र र मन्त्रलाई राम्ररी हामीले जान्नुपर्छ । गुरुपरम्परामा आश्रित तन्त्र विद्यामा शास्त्र त गुरुलाई सम्झौटोका निम्ति मात्र निर्मित भएको हो । तन्त्रका प्रवर्तक महेश्वर भएकाले शिवको मुखारविन्दवाट जानेर गुरुले मन्त्रद्रष्टा ऋषिबाट सिद्धिप्राप्त मन्त्रको प्रयोग गर्नुपर्छ । यसकारण हामी कृतज्ञ भएर हरेक मन्त्र जप्दा मन्त्रको ऋषि, छन्द देवता भनी त्यस मन्त्रको कुन कार्यमा विनियोजन गरिने हो, त्यो उल्लेख गर्छौं ।

तन्त्रशास्त्रअनुसार, जुन जुन मन्त्रको जुन देवता उद्दिष्ट छन्, तिनको तदाकार देवत्व हुनेछ र त्यही देवता कहिन्छ । कुन मन्त्रलाई पूर्वाचार्यले कुन कर्म अर्थात् धर्म, अर्थ, काम, मोक्षमध्ये कुनमा शास्त्रीय रूपमा लगाएका छन्, तिनलाई त्यही कार्यमा योजन गर्नु विनियोग हो । एउटा मन्त्रलाई अर्को काममा लगाएर सिद्धि नहुने हुँदा शास्त्रको आवश्यकता परेको हो । आगममा छन्द ऋषि देवता ज्ञानविना भन्न साफल्य हुँदैन । मन्त्रको साफल्यका लागि छन्द ऋषि देवताको ज्ञान आगम-निगम दुवैमा एक रूपले स्विकारेको पाइन्छ । आज हाम्रो कर्मकाण्डद्वारा विहित श्रौत स्मार्त कर्म र तन्त्रद्वारा विहित तान्त्रिक जप, पाठ, पूजा आदि प्रायः निर्वीय र यातयाम भएका छन् । जानेर गर्दा वीर्यवत्तर हुन्छ भने यथार्थ ज्ञान गरेर गरेको जप, हवन, याग नै वीर्यवत्तम भई सफल हुन्छ भनिएको छ । यन्त्रवारे विचार गर्दा हामीले प्रतिकृतिकुम्भ-शिला प्रतिमा गुलिका आदिसँग सम्वद्ध राखेको देख्तछौं । व्यापक परमात्मतत्त्वलाई

ध्यान गर्न प्रतीकका रूपमा यन्त्रको आविष्करण भएको देखिन्छ। वैदिक कालका तेत्तीस देवताहरूलाई पौराणिक कालमा तेत्तीसकोटी देवता बनाएजस्तै साधकले त्रिशक्तिलाई नवकोटी मूर्तिको प्रस्तर गरी ध्यान-अर्चनाको परिकल्पना तयार पारे। अध्ययन गर्दा प्रतीक ता देवताको स्थुल रूपलाई लिएर नै प्रतिपादित गरिएको मानिन्छ। सूक्ष्म रूपले विचार गर्दा कर्ममयी अर्चनापद्धति भएको तन्त्रशास्त्रमा देवतालाई स्वात्मपरक मान्दा दार्शनिक सविद्मय परादेवताको सिद्धान्त समाहित हुन्छ। स्वात्मा नै देवतामय भएकाले त्यसकै देहकल्पना न्यास बन्छ, राम्ररी तन्मयतारूप भावना नै जय मानिन्छ, चञ्चलत्व रहे पनि तन्मयतामा अप्रमाद रहोस् भनी गरिने अर्चना पूजा हुन्छ, विश्वविकल्पना जति छन्, तिनलाई आत्मामा लय गर्नु होम हुन्छ। यसरी विचार गर्दा देवता, न्यास, जप, पूजा, होम, तर्पण, अभिषेक, प्रयोग र भजनको सूक्ष्मता आत्म-ज्ञानपरक देखिन्छ। आर्यहरूले आफ्ना आगम र निगममा पूर्णता कायम राख्न सृष्टि, स्थिति र संहार प्रक्रियाको व्याख्या गर्ने आवश्यकता अनुभव गरेको देखिन्छ। दार्शनिक आधारमा देखा परेको आरम्भवादले असत्‌बाट सत्‌को उत्पत्ति मान्छ। अर्थात् पहिले नभएको घट माटोको डल्लो असत् पछि सत् भएर खडा भयो किनभने हामीले मृत्पिण्डमा त्यसको आरम्भ गर्‍यौं। न्यायवैशेषिक, बौद्ध आदि आरम्भवादी दार्शनिक असद् वस्तुको उत्पत्ति हुन्छ भन्छन्। परिणामवाद सद्‌बाट सद् हुन्छ भन्छ। परिणामवादको सिद्धान्तअनुसार तोरिभित्र तेल थियो, पेल्नाले त्यो तेल आविर्भाव भएको मात्र हो। वालुवा पेलेर तेल नआउने हुंदा असत्‌बाट सत् पदार्थ हुनै सक्तैन। तिरोभाव दुधमा हुन्छ, मथ्नाले आविर्भावका रूपमा घिउ प्राप्ति हुन्छ। विवर्तवादले असद्‌बाट सद् भएको पनि भन्दैन, सद्‌बाट सद्‌को उत्पत्ति पनि मान्दैन– यसले त जगत् विवर्त हो, आत्मा प्रकल्पित वस्तु हो भन्छ।

तन्त्रको सृष्टि प्रक्रियाको अनुसन्धान गरेर अध्ययन गर्दा यहाँ शैवमतको कुनै प्रभाव स्पष्ट परेको देखिन्छ, कुनैमा साङ्ख्यको सिद्धान्तलाई समावेश गरेको पाइन्छ भने कुनैमा आफ्नोपन बेग्लै शक्तितत्त्वको प्राधान्यताद्वारा प्रतिपादित पनि भएको देखिन्छ। सनातन नित्य शिव निर्गुण र सगुण छन्। निर्गुण शिव प्रकृतिको सम्वन्धबाट रहित भएकाले सूक्ष्म छन्। नित्य, व्यापक, सूक्ष्म, सदानन्द, निरामय, विकाररहित र साक्षीदेखि बाहेकको अर्को शिव सगुण र सकल भनिन्छन्।

तन्त्र शास्त्रलाई तथाकथित तान्त्रिकहरूले हाउगुजी बनाइदिएका छन्– एकदम जटिल क्रिया बताएर । अनि, लाग्दछ यो सबैले गर्न सक्ने क्रिया नै होइन । तन्त्र शास्त्रको बारेमा अनेकन भ्रान्तिहरू चलेका छन् । कतिपय मानिसहरू तन्त्रलाई कलियुगको देन मान्दछन् र कतिपय यसलाई चीन, तिब्वत, मणिपुर र आसामको देन मान्दछन् । जबकि वास्तवमा तन्त्रशास्त्र भगवान् शिवले पार्वतीलाई सुनाएका हुन् र भगवान् विष्णुले यसको अनुमोदन गरेका हुन् । तन्त्र अथवा तान्त्रिक कुनै ठूलो कुरा होइन, बन्दुक होइन जो यसबाट डरोस् अथवा डराओस् ।

तन्त्र त देवतालाई प्रसन्न पार्ने एउटा पदार्थ, प्रयोग गर्ने सरल तरिका हो । उदाहरणका लागि जसरी हामी मानौँ जसध्वज गुरुङ नाम गरेको मानिस चिया पिउन धेरै मन पराउँछ, तर अब चिया पनि दुई थरीको हुन्छ– दुध हालेको चिया र कालो चिया । जुन मानिसले जसध्वजलाई चिनेका छन्, सबैलाई थाहा छ उसले चिनीविनाको चिया खादैन, तर जसध्वजलाई चिनेको सबैलाई यो थाहा नहुन सक्छ चियामा उसलाई चियारङ कति कडा चाहिन्छ, चिनी कति चाहिन्छ । हो, कुन देवतालाई केले कुन विधिबाट चाडै प्रसन्न पार्न सकिन्छ यस कुराबारे जानकारी गराउने तन्त्र शास्त्र धेरै राम्रो शास्त्र हो, यसबारेको जानकारी हामीलाई हुनुपर्छ र यो शास्त्र आजको नभएर अत्यन्त प्राचीन हो । तन्त्रको चलन सत्ययुगदेखि आजसम्म प्रत्येक युगमा छ । पौराणिक युगमा, वैदिक युगमा, बौद्ध कालमा, ईसाको समयमा, नाथ सम्प्रदायमा– जैन, बोन, शैव, शाक्त सम्प्रदायमा, प्रत्येक सम्प्रदाय एवम् प्रत्येक युगमा तन्त्रले मान्यता प्राप्त गरेकै थियो । तन्त्रको तात्पर्य कापालिक तान्त्रिक या कापालिक तन्त्र शास्त्र नै हो भनेर बुझ्न हुन्न । तन्त्रमा आगमतन्त्र एउटा सात्त्विक साधना हो । कापालिक तन्त्र श्मशानिक साधनाको बारेमा यहाँ कुरा गर्न खोजिएको पनि होइन । साधक भयरहित भएर सात्त्विक तन्त्रलाई बुझेर अनि उपासना एवम् दैनिक कर्ममा अवश्य सहभागी हुनुपर्छ । भगवान् शिवले कैलाश पर्वतमा पार्वतीसँग भनेका थिए– 'कलियुगमा आगम तन्त्रमार्गबाहेक अर्को मार्ग हुने छैन, जसबाट म प्रसन्न हुन सकूँ ।' भगवान् शिव तन्त्रको महिमा वेद, श्रुति, स्मृति एवम् पुराणहरूमा बारम्बार भनेका छन्, कलियुगमा तन्त्रोक्त साधनाबाट साधकले देवी-देवताको पूजा गर्नेछ, तब तत्काल फल प्राप्त हुनेछ । तन्त्र पूजा गर्न शिवलाई सेतो अर्क पुष्प, धतुरा, वेलपत्र तन्त्र सामग्री हो भने हनुमान

पूजाका लागि चमेलीको तेल, सिन्दूर, सरसौँको तेल, माली पन्ना चाहिन्छ। विष्णुको पूजा गर्न तुलसीको पात तन्त्र सामग्री हो। यसरी हेर्दा तन्त्र शास्त्र खासमा जटिल छैन। मन्त्र शास्त्र जग हो भने तन्त्र शास्त्र घर हो। यदि जग बलियो भएमा यानी प्रारब्ध बलवान भएमा घरले अवश्य यश पाउनेछ र तान्त्रिक क्रियाहरू पनि सफल हुनेछ। सत्ययुग अथवा पौराणिक युगमा तन्त्रको पाँच भाग थियो– पटल, पद्धति, कवच, सहस्रनाम र स्तोत्र। प्रत्येक देवताको अलग-अलग पटल हुने गर्छ। उदाहरणका लागि शिवको साधना अर्थात् शिवबाट सिद्धि प्राप्त गर्न चाहनेले रुद्राष्टध्यायी अभिषेक, शिवमहिम्न स्तोत्र, शिव ताण्डव स्तोत्र, शिव पञ्चाक्षर स्तोत्र, शिव पञ्चाक्षर मन्त्र, रुद्रष्टकम्, शिव षड्क्षर स्तोत्र आदिको जप विधानपूर्वक गर्नुपर्ने हुन्छ। देवी-देवताका पूजा गर्ने शास्त्रीय विधानलाई पद्धति भनिन्छ। उदाहरणका लागि सूर्य उपासनामा आदित्य हृदय स्तोत्र मन्त्र पटल छ, तर आदित्य हृदय स्तोत्रको साथै सूर्यको पहिलो किरणले भगवान् सूर्यलाई अर्घ्यरूपमा जल चढाउनु पद्धति हो। प्रत्येक देवी-देवताको कवच हुने गर्छ, जसले साधकको रक्षा गर्दछ। सोही कवच लेखेर घाटीमा जन्तर बनाएर धारण गर्नुपर्दछ। सहस्र अर्थात् एक हजार नाम। उपासना-आराधनामा देवी-देवताको एक हजार नाम हुने गर्छ।

एक हजार नाम उच्चारण गर्दा देवी-देवता प्रसन्न नहोस्, यो असम्भव कुरा हो। माँ लक्ष्मीलाई प्रसन्न बनाउनु छ भने त लक्ष्मी सहस्रनामको पाठले सफलतामा तीव्रता ल्याउँछ र लक्ष्मी सहस्रनामको प्रचार-प्रसारले अझ छिटो सफलतामा पुऱ्याउनेछ यानी लक्ष्मी सहस्रनाम पुस्तकको दान गर्दा विशेष प्रभावी हुनेछ। कुनै आराध्य देवी-देवताको स्तुति या आरतीलाई नै स्तोत्र भनिन्छ।

स्तोत्रमा सम्बन्धित देवी-देवताको गुणगान गर्ने गरिन्छ। यी पाँच प्रकारका पटललाई कलियुगमा निम्न पाँच प्रकारले प्रयोग गरेर कार्य सम्पन्न गर्ने तन्त्रको विधान छ, किनभने यी पाँच पटल पूरा गर्ने समय प्रत्येक व्यक्तिले पाउँदैन। उदाहरणका रूपमा कसैलाई लक्ष्मी प्राप्तिका लागि उच्चकोटिको सतयुगमा गरिने जस्तै तन्त्रशास्त्रको साधना गर्नु छ भने त श्रीसूक्तम, पुरुषसूक्तम, महालक्ष्मीसूक्तम, इन्द्रकृत लक्ष्मीस्तोत्र, लक्ष्मीचालीसा, कनकधारास्तोत्र, लक्ष्मीअष्टक, लक्ष्मीसहस्रनाम यति पाठ गर्ने समय कहाँ छ र कतिपयलाई त सहस्रनामको अर्थ नै थाहा छैन, जबकि उपासना-आराधनामा इष्टलाई प्रसन्न

पार्ने सहस्रनाम आराधना सुलभ उपाय हो । यदि कसैलाई एक हजार विभिन्न नामबाट बोलाउने हो भने व्यक्ति एकै पटकमा सहस्रनाम उच्चारणले प्रसन्न हुनेछ, तर दुर्भाग्यको कुरा नै हो व्यक्ति एकै पटक पनि सहस्रनाम पाठ गर्न चाहन्न, ऊ सजिलो उपाय खोज्छ । यसकारण कलियुगमा पदार्थमा आधारित तन्त्रशास्त्रले कार्य गराउने गरिएको छ । कुनै व्यक्तिले विधिविधानको साथमा माँ लक्ष्मीको स्तुति अथवा सहस्रनाम गर्न सक्दैन भने उसले एक हजार कमलको फूल माँ लक्ष्मीलाई चढाएर प्रसन्न बनाउन सक्छ । अहिलेको समयमा गरिने सरल पाँच क्रिया प्रारब्ध, रत्न, पदार्थ, यन्त्र, मन्त्र हो– यसमा पूर्वजन्ममा गरिएको कर्म नै प्रारब्ध हो । यो कर्मलाई शास्त्रहरूमा तीन भागमा बाँडिएको छ– सञ्चित कर्म, प्रारब्ध कर्म र वर्तमान कर्म । सञ्चित कर्म व्यक्ति अथवा प्राणी मात्रको जन्म-जन्मान्तरको परिणाम हो । राम्रो खराब कर्मअनुसार नै व्यक्तिले वर्तमान जन्ममा पाउँछ । र, वर्तमान जन्ममा मनुष्य योनिमा छ– यसको तात्पर्य हो व्यक्तिको सञ्चित कर्म राम्रो छ, यसकारण त मनुष्य योनिमा उत्पन्न भयो, नत्र भने पशु-पक्षी आदि ८४ लाख योनिहरूमध्ये कुनैमा पनि उत्पन्न हुन सक्थ्यो । पूर्वजन्ममा गरिएको कर्म प्रारब्ध हो । यदि पूर्वजन्मका कर्म राम्रो छ भने त व्यक्तिले वर्तमान जीवनमा सुख भोग्नु नै छ र पूर्वजन्मको कर्म खराब छ भने त यस जीवनमा दुःख भोग्नु नै पर्नेछ । विधिको यस्तो विधान छ, पूर्वजन्ममा केही कमी रहेमा उसलाई एउटा अवसर अझ दिइन्छ, तर लक्ष्मीको धुनमा अन्धो मनुष्य आफ्नो कर्मबाट प्रत्येक पटक आफ्नो जन्म व्यर्थ बनाउँदछ र अर्को जन्ममा दुःखको भागिदार बन्दछ । वर्तमान कर्म त्यो हो जो वर्तमानमा सम्पन्न गरिँदै गरेको हुन्छ, जो आर्को जन्मका लागि प्रारब्ध बन्नेछ र अर्को जन्ममा पुनः भोग्नुपर्दछ । प्रारब्ध उज्ज्वल बनाउनका लागि अर्थात् पारब्धको खराब कर्मको दुःख यस जन्ममा भोग्नु नपरोस्, यसका लागि वेदाचार्य, ऋषि-महात्माहरूले सद्कर्मको साथमा दानलाई विशेष महत्त्व दिएका छन् । भगवान्को पुस्तकको दान उदाहरणार्थ रुद्राष्टाध्यायीको पुस्तक योग्य पात्रलाई टीका लगाएर दान गर्नु अथवा शिवको मन्दिरमा चढाउनु सबभन्दा सरल तन्त्र हो । यदि व्यक्ति भगवान्को पुस्तकको दान मन्दिरमा अथवा योग्य पात्रलाई गर्छ भने त निश्चय नै कुनै पनि मन्त्र जप नगरे तापनि उसको प्रारब्धका कुकर्म नष्ट हुने नै छ । विभिन्न रत्नले प्रारब्धका कुकर्महरूका प्रभाव कम गर्दछ । यस्तो प्रत्यक्ष अनुभव गर्न पाइन्छ ।

कतिपय ठूलाठूला मानिस रत्नको प्रभावलाई मान्दछन् । कतिपयलाई लाग्दछ पत्थर लगाउनाले के हुन्छ । भाग्य त मन्त्र जप गर्नाले बदल्न सकिन्छ । यथार्थमा हो यो प्रश्न प्रत्येक व्यक्तिको मनमा अवश्य मडारिएकै हुन्छ, रत्नले वास्तवमा काम गर्छ अथवा सोखले नै लगाएका हुन्छन् अथवा फल प्राप्त हुने कल्पना मात्रै हो । पौराणिक कालमा धातु– सुन, चाँदी, तांबा आदिका गहना तथा केही जडीवुटीहरू पनि लगाउने गर्दथे । यी लगाउनाको कारण, शरीरमा कम हुँदै गएका खनिज लवण पूर्ति हुन सकोस् । सोलार कुकर सिद्धान्तअनुसार सूर्यको किरण कालो रङको भाडामा प्रविष्ट गराएर सूर्यको प्रकाशबाट खाना बनाउने वैज्ञानिक यन्त्र हो । कालो रङले सूर्यको किरणलाई छिट्टै अधिग्रहित गर्ने गर्छ । हो, यसै गरी रत्नहरूको कार्य गर्ने सिद्धान्त हो । वायुमण्डलमा सबै ग्रह हुन्छन् ।

इच्छित ग्रह रश्मिहरूले प्रत्यक्ष रूपमा शरीरमा कार्य गर्दछ । रत्नले सम्बन्धित ग्रहहरूका किरण अर्थात् ऊर्जा ग्रहण गर्ने गर्छ । अन्य रङका किरणहरू रत्नले ग्रहण नगर्ने हुँदा ती निष्प्रभावी हुने गर्छ । यस तथ्यलाई अस्वीकार गर्न सकिन्न । हो, आफ्नो अनुकूलको रत्न पहिचान गर्नुभन्दा पहिले योग्य ज्योतिष, रत्न विशेषज्ञको अवश्य सहयोग लिनुपर्छ ।[क]

वनस्पतिहरूमा माँ लक्ष्मी एवम् अन्य देवताहरूलाई प्रसन्न गर्नसक्ने शक्ति रहन्छ । वेलपत्र, पीपल, बरको रुख, केरा, अशोक, चन्दन आदि रुखहरू पूजामा अतिविशिष्ट महत्त्व रहेको छ । नरिवल, पान, कमल, गुलाब, सुपारी, नागकेसर, दुबो, बेसार, केसरी, कमलगट्टा, कालो तिल आदि कतिपय पदार्थहरूको उपयोग अनादिकालदेखि ईश्वरीय शक्तिलाई प्रसन्न पार्नका लागि प्रयोग गरिँदै आएको छ । आवश्यकता भनेको सम्बन्धित देवी-देवताका लागि सही वस्तु चयन गर्ने जानकारी नै हो । उदाहरणका लागि, शिवको पूजामा बेलपत्र उपयोगी छ भने लक्ष्मीको पूजामा कमल पुष्प ।

ख) तान्त्रिक परम्परा

तत्त्व तथा मन्त्रसहितका विभिन्न पदार्थहरूको विस्तार गरी प्राणीमात्रको रक्षा गर्ने शास्त्रलाई तन्त्र भनिन्छ (द्विवेद : सन् १९८३, पृ.२०३) ।

क. कारुरहं ततो भिषगुपलपक्षिणी नना ।
नानाधियो वसुयवोद्रनु गा इव तस्थिमेन्द्रायेन्दो परि स्रव ॥

शैव सम्प्रदायमा शास्त्रबोधक आगम, संहिता तथा तन्त्रको प्रयोग प्रधानता भएको देखिन्छ। शिवको ईशान-तत्पुरुष तथा सद्योजात मुखबाट उत्पन्न हुन लाग्दा उत्पन्न भएको अवस्थाबाट तथा तीन मुखमा परस्पर अन्य दुई वक्त्र जोडिएर र सबै मुखको समष्टिबाट दशवटा द्वैत शैवागम उत्पन्न हुन्छन्। अद्वयस्वरूप शिवशक्ति-सङ्घट्ट तथा योगिनीमुख दक्षिणवक्त्रमा प्रत्येक उत्पन्न हुन लाग्दा, उत्पन्न हुँदा, तिरोहित हुन लाग्दा तथा तिरोहित हुँदाका अवस्था गुणित हुँदा सोह्र भेद हुन्छन्। दश शैवागम कामिक, योगज, चिन्त्य, कारण, अजित, सुदीप्त, सूक्ष्म, सहस्र, सुप्रभेद, अंशुमान हुन् र विजय, निःश्वास, स्वायम्भुव, वाथुल, वीरभद्र, रौरव माकुट, विरस, चन्द्रहास, ज्ञान, मुखविम्व, प्रोद्गीत, ललित, सिद्ध, सन्तान सर्वोद्गीत, किरण तथा पारमेश्वर अठार रौद्रागम हुन्। चौसट्ठी भैरवागम आठवटा अष्टक, भैरवाष्टक, यामलाष्टक, मताष्टक, मङ्गलाष्टक, चक्राष्टक, शिखाष्टक, वहुरूपाष्टक तथा वागीशाष्टक यसरी विभक्त छन्। शैव दर्शनमा परमशिव प्रकाश तथा विमर्शका सामरस्यस्वरूप छ।

समग्र पदार्थको आत्मा वा सार शिव या चैतन्य नै हो।

स्वच्छ प्रकाशस्वरूप शिव अकुल तथा पचास अक्षरको समूह कुलशक्तिका रूपमा लिइन्छ (पाण्डेय : सन् १९७६, पृ. १०८)। कुल शब्दले पराशक्ति, सामर्थ्य, सर्वकरणता (ऊर्ध्वता), स्वातन्त्र्य, ओज, वीर्य, पिण्ड, संविद् (आत्मा), शरीर आदिलाई बुझाउँछ (कौल : सन् १९१८ : पृ. ३२९३)। शास्त्रहरूमा विभिन्न सुराहरू पराशक्ति तथा मद्य नै भैरवका रूपमा लिइन्छ। आनन्द ब्रह्मको स्वरूप हो तथा त्यसको अभिव्यक्ति मद्य, मांस तथा मैथुनको सेवनबाट हुने हुनाले यी तीन पदार्थ सेवन गर्ने ब्रह्मचारी हो (कौल : सन् १९१८, पृ. ३३५५) यसमा मुद्रा तथा मत्स्य गरी कौलधर्मीले पञ्चमकारको सेवन गर्दछन् (तन्त्र चर्चा : २०७९, पृ. ३३)। कौलपरम्पराको प्रमुख स्रोत रुद्रयामल तन्त्र हो। वामाचार तथा दक्षिणाचारको सम्मिश्रणबाट कौलाचार बनेको छ (पाण्डेय : सन् १९७६, पृ. ६१०) कौलपरम्परामा नर-शक्ति तथा शिवको त्रिकात्मकतामाथि परमशिव सत्ता मानिन्छ। त्यसपछि पराशक्ति स्फुट भएर कहलिएको इच्छाको फैलावटलाई ईशान भनिन्छ।

विकल्पहरूको शोधन गरी शुद्ध विकल्पको साहारा लिएर परमशिवसम्म पुग्ने शाक्त उपायमा आधारित परम्परा नै क्रम-परम्परा हो। प्रमाता-प्रमाण-

प्रमेय सबै सृष्टि-संहार तथा अनाख्या अवस्थामा गणित हुँदा अनाख्याचक्रका बाह्रदेवी या कालिकाहरू प्रस्फुट हुन्छन् । अष्टदल, षोडशदल तथा द्वादशदल चक्र कालिकाको चक्र भेदमा बाह्र कालिका मान्ने प्रधान परम्परामा सृष्टिकाली, स्थितिकाली, संहारकाली, रक्तकाली, स्वकाली, यमकाली, मृत्युकाली, रुद्रकाली, परमार्ककाली, मार्तण्डकाली, कालाग्निरुद्र-काली, महाकालकाली मानिन्छन् भने तेह्रौं कालिका मान्दा महाभैरव– चण्डोग्रघोरकालीको ग्रहण गर्ने परम्परा देखिन्छ (कौल : सन् १९१८, पृ. ५८) ।

त्रिपुरा उपासनाको कौलमत-समयीमत तथा मिश्रमत यसमा कुलाचार बाह्य पूजापरक तथा समयाचार अन्तरपूजापरक वैदिक मार्गानुसारको भन्ने मानिन्छ ।

पञ्चमुख शिव सम्पूर्ण तन्त्रका अवतारक मानिन्छन्, जसको नेपालको प्रामाणिक इतिहासको आरम्भबाटै प्रधानता देखिन्छ । पाशुपत सम्प्रदायका आचार्य लकुलीशको मूर्ति स्थापना गरिनु तथा प्रणर्द्धन आदि आचार्यको प्रभाव देखिनुले पनि त्यसको परम्परा नेपालमा रहेको सिद्ध गर्दछ (रेग्मी : २०४०, पृ. १२३) । लकुलीश पाशुपतदर्शनका प्रथम आचार्य हुन् । यसै परम्परामा रावण, विभीषण, रामलाई पनि विद्यावतार मानेको देखिन्छ । यिनीहरूले उपासना गरेको विद्या भनी महाकालसंहितामा आएको छ । चार युगका विद्यावतारक गुरुहरू खगेन्द्र, कूर्म, मेष, मच्छन्दमध्ये कलियुगका मच्छन्द मानिन्छन् । मत्स्येन्द्रसंहितालगायत योगिनीकौलमत, कौलज्ञाननिर्णय, कौलावलनिर्णय, अकुलवीरतन्त्रलगायतका सबै ग्रन्थहरूमा कम्तीमा एक हजार वर्षपूर्वका पाण्डुलिपिहरू नेपालमा भेटिनाले मत्स्येन्द्रनाथको सम्प्रदाय यहाँ प्रसिद्ध रहेको सहजै देखिन्छ ।

गोरक्षसंहिताको नाममा रहेको श्रीमतोत्तरतन्त्र (कुब्जिका परम्पराको) नेपालमा पाण्डुलिपि हुनुको साथै यस परम्पराका कुलरत्नोद्योत, कुलमूलरत्नपञ्चकावतार आदि ग्रन्थशास्त्रको नेपालमा विस्तार देखिन्छ । ईशानशिव “देवीयामलतन्त्र”को अनुसरणकर्ता देखिन्छन् (कौल : सन् १९१८, पृ. २२, ३०) ।

देवीयामलतन्त्र परम्पराका आचार्य विमलशिवको विमलावतीमत तथा सोमशम्भूको कर्मकाण्डक्रमावलि एकै परम्रामा निबद्ध देखिन्छन् (द्विवेद : सन् १९८३, पृ.२१) । नेपालको मूर्तिकला तथा वास्तुकलाको शास्त्रीय आधार रहेको

प्रतिष्ठातन्त्रका सर्जक वैरोचन ईशानशिवलाई आफ्नो गुरु मान्दछन् (शर्मा : २०२५, पृ. २१२)। श्रीतन्त्रलोकको आह्निक २९ मा गरिएको उद्धरणबाट त्रिकदर्शनका परा-परापर तथा अपरादेवीको वर्णन देवीयामलमा रहेको देखिन्छ भने यसमै उद्धृत दुई मन्त्रहरूमा नेपाली कर्मकाण्ड परम्पराको आधारग्रन्थ महाकालसंहिताको मन्त्रसँग साम्य देखिन्छ यहाँ वर्णित कालसंकर्षिणी देवीका शूलेश्वरी, महापरा, परा-उत्तर तथा त्रिशीर्षा (भैरवानना)को पूजा उपासना वर्णित जयद्रथयामल पनि यहाँ सुरक्षित छ। यहाँ विशेष प्रभाव परेको क्रमदर्शनबाट कश्मीर शैवधाराका रूपमा प्रख्यात यामलाद्वैत प्रारम्भिक कालदेखि नै नेपालको परम्परा रहेको स्वतः सिद्ध हुन्छ। परशुराम कल्पसूत्रको आधारमा चलेको परम्परा महाराष्ट्रतिर छरिएको तर विशुद्ध आगमिक धारा उत्तरी क्षेत्र कश्मीरमा नवौं शताब्दीको उत्तरार्धमा घस्रेर उत्तरी क्षेत्रमा फैलँदै गएको देखिन्छ। जयस्थिति मल्लको राज्यकालमा सन् १३८८ मा सारिएको वामकेश्वरतन्त्र तथा शैवाचार्य मन्मथपतिको निमित्त सन् १३५८ मा सारिएको वामकेश्वरतन्त्रबाट पनि नेपालका राजा तथा शैवाचार्यहरूद्वारा श्रीविद्याको उपासना गर्ने गरेको देखिन्छ (पन्त : २०४३, पृ. ५०५)।

असभ्य जङ्गली मानिसलाई सभ्य र ज्ञानवान् पौरखी बनाउन पाषाणयुगमा हाम्रै श्लेष्मान्तक वनमा किरातको भेषमा पार्वतीलाई परमेश्वर शिवले प्रकट गर्नुभएको मानव धर्म हो, तन्त्र धर्म। भगवान् आशुतोष शिवद्वारा निःसृत तन्त्रशास्त्रका तीन शाखाहरू रहेका छन्। आगम, यामल र निगममध्ये यामल तन्त्र शिव र शक्तिको एकताको प्रतीक हो। शिव र पार्वतीको मेलबाट बनेको अर्धनारीश्वर स्वरूपमा शिव विशुद्ध चैतन्यको प्रतीक हो भने शक्ति विशुद्ध गुणात्मक ऊर्जा हो।

तन्त्रशास्त्रले जे कुरा यो ब्रह्माण्डमा छ त्यही कुरा हाम्रो शरीर भित्र पनि रहेको हुन्छ भन्ने गर्दछ। मान्छेले आफ्नो असीमित चेतना शक्तिद्वारा ब्रह्माण्डसँग सम्पर्क स्थापित गर्न सकेको हुन्छ। शास्त्रले हाम्रो मूलाधार चक्रमा कुण्डलिनी शक्ति रहेको हुन्छ भनेर बताएको छ। तन्त्र, सनातन परम्परासँग गाँसिएको आगम ग्रन्थ हो।

तन्त्र शब्दले सन्धि, विधि र उपायलाई जनाएको हुन्छ। सिद्धान्तको कुरो गर्दा शास्त्र र व्यक्ति, व्यक्ति व्यक्ति बीच मतभेद हुन सक्दछ। विग्रह हुन सक्छ, वादविवाद हुनसक्छ तर, विधिको कुरो गर्दा– नदीमा डुब्न लाग्दा, त्यसबाट

जोगिन, पौडेर निस्किनै पर्दछ । हिमाल चढ्नु परे उचाइतर्फ लम्किनै पर्दछ, अरू उपाय अपनाएर हुँदैन । यानी जुन कुराले मान्छेको ज्ञान क्षेत्रलाई विस्तार गर्दै, सो अनुरूपको आचरण गराई मान्छेलाई त्राण दिलाउँछ : त्यो तन्त्र हो ।

तन्त्र मुख्यतः शिव र शक्तिसँग सम्बन्धित रहेको र यसैबाट अधिकतर तन्त्र ग्रन्थको उत्पत्ति हुन पुगेको देखिन्छ ।

ऋग्वेदले तन्त्रलाई ज्ञानको तान भनेर अर्थ्याइदिएको छ र त्यो तान बुन्दै जाँदा ज्ञान बढ्दै जाने विश्वास गरिएको हुन्छ । शैवतन्त्रले ज्ञान दिने भएकाले यसमा ज्ञान प्राप्त गर्ने तरिका मात्र वर्णन गरिएको छ । शैवागम वा शैव तन्त्रलाई भेदवादी शैवागम र शैव सिद्धान्त भनेर चिनिन पुगेको छ । समस्त प्रकारका शिव सूत्रहरूको उद्‌गम स्थल हिमालय रहेको मानिएको छ । विभिन्न तन्त्रशास्त्रका ज्ञाताहरूले तन्त्रलाई (१) श्री सदा शिवोक्त तन्त्र, (२) पार्वती कथित तन्त्र, (३) ऋषिगण प्रणीत तन्त्र– यसरी तीन भागमा बाँडेको देखिन्छ । तन्त्र स्वतन्त्र शास्त्र हो र यसले पूजा र आचार पद्धतिको परिचय दिएर पनि इच्छित तत्त्वलाई आफ्नो अधीन बनाउने मार्ग देखाउँछ । तन्त्र साधना शास्त्र हो र अनेक प्रकारका साधना दिइएको छ, जसमा देवताका स्वरूप, गुण, कर्म आदिको चिन्तन प्रक्रिया साथै 'पटल, कवच, सहस्रनाम तथा स्तोत्र' रहेको छ ।

कर्मकाण्ड र पूजाउपासना गर्ने तरिका सबै धर्ममा फरक फरक हुन्छन् । सबै धर्मले मानवभित्र अनन्त ऊर्जा भएको स्विकार्छन् । सबै धर्म सम्प्रदायले एकनासको विधि अवलम्बन गरी आफूभित्रको शक्ति जगाउने काम गरेको हुन्छ । तन्त्र शास्त्रले सिद्धान्तको कुरो गरे पनि आगम शास्त्रको तीन चौथाइ भागले विधि नै इङ्गित गरेको छ ।

तत्कालीन नेपालमा गोरखनाथले नौनागलाई आफ्नो आसनमुनि बाँधेर राखेपछि वर्षा गराउन करुणामय मच्छिन्द्रनाथलाई कामरूप कामख्याबाट ल्याउँदा भक्तपुरका राजा नरेन्द्रदेव, कान्तिपुरका तान्त्रिक वन्धुदत्त आचाजु र पाटनका ललिचा ज्यापुले तन्त्रको सहायता लिएका थिए । वर्तमान नेपालमा तन्त्र अदृश्य अस्त्रका रूपमा स्थित भएको देखिन्छ । मन्दिरै मन्दिरको देश नेपालमा तन्त्र जनजीवनमा व्याप्त छ ।

आठ किसिमको यामल तन्त्रको मूलग्रन्थ ब्रह्मयामल तन्त्रलाई मानिएको छ । ब्रह्मयामलका प्रमुख उपासक नेपालका श्री ५ महाराजाधिराज प्रतापसिंह शाह रहेका त्यो पुस्तक तत्कालीन नेपालको राजदरबारमा रहेको थियो भने

११७४ ई.मा लेखिएको पिङ्गलातन्त्र नामक ग्रन्थ, जसलाई ब्रह्मयामल तन्त्रको परिशिष्ट भएको भन्ने गरिएको छ, त्यो पनि तत्कालिन नेपालको राजदरबारमा रहेको थियो । यिनै तन्त्र शास्त्रहरूको साधकहरू तत्कालीन नेपालमा प्रशस्त भएका कारण तन्त्रशास्त्रअनुसार नेपालमा छाग, महिष, मेष, कुखुरा र हाँस बलि दिने चलन बसेको हो र हाम्रो तन्त्र सभ्यताको महत्त्वपूर्ण सोच बलिप्रथा जीवनको पूर्ण परम मुक्तिसँग गाँसिएको मानिन पुगेको हो । राजा राम शाह तन्त्रकै बलमा न्यायका उदाहरण बन्न सफल भए । पृथ्वीनारायण शाहका भाइ सिंहप्रताप शाहले काठमाडौं श्मशान भूमिमा मृत महिलाको यौनाङ्गमा तन्त्र साधना गरेर सिद्धि प्राप्त गरेको आख्यान अहिले पनि हामीले सुन्न सक्छौं । भारतमा दिगम्बर बाबा, लकड बाबा, अघोरी बाबा, नागा बाबा, धीरेन्द्र ब्रह्मर्षि, चन्द्रास्वामी, सिद्ध जयन्द्र सरस्वतीलगायत तान्त्रिकहरू अदृश्य केन्द्रशक्तिका रूपमा स्थापित रहेका छन् । आज पनि लामा, राई, तामाङ मन्त्र सिक्न र लामा तन्त्र शिक्षा आर्जनका लागि वर्षको दुई हजारभन्दा बढी विदेशीहरू नेपाल आउने गरेका छन् ।

युरोपियन राष्ट्रका विद्वान् नेपालमा काग पूजा, कुकुर पूजा, गाई पूजा, शालिग्राम पूजा र बोक्सीका बारेमा अनुसन्धानका साथै हनुमान ढोकामा नाइटो किन गाडिन्छ, किलागलमा किन पैसालाई किला ठोकिन्छ, मन्दिर र जात्रामा तन्त्रपूजा किन गरिन्छ भन्नेसम्मका विषयमा अध्ययन गरिरहेका छन् ।

ग) तन्त्र साधना

प्रचलित भाषामा भगवान्, ईश्वर र ब्रह्मलाई समानार्थक शब्दका रूपमा ग्रहण गरिएको छ । भगवान्, ईश्वर र ब्रह्म गुणागत अभिव्यक्ति हो । जो पुरुष– ऐश्वर्य, वीर्य, वैराग्य, श्री, यश र ज्ञान यी दिव्य शक्तिले युक्त छन् अर्थात् भग + वान् प्रत्यय जोडी भगवान् शब्द निष्पन्न भएको छ भने यदि जो नारी यी ६ दिव्य शक्तिले युक्त छिन् भने शब्द भग + वती प्रत्यय जोडी भगवती शब्द व्युत्पन्न भएको देखिन्छ । "ब्रह्म" शिव र शक्तिको समन्वय हो । साधनाको इतिहासबाट जहाँसम्म जान्न सकिन्छ, साधनाका आदि पिता भगवान् सदाशिव हुन् । भगवान् सदाशिवद्वारा आफ्नो यस साधना मार्गलाई 'तन्त्र'को नामले सम्बोधन गरिएको थियो । मुक्तिको जुन साधना हो त्यसैलाई तन्त्र भन्दछन्, अर्थात् साधना र तन्त्र अभिन्न हुन् । तन्त्र एउटा व्यावहारिक

ज्ञान हो। यस साधनाको सूत्रपात पहिले शरीरबाट, अनि शरीर र मनबाट अनुशीलन गरिन्छ, तब मन र आत्मालाई लिएर अन्तमा आत्मिक चेतनामा प्रतिष्ठित होइन्छ।

तन्त्रमा व्यावहारिक पक्ष नै मुख्य भएको कारण गुरुको शिष्यप्रति अति कठोरता रहन्छ। शिष्यले गुरुको मुखबाट यत्नपूर्वक सुनेर अनुशीलन गरी प्रत्येक पाइलामा आफ्नो सार्थकता प्रमाणित गर्नुपर्ने भएकाले तन्त्र पुस्तकमा सीमित नभएको हो। तर कालान्तरमा गुरु र शिष्यको अभावमा तन्त्र लुप्त हुनबाट जोगाउनका लागि लिपिबद्ध गर्नुपरेको हो। जुन तरिका वा उपायद्वारा मानिसहरूमा कुण्ठा र अज्ञानता दूर हुन पुग्दछ, त्यही तरिका वा उपाय तन्त्र हो। तन्त्र साधनाको अभ्यासबाट मनुष्यको मनमा सद्भावना, सद्बुद्धि र संद्वृत्ति, वीरभाव, विनयभाव तथा परमात्माप्रति आत्मसमर्पण भावको जागरण हुन्छ। तन्त्र साधनाको अभ्यासको निमित्त दीक्षा लिनका लागि उपयुक्त गुरु चाहिन्छ।

आध्यात्मिक साधकको जीवनमा दीक्षा एउटा अत्यन्त महत्त्वपूर्ण विषय हो। दीक्षा-ग्रहणको महत्त्वपूर्ण तात्पर्य हो– साधक वा साधिकाको अन्तस्थित सुप्त आध्यात्मिक शक्ति (कुण्डलिनी)को जागरण गराउनु हो। मोक्ष प्राप्तिका लागि मनुष्य आफ्नो संस्कारहरूको बन्धनबाट मुक्त हुनु अनिवार्य छ। "गुरु" शब्दको पूर्ण अर्थ हुन्छ– जसले व्यक्तिको मानिसक तथा आध्यात्मिक अन्धकार दूर गर्छ, उहाँ गुरु हुनुहुन्छ। "ब्रह्मैव गुरुरेक नाऽपरः" गुरु हुने क्षमता एक ब्रह्मलाई मात्रै छ किनभने ब्रह्म स्वयम् बृहत् हुनुहुन्छ र अरूलाई पनि बृहत् बनाउन सक्षम हुनुहुन्छ।

पूर्वीय दर्शनशास्त्र राम्रो भएको र जीवन यापन सरल गर्ने भएकाले मानवमात्रले परिवर्तन गर्ने प्रयास गरे तापनि यो परिवर्तन हुँदैन। सनातन दर्शन ज्ञानको प्रमुख स्रोत नै हो। सतीदेवी शिष्य बनेर महादेव गुरु भएर यी दुई प्रकृति र पुरुषको वाद-विवादद्वारा उत्पत्ति भएको शास्त्रलाई नै तन्त्रशास्त्र भनियो। शिव ईश्वर हो, पुरुष हो त्यसैगरि शक्ति भनेको प्रकृति हो त्यो नै पार्वती हो।

दक्षप्रजापतिको भ्रष्ट बुद्धिको कारण सतीदेवीले शरीर त्याग गर्नुपूर्व आफूसँग भएको शास्त्र शिवजीलाई दिनुभएको कारणले कहिले शिव गुरु पार्वती शिष्य त कहिले पार्वती गुरु शिव शिष्य भएर ती अनगिन्ती तन्त्र शास्त्रहरू हामीसम्म आएको हो। तन्त्रको सङ्ख्या यति नै भनेर पक्का छैन।

तन्त्र शास्त्रले हामीलाई धेरै कुरा दिन्छ। ईश्वर चिन्नु भन्नु नै मानिसलाई चिन्नु हो। तन्त्र प्रकृतिप्रधान हो तर पनि पुरुषसँगै आउँछ।

धर्म, अर्थ, काम र मोक्ष चार पुरुषार्थमध्ये मोक्षलाई मुख्य मानेको छ। तान्त्रिक दीक्षित व्यक्तिको तीन पुस्ता जीवित छन् भने तीनै पुस्ता खुसी भएर बसेको पाइन्छ, मोक्ष भनेको यही हो। ललितपुर मङ्गलबजारमा कार्तिक नाचको अवसरमा नृसिंहनारायणले हिरण्यकशिपु वध गर्छन् र पाटनका पुजारीहरूले मृतसञ्जीवनी खुवाएर बचाउँछन्। यो कार्य प्रत्येक वर्ष कार्तिक शुक्ल त्रयोदशीको दिन हुन्छ। सत्पात्रले साधना गरेमा सिद्धि प्राप्त गरेर समाज, देश विश्वकल्याण कार्यमा लागि पर्छ। तन्त्रको महत्त्वको विषयमा प्रख्यात श्लोक–

विष्णुर्वरिष्ठो देवानां हृदानांमुदधिस्तथा।
नदीनाञ्च यथा गङ्ग पर्वतानां हिमालयः ॥
अश्वत्थ सर्ववृक्षाणां राज्ञामिन्द्रो यथा वरः।
देवीनाञ्च यथा दुर्गा वर्णानां ब्रह्मणो यथां
तथा समस्तशास्त्राणां तन्त्र वै वेदसम्मतम् ॥

मानव सभ्यताको सुरुवातसँगै खसहरूको कविलाई समाज पूर्वी गोलार्धतर्फ बढ्दै गर्दा विभिन्न चुनौती पार गर्दै खसानसम्म पुग्न लामो कालखण्ड व्यतीत गर्नुपरेको थियो। पूर्व लागेका खसहरू प्राचीन बेबिलोन पुगेका थिए, त्यहाँ रहेका काद्रव- वंशले पनि बाविरोलाई देवताका रूपमा पूजा गर्ने गरेको र वान्नी मस्टोको सम्वन्ध प्राचीन समयमै असुर देशसँग थियो। विविध समस्या निराकरणका लागि आफ्ना अनुभव र भोगाइबाट अर्जित ज्ञानगुणका कुरा प्रयोग एवम् व्यावहारिक बनाउन कुलायन देवता स्मरण वा पूजा, आराधना, मन्त्र साधनाको उपयोग गर्ने क्रममा उनीहरू जता पुगे, त्यहाँका रैथाने जाति, समूह, समुदायको तन्त्र साधनासमेत उपयोग गर्न पछि परेनन्।

विश्व समुदायमा एकथरी कैलाशको पवित्र भूमि नै मानव सभ्यताको उद्‌गम स्थल रहेको विश्वास गर्छन्। हिन्दु दर्शनका त्रिदेव ब्रह्मा, विष्णु, शिवको क्रीडाभूमि पनि यही क्षेत्र मान्ने परम्परा छ। कुवेर, रावण, दिलीप जस्ता आफ्नो युगका शक्तिशाली राजा मात्र होइन, भगवान् राम र पाण्डवहरू पनि यही बाटो भएर स्वर्ग गएको कथन पाइन्छ।

मानवीय जीवनमा आइपर्ने शारीरिक, मानिसक, प्राकृतिक प्रकोप मात्र होइन, मस्टो अनुयायीहरूमा विभिन्न प्रकारका अनिष्टबाट बच्न/बचाउन

धामीको महत्त्वपूर्ण स्थान रहेको छ । मष्टाका सेवकका रूपमा रहेका पुजारी, डाँग्रीभन्दा शीर्ष स्थानमा रहन्छन् धामी ।

तन्त्रको अर्थ देवदेवीको उपासना गर्ने रहस्यमय शास्त्रमात्र भनेको भए ठीकै थियो, त्यसले सकारात्मक सन्देश प्रवाहित गर्दथ्यो तर जादुटुना र झारफुकलाई पनि तन्त्र भनिनाले त्यसप्रतिको प्रतिष्ठा अलि खस्किएको पाइन्छ समाजमा । देवदेवीको उपासना गर्ने रहस्यमय शास्त्रले तन्त्रप्रति श्रद्धाभाव निश्चय नै जगाएको छ । तन्त्रविद्या राम्रो कि नराम्रो भन्ने कुरा साधना गर्नेका उद्देश्यमा भर पर्छ । शल्य चिकित्सकको हातमा रहेको चक्कुले मर्न लागेको रोगीको ज्यान बचाउँछ, खराब नियत भएकाको हातमा रहेको चक्कुले जिउँदो मान्छे मार्छ– यसकारण कसले किन कुन अभिप्रायले तन्त्र विशेषको साधना गर्छ भन्ने कुरावाट तन्त्रविद्याको नकारात्मक वा सकारात्मक मूल्याङ्कन हुन्छ । काठमाडौं उपत्यकाका नेवारहरूको तन्त्रसाधना गर्ने छुट्टै घर भए त्यसलाई आगंछे (आगमघर) भनिन्छ, नभए घरको माथिल्लो तला धेरैजसो बुइगलमा हुन्छ जहाँ दीक्षित नभएका घरकै मान्छे पनि जान पाउँदैन । आजकल धेरैजसो आगम देवताका मूर्तिहरू चोरी भइसकेको बुझिन्छ । बुइगलको आगम देवता चोरिनुमा घरकै मान्छे वा गुरु पुरोहितको पनि हात हुने सम्भावना छ । आगम देवताहरू धेरै पुराना, पुस्तौँपुस्तादेखि चलिआएका हुनाले तिनीहरूको पुरातात्त्विक मूल्य धेरै हुने हुनाले, धेरै मूर्तिहरू त सुनकै पनि हुनाले त्यसप्रति मूर्तिचोरहरू बढी आकर्षित हुन्छन् । अचेल दीक्षित गुरुपुरोहितहरू पनि पाउन गाह्रो भइरहेको छ । आफ्नो भागमा परेको आगमघर दीक्षित नभएका घरपतिले राख्न नचाहने, प्राकृतिक प्रकोपको कारण भत्केर माटोले पुरिने जस्ता कुराहरूले गर्दा तन्त्रप्रति मानिसहरूको आकर्षण घट्न गई हाम्रो संस्कृतिको ह्रास भइरहेको स्थिति छ । आगम हस्तलिखित पुस्तक पनि दीक्षित नभई पढनु हुँदैन, पढेमा अन्धो भइन्छ भन्दा दीक्षित नभइसकेकाहरूमा त्यसको पनि मनोवैज्ञानिक प्रभाव पर्दछ, साँच्चै अन्धो नै भइने पो हो कि भनेर ।

शिवको मुखबाट पहिले निस्केको कारणले तन्त्रलाई शिव मुखोत्र सूत्र पनि भनिएको छ । तन्त्र शिव जत्तिकै पुरानो छ भन्नुको मतलब तन्त्रविद्या सृष्टिको समय जत्तिकै पुरानो छ भन्नु हो । ऋग्वेदको खण्ड १०।७१ र अथर्ववेदको खण्ड १०।७४२ ले तन्त्रलाई बुनाइको अर्थमा प्रयोग गरेको छ । वैदिक दर्शनअनुसार शरीर मरणशील र आत्मा अमर छ । पाँचौं वा छैटौं शताब्दीमा

लेखिएको मार्कण्डेय पुराणको अंश दुर्गा सप्तशती तथा श्रीचण्डी नामले पनि चिनिने देवी महात्म्यमा प्राणायाम, सङ्कल्प, मूलमन्त्र, करन्यास, अङ्गन्यास, आवाहन, ध्यान आदि तन्त्रका सबै अङ्गहरू पुऱ्याई तन्त्र साधना गरेको देखाइएको छ । सकारात्मक सुन्दर भावना मानिसमा पुस्तान्तरण भई जन्मजातले पनि हुन सक्छ, सामाजिक वातावरण, सस्कार र सत्सङ्गले पनि बढ्न सक्छ, जो हाम्रो ठूलो सम्पत्ति हो । कुलदेवताको कुलायन दीक्षा लिन विवाहित जीवनमा पति पत्नी दुवैले एकैसाथ लिनुपर्छ, तर श्रीमतीले लिन नमानेपछि कुलायन दीक्षा नभए पनि गुरुबाट दीक्षा लिई दीक्षित बन्नुपर्छ ।

तन्त्रसाधना, विपश्यना, प्राणायाम, षट्चक्र निरूपण, पुरश्चरण सबैमा भावना नै मुख्य हो । भावना नभएका कसैले पनि त्यस किसिमको कार्यक्रममा सफलता पाउन सक्दैन । विपश्यनामा जाडोको समय न्यानो भावको र गर्मी मौसममा शीतलताको सञ्चार भइरहने राम्रो मानिन्छ । अष्टमातृका, नवदुर्गा र दशमहाविद्याका शक्तिदेवीहरू यथार्थमा नारीसत्तात्मक समाजका प्राचीन वीराङ्गना हुन् जो हातमा खड्ग लिई दुष्टहरू मार्ने गर्थे । ती देवीशक्तिको उपासना गर्दा उच्चारण गर्ने बीजमन्त्रको संयुक्ताक्षर ध्वनिको उच्चारणमा वीर तथा रौद्ररसको भाव टप्किने अनुहारमा पनि भयानक र रौद्ररस देखिने आदि कुराको परिकल्पना गरिएको हो । यो यथार्थ ज्ञानको अभाव भएकाले बुझ्न सक्दैनन् । बुझ्न नसकेपछि मनमा भाव उत्पन्न नहुनाले लाभान्वित हुन नसक्नु स्वाभाविक हो ।

विभिन्न वैदिक ग्रन्थहरूमा उल्लेख भएअनुसार शिव महातान्त्रिक थिए । देवाधिदेव महादेवको निवास रहेको कैलाश वा कविलास क्षेत्रको व्यापकता खोज्दा अफगानस्थानदेखि बर्मासम्मका हिमाली र पर्वतीय भूमिलाई कैलाश मण्डल भनिन्थ्यो । यसलाई अलि सङ्कुचित अर्थमा लिने हो भने मुख्य कैलाश मानसरोवरदेखि पश्चिमको केदारसम्म र पूर्वमा दोलखा शैलुङसम्मको भू-भाग कैलाश क्षेत्रमा पर्दथ्यो । यही हिमालय क्षेत्र वा हिमवत खण्डमा ऋषिमुनिहरूको तपस्या भूमि र मर्मज्ञ विद्वान् विदुषीहरूका लागि पवित्र र पुण्यभूमि रहेको यो क्षेत्रबाट उत्पत्ति भएका पवित्र आस्थाका धरोहर नद नदीहरूले मानव उत्पत्ति, विकास एवम् मानवीय सभ्यता निर्माणमा महत्त्वपूर्ण योगदान दिएको पाइन्छ । यस क्षेत्रको पुण्य एवम् पवित्र भूमिमा प्रत्येक झाँक्रीहरू आफ्नो साधना सिद्धिका लागि पुग्ने र साधना सिद्ध गर्ने परम्परा

रहेको छ। यस क्षेत्रभित्र मौलाएको संस्कृतिभित्र गुरुचेला पद्धतिमा विकास भएको झाँक्री उपचार विधि मौखिक रूपमा हस्तान्तरण हुँदै गर्दा गुरु वा चेलाका गुण वा क्षमताले प्रारम्भिक अवस्थादेखि आजसम्म देखाइ, भोगाइ, सुनुवाइ वा झाँक्री सांस्कृतिक क्रिया वा पद्धतिमा आ-आफ्नैपन रहेको देखिन्छ। नेपालको समन्वयवादी चिन्तनले यहाँका झाँक्रीहरू प्रकृतिवादी, बोनवादी दर्शनले मात्र होइन शैव र शाक्त दर्शनबाट समेत उत्तिकै प्रभावित छन्।

मगरहरूको बाहुल्य रहेको क्षेत्रमा झाँक्री प्रचलनले व्यापकता लिएको पाइन्छ। मांस, मदिरा, नारीको भेद नगरिने तन्त्र विधानकै परम्पराअनुसार यस क्षेत्रमा कथित पानी नचल्ने जातिका मानिस र मगरहरू नै प्रायःजसो झाँक्री रहने गरेको पाइन्छ। अलौकिक शक्तिलाई जान्ने, बुझ्ने र मानवीय जीवनमा आई परेका समस्या तथा आउन सक्ने विघ्नबाधालाई त्यही शक्तिको प्रयोगले अग्रिम सूचना दिने मात्र होइन समस्या समाधानको उपाय पनि देखाइदिने शक्ति झाँक्रीमा हुने विश्वासले मानिसहरू समस्या (शारीरिक र मानिसक)मा पर्दा झाँक्री कहाँ जाने परम्परा विगतदेखि वर्तमानसम्म रहेकै छ। झाँक्रीको लगनशीलता, उत्साह, शारीरिक बनावट, स्वर आदिले पनि झाँक्रीले अलौकिक शक्तिसँग संवाद गर्दा आ-आफ्नै तौरतरिकाबाट सम्पन्न गर्ने गर्दछन्। अलौकिक शक्ति र समस्याग्रस्त मानिस बीच झाँक्रीको मध्यस्थताबाट उपायको खोजी गर्ने सेरोफेरोमा झाँक्रीका क्रियाकलाप र तिनीहरूप्रतिको विश्वास एवम् समस्या समाधानमा प्रयोगमा ल्याइएका उपायमा भिन्नता देखिन्छ। विशेषगरी मन्त्रहरूमा कालान्तरमा वैदिक देवीदेवतालगायत स्थानीय देवीदेवता, भूतप्रेत, पुर्खा (पितृ)हरूको स्मरण, आराधना र मानमनितो गर्ने प्रचलन छ। झाँक्रीहरूमा वनझाँक्री र गुरुवाट दीक्षित झाँक्रीहरूका कृत्यमा केही फरकपन रहेको पाइन्छ।

मानवीय जीवनको प्रारम्भदेखि मानिसलाई आइपर्ने मानिसक वा शारीरिक समस्या समाधानका लागि अलौकिक शक्तिको कुदृष्टि, हस्तक्षेप हटाउन झारफुक, तन्त्रमन्त्रको सहारा लिने प्रचलन विश्वभर रहेको पाइन्छ। प्रत्येक झाँक्रीका क्रियाकलाप र कृत्यहरू कैयौं मिल्दाजुल्दा र कैयौं पृथक् पनि रहेका छन्। झाँक्रीहरूका कृत्यमा पुकारिने स्थानीय माला, बजु, मस्टो, कालिका, मालिका, ठिङ्ग्याल्नी, बर्मा, पितर, बोक्सी, डङ्किनी, मसानहरू खसानी भूमिका उपज हुन्। आफ्नो कृत्यमा झाँक्रीहरू गुरुमाला लगाएर,

ढ्याङ्ग्रो बजाउँदै 'झाँक' (हल्लिँदै, कम्पन गर्दै) र 'री' कारण पता लगाउँदै उपचारको विधि प्रक्रिया भन्दै लोक समाजलाई प्राचीनकालदेखि वर्तमानसम्म आफ्नो सक्रियता देखाइरहेका छन् ।

यदि कसैले तन्त्र-साधना गर्न नै चाहन्छ भने त सबभन्दा पहिले उसले योग्य गुरु खोज्नै पर्छ । तन्त्रमा यन्त्र र मन्त्र दुवैको समावेश भएको हुँदा योग्य गुरुको उचित मार्ग निर्देशनको अभावमा यो क्रिया सम्भव हुँदैन । तन्त्र साधना गर्न चाहनेले आहारशुद्धि, मन पवित्र, ब्रह्मचर्य, विचार शुद्धि आदि नियम पालन गर्नैपर्ने हुन्छ । शुद्ध मनले गरिएको साधनाबाट मात्रै चमत्कारी परिणाम सम्मुखमा आउँछ ।

तन्त्र साधनामा मनलाई अन्तर्मुखी बनाउनका लागि मनको पवित्रता आवश्यकता पर्छ र जब मन अन्तर्मुखी हुनेछ तब निश्चय नै साधकलाई चमत्कार साक्षात्कार भएर भौतिक सिद्धिहरूको उपलब्धि हुनेछ । यो निश्चय नै साधकमा निर्भर गर्दछ उसले तन्त्रबाट लक्ष्य प्राप्ति गर्नका लागि तन्त्र साधना कस्तो किसिमको र कसरी गर्ने ?

वैदिक युगमा पनि तन्त्र-मन्त्रद्वारा गरिने साधना महाशक्तिको साधना नै थियो । वर्तमान समयमा तन्त्रका भैरव, अघोर, श्मशान साधनाहरूका अतिरिक्त षट्कर्म (मोहन, मारण, उच्चाटन, वशीकरण आदि)का साधनाहरू साधकहरूले गर्ने गरेका छन् र त्यसको प्रतिफल पनि उनीहरूलाई प्राप्त हुन्छ । प्रायःजसो मानिस तन्त्रको नाम सुन्नासाथ अनिष्टको आशङ्काले तर्सिने गरेका छन्, किनभने उनीहरू तन्त्रको वास्तविक ज्ञानसँग अपरिचित हुन्छन् ।

वास्तवमा तन्त्र-मन्त्र त्यो साधना पथ हो, जसमा हिँड्दा साधकले समृद्धि प्राप्त गर्ने गर्छ । देवीदेवताको वास प्रतिमामा नभएर मानव मनको भावमा रहन्छ । चेतनालाई परम चेतनामा मिलाउने माध्यम मन्त्र हो । तन्त्र साधनामा मनको सुन्दरता एकदम आवश्यक हुन्छ । साधनामा अलिकता पनि तलमाथि पर्नासाथ यानी स-सानो त्रुटिले पनि अनर्थ हुने सम्भावना रहेकाले नै तन्त्र साधनामा गुरुको निर्देशनको आवश्यकता रहन्छ । तन्त्र साधनामा गुरुको निर्देशनको आवश्यकता रहन्छ । तन्त्र साधनामा भैरवीका रूपमा नारी रहनु आवश्यक मानिएको छ ।

तन्त्र साधना गर्दा विशेष ध्यान दिनुपर्ने कुरा भनेको यदि चित्त शान्त छैन भने त तन्त्र साधना बिर्सिएर पनि गर्नु हुँदैन । साधना गर्न समय, स्थान,

सामग्रीको व्यवस्था भएपछि मात्र गर्नुपर्छ। आवश्यक पर्ने सम्पूर्ण सामग्री जोहो भयो भएन यस कुराको ध्यान साधकले राख्नै पर्दछ।

तन्त्र साधना अनमोल छ। तन्त्र साधकलाई आफ्नो साधनामा पूर्ण भरोसा हुनै पर्छ। साधकको मनमा नकारात्मक विचारले स्थान नपाओस्, तन्त्र साधनाको सफलता या असफलता यस कुरामा पनि भर पर्छ। तन्त्रमा षट्कर्महरूका बेग्ला बेग्लै देवीहरू छन्। कुनै पनि कर्म विशेषमा पूर्ण सफलता प्राप्त गर्नका लागि हामीले त्यही देवीको साधना गरेमा मात्र सफलता प्राप्त गर्न सकिन्छ किनभने साधनाले मनको दुर्वलता हटाएर साधकलाई शिव सङ्कल्पमय वनाउनुको साथै चिन्मयत्व प्राप्त गराउँदछ। मानिसको शरीरमा पाइतालादेखि तिघ्रासम्म पृथ्वी मण्डल छ।

पृथ्वीमण्डलको अधिष्ठात्री देव ब्रह्मा हुन् र वीज 'लं' हो। साधकले पाँचवटै तत्त्व, जो इन्द्रिय वाहिर देख्छ, त्यो सबै यसै शरीरभित्र छ भन्ने भावनालाई धारण गर्नुपर्छ। पृथ्वीमा भएका सम्पूर्ण कुरो मेरै शरीरमा छ, म नै सम्पूर्ण पृथ्वी हुँ भन्ने अनुभव गर्नुपर्दछ। तिघ्रादेखि लिएर गुप्तेन्द्रियसम्म जलको स्थान हो। जलमण्डलको बीज अमृतमय 'वं' हो। जलमण्डलको स्वरूप चतुर्भुज भएका भगवान् विष्णुलाई चिन्तन गर्दै साधकले आफ्नो प्राण यिनको हृदयमा लैजानुपर्छ र पाँच घडीसम्म चिन्तन गरिरहनुपर्छ।

चिन्तन गर्ने समयमा पृथ्वीको कण-कण ममा स्निग्ध हुँदै छ भन्ने अनुभव हुने गर्छ। फूलको कोमलता र चट्टानको दृढता मेरै कारणले हो भन्ने अनुभव हुन्छ। आफूमा नै नारायणको वास भएको महसुस हुन्छ। जल तत्त्वको धारणाले साधकको अन्तःकरण स्वच्छ एवम् विशुद्ध बन्दछ साथै दैहिक, दैविक र भौतिक तीनवटै किसिमको ताप-सन्ताप समाप्त हुने गर्छ। गुप्त इन्द्रियदेखि हृदयसम्मको अग्नि मण्डल त्रिकोण आकारको छ, यो रक्त वर्णको छ। मुख्य केन्द्र नाइटो भएको अग्नि तत्त्वको बीज 'रं' हो भने अधिष्ठात्री देव रुद्र हुन्। बारम्बार प्राण स्थिर गरेर अग्नि तत्त्वको चिन्तन गर्दा साधकलाई म नै अग्नि हुँ भन्ने अनुभव हुन थाल्छ।

जे जति पनि चमक-दमक, सुन्दरता र आकर्षक छ, त्यो सब मेरै कारणले भएको भन्ने भाव साधकको मनमा उत्पन्न हुन्छ। सबैको नेत्रमा म नै प्रकट हुन्छु र मैले नै देख्छु भन्ने भावना उत्पन्न हुन्छ। हो जब पाँच घडीसम्म अग्नि धारणाको अभ्यास गरिन्छ तब अग्नि तत्त्व सिद्ध हुने गर्छ। यस

साधना गरेको साधक हुरहुरी बल्दै गरेको आगोमा प्रवेश गर्दा पनि जलन हुँदैन । हृदयदेखि लिएर आँखीभुईसम्म वायु-मण्डल रहन्छ । कालो वर्णको यो अमृत तत्त्व-शक्ति रूप हो ।

अधिष्ठात्री देव ईश्वर भएको वायु तत्त्वको बीज 'यं' हो । वायु तत्त्वको धारणा पाँच घडीसम्म गर्ने साधकमा स्वयम् म नै वायु हुँ भन्ने अनुभव हुन थाल्दछ । अनन्तः आकाशमा जे जति ग्रह-नक्षत्रहरू छन् ती सबलाई मैले नै धारण गरेर राखेको छु । मेरो गति अबाध छ । यसप्रकारको धारणा पाँच घडीसम्म हुन थाल्दछ, यो साधनामा सफल भएको साधक निर्द्वन्द्व भावले आकाशमा विचरण गर्न सक्छ, वायुरहित स्थानमा पनि ऊ जीवित रहन सक्छ । यस्तो साधकले वृद्धावस्था र मृत्यु दुवैलाई जितेको हुन्छ । दुवै आँखीभुइँको बीचदेखी शिरसम्मको आकाश मण्डल समुद्रको जलजस्तै नीलो रङको हुन्छ र यसको बीज 'हं' हो भने अधिष्ठात्री देव सदाशिव हुन् । प्राणलाई स्थिर गरेर साधकले जब वायु तत्त्वको– शिरमा अर्धचन्द्र, पाँच मुख, दस हात र तीन आँखा भएको सदाशिवको स्वरूपको धारणा नित्य गर्दछ र जब यो धारणा पाँच घडीसम्म स्थिर रहन थाल्दछ तब उसले म आकाश हुँ भन्ने अनुभव गर्छ ।

आकाश तत्त्वको साधकले म एक रस हुँ, न त मेरो बाहिर केही छ र न त भित्र नै । यस तत्त्वको सिद्धिले साधकलाई आवागमनबाट रहित भएर मोक्ष प्राप्त गराउँदछ । साधकले पहिले पृथ्वी मण्डलको चिन्तन गरेर त्यसलाई जल मण्डलमा विलीन गराइदिनुपर्छ, अनि जल मण्डललाई अग्नि मण्डलमा र वायु मण्डललाई आकाशमा विलीन गराइदिनुपर्छ । नित्य नियमपूर्वक कार्यलाई कारणमा विलीन गराउँदै साधकले सम्पूर्ण तत्त्वहरू (कार्यलाई) परम कारण (सदाशिव)मा स्थापित गरेर स्वयम्मेव सदाशिवको आत्मरूप मानेर यसपछिका सम्पूर्ण कार्य गर्न थाल्दछ । यो साधना मुख्य रूपले स्वयम् शिवमय बनाउन तथा उनका शक्तिहरू प्राप्त गर्नका लागि हो । साधकले साधना प्रारम्भ गर्नुको साथ साथै पञ्चभूतको यो साधना पनि आरम्भ गरेमा यसको चमत्कारसँग साक्षात्कार हुन्छ नै ।

घ) नेपालमा तान्त्रिक देवता

आद्याशक्ति जगज्जननी गुह्यकाली र श्रीपशुपतिनाथको सामरस्य भूमि नेपाल विभिन्न तान्त्रिक देवी-देवताको सङ्गमस्थलका रूपमा स्थापित रहस्यमय

उपत्यका हो, जहाँ मानवबस्तीको सुरुवातसँगै शक्ति-उपासनाको इतिहास उदाएको थियो। तान्त्रिक चिन्तनका महिमामण्डित दिव्य रहस्य कुँदिएका देवी-देवताहरू नेपालको काठमाडौँ उपत्यकामा काष्ठशिलादिको आलम्बनमा अवतरित भएर सच्चिदानन्दस्वरूप संवित्‌को भरपुर आस्वादन अनुभूति गराउँदै रहेका छन्। मानिसहरूका भावना आस्था, श्रद्धा र विश्वास प्रतिविम्वित पूर्ण अविर्भावस्वरूप देवी-देवताका अतिरिक्त साधक/साधिकाको भावभूमि भरिभरि अवस्थित सूक्ष्म देवताहरू पनि चेतनाको तरङ्गमा तैरिँदै उपासनाका आधार बनेर मुक्तिबोधको मार्ग प्रशस्त गर्न उद्यत छन्। आकाशगङ्गा, तारपुञ्ज, सूर्य, चन्द्रमा, अग्नि जस्ता उज्ज्वलित सबै तत्त्वहरू देवताकै प्रकट स्वरूप हुन्। वैदिक युगदेखि नै क्रमशः देवताहरू इच्छा-ज्ञान-क्रियाशक्तिको विस्तारका माध्यमबाट प्रकृति र विश्वका पृथ्वी, जल, तेज, वायु जस्ता उपलब्ध पदार्थमा अवतरित हुन्छन् भन्ने मान्यता विकसित भएको वुझिन्छ। नेपालमा गरिने पञ्चायन देवताको पूजा यस कुराको प्रत्यक्ष प्रमाण हो। तन्त्रको व्युत्पत्ति र आशयलाई अँगाल्ने, आनन्द इच्छा, ज्ञान र क्रियाशक्तिलाई विस्तार गर्न अभिप्रेरित गर्ने अलौकिक परमात्मादेखि लौकिक चैतन्य आत्मासम्मलाई तान्त्रिक देवताको दायरामा ल्याउन सकिन्छ। आगमशास्त्रका अनुसार देवताहरू अप्रकट सूक्ष्म संवित् स्वरूप पनि हुन् र त्यस्तो संवित् स्वरूपको अनुभूतिका लागि साथै भौतिक भोगका लागि पनि सहयोग गर्ने प्रत्यक्ष विषयसमेत हुन्।

शिष्य वा शिष्यामा रहेको अज्ञानको अन्धकारलाई नाश गर्दै ज्ञानशक्तिको उज्यालो छरिदिने गुरुलाई कुलार्णव तन्त्रमा देवताको पनि देवताका रूपमा लिइएको छ र देवता रिसाएमा वरु गुरुले संसार तारिदिनु हुने तर गुरु नै रिसाएमा उद्धार गर्ने कोही नहुने तर्क गरिएको छ। तान्त्रिक मान्यताअनुसार आदिगुरु महेश्वर हुन्। अक्षमाला तन्त्रले सबै आम्नायका शक्तिसहितका गणेश/गणनायकहरूलाई तान्त्रिक देवताका रूपमा उल्लेख गरेको छ। दक्षिणाम्नायका लक्ष्मी गणेश, ऋषि गणेशहरू वाममार्गले उपासना गरिन्छन् भन्ने तथ्य पनि अक्षयमाला तन्त्रमा उद्‌घाटन गरिएको छ। त्यसैगरी रति, वाणी, रमा, ज्येष्ठा, दुर्गा र कालीलाई तान्त्रिक षट्‌कर्म देवताहरूको सूचीमा उल्लेख गरेको पाइन्छ (मालवीय : सन् २००६, पृ. ६८१)। काठमाडौँ उपत्यकामा उपलब्ध पशुपतिनाथको स्वरूपको शिरमा श्रीयन्त्रको अवस्थिति रहनु, गुहेश्वरीका साथमा शिवको स्वरूप रहनु, र विभिन्न देव-देवीका मन्दिर-मूर्तिमा कामकलाको

स्वरूप पाइनुले पनि तान्त्रिक देवतामा शक्ति र शक्तिमान समरस भएर रहने कुरा अभिव्यक्त भएको छ। समस्त तान्त्रिक वाङ्मयको अध्ययन, मनन र तन्त्रोपासकहरूको साधना परम्परा सम्बन्धी अन्वेषणबाट पशुभावपरक सगुण र दिव्यभावपरक निर्गुण देवताहरू पनि तान्त्रिक देवता हुन् भन्ने निष्कर्षमा पुगिन्छ।

विभिन्न ऐतिहासिक अध्ययन-अनुसन्धानका आधारमा काठमाडौं उपत्यका परापूर्व कालमा विशाल तलाउ भएको तथ्य प्रायः सार्वजनिक नै छ। चोभारबाट पानी तर्काएपछि यहाँ मानवबस्तीसँगै क्रमशः गोपाल, महिषपाल, किरात, लिच्छवि, मल्ल र शाहवंशले शासन गरेका र त्यस अवस्थासम्ममा बिस्तारै तान्त्रिक संस्कार-संस्कृतिको प्रभाव अवलम्बन भएका आधारहरू भेटिन्छन्, तान्त्रिक देवदेवीको उपासना गर्ने परम्परा विकसित हुँदै गएका प्रमाणहरू पाइन्छन्। परापूर्व कालदेखि यहाँ वाममार्गको प्रमुख पीठ गुह्यकालीको आराधना हुनु, पशुपतिका शिरमा श्रीयन्त्रको उपासना हुनु जस्ता सुघटनाले यस उपत्यकाको आदिम विन्दु तान्त्रिक शक्ति-उपासनाबाटै उठान भएको रहस्योद्घाटन हुन आउँछ। किरात वंशको पालामा पशुपति क्षेत्रमा किरातेश्वर महादेवको लिङ्ग स्थापना भएको थियो। लिच्छवि राजा मानदेवले काठमाडौं उपत्यकामा नक्सालभगवती, शोभाभगवतीको प्राणप्रतिष्ठा गराएका कुरा तत्कालीन अभिलेखहरूले प्रमाणित गरेका छन् (वज्राचार्य : २०२०, पृ. ६७)। हाँडीगाउँमा प्राप्त अंशुवर्माको एक अभिलेखमा 'श्रीदेवी' र 'षष्ठिदेवी'को उल्लेख पाइएबाट कैलाशकूट भवनमा शक्ति साधना हुने गर्थ्यो भन्ने अनुमान हुन्छ। लिच्छवि कालका थुप्रै अभिलेखका आधारमा त्यस समयमा शाक्तका साथै शैव, वैष्णव, बौद्धतन्त्रको उपासना हुने गरेको कुरा थाहा हुन्छ भने सशक्ति सूर्य, चन्द्र, ब्रह्मा, गणेश आदिको पूजा गर्ने प्रचलन पनि रहेको देखिन्छ (पौड्याल : २०६२, पृ. १०)। कुलपरम्परामा विश्वलाई शक्तिका रूपमा र शिवलाई त्यही शक्तिमा घुलेर रही विश्वमय भएको व्यापक तत्त्वका रूपमा लिइन्छ। यस हिसाबले वैदिक सभ्यता र आगम युग हुँदै आएका शक्तिपूजा-परम्पराको छाप ग्रहण गर्दै गोपाल वंशदेखि लिच्छवि वंशको समयसम्म आइपुग्दा यो उपत्यका बिस्तारै शक्तिसाधना केन्द्रका रूपमा स्थापित भएको पाइन्छ (ज.व.रा. : २०४६, पृ. १२)।

मल्लकालमा काठमाडौंको भद्रकालीमा माहेश्वरी, कमलादीमा ब्रह्मायणी, पचलीमा कौमारी, विष्णुमति किनारमा इन्द्राणी, नारायणहिटीमा

महालक्ष्मी, पाटनको सानेपामा ब्रह्मायणी, खोकनामा रुद्रायणी, लगनखेलमा महालक्ष्मी, बालकुमारीमा कौमारी, सिकुवहीमा चामुण्डा र भक्तपुरको भोलाक्षे टोलमा महाकाली, तेखाचौँ टोलमा वाराही, टालाक्षेँ टोलमा ब्रह्माणी, इनाचौँ टोलमा माहेश्वरी, चट्खा टोलमा वैष्णवी, क्वाछेँ टोलमा कौमारी, खौमा टोलमा इन्द्राणी, तलाछेँ टोलमा महालक्ष्मी, तुलाछेँ टोलमा त्रिपुरासुन्दरी जस्ता शक्तिस्वरूपा मन्दिर-मूर्तिहरू स्थापना हुनुले त्यतिवेला उपत्यकाको संरक्षणका निम्ति चौतर्फी शक्ति-साधना हुन्थ्यो भन्ने सिद्ध हुन्छ (प्रज्ञा : अङ्क ८९? पृ. ९२) । त्यसताका तन्त्रशास्त्रमर्मज्ञ राजाहरू, विद्वान्हरू र तन्त्रसाधकरू प्रशस्त थिए (भट्ट : २०६२, पृ. भूमिका) । काठमाडौँ उपत्यकामा मल्लकालबाट नै हरिसिद्धि, वज्रवाराही, मञ्जेश्वरी, सरस्वती जस्ता अनेक कलात्मक तान्त्रिक देवीहरूको स्थापना हुनुले र मल्लराजाहरूको तान्त्रिक उपासनाका अति रहस्यमय कथा-उपकथाहरू प्रचलनमा रहनुले नेपालको तान्त्रिक परम्पराको प्रवाह अझै बढ्दै गएको अनुभूति हुन्छ । वर्तमान समयमा उपत्यकाको केही विशिष्ट कुलमा 'शाक्तप्रमोद', 'महानिर्वाणतन्त्रम्' इत्यादिमा निर्देश भए अनुरूप महाविद्या शक्तिस्वरूपाको ध्यान गरी मन्त्र-उद्धार, यन्त्र-उद्धार गरेर उपासना गर्ने परम्परा रहेको पाइन्छ । यहाँको नेवार समुदायमा वर्तमान युगमा पनि कतिपय देवीहरूको यात्रा, नृत्यहरू, क्षमापूजा, कारणपूजा प्रचलनमा रहेका छन् ।

हाम्रो देश नेपाल देवभूमि, पुण्यमूमि र पवित्र धार्मिक भूमि हो । देवाधिदेव महादेवको डमरुबाट निस्केको पहिलो ध्वनि डम्डम् र शङ्खबाट निस्केको पहिलो शङ्खनाद नै शब्दक्रम ॐ को व्युत्पत्ति हो । यस देवभूमिको पुण्यभूमि नेपालमा देवाधिदेव महादेवले तन्त्र शक्तिको प्रादुर्भाव गर्नुभएको थियो भने महादेवकै अर्धाङ्गिनी आदिस्वरूपा महामाया शक्तिरूपिणी पार्वतीले तान्त्रिक शक्तिबाटै कैयौँ असुरहरूको संहार गर्नु भएकाले हाम्रो देशको काली तन्त्र र शिव तन्त्रको व्यापक रूपमा प्रचार प्रसार भई विश्वविख्यात भएको हो । तन्त्रशास्त्रका आविष्कारक महादेवसंग विभिन्न किसिमका आश्चर्य लाग्दा तन्त्रोक्त अस्त्रशस्त्र पनि छन् । महादेवसँग भएका जस्ता अस्त्रशस्त्र कुनै पनि देवतासँग अनि कुनै पनि लोक र कुनै पनि देशमा छैन । नेपालका कतिपय वरिष्ठ तान्त्रिकहरू जस्तै शान्तिकर आचाजु, बन्धुदत्त आचाजु, जामन गुभाजु, लम्बकर्ण भट्ट जस्ता तान्त्रिकहरूले तन्त्रविधिको प्रयोगबाट विभिन्न देवी, देवताका स्थापना गरेर लोककल्याण गरेका थिए ।

फर्पिङ सहरको पश्चिमपट्टि रहेको डाँडा दक्षिणकाली उत्पत्ति भएको डाँडाको नामले प्रसिद्ध रहिआएको छ। यही डाँडाको बीचको थुम्कामा पहिले दक्षिणकाली आफ्ना गणसहित विचरण गर्थिन भनिन्छ। दक्षिणीका रूपमा रहेकी देवीले जङ्गलमा घाँस दाउरा लिन जाँदा वा भेडाबाखा चराउन जाँदा फर्पिङवासीलाई एक्लै दोक्लै फेला पारेमा भक्षण गर्थिन् भन्ने भनाइ पाइन्छ। डाँडामा रहेको एउटा ठूलो ढुङ्गामा मानिसको बलि हुन थालेपछि तत्कालीन राजा प्रताप मल्लको आदेशले तान्त्रिक लम्बकर्ण भट्टले कालीको मूर्ति बनाएर प्राणप्रतिष्ठा गर्दा काली जागेर जाज्वल्यमान भई कालीको शक्ति थाम्नै सकिएन छ। अनि तान्त्रिक लम्बकर्ण भट्टले चामुण्डाको मूर्ति बनाएर डाँडाको फेदीमा स्थापना गरी डाँडामाथिको मूल पीठको ढुङ्गा घोप्टाइदिएर कालीको शक्तिलाई मत्थर पारिएको रहेछ। डाँडाको फेदीमा तल खोँचमा पर्ने दुई नदी उद्धारवती गङ्गा र पूर्णावती गङ्गाको दोभान र मसान घाटमा देवी चामुण्डाको मन्दिर रहेको छ भने दक्षिणकालीका नामले प्रख्यात देवीलाई तान्त्रिक लम्वकर्णले राँगा, हाँस, बोका, भेडा र कुखुराको पञ्चवलि दिएका थिए भनिन्छ। देवमाला वंशावलीमा श्री दक्षिणकाली माईको मूर्ति रहेको स्थान दक्षिणपट्टि पूर्णावती गङ्गा र उत्तरपट्टि उद्धारवती गङ्गा सङ्गममा सहस्रबलि, नरवलि महापूजा कोटचाहुति यज्ञ गरेर प्रतिष्ठा कर्मको विधि पुऱ्याई वैशाख शुक्ल तृतीया (अक्षय तृतीया)का दिन स्थापना गरेको कुरा उल्लेख गरेको पाइन्छ। त्यतिबेलाका कुनै कुनै राजाहरू त आफैले तान्त्रिक सिद्धि प्राप्त गर्दथे। राजा गुणकामदेवले कलिगत संवत् ३९२५ मा महालक्ष्मी अजिमाकै खड्ग आकार आउने गरी कान्तिपुर नामक देश बनाए र १८,००० अठार हजार धुर पनि निर्माण गरिदिए। राजा गुणकामदेवले तीन धारा पाठशाला पछाडि अवस्थित पासिक्व अजिमा-ब्रह्माणी, सिंहदरवार अगाडितर्फ रहेको लुँमढी अजिमा-भद्रकाली-माहेश्वरी, आर्मी हेडक्वाटर कम्पाउन्डभित्र फिब्व अजिमा-कौमारी, पचलीमा नै अजिमा-वैष्णवी, विष्णुमति नदी किनारमा लुँति अजिमा-इन्द्राणी, ठमेल स्थित थँ वहि अजिमा- चामुण्डा, अनि नारायणहिटी दरवारभित्र रहेका चन्द्रलखु अजिमा-महालक्ष्मी यसरी अष्टमातृकाको पीठ नै स्थापना गरेर खड्ग आकार निकालेका हुन् भनिन्छ। हालसम्म पनि अष्टमातृका पीठको परिक्रमा गरी दर्शन गर्ने परम्परा कायमै छ।

राजा गुणकामदेवले खड्ग आकारको देश कान्तिपुर बनाउनुमा पनि सुरक्षाको प्रवन्ध नै हो। हामीले पूजा गर्दै आइरहेका विभिन्न अजिमा देवीहरू

र भैरवका मूर्ति र तस्बिरहरूमा पनि अजिमा देवी र आजुद्यः भैरवका नृत्यहरूमा ती देवताहरूका हातमा पनि खड्ग समाइरहेको देखिन्छ। नेवारहरूको आगम पूजा कोठामा हेर्न जाने हो भने खड्गलाई टीका लगाई पूजा गरिराखेको देख्न सक्नेछौं। तन्त्रशास्त्रमा प्रमुख देवताका रूपमा मानिँदै आएका भैरवको डरलाग्दो मुखबाट निस्किएको दाह्राका रूपमा खड्गलाई प्रतीकका रूपमा मान्दै आएको छ।

बन्धुदत्त आचाजुले आफ्नो तन्त्र शक्तिद्वारा एक गेडा स्यावजीबाट एक हजार भेडा, एक गेडा कालो भटमासबाट एक हजार बोका, एक गेडा मासबाट एक हजार राँगा सृष्टि गरेर राजा यक्षराजलाई उपहार दिएका थिए भनिन्छ। पहिला जस्तै तान्त्रिक विधिअनुसारको समयावजी र त्यसको सिद्धि हाल नहुन सक्छ तर त्यसो भए तापनि समयाबजी चढाएर देवतालाई प्रसन्न पारेर सिद्धि प्राप्त गर्ने प्रयास गरिरहेकै देखिन्छ। जीव हत्या गरेर बलि भोग दिइने प्रत्यक्ष बलि भोग हो भने मन्त्र साधना गरेर जीवको प्रतीक समयवजी चढाएर जीव बलि भोगको फल गरेर गएका शान्तिकर आचाजु, बन्धुदत्त आचाजु, गुणाकराचार्य, गुणदत्ताचार्य, अभयङ्कराचार्य आदि नेपालका महान् तान्त्रिकहरू हुन्। अहिलेसम्म पनि देवतालाई जीव बलिको प्रतीकका रूपमा समयबजी चढाउने गरिन्छ। प्रत्येक महिनाको पूर्णिमाका दिन पशुपतिनाथको तान्त्रिक विधिअनुसार पूजा गरिँदै आएको छ। पशुपतिनाथको दक्षिणमा रहेको कीर्तिमुख भैरवको मूर्तिबाट पशुका पञ्चङ्गी धागो ल्याएर पशुपतिनाथको शिवलिङ्गमा बेरेपछि बलि दिँदै आइएको छ। बाह्रवर्षमा एक पटक हरिसिद्धि भवानीको नृत्य देखाउन देपपतनमा ल्याइन्छ र पशुपतिनाथको दक्षिणपट्टि रहेको पातामा भवानी बन्ने व्यक्तिले उभिएर काम्दै त्यहीं भेडाको बलि लिन्छ। यसरी तान्त्रिक विधिबाट पूजा गरिन्छ र बलि दिइन्छ।

ङ) तन्त्र उपासना

उपासना शब्दको प्रयोग विभिन्न अर्थमा शास्त्रहरूमा देखिन्छ।

वेदान्तसारमा उपासना शब्दको कर्म र विद्या अर्थमा प्रयोग भएको देखिन्छ–

नित्यनैमित्तिकप्रायश्चित्तोपापनेन–
उपासनानि शाण्डिल्यविद्यादीनि।

आगमरहस्यकारले पराशक्तिका निर्गुण र सगुण गरी दुईवटा स्वरूप विभाग गरेर सगुण स्वरूपको उपासनामा र निर्गुण स्वरूपको चिन्तनमा प्रयोग गरेका छन्।

इष्टदेवीप्रति अभिमुखीकरण, तद्नुकुल चिन्तन र त्यसको सिद्धिका लागि गरिने कर्म नै उपासना हो। निर्गुण र निष्क्रिय अवस्थामा पराशक्तिको उपासना हुन सक्दैन।

मोक्षसिद्धिका लागि उपासना पारम्परिक कारण हो।

निष्कल चिन्मय पराशक्तिमा रूप र क्रिया आदिको परिकल्पना साधकको कल्याणका लागि मात्र हो। साधकले शास्त्रको विधि र आफ्नो रुचिअनुसार पराशक्तिको गरेको उपासनाबाट साधकले स्वर्ग र मोक्ष दुवै पुरुषार्थ सिद्ध गर्न सक्दछ भन्ने तथ्य उदयानाचार्यले 'न्यायकुसुमाञ्जली, २' मा प्रतिपादन गरेका छन्–

स्वर्गापवर्गयोर्मार्गमामनन्ति मनीषिणः
यदुपास्तिमसावत्र परामात्मा निरूप्यते ॥

उपासना ज्ञानविना हुन सक्दैन। अङ्ग्रहोपासना र प्रतीकोपासना गरी उपासना दुईप्रकारका छन्। प्रतिकोपासनाद्वारा पुरुषार्थत्रयको सिद्धि हुन्छ। वेदान्तशास्त्रले सोद्रहं भावनाद्वारा उपास्य र उपासकको अभेद बुद्धिपूर्वक गरिने अहम्ग्रहोपासनालाई मनन भन्दछ। निरन्तर मननले साधकले निःश्रेयस प्राप्ति गर्नु नै उपासनाको परम प्रयोजन हो। पराशक्ति कालीको उपासना पनि दुई प्रकारले गर्न सकिन्छ। जब अभेद भावनाद्वारा आत्मज्योतिमा प्राणको आहूति गरेर सोद्रहम् प्रत्ययपूर्वक गरिने अहम्ग्रहोपासनाले अनिष्ट संसारको नाशपूर्वक इष्टदेवताको साक्षात्कार हुन्छ तव यस उपासनालाई निर्गुणोपासना पनि भनिन्छ। प्रतीकोपासनाको अधिकारी मध्यम साधक हुन्छ। प्रतिदिन नियमपूर्वक साधकले गरिने सगुणोपासना पनि अन्तरङ्ग र वहिरङ्ग भेदले दुई प्रकारका छन्। निर्गुणोपासना सबैका लागि सुलभ हुँदैन। अतः सर्वसुलभताका लागि महिर्षहरूले स्थुलोपासनाको परिकल्पना गरेका हुन्। जुन उपासनामा मानस जप, मनसी पूजा र मानस ध्यान हुन्छ त्यो सात्त्विकोपासना हो। पीठ आदिमा गएर वाममार्गद्वारा गरिने उपासना तामसी उपासना हो भनेर 'तन्त्रचिन्तामणि, २।५६-५८'मा भनिएको छ–

उपासना त्रिधा प्रोक्ता श्रेष्ठा तत्र तु सात्त्विकी।
तस्याञ्च मानसौ पूजाजपौ मुख्यतमौ स्मृतौ ॥

राजसो दक्षिणो मार्गः प्रतिमायां प्रपूजनम् ।
बाह्योपचारैः पुष्पाद्यैस्तदाद्यानां विशिष्यते ॥
तामसोपासनं प्रोक्तं पीठादौ वलिदानतः ।
वाममार्गेण तच्चाद्यं वर्ण हित्वा प्रशस्यते ॥

स्वेष्टदेवतालाई स्वातन्त्र्वर्ती हृदयाकाशमा स्थापना गरेर ध्यानादि विधिपूर्वक भोग सामग्रीको कल्पना गरेर उपासना गरिन्छ। राजोपासना शास्त्रनिर्दिष्ट स्थानमा मात्र गर्नुपर्दछ। 'तन्त्रचिन्तामणि, १७।१५१-१५२'मा निषिद्ध स्थानको परिगणना बारे भनिएको छ–

शिवलिङ्गे मणौ यन्त्रे शालग्रामे घटे रवौ ।
स्थण्डिलऽग्नौं मूर्ध्नि हृदि स्थानेष्वेतेषु पूजयेत् ।
भूमावेव कृता पूजा पुत्रायुर्धननाशिनी ॥

सकाम उपासना त्रिविध पुरुषार्थको कारक हो भने निष्काम उपासना मोक्षको जनक हो। जस्तै माकण्डेय पुराणान्तर्गत सप्तशती ग्रन्थमा सुरथको देव्युपासना राज्यलाभार्थ सकाम हो र वैश्यको देव्युपासना ज्ञानलाभार्थ निष्काम हो।

उपासना भाव र आचारले गरिन्छ। सूक्ष्म उपासना वीरभाव प्रधान हुन्छ जसमा साधकले भैरवभावनाद्वारा स्वेष्टदेवीको उपासना गर्दछ। पशुभावापन्न साधकले स्वामीको आज्ञा सम्झेर स्वामीको उपदेश तथा निर्देश पालना गरी गरिने पूजालाई स्थुलोपासना भनिन्छ। ज्ञानकर्मभेदले पनि उपासनालाई ज्ञानोपासना र कर्मोपासना गरेर विभाजन गर्न सकिन्छ। यदि साधकले गर्ने ज्ञानोपासना र कर्मोपासनामा भाव छैन भने निष्फल हुन जान्छ। भावान्वित कर्म नै भक्ति हो। रेणुकाचार्यले अर्थहीन वाणी, पतिहीना सती र श्रुतिहीना बुद्धिको निष्फलता प्रतिपादन गर्दै भावहीन कर्मको पनि निष्फलता बताएका छन्।

अतः भावकर्म समायुक्त उपासना नै सर्वार्थसिद्धिको कारक हुन्छ। पराशक्तिको अन्तरङ्गोपासना श्रवणमनननिदिध्यासन हो भने बाह्योपासना बाह्यसामग्री तथा अर्चनादि क्रिया गरिन्छ। आलम्बनविना पराशक्ति उपासनीय हुँदैनन्।

पूजामा क्रियाको सम्बद्धता प्रतिपादन गरी स्थानविशेष र कालविशेषमा मूर्तिको कल्पना गरेर उपासना गर्ने विधान गरेको देखिन्छ।

मूर्त एवम् अमूर्त सम्पदाले समृद्ध रहिआएको देश हो नेपाल । सांस्कृतिक-इतिहासको उषाकालदेखि नै विश्वसामु नवदुर्गा गणले प्रख्यात रही आएको नवदुर्गामय-देश हो नेपाल । नौवटा शक्तिशाली मातृदेवीहरूको एकीकृत रूपमा नवदुर्गा भवानीको दर्शन मिल्छ । प्रारम्भिक समाज समेत मातृपरक एवम् शक्तिसम्पन्न रहेको जानिन्छ, पुरुषप्रधान समाज त पछिको कुरा हो । मातृमतकै उत्पत्ति र विकासक्रमको चरमोत्कर्षकालमा नवदुर्गा संस्कृति अविर्भाव हुनपुगेको दृष्टिगोचर हुन्छ ।

वेदकालमा समाजमा पितृपक्ष प्रधान थियो यसो हुँदा वैदिक वाङ्मयमा पुरुषदेवताको तुलनामा शक्तिसम्पन्न स्वतन्त्र स्त्रीदेवताको उल्लेख भएको देखिँदैन । तापनि मातृमतका ऐतिहासिक विकासक्रमका दृष्टिले प्रकारान्तरमै पनि वैदिक युग उल्लेख रहेको देखिन्छ । कतिपय वैदिक सूक्तहरूमा सप्तमातर, सप्तरश्मि, सप्तजिह्वालगायत दश बाहु भएकी देवीको उल्लेख परेका छन् । महाभारतमा शक्तिलाई कृष्णकी बहिनीका रूपमा उल्लेख गरिएको पाइन्छ । कृष्णको परामर्श लिएर अर्जुनले दुर्गाको स्तुति गरी भावी युद्धमा विजयी हुन प्रार्थना गरेको कुरा महाभारत (भीष्मपर्व अध्याय २३)मा परेको छ । विराटपर्वमा युधिष्ठिरले देवीको स्तुति गरेको कुरा आएको छ । विशेषगरी सप्तमातृका एवम् महिषमर्दिनीदेवीले बढ्ता प्रचार पाउनुको साथै शक्तिसम्पन्न स्वतन्त्र देवीको अस्तित्व पनि खुलस्त हुँदै आएको विदित हुन्छ (श्रेष्ठ : २०६०, पृ. ४) ।

चाँगुको छिन्नमस्तामन्दिरभित्र ईस्वीको प्रथम-दोस्रो शताब्दीतिरका सप्तमातृकाका मूर्तिहरू छन् (श्रेष्ठ : २०७३, पृ. ७१-८४) । छिन्नमस्ता मन्दिरभित्र सप्तमातृकाका मूर्तिलहरमा चामुण्डा/छिन्नमस्ता मूर्तिको बायाँपट्टि रहेको मातृदेवी पुजारी वर्गलगायत स्थानीय सांस्कृतिक जीवनमा 'महालक्ष्मी/सङ्कटा' नाम रूपले प्रसिद्ध रहिआएकी छिन् ।

सप्तमातृकाका साथमा उमामहेश्वरको मूर्ति रहनु तन्त्रका दृष्टिले पनि गहन महत्त्व राख्दछ । उमामहेश्वरमा दर्शन हुने भित्री वा गुह्य रूप वा भनौं मूल स्वरूप महेश्वर देशबाट अभिन्न शिवमयी मातृदेवी हुन् । यसबाट शिवतत्त्वलाई शक्तिको सहायकका रूपमा स्वीकार गरिएको शक्तितत्त्वलगायत मातृगणको प्राधान्य रहेको तान्त्रिक स्वरूपको मूर्ति यो रहेछ भन्ने कुरा पत्ता लाग्छ । महेश्वर सप्तमातृकाद्वारा परिवारित परालक्ष्मीका साथमा रहन्छिन् भन्ने मान्यता रहिआएको पाइन्छ ।

सामन्तबाट महासामन्त हुँदै महाराजधिराजसम्म हुन पुगेका अंशुवर्मा 'महाराजाधिराज' उपाधि धारण गरी शासन गर्ने नेपालका प्रथम राजा हुन् । त्यसरी स्वतन्त्र शासकका रूपमा यिनले ई.सं. ६०५ देखि ६२० सम्म शासन गरेको पाइन्छ (रेग्मी : २०५३, पृ. ८७) । यिनको शासनकालमा नेपालमा धर्म, संस्कृति, कला वास्तुकलाको पनि ठूलो उन्नति भयो । यिनकै समयदेखि धार्मिक मतहरूमा तन्त्र सिद्धान्तले वढ्ता प्रभाव पार्दै लगेको वा भनौं मिश्रित रूपको तन्त्रप्रधान शाक्त धर्मले राजकीय स्तरमै विशेष लोकप्रियता पाउँदै आयो ।

लिच्छविकालमा जस्तो राजनैतिक शान्ति, स्थिरता र एकता मध्यकालमा कायम रहन सकेन । तत्कालीन नेपालको राजनैतिक केन्द्र काठमाडौं उपत्यका थियो र राजधानी सहर कान्तिपुर भेकतिर थियो । केन्द्रमा आएको राजनैतिक कमजोरी कै कारण ईस्वीको एघारौं शताब्दीको अन्त्यतिर आइपुग्दा पश्चिममा सिञ्जालाई राजधानी बनाएर खस र दक्षिणपूर्वी तराई भेकमा सिम्रौनगढलाई राजधानी बनाएर डोय/तिरहुत जस्ता शक्तिशाली स्वतन्त्र राज्यहरू देखा परे (वज्राचार्य र श्रेष्ठ : २०३५, पृ. ११४) । यी राज्यहरूले लगातार आक्रमण गर्न थाले पछि काठमाडौं उपत्यकाले आफ्नो अस्तित्व नै खतरामा पर्न सक्ने देखेपछि फेरि एकपल्ट मजबुत हुने प्रयास गऱ्यो र भयो पनि । आक्रमण प्रत्याक्रमण बराबर भइरहने हुँदा राजधानी पनि सुरक्षित ठाउँमा सार्नु आवश्यक देखियो र, अनेक दृष्टिले उपयुक्त त्यस्तो सहर भक्तपुर ठानियो । किरात कालमै विकसित बस्ती बसिसकेको भक्तपुर छैटौं शताब्दीतिर आइपुग्दा स्वशासनको अधिकारसहित 'द्रङ्ग' (सहर)को दर्जा समेत पाएको सहरी बस्तीका रूपमा विकसित भइसकेको थियो । राजा आनन्ददेवले तान्त्रिक सुरक्षा हेतु राजधानीनगरलाई यन्त्राकार रूपमा नगरभित्र र बाहिरका आठ स्थानमा अष्ठमातृकाका पीठ एवम् देवगृहलगायत नगरको मध्यभागमा त्रिपुरसुन्दरी पीठ एवम् देवगृह समेत प्रतिष्ठापित गरे । अष्ठमातृका गणकी अधिष्ठात्री देवी त्रिपुरसुन्दरी हुन् । अष्ठमातृका गणमा त्रिपुरसुन्दरी समाविष्ट भएपछि आविर्भाव हुने एकीकृत रूप 'नवदुर्गा' हो । आनन्ददेवले सहरकै मध्यभागमा वा त्रिपुरसुन्दरी-इलाकामा नयाँ दरबार बनाउन लगाए । सो दरबारको नाम उनले 'त्रिपुर' राखे जुन मध्यकालीन नेपालमण्डलको पहिलो दरबार थियो (श्रेष्ठ : २०५८, पृ. १-२१) ।

देश र देशवासीको रक्षा सामान्य, शान्त र सौम्य स्वरूपका पुरुष-देवताहरूले होइन, उग्र तान्त्रिक स्वरूपका शक्तिप्रधान देवताहरूले मात्र गर्न सक्छन् भन्ने आस्था र विश्वास मध्यकालका जनताहरूले गर्न थाले। मानव देहमा देवता हुन्छ भन्ने आस्था र विश्वास प्राचीनकालदेखि नै रहिआएको ज्ञात हुन्छ। तान्त्रिक धर्म प्रयोगात्मक रही आएको छ। योग एवम् सिद्धि प्राप्तिका लागि सिद्धहरूले मानव देह वा साधककै शरीरलाई पनि कर्मस्थल तुल्याउँदै लगेपछि लौकिक-जीवनमा समेत शरीर-पूजाको थालनी, चलन र महत्त्व निकै बढेर आयो।

नेपालका जात्रा चाडपर्वहरूको थालनी बारेमा अनिगन्ती रोचक किंवदन्तीहरू पनि जोडिएर आएका हुन्छन् जसलाई सुन्दा यस्तो लाग्छ मानौं ती अविश्वसनीय सत्य हुन्, जात्रा चाडपर्वका संविधान नै हुन्। भक्तपुर सहरदेखि पूर्वमा रहेको नालागाउँ आसपासमा (सुडाल) 'नवदुर्गाज्वल' नामको जङ्गल छ। त्यस जङ्गलमा नवदुर्गा गण प्रकट भइ नाच्ने र सो जङ्गलको बाटो भएर हिंड्ने जोसुकै मानिसको भोगबलि समेत लिन थालेपछि जनताहरू आतङ्कित हुन थाले। एक पटक नवदुर्गा गणले एक सिद्ध तान्त्रिक आचार्यको भोगबलि लिन खोज्दा 'सबै देवी गणको पूजा गर्न पाउँ' भनी विन्ती गरेपछि नवदुर्गा गणले सिद्धको अन्तिम इच्छा पूरा गर्न पूजाका लागि तयार भए। अनि अवसर पाएका आचार्यले आफ्नो मन्त्रशक्तिको बलले नवदुर्गा गणलाई वशमा पारे।

सबैजसो पहाडे खस नेपालीको कुलाइन (कुलदेवता)को दियो कसैलाई छुन दिनु हुँदैन, मूल खाट र मूल ओछ्यानमा अरूलाई छिर्न पनि दिइँदैन।

परम्परादेखि चलेर आएको कुलपूजामा भरसक फरक नपरोस् भनेर जति चिताए पनि समय क्रममा पश्चिम पहाडवाट पूर्वतिर सरेको कुलपूजामा ठाउँ नै पिच्छे औपचारिकतामा अलिअलि फरक पर्दो रहेछ। सबै पहाडे खस (बाहुन, क्षेत्री, ठकुरी, कामी, दमाइँ, सार्की, गाइने, बादी आदि) हरूको मूल कुलदेवता मस्टो हो। खसहरू कुलाइनको पूजा चुलाको भर्सेलीमा पनि गर्छन्। चुलाको भर्सेलीको बीचमा 'मन्डाल्नी'लाई कुलदेवता भनेर दुध र सेतो फूलले पूजा गर्नुपर्छ, उनलाई मासु चढ्दैन।

खसान क्षेत्र (कर्णाली र सुदूर पश्चिम)मा मस्टो नै सबैभन्दा ठूलो देवता हो। सबैलाई दुधको दुध पानीको पानी छुटयाएर न्याय दिन सक्ने भएकाले मस्टो नै त्यहाँ गरिबगुरुवामा सबैभन्दा प्यारा छन्। त्यहाँ मस्टालाई 'दैलाको

देउ'का रूपमा पुजिन्छ। मस्टाका धामीको ठूलो सामाजिक भूमिका हुन्छ। मस्टाको धामीले पतुर्दै अक्षताको टिको लगाइदिने, घण्टले टाउको छोइदिने र आसिक दिने गर्दा सुव्वेफाव्वे हुन्छ भन्ने जनविश्वास पाइन्छ। आफूले चिताएको सवै कुरो पुऱ्याइदिने भएकाले ठूलो आस्थाले खसानका मानिसहरू मस्टाको पूजा गर्छन्। मस्टाको थान, माडौँ अथवा माणु खुल्ला हुन्छ, त्यहाँ छानो हुँदैन, मूर्ति हुँदैन, ढुङ्गो थापेर अथवा खोपामै पूजा गरिन्छ। आफूलाई समस्या पर्दा मस्टालाई जहाँ स्मरण गरे पुग्छ। मस्टाको आगम (गुह्य)लाई 'गव्युर' (गर्भगृह) भनिन्छ। गव्युरसँगै गाडिने आलमसहितकै लिङ्गो प्राय धामीले पतुर्ने मस्टाको थानमा मात्रै फहराउँछ। मस्टाको थानभित्रै एक भागमा माटाको मैरो बनाइएको हुन्छ, जसलाई गादी भन्दछन्। मन्दिरमा चारैतिर ढुङ्गाले बारेर सामान्य धजा, फलामको सोटा (एक प्रकारको राजदण्ड) र घण्टहरू राखिएका हुन्छन्। मस्टाको नजिकै देवीथान हुन्छ। मस्टाको थान नजिकै दायाँवायाँ अलिक पर विभिन्न प्रकारका स्थानीय भूत, प्रेत, पितर, भैयार, ससल्या, वज्रठिङ्ग्याल, खोल्या, महाकाल (मकाल), भैरव, लाटो, तेडी, समैजी र वेताल जस्ता डुलुवाहरूको भाग छुटयाइएको हुन्छ। यस्ता स्थानीय देव र भूतप्रेतलाई मस्टाले नै नियन्त्रण गर्ने विश्वास गरिन्छ। मस्टाको पूजाआजामा धेरै धामी भएका ठाउँमा एकजना मुख्य धामी र अरू सहायक धामी हुन्छन्। मूल धामी गादीको मुख्य अधिकारी हुन्छ। मस्टाको धामी र पुजारीको जुनसुकै जात हुन सक्छ। धामी पछिको अधिकारी डाङ्ग्रीले थानको रेखदेख, पूजाका भाँडाकुँडा र अरू सामग्रीको सुरक्षा गर्छ।

मस्टाको सबैभन्दा ठूलो प्रभाव क्षेत्र जुम्ला हो। जुम्लाको पश्चिमतिर पनि पूर्वतिर पनि मस्टाको प्रभाव कम छ, कालिकोटमा मस्टाको विशिष्ट वेहोराहरू देखिन्छन्। मस्टाको उत्पत्तिस्थल मानसोवरदेखि कर्णालीसम्म मानिन्छ। मस्टाको मूर्ति हुँदैन, ढुङ्गो थापेर पूजा गरिन्छ। मस्टालाई वायु रूपको हुन्छ पनि भनिन्छ। शिवजीले सबै प्राणीको पालन, पोषण र रक्षा गर्न खटाएका गण मस्टा हुन्। मस्टालाई खसान क्षेत्रका रक्षक, भूमिपति, अरू स्थानीय देउतालाई पनि नियन्त्रण गर्न सक्ने, परम शक्तिशाली देउता मानिन्छ।

'मस्टो'लाई स्थानीय जनजिब्रोले 'मइठो देव' (महिष्ठ देव) भन्दछ। यसबाट 'मस्टो', 'महिठो' अथवा 'मइठो' शव्द भगवान् शिव जनाउने 'महिष्ठः' शव्दबाट बनेको रहेछ भन्ने अर्थ निस्किन्छ। इरानीहरूको 'अवेस्ता'मा मुख्य

देवताको नाउँ 'अहुर मज्दा' भन्ने पाइन्छ । यमलाई अवेस्तामा 'यिम' भनिएको छ । हिन्दकुशको स्वात उपत्यकामा इन्द्रलाई 'यिम्र' भनिएको छ । इन्द्रको मूल्याहा छोरा भएकाले मस्टालाई इन्द्रले पातालमा फ्याँकिदिएको किंवदन्ती छ ।

उपासना शब्दको प्रयोग विभिन्न अर्थमा शास्त्रहरूमा देखिन्छ । वेदान्तसारमा उपासना शब्दको कर्म र विद्या अर्थमा प्रयोग भएको देखिन्छ– नित्यनैरित्तिक-प्रायश्चित्तोपासनेन– उपासनानि शाण्डिल्याविद्यादीनि (वेदान्तसार) ।

आगमरहस्यकारले पराशक्तिका निर्गुण र सगुण गरी दुईवटा स्वरूप विभाग गरेर सगुण स्वरूपको उपासनामा निर्गुण स्वरूपको चिन्तनमा प्रयोग गरेका छन् ।[क] इष्टदेवीप्रति अभिमुखीकरण, तदनुकुल चिन्तन र त्यसको सिद्धिका लागि गरिने कर्म नै उपासना हो । लौकिक उपासना ऐहिक, आमुष्मिक फल प्राप्तिका लागि हो । निर्गुण र निष्क्रिय अवस्थामा सच्चिदानन्दस्वरूप पराशक्तिको उपासना हुन सक्दैन ।

उपासना र ज्ञानविना मोक्ष हुँदैन । निर्गुण र निष्क्रिय पराशक्तिको उपासना गर्न नसकिने भएकाले साधकको कल्याणका लागि पराशक्तिमा गुण र क्रियाको आरोप गरेर सगुण उपासनाको विधान निर्वाणतन्त्रले गरेको छ । निष्कल चिन्मय पराशक्तिमा रूप र क्रिया आदिको परिकल्पना साधकको कल्याणका लागि मात्र हो । साधकले शास्त्रको विधि र आफ्नो रुचिअनुसार गरेको उपासनाबाट साधकले स्वर्ग र मोक्ष दुवै पुरुषार्थ सिद्ध गर्न सक्दछ भन्ने तथ्य उदयनाचार्यले प्रतिपादन गरेका छन् ।[ख] लौकिक र परालौकिक उपासनाले पराशक्तिको उपासना मोक्षको या पुरुषार्थत्रयको पनि कारण बन्दछ भनेर आगम रहस्यमा भनिएको छ ।[ग]

क तस्मान्मन्त्रादिकं सर्व विज्ञाय श्रीगुरोर्मुखात् ।
सगुणोपासनपरो निर्गुणत्वेन चिन्तयन् ॥
(आगमरहस्य, ३।२२८)

ख. स्वर्गापवर्गयोर्गमामनन्ति मनीषिणः ।
यदुपास्तिमसावत्र परामात्मा निरुयते ॥
(न्यायकुसुमाञ्जली, २)

ग. सुखदा मोक्षदा नित्या सर्वभूतेषु संस्थिता ।
यदा तुष्टा भवेन्माया तदा सिद्धिमुपालभेत् ।
(आगमरहस्य, ३।२२५) ।

उपासना ज्ञान शास्त्र र गुरुको उपदेशमा निहित छ। उपदेशविना साधकको प्रवृत्ति र प्रवृत्तिविना पुरुषार्थ सिद्धि हुँदैन। उपास्य र उपासकको भेदबुद्धिद्वारा लौकिक फलप्राप्तिका लागि गरिने उपासना प्रतीकोपना हो। सोद्रहं भावनाद्वारा उपास्य र उपासकको अभेद बुद्धिपूर्वक गरिने उपासना अहम्ग्रहोपसना हो। निरन्तर मनले साधना निःश्रेयस प्राप्ति गर्दछ। लोकमा स्थापित पीठ, उपपीठ, मन्दिर आदिमा गरिने उपासना प्रतीकोपासना हो जसद्वारा लौकिक फलप्राप्ति हुन्छ। सोद्रहम् प्रत्ययपूर्वक गरिने अहम्ग्रहोपासनाको अधिकारी उत्तम साधक हुन्छ। प्रतिदिन नियमपूर्वक साधकले गरिने उपासना सगुणोपासना नै हो। यस उपासनामा अन्तरङ्ग उपासना निर्गुण उपासना हो भने बहिरङ्ग उपासना सगुणोपासना हो। स्थिरचित्त योगीहरू नै निगुणोपासनाका अधिकारी हुन्। सर्वसुलभताका लागि गरिने स्थुलोपना पनि साधकको सत्त्व, रज र तमोगुणको भेदले तीन प्रकारका हुन्छन्। मानस जप, मानसी पूजा र मानस ध्यान सात्त्विकोपासना हो भने बाह्य उपचारले दक्षमार्गअनुसार गरिने पूजा राजसिक र पीठ आदिमा गएर वाममार्गद्वारा गरिने उपासना तामसी उपासना हो। स्वेष्टदेवतालाई स्वातन्वर्ती हृदयाकाशमा स्थापना गरेर ध्यानादि विधिपूर्वक भोग सामग्रीको कल्पना गरेर सात्त्विक उपासना गरिन्छ।

पुष्प, धुप, माल्यादिले गरिने राजोपासना शास्त्रनिर्दिष्ट स्थानमा मात्र गर्नुपर्दछ। तन्त्रचिन्तामणि ग्रन्थमा तामसी उपासना निषिद्ध स्थानको परिगणना पनि गरिएको छ।[घ] सकाम उपासना त्रिविध पुरुषार्थको कारक हो भने निष्काम उपासना मोक्षको जनक हो। मार्कण्डेय पुराणान्तर्गत सप्तशती ग्रन्थमा सुरथको देव्युपासना राज्यलाभार्थ सकाम हो र वैश्यको देव्युपासना ज्ञानलाभार्थ निष्काम हो। उपासनालाई शास्त्रकारहरूले परा, स्थूल र सूक्ष्म गरी तीन प्रकारले विभाजन गरेका छन्। परा उपासना अभेद भावनाले गरिन्छ जसमा दिव्यभावको प्रधानता रहन्छ। सूक्ष्म उपासनामा वीरभाव प्रधान हुन्छ भने स्थुलोपासनामा पशुभाव प्रधान रहन्छ।

घ. शिवलिङ्गे मणौ यन्त्रे शालग्रामे घटे रवौ।
स्थण्डिलेऽग्नौ मूर्ध्नि हृदि स्थानेष्वेतेषु पूजयेत्।
भूमावेव कृता पूजा पुत्रायुर्धननाशिनी॥
(तन्त्रचिन्तामणि, १७।१५१-१५२)।

परा उपासना तथा सूक्ष्मसनामा वीरभाव र ज्ञानको प्रधानता रहन्छ भने स्थूलोपसनामा कर्म र पशुभावको प्रधानता हुन्छ। ज्ञानोपासना र कर्मोपासनामा भावको अपेक्षा रहन्छ। भावले सहित ज्ञानोपासना निदिध्यासन हो। भावकर्मसमन्वित ज्ञान नै चरम पुरुषार्थको कारण हो। रेणुकाचार्यले ज्ञानरहित उपासना संसारको कारक र ज्ञानसहितावस्थामा संसार प्रतिबन्धक हुने तथ्य देखाएका छन्।[ङ]

ढुङ्गेधारा निर्माणमा दिगो पानीको मूल प्रवाह भइरहने स्थानको छनौट नै प्रमुख रहन्छ। भूमिमा नागहरूको बसोबास हुने हुँदा वास्तु निर्माण गर्दा वास्तुशास्त्र वा ज्योतिषको सल्लाहअनुसार नागको वासस्थान हेरी वा तिनको आसनमा दखल नपुग्ने गरी उचित स्थलको छनौट गर्ने परम्परा छ। ज्योतिषद्वारा सो भूमिमा नाग कुन अवस्थामा कुन दिशामा रहेको निक्यौंलपश्चात् तिथि क्रमले विभिन्न दिशामा रहने नागको गतिलाई छलेर वास्तु संरचनाको शिलान्यास गरिन्छ (श्रेष्ठ : २०७०, पृ. २४)। ढुङ्गेधारा, कुवा, पोखरी आदि जलाशयको प्रतिष्ठा गर्दा थानको छनौटपश्चात् तान्त्रिक विधिअनुसार यज्ञाचार्य, दैवज्ञद्वारा नान्दीमुखी श्राद्ध, तान्त्रिकविधि अनुरूप अग्निको स्थापना गरिन्छ। जलाशयको चारैतर्फ फरक फरक वर्णका नागको तान्त्रिक उपासना गर्नुका साथै प्रधान देवताहरूको सूक्ष्म स्नान, षोडश संस्कार विधि तथा अन्त्यमा प्राणप्रतिष्ठा पाइन्छ (राष्ट्रिय अभिलेखालय : २०६९, पृ. २३-२४)। निर्दिष्ट विधानसहित शुभमुहूर्तमा प्रतिष्ठा गरिएको प्रत्येक ढुङ्गेधाराको स्थापनामा वास्तुदेवको पूजा तथा नागको उपासना निर्दिष्ट शुभमुहूर्तमा गरिनु अनिवार्य मानिएको छ। ललितपुर सहरको उत्तरपश्चिममा इखाछेँ नामक टोल अवस्थित छ, जहाँ आलको हिटी रहेको छ। मध्यकालीन राजा श्रीनिवास मल्लको समयमा कुनु शर्माद्वारा लिखित कीर्तिपताका नामक ग्रन्थमा यस ढुङ्गेधाराको वर्णन गरिएको छ। यस आधारमा आलको हिटी मध्यकालमा अत्यन्त प्रसिद्ध तथा प्रचलित ढुङ्गेधारा रहेको बुझ्न सकिन्छ। स्थानीय तुम्हदेव वज्राचार्यले ने.सं. ५३५ (सन् १४१५)मा आल्को हिटीको स्थापना सम्बन्धमा रोचक किंवदन्ती प्रसिद्ध

ङ. ज्ञानहीनं सदा कर्म पुंसा संसारकारणम्।
तदेव ज्ञानयोगेन संसारविनिवर्तकम्॥
(सिद्धान्तशिखामणि १६,२७)

छ । ललितपुर इखाछेँ टोलका तान्त्रिक वैद्य तुम्हदेव वज्राचार्यले नागरानीको आँखाको उपचार गरी निको बनाएको हुँदा बक्सिस बापत पाँचवटा विशेष गिट्टी प्राप्त गरे । ती गिट्टीहरूलाई उनले आफ्नो भण्डार कोठामा हाँडीभित्र लुकाई दिनहुँ गोप्य रूपमा तान्त्रिक विधिले उपासना गर्दथे, एकदिन उत्सुकतावश उनकी पत्नीले हाँडी खोलेर हेर्दा पाँचवटा गिट्टी फेला पारिन् । यस्तो ढुङ्गाको पनि के पूजा गरेको होलान् भन्दै उक्त गिट्टीहरू आफ्नो घरको झ्यालबाट बाहिर फालिदिँदा, पाँचवटा गिट्टी फालिएको स्थानमा पाँचवटा पानीको मूल फुटेको हुँदा घर आइपुग्दा थाहा पाएका तुम्हदेव वज्राचार्यले आफ्नो तन्त्र शक्तिले मूललाई व्यवस्थित गरी सधैँ पानी प्रवाह भइरहने गरी पाँचवटा टुटीसहितको ढुङ्गेधारा निर्माण गरे । अर्को किंवदन्तीअनुसार तुम्हदेव वज्राचार्यले २१ दिनसम्म पुनश्चरण साधना गरे, जसको कारण उनलाई पानीको मुहान पत्ता लगाउन सहयोग पुग्यो । नागको तान्त्रिक साधना गरी तुम्हदेव वज्राचार्यद्वारा चौधौँ शताब्दीमा मूलको सदुपयोग गरेर पाँचवटा टुटीसहितको स्थापित आल्को हिटीमा तत्कालीन समयदेखि पछिल्लो कालसम्म अनेकौँ देवीदेवताका मूर्ति, चैत्य, मन्दिर थपिँदै गए । हाल पनि यस ढुङ्गेधारामा विभिन्न समयमा विविध वर्णका नागहरू देखा पर्दछन् । ढुङ्गेधारामा बाहिरी संरचनाअन्तर्गत हिटी गा अर्थात् ढुङ्गेधाराको गहिरो वास्तु संरचना प्रमुख रहन्छ, जुनसम्म पुग्न प्रत्येक ढुङ्गेधारामा सिँढीको निर्माण गरिएको पाइन्छ । प्राचीनकाल वा लिच्छविकालका ढुङ्गेधारामा सिँढीको निर्माण गरिएको पाइन्छ । प्राचीनकाल वा लिच्छविकालका ढुङ्गेधारामा मकर अङ्कित टुटी साधारण बनाइएका छन् ।

मध्यकालमा विशेष प्रस्तरको प्रयोग गरेर अर्धगोलाकार तथा चतुष्कोण आकृतिको संयोजनबाट कलात्मक बनाइएको ढुङ्गेधाराको टुटीमाथि थापना गरिने देवीदेवतालाई छुट्टै मन्दिर बनाइ राखिएको छ । मध्यकालमा निर्मित मकराकृति बढी अलङ्कृत हुनुको साथै ढुङ्गेधाराको टुटीको निर्माण गर्दा कुन वर्णका मानिसले कुन उचाइसम्मको टुटी निर्माण गर्ने भन्ने सम्बन्धमा मध्यकालीन ठ्यासफूहरूमा निर्देशन गरिएको छ । ठ्यासफूमा उल्लेख भए तापनि व्यावहारिक रूपमा ढुङ्गेधाराको टुटीको निर्माण त्यस क्षेत्रको भौगोलिक बनावट वा भूमिगत जलको तहले निर्धारण गरेको पाइन्छ । ठ्यासफूमा निर्देशित टुटीको उचाइ निश्चय पनि विविध ग्रन्थको अध्ययन तथा त्यसको शुभाशुभ फलको गणना गरी गरिएका हुन् । ढुङ्गेधाराको बाहिरी रूप कलात्मक

साथै मौलिक रहे जस्तै आन्तरिक संरचना अदृश्य तर अजटिल एवम् भव्य रहन्छ । राजकुलो, पोखरी, इनार, कुवा वा भूमिगत जलाधारको पानी माटोको डुँडमार्फत ठाउँ ठाउँमा अटल, घ्याम्पो वा खाडल निर्माण गरी गिट्टी, बालुवा, कोइला तथा यदाकदा लप्सीको प्रयोग गरी पानी शुद्धिधारामा मूल टुटीको पछाडि अर्थात् भित्री भागमा महत्त्वपूर्ण सङ्केत वा मानवलाई उक्त मूल नचलाउन वा नखोल्न सचेत गरी स्वस्तिक यन्त्राकार चिह्नको आकृतिसहित चर्चा गरिएको छ (RitterspaCh : 1995, P. 24) । पानीको चुहावट रोक्न वरिपरिबाट टम्म टम्म पारेर गथिंचा (पानीले नगल्ने माटो)ले राम्ररी जोडिएको हुन्छ । यस्ता स्वस्तिक आकृतिमा गिट्टी भर्ने कार्य गरी यन्त्र चिह्न अङ्कित शिलाबाट पानी प्रवाह हुने गरी निर्माण गरिनुमा निर्माणकर्ता तथा पानी प्रयोगकर्ताको हित वा शान्तिको अभिलाषाले गरिएको बुझिन्छ । उपत्यकाको ललितपुर मग हिटी, भक्तपुर (भीमसेनस्थान हिटी, गोलमढी गा हिटीको जीर्णोद्वारको क्रममा स्वस्तिक चिह्न अङ्कित शिलाका अगाडि दुई दुई हत्केलाको चिह्न अङ्कित गरिएको पाइएका छन् । तुम्हदेव वज्राचार्यद्वारा स्थापित आल्को हिटीको प्रमुख मूल नजिक रहेको अभिलेखमा सो पानी नाडी मण्डलमा समस्त मेघ शिला छत्रको तान्त्रिक साधना गरिएको ढुङ्गाले छोपिएको हुँदा खोलेरे हेर्न हुँदैन भनी उल्लेख गरिएको छ । यसैका कारण पनि हाम्रा ढुङ्गेधारा सानातिना मर्मतबाहेक अन्य केही आवश्यक नभई हजारौं वर्ष टिक्न सफल भएका हुन् । तन्त्रको साधना गरी निर्माण गरिएका प्राचीन ढुङ्गेधारामा तान्त्रिक साधना गरिएकै कारण वर्तमान समयसम्म पानी प्रवाह भइरहेको विश्वास स्थानीयहरूको छ ।

ललितपुर तथा भक्तपुरका कतिपय ढुङ्गेधारामा किसलीलाई माथिबाट सलिंचाले छोपेर राखिएको जीर्णोद्वारका क्रममा पाइएका छन् । परम्परागत प्रविधि, सीप तथा ढुङ्गेधाराका निम्ति चयन गरिएका वहु स्रोत हजारौं वर्षसम्म टिक्छन् भन्ने जानकारी प्राचीन निर्माताहरूमा थियो ।

ढुङ्गेधाराको वास्तु संरचना निर्माणको निम्ति विधिपूर्वक तान्त्रिक उपासनासहित शिलान्यासगरी वास्तु संरचनाको निर्माण, डुँडको व्यवस्थापन, टुटी, मूर्तिकला तथा जहुँहिटीको स्थापना सम्पन्न भएपश्चात् ढुङ्गेधाराको प्राणप्रतिष्ठा, क्षमापूजा तथा जलोत्सर्ग गरी तिनलाई प्रचलनमा ल्याइन्छ । लिच्छविकालमै ढुङ्गेधाराको मूल तथा परिसरको जीर्णोद्वार गर्न यस्ता गुठीको व्यवस्था गरिएको उदाहरण राजा वसन्तदेवले वहिनी जयसुन्दरीले बनाएको

धाराको बन्दोवस्तका लागि जग्गा छुट्याएबाट, भारवीले पाटन मग हिटीको नाश नहोस् भन्नका निम्ति यूपग्रामको खेत गुठी राखेबाट बुझिन्छ (वज्राचार्य : २०३०, पृ. १३४, २०४)। मध्यकालमा पनि ढुङ्गेधाराको जीर्णोद्वार गर्न, त्यहाँ स्थापित देवीदेवताको नित्य, नैमित्तिक उपासना गर्न कैयौँ गुठीहरू स्थापना गरेको ढुङ्गेधारा तथा मूर्तिको वर्षवर्धन गर्न तथा बर्सेनि बत्ती बाल्न गुठी राखेकी थिइन्। ललितपुर आल्कोे हिटीको ने.सं. ८२४ (सन् १७०३)को गुठीले प्रत्येक वर्ष त्यहाँ स्थापित थान गणेश (जय विनायक)को तान्त्रिक विधिले पूजा, हवन गर्नुका साथै ढुङ्गेधाराको सरसफाई तथा पूजा गर्दथ्यो (वज्राचार्य : २०५६, पृ. २६०, ३५३)। हनुमानढोका राजदरबारको मोहनकाली चोकमा राजा प्रतापमल्लले ने.सं. ७७१ (सन् १६५१)मा मोहनकाली हिटीको निर्माण गरे। मकरका साथ अन्य जीवजन्तुको सम्मिश्रण गरी सुनको टुटीले युक्त धाराको निर्माण गरी असङ्ख्य देवी देवताका मूर्तिहरूले सिँगारेको सुन्धारा राजा प्रताप मल्लले आफू तथा आफ्नो परलोक सप्रोस भन्ने कामनाले स्थापना गरेका थिए (वज्राचार्य : २०३३, पृ. १०६)। मध्यकालमा लिखित मिति नभएको एक हस्तलिखित ग्रन्थमा यस सुन्धारामा गरिने वर्षवर्धनको विधि तथा तन्त्र प्रभावित देवी देवताको नामसहित तान्त्रिक उपासनाको विधिको विस्तृत वर्णन गरिएको छ। बर्सेनि ढुङ्गेधारा तथा देवी देवताको स्थापना दिवसको उत्सवका रूपमा गरिने यस्ता तान्त्रिक आहुतिसहितको विधानले नाग तथा देवी देवताहरू पुनर्जागृत हुने, ढुङ्गेधारासित सम्बन्धित समस्या व्यवधान हटेर जाने विश्वास गरिन्थ्यो। वर्षवर्धन समापनपश्चात् उत्सव समापन गरिएको प्रतीक वास्तु संरचनामा ध्वजा गाड्ने परम्परा रहेको थियो।

काठमाडौं उपत्यकामा वर्षाको समयमा वर्षा नहुँदा स्वयम्भूस्थित शान्तिपुर गुफा तथा पाटन दरवार अगाडि अवस्थित मणि गुफाभित्र पसेर गुभाजुहरूले नागको तान्त्रिक साधना गर्दा पानी परेको किंवदन्ती पाइन्छ। कुवा, तलाउ, ढुङ्गेधारा निर्माण कार्यको थालनी गर्दा वरुणदेवसहित नागको अवश्य साधना गरिन्छ। जलाशयमा क्षमापूजा गरिएका असङ्ख्य मध्यकालीन हस्तलिखित ग्रन्थहरू पाइन्छन्। तुम्हदेव वज्राचार्यले ललितपुर इखाछेँस्थित नागको तान्त्रिक साधना गरी निर्माण समापन गरेपश्चात् राखेको अभिलेखको नियम पालना गरी हालसम्म पनि आल्कोे हिटीमा साबुन प्रयोग गरी नुहाउने, लुगा धुने गरिँदैन साथै मह लैजान पाइँदैन। त्यस्तै रजस्वला भएकी नारीको

प्रवेशले नाग रुष्ट भई ढुङ्गेधाराको निकास बन्द हुने विश्वासअनुसार त्यस्ती नारीको धारामा प्रवेश गर्ने चलन छैन । ढुङ्गेधाराको बन्द निकास खोल्न नागको विधिवत् उपासना गर्ने चलन अद्यापि छ । कतिपय अवस्थामा ढुङ्गेधारा परिसरमा जथाभावी फोहोर गरिएका कारण नाग तथा देवीदेवता रिसाई ढल निकासमा समस्या आएको जनविश्वास रहेको छ ।

ढुङ्गेधाराको निर्माण गर्दा भूमिको चयन, नागको वासस्थान छलेर गरिने शिलान्यासदेखि लिएर निर्माणको हरेक अङ्गको सबलीकरणका निम्ति तान्त्रिक उपासना अपरिहार्य रहेको देखिन्छ । उपत्यकामा आल्को हिटीजस्ता ढुङ्गेधारा तान्त्रिक साधनाकै कारण स्थापना भएको तथा हालसम्म पनि तिनकै देनका कारण प्रवाहित भइरहेका प्रमाण वर्तमान समयमा पनि धारामा जथाभावी गर्दा देखिने नाग र तिनका निम्ति गरिने उपासनाले पुष्टि गर्दछ । तान्त्रिक विधिविधान सम्पन्न गरी स्थापना गरिएका यस्ता ढुङ्गेधारा चलाउन आवश्यक नरहेको सङ्केत तिनमा अङ्कित हातले गरेका हुन र तिनलाई चलाउँदा पानी प्रवाहमा समस्या आएको घटनाले तन्त्रशक्ति र ढुङ्गेधाराको सम्बन्धलाई स्पष्ट गर्दछ । ढुङ्गेधारा परिसरमा नाग तथा देवीदेवताप्रति मानवले गर्ने भुलचुकका निम्ति क्षमायाचना गर्न, तीप्रति कृतज्ञ रहन र तिनलाई पुनर्जागरण गर्न बर्सेनि ढुङ्गेधारामा गरिने वर्षवर्धन संस्कारले सहयोग गरेका साथै ढुङ्गेधारा संरचनाको संरक्षणसमेत गर्न मद्दत गरेको पाइन्छ । तन्त्रले नै कैयौँ ढुङ्गेधारासित सम्बन्धित परम्परागत जात्रापर्व, संस्कृति र संस्कारलाई जोडेर राखेको प्रत्यक्ष देखिन्छ ।

तन्त्र मतमा समग्र विश्व ब्रह्माण्ड शक्ति तत्त्वकै विलास हो । सदाशिव जो स्वातन्त्र्यशक्तिले सम्पन्न छन्, तिनको स्वातन्त्र्यशक्ति अथवा विमर्शिनीशक्ति र त्यसैका अनन्त भेदका रूपमा विश्वब्रह्माण्डमा उल्लासित भइरहेको हुन्छ । ब्रह्माण्डमा व्याप्त शक्तिलाई प्रतीकात्मक रूपमा मातृकाशक्ति वा लोकमाता भनेर लोकमा उपासना गरेको पाइन्छ । शक्तिको महत्तामाथि प्रकाशित गर्दै आद्य जगद्गुरु श्रीशङ्कराचार्य ब्रह्मभाष्यमा भन्नुहुन्छ– नहि तया विना परमेश्वरस्य स्रष्टत्वं सिद्धयति शक्तिरहितस्य तस्य प्रवृत्यनुपपत्ते । शक्तिको सम्बन्धविना सदैव शिव निचेष्ट रहन्छन् । पूर्ण श्रद्धा, भक्ति र विश्वासका साथ लोकदेवीहरूको आराधना हुने हुदा यो पद्धति सामाजिक परिपाटीका रूपमा समाजमा गहिरोसँग स्थापित भएको देखिन्छ । मानिसको जन्मदेखि मृत्युपर्यन्त लोकशक्तिको विशिष्टतम् स्थान रहेको हुन्छ । यसैमा आधारित भएर संस्कृतमा

एउटा उक्ति अत्यन्त व्यापक रूपमा प्रचलित रहेको छ ।[च] जन्मेको छैटौं दिनमा भावीले भाग्य कोर्ने विश्वासका साथ षष्ठीका देवीको पूजा बालकको राम्रो भाग्य होस् भन्ने कामनाका साथ गरिन्छ। घरघरमा गौपालन गरी गाईको सेवासुश्रुषा गरेमा मरेपछि वैतरणी नदी पार भइने, औँसीका दिन गोग्रास खुवाउँदा समस्त पितृहरू तृप्त हुने, ग्रहदशाहरू विमोचन हुने जनविश्वास रहिआएको छ ।

दसैँमा कन्या पूजाका रूपमा नवकन्यालाई नवदेवीस्वरूपमा पूजा गर्ने परम्परा, राज्यशक्तिको संरक्षिकाका रूपमा शाक्यवालालाई जीवित देवी कुमारीका रूपमा विशेष आराधना गरिन्छ र राज्यकै तर्फवाट सम्पूर्ण दायित्वको वहन गरिन्छ। विफर, घाउ, खटिरा आदि आएमा शीतला देवीको पूजा, धनधान्य, व्यापारको सफलता होस् भनी गरिने लक्ष्मीको पूजा, तराईक्षेत्रमा गरिने विशेष गणगौरको पूजाको लोकजीवनमा विशेष महत्त्व रहेको छ। शक्ति स्वरूपा लोकमाताहरू मानव निकट भएर रहेका छन्। लौकिक संस्कार र धार्मिक कृत्यमा प्रयोग हुने मातृका नै संस्कार मातृका हुन्। काठमाडौं उपत्यकाका नेवार समुदायको छ्वास अजिमालाई पनि संस्कार मातृकाकै रूपमा लिन सकिन्छ। विभिन्न तिथिमा उपास्य रहने लोकमातृकालाई तिथिमातृकाका रूपमा परिभाषित गर्न सकिन्छ। तिथि विशेष वा दिन विशेष वा कुनै पनि समयलाई दिएर शक्ति आराधना गरिन्छ भने पनि ती शक्तिका विविध स्वरूपहरू तिथि मातृकाअन्तर्गत नै पर्दछन्। शीतला देवीको पूजा काठमाडौं उपत्यकामा विफर महामारी हुँदा गरिएको इतिहास छ। शताक्षी देवी, दन्तकाली, संसारी माई, वनवासिनी देवी, तोकिएका इलाका विशेषका अधिष्ठात्री देवीहरू र पीठदेवी आदिलाई पनि रोगमातृकाका रूपमा लिने गरिएको पाइन्छ। मनकामना, मनसा देवी, आशापुरा आदि देवीहरूको मनोवाञ्छित फलप्राप्तिका लागि पूजा उपासना गरिन्छ। नेपालको मनकामनालाई भारतको गुजराततिर आशापुरा र उत्तरभारततिर मनसादेवीको नामले सम्वोधित गरिन्छ। आफ्नो कुलपरम्परामा

च. हस्ती स्थलवपुः स चांकुशवशः किं शस्तिमात्रोऽङ्कुशो
दीपे प्रज्वलिते विनश्यति तम किं दीपमात्रं तमः
वज्रेपाणि हताः पतन्ति गिरयः किं वज्रमात्रो गिरि–
स्तेजो यस्य विराजते स बलवान् स्थलेषु कः प्रत्यय ॥

दीक्षा लिएर कुनै पनि देवीको आराधना गर्ने प्रचलन रहेको छ भने त्यो परम्परा पनि मनोशक्ति मातृकाको पूजा गर्ने परम्परा हो ।

सौभाग्यवृद्धिका लागि नेपालको तराई क्षेत्रमा गणगौरको पूजा, वट-सावित्रीको पूजा, हारितालिका तीजमा हुने उमा र गौरीको पूजा सौभाग्य मातृकाको पूजा उपासना हो । सौभाग्य मातृकाका रूपमा तराई क्षेत्रको कन्यापूजालाई पनि लिन सकिन्छ । नेपालमा जुनसुकै क्षेत्रका महिलाले सौभाग्यवृद्धिको कामनाले आराधना हुनेबित्तिकै ती शक्ति सौभाग्य मातृका भइन् । वैष्णवहरूले विशेष रूपमा पुज्ने तुलसी, गाईको पूजा, गङ्गा, यमुना, सरस्वती आदिका तीर्थमातृकाको पूजा प्रकृतिको पूजाअन्तर्गत पर्दछन् । विभिन्न जलस्रोतका मूललाई आमा स्वरूपमा पूजा गरिने शक्ति तत्त्व नै जलमातृका हो । गङ्गा, यमुना, सरस्वती, पयोष्णी, नर्वदा, वाग्मती, कृष्णगण्डकी, शुक्लागण्डकी, गोसाइकुण्ड, तालतलैया, इनार, ढुङ्गेधाराहरूका देवीहरू जलमातृकाकै स्वरूपहरू हुन् । गया, काशी, अयोध्या, द्वारकापुरी, मुक्तिनाथ, वराहक्षेत्र, स्वर्गद्वारी, जनकपुर आदि स्थलमातृकाहरू हुन् । जन्मभूमि पनि स्थलमातृका नै हुन् । तुलसी, शमी, नीम, पीपल, आँप, चाँप आदि वनस्पतिहरूलाई आयुर्वेदिक औषधीका रूपमा प्रयोग गरिने भएकाले यिनलाई मातृकाका रूपमा पूजा गरिएको हो । गाईवाट प्राप्त हुने दुध, दही, घृत आदिवाट मानव शरीर तुष्ट हुने र देवोपासनाका लागि समेत गाईबाट स्रोतप्राप्त हुने भएकाले गाईलाई आमा समान मानेर उपासना र सेवासुश्रुषा गरिन्छ । लक्ष्मीलाई धनमातृकाका रूपमा, सरस्वतीलाई विद्यामातृकाका रूपमा, कृष्णकी ह्लादिनी शक्ति राधालाई प्रेममातृकाका रूपमा, कन्यालाई मङ्गलकारिणीका रूपमा, दसैंकी नवदुर्गा महामायालाई शक्ति दायिनीका रूपमा, तिहारकी महालक्ष्मी देवीलाई धनाधिष्ठात्रीका रूपमा लोकले विशेष श्रद्धाभावले पूजा गर्ने प्रचलन छ ।

वेद संहितामा अदिति, शचि, उषा, पृथ्वी, वाक्देवी, सरस्वती, रात्री, धिषणा, इला, मही, सिनीवाली, भारती, अरण्यानी, निर्ऋति, मेधा, पृश्नि, सरण्यू, राका, सीता, श्रीदेवी आदिको उल्लेख पाइन्छ । ब्राह्मण, आराण्यक एवम् उपनिषद् आदिमा वर्णन गरिएका अनेकन देवीहरूमा स्वतन्त्र एवम् गौरवको दृष्टिले मातृप्रधान शक्ति अदिति हुन् उनको नाम ऋग्वेदमा ८० पटक उल्लेख पाइन्छ । यिनै वैदिक ब्रह्ममयी अदिति नै सर्वदेवमयी सर्वेश्वरी आगमिक कालिका हुन् । श्रीमद्देवीभागवत महापुराण, कालिका पुराण आदि शाक्त

पुराणमा लोकशक्तिलाई उल्लेख्य रूपमा वर्णित गरिएको छ।

महाशक्ति विद्या र अविद्या– यी दुई रूपमा विद्यमान रहेको छ। विमर्श शक्तिस्वरूपलाई विद्या मान्दा प्रकाशस्वरूप शिव विद्यापति बन्दछन्। शक्ति साधनाको विशाल क्षेत्रमा दश महाविद्या– काली, तारा, षोडशी, भुवनेश्वरी, भैरवी, छिन्नमस्ता, धुमावती, बगलामुखी, मातङ्गी र कमलात्मिका– उपासनालाई आगमोक्त साधन क्षेत्रको महत्त्वपूर्ण पक्षका रूपमा हेर्ने गरिएको छ। लौकिक शाक्त उपासनामा पनि दश महाविद्याको आराधना सर्वसुलभ रूपमा भएको पाइन्छ। कालीदेखि कमलात्मिकासम्मको क्रममा साधकले साधना गर्दा व्यष्टिदेखि समष्टिमा उक्लिन्छ, हीनबाट दिव्य बन्दछ। नेपाल मण्डलको पाटन सहरमा दश महाविद्यालाई स्वस्तिकाकारमा विराजमान गराइएको पाइन्छ (नेपालमा तन्त्र : २०७९, पृ. २६८)। शास्त्रमा नवदुर्गालाई विशेष रूपमा वर्णन गरिएको छ। शारदा नवरात्र र वासन्ता नवरात्रमा उपास्य रहने नवदुर्गालाई लोकले साकार स्वरूपमा चिन्तन र पूजन गर्ने गरेको छ। बडादसैँमा पूजित रहने नवदुर्गाको नौ रूप शैलपुत्री, ब्रह्माचारिणी, चन्द्रघण्टा, कुष्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्री, महागौरी र सिद्धिदात्री[छ] को उपासना गरिन्छ। अतिव्यापक रूपमा नवदुर्गाको लौकिक अवस्थिति रहेको छ। नेपाल मण्डलको भक्तपुर नगरको नवदुर्गामा शैलपुत्रीआदि नवदुर्गाका स्वरूपहरू नरहेर **ब्राह्माणी, माहेश्वरी,** वाराही, कौमारी आदि देवीहरू, उनका देवगणहरू र नवदुर्गाको मूलदेवीमा महालक्ष्मी रहने गरेको पाइन्छ। निगमागम दुवै पूजा पद्धितिमा अष्टमातृकालाई स्थान दिइएको छ। भाषा वंशावलीमा काठमाडौँ उपत्यकामा खड्गाकारमा रहेका अष्टमातृकाहरू (ब्राह्मी, **माहेश्वरी**, ऐन्द्री, वाराही, वैष्णवी, कौमारी, चामुण्डा र महाकाली)को उल्लेख गरिएको छ। कान्तिपुर नगरको अष्टदिशामा घेरिएर रहेका मातृकाहरू वैष्णवी (नैअजिमा), वाराही (कंगअजिमा), इन्द्राणी (लुंतिअजिमा), चामुण्डा (प्वार्पाअजिमा), महालक्ष्मी (चन्द्रलखुअजिमा),

---

छ. प्रथमं शैलपुत्री च द्वितीयं ब्रह्मचारिणी।
तृतीयं चन्द्रघण्टेति कुष्माण्डेति चतुर्थकम्॥
पञ्चमं स्कन्दमातेति षष्ठं कात्यायनीति च।
सप्तमं कालरात्रीति महागौरीति चाष्टमम्॥
नवमं सिद्धिदात्री च नवदुर्गा प्रकीर्तिताः।
उक्तान्येतानि नामानि ब्रह्मणेव महात्मना॥ दुर्गाकवच

ब्रह्माणी (पासिक्वअजिमा), माहेश्वरी (लुँमढीअजिमा) र कौमारी (फिब्बुअजिमा) हुन् र यसरी मातृकाकार रूपमा बनेको खड्गको बीँड पचली भैरव हुन् (नेपालमा तन्त्र : २०७९, पृ. २६९) । तर यी पीठहरूका सन्दर्भमा विद्वान्हरूका एकआपसमा मत वैभिदच रहेको छ । स्थान र समुदाय विशेषमा अष्टमातृकाको स्वरूप र प्रकृति बेग्लै बेग्लै हुने गरिएको पाइन्छ ।

तान्त्रिक लोकमातृका उपासना नेपाली संस्कृतिको गौरवपूर्ण आधार पीठिका हो । नेपाली समाजमा मातृकाको पूजा उपासनामा पञ्चमकार र बलिदानको उल्लेख्य प्रयोग पाइन्छ । काठमाडौँ उपत्यका बाहिर पनि मातृकाको उपासनामा बलिदानयुक्त पूजा हुन्छ । प्रायशः सकाम भावनाले स्त्रीपुत्रादिका लागि, सौभाग्यवृद्धिको तान्त्रिक आराधना लोकले गर्ने गरेको पाइन्छ । ईश्वर, जीवन र जगत्, भोक्ता, भोग्य र भोगका रूपमा पनि लोक शक्तिको पूजा हुन्छ ।

शक्ति तत्त्वको स्वीकार्यतालाई अङ्गीकार गरेर समाजमा शक्तिको उपासना हुने गर्दछ । शास्त्रमा वर्णन गरिएका शक्तिका स्वरूपहरूको प्रायः लौकिक अस्तित्व बेग्लै रहेको पाइन्छ । जनसामान्यले आफ्नो आफ्नो तरिकाले पूजा गर्ने क्रम बसेको समाजमा पाउन सकिन्छ । एक समुदाय र अर्को समुदायमा हुने जातीय एवम् साम्प्रदायिक वैभिदचले मातृकाको स्वरूप, अवस्थिति एवम् आराधना पद्धतिमा आकाश जमिनको फरकपन देखिन सक्दछ । हिन्दुहरूले पूजा गर्ने गुहेश्वरी भगवती बौद्धहरूका नैरात्मा योगिनी नै हुन् । अतः लोकमातृकाहरू सर्वधर्म समभाव एवम् सांस्कृतिक समन्वयका मूल हुन् (नेपालमा तन्त्र : २०७९, पृ. २७०) ।

च) तन्त्रको महत्त्व

ब्रह्माद्वारा मन्त्र र विष्णुद्वारा यन्त्रको सृष्टि गरिएपछि भगवान् शिवले तन्त्रलाई जन्मदिए । उनले आफ्नी पत्नी पार्वतीसँग स्वाभाविक वार्तालापको समयमा सृष्टिको उत्पत्ति, पोषण र लयको विवेचना गर्दै ब्रह्माकृत मन्त्र र विष्णुकृत यन्त्रको विषयमा बताए । यस विषयमा शिव-शक्ति पार्वतीले अनुरोध गरिन्– "प्रभु ! तपाईं यी दुईको भन्दा पनि धेरै सरल कुनै यस्तो साधना प्रणाली प्रचलित गर्नुस् जो सर्वसुलभ होस् र जसवाट सम्पूर्ण मानव-समाज लाभान्वित हुन सकोस् ।" शिव आफ्नो दयालु, सहज-सरल जीवन पद्धति र त्वरित निर्णयका लागि प्रसिद्ध छन् । उनले तत्काल 'एवमस्तु' भनेर तन्त्रको मूलभूत

आधार-सिद्धान्त र प्रयोग-परिणाम विवेचित गरिदिए। उमा-महेश्वर संवाद, शिव-पार्वती संवाद, भैरव-भैरवी संवाद– यी सबै उनै शिव-पार्वतीका वार्तालापका रूपमा छन् जसको आधारमा विविध तन्त्र ग्रन्थहरूका रचना भए। पहिलेको सम्यक् मनीषिहरू र महिर्षहरूले त्यसमा धेरै कुरो परिवर्तन र परिवर्द्धन पनि गरे। यस्ता प्रक्षिप्त अंशहरू थपिदिनाले तन्त्र साहित्यको व्यापक विस्तार र प्रचार भयो। जीवनको विभिन्न क्षेत्रहरूमा त्यसको प्रयोग हुन थाल्यो। शिवले पार्वतीलाई बताएको आध्यात्मिक शान्ति र लौकिक जीवनको सुख-समृद्धिको सिद्धान्तलाई पछिल्ला विभिन्न विद्वान्हरूले अनेकन रूपमा प्रतिपादित गरेर तन्त्रको अनेकन शाखाहरूलाई जन्म दिए। तन्त्रका प्रणेता भगवान् शिव महान् योग साधक पनि थिए। आशीष अथवा शाप दिएर कसैलाई केही पनि गरिदिनमा समर्थ ऋषि-मुनिहरूका वाक्-सिद्धिको मूल रहस्य-उनीहरू योग-तन्त्रमा पारङत हुनु नै हो। महिर्ष भरद्वाज, विश्वामित्र, जाबालि, याज्ञवल्क्य, गौतम, कपिल एवम् कणाद आदि दिग्गज विद्वान् यथार्थतः योग-तन्त्रको साधनाबाट नै यति सक्षमवनेका थिए। जुन हनुमानको आज घर-घरमा पूजा स्मरण हुने गरेको छ, ती पनि योग र तन्त्रका प्रकाण्ड मर्मज्ञ थिए।

प्रागैतिहासिक युगपछि पनि योग-तन्त्रको प्रयाप्त प्रचलन थियो। बौद्धको समयमा तन्त्रले निकै धेरै व्यापकता प्राप्त गऱ्यो। तर त्यही व्यापकता भारतमा तिनीहरूको पतनको कारण पनि बन्यो। बौद्ध तान्त्रिकहरूका एउटा समुदायले सात्त्विकताको विकास-प्रयासमा तन्त्र साधना प्रणाली र नियमाचारमा विकृत उत्पन्न गरिदिए। उनीहरूले ब्रह्मज्ञान प्राप्तिका लागि योग क्रियाहरूमा मैथुन (परस्त्री-सम्भोग)लाई प्राथमकितामा राखे अनि सामूहिक सहवासको साधनालाई अनिवार्य अङ्गका रूपमा घोषणा गरे। तत्कालीन सामाजिक र शासकीय परिस्थितिहरूमा उनीहरूका यस्तो यौनाचार-प्रचार व्यापक भयो। पञ्चमकार– मांस, मदिरा, मत्स्य, मुद्रा र मैथुनलाई सिद्धि-सोपानको संज्ञा दिइयो।

मुक्त यौनाचारको पोषण हेतु, सामूहिक साधना, कौलाचार एवम् भैरवी चक्र आदि प्रणाली विकसित भयो, जसको माध्यमले अधिकांश बौद्ध विहार (उपासनागृह) मुक्त योग, सामूहिक सहवास र स्वच्छन्द यौन प्रशिक्षणको केन्द्र बनाइदिए।

हो, यही अतिचार भारतमा उनीहरूको विनाशको कारण बन्यो। समाजका जागरुक मानिस तथा बुद्धिजीवीहरूले तन्त्र (बौद्धहरूका वामाचार)को

विरोध गर्न आरम्भ गरिदिए । जे भए पनि, तन्त्रको साधनात्मक पक्ष योगको नजिक छ र भौतिक पक्ष प्रयोगको नजिक छ । आज तन्त्र-मन्त्र-यन्त्रको महत्त्व सम्पूर्ण वर्गका मानिसले खुला हृदयले स्वीकार गरिसकेको छ । यसको मुख्य कारण भनेको यस संसारमा अलौकिक शक्तिहरू विद्यमान छन् । लोक धारणामा तान्त्रिक तामसिक प्रवृत्तिका नै हुन्छन् भन्ने छ र तिनीहरू उपद्रवी स्थितिहरू उत्पन्न गर्ने गर्छन् तर यस्तो होइन । यस्ता कुरा तान्त्रिकहरूका प्रकृतिमा निर्भर गर्दछ । वेदमा वर्णित साधनाहरूमा एउटा तन्त्र विद्या पनि हो । सांसारिक मानिस आफ्नो लक्ष्य प्राप्त गर्नका लागि तन्त्र विद्यालाई सहज मार्ग मानेका छन् । आज जताततै तन्त्र साधनाको आफ्नो अलग्गै महत्त्व छ । तन्त्रको अर्थ अनुष्ठान र रक्षा आदिसँग छ । तन्त्रबाट नै सांसारिक र पारलौकिक जीवनमा सुख प्राप्त हुन्छ । तन्त्र मानिसको रक्षा गर्नमा समर्थ छ । विभिन्न ठाउँमा भौगोलिक स्थितिहरूअनुसार तन्त्र विद्याको प्रचार र प्रसार भयो । तन्त्र विद्या तीन प्रकारका छन्– सात्त्विक, राजस र तामस । दत्तात्रेय र गौतमीय तन्त्र सात्त्विक तन्त्र हो ।

शैवागामी आदि तन्त्र राजस र भैरव तन्त्र तामस तन्त्र हो । तन्त्र शास्त्रका तीन विधि-तन्त्र, मन्त्र र यन्त्रमा तन्त्र प्रमुख हो । तन्त्रबाट तान्त्रिकले विशेष प्रकारको सूक्ष्म तरङ्गहरू उत्पन्न गराउँदछ जसले मानिसका इच्छाहरू पूर्ण गर्नमा सहायक बन्दछन् । मन्त्रको उच्चारण विशेष उद्देश्यको पूर्तिका लागि गर्ने गरिन्छ । यी मन्त्र शक्ति केन्द्रलाई प्रभावित गरेर अभीष्ट फल प्रदान गर्नमा सहायक हुन्छन् । यन्त्र आकृति प्रधान हुने गर्छ । पहाड, नदीको दोभान, गुफा, टाकुरा र जङ्गल प्राचीन समयदेखि नै देवी-देवताहरूका साधना स्थल रहेका छन् । जब कुनै निश्चित तिथि, दिन, बार एवम् नक्षत्र आदिमा राशिअनुसार विधानपूर्वक साधना गरियो भने त चामत्कारिक परिणाम निश्चय नै सम्मुखमा आउँछ ।

तन्त्र विधिद्वारा साधक ध्यानमग्न भएर सम्पूर्ण शरीरलाई स्थिर बनाएर अतुल गहिराइसम्म पुगेर परम सुख प्राप्त गर्दछ तर लोकप्रियता हठयोगले पाएको छ । हठयोगको अर्थ हो– वलपूर्वक योग । यसमा रेचक, पूरक, नेती, धौति र कुम्भकद्वारा मनलाई नियन्त्रण गर्ने गरिन्छ । शैव एवम् शाक्त मतका योगी हठयोगद्वारा आफ्नो अभीष्ट प्राप्त गर्ने क्षमता राख्दछन् । राजयोगको दायरा सीमित थियो, किनभने सनातन धर्ममा विश्वास गर्ने योगमार्गीहरूले नै

हठयोग साधना गरेर सिद्धि प्राप्त गर्ने गर्दथे । समाधिमा पुग्नका लागि तन्त्र साधनाको सहायता लिनै पर्दथ्यो । आज तन्त्रको चमत्कारलाई जादुको पर्याय मान्ने गरिएको छ । जब पनि कुनै चमत्कार हुने गर्छ, त्यसलाई तन्त्रको चमत्कार भन्ने गरिएको छ । प्रत्येक व्यक्ति आफ्ना सम्पूर्ण इच्छाहरूको पूर्ति सरलतापूर्वक होस् भन्ने चाहन्छ । तर, जीवनमा निरन्तर आउने बाधाहरूका कारण उसले पाइला पाइलामा सङ्घर्ष गर्नुपर्दछ । यस्ता बाधाहरू पन्छाउनका लागि कुनै विशेष तन्त्र-मन्त्रको आवश्यकता पर्दैन । हो, केही सहज साधना गरेर जोकोहीले पनि पूर्ण सफलता प्राप्त गरेर जीवनको वास्तविक सुख र आनन्द प्राप्त गर्न सक्दछ । आज विज्ञानले जतिसुकै प्रगति गरे पनि यसले मानव मनका समस्याहरू समाधान गर्न सकेको पाइएको छैन । कतिपय चामत्कारिक घटनाहरूले आज पनि विज्ञानलाई चुनौती दिएको हुँदा नै तन्त्र-मन्त्र, ज्योतिष एवम् परमनोविज्ञानप्रति दिन दिनै मानिसको विश्वास बढ्दै जाँदै छ । यसै तन्त्र, मन्त्र एवम् यन्त्रद्वारा वशीकरणको प्रभाव उत्पन्न गर्न सकिन्छ । हो प्रभाव उत्पन्न गर्नमा वशीकरण मात्रै भने होइन । यसमा सम्मोहन, मोहिनी विद्या र आकर्षण पनि पर्दछ ।

मन्त्र र तन्त्रबाट वशीकरण सुगम छ तर यन्त्रबाट वशीकरण गाह्रो छ । मन्त्रको प्रत्येक शब्दको आफ्नो अलग्गै कम्पन र महत्त्व हुन्छ तब त यी दुई शब्दहरू मिलेर बन्ने गीततर्फ मानिस आकर्षित हुने गरेका छन् । के तपाईंले कहिल्यै विचार गर्नुभएको छ, तपाईंलाई कुनै गीत सबभन्दा बढी मन किन पर्छ ? यो भनेको शब्दहरू र तिनका संयोजनको मायाजाल हो । यी शब्दहरूले मनमा नयाँ ऊर्जा र नयाँ सोचले प्रफुल्ल पार्दछ । यी सबैको पछाडि एउटै नै तथ्य छ– शब्दहरूमा रहेको तन्त्र-मन्त्रको शक्ति । यो सर्वथा सत्य हो, मन्त्रको उच्चारणबाट जुन ध्वनि उत्पन्न हुने गर्छ, त्यसमा कम-बेसी अन्तर भने पर्छ । मन्त्रले हामी र हाम्रो शरीरलाई जागृतिपथमा अग्रसर गराउन सक्छ । प्रश्न भनेको एउटै देखिन्छ, कुन मन्त्र जप गर्ने ? यसो त हाम्रा तन्त्र ग्रन्थहरूमा हजारौं मन्त्र छन्, जसको रचना उद्देश्य र आवश्यकता ध्यानमा राखेर भएका हुन् । तर, मन्त्रहरूका छनौट कुशल दैवज्ञको मार्ग निर्देशनमा नै गर्नुपर्छ । तन्त्र शास्त्रअनुसार मन्त्र चैतन्य रूप हो, जबसम्म साधकले त्यसलाई हृदयदेखि नै विश्वास गरेर जप्दैन, उसले चैतन्य सत्ताको अनुभव गर्न सक्दैन, तबसम्म ऊ त्यसमा न त तन्मय हुन सक्नेछ र न त सिद्धि नै प्राप्त गर्न सक्नेछ । तन्त्र-

मन्त्रका क्रियाहरू परस्पर अलग छन् तर तिनीहरू एक-अर्काका परिपूरक हुन्।

तन्त्र साधना वस्तुप्रधान हो जब कि मन्त्र साधना शब्दप्रधान हो। तन्त्र साधनामा कुनै निश्चित क्रियाहरू सम्पादिन हुने गर्छ, जस्तो– हवन, यज्ञ, आहूति र पुतली गाड्नु आदि। तर, मन्त्र साधनामा शब्दहरूका प्रयोग गरेर ऊर्जा उत्पन्न गर्ने गरिन्छ।

तन्त्र-मन्त्रबाट प्राप्त ऊर्जालाई नै यन्त्रमा स्थापित गर्ने गरिन्छ। तन्त्र विद्याको सम्बन्ध पदार्थ विज्ञान, रसायन शास्त्र, आयुर्वेद तथा ज्योतिषसँग छ।

तन्त्र-मन्त्रको प्रयोगशाला मानिसको शरीर हो। शरीरमा विद्यमान शक्ति केन्द्रहरूलाई जाग्रत गरेर सिद्धि प्राप्त गर्नु यसको प्रमुख उद्देश्य हो। तन्त्र शक्तिको मूल उद्गम हो– इन्द्रजाल। इन्द्रजालका सम्पूर्ण क्रियाहरूका ज्ञान भगवान् शिवलाई मात्रै छ। उनीबाट चमत्कारी ज्ञान प्राप्त गरेर रावण हिमालयमा गएर तन्त्र साधनामा जुट्यो र यसको दुरुपयोग गर्न थाल्यो।

तब भगवान् शङ्करले सोचे– भविष्यमा कसैले यस विद्याको दुरुपयोग गर्न नसकोस् यसकारण उनले इन्द्रजाल तथा तन्त्र ज्ञानलाई गुप्त बनाए। अन्तमा ब्रह्मा, विष्णु तथा महेशको अंश भगवान् दत्तात्रेयको निवेदनमा शङ्करले उनलाई इन्द्रजालको ज्ञान प्रदान गरे।

तान्त्रिक संस्कृति

वैदिक युगमा वैदिक संहिताहरू (ऋग्वेद, सामवेद, यजुर्वेद र अथर्ववेद)को रचनाकाल अन्दाजी ई.पू. १७००-११०० तिर भएको मानिएको छ । वेदकालीन समाजमा पितृपक्ष प्रधान थियो । यसो हुंदा वैदिक वाङ्मयमा पुरुषदेवताको तुलनामा शक्तिसम्पन्न स्वतन्त्र स्त्रीदेवताको उल्लेख भएको देखिँदैन । तापनि मातृमतको ऐतिहासिक विकासक्रमका दृष्टिले प्रकारान्तरमै पनि वैदिक युग उल्लेख रहेको देखिन्छ । कतिपय वैदिक सूक्तहरूमा सप्तमातर, सप्तरश्मि, सिप्तजिह्वालगायत दश बाहु भएको देवीको उल्लेख परेका छन् ।

महाभारतमा शक्तिलाई कृष्णकी बहिनीका रूपमा उल्लेख गरिएको पाइन्छ । कृष्णको परामर्श लिएर अर्जुनले दुर्गाको स्तुति गरी भावी युद्धमा विजयी हुन प्रार्थना गरेको कुरा महाभारत (भीष्मपर्व अध्याय २३)मा परेको छ । विराटपर्वमा युधिष्ठिरले देवीको स्तुति गरेको कुरा आएको छ । विशेषगरी महाभारत पुराणकालमा सप्तमातृका एवम् महिषमर्दिनीदेवीले बढ्ता प्रचार पाउनुको साथै शक्तिसम्पन्न स्वतन्त्र देवीको अस्तित्व पनि खुलस्त हुँदै आएको विदित हुन्छ (श्रेष्ठ : २०६०, पृ. ४) । सप्तमातृकाको एकीकृत रूपमा महिषासुरमर्दिनी दुर्गाभवानीको स्मरण हुन्छ । चाँगुको छिन्नमस्तामन्दिरभित्र ईस्वीको प्रथम-दोस्रो शताब्दीतिरका सप्तमातृकाका मूर्तिलहरमा चामुण्डा/छिन्नमस्तामूर्तिको बायाँपट्टी रहेकी मातृदेवीका चार हात छन् र तीमध्ये बायाँ हातले महिषलाई चल्नै नसकिने गरी त्यसको पुच्छरलाई बलैले बेसरी च्याप्दै, दायाँ हातले लिएको त्रिशूलले सो महिषलाई रोपेर मार्न लागेको आधारमा नेपालमा महिषासुरमर्दिनी देवीको यो नै सर्वप्राचीन मूर्ति हो भन्न पनि जानिन्छ (श्रेष्ठ : २०७३, पृ. ७१-८४) । काठमाडौं उपत्यकाका अनेक

स्थानहरूबाट महिषासुरमर्दिनी देवीलगायत सप्तमातृकाको व्यापक प्रचार एवम् लोकप्रियता ईस्वीको प्रारम्भिक समयदेखि नै भइसकेको थियो भन्ने कुरा ज्ञात हुन्छ (श्रेष्ठ : २०६०, पृ. ६-७)।

अष्टमातृका र नवदुर्गा गण उग्र तान्त्रिक स्वरूपका रक्षक देवता हुन्। देश र देशवासीको रक्षा सामान्य, शान्त र सौम्य स्वरूपका पुरुष देवताहरूले होइन, उग्र तान्त्रिक स्वरूपका शक्तिप्रधान देवताहरूले मात्र गर्न सक्छन् भन्ने आस्था र विश्वास मध्यकालका जनताले गर्न थाले।

मानव देहमा देवता हुन्छ भन्ने आस्था र विश्वास प्राचीनकालदेखि नै रही आएको ज्ञात हुन्छ। यसै मान्यताको क्रियात्मक-प्रयोग चाहिँ सिद्ध-तान्त्रिकहरूको युगमा (ई.सं. सातौँ-एघारौँ शताब्दी) भएको थियो (श्रेष्ठ : २०६०, पृ. २२)। योग एवम् सिद्धि प्राप्तिका लागि सिद्धहरूले मानव देह वा साधककै शरीरलाई पनि कर्मस्थल तुल्याउँदै लगेपछि लौकिक जीवनमा समेत शरीर-पूजाको थालनी, चलन र महत्त्व निकै बढेर आयो। नेपाल संवत् कार्तिक-शुक्ल प्रतिपदाको दिनमा नयाँ वर्ष आरम्भ हुन्छ। सोही पवित्र दिनमा नेवारहरूले धूमधामका साथ मनाउँदै आइरहेको 'म्हपूजा' (शरीरपूजा) यस कुराको उत्कृष्ट उदाहरण हो। देवता हुनका लागि बनाइएको मूर्तिमा जीवन्यास (प्राण प्रतिष्ठापन विधि) गरी देवत्व चढाउने विधान गर्नुपर्छ। त्यसपछि मात्र मूर्ति देवता हुन्छ। यसरी काठ, ढुङ्गा, धातुआदिका मूर्तिहरूमा त देवताको न्यास गरी देवता चढाउन सकिन्छ भने प्रत्यक्ष देखिने गरी मानिसमा नै किन चढाउन सकिँदैन त भनी मानिसमै देवता चढाउने नूतन पद्धतिको प्रयोग सिद्धहरूले गरे (वज्राचार्य र श्रेष्ठ : २०३२, पृ. ११३)। उनीहरूको प्रयोगले अपार सफलता पायो। नेपाल किंवदन्तीहरूको पनि देश हो। यहाँका जात्रा चाडपर्वहरूको थालनी बारेमा अपरिहार्य रूपमा भनेझैँ अनिगन्ती रोचक किंवदन्तीहरू पनि जोडिएर आएका हुन्छन् जसलाई सुन्दा यस्तो लाग्छ मानौँ ती अविश्वसनीय सत्य हुन्, जात्रा चाडपर्वका संविधान नै हुन्। भक्तपुर सहरदेखि पूर्वमा रहेको नालागाउँ आसपासमा (सुडाल) 'नवदुर्गाज्ज्वल' नामको जङ्गल छ। सो जङ्गलको खोँचमा नवदुर्गा गणको आदि-पीठ छ। त्यस जङ्गलमा नवदुर्गा प्रकट भई नाच्ने र सो समयमा सम्मुखमा पाइएको मानिसको भोगबलि लिने गर्थे, एक पटक नालाकै एक सिद्ध तान्त्रिक आचार्य समेत पनि नवदुर्गा गणको फन्दामा परेछन्।

भोगबलि लिन खोजेका नवदुर्गा गणले सिद्धको अन्तिम इच्छा पूरा गर्न पूजाका लागि तयार भए, पूजा गर्ने अवसर पाएका आचार्यले आफ्नो मन्त्रशक्तिको बलले नवदुर्गा गणलाई वशमा पारे । त्यसपछि उनले मन्त्रशक्तिले सबै गणलाई सूक्ष्म रूपमा परिणत गरी कँकाली (पूजासामग्री राख्ने भाँडो)मा राखेर नालास्थित आफ्नो घरमा लगी गुप्त रीतले नित्य पूजा अनुष्ठान गर्दै आएकामा उनको मृत्युपछि भने पूजा रोकियो । त्यसपछि नवदुर्गा गण पुनः मन्त्रपाशबाट उम्की पहिलेकै ठाउँमा पुगेर झन् उग्र यहाँसम्म कि मानिसकै रूप धारण गरेर समेत पनि मानिसहरूको भोगबलि लिन थालेपछि नालामा पुरुषहरूको सङ्ख्यामा निकै कमी आयो ।

एकपल्ट यस्तै नियतिमा परेको नालाको उनै सिद्ध आचार्यको घरमा भक्तपुर इपाछेँटोलका सोमराज नाम गरेका एक सिद्ध ब्राह्मण कर्मकाण्ड गर्न पुगेछन् । सबै कुरा बुझेपछि उनले सो घरमा पहिले नवदुर्गा गणलाई राखेको कँकाली भने फेला पारे । सो कँकालीमा मन्त्रशक्तिको बलले उनले नवदुर्गा गणलाई आवाहन गरी राखेर आफ्नो घरमा ल्याई नवदुर्गा गणलाई स्वेष्टदेवताका रूपमा मानी, कसैले नदेख्ने गरी गोप्य रूपमा नित्य पूजा गरी राखे । तर एक दिन उनका पत्नीले नवदुर्गा गण रहेको निषेधित गुप्त कोठाको ढोका खोलेको नवदुर्गा गणले तत्काल चाल पाइहाले र गोप्यता भङ्ग भएकोमा अत्यन्त क्रोधित भई आफ्नो आदिस्थानतर्फ लागे । आवेगमा नवदुर्गा गणले इपाछेँ आगमको ढोका खोलेर बाहिर निस्कन लाग्दा सामुन्नेमा पर्न आएको सुँगुरको भोगबलि लिएका नवदुर्गा गणलाई फर्काउन सोमराजले अनेक अनुनय विनय गरे । नवदुर्गा गणले अभक्ष जीव सुँगुरको भोगबलि लिइसकेको हुनाले पनि फर्कनु सम्भव भएन । यसो हुंदा नवदुर्गा गणकै आज्ञाअनुसार नवदुर्गा गण समावेश भएको एउटा तान्त्रिक नाच वनमालाहरूलाई सिकाई मोहनी (कालो टीका) साधना गरी दुनियाँका अगाडि देखाइने भयो । मोहनी लगाएपछि मुखुण्डोधारी देवप्रीतिनीधका शरीरमा नवदुर्गा गणले प्रवेश गर्ने नाचलाई विधिपूर्वक व्यवस्थित रूपले चलाउनका निमित्त नवदुर्गा गणको देवगृह नगरको पूर्वी भागमा निर्माण एवम् प्रतिष्ठा गरियो । नवदुर्गा तान्त्रिक संस्कृतिको आदि स्थानका रूपमा भक्तपुरको ख्याति रही आएको छ ।

सबै गुण सम्पदा एवम् दिव्य लक्षणहरूले परिपूर्ण कलात्मक पात्र भएकाले नै कलशको नाम पूर्णकलश भनिएको हो । वैदिक देवता वरुणलाई

माङ्गलिक पूर्णकलशका मूल संरक्षक मानिन्छ ।

सृष्टिकर्ता ब्रह्माको हातमा रहेको कलश (ज्ञानको भाँडो) सृष्टिको पूर्णताको प्रतीक हो र पृथ्वीका सबै प्राणी एवम् वस्तुहरू त्यस कलशमा अटाएका छन् भन्ने त्यसको प्रतीकात्मक अर्थ हो । कलश केही लामो घाँटी भएको र बैठक वा पिँध पनि भएको सानो बोक्न प्रयोग गर्न हलुका आकारको बनाइनाले पूजा-पर्व-संस्कारमा र साइतमा यसको प्रचलन बढ्यो । कलश आकारमा भन्दा अमृतजस्तो शीतल र पवित्र जीवनदायी वस्तु अटाउने, शुद्धता, पवित्रता र सफलताको प्रतीक भन्ने मान्यता प्रचलित भयो । वास्तुसाहित्यमा 'कलश' भन्नाले मन्दिर वा चैत्यको शीर्ष भाग वा गजुर भन्ने बुझिन्छ । मन्दिरको शीर्ष भागमा धातुको चम्किलो कलश-गजुर पनि पूर्णता र समृद्धिको प्रतीक हो । नेपाली संस्कृतिमा कतिपय शुभमङ्गल कार्यहरूमा अष्टमङ्गल प्रतीक चिह्नहरू राख्ने गरिन्छ । ढोकाको शिरोभाग, दायाँ बायाँ अष्टमङ्गल प्रतीक चिह्नहरू राख्नुको कारण घरबाट बाहिर गमन गर्दा र पुनः घर प्रवेश गर्दा शुभ होस्, अनिष्ट नहोस् र घरमा अष्टमङ्गलले सधैँ सुख शान्ति र समृद्धि दिऊन् भन्ने हो । आठवटा माङ्गलिक चिह्नहरू– श्रीवत्स, पुण्डरिक, ध्वज, कलश, चामर, मत्स्ययुग्म र शङ्ख शुभलक्षणको प्रतीक मानिन्छ । यी अष्टमङ्गल चिह्नहरूले पूर्ण भएको कलशलाई पूर्णकलश भनिएको छ । प्रतीकवादमा विश्वास राख्ने नेपाली कलामा देवताको प्रतीकका रूपमा लिने गरिन्छ । पूर्ण कलशमा आठवटा प्रतीक चिह्न अङ्कित हुने हुनाले पूर्णकलशले मानवसमृद्धि र सुखको प्रतीकको अभिव्यक्ति दिन्छ । कलशलाई समृद्धि र सौभाग्यका साथै शुद्धता, सत्यता र शक्तिको प्रतीकका रूपमा पनि मानिन्छ । धार्मिक विश्वासअनुसार मन्त्र पढेर कलशको पानी छर्कनाले शरीर शुद्ध हुन्छ, ज्ञान विवेक बढ्छ, सौभाग्य मिल्दछ र घरमा भूतप्रेतको वास हुँदैन भन्ने धारणा पाइन्छ । देवीदेवतालाई कलशमा प्रतिष्ठापित गरी पूजा गर्ने प्रचलन पनि पाइन्छ । विवाह र अन्य संस्कारहरूको वेला यज्ञस्थलमा कलशको स्थापना सर्वप्रथम गरिन्छ अनि अन्य विधि अघि बढ्दछ ।

फूलपातीका दिन विशेष प्रकारले सिँगारिएको कलशमा फूलहरू, केराको पात, उखु (तलेजुको प्रतीक) राखी गोरखा दरबारबाट काठमाडौँमा भित्र्याइन्छ । त्यस अवसरमा लावालस्करका साथ सैनिकहरूद्वारा गोरखा दरबारबाट ल्याइएको कलशको स्वागतमा सलामी चढाई बन्दुक र तोप पडकाइन्छ । विभिन्न

चाडपर्वहरूमध्ये दसैँमा कलशको बढी प्रयोग भएको पाइन्छ । दसैँमा हिन्दुहरूका घरमा नवदुर्गाका प्रतीक कलशहरू स्थापना गरी पूजा गरिन्छ । महिषासुरमर्दिनी भगवती दुर्गालाई सिँगारिएको कलशका रूपमा घर घरमा स्थापना गरेर नेपालीहरू दसैँ पर्व मनाउँछन् । दसैँको घटस्थापनाको दिनदेखि देवीलाई आह्वान गरेको कलशको नियमित पूजा गरी दशमीका दिन विसर्जनपश्चात् मनाइने खड्ग जात्रामा घटकलशको महत्त्वपूर्ण स्थान छ । महाकालसंहिता, मेरुतन्त्र, तिथितत्त्व आदि ग्रन्थहरूमा दशमीका दिन खञ्जन चरालाई निश्चित स्थानमा दर्शन गर्नाले वर्षभरि शुभ हुने र सवै इच्छा पूरा हुने उल्लेख गरिएको छ । यसप्रकार यहाँ कलशले देवीका आह्वानसहितको घटस्थापना गर्ने र खञ्जन चराका रूपमा दर्शन गर्ने महत्त्व राख्दछ । देवी देवताका अतिरिक्त अतिथिको स्वागत सत्कारमा समेत यसको प्रयोग गर्ने परम्परा छ । कलशलाई शुभसाइतको प्रतीक मानी हरेक शुभकार्यमा यसलाई अगाडि राख्ने गरेको देखिन्छ । काठमाडौँ मृगस्थलीमा वाग्मती किनारमा माता जगज्जननी भगवती गुह्येश्वरीलाई मानवाकार स्वरूपमा पूजा नगरी उच्च प्रतीकवादी नेपाली परम्परालाई कायम राख्दै कलशका रूपमा पूजा उपासना गरिन्छ । काठमाडौँकै असनचोकको दक्षिण-पूर्व कुनामा प्रसिद्ध अन्नपूर्णा भगवतीको मन्दिरभित्र असंभुलु अजिमाको प्रतीकस्वरूप पूर्णकलश स्थापना गरिएको छ । यसमा तान्त्रिक विधिअनुसार पूजा गरिन्छ । भक्तपुर र पशुपतिको वत्सला मन्दिरमा पनि मुख्य आराध्य पूर्णकलश नै हो जो भगवतीको प्रतीकका रूपमा अवस्थित छ ।

हाम्रो धर्म संस्कृतिमा देवीदेवताको प्रतीकरूप कलशको प्रतिष्ठापन गरी पूजा गर्ने प्रचलनका रूपमा पौष पूर्णिमाको दिन चाँगुबाट चाँगुनारायण, सरस्वती र लक्ष्मीका प्रतीकका रूपमा तीनवटा कलशलाई तीनजना पुरुषले बोकी हनुमानढोका दरबारमा भित्र्याई पूजा गरिन्छ । पूजा सकिएपछि कलशलाई शोभा भगवतीको भचाखुसीमा विसर्जन गरिन्छ । पूजाआजा आदि कार्यमा कलश स्थापना गर्दा साथैमा दियो पनि राख्नुको अर्थ जुन प्रयोजनले जुन कार्य गर्न लागिएको हो, त्यसलाई दीपकको प्रकाशले सजीवता दिन, आह्वान गरिएका देवता वा पितृजनको सम्मान गर्दै उनीहरूलाई त्यस स्थलमा रही रक्षा गर्न अनुनय गरिएको प्रतीक दीपकलाई मान्न सकिन्छ ।

खसान राज्यले परिचित जुम्ला सिञ्जामा खसहरूले राजधानी बनाई शक्तिशाली राज्य स्थापना गर्नुभन्दा धेरै पहिले यो क्षेत्रमा मानवीय बसोबास

भइसकेको थियो । कैलाश मानसरोवर निकट रहेको यो क्षेत्र मानवीय क्रियाकलापले मात्र होइन यसको प्राचीनता र पवित्रताको कारणले उत्तर दक्षिणको सङ्गमभन्दा यहाँका पुराना रैथानेहरू र विभिन्न नश्ल वंशका कविलायहरूलाई विभिन्न मार्गबाट यस क्षेत्रमा प्रवेश गर्दा आफूसँग ल्याएका विविध सांस्कृतिक प्रचलनहरूलाई रैथानेहरू समेतले सहर्ष अपनाउँदा निर्माण भएको बेग्लै संस्कृतिले खसानी पहिचान दिन पुग्यो । मस्टो संस्कृतिको उद्‌गम र प्रभाव रहेको खसानमा मानवीय समस्या समाधानमा सक्रिय धामी प्रचलन पनि त्यतिकै मात्रामा प्रचलित भए पनि धामीको सहायताको उपचार वा समस्याको समाधानमा तथा खसानी क्षेत्रका बौद्ध पम्परागत प्रचलनमा ल्याएका तन्त्र एवम् उपचार पद्धतिले व्यापकता पाएको छ ।

एकथरी मतअनुसार कैलाशमा शिवको निवासस्थान रहेको विश्वास गर्दछन् । शिवबाट प्रतिपादित तन्त्रविद्याको अध्ययन, साधनाको उपयुक्त स्थल यही क्षेत्र भएको हुंदा महाबली लङ्कापति रावणले पनि यसै क्षेत्रमा आफ्नो साधना सिद्धि र तपस्या गरेका मण्डलमा झाँक्री विद्याको साधनाभूमि पनि रहेको थियो ।

जब मानिस कृषि युगमा प्रवेश गऱ्यो त्यस समयमा मानवीय समस्यालाई न्यूनीकरण गर्नका लागि प्रकृतिको उपयोग गर्दै अग्रज वा गुरुबाट प्राप्त तन्त्र मन्त्रको प्रयोगले आफू वा आफ्नो समूहलाई सुरक्षित भएको महसुसले यसको प्रचलन बढ्दै गयो । खसान क्षेत्रका पुराना रैथानेहरू, खसहरू र केही पछि आएका वैदिक आर्यहरूले प्रयोगमा ल्याएका तन्त्र मन्त्रहरूको अन्तर्घुलन वा सम्मिश्रण रूप नै खसानी तन्त्रमन्त्र बन्न पुग्यो । प्रारम्भमा मानसरोवरदेखि दक्षिणसम्म फैलिएका मगर समुदाय र अन्य समुदायका मनोचिकित्सककै रूपमा देखिने झाँक्रीहरूका कृत्य स्मरण गरिने देवताहरू वा पितृहरू फरक फरक रहेका देखिन्छ । प्रारम्भदेखि यहाँको समाजको समन्वयवादी चिन्तनले यहाँका झाँक्रीहरू प्रकृतिवादी, बोनवादी दर्शनले मात्र होइन शैव र शाक्त दर्शनवाट समेत उत्तिकै प्रभावित छन् ।

खस राज्य स्थापना पूर्व विभिन्न स्थानमा विभिन्न वंशका राज्यहरू स्थापना भएको भए पनि कैलाश सभ्यताका प्रारम्भिक समयदेखिका लाङ्घालीहरूको पनि विशेष महत्त्व र उनीहरूका सांस्कृतिक क्रियाकलापबाट पछिसम्म यहाँका नागरिकमा प्रभाव परेको देखिन्छ । मगरहरूको बाहुल्य

रहेको खसानको तल्लो क्षेत्रमा झाँक्रीहरूको प्रचलन व्यापक रहेको छ। झाँक्री परम्परा विभिन्न क्षेत्र जातिहरूमा रहेको भए पनि अन्य क्षेत्रको भन्दा दुवै मगरात क्षेत्रका झाँक्रीका कृत्य परम्परा केही मिल्दाजुल्दा रहेका छन्।

अलौकिक शक्तिलाई जान्ने, बुझ्ने र मानवीय जीवनमा आई परेका समस्या तथा आउन सक्ने विघ्नवाधालाई त्यही शक्तिको प्रयोगले अग्रिम सूचना दिने मात्र होइन समस्या समाधानको उपाय पनि देखाइदिने शक्ति झाँक्रीमा हुने विश्वासले मानिसहरू समस्यामा पर्दा (शारीरिक र मानिसक) झाँक्री कहाँ जाने परम्परा विगतदेखि वर्तमानसम्म खसानी समाजमा रहेकै छ। झाँक्रीको लगनशीलता, उत्साह, शारीरिक बनावट, स्वर, आदिले पनि झाँक्रीले अलौकिक शक्तिसँग संवाद गर्दा आ-आफ्नै तौरतरिकाबाट सम्पन्न गर्ने गर्दछन्।

झाँक्रीहरूले अलौकिक शक्तिसँग संवाद गर्नुपूर्व आफू र आफ्नो मन्त्रसाधना यन्त्र ढ्याङ्ग्रो र आलमाल (गुरुमाला)लाई सर्वप्रथम सुरक्षित गर्नुपर्छ भन्ने मान्यता रहेको छ। व्यक्तिमा या समाजमा जबकुनै समस्या देखा पर्छ। समस्याको खास कारण के हो सो पता लगाउँन झाँक्री ढ्याङ्ग्रो वजाउँदै नृत्य गर्दै खेती लाउँदै घरभन्दा टाढा गाउँबाहिर जान्छ। समस्याको कारण थाहा पाउँन गरिने यस प्रक्रियालाई दुवा जाने भनिन्छ। झाँक्रीले समस्याको कारण र राहतको उपायको अन्तिम घोषणापछि झाँक्री बस्ने कार्यको समापन हुन्छ यसलाई छाँगो भनिन्छ।

हाम्रो देशमा पनि दर्शनबाट प्रभावित यस्ता प्रचलनहरू विभिन्न जातजाति, समुदाय र क्षेत्रगत रूपमा आ-आफ्नै प्रकारले चल्दै आए। प्रत्येक झाँक्रीका क्रियाकलाप र कृत्यहरू कैयौं मिल्दाजुल्दा र कैयौं पृथक् पनि रहेका छन्। सबै तान्त्रिकको आस्थाको धरोहर पुण्यभूमि कैलाश सभ्यताबाट प्रभावित झाँक्रीहरूले आफ्नो विद्या र गुण एवम् कृत्यहरूबाट सामाजिक रूपमा आफ्नो अस्तित्व कायम राखेको पाइन्छ। शैव, शाक्त, प्राकृत, बोन दर्शनको प्रभाव, खसानी रैथानेहरू तथा विभिन्न बाटो हुँदै आएका खस आर्यहरू र सिन्धुघाटी हुँदै दक्षिणवाट यहाँ प्रवेश गरेका वैदिक आर्यहरूका विविध प्रचलन एवम् उनीहरूका कृत्य सम्मिलित भई यहाँ वेग्लै प्रकारको क्रियापलाप निर्माण हुनपुग्यो। तत्कालीन बृहत् भूगोल ओगटेर मानिसहरूको आवतजावत तीव्र रूपमा भइरहेको खसान क्षेत्रमा विविध संस्कृतिको निर्माण भइरहँदा खसानी झाँक्रीहरूको

प्रभुत्व बढिरहेको पाइन्छ। खसानी झाँक्रीहरूले स्थानीय माला, बजु, मस्टो, कालिका, मालिका, डिङ्ग्याल्नी, बर्मा, पितर, बोक्सी, डङ्किनी, मसान अदृश्य वा अलौकिक शक्तिसँग संवाद गर्दै, पुकार्दै मानवीय समस्याको कारण र उपचार विधि जान्ने गर्छन्।

भनिन्छ नेपाल मण्डलका तीनै सहर तन्त्र विधिद्वारा स्थापित भएका हुन्। पहिलो सहर भक्तपुर अष्टअजिमा र नवदुर्गालाई विधिपूर्वक स्थापना गरेर सहर बसालिएको हो। अष्टमातृकालाई विधिपूर्वक आठ दिशामा स्थापना गरेर कान्तिपुर बसालेपछि ललितपुर दस महाविद्या देवीहरूलाई विधिपूर्वक स्थापना गरेर बसालिएको हो। हरेक गाउँबस्तीमा माईथान र ग्रामदेवी हुन्छन् र आजसम्म पनि पूजा गरिन्छ। पहिला पहिला यस्ता माईथान वा ग्रामदेवीमा केवल चिल्लो-साह्रो ढुङ्गा मात्र राखिन्थ्यो तर पछि हिन्दु, बौद्ध र जैन प्रभावले ढुङ्गाको ठाउँमा मूर्ति राख्न थालियो। ग्रामदेवी र माईलाई मातृका र महाविद्या भन्न थालियो।

पछि पछि त मातृकाहरूभन्दा पितृ (देव र महादेव) शक्तिशाली र प्रभावशाली बनाइए। त्यसकारण आज जे पनि तन्त्र भनेर अभ्यास गरिन्छ, यो सबै बौद्ध या हिन्दु दर्शन र संस्कृतिको प्रभावका कारण या त बौद्ध तन्त्र या हिन्दु तन्त्र भनेर चिनिन्छ। मातृसत्तात्मक धर्म संस्कृतिले महिलाको जीवनको प्राकृतिक विकास क्रमलाई समेत पुज्दै आएको थियो र छ। कुमारी देवी, कामख्या (मासिक श्राव) देवी, धुमावती (एकल महिला) देवी आदि प्रसस्त उदाहरण छन्। मासिक श्रावको रगत कामाख्या देवीलाई चढाउने चलन छाउपडीमा परिणत भयो। ध्यान-साधना गर्ने मन्दिरजस्तो शरीर घृणाको टोकरी बनाइयो। देवी काली आफ्नो अविरल र खुला कपालसहित, पहेँला परेका र लगभग लास जस्तो रुद्रमा विजयी भएर उभिइरहेकी छिन्। उनी पराजित शत्रुहरूका टाउका, रातो जिब्रो र रगतले भरिएको हत्केलाले क्रोधित छिन्। तान्त्रिक प्रतीकका रूपमा निष्क्रिय (चेतन)मा, क्रियाशील (स्त्री) ऊर्जाको नृत्यले मात्र अस्तित्व सम्भव छ भन्ने देखाउँछ। यसले (स्त्री) ऊर्जाविना (पुरुष) चेतना मरेको लास सरह हो भन्ने सङ्केत गर्छ।

विचारको प्रतीक कपाल बाँध्न अस्वीकार गर्छन् काली र वज्रयोगिनी। यसको सङ्केत हो– एक त हामी आफ्नो विचार व्यक्त गर्न स्वतन्त्र छौं, अर्को हामीलाई कसैको विचारमा बाँधिनु पनि छैन।

चर्या नृत्यमा तन्त्र, योग, मुद्रा र पादको विषयले एक गहन आध्यात्मिक चिन्तन, मनन र दैनिक शारीरिक बौद्धिक अभ्यासमा सरिक भई काय, वाक र चित्त शुद्ध गर्ने मार्ग र फल समेत बोध हुने एक दिनचर्या हो भन्ने अनुभूति दिलाउँछ। योगलाई जीवन्त बनाउन आफ्नो अभ्यास र साधनाको आवश्यकता पर्दछ। साधनालाई निरन्तरता दिँदै जाँदा उच्चारण गर्ने गुह्य आवाज मन्त्रको प्रयोगवाट जनकल्याण गर्ने बाटो पहिल्याउने तथा देखाउने बाटो नै तन्त्र हो। तन्त्र र योगको चर्चा गर्दा काठमाडौं उपत्यकाको उत्पत्तिको बारेमा उल्लेखित इतिहास औल्याउँदा विपस्वी बुद्धले दहरूपी काठमाडौं उपत्यकामा कमलको फूलको बिउ छरी स्वयम्भू ज्योतिरूपको प्रादुर्भाव गरेको र उक्त ज्योतिरूप दर्शन गर्न महाचीनबाट महामञ्जुश्री आउनुभई उहाँको चन्द्रहास खड्गद्वारा छेदन गरी कमलको फूलको जरासम्म भेट्टाउन खोज्दै जाँदा खगाननाधिवासिनी नैरात्मको दर्शन प्राप्त गरी उहाँकै निर्देशनवाट काठमाडौं उपत्यकालाई मानवयोग्य बनाई बस्ती बसाल्ने कार्य गरी कालान्तरमा कान्तिपुर नगर निर्माण भएको हो भन्ने जनश्रुति स्वयम्भू पुराण र बौद्ध वंशावलीमा उल्लेख भएको कुरा हो। यसै क्रममा अन्य देशहरूवाट उपत्यका आएका तान्त्रिक सिद्धाचार्य ओडिडयानाचार्य (हुङ्कारवज्र)ले वज्रयोगिनी (फर्पिङ), आचार्य वज्रपादले आकाशयोगिनी (विद्यधरी) विजयेश्वरी आदिको उत्पत्ति गराई आफ्नो योग साधनाले उपत्यकालाई योग तन्त्र साधनाको अब्बल देशको नाममा प्रख्यात गराए। यसै क्रममा ८४ महासिद्ध तन्त्राचार्यहरूद्वारा गुह्य समाज तन्त्र आदि तन्त्रशास्त्रको रचना हुँदै अगाडि बढ्यो। नेपालको मन्दिर एवम् विहार स्थापनाको परम्परालाई नियाल्दा ईशापूर्वको दोस्रो शताब्दीदेखि नै योग र तन्त्र चर्या भएको मानिन्छ।

एघारौं शताब्दीमा शाश्वतवज्रले त्रिरत्न विहार महाकाल देवताको साधना गर्नुभयो। बुद्ध परिनिर्वाण पश्चात् २०० वर्षपछि मगध देशका राजा सम्राट् अशोक बौद्ध धर्म अनुशरण गरी नेपालको विभिन्न विहारमा अशोक चैत्य स्थापना गरेकोमा मन्त्रसिद्धि महाविहारमा पनि उक्त अशोक चैत्यको अवशेष आजसम्म पनि जीवित रहेको पाइन्छ। शाक्यमुनि बुद्ध जन्मनुभन्दा अघि विपश्वी, शिखी, क्रकुछन्द, कश्यप र कनकमुनि आदि बुद्धहरूले पवित्र वनाइसकेको यो भूमिमा महासिद्धहरूको उदयले योग, ध्यान, साधनाक्रमलाई निरन्तरता दिने क्रममा हुङ्कारवज्र, ओम्कारवज्र, लीलावज्र, सुरतवज्र, वाक्‌वज्र,

मञ्जुवज्र जस्ता बुद्ध पुरुषहरूको भूमि भएको देशमा गनिन्छ। पशुपतिको पछाडिको गुफामा बसेर ध्यान साधना गरी नारोपा बुद्ध पुरुष सिद्ध भएको भन्ने कथन रहेको छ।

रत्नकाजी वज्राचार्यअनुसार पचहत्तर जना चर्यागीति लेख्ने, गाउने, नृत्यकारहरूले नै विभिन्न अलौकिक चमत्कार गरी तन्त्रमन्त्रको अभ्यास एवम् साधना गरी सिद्ध भई सिद्ध पुरुष भएका थिए। हेवज्र तन्त्रमा भनिएको उद्‌गारअनुसार गीत र नृत्य प्रयोगविना बुद्धत्व प्राप्त गर्नु असम्भव छ। नेपालमा चर्या नृत्यको परिभाषा औंल्याउँदा चर्या– दिन चर्या, नृत्य शब्द नित्यबाट आएको देखिन्छ। तसर्थ चर्या नृत्य भनेको दिनदिनै गर्ने अभ्यास दैनिकी कार्य भन्ने अर्थ लाग्दछ। पूर्वज साधकहरूले दिनदिनै चर्या नृत्य, चर्या गीति गाएर सिद्ध भएर गएका हुन्। चर्यानृत्य र गीतिलाई परिभाषित गर्दा महायान र वज्रयान धर्ममा आध्यात्मिक रूपमा शरीरको काय, वाक् र चित्तलाई एकसाथ राग र तालमा समाई गहिरिएर प्रस्तुत गर्ने आध्यात्मिक ज्ञानका रूपमा बुझिन्छ।

चर्या नृत्यमा पाद-हस्त कुनै पनि मुद्रा प्रस्तुत गर्दाखेरि काय, वाक् र चित्तलाई मनन गरी मुद्रा प्रस्तुत भइरहेको हुन्छ। मुद्रा कहिले पनि झुट हुन सक्दैन। कुनै पनि शब्दको मुद्रा परिचालन गर्दा चिन्तन मनन गरी मात्र गर्नुपर्ने हुन्छ। मुद्रा भनेको जीवन रेखा कोर्ने नक्सा नै हो। तन्त्रहरूमा मुद्राको प्रयोग गर्ने सम्बन्धमा गुरुको आदेशानुसार गर्नुपर्नेको अर्थ नै मुद्रा प्रयोगमा ल्याउँदा जथाभावी गर्नु हुँदैन भन्ने कुरा शास्त्रहरूमा बाह्य, गुह्य र अति गुह्यका रूपमा विभाजन गरिएको छ।

चर्या नृत्यमा भएका पद र हस्तमुद्रामा निहित असीमित ज्ञानको भण्डारलाई शारीरिक तथा मानिसक एवम् सम्यक् व्यायामलाई मार्गदर्शकका रूपमा लिएर दैनिक रूपमा निरन्तर अगाडि बढाइएको खण्डमा हाम्रो मानवीय जीवन सुखमय हुने र एउटा निश्चित लक्ष्यमा पुग्न सकिने तथ्यमा दुईमत छैन। हाम्रो जीवनको लक्ष्य आफू सुखी हुँदै जगत्लाई पनि सुखी बनाउनु हो। हो जगत्को हित सुखी बनाउनमा बाधा अड्चन खडा हुन्छ।

प्राणीमध्ये सर्वश्रेष्ठ जन्म, मान्छे भएको हुँदा मरेर गए पनि आफ्नो नाम रहिरहोस्। जसरी आएको हो त्यसरी नै जानुपर्दछ। परिवार, समाज र राष्ट्रकै हितको निमित्त आफूले केही गरेर जान सकियोस् र आफ्नो नाम कृति सधैँभरि

सम्झना रहिरहोस् भन्ने किसिमको प्रयास जन्म जन्मान्तरसम्म पनि गरिरहनुपर्दछ। चर्या नृत्यमा रहेका योगतन्त्र, चर्यापद र हस्तमुद्राको निरन्तर प्रयास आफूले पनि गरौँ र आफूले जानेको कुरा अरूलाई पनि गर्न सिकाऔँ। चर्या नृत्य, योग, मुद्रा र पादका विषयमा आध्यात्मिक रूपमा मनन चिन्तन गर्नुका साथै शारीरिक रूपमा दृढ सङ्कल्पका साथ अभ्यास नगरीकन बुझ्न र बुझाउन कठिन रहेको छ।

आफ्नो प्राचीन संस्कृतिको सम्बन्धमा खोज-विन गर्ने प्रवृत्ति हिजोआज हामीमा बढ्दै जादै छ, यो खुसीको कुरो हो। वेद र लुप्तप्रायः वैदिक साहित्यको पुनरुद्धारका लागि नेपालका विद्वत्-समाज अथक परिश्रम गर्न थालेको छ। तन्त्र चर्चा परिवारको अथक सक्रियताले तान्त्रिक संस्कृति-विषयक अन्वेषण-कार्य क्रमशः सफलता पाउँदै छ। विस्मृतप्रायः तान्त्रिक साहित्यतर्फ पनि ध्यान जान थालेको छ। नेपालमा आंशिक रूपमा तान्त्रिक ग्रन्थहरूका प्रकाशन नेपाल प्रज्ञा-प्रतिष्ठानलगायतबाट हुँदै छ, तर अब यो महान् कार्य तन्त्र चर्चा परिवारले गर्ने प्रण लिएको छ। अवश्य यो निकै खुसीको कुरो हो। नेपाली संस्कृतिको जुन रूपसँग हामी आज परिचित छौँ, सम्यक्को प्रभावले विकृत र सङ्कुचित लाग्दा पनि यो विशाल गौरवमय प्राचीन संस्कृतिको उत्तराधिकारिणी हो।

यस प्राचीन संस्कृतिको आदिरूप कस्तो थियो, यसको अनुमान गर्न सहज भने छैन। किनभने, यस विषयमा हामीले जति जान्दछौँ, त्यो ऐतिहासिक युगसँग जोडिएको छ।

नेपालको मौलिक संस्कृतिको विश्लेषणबाट थाहा हुने गरेको छ, यसका पृथक् पृथक् अंश छन्– अङ्ग प्रत्यङ्ग जस्तै अनेकन विभाग छन्। तर, यो पनि सत्य हो, यस मूल धारामा विभिन्न समयमा नयाँ नयाँ विवर्तनहरू भएका छन्।

वैदिक धाराको प्रधानता रहँदा रहँदै पनि यस कुरोलाई अस्वीकार गर्न सकिन्न, त्यो के भने यसमा अनेकन धाराहरू सम्मिश्रम भएका छन्। व्यापक दृष्टिले हेर्दा थाहा हुन्छ, यी सबै धाराहरूमा तन्त्रको धारा नै सबभन्दा प्रधान छ। तान्त्रिक धाराको पनि अनेकन बाटोहरू छन्। वैदिक धाराको उपासना-क्रम अधिकांशमा तत्वतः तान्त्रिक धाराको साथमा एउटै धागोमा गाँसिएको छ र धेरै जसो तान्त्रिक विषयहरू प्राचीनकालदेखि नै परम्परा-क्रममा चल्दै आएको छ। उपनिषद् आदिमा जुन गुप्त विद्याहरूको परिचय पाइन्छ, जस्तो– संवर्ग, उद्गीथ, उपकोसल, भूमा, दहर, पर्यक आदि– यी सम्पूर्ण यसैअन्तर्गत

छन् । वेदको रहस्य अंशमा पनि यी सम्पूर्ण रहस्य-विद्याहरूका परिचय पाइन्छ ।

वेदको क्रियाकाण्ड पनि आध्यात्मिक विद्याको नै बाह्य रूप हो र यसलाई अवश्य उपयोगी मान्नुपर्छ । यी सम्पूर्ण रहस्य-विद्याहरूको राम्ररी तत्त्व-निर्णय हुन सकेमा अवश्य नै मूलभूत वैदिक र तान्त्रिक अथवा आगमिक ज्ञानमा विशेष भेद नरहेको यथार्थ देखा पर्नेछ । हो, साधारण दृष्टिले हेर्दा यो असम्भव लाग्न सक्दछ, तब पनि यो सत्य हो कि वेद र तन्त्रको निगुढ रूप एउटै जस्तो छ । निरुक्त आदि ग्रन्थहरूबाट थाहा हुन्छ– ऋषिगण साक्षात् कृतधर्मा थिए र तिनीहरू धर्म साक्षात्कारबाट रहित जनसाधारणलाई उपदेश-मन्त्र दिने गर्दथे ।

हो ऋषिगण साक्षात् कृतधर्मा थिए, यसकारण यथार्थतः शक्तिशाली थिए । यसकारण उहाँहरू अरूका उपदेश सुनेर ऋषित्व लाभ उठाउँदैनथे, बरु उहाँहरू स्वयम् वेदार्थका दर्शन गर्ने गर्थे । मन्त्रद्रष्टा ऋषिहरूका रहेको मन्त्रार्थ ज्ञानको मुख्य उपाय हो प्रतिभावान हुनु ।

प्रतिभावनालाई अर्को शब्दमा प्रतिभा अथवा अनौपदेशिक ज्ञान भनिन्छ । "गुरोस्तु मौनं व्याख्यानं शिष्यास्तु छिन्नसंशयाः" यसमा 'गुरु' शब्दको अभिप्राय अन्तर्गुरु या अन्तर्यामी हो । शक्तिको मन्दताको कारण कतिपय 'दृष्टर्षि'बाट पनि निकृष्ट हुने गर्थे ।

शक्तिको मन्दतामा डुबेर निकृष्ट हुनेहरूलाई 'श्रुतर्षि पनि भन्ने गरिन्थ्यो । असल चरित्रका ऋषि उपदेश-निरपेक्ष भावले दर्शन-लाभ गर्दथे, तर शक्तिको मन्दतामा डुबेका भने उपदेश पाएर दर्शन गर्ने योग्यता प्राप्त गर्दथे ।

शक्तिको मन्दतामा डुबेकाहरूले ज्ञान सत् तर्कबाट प्राप्त गर्दथे । वेदशास्त्रको अविरोधी तर्क नै सत् तर्क हो । आगमशास्त्रमा– विशेषतः त्रिपुरारहस्यमा र त्रिक दार्शनिक साहित्यमा– सत् तर्कको विशेष चर्चा पाइन्छ ।

वैदिक साहित्यमा पनि ऋषिहरूले जब अन्तर्धान गराउन आरम्भ गरे, तव तर्कमा नै ज्ञानको भार दिइएको पाइन्छ । साधारण जिज्ञासुमात्र नै निम्न स्तरका हुने गर्थे । हामी पनि निम्न स्तरका भएको हुंदा सत् तर्क नै हाम्रो सहारा हो । तन्त्रशास्त्रअनुसार तन्त्रको मूल आधार भन्ने कुनै पुस्तक छैन । यो अपौरुषेय ज्ञान हो । यही ज्ञानरूप आगम शब्दरूपमा अवतरण गराउँदछ । तन्त्रमतले परावाक् नै अखण्ड आगम हो । पश्यन्ती अवस्थामा यो स्वयम्वेद्या रूपमा प्रकाशित हुने गर्छ । यसको स्वंप्रकाश रूप नै साक्षात्कारको अवस्था

हो । यहाँ अर्कोमा या अपरमा ज्ञान-सञ्चारको कुनै प्रश्न नै रहँदैन । यो ज्ञान शक्तिको मन्दतामा डुबेकाहरूले ग्रहण गरेपछि शब्दको आकार लिने गर्छ । चिन्तात्मक शब्दको भूमिमा गुरु-शिष्य भावको उदय हुने गर्छ । यसको फलस्वरूप एउटा आधारबाट अर्कोमा सञ्चारित हुने गर्छ । विभिन्न शास्त्र एवम् गुरु-परम्परा शक्तिको मन्दतामा डुबेकाहरूले ज्ञान ग्रहण गरेपछि प्रकट हुन्छ ।

वैखरीमा यो ज्ञान या शब्द स्थूल रूप धारण गरेर अर्काको इन्द्रियमा विषयीभूत हुने गर्छ । यसबाट थाहा हुन्छ, वेद र तन्त्रको मौलिक दृष्टि एउटै नै हो । वेद यद्यपि एउटा हो, तर विभक्त छ, यसकारण यसलाई त्रयी अथवा चतुर्विध भनिन्छ । 'वेदा अनन्ताः', यो पनि वेदको नै वाणी हो । आगमको स्थिति पनि यस्तै नै छ । अवश्य, तन्त्रको अर्को पनि एउटा मार्ग छ ।

अर्को मार्गमा तान्त्रिक साधनाको विशिष्टता पनि थाहा पाउन सकिन्छ । जे भए पनि, यी सबै पौरस्त्य संस्कृतिका नै अङ्गीभूत हुन् । जसरी अलग अलग मूल प्रवाहित भएर नदीको आकार धारण गर्दछ र अन्तमा त प्रवाहित हुँदै महासमुद्रमा बिलाउँछ, त्यस्तै नै वैदिक, तान्त्रिक आदि विभिन्न सांस्कृतिक धाराहरू नेपाली संस्कृतिमा मिसिन्छन् र यसको विशालता बढाउँछन् । नेपालमा प्राचीन कालदेखि नै वैदिक र तान्त्रिक साधना-धारामा घनिष्ठ सम्बन्ध रहेको नितान्त सत्य हो । साथ साथै दुवैमा आंशिक विलक्षणता रहेको पाइन्छ । धेरै प्राचीन समयदेखि नै सिद्धहरूले तन्त्रको समादर गरेका छन्, यसका अनेकन प्रमाण पाइएका छन्– यस्तो प्रसिद्ध नै छ– धेरै देवताहरूले तान्त्रिक साधनाको प्रभावले सिद्धि पाएका थिए । तान्त्रिक साधनाको चरम आदर्श शाक्त साधनाको लक्ष्य हो, महाशक्ति जगदम्बालाई मातृरूपमा उपासना गर्नु अथवा शिवोपासना । ब्रह्मा, विष्णु, इन्द्र, चन्द्र, स्कन्द, वीरभद्र, लक्ष्मीश्वर, महाकाल, काम अथवा मन्मथ आदि सबै जगदम्बा माँका उपासक थिए । कोही कोही त तान्त्रिक उपासनाका प्रवर्तक पनि थिए । उशना, दधीचि, वृहस्पति, सनतकुमार, नकुलीश आदिका नाम 'ब्रह्मयामल'अनुसार शिवज्ञान-प्रवर्तकको प्रसङ्गमा उल्लेखयोग्य छ ।

'जयद्रथयामल-मा मङ्गलाष्टक प्रकरणमा तन्त्र-प्रवर्तक अनेकन ऋषिहरूका नाम छन् । तिमध्ये दुर्वासा, सनक, विष्णु, काश्यप, विश्वामित्र, गालव, गौतम, याज्ञवलक्य, शातातप, आपस्तम्ब, कात्यायन, भृगु प्रभृत्तिका नाम उल्लेख योग्य छन् । तान्त्रिक साहित्यमा दुर्वासाको परिचय 'क्रोधभट्टारक' नामबाट पाइने गरेको छ । यिनले श्रीकृष्णलाई चौसठ्ठी अद्वैत कलाहरूका

शिक्षा दिएका थिए भनिन्छ । कलियुगमा दुर्वासा नै आगमशास्त्रका प्रकाशकर्ता थिए भन्ने किंवदन्ती रहेको छ ।

'जयद्रथयामल' नामक आगम मतबाट पनि तन्त्रका पवर्तक ऋषिहरूमा दुर्वासाको नाम अग्रगण्य छ । अब प्रश्न देखा परेको छ– यी दुर्वासाको मार्ग कस्तो प्रकारको थियो ? ब्रह्मयामलानुसार सम्पूर्ण तन्त्रहरूमा दुर्वासाको मत अग्रगण्य रहेको प्रसिद्ध छ । यो सिद्धान्त नेपाल दरबार पुस्तकालयको 'पिङ्गलागम'मा पिंगलमतको प्रसङ्गमा उल्लेखित छ । चन्द्रकला-विद्यासमूहमा कौल र कापालिक (सोम) मतको सम्मिश्रण छ । प्राचीन कालमा यी विद्याहरूमा चारवटै वर्णको अधिकार थियो । यसमा विशेष कुरा भनेको त्रैवर्णिक गण दक्षिणमार्गबाट अनुष्ठान गर्दथे र अरू सवै वाममार्गबाट । श्रीमाताको बाह्र उपासकहरूमा दुर्वासाको पनि स्थान छ । सुन्नमा आएअनुसार, दुर्वासाको उपास्य देवी थिइन् षडक्षरी विद्या । कतिपय आचार्यहरूका मतमा दुर्वासा त्रयोदशाक्षरी विद्याका उपासक थिए । हो दुर्वासाका सम्प्रदाय आज लुप्त जस्तै छ । प्राचीन कौलसूत्र दुर्वासाको मतानुसार कौलज्ञान विषयक थियो ।

'त्रिपुरसुन्दरी (देवी) महिम्नस्तोत्र', 'ललितास्तवरत्न' र 'परशिवमहिम्नस्त्रोत'मा दुर्वासाको चर्चा पाइन्छ । कालीसुधानिधि ग्रन्थबाट थाहा हुन्छ दुर्वासा त कालीका पनि उपासक थिए । पाञ्चरात्र र शाक्तगममा वैदिक ऋषि अगस्त्यको चर्चा छ । रामायण, महाभारत, पुराण आदि प्रायः सबै प्राचीन शास्त्रहरूमा अगस्त्यको प्रसङ्ग आएको छ । उनकी धर्मपत्नी थिइन्, भारद्धाज-ऋषिकन्या लोपामुद्रा । लोपामुद्र पनि अगस्त्य समान वैदिक ऋषि थिइन् । रामायणको अरण्य काण्डबाट थाहा हुन आउँछ, सुतीक्ष्ण मुनिले भगवान् रामचन्द्रलाई गोदावरी किनारमा रहेको अगस्त्य आश्रमको बाटो वताएका थिए । विन्ध्यपर्वतसँग अगस्त्यको सम्वन्ध उल्लेखयोग्य छ ।

विन्ध्यपर्वत क्षेत्रमा महर्षि अगस्त्यको प्रभावले एउटा विशिष्ट संस्कृतिको प्रसार भएको थियो भनेर भन्ने गरिएको छ । अगस्त्य शाक्तसूत्र नामक ग्रन्थका रचयिता हुन् । यो मूल्यवान ग्रन्थ चार अध्याय र तीनसय दुई सूत्रहरूमा सम्पूर्ण छ । यसबाहेक श्रीविद्या भाष्य पनि अगस्त्यको नामले प्रसिद्ध छ । यो हयग्रीवबाट प्राप्त पञ्चदशी विद्याको व्याख्या हो । ब्रह्मसूत्रमा पनि अगस्त्यको भाष्य थियो भन्ने प्रसिद्धि छ । किंवदन्तीअनुसार श्रीपति पण्डित– कृत श्रीकर-भाष्य ब्रह्मसूत्र मतको हो ।

त्रिपुरारहस्यको महात्म्य खण्डबाट ज्ञात हुन्छ– हुन त अगस्त्य उच्चकोटिका वैदिक ऋषि थिए, तर पनि उत्सुक रहँदा रहँदै उनले मेरुस्थित श्रीमाताको दर्शन गर्न पाएनन्। उनको तान्त्रिक दीक्षा त्यस समयसम्म सम्पन्न भइसकेको थिएन। अन्ततः, पराशक्तिको गुह्य उपासना गर्न योग्य अधिकार प्राप्त गर्नका लागि उनले देवीमहात्म्य सुने अनि शाक्त दीक्षा पाए।

शाक्तदीक्षाको सिद्धिको महिमाको प्रभावले अगस्त्य-लोपामुद्रा पति पत्नी दुवैले गुरु-मण्डलमा उत्तम स्थान पाए। पति-पत्नी दुवैले सिद्धि पाएका थिए। दत्तात्रेय पनि श्रीविद्याका एक प्रधान उपासक थिए। दुर्वासा जस्तै यी पनि अनूसुयाको गर्भबाट उद्‌भूत भएका थिए। शिष्यहरूका कल्याणका लागि श्रीविद्याको उपासना-हेतु यिनले श्रीदत्तात्रेयसंहिता नामक एउटा विशाल ग्रन्थको रचना गरेको प्रसिद्धि छ। लोककथनअनुसार यिनका शिष्य सुमेधाले श्रीदत्तात्रेयसंहिता र पञ्चाशत खण्डात्मक सूत्र (परशुरामकृत)का सारांशबाट त्रिपुरारहस्यको रचना गरे। थाहा पाइएअनुसार दत्तात्रेय महाविद्या महाकालीका पनि उपासक थिए। शिवभक्त नन्दिकेश्वर पनि श्रीविद्याका उपासक थिए। ज्ञानार्णवमा यिनको उपासित विद्याको उद्धार देखा परेको छ।

शिवभक्त नन्दिकेश्वरले लेखेको ग्रन्थको नाम काशिका हो। उपमन्युले यिनको काशिकामा टीकाको रचना गरेका थिए। नन्दिकेश्वर पनि छत्तीस तत्त्ववादी थिए। तर, यिनको तत्त्व गणना प्रचलित मतभन्दा विलक्षण छ। यिनको मतको ३६ तत्त्वमा साङ्ख्य-सम्मत २५ तत्त्वबाहेक शिव, शक्ति, ईश्वर, प्राणादि पञ्चक र गुणत्रय छन्। यिनका अनुसार प्रधान र गुणत्रय अलग-अलग हुन्। कसै कसैको सोचमा 'अकारः सर्ववर्णाग्र्यः प्रकाशः परमः शिवः'– यो कारिका नन्दिकेश्वरको कारिकाअन्तर्गतको हो। कतिपयको विश्वासमा– वीरशैवाचार्य प्रभुदेवको रचनावलीलाई जसले कन्नड भाषामा टीका लेखेका थिए, उनी दुर्वासा सम्प्रदायका थिए। ऐतिहासिक युगतर्फ दृष्टि पुऱ्याउँदा आर्यावर्तको वास्तविक प्रीतिनीधत्वमा शङ्कराचार्य तथा उनीभन्दा पहिलेका अनि पछिका आचार्यहरूमा तान्त्रिक उपासकहरूका सङ्ख्या कम थिएन।

श्रीशङ्करका परमगुरु श्रीगौडपाद र गुरुदेव श्रीगोविन्दपादको स्थान पौरस्त्य दार्शनिकहरूमा निकै उच्च छ। श्रीशङ्कराचार्य एकातिर जसरी वैदिक धर्मका संस्थापक थिए, अर्कोतिर उनी त्यसैगरी तान्त्रिक धर्मका प्रचारक र उपदेष्टा थिए। यस रहस्यको यथार्थ मीमांसा गर्ने समय भइसकेको छ।

शङ्कराचार्यको प्रसिद्धि वैदिक धर्म र तान्त्रिक धर्म दुवैमा छ । उनको गुरु-परम्परा एउटै हो र अभिन्न छ । केहीका मतमा वैदिक र तान्त्रिक मतमा घनिष्ठ सम्बन्ध स्थापित भएको थियो– दुवैतर्फका आचार्यहरूका नामावलीमा भिन्नता नपाइनाले पनि यही सङ्केत गर्दछ ।

गौडपाद प्रकाण्ड वेदान्ती थिए, उनको माण्डुक्यकारिका ब्रह्मद्वैत सिद्धान्तको अनौठो रचना हो । गौडपाद माध्यमिक अद्वयवाद र योगाचार अद्वय सिद्धान्तका जसरी पूर्ण ज्ञाता थिए त्यसैगरी बौद्धदर्शनका पनि उनी पक्का पण्डित थिए । उनले शून्यवाद र विज्ञप्तिमात्रवाद– दुवै मतलाई राम्ररी जानेका थिए ।

आगम सिद्धान्तमा पनि गौडपादको गहिरो ज्ञान थियो । देवीकालोत्तरका कतिपय वचन उनको कारिकामा पाइन्छ, तर यस विषयमा धेरै भन्नु सम्भव छैन । उनको सुभयोदगस्तुतिले प्राचीन स्तुति-साहित्यमा धेरै उच्च स्थान पाएको छ । यसबारेमा धेरैले टीका लेखेका छन् । "श्रीविद्यारत्नसूत्र" पनि शङ्कराचार्यको रचना हो– यसको पनि अनेकन टीका छन् । कतिपयको विश्वासमा गौडपादले उत्तरगीता जस्तै देवीमहात्म्यको पनि भाष्य रचना गरेका थिए । यस टीकाको रचयिता तान्त्रिक गौडपाद पनि परमहंस परिव्रांजक र अद्वैत विद्यामा निष्णात थिए । तान्त्रिक संस्कृतिमा मूलगत समता हुँदाहुँदै पनि त्यसमा देशकाल र क्षेत्रको भेदले अनेकन सम्प्रदायहरूका उद्‌भव भएका थिए । साधकहरूका प्रकृतिगत भेदको कारण स्वभावतया यस्ता भेद हुने गर्दछन् ।

भविष्यमा जब ऐतिहासिक र विभिन्न सम्प्रदायहरूका इतिहासको अध्ययन गरेर, गहनतापूर्वक तत्त्वहरूका विश्लेषण गर्न सकेमा, तब अवस्य प्रस्टसँग थाहा पाउन सकिने नै छ कि अनेकन सम्प्रदायहरूमा वैषम्य चाहे जतिसुकै नै होस्, तर यसबाट यसको मर्मगत साम्यभाव नष्ट हुँदैन । उपास्यको भेदले उपासनाको प्रक्रिया र आचार आदिमा भेद हुने गर्छ । सामान्यतः पार्थक्यको कारण नै यही हो ।

शैव, शाक्त तथा गाणपत्य सम्प्रदायको अनेकन कुरा प्रसिद्ध छन् । शैव एवम् शैव-शाक्त मिश्र सम्प्रदायमा अनेकन अवान्तर भेद छन् । जस्तो– सिद्धान्त-शैव, वीर अथवा जंगम-शैव, रौद्र-पाशुपत, कापालिक अथवा सोम, वाम, भैरव आदि । अद्वैत दृष्टिअनुसार शैव सम्प्रदायका भेद छन्– सत्रक अथवा प्रत्यभिज्ञा, स्पन्द आदि । अद्वैत मतबाट शक्तिको विभिन्न सम्प्रदायहरूमा दश शिवागम र अठार रुद्रागम सर्वत्र प्रसिद्ध छ । यिनमा आपसमा अलिकति

पनि भेद पाइँदैन, यस्तो कुरो होइन । द्वैत मतमा कुनै मत शुद्ध दैत, कुनै द्वैताद्वैत र कुनै शुद्धाद्वैत छन् । काश्मीरको शिवाद्वैत अद्वैतभावले ओत-प्रोत छन् । शाक्तहरूमा कौलागण पनि त्यस्तै नै छ । कुनै समय सम्पूर्ण आर्यावर्तमा पाशुपत मतको निकै विस्तार भएको थियो । न्यायभूषणकार भासर्वज्ञ त पाशुपत थिए नै । यिनले रचनागरेको गणकारिका आकारमा सानो हुँदाहुँदै पनि पाशुपत दर्शनको एउटा मुख्य ग्रन्थमा दरिएकै छ । लाकुलीश पाशुपत मत पनि एक समय प्रबल थियो । प्राचीन पाशुपत सूत्रमा राशिकरको भाष्य प्रसिद्ध छ ।

वर्तमान समयमा दक्षिण-भारतबाट पाशुपत सूत्रमा कौण्डिन्य भाष्य प्रकाशित भएको छ । लाकुलीशमत वास्तवमा निकै पुरानो हो । महाव्रत-सम्प्रदाय कापालिक सम्प्रदायको नै नामान्तर बुझिन्छ । यामुन मुनिको आगम-प्रामाण्य, शिवपुराण आदिमा विभिन्न तान्त्रिक सम्प्रदायहरूका भेद देखाएको छ । श्रीहर्षले नैषधचरित (१०८८)मा 'सोम-सिद्धान्त' नामको जुन मत उल्लेख गरेका छन्, त्यो कापालिक सिद्धान्त हो, यसमा कुनै पनि शङ्का छैन । 'सोम' शव्दको अर्थ हो 'उमा-सहित' अर्थात् शिवशक्ति युगल ।

रघूत्तमले भाष्यचन्द्र नामको टीकामा सोम-सम्प्रदायको नाम लिएका छन् । नरकपाल धारण गर्नाले कापालिक नाम आयो, यस्तो लाग्दछ । वास्तवमा यो वहिरङ्ग व्याख्या हो । यसको अन्तरङ्ग व्याख्या प्रबोध-चन्द्रोदयको 'प्रकाश' नामको टीकामा गरिएको छ । कापालिक नामको रहस्य भनेको यस सम्प्रदायका साधक कपालस्थ यानी ब्रत्मरन्ध्र-उपलक्षित नर-कपालको अमृत पिउने गर्दछन् । यिनीहरूका धारणामा यो अमृतपान हो । यसैको पान गरेर यिनीहरू महाव्रतको समाप्ति गर्दथे ।

यस सम्प्रदायका साधकले ब्रत्मरन्ध्र-उपलक्षित नर-कपालको अमृतपान गर्नु नै व्रतपारण हो । शावरतन्त्रमा बाह्र गुरुहरू र ती कापालिक गुरुहरूका वाह्र शिष्यहरूका नामसहितको वर्णन पाइन्छ । गुरुहरूका नाम हुन्– आदिनाथ, अनादि, काल, अभिताभ, कराल, विकराल आदि । शिष्यहरूका नाम– नागार्जुन, जडभरत, हरिश्चन्द्र, चर्पट आदि । पुराण आदिमा मतका प्रवर्तक धन अथवा कुबेरको उल्लेख पाइन्छ । कालामुख र भट्ट नामक सम्प्रदायको कुरा पनि सुन्न पाइन्छ । तर यसको विशेष विवरण भने पाइएको छैन । कसै कसैको धारणामा प्राचीन समयमा समयाचार वैदिक मार्गको समकालीन हो र त्यससँग संश्लिष्ट पनि थियो । गौडपाद, शङ्कर आदि समयाचारका उपासक थिए ।

पूर्वकौलको मतमा शिव र शक्ति आनन्दभैरव र आनन्दभैरवी नामले परिचित छन्। यस मतले शिव र शक्तिमा शेषशेषी भाव स्वीकृत छ। तर, उत्तरकौल मतमा यो स्वीकृत छैन। उत्तरकौलमा शिव तत्त्व रूपमा परिवर्तन भइरहन्छ, तर शक्ति सदैव तत्त्वातीत रहन्छ।

शक्ति जब सम्पूर्ण कार्यात्मक प्रपञ्चहरूलाई आफूमा समाहित गर्दछ, तब यसको नाम कारण हुने गर्छ। प्राचीन समयदेखि नै कौलमतका चर्चा हुँदै आएको छ। कौलमतमा नै मानवको चरम उत्कर्ष देखा पर्दछ। कौलमत भन्दछ, तपस्या, मन्त्रसाधना आदिले चित्तको शुद्धि भएपछि नै कौलज्ञान धारण गर्ने यानेग्यता प्राप्त हुन्छ। 'सेतुबन्ध' र 'विज्ञानभैरव'को टीकामा कौलमतलाई राम्रो मानिए पनि शुभागमपञ्चकअन्तर्गत सनत्कुमार-संहितामा कौलज्ञानलाई निन्दा गरिएको छ। कौल, क्षपणक, दिगम्बर, वामक आदि सम्प्रदायहरूको प्रसङ्ग त्यसमा छ। शक्तिसङ्गमतन्त्रको विभिन्न अंशहरूमा तान्त्रिक सम्प्रदायका केही केही विवरण पाइन्छ।

कुनै समय जतातत‌ै तान्त्रिक साधनाको विस्तार भएको थियो। तन्त्रको 'कादि' र 'हदि' मत छप्पन देशमा प्रचलित थिए। यी दुई मतका प्रचार-क्षेत्रको सूचीलाई मिलान गरेर हेर्दा कुन देशमा 'कादि' र कुनमा 'हादि' मत थियो सहजै बुझ्न सकिन्छ। कादि र हादि– दुवै मतका अनेकन अवान्तर विभाग पनि थिए। तन्त्रको विस्तारबाट थाहा हुन्छ, आर्यावर्तको सम्पूर्ण क्षेत्रमा वैदिक संस्कृतिको समानान्तर रूपमा तान्त्रिक संस्कृतिको विस्तार भएको थियो।

कहिलेकाहीँ कतिपय ठाउँमा तन्त्रको स्वतन्त्र पृथक् सत्ता थियो, कहिले तटस्थ रूपमा र कहिले अङ्गीभूत रूपमा पनि पाउँछौं। कहिलेकाहीँ प्रतिकूल रूपमा पनि यस संस्कृतिको प्रचार भएको थियो। आर्यावर्तभन्दा बाहिर पूर्व र पश्चिममा आर्य संस्कृतिको प्रभाव व्यापक थियो। र, बौद्ध संस्कृतिको स्रोत रूपमा मात्रै नभएर, धेरै ठाउँमा ब्राह्मण्य संस्कृतिको धाराका रूपमा पनि थियो। मोटामोटी तेह्र सय वर्षअघि दोस्रो जयवर्माको राजकत्वकालमा मक्बोज अथवा कम्बोडियामा आर्यावर्तको तन्त्रग्रन्थ पुगेको थियो। ती शिवागमअन्तर्गतका थिए। ती ग्रन्थका नाम हुन्– १. नायात्तर, २. शिरश्छेद, ३. विनयशील र ४. सम्मोह। ऐतिहासिकहरूका रायमा नयात्तर सम्भवतः निःश्वास-संहिताअन्तर्गतको होइन र यो सम्भवतः उही उत्तरसूत्र हो। ईसाको आठौं शताब्दीमा गुप्तलिपिमा लेखिएको तन्त्रसंहिताकोप्रति नेपालको दरबार-

पुस्तकालयमा छ। लाग्दछ, 'शिरश्छेदतन्त्र' जयद्रथ-यामलको नै नामान्तर हो।

जयद्रथ-यामलको एउटा पुस्तिका नेपालको दरबार-पुस्तकालयमा छ। कसै कसैले विनयशीललाई जयद्रथ-यामलको परिशिष्ट मान्दछन्। यो आजको प्रचलित सम्मोहनतन्त्रको प्राचीन रूप नै लाग्दछ। बाहिरबाट आर्यावर्तमा आएको तन्त्रको नाम लिनुपर्दा कुब्जिकातन्त्रको नाम सम्झनामा आउँछ। वशिष्ठ-उपाख्यानको सिलसिलामा चीन अथवा महाचीनबाट उपासना क्रम आर्यावर्तमा लिएर आएको भन्ने किंवदन्ती रहेको छ। देवराजको नामबाट शिवको उपासना एवम् विभिन्न प्रकारका शक्ति उपासना आर्यावर्तबाट अन्यत्र प्रवर्तित भएका थिए। यी सबै देवी-देवताहरूका नाम हुन्– भगवती, महादेवी, उमा, पार्वती, महाकाली, महिषमर्दिनी, पाशुपत, भैरव आदि।

चिनियाँ भाषामा लेखिएका प्राचीन इतिहासमा यी सबै विवरण पाइन्छन्। कामरूप, जालन्धर, पूर्णगिरि र उड्डीयन– यी चार पीठको सम्बन्धमा थोर बहुत धारणा धेरैका छन्। कामरूपसँग मत्स्येन्द्रनाथको सम्बन्ध छ।

जालन्धर पीठसँग अभिनवगुप्तका गुरु शम्भुनाथको सम्बन्ध छ। प्राचीन कालमा यी चारवटै स्थान विद्याकेन्द्र अथवा पीठस्थान गणनामा आउने गरेको थियो। यिनीहरूमध्ये श्रीशैल अथवा श्रीपर्वत प्रधान थियो। थाहा पाइएअनुसार स्वयम् नागार्जुन अन्तिम समयमा यहींबाट तिरोहित भएका थिए। यी पीठहरूमा विभिन्न तान्त्रिक साधना प्रत्यक्ष अनुभव र योग्य आधारबाट विद्या दिइने गरेकोमा पछि बौद्धहरूले नालन्दा, विक्रमशिला, उदन्तपुरी आदि स्थानहरूमा यिनै प्राचीन पीठहरूमा अनुकरण गरिएको थियो। तक्षशिलाको नाम सर्वत्र प्रसिद्ध छ। आर्यावर्तमा तत्कालीन समयमा रहेका पीठहरूको विवरण तन्त्रशास्त्रमा दिइएको छ। डा.दिनेशचन्द्र सरकारले यस विषयमा थोर-बहुत चर्चा गरेका छन्। पीठ शब्दबाट वास्तवमा जाग्रत शक्ति-सम्पन्न स्थानको बोध हुने गर्छ।

पीठमा मन, बुद्धि, चित्त, अहङ्कार आदि विषय, अव्यक्त अलिङ्गको व्यक्त ज्योति-स्वरूप लिङ्ग रूप धारण गर्दछ। अम्बिका र शान्ता– यी दुई शक्तिहरूका जहाँ समरसता छ, त्यो प्रधान पीठ हो। अलिङ्ग-अव्यक्त महाप्रकाश परम ज्योतिरूपमा अभिव्यक्त हुने पीठको पारिभाषिक नाम परावाक् हो। यस प्रकार जहाँ इच्छा, ज्ञान र क्रिया तथा वामा, ज्योष्ठा र रौद्रको सामरस्य भएको छ, त्यो स्थान त्यस्तै पीठका रूपमा परिणत भएको हुन्छ। संस्कृतिको महत्त्वको परिचायक हो– मानव आत्माको महनीयताको आदर्श प्रदर्शन। जुन संस्कृतिमा

आत्माको स्वरूप स्वतन्त्र र सामर्थ्यको अतिशय जति नै धेरै हुन्छ, त्यस संस्कृतिको गौरव त्यत्ति नै धेरै रहेको स्वीकार गर्नु आवश्यक छ। वैदिक संस्कृतिका प्रतिनिधि आर्य ऋषिहरूले गाएका थिए–

शृन्वन्तु विश्वे अमृतस्य पुत्राः
श्रा ये धामानि दिव्यानि तस्युः ।
वेदाहमेत पुरुषं महान्तम्
आदित्य वर्ण तमसः परस्तात् ॥

यसै मानदण्डबाट तान्त्रिक संस्कृतिको महत्त्व बोधगम्य हुन्छ । आत्माको स्वरूपगत र सामर्थ्यगत पूर्णताको आदर्श नै यसको महत्त्वको अभिव्यञ्जक हो ।

आगमशास्त्रको स्पष्ट निर्देशन छ, आत्मा यद्यपि स्वरूपतः नित्य शुद्ध छ, तब पनि त्यसको प्रबुद्ध अवस्था नै श्रेष्ठ छ । विमर्शहीन चित् अथवा प्रकाशचित् हुँदाहुँदै पनि अचित् सदृश छ, प्रकाश हुँदाहुँदै पनि अप्रकाशवत् छ र शिव हुँदाहुँदै पनि शववत् छ। यसकारण आणव मललाई नै आदिमल मान्ने गरिन्छ र त्यसको अपनयन नहुँदासम्म चित्स्वरूप अवस्थालाई शिवत्वहीन पशुकल्प दशा भन्ने गरिएको छ। यस अवस्थामा आत्मा साधन नहुँदाहुँदै पनि निरञ्जन पशु मात्र हो ।

यसैको आधारमा तान्त्रिक संस्कृतिको उदात्त घोषणा– सुतिरहेको मानिस हिँड्दैन, यसलाई जगाउनुपर्छ, 'प्रबुद्धः सर्वदा तिष्ठेत्' । निद्राबाट जाग्नु अर्थात् प्रबोधन पछि नै आत्मालाई क्रमिक ऊर्ध्वगतिको मार्गमा परमशिव परासंवित् अथवा परम सत्ताको साक्षात्कार गराउनु । मानिसलाई जगाउनुपर्छ, यो यसको पहिलो सर्त हो । तर यो एकदम कठिन छ । कर्मी, ज्ञानी अथवा अर्को कुनै पनि अवस्थामा अवस्थित आत्मा अधिकांशतः आत्मविमर्शशून्य, देखिन्छ । आफ्नो विशुद्ध स्थितिमा रहनाले मानव अनवछिन्न चैतन्यमय शिवसँग अभिन्न हुन्छ । अशुद्ध अवस्थामा चैतन्यको अवच्छेद रहन्छ । अविच्छिन्न अवस्थामा आत्मा खण्ड-प्रमाताका रूपमा अभिव्यक्त हुन्छ र यसको अगाडि सम्पूर्ण प्रमेय ग्राह्य रूपमा अनुभूत हुने गर्छ। ग्राहक आत्मा गाह्य सत्तालाई आफ्नो सत्ताभन्दा फरक देख्दछ । आत्मा ग्राह्यतर्फ उन्मुख भएमा वुभ्नुपर्दछ चैतन्य अविच्छिन्न भएको छ। पिण्ड-विशेषको साथ अर्थात् शरीरसँग सम्बद्ध हुनुको नाताले अन्यको साथ अहम् अभिमान प्रकट हुन सक्दैन। तर, पूर्णत्वको अवस्थामा अनाश्रित शिवदेखि पृथ्वीसम्म छत्तीस तत्त्वात्मक समग्र विश्व नै आत्माको रूप

अथवा शरीर भावले प्रकाशित हुने गर्छ। अपूर्ण अहम् पूर्णत्व हुनु आवश्यक छ। यही आत्माको परम जागरण हो। आत्माको परम जागरण हो। अद्वैत साधनाले यसैलाई परम लक्ष्य मानेको छ।

चैतन्य अवस्थालाई अनिवच्छिन्नता मान्नु सम्भव हुन्न। त्यस समय आत्माको ग्राहक अवस्था हुने गर्छ। त्यस समय सामान्य सत्ताका रूपमा पूर्णत्वको भान हुने गर्छ, सामान्यात्मक महासत्तालाई यस कुरोको भान विशेष एवम् निर्विशेष दुवै रूपमा हुन सक्छ। दुवैमा भान-स्वरूपता छ। सामान्य सत्ताको यो भान नै 'स्वभाव' पदवाच्य हो। यो वास्तवमा वहुमा एकको खोज हो। यस प्रकार, क्रमशः अनविच्छिन्न चैतन्यतर्फ प्रगति हुँदै रहन्छ। आत्मा जवसम्म निद्रित रहन्छ, यानी कुण्डलिनी-शक्ति जबसम्म उसको अस्मिता योग्यताको तारतम्यले देश प्राण, इन्द्रिय अथवा शून्य या मायामा क्रिया गरिरहन्छ। पदको विस्तार-क्षेत्र यसो त अनाश्रितवाट पृथ्वीसम्म छ, यसकारण पदको सङ्ख्या अनेक छन्। तर, अस्मिता कुनै पदको धर्म होइन, यो चित्तको धर्म हो। जुन कुनै पदमा अस्मिताको धारणा हुन सक्छ।

शुद्ध आत्माको अस्मिताजन्य अभिनिवेश शुद्ध अवस्थामा विश्वमा सर्वत्र छ, किनभने शुद्ध आत्मा ग्राहक होइन। विन्दु शरीरसम्म विभिन्न स्थितिमा यो सर्वत्र व्यापक छ। फेरि पनि, यसको विकास सर्वत्र छैन, किनभने विकास भावना-सापेक्ष हो। तान्त्रिक सिद्धगण ईश्वरत्वलाई चित्तस्वरूपता भन्दछन्। हरेक किसिमको सिद्धि अहम्ताबाट अनुप्राणित छ। तान्त्रिक योग अथवा ज्ञान-साधनाको लक्ष्य हो आत्मालाई जगाउनु। सुप्त रहने आत्माको दृष्टिमा चित्त र शक्ति परस्पर विलक्षण छ। वास्तवमा समग्र विश्व अखण्ड प्रकाश-मात्र हो र आत्माको अन्तःस्थित छ। तर सुप्त आत्माले ठान्दछ विश्व उसभन्दा बाहिर छ। जसै आत्माको निद्रा भङ्ग हुन्छ, तब स्थिति परिवर्तन हुन थाल्छ। यस्तो शुद्ध विद्याको प्रभावले हुन्छ। यस्तो आत्माको तत्कालीन अवस्था पूर्ण रूपमा सुतेको पनि होइन, अनि साथै जागरण पनि होइन। दुवैको बीचको अन्तराल अवस्थामा सुतेको जन्य भेदको प्रतीति पनि रहन्छ, तर संसारको अभेद-ज्ञान पनि रहन्छ। यस्ता मानिसको संसार रहँदैन, तर संसारको संस्कार रहन्छ। यस्तो स्थिति भव पनि होइन, उद्भव पनि होइन। यस अवस्थापछि शुद्ध चित्तको प्रकाश हुन्छ– यो अवस्था केही अंशमा पातञ्जल दर्शनको विवेक-ख्याति अनुरूप हो। यो स्वप्नवत अवस्था हो– पूर्णरूपमा सुतेको पनि होइन,

जागृत पनि होइन। यसकारण यसलाई सही अर्थमा प्रबुद्ध अवस्था भन्न सकिन्न। यस अवस्थामा कर्मक्षय सिद्ध भएकाले यो पनि पशुकोटीमा सामिल छ। तर यो पनि सत्य हो– यी आत्माहरू संवित् मार्गमा सिद्धान्त ग्रहण गर्ने अधिकारिणी भने हुन्। यस पछि मात्रै यथार्थ जागरणको सूत्रपात हुने गर्छ। प्रमाता वास्तवमै प्रबुद्ध भएको अवस्थामा भेद-दृष्टि एकदम रहँदैन। हो, भेद र अभेद दुवैको संस्कार रहन्छ। यसकारण यस अवस्थामा पनि इद रूपमा जड अवस्थाको प्रतीति रहन्छ। कुनै कुनै अंशमा यो अवस्था ईश्वरको अनुरूप हुन्छ। यसमा अनेकन वैचित्य छ। तर यो अनुभववेद्य हो। यसपछि आत्माको जागरण अझ स्पष्ट हुने गर्छ र प्रबुद्ध भाव बढ्दछ र फलस्वरूप इद प्रतीतिवेद्य प्रमेय अहम्रूप, आत्मस्वरूपमा निमग्न भएर निमेष जस्तो प्रतीत हुने गर्छ। तर, यति हुनुको बावजुद यसलाई सुप्रबुद्ध अवस्था भन्न सकिन्न। यो प्रबुद्ध अवस्थाभन्दा श्रेष्ठ रहेकामा भने कुनै सङ्का रहन्न। तान्त्रिक योगी साधक यस आत्माहरूलाई अभेद-प्रतिपत्ति अथवा कैवल्य-प्राप्तिवाट अहमात्मक स्वरूपमा निमग्न रहन्छ। यहाँ इहंता त हुन्छ, तर अहम्ताद्वारा आच्छादित हुनुको कारण अस्फुट रहन्छ। यस अवस्थालाई कुनै कुनै अंशमा सदाशिवको अनुरूप मान्न सकिन्छ, तर यो पनि पूर्णत्व होइन। यसप्रकारको लामो बाटो तय गरेपछि प्राप्त हुने पूर्णता पनि उदय मात्रै हो। यो स्थायी हुँदैन, किनभने तवसम्म उन्मेष-निमेष चलि नै रहन्छ। यस्तो चलिरहन्छ, यसर्थ स्थिति कहिले ईश्वरवत् हुन्छ, कहिले सदाशिववत्। जव उन्मेष रहन्छ, तबको स्थिति ईश्वर जस्तो हुने गर्छ र जव निमेष रहन्छ, तब स्थिति सदाशिवजस्तो हुने गर्छ। दुवै अवस्थामा महाप्रकाश अनावृत रहने गर्छ। शिवादि धरणीसम्म विश्वको भान कहिले रहन्छ, कहिले रहन्न। जब विश्वको भान रहन्छ, तब प्रकाशात्मक रूपमा नै उन्मेष रहन्छ र जब विश्वको भान रहन्न, तव प्रकाशात्मक रूपमा नै निमेष रहन्छ। यसपछि भने पूर्णता स्थायी हुने गर्छ। पूर्णत्वको स्फुरणको कुरा भनिएको छ।

पहिलो अवस्थामा पूर्णत्व स्थायी हुँदैन, किनभने यसको साथमा मनको सम्वन्ध रहन्छ। मन रहनाले मन भएकाले उन्मेष हुने गर्छ र मनको सम्वन्ध नरहनाले निमेष हुने गर्छ। मन रहँदासम्म उन्मेष र निमेषको सम्भावना रहन्छ। मन नरहेपछि उन्मनी अवस्था आउँछ। मनको अभावको प्रभावले पूर्णत्व सुसिद्ध हुन्छ भनेर भन्न सक्दछौं। आगमविद् आचार्यहरूले उन्मनी अवस्थालाई सुप्रवुद्ध अवस्था भनेका छन्। आत्माको जागरण पूर्ण भएको सिद्धि

रहस्यको सम्बन्धमा एक दुईवटा कुरो गर्न सकिन्छ। तत्त्व र अर्थ– यी दुईमध्ये कुनै एकको आश्रय लिएर सिद्धिको उदय हुन्छ भन्ने कुरा सम्झनामा राख्नुपर्ने हुन्छ। जाग्रत दृष्टिले जगत्को प्रत्येक पदार्थको एउटा विशिष्ट क्रियाकारित्व हुने गर्छ। तत्त्वमूलक सिद्धिको प्रकार दुईवटा छन्– एउटा परा, र अर्को अपरा। पातञ्जल योगशास्त्रमा पनि तत्त्वमय अवस्थावाट सिद्धि उदयको विवरण पाइन्छ। अर्थ-विशेषमा आत्म-भावना गरेर योगीले त्यस्तो रूप धारण गर्दछ र कार्य-सम्पादन गर्दछ। योगीले देवतासँग तादात्म्य गरेर जुन कुनै तत्त्वमा अहम्ताको अभिनिवेशवाट सिद्ध प्राप्त हुनसक्छ। मायासम्म एकतीस तत्त्वको अवलम्बन गरेर सिद्धि प्राप्त गर्न सकिन्छ। यस सिद्धिको नाम गुह्यसिद्धि हो। मायातीत शुद्ध विद्या अथवा सरस्वतीको आश्रय लिएर जुन सिद्धिको उदय हुने गर्छ, त्यसको नाम तत्त्वमूलक परासिद्धि हो। लौकिक कामका लागि जुन सिद्धिहरूको उदय हुने गर्छ, त्यसको नाम तत्त्वमूलक परासिद्धि हो। लौकिक कामका लागि जुन सिद्धिहरूको आवश्यकता पर्छ, त्यसलाई अपरासिद्धि भनिन्छ। परा र अपरा– यी दुवै नै सिद्धि खण्ड सिद्धि हुन्, महासिद्धि भने होइनन्।

यी दुवैभन्दा श्रेष्ठ महासिद्धि पनि दुई किसिमको हुन्छ। पहिलो हो, सकलीकरण र दोस्रो हो शिवत्व-लाभ। सकलीकरण अवस्थामा योगीलाई भयङ्कर जलन हुने गर्छ। जुन समय कालाग्नि योगीको शरीरका पाशलाई डढाउँछ, त्यस समय षडध्वा-दाह हुने गर्छ। त्यस अवस्थामा भयङ्कर तापको अनुभव हुन्छ। त्यस पछि स्निग्ध अमृतरसले योगीको सम्पूर्ण सत्ता आप्लावित भइहाल्छ। इष्ट देवताको दर्शन पाएको अवस्थामा योगी सम्पूर्ण विश्वको अनुग्राहक बन्छ। यो अमृत-प्लावनको नाम पूर्णाभिषेक हो। यस अवस्थामा आएर योगी जगत्गुरुको पद्मा अधिष्ठित हुन्छ। यो स्थिति पनि अपूर्ण रहेकाले यसपछि यथार्थ पूर्णख्यातिको उदय हुने गर्छ। यसैको नाम शिवत्व हो। यो परम शिवको अवस्था हो। यो वास्तविक पूर्णत्व अवस्थामा पूर्ण स्वातन्त्र्य आउँदछ। यस्तोमा इच्छा मात्रले भुवन-रचना या विश्व-रचना गर्न सक्ने शक्ति आउँछ। पञ्चकृत्यकारिताको आविर्भाव यसै समय हुने गर्छ। विश्वामित्र आदिले गरेको संसार-सृष्टिको वर्णन शास्त्रमा छ। तान्त्रिक अध्यात्म-दृष्टिको लक्ष्य यही परिपूर्ण अवस्था कैवल्य अथवा निरञ्जन भावको स्थिति प्राप्ति अथवा मायातीत अधिकारीको पद मात्रै पाउनु होइन। मनुष्य मात्रमा वास्तविक पूर्णत्व प्राप्त गर्ने स्वरूप-योग्यता छ।

गुरुतत्त्व र सद्गुरु रहस्य

जसले अखण्ड मण्डलाकार चराचर विश्वको परमपद प्रदर्शन गराउँछ, त्यही गुरु हो[1] र जसले अज्ञानको कारणले अन्धो बनेको शिष्यको आँखामा ज्ञानरूपी अञ्जन-सलाकाले उघारिदिन्छ, त्यही गुरु हो ।[2] यहाँ जुन ज्ञानचक्षु खोल्ने कुरो आएको छ, यही अखण्ड मण्डलाकार चराचरको व्यापक परमपद दर्शनको एक मात्र उपाय हो । यो ज्ञानचक्षु र परमपद वास्तवमा उपाय र उपेय रूपमा गणना गरिए तापनि स्वरूप दृष्टिले एउटै नै वस्तु हो । हामीले विष्णुको परमपद अर्थात् श्रीभगवान्को परिपूर्णतम स्थितिको व्यापक दिव्य चक्षुसँग तुलना गर्दा स्वरूपको दृष्टिले दिव्यचक्षु अथवा ज्ञानचक्षु एवम् परमपदको अभिन्नता नै सिद्ध हुन्छ । कतिपय मानिसको मनमा जिज्ञासा उठ्नसक्छ– यो ज्ञानचक्षु कस्तो हो ? र यसको निमीलन र उन्मीलनको रहस्य के हो ? यस्तै नै ज्ञानचक्षु पनि हो । अज्ञानचक्षुबाट जसरी अज्ञान जगत् र सम्पूर्ण पदार्थहरू भिन्न रूपमा साक्षात् देखा पर्दछ, त्यसैगरी ज्ञानचक्षुबाट ज्ञान-अर्थात् सबैकुरा अभिन्न रूपमा साक्षात् भावले हेर्न सकिन्छ । हामी ज्ञानचक्षु र अज्ञानचक्षुसँग परिचित छौं । अज्ञान अवस्थामा यी दुवै चक्षु काम गर्दछन् र ज्ञानचक्षुको आँखा बन्द भएको हुन्छ ।

ज्ञानचक्षु खुल्नाले उसले पनि त्यसैगरी क्रिया गर्दछ र हामीले चिनेका दुई अज्ञानचक्षु बन्द हुने गर्छ । साधारण अवस्थामा अज्ञानचक्षुको क्रियाशीलताबाट मानिसको दुइटा आँखा हुन्छ । निर्विकल्प समाधिको समय

---

१. अखण्ड मण्डलाकार व्याप्तं येन चराचरम् ।
तत्पवदं दर्शितं येन तस्मै श्रीगुरवे नमः ॥

२. अज्ञानतिमिरान्धस्य ज्ञानाञ्जनशलाकया ।
चक्षुरुन्मीलितं येन तस्मै श्रीगुरुवे नमः ॥

अथवा कुनै उपायले सम्भूत ज्ञानको उन्मेषको समय मनुष्य ज्ञानचक्षु-सम्पन्न एवम् एउटा आँखा भएको भन्ने गरिन्छ। त्यस अवस्था समाप्ति भएपछि फेरि अज्ञानको प्रादुर्भाव हुन्छ र मनुष्य दुइटा आँखा भएका रूपमा व्यवहार-भूमिमा सञ्चरण गर्दछ। ज्ञानको अवस्थाको पूर्णता सिद्ध भएपछि ज्ञान-शक्ति र अज्ञान-शक्ति दुवै नै आफ्नो अधिकारमा हुने गर्छ।

पूर्णता सिद्ध भएको समयमा मनुष्य इच्छा अथवा प्रयोजनअनुसार दुवै शक्तिको समुचित भावले अथवा विकल्पित भावले व्यवहार गर्न सक्दछ।

महाजन-समाजमा यो ज्ञानचक्षुलाई नै तृतीय नेत्रको नामले अभिहित गर्ने गरिन्छ। साधारण अवस्थामा मनुष्य विरुद्ध शक्तिको अधीनमा रहन्छ। प्रत्येक स्तरमा उसलाई त्यस स्तर अनुरूप विरुद्ध शक्तिको सङ्घर्ष सहनुपर्दछ।

श्वास-प्रश्वास, प्राण र अपानको क्रिया, सुख-दुःखको बोध, मान-अपमान अथवा आफ्नो-पराईको ज्ञान आदि सम्पूर्ण द्वन्द्वभाव मौलिक विरुद्ध शक्तिले उद्‌भूत हुने गर्छ। मानिसको दुई चक्षु वास्तवमा वाम र दक्षिण रूपमा दुई परस्पर विरुद्ध शक्तिको प्रतीक समान अन्यान्य इन्द्रियहरू पनि विरुद्ध शक्तिका आस्पद हुन्। यो वाम र दक्षिण-शक्ति पर्याय-क्रमबाट प्राधान्य प्राप्त गर्दछ। कालको आवर्तन र गुणको आवर्तनमा पनि कहिले वाम प्रधान हुन्छ, कहिले दक्षिण अभिभूत हुने गर्छ, र कहिले प्रधान हुन्छ, वाम अभिभूत रहन्छ। यी विरुद्ध शक्तिहरूलाई पार नगरेसम्म शान्ति, प्रेम, समन्वय, मैत्री आदि कुनै पनि सद्‌गुणको विकासको सम्भावना नै हुन्न। यसकारण सर्वत्र नै मनुष्यको, खास गरेर जसले पूर्णतातर्फ लक्ष्य स्थिर गरेको छ, उसको एक मात्र कर्तव्य–जुन उपायले पनि होस्, यस द्वन्द्वबाट पार पाउनु हो, द्वन्द्वातीत हुनु हो। यसकारण, शरीरको आश्रय लिएर कर्मपथमा प्रवृत्त हुनु नै सबभन्दा पहिले यी दुई विरुद्ध शक्तिहरूका मध्यविन्दु छ, त्यो अव्यक्त हो। तर अव्यक्त हुँदाहुँदै पनि यो जुन मध्यमार्गको मूल आधार हो, यसमा कुनै शङ्का छैन। विरोध रहँदैन, यसकारण अव्यक्त भूमिलाई पनि मध्य भन्न सकिन्छ।

कुण्डलिनी जागरण वास्तवमा दुई विरोधी शक्तिहरूको मध्यभमिमा दुवै शक्तिहरूको साम्यावस्थामा योगीसाधकले प्राप्त गर्ने उद्दीपन अनुभवको पारिभाषिक नाम हो। यसलाई कुण्डलिनी जागरण नभनेर यदि महाशक्तिको विकास भन्ने हो भने, तब पनि कुनै क्षति भने हुँदैन। बुद्धले धेरै समयसम्म गुरु-उपदेशका अधीन रहेर र त्यसपछि स्वयम् बाह्यतः अनुपदिष्ट भावले यस

मध्यशक्तिको नै साधना गरेका थिए। मध्यमार्गको आविष्कार वास्तवमा चिदाग्निको प्रज्वलन मात्र हो।

प्रज्वलित भएर चिदाग्निअग्निशिखा क्रमशः मध्यपथको सहाराले माथितिर उठिरहन्छ। यद्यपि वाम र दक्षिण– यी दुई पाश्वगत शक्तिहरू अभिभूत भएको हो र ब्रह्मपथमा जाने सरल शक्तिको ऊर्ध्वगति सिद्ध भएको छ, तथापि संस्कार रूपमा दक्षिण र वामको प्रभाव हटिसकेको भने हुँदैन। तर प्रज्वलित अग्निको यस्तै महिमा छ– ऊर्ध्वगतिको साथ-साथै जसरी उसको वेग बढ्दछ, बायाँदेखि दायाको आकर्षण र विकर्षण कम भइहाल्छ। चरम अवस्थामा वाम र दक्षिण विरुद्ध संस्कार संस्कार-रूपमा पनि रहन्न र जब यो संस्कार क्षीण हुने गर्छ, तब एक हिसाबले अग्निको ऊध्वगति पनि अन्त भइहाल्छ। जबसम्म इन्धन रहन्छ, तबसम्म मात्र आगो बलिरहन्छ, इन्धन सकिएपछि आगो निभ्दछ, त्यसरी नै जबसम्म दायाँ र बायाँको वक्रगतिको संस्कार रहन्छ तबसम्म नै मध्यमार्गको ऊध्वगतिको खेल चलिरहन्छ।

उपशम अवस्थामा विराट् र विशाल प्रकाश-रूपमा त्यो ऊर्ध्व गतिशील अग्नि अर्थात् चिदाग्नि आफूलाई अभिव्यक्त गर्दछ। यसैको नाम ज्ञानचक्षुको विकास र षट्चक्र-भेदको पूर्ण परिणति हो। ज्ञानचक्षु अर्थात् व्यापक ज्ञान प्रकाश भएमा आत्मा स्वभावतया नै अनात्मासँग अलग भइहाल्छ। देहात्मबोध चिदाकाशको प्रकाश र ज्ञाननेत्रको उन्मिलन अवस्थाको उदय हुन्छ, बुझ्नुपर्दछ, यो त्यस ज्ञाननेत्रको उपयोग र व्यवहारको सम्बन्धमा छ।

सद्गुरु आफ्नो शक्तिद्वारा शिष्यलाई, अर्थात् शिष्य-चैतन्यको सम्पूर्ण प्राकृतिक आवरणबाट मुक्त गरेर यस शान्त स्वरूपमा स्थापित गर्दछ। भ्रूको बीचसम्म षट्चक्रको विस्तार हो। गुरुको कृपाबाट आत्मचैतन्य भ्रूको मध्यलाई छेडेमा देहात्मबोधबाट मुक्ति पाइहाल्छ।

देहात्मबोधबाट मुक्तिको साक्षात् उपाय आत्मचैतन्य-रूप व्यापक ज्ञानको विकास हो। ज्ञानशक्ति र क्रियाशक्ति पूर्ण रूपले आफ्नो अधिकारमा लिएर सर्वज्ञ भएपछि पनि जबसम्म कर्तृत्व प्राप्त गरेर क्रियाशक्तिलाई वशमा राख्न सक्दैन, तबसम्म स्वयम् मुक्त भएर पनि अर्कालाई मोचन-क्रिया गर्ने अधिकार पाउँदैन।

कुरा के हो भने, श्रीभगवान्‌को कृपा प्राप्त गरेका जीवलाई सद्गुरुले दीक्षा दिएर उद्धार गरिदियो भने, तब पनि जीवन्मुक्तिका लागि त्यस जीवले आफूले पनि केही कर्तव्य गर्नुपर्ने नै हुन्छ। किनभने श्रीगुरुको कृपाले दीक्षा रूप

क्रियाशक्तिको प्रभावको अधिकारी-विशेषमा पौरुष-अज्ञान हटाउँदा पनि जीवको बुद्धिगत अज्ञान समाप्त नभएसम्म शिवत्व लाभ गरेर पनि आफूलाई शिवरूपमा चिन्न सक्दैन, र यसकारण जीवनमुक्ति साक्षात्कार-रूप आनन्दको सम्यक् रूपबाट उपलब्धि प्राप्त गर्न सक्दैन । भोग यस जन्ममा पूरा हुन सक्दछ र अवस्था विशेषमा ऊर्ध्वलोकमा जन्मान्तर परिग्रह गरेर उसले आफ्नो अनुरूप भोग प्राप्त गरेर ऊर्ध्व शरीरको अवसान पनि पूरा गर्न सक्छ । सद्गुरु आफ्नो अनन्त करुणाद्वारा प्रेरित भएर पूर्ण ज्ञानशक्ति र पूर्ण क्रियाशक्तिको प्रभावले अनादिकालको त्यस्तो जीवलाई जगाइदिन्छ र उसको आँखाको पर्दा उघारेर उसलाई शिवपदमा स्थापित गराउँदछ । धेरै नै उच्च अधिकारीका लागि, सायद गुरुको आवश्यकता नपर्न सक्छ, तर साधारणतः यही नियम लागु हुन्छ । प्रायशः गुरुले आफ्नो गुणले र आफ्नो शक्तिले शिष्यलाई अखण्ड मण्डलाकार, चराचर व्यापक पदको प्रदर्शन गराउँदछ ।

जुन गुरु अखण्ड पदमा प्रतिष्ठित गराउन सक्दैन, ऊ गुरुका रूपमा परिचित हुँदाहुँदै पनि सद्गुरु होइन । किनभने निरवच्छेद मुक्ति नै मुक्ति हो । अवशिष्ट सूक्ष्म बन्धनका लागि गुरुको आवश्यकता पर्ने हुँदा अखण्ड मण्डल रूप परमपद नै गुरुले पनि देखाउनुपर्छ र त्यही नै शिष्यले पाउनुपर्छ । यो अखण्ड पद मायिक जगत् र त्यसभन्दा पनि पर शक्ति-जगत्-समन्वित अखण्ड मण्डलाकार प्रकाश हो । यसमा निष्कल सत्ता अखण्ड-रूप र अनविच्छिन्न स्वातन्त्रमय प्रकाश-रूपमा माउसुली जस्तो रहेको छ र विभिन्न कलामय खण्ड-सत्ता अनन्त वैचित्र्य भरिएको भुवनरूपमा तथा त्यसअन्तर्गत शरीरधारी, इन्द्रियधारी, अन्तःकरण सम्पन्न सत्ता रूपमा विद्यमान छ ।

जसले आफ्नो महिमा र अपार करुणाले यस अखण्ड सत्ताबाट अभेदको उपलब्धिहरूका ढोका खोलेको छ, उही गुरु हो, उही नमस्य हो । भनिएको पनि छ गुरुको काम प्रदर्शन मात्र हो ।

हो, गुरुको काम प्रदर्शन मात्र भन्नु सतप्रतिशत सत्य हो । गुरुले एकातिर जुन शक्ति प्रदर्शन गराउँछ, अर्कोतिर त्यही शक्ति दर्शन गर्ने हुँदा अद्वैत भूमिमा प्रदर्शन र दर्शन यानी देखाउनु र हेर्नु एउटै कुरो हो । शिष्य-आत्मा साक्षात् भावले हेर्दछ, गुरुले देखाउँछ ।

शिष्यले हेर्ने र गुरुले देखाउने अभिन्न र अविभक्त व्यापार हो यति मात्रै होइन, गुरुले देखाउने, शिष्यले हेर्ने र अन्तमा हुनु, एउटै नै अखण्ड स्वप्रकाश

चिदुज्ज्वल महाशक्ताको तीनवटा दिशाहरू मात्र हुन्। किनभने अभेदबाट आत्माले जेजति देख्दछ, स्वयम् पनि त्यही भई जान्छ। अथवा ऊ जो भएको छ, ऊ त्यही देख्ने गर्दछ। 'सद्गुरु' शब्दको प्रयोग शास्त्रमा अनेकन ठाउँमा विभिन्न प्रसङ्गहरूमा आउने गर्दछ। यसमा कुनै शङ्का छैन, धेरै पटक गुरु र सद्गुरु शब्दको प्रयोग एकै रूपमा एकै अर्थमा हुने गर्छ। तर कतै कतै 'सत्' यो पूर्वनिविष्ट विशेषणद्वारा असद्गुरुबाट गुरु विशेषको विलक्षणता बताउने गरिएको छ। यस्ता स्थलहरूमा सद्गुरुको अभिप्राय के हुन्छ र प्रसङ्गः असद्गुरु को हो– यसको चर्चा गर्नु पनि आवश्यक हुन्छ।

सद्गुरु र असद्गुरुको बारेमा थाहा पाउने इच्छा स्वभावतः हुन्छ, यस विषयमा शास्त्रको निगूढ रहस्य के हो।

तर यस जिज्ञासाको निवृत्ति पनि शास्त्रको सहारा नलिएसम्म अर्को उपायले सम्भव देखिन्न। सद्गुरुको आश्रय नपाएसम्म जीव एकसाथमा अभिन्न भावले भोग र मोक्ष– दुवै सिद्धि प्राप्त गर्न सक्दैन, अर्थात् पूर्णत्व प्राप्त गर्न सक्दैन।[३] सद्गुरु पाउनमा मूलतः भगवत्-इच्छा नै मुख्य कारण हो र जीवको इच्छा त्यस मूल इच्छाको नै अनुगामिनी हो, यो 'यियासुः शिवेच्छया'बाट राम्ररी बुझ्न सकिन्छ। तर, यो स्मरण राख्नै पर्छ, सद् गुरु प्राप्तिका मूल्यमा

---

३. भोग र मोक्षको समय अवस्था नै जीवन मुक्ति हो। भोक्ता जब भोग्यबाट एकीभूत हुन्छ, तव त्यस एकीभावलाई 'भोग' भनिन्छ, 'मोक्ष' पनि भनिन्छ। **प्रबोध-पञ्चदशिका**मा छ– "तस्या भोक्ता एवम् परमं पदम्॥" वास्तवमा भोग र मोक्षको अनुभूतिको समरसता नै जीवन मुक्ति हो। महेश्वरानन्दको मतमा (म. मञ्जरी, पृ. १३७) यही त्रिक्दर्शनको विशेषता हो। श्रीरत्नदेवमा छ– "भुक्तिर्वा मुक्तिश्च नान्यत्रैका पदार्थतः। भुक्तिमुक्ति उभेदेवी विशेषे परिकीर्तिते॥" यो अवस्था आफ्नो विश्वात्मकता– "सर्वो ममयं विभवः" यस रूपमा अनुभूत हुन्छ। यो विश्वात्मकता आत्माको स्वभाव हो, आहार्य या आगन्तुक धर्म होइन। भोग र मोक्षको यो जुन एक्य छ, यसलाई वौद्धमार्गिले पनि जानेका छन्। सहजयान मार्गिले भन्दछन्– वायुको मन याः वोधि चित्तलाई दियो वनाउन सकेमा 'महासुख' प्रकाशनाम हुन्छ। तव त्यस जिनरत्न अथवा वरगमन नामक अद्यः ऊर्ध्व पद्मलाई अवधूती-स्पर्श हुन्छ, फलस्वरूप भव र निर्वाण एकै साथमा सिद्ध हुने गर्छ। भवभोग= पाँच किसिमका कामगुणः निर्वाण= महामुद्रा-साक्षात्कार।

एउटै नै भगवान्-इच्छा काम गर्दछ, यसमा शङ्का छैन । परमेश्वरको साक्षात् ज्ञान प्राप्त गरेर जसले उनको साथमा तादाम्य गर्न सक्दैन, यस्ता तन्त्रमात्रका उपदेशक आचार्यहरूलाई 'असद्गुरु' भनिन्छ । जुन साधकहरूका चित्त यस कोटिका आचार्यप्रति गहिरो श्राद्धले भरिएको हुन्छ, तिनले आगमशास्त्रको उपदिष्ट परामुक्ति पाउन सक्दैनन्, तिनीहरूले त मायाराज्य पनि पार गर्न समर्थ हुँदैनन् । तिनीहरूले जुन मुक्ति पाउँछन्, त्यो वास्तविक मुक्ति होइन्, त्यो प्रलय-कैवल्य जस्तै एउटा अर्द्धजऽअवस्था मात्रै हो । यस्ता साध त्यस अवस्थामा पनि पशुत्व निवृत हुन सक्दैनन् ।[४] यो मायापाश अथवा श्रीभगवान्को वामा-नामको शक्तिबाट रञ्जित रहन्छ, यसकारण असद्गुरुमा यसको अनुराग र विश्वास गाढातर हुने गर्छ । तर, यो कुरो होइन, यसमा पनि कसै कसैले सद्गुरु प्राप्त गर्न सक्दैन । भगवद्कृपा-प्राप्त शक्तिपात-पवित्र साधक जब आफ्नो स्वरूप-प्राप्तिका लागि व्याकुल हुन्छ, तब ज्येष्ठा नामको भगवद् इच्छा शुद्ध विद्याको विकास एवम् 'सत्कर्म' नामले प्रसिद्ध छ । असद्गुरु होस्, चाहे सद्गुरु दुवै प्रवृत्तिहरूका मूलमा भगवद् इच्छा रहन्छ ।

वास्तविक कुरो भनेको शक्तिपादको प्रवृत्ति क्रमिक हो ।

शक्तिपातका विचित्रताबाट नै गुरु र शास्त्रगत सदगत् भावको विचित्रता हुने गर्छ । पूर्ण सत्यको प्रतिपादक शास्त्र र गुरु नै सद्गुरु हो । जुन वास्तविक

---

४. जुन आगम-समस्त परामुक्ति हो, त्यही पूर्णत्व हो । आगम मतले साङ्ख्यको कैवल्य पूर्णत्व होइन, वेदान्तको मुक्ति पनि पूर्णत्व होइन । द्वैत र अद्वैत– दुवै नै आगमहरूबाट यसको समर्थन हुने गर्छ । जयरथ भन्दछन् (तन्त्रलोक-टीका, ४।३१) : वेदान्त-मुक्ति सवेद प्रलयकाल अवस्था जस्तो हो । ऊ यस मुक्तिलाई विज्ञान-कैवल्यवत् पनि मान्दैन । यसबाट यस्तो लाग्दछ, उसको मतले यस अवस्थामा (वेदान्तको मोक्षमा) आणव मल सम्पूर्ण नै विद्यमान रहने गर्छ, ध्वंसोन्मुख पनि हुँदैन । तर, विज्ञान-केवल्यमा आणव मल थोरैभन्दा थोरै ध्वङ्सोन्मुख त हुन्छ नै– पूर्णत्वः ध्वस्त पनि हुन सक्दछ । विज्ञानकेवलीको कर्म होइन, यसकारण पुनरावृत्ति हुँदैन– आगव मल ध्वङ्सोन्मुख हो, यसकारण यसबाट कर्म पनि जन्म लिन सक्दैन । तर, कुनै कुनै वेदान्त मोक्षलाई विज्ञान कैवल्यपत् वुभ्दछन् । वैष्णव आदिको मोक्ष त्यस मतबाट प्रलयकाल जस्तो हो । यस अवस्थामा दीर्घकालसम्म मोहादि रूप भोग हुन्छ । पछि मात्र जन्म हुने गर्छ (नयाँ सृष्टिमा) । न्यायादिको अपवर्ग आत्माको सर्वविशेष गुणोच्छेद हुनुको कारण अपवेद्य प्रलयाकल-सदृश हो ।

मोक्ष होइन, त्यो पनि जुन मोक्ष जस्तो लाग्दछ र मोक्ष ठानेर त्यसैलाई नै पाउने जुन स्पृहा उत्पन्न हुने गर्छ, यसको एक मात्र कारण माया नै हो। यसकारण, दृढ संस्कारवश साधकको चित्त त्यस किसिमको शास्त्र र गुरुमा आस्था राख्दा पनि भगवान्को कृपाले त्यसमा 'सत्तर्क' र परामर्श ज्ञानको आविर्भाव हुन सक्दछ। यस्तोमा कुन सार हो र कुन चाहिँ असार हो यो बुझ्न गाह्रो हुँदैन।

यस किसिमबाट शुद्ध विद्याको प्रभावले, ज्येष्ठा शक्तिको अधिष्ठानले पवित्रता प्राप्त हुन्छ तथा निर्विघ्न सत्पथ पाउने सामर्थ्य प्राप्त हुन्छ। यस्ता उत्तम साधक पनि छन्, जसको सत्तर्क गुरुको उपदेश अथवा शास्त्रादिको अपेक्षा नगरेर आपसेआप ज्ञान आपसेआप (स्वतः) उत्पन्न हुने गर्छ– ऊ गुर आदिको अधिनमा हुँदैन।[५] जस्तो यो ज्ञान पनि स्वभावसिद्ध हो, त्यसैगरी यस किसिमको तत्त्वनिष्ठ साधक पनि स्वभावसिद्ध हो (सांसिद्धिक)। किनभने, भगवान्को शक्तिःपद आदि अदृष्ट निमित्त अवश्य हो।

तर हो, लौकिक निमित्त होइन, यो सत्य हो। परामर्श-उदयको पूर्वनिर्दिष्ट कारण-परम्परामा गुरुको शास्त्र श्रेष्ठ हो र शास्त्रभन्दा स्वभाव श्रेष्ठ हो।

गुरु जसरी शास्त्राधिगमका उपाय-स्वरूप हुन्, त्यसरी नै शास्त्र स्वभाव-प्रतिको द्वारभूत रहेकाले गुरु र शास्त्रको कारण गौण हो, मुख्य होइन। स्वभाव नै मुख्य कारण हो।[६] जसको सत्कर्म स्वभावतः (स्वतः) उदित हुने गर्छ, उसको अधिकारमा बाधा देओस्, यस्तो कुनै शक्ति छैन। उ आफ्नो संवित्ति-देवीहरूद्वारा नै दीक्षित र अभिषिक्त हुने गर्छ। उसको आफ्नो सम्पूर्ण इन्द्रिय-वृत्तिहरू

---

५. त्रिपुररहस्यमा छ : 'उत्तमानां तु विज्ञानं गुर शास्त्रानपेक्षणम्।' वामदेव, कर्कटिका एवम् अन्यान्य अकृत-श्रवण व्यक्तिहरूका ज्ञान यस्ता सांसिद्धिक थियो, यस्तो थाहा भएको छ। आत्माको स्वरूपमा ज्ञाता-ज्ञेय र ज्ञान– यो भेद होइन, यो परमुक्त रूप, सङ्कल्प-विकल्पहीन, मोहहीन हो। नित्यसिद्ध हुँदाहुँदै पनि जीवले यो जान्दैन। यसको उलिक्षण अथवा परिचय हुँदैन। गुरु र शास्त्रले परिचय गराउँदछ। कसैकसैलाई परिचय आफसे आफ हुने गर्छ।

६. योगवशिष्ठमा छ : "शिष्यप्रज्ञेव वोधस्य कारणम् गुरुवाक्यतः" (निर्वाण-प्रकरण, १।१२८।१६३)। अर्थात् गुरुवाक्यवाट जुन बोध उत्पन्न हुने गर्छ, त्यसको कारण शिष्यको प्रज्ञा नै हो। यसकारण, स्वपरामर्श नै गुरु र शास्त्रज स्थलमा प्रधान छ– यसमा कुनै शङ्का छैन।

अन्तर्मुख भएर प्रमाताको साथमा– स्वात्माको साथमा– ऐक्य भइहाल्छ। यिनै द्योतना दिने संविद्-देवीहरू हुन्। यिनीहरूले उसको ज्ञान-क्रियाख्य सुतेको चेतनालाई उत्तेजित बनाउनु नै दीक्षा हो। जुन क्रियाद्वारा ऊ सर्वत्र स्वातन्त्र्य प्राप्त गर्दछ, त्यो अभिषेक हो।

बहिर्मुख चित्तका वृत्तिहरू नै अन्तर्मुख अवस्थामा शक्तिको नामले सम्बोधन गर्ने गरिन्छ। यस्ता साधक रहँदा रहँदै अर्को कुनै परानुग्रह आदि व्यापारमा अधिकारी हुने गर्दैन। साधारण साधक गुरुबाट शास्त्र-रहस्य थाहा पाउँदछ। तर, जसको ज्ञान स्वभावसिद्ध हो, उसले सत्कर्मबाट सम्पूर्ण शास्त्रहरूका अर्थ बुझ्न सक्दछ। यस्तो कुनै सत्य हुनेछैन र हुन पनि सक्दैन, जो शुद्ध विद्याको आलोकमा प्रकाशित हुन सकोस्।

यसकारण यसप्रकारका साधक कुनै लौकिक निमित्तको सहारा नलिएर नै सम्पूर्ण शास्त्रका निगूढ रहस्य भेदन गर्न समर्थ हुन्छ। प्रतिभा महाज्ञानको विशिष्टता भनेकै यही हो। जुन आश्रय लिएर ज्ञानको उदय हुने गर्छ, त्यसलाई ज्ञानको पर्खाल भनिन्छ। यो आफ्नो विमर्श र परकृत ती-ती कर्महरूका अभिधायक शास्त्रबाहेक अरू केही होइन।

यो बुझ्नमा पनि गाह्रो छैन, त्यो के भने स्वभाव सिद्ध ज्ञान कसैको पनि सहारा नलिएर नै आउँछ, यसकारण ऊ पर्खालविहीन हो। जसको सत्कर्मको उदय आपसेआप हुन्छ, उसको सम्पूर्ण बन्धन खुकुलो बन्दछ र शिव-भावको आविर्भाव हुने गर्छ। उसलाई सांसिद्धिक गुरु भन्न सकिन्छ। आफ्नो बारेमा उनले केही गर्नुपर्ने नै रहँदैन, किनभने ऊ स्वात्मामा कृतकृत्य हुन्छ, यसकारण अरूको अनुग्रक नै उसको एक मात्र प्रयोजन हुन पुग्छ। योग-भाष्यकारले ईश्वरको सम्वोधनमा जे भनेको छ,[७] यस्ता सांसिद्धिक गुरुको सम्बन्धमा ठीक त्यही कुरो भन्न सकिन्छ। "तस्य आत्मानुग्रहां भावेहपि भूतानुग्रह एवम् प्रयोजनम्।" यो परानुग्रह अनुग्राह्त्य जनहरूको योग्यताको तारतम्यको हिसाबले विभिन्न प्रकारको हुने गर्छ। निष्काम या अनुसन्धानहीन दृष्टिबाट मात्र गुरुले निर्मल संविद् या शुद्धचित्त अनुग्रहार्थी योग्य शिष्यलाई गर्ने गर्दछ। आफ्नो

---

७. "स्वं कर्तव्यं किमपि कलर्येल्लोक एष प्रयत्नात्
नो पारक्यं प्रतिघटयते काञ्चन स्वात्मवृत्तिम्।
यस्तु ध्वस्ताखिलभवमलो भैरवीभावपूर्णः
कृत्यं तस्य स्फुटमिदमियल्लोक कर्तव्य मात्रम्॥"

बोधरूप स्व-शक्तिको सञ्चारले शिष्यलाई आफूसँग समभाव गराउनु नै अनुग्रहको लक्षण हो । "तं ये पश्यन्ती ताब्रू प्यक्रमेणामलसंविदः ।

तेऽपि तद्रूपिणस्तावत्ये वास्त्यानुग्रहात्मता ॥"

निष्काम शिष्यलाई अनुग्रहको व्यापारमा उपकरणको आवश्यकता नपर्नु निर्भित्तिक ज्ञानको उदाहरण हो । तर आनुग्रह शिष्य त्यस्तो निर्मल संविद्-विशिष्ट भएन भने त उपकरणको आवश्यकता पर्छ । अर्थात् यस्तोमा 'यसलाई म यस किसिमले अनुग्रह गर्नेछु'– गुरुमा यस्तो अनुसन्धानमूलक प्रश्न जगाउँदछ । यसकारण, गुरु परमेश्वर-रूपी हुंदाहुँदै पनि उपायभूत शास्त्रादिको श्रवण र अध्ययनप्रति आदर देखाउँदछन् ।

अशुद्धचित अनुग्राह्यगण अलग अलग प्रकारका हुन्छन्, यसकारण तिनीहरूका विभिन्न मानिसक प्रकृतिअनुसार आवश्यक उपकरण पनि अलग अलग हुने गर्छ । यस्तोमा जुन शास्त्रहरूमा ती उपकरणहरूका वर्णन छ, त्यसको पनि आवश्यकता हुने गर्छ । जसरी कुनै मनिस एउटै औषधीको जानकारी रहेको आधारमा सबै किसिमका रोगहरूको चिकित्सक बन्न सक्दैन, त्यसैगरी कुनै एउटा विशेष हेतुको आवलम्बनले अलग-अलग प्रकृतिका मानिसको गुरु हुन सकिदैन । यसकारण पर्खाललाई सर्वगत रूपमा ग्रहण गर्न सकिन्छ । तर, कोही कुनै निर्दिष्ट शास्त्रअनुसार यसो त उचित अनुग्राह्यगणमा कृपा गर्दछ ।

आगममा पनि वाम, दक्षिण, कौल, त्रिक इत्यादिको भेद पाइन्छ । कसैले पनि यसरी बुझ्नु भएन– यसप्रकार शास्त्रीय मर्यादाको रक्षा गर्न सकिन्छ, यसकारण गुरु स्वभावसिद्ध प्रतिभा ज्ञान-विशिष्ट होइन । वास्तवमा भन्ने हो भने गुरुको आफ्नो लागि केही कर्तव्य छैन, फलस्वरूप उनलाई स्वार्थ-साधनका लागि केही पनि आवश्यकता रहन्न । यसबाट थाहा हुन्छ कि यद्यपि गुरु स्वयम् स्वतन्त्र र सांसिद्धिक परामर्श-विशिष्ट हुने गर्छ, फेरि पनि उनको अनुग्रह-प्रदर्शन शिष्यको अधिकारको हिसाबले विभिन्न थरीको हुने गर्छ । अनुग्रह प्राप्त गर्ने शिष्य निर्मल-चित्त भयो भने त उनको अनुग्रह निरूपाय हुन्छ, नत्र त सोपाय ।[८]

---

८. वोधिचित्त-विवरणमा छ– "देशना लोकनाथानां सत्त्वशयवशानुगा" इत्यादि । वौद्धगण पनि भन्दछन्– गुरुहरूका जुन अलग-अलग उपदेश छन्, त्यो शिष्यहरूका योग्यतादि अधिकार-भेद-निवन्धन हो । आपद दृष्टिले उपदेशमा भिन्नता देखा परे तापनि सबै सद्गुरुहरूका मूल उपदेश एउटै हो ।

सांसिद्धिक गुरुले अन्य आचार्यहरूका मदतबाट सिद्धि पाएका होइनन्, यसकारण उनीहरूलाई अकल्पित भनिन्छ ।[१] यस्ता गुरुको सम्बन्धमा शास्त्रको उक्ति छ–

अदृष्टमण्डलोऽप्येवं यः कश्चित् वेत्ति तत्त्वतः ।
स सिद्धिभाग्भवेन्नित्यं स योगी त च दीक्षितः ॥
एवम् यो वेत्ति तत्त्वेन तस्य निर्वाणगामिनी ।
दीक्षा भवेदिति प्रोक्तं तच्छ्रीत्रिंशकशासने ॥

अकल्पित गुरुको चर्चा गरिएको छ । आफ्नो भावनाको बलले शास्त्रज्ञान प्राप्त गर्नेको ज्ञान सांसिद्धिक हो, यसकारण अकल्पित र आत्म-भावनाको बलले शास्त्रवेदन क्रमले कल्पित हो– यसकारण यस्तो नाम हो । शक्तिपात-रूप उपायको तीव्रतादि भेदले यी गुरु अनेकन किसिमका हुन्छन् । यतिमात्रै होइन यिनको स्वयम्प्रवृत ज्ञानको पूर्णता आत्मभावना-रूप निमित्त मात्रै हुन्छ, वरू ध्यान, जप, सपना, व्रत, होम आदि अन्यान्य निमित्तवाट पनि हुन सक्छ । यी सवै अलग अलग उपायहरूले महाज्ञानी अकृत्रिम (अकल्पित) अभिषेक गुरु आदिद्वारा अनुष्ठित हुँदैनन् । यसबाहेक 'कल्पित' र 'कल्पिताकल्पित' गुरु पनि छन् ।

जसको सत्तर्कको उदय आपसे-आप हुँदैन, उसका लागि अकल्पित अथवा अर्को कुनै गुरुको यथाविधि र भक्तिपूर्वकको सेवाद्वारा प्रसन्न बनाएर शास्त्रसम्मत क्रम अनुसरणले उनीसँग दीक्षा लिएर शास्त्रार्थ-ज्ञान प्राप्त गर्ने व्यवस्था छ । गुरुको आराधनाबाट शुद्धविद्या उदय भएपछि, उसले अभिषेक प्राप्त गरेर परानुग्रह आदि कुरोमा अधिकार प्राप्त गर्दछ ।

यस किसिमबाट अभिषेक भएकालाई कल्पित गुरु भनिन्छ । तर, कल्पित अर्थात् आचार्यान्तरबाट निष्पादित भएपछि पनि यी सबै पासलाई एकदम नष्ट गर्नमा समर्थ हुन्छ । कल्पित हुँदाहुँदै पनि स्वतः प्रवृत्त बोध हुनुको नाताले यी

---

१. प्रतिभ ज्ञान अकृत्रिम, अकल्पित छ, गुरुः पनि अकृत्रिम हो । कुनै कुनै गुरु आदिको सहारा नलिएर पनि पूर्णज्ञान प्राप्त गर्न सक्दछ, यो तन्त्रसम्मत हो । यस्तो यदि छिट छिटै शक्तिपातको फलस्वरूप हुन्छ, तव तत्काल शिवत्व प्राप्त हुने गर्छ– शरीर रहन पनि सक्छ नरहन पनि सक्छ । रह्यो भने पनि, त त्यो शिवशरीर हो । उसको प्रारब्ध हुँदैन । यो स्वच्छन्द अवस्था हो । यदि यो मध्तीत शक्तिपादको कारणवाट हो, तव प्रातिभ ज्ञानको उदय हुने गर्छ– वाहिरी गुरुको आवश्यकता पर्दैन । वौद्धधर्ममा पनि धेरै-कुरो यस्तै किसिमको अङ्गीकार छ ।

अकल्पित हुन् । यी गुरुका कल्पित अंश नै श्रेष्ठ हो । चार किसिमका गुरुको आपसी सम्मिश्रणको कारण अवान्तर विभागको फलस्वरूप, कल्पित र अकल्पित गुरुमा पनि कुनै प्रभेद हुँदैन– कल्पित गुरु पनि शिष्यको पाशलाई छेदन गरेर शिष्यत्वको अभिव्यक्तिमा समर्थ हुन्छन् ।

किनभने, स्वयम् परमेश्वर नै आचार्यदेहमा अधिष्ठित भएर जीवहरूका बन्धनको मोचन गराउँछ– नत्र त एउटा जीव अर्को जीवको उद्धार गर्न सक्दैन । शास्त्रमा उल्लेख छ–

यस्मान् महेश्वरः साक्षात् कृत्वा मानुषविग्रहम् ।
कृपया गुरुरूपेण मग्नाः प्रोद्धरति प्रजाः ॥

यहाँ हामीले मनुष्य-गुरुको चर्चा गरिरहेका छौं । वास्तवमा, सिद्ध गुरु र दिव्य गुरु पनि छन् । तर मूलमा सर्वत्र परमेश्वर नै एक मात्र अनुग्रहक हुन् । गुरुको जुन प्रकारले भेद गरिएको छ, त्यसको कारण छ । ज्ञानेन्द्रियादिको प्रणाली-भेदमूलक, जुनसुकै उपायले होस् अथवा उपायविना नै होस्, ज्ञान उत्पन्न हुनासाथ नै त्यसको कार्य हुन्छ नै ।

काठसँग काठ रगडेर आगो निकाल्नु छ, बलिरहेको आगोको संस्मर्शबाट आगो बाल्नु पनि त्यही हो । आगो जसरी बाले पनि त्यसमा दाहिक शक्ति समान नै हुन्छ, अवश्य दुवै आगोमा केही पार्थक्य पनि रहेको हुन्छ । यसकारण, फल र सामर्थ्यको अभेद रहँदा रहँदै पनि अकल्पित गुरुलाई श्रेष्ठ स्थान दिइएको छ ।

नित्यसिद्ध वरमशिव र जो बन्धनबाट मुक्त भएर शिवत्व प्राप्त गर्दछ, यी दुवैमा सर्वज्ञत्व आदि धर्म समान रहँदा रहँदै पनि जसरी परमशिवको उत्कर्ष धेरै मानिन्छ, त्यसैगरी अकल्पित गुरुको महिमा धेरै स्वीकार गर्ने गरिएको छ । यसकारण, सद्‌गुरुको मतलब साक्षात् परमेश्वर अथवा उनको अनुग्रहप्राप्त उनकै साधर्म्यापन्न जीवनमुक्त अधिकारी पुरुष बुझ्नुपर्दछ । यो अधिकारी देवता, सिद्ध र मानिस– तीनवटै हुन सक्दछ । प्रश्न उठ्न सक्छ, असद्‌गुरुमा गुरत्व कहाँ छ ? 'गुरु' शब्दको वास्तविक अर्थ लगाउनाले यस किसिमका शङ्का हुन सक्दछ । मायिक जगत्‌मा पनि विभिन्न ऊर्ध्वस्तरहरूमा आनन्द र भोग्यको कमी रहँदैन । पृथ्वीतत्त्वदेखि लिएर कलातत्त्वसम्म प्रत्येक तत्त्वमा नै भोग्य विषय र भोग-उपकरण भएको अनेकन भुवन छन् । ती भुवनहरूमा पनि गुरु छन् । सिद्धावस्था प्राप्त गर्नुभन्दा अघि योगीले ज्ञान-

सम्पन्न अधिकारी पुरुषको सामर्थ्य प्राप्त गर्दछ, जसबाट व्यक्ति विशेषलाई, जुन तत्त्वमा ऊ छ, त्यहाँबाट उठाएर अर्को अभिलषित तत्त्व एवम् त्यस तत्त्व भएको भुवन-विशेषमा त्यहाँको ऐश्वर्य-भोगका लागि नियोजित गर्न सक्दछ ।

ऐश्वर्य भोगको नियोजित गर्नका लागि दीक्षाको आवश्यकता पर्दैन ।

ती भुवनेश्वरको अराधनाबाट पनि अवश्य नै ती भुवनहरूमा जान र बस्न सकिन्छ ।[१०] त्यस भोगलोकमा बसेपछि अन्तमा ती स्थानहरूबाट पतन निश्चित छ, तर त्यहाँ यदि सद्गुरु प्राप्त गरेर बाटो पहिल्याउन सक्यो भने त अर्कै कुरो भयो । ती गुरु भोगप्रद मात्रै हुन् । तीनले दिव्यज्ञान दिन सक्दैनन्, यसकारण मायालाई चिर्न सक्दैनन् । यी असद्गुरु हुन् र यस्ता पनि गुरु छन्, जसले ज्ञान दिनसक्दछ, तर भोग या विज्ञान दिन सक्दैनन् । ज्ञान दिएर उसले मायाबाट मुक्त गराउँछ, तर विज्ञानको अभावले ज्ञानी अधिकार प्राप्त गर्न सक्दैन । ऊ स्वयम् मुक्त हुन्छ, तर अरूलाई मुक्ति गराउन सक्दैन, यसकारण परोपकार गर्न समर्थ हुँदैन । ज्ञानी हुंदाहुंदै पनि योगी नभएका वास्तविक सद्गुरु हुँदैनन् । सिद्ध योगी भएको नाताले जो योगी र ज्ञानी दुवै हुन्छ, त्यही सद्गुरु हो । उसले विज्ञान दान गर्दछ, यसकारण शिष्यको भोग र मोक्ष दुवैको विधान गर्न सक्छ । 'ब्रह्मानन्दं परम सुखद' भनेर सद्गुरुलाई जुन नमस्कार गर्ने गरिन्छ, गुरु प्रणाममा जसको 'तत्' पदलाई प्रदर्शक भनेर र ज्ञानाञ्जन-शलाका (छडी, कप्टेरा)ले अज्ञान-तिमिरान्धमा ज्ञानको आँखा उघारिदिने भनिएको छ, ती दुवै एउटै हुन् । साधारण रूपमा 'गुरु- शब्दबाट सद्गुरु नै बुझ्ने गरिन्छ ।

किनभने, गुरुरूपी भगवान् अथवा गुरुको शरीरमा अधिष्ठित भगवान् आफ्नो क्रियाशक्तिले (दीक्षाले) पशुको स्वतः सिद्ध-दिव्यज्ञान रूप आँखाको अवरोधक मललाई पन्छाइदिन्छ ।

यो क्रियाशक्ति दर्शन आदि विभिन्न उपायहरूले प्रयुक्त हुन सक्दछ र त्यसअनुसार दीक्षाको पनि भेद हुन्छ । शिष्यको उद्धार गर्न समर्थ गुरुको लक्षण योगवशिष्ठमा यसरी दिइएको छ–

---

१०. तन्त्रशास्त्रमा भोग-दीक्षाको कुरा पनि छ, तर यो अर्कै हो । यो सद्गुरु प्रदत्त हो । शिष्य भोगार्थी भएको कारण सद्गुरुले उसलाई दीक्षा दिएर उसले चाहेको भोगका लागि उचित लोकमा पठाउँदछ । र भोगक्षय गरेर क्रमशः उठ्दा उठ्दा ऊ पनि पूर्णत्व पाउँछ, तर धेरै समय पछि ।

दर्शनात् स्वर्शनात् शब्दात् कृपया शिष्यदेहके ।
जनयेत् यः समावेशं शाम्भवं स हि देशिकः ॥
(निर्वाण-प्रकरण)

जो दरस, परस र शब्दबाट शिष्यको शरीरमा शिवभावको आवेगलाई जगाउन सक्दछ, उही नै देशिक अथवा गुरु हुन् । सत्य-सङ्कल्प गुरुले मात्र एक पटक कृपादृष्टि गरेमा कुण्डलिनी-प्रबुद्ध भएर षट्चक्रलाई भेदन गरेर ब्रह्मरन्धमा परमशिवको साथमा मिलन गराउने महत् कार्य गर्न सक्दछ। योग्य शिष्यको उद्धार र अयोग्यलाई योग्य बनाएर उद्धार गर्नु, यही नै गुरुको काम हो भनेर बोधसारमा नरहरिले लेखेका छन्–

तत् तद्विवेक वैराग्ययुक्त वेदान्तयुक्तिभिः ।
श्रीगुरुः प्रापयत्येव अपद्ममपि पद्मताम् ॥
प्रापय्य पद्मतामेनं प्रबोधंयति तत्क्षणात् ॥

श्रीगुरु विवेक-वैराग्ययुक्त वेदान्त-युक्तिबाट अपद्मलाई पनि पद्मरूपमा परिणत गर्न सक्दछ । भास्कर रायले 'ललितासहस्रनाम'को भाष्यमा यसको स्पष्ट उल्लेख गरेका छन्– 'अयोवयेपि योग्यतामापाद्य श्रीगुरु सूर्यः बोधयति'– अर्थात् श्रीगुरुरूपी सूर्य अयोग्यलाई पनि योग्य बनाएर प्रबुद्ध गर्दछ ।[११] वैदिक

---

११. नवचक्रको तन्त्रमा छ–
'पिण्डं पदं तथा रूपं रूपातीतं चतुष्टयम् ।
यो वै सम्यक् विज्ञानाति स गुरुः परिकीर्त्तितः ॥'
– अर्थात् जुन पिण्ड, पद, रूप र रूपातीत–यी चारवटासँग सम्यक् रूपमा परिचित छन्, उ गुरु हो । ...... गुरुगीताअनुसार– कुण्डलिनी-शकित, हंस, शिन्दु र निरञ्जन– यी चारवटैलाई क्रमले पिण्ड, पद, रूप र रूपायीत भन्ने गरिन्छ । जस्तै–
पिण्डं कुण्डलिनीशक्तिः पदं हंसः प्रकीर्तितः ।
रूपं विन्दुरिति ज्ञेय रूपातीतं निरञ्जनम् ॥
स्वच्छन्दसङ्ग्रहमा पनि यो श्लोक छ । तर त्यहाँ अन्तिम पदमा छ– 'रूपातीतं हि चिन्मयम् ।' योगिनीहृदयतन्त्रमा यसै क्रमले चारवटैको उल्लेख छ । तर, दादूदयालजीका शिष्य सुन्दरदासले आफ्नो 'ज्ञानसमुद्र' नामको ग्रन्थमा ध्यानको वर्णन-प्रसङ्गमा– पिण्डस्थ, पदस्थ, रूपस्थ र रूपातीत– यो परिभाषा ग्रहण गरेका छन् (श्लोक ७८-८४) । जैन-ग्रन्थमा पनि यी चार प्रकारका ध्यानको कुरा पाइन्छ । यसबाट बुझ्न सकिन्छ– पूर्ण र शुद्धतम् ज्ञान नै गुरुको लक्षण हो ।

शास्त्रमा जस्तै आगममा पनि श्रौत्र, चिन्तामय र भावनामय– यी तीन किसिमका ज्ञानको विवरण पाइन्छ।[१२] यसमा पूर्व-पूर्व ज्ञान उत्तरोत्तर ज्ञानको प्रतिहेतु हो। सबभन्दा धेरै निकृष्ट शास्त्रार्थ आलोचनापूर्वक 'यही यहाँ उपयोगी छ'– यसप्रकार अनुपूर्वीको व्यवस्था नै चिन्तामय ज्ञान हो।

चिन्तामय ज्ञानको दुई भेद छ– मन्द अभ्यस्त र स्वभ्यस्त। स्वभ्यस्त चिन्तामय ज्ञानबाट भावनामय ज्ञान उत्पन्न हुने गर्छ, जसलाई पण्डितहरूले मोक्षको एक मात्र कारण भन्ने गरेका छन्।

वास्तवमा यही सर्वश्रेष्ठ ज्ञानबाट योग र योगफल प्राप्त हुने गर्छ। भावनामय ज्ञानको अभावमा अशुद्ध शिष्यलाई मायिक तत्त्वबाट उद्धार गरेर इच्छानुसार स-कल सदाशिव अथवा नि-ष्कल परमशिवसँग जोड्नु सम्भव हुँदैन। यानी, गुरु स्वभ्यस्त ज्ञानी भएर पनि भावना-विशेषको अभावले त्यस तत्त्व-विशेषको साक्षात्कार नगरेर अशुद्ध रहनाले, जस्तो भनिएको छ, ऊ त्यस प्रकारको उद्धार र योजन-कार्यमा समर्थ हुन्न। यदि योगीले योगवलले ती तत्त्वहरूको सिद्धि लाभ गऱ्यो, तब पनि योगवलले ती तत्त्वगुरुले शिष्यलाई युक्त बनाउन सक्दैन। किनभने, निम्नवर्ती तत्त्वमा जुन योग सिद्धि हुने गर्छ, त्यो विमोचनको उपाय होइन। यस विषयलाई राम्ररी बुझ्नका लागि योगीको प्रकार भेदको पनि साधारण ज्ञान हुनु आवश्यक छ। आगम-मतबाट सम्प्रात, घटमान, सिद्ध र सुसिद्ध– योगी यी चार प्रकार छन्।

जुन साधकले योगको उपदेश-मात्र पाएको छ, उसलाई सम्प्राप्त र योगको अभ्यासमा लागेका साधकलाई घटमान भनिन्छ। यी दुई प्रकारका साधक स्वयम् नै योग अथवा ज्ञानमा सुप्रतिष्ठित हुँदैनन्। तर, जसको योग सिद्धि भएको छ, उसलाई स्वभ्यस्त ज्ञान पनि अवश्य हुन्छ। यसै ज्ञानले ऊ अरूलाई मुक्त बनाउन सक्छ– अर्को प्रकारले, यानी सिद्धिको प्रभावले होइन। योगी र ज्ञानीमा त्यही श्रेष्ठ हो, किनभने योगी हुँदाहुँदै पनि ऊ ज्ञानी हो।

१२. वौद्ध ग्रन्थमा पनि श्रुतचिन्ता-भावनामयी प्रज्ञाको कुरो आएको छ। शान्तिदेवको वोधिचर्यावतारको प्रज्ञाकरकृत पञ्चिका नामको टीकामा यस प्रज्ञाको भूमि-प्रविष्ट प्रज्ञाबाट पृथक् गरिएको छ। अभिधर्म-कोशमा पनि श्रौत ज्ञानादिको विवरण छ। वैभाषिक मतबाट श्रुतमयी प्रज्ञाको विषम-नाम र अर्थ तथा भावनामयी प्रज्ञाको विषय अर्थ हो। जो शीलवान र श्रुतचिन्ता प्रज्ञावान छ, ऊ भावनाको अधिकारी हो। (द्रष्टव्य, अभिधर्मकोश ६)।

सुसिद्ध योगी व्यवहार-भूमिबाट टाढा रहन्छन् र कुनै पनि समयमा आफ्नो स्वरूपबाट संवलित हुँदैनन्।

सुसिद्ध योगी जुन सुकै स्थानमा रहेर जुन सुकै प्रकारको फलभोग गरे पनि हीन हुँदैनन्, निर्विकार रहन्छन्।

सुसिद्ध योगी नररूपी विपाक्ष हुन्। सकलाध्वा सिद्धि भएको सुसिद्ध योगी गुरुभाव लिएर साक्षात् रूपमा अमर्त्यगणलाई मोचन गराउँदैनन्- मुमुक्षुका लागि स्वभ्यस्त ज्ञानवान गुरु नै श्रेष्ठ हो। यसकारण, स्वभ्यस्त ज्ञानता नै गुरुको एक मात्र लक्षण हो।

योगित्व गुरु लक्षण होइन। यो सत्य हो ज्ञानी योगीभन्दा श्रेष्ठ हुन्छन्। कतै ज्ञानी गुरुकर्तव्य, कतै योगी गुरकर्तव्य अथवा त्याज्य छ, यो आचार्य अभिनवका गुरु शम्भुनाथले आफ्नो मुखले यसरी भनेका छन्। उनी भन्दछन्– जुन मोक्ष ज्ञानार्थी हो, उसको गुरुलाई स्वभ्यस्त ज्ञान हुनु आवश्यक छ। किनभने–

आमोदार्थी यथा भृङ्गः पुष्पात पुष्पान्तरं व्रजेत्।
विज्ञानार्थी तथा शिष्यो गुरोर्गुव्यन्तरं व्रजेत्॥

जुन गुरु विज्ञान-दानमा असमर्थ छ, ऊ शक्तिहीन हो। जो स्वयम् अज्ञ छ ऊ अरूको उपकार कसरी गर्न सक्दछ? प्रश्न उठ्नु स्वाभाविक हो, भावना नै त मुख्य हो अज्ञ गुरुबाट पनि शिष्यलाई भावनावशतः सुफल प्राप्त हुन सक्छ। जो मोक्ष र विज्ञानप्रार्थी छ, उसको गुरुको स्वभ्यस्तज्ञानी योगसिद्ध हुनु आवश्यक छ। यही तेस्रो प्रकारको योगी हो, जो मोक्ष र विज्ञानार्थी छ, उनका गुरु ज्ञानी हुने गर्छन्। जो भितयोगी हुन्छ, यानी जुन योगी घटमान र सिद्धावस्थाको बीचको हो, ऊ गुरु त हो, तर भोगांश दिनमा मात्रै समर्थ हुन्छ– उसले मोक्ष अथवा विज्ञान-दान दिन सक्दैन। र, जुन योगी सम्प्राप्त र घटमान अवस्थामा छ, ऊ शिष्यलाई मोक्ष र विज्ञान-विधानको कुरो त टाढाको भयो, उसलाई भोग मात्रै पनि दिनमा समर्थ हुन्न– ऊ उपदेश कुशल मात्रै हो। जो मितयोगी पनि छैन, यस्ता योगाभ्यासीभन्दा मितयोगी पनि गुरुको दृष्टिले श्रेष्ठ हो, किनभने ऊ ज्ञानको उपाय उपदेशद्वारा क्रमशः मुक्त गर्नमा समर्थ हुने गर्छ। मितज्ञानीबाट पूर्ण ज्ञान प्राप्त हुन सक्दैन, यसकारण स्वकीय ज्ञान प्राप्त गर्नका लागि विशेष प्रयत्नले असङ्ख्य गुरु बनाउने आवश्यकता हुन्छ।

भगवत्-कृपा नभएसम्म सद्गुरु पाइँदैन। तीव्र शक्तिपातले पूर्ण ज्ञान भएको गुरु पाइन्छ, जसको कृपाले अनायास स्वात्मविज्ञान पूर्णरूपले उदित हुने

गर्छ। यस्तोमा बारम्बार गुरुकरको आवश्यकता पर्दैन। प्रातिभ ज्ञान अनुत्तर महाज्ञान स्वरूप हो। यो स्वयम् उद्भुत हो, यसकारण सांसिद्धिक हो।[१३]

किरणागमका छ– दीक्षाबाट जसरी मुक्ति हुने गर्छ, त्यस्तै नै प्रातिभबाट पनि मुक्ति हुने गर्छ। प्रातिभको स्व-सभाव नै विलक्षणता हो। तर, सूक्ष्म रूपमा विचार गर्दा बुझ्न सकिनेछ कि जुन ती पुरुषहरूले स्व-प्रतिभाबाट मात्रै मोक्षको अनुभव गरेका छन्, तिनीहरूलाई पनि कमसेकम किञ्चित मात्रामा भने पनि गुरुको अनुग्रह प्राप्त गर्नु नै पर्छ। यसकारण यो अखिल जगत्को सम्पूर्ण भावहरूका विजृंभणको नै मूलमा परमेश्वरको स्वातन्त्र्य खेल रहन्छ। प्रातिभ ज्ञान दुई प्रकारको छ–

(क) गुरु र आम्नायगत तथा (ख) स्वाभाविक (शुद्ध)। गुरु र आम्नायगत– शिव, शक्ति र नर या जीव– यिनै तीनवटाको समष्टि विश्व हो। यिनमा शिव कर्ता, शक्ति कारण र जीव कर्म भएको हुँदा, वध्य जीव गुरु र शास्त्रको उपदेश हो– यसमा वध्य, वन्ध र वन्धकत्व विभाग अवभासपूर्वक महाज्ञानको उदय हुने सम्भावना छ। गुरु र शास्त्रको महात्म्यबाट शिव आदि दुवैमा नै प्रातिभ ज्ञान-रूपमा आविर्भूत हुन्छ।

जब साधकको पाश गुरुको दीक्षारूपी खड्गको प्रहारले समाप्त पार्छ, तव उनको वास्तविक तत्त्व विकसित हुन्छ।[१४] यो प्रातिभ ज्ञान अन्तःकरण-सम्पाद्य हुनाले सेन्द्रिय हो।

---

१३. पातञ्जल दर्शन र उसको व्यास भाष्यमा पनि प्रातिभको चर्चा छ। यसलाई विवेकज ज्ञान भनिएको छ एवम् अनौपदेशिक, सर्वविषयक, सर्वथाविषयक र अक्रम भनेर वर्णन गरिएको छ। यही तारक ज्ञान हो। आगममा पनि ठीक यही कुरो छ। 'अनौपदेशिक' शव्दवाज जुन अभिप्राय हो, तन्त्रको 'गुरुशास्त्रानपेक्ष' शव्दको पनि फलतः त्यही अर्थ हो।

१४. "तदागम वशात् साध्यं गुरु वक्त्रन्महाधिपे।
शिवशक्तिकरावेशाद् गुरुः शिष्य प्रवोधकः॥
अधरोत्तरगैर्वाक्यैः प्रभुः शक्त्युपवृंहितः।
तच्छक्त्या सुप्रवुद्धस्य व्यस्तमायामलस्य च।
दीक्षा संच्छिन्नपाशस्य भावनाभावितस्य च॥
विकाशं तत्त्वमायाति यत्तजः ज्ञानभिदं शिवे॥
प्रातिभं तत् समारख्यातं तत्त्वज्ञानस्यभावनात्॥"

(ख) स्वाभाविक प्रातिभ अन्तःकरण सम्पाद्य होइन, यसकारण अतीन्द्रिय हो। अतीन्द्रिय एवम् अप्रमेय संवित् तत्व-विचार[१५] अवस्थाप्राप्त हुनाले जव स्वपरामर्श रूपमा परिवर्तन हुने गर्छ, तब त्यसलाई विवेक भन्दछौँ। यही विवेक प्रातिभ ज्ञान हो। यो सम्यक् ज्ञान हो। यस्तो स्थितिमा सम्पूर्ण इन्द्रिय-गम्य र अन्तःकरणगम्य सङ्कुचित ज्ञान अर्को अपेक्षा छाडेर त्यस महाप्रकाशमा विश्रान्त हुन्छ। विवेकको उदयले शब्दादि इन्द्रियगोचर वस्तुमा देश, काल, आकारगत विप्रकृष्ट आदि विषयक ज्ञान उत्पन्न हुने गर्छ।

विवेक गाढा हुनाले सिद्धि अथवा ऐश्वर्य राम्रो लाग्दैन, त्यस समय शिवमय परम सत्यमा विश्राम पाइन्छ, सम्पूर्ण भावबाट विवेक हुन्छ, यसकारण सम्पूर्ण विषयहरूबाट वैराग्य हुने गर्छ– दर्पणमा जसरी आफूलाई प्रतिविम्ब-रूपमा देख्न सकिन्छ, त्यसैगरी भित्र र बाहिर, सर्वत्र शिवलाई नै देख्न सकिन्छ। यानी शिवकै धन रूपमा विश्वको साक्षात्कार हुन्छ, एउटै समयमा भित्र र बाहिर शिव-दर्शन हुन्छ– प्रातिभको यही महात्म्य हो। हेय र उपादेय केही पनि बाँकी नरहेको समयमा सिद्धिको सम्पूर्ण सम्पद स्वप्न र इन्द्रजाल जस्तो लाग्दछ। प्रातिभको यो लक्षण देख्नासाथ साधक हेय-उपादेय तत्त्वज्ञ भएर सदा विभु शिवको नै ध्यान गर्दछ। सिद्धि परप्रत्ययका लागि मात्रै हो– नत्र भने त शरीर अन्त भएपछि मुक्तिको भरोसा के ? तर, जुन पर-सत्यमा नै दृढ भावना राख्दछ, उ जिउँदै अवस्थामा नै मुक्त हुने गर्छ।

विवेकको विकास भएमा अभ्यासवश श्राप र अनुग्रहको सामर्थ्य उत्पन्न हुने गर्छ। त्यस समय साधक बालक्रीडाझैँ सिद्धिहरूप्रति अनाशक्त भएर

---

१५. **त्रिपुरारहस्यमा** छ–

"राधिता परमा देवी सम्यक् तुष्टा सती तदा।
विचाररूपता याति चिन्ताकाशे रविर्यथा॥"

अर्थात् हृदयस्था सकलको आत्मरूपा अन्तर्यामिनी चिन्मयी महेश्वरीको आराधनाद्वारा प्रसन्न बनाउनाले उही साधकको चित्तमा विचार-रूपमा उदित हुन्छ। यस प्रसङ्गमा भनिएको छ– दीर्घकालसम्म सद्गुरुद्वारा क्रमानुसार अकपट भावले यानी फलको अभिसन्धिबाट रहित भएर यस हृदयवासिनी आत्मादेवीको आराधना गर्नाले उनको कृपा उपासकको चित्तमा विचारको आकारमा स्फुरित हुने गर्छ (२।२९।८२)। अन्यत्र छ : यसै विचारले क्रमशः सम्पूर्ण आध्यात्मिक अवस्थाको विकास हुन्छ र अन्तमा आत्म-प्रत्यभिज्ञाको उदय भएर निर्विकल्पक आत्मास्वरूपमा स्थिति हुन्छ (त्यही, १७६३।६८)।

मध्यस्थ भावको अवलम्बन गरेर परतत्त्वमा नै विश्रान्त रहने गर्छ। यसकारण, स्वयम् मुक्त भएर अरूलाई पनि मुक्त गराउन समर्थ हुन्छ। वद्ध अणु भूत इन्द्रिय आदिसँग आच्छन्न भएर ऊ संसार-मार्गमा परिभ्रमण गर्न विवश हुन्छ। तर, अणु यदि प्रतिभायुक्त होस्, यदि उसमा विवेकको उदय भएको होस्, तब शक्ति तत्त्वका रूपमा वर्णित हुने गर्छ। सोही समय ऊ शुद्ध विद्यादशामा अधिष्ठित हुन्छ। यसकारण अनुग्रह, निग्रह आदिमा उसको प्रवणता आउँछ। यसर्थ, शिव, शक्ति र जीव– यही तीनवटा तत्त्व नै प्रातिभ विज्ञानका रूपमा आविर्भूत हुन्छ, यसमा शङ्का छैन। सद्गुरु वास्तवमा नै परमेश्वर हुन्, यसमा शङ्का छैन। तन्त्रमतमा उनै परमशिव हुन्। उनको असाधारणकाम पञ्चकृत्वमा जीवको अनुग्रह अन्यतम हो। अन्यतम किन, यही प्रधान हो। यानी उनका अन्य अन्य कृत्य यसका अङ्गीभूत छन्, यो पनि भन्न सकिन्छ।

उनको साक्षात् अनुग्रह निरधीकरण र अर्को साधीकरण हो।

शास्त्र भन्दछ– जब जब तमः र अनादि प्रवृत्त मल तथा वामाख्य भागवत्शक्तिको आवश्यकता अधिकार निवृत्त हुन्छ, तव जीवको कैवल्याभिमुख भाव उदित हुने गर्छ। यो भाव उदय हुनासाथ जगत्-उद्धार-प्रवण परमेश्वर अणु-आत्माको अनन्त दृकशक्ति प्रकट हुन्छ, हो यो दृकशक्तिको अनन्तता पशुहरूमा पनि हुन्छ, तर मलको अवच्छेदले त्यो छोपिएर रहेको हुन्छ। परिणामको फलस्वरूप आवरण हट्नाले यो अभिव्यक्त हुने गर्छ। परमेश्वर जहिलेसुकै पनि अनुग्रह गर्न सक्छन् र गरिरहेका हुन्छन्। तर अनुग्रहको परिमाणमा थपघट हुने गर्छ। हो, अनुग्रहको मुख्य फल मुक्ति हो, त्यो त हुन्छ नै। तर, ऊ निरधिकार हुन सक्छ, साधिकार पनि हुनसक्छ। स्वपावस्थामा अनुग्रहको साथ साथै शिवत्व हुने गर्छ– अधिकार प्राप्ति हुँदैन। किनभने, त्यस समय जगत् हुँदैन, यसकारण अधिकारको आवश्यकता पर्दैन। संहार र सृष्टिको समय अनुग्रहको फलले शिवत्व लाभ अथवा मलपाकको वैचित्यअनुसार ऐश्वर्य प्राप्ति-रूप साधिकार-मुक्ति हुने गर्छ। संहारकालमा साधिकार अनुग्रह पाउन, सृष्टिको अधिकारी हुन्छ भने सृष्टिकालमा साधिकार अनुग्रह प्राप्त गर्नेले परविद्येश्वर आदि अवस्था प्राप्त गर्दछ। कसैकसैले शिवत्व प्राप्त गर्न सक्दैन ? यस्तो हुँदैन।

किनभने, मलपाक र परमेश्वरको अनुग्रहमा– कसैको पनि काल-नियम छैन। तीनवटा कालको जुन अनुग्रह हो, त्यो निरधिकार भगवान्‌को

अनुग्रह हो। तर जगत्को स्थिति कालमा साधारणः[१६] उनको अनुग्रह त्यस्तो साक्षात् या निरधिकरण हुँदैन– गुरु अथवा आचार्य रूप अधिकरणबाट आवेगपूर्वक हुने गर्छ। स्थितिकालमा परमेश्वर प्रशानित पाउन योग्य चिद्‌युक्त अणुहरूमा योग्यतानुसार अनुग्रह गर्दछन् र कसैलाई मन्त्रपद, कसैलाई पतिपद र कसैलाई सबैभन्दा उच्च ईशान-पद दिनुहुन्छ।[१७] यिनै सालोक्य आदि पद सबै अ-परमुक्ति हो। हो, निकै धेरै उन्नत योग्यता भएका कसै कसैले परामुक्ति अथवा शिवत्व पनि प्राप्त गर्दछन्। साधिकार-मुक्तिमा (अनन्तादि) मन्त्र-महेश्वरको पद श्रेष्ठ हुन्छ– त्यसभन्दा माथि अरू पद छैन र त्यहाँबाट च्यूत हुने पनि सम्भावना छैन।[१८] महेश्वर-पद मध्यम हो र रुद्रको पद निकृष्ट हो। यी दुई पदहरूबाट च्युत हुन सक्छ– किनभने, ती भुवनहरूका प्राप्ति-रूप मोक्ष महाप्रलयसम्म रहन्छ।

अर्को सर्ग आरम्भमा बाँकी कर्मको कारण अधोगतिको सम्भावना रहन्छ। तर, यी दुई पदहरूवाट मुक्ति हुन सक्दैन, यस्तो होइन। मल-परिपाकबाट दीक्षाले ती दुई पदहरूमा पनि मोक्ष असम्भव हुँदैन किनभने प्रत्येक भुवनमा नै गुरु छन्। परमेश्वर जगत्को स्वापावस्थामा जुन कृपा गर्दछन्, त्यसमा अनुग्रह जीवहरूको योग्यताको विचार गर्दैनन्। किनभने, त्यस समय अधिकारको उपयोग रहँदैन, यसकारण त्यस्ता विभिन्न योग्यता-परीक्षाको आवश्यकता नै रहन्न।

योग्यता वैचित्र्यमूलक अनुग्रह स्थिति-कालका लागि हो– स्वापकालका लागि होइन। तर अत्यन्त मलपाकको कारण तीव्रतम वैराग्य अवस्थामा स्थितिकालमा पनि स्वापकालको नै अवस्था कसैकसैको हुन सक्छ।

तमः पति या दृक्‌क्रिया-निरोधक वामदेवनाथको निरोधकता केही शिथिल भएमा र केही बाँकी रहनाले शरीरमा अनेकन प्रकारका लक्षण देखा पर्दछ।

---

१६. स्थितिकालमा पनि मलपाकको कारण निरधिकरण अनुग्रह हुन सक्दछ, तर विरलै। (मृगेन्द्रागम, सटीक, पृ. १६५)

१७. पञ्चाष्टकादि रुद्रगणको पद– रुद्रपद, सप्तकोटि मन्त्रपदको पद= मन्त्रपद, अ-पर मन्त्रेश्वरगणको पद= पति-पद, ईश्वर (अनन्त) दिाशिव र शान्त लक्षण ईशानपद= ईशान-पद।

१८. माया-उतीर्ण हुनुको कारण कर्म भाव शतः च्यूतिको भय रहन्न। रौरवमा छ–
'भुक्त्वा भोगान् सुचिरमरस्त्री निकायैरूपेता
स्रस्तोत्कण्ठाः विवपद परैश्वर्य भाजो भवन्ति ॥'

यानी परमेश्वरको तिरोधान शक्तिको अधिकार विरत हुनाले नै अनुग्रह अथवा शक्तिपातको लक्षण उत्पन्न हुन्छ । यी सम्पूर्ण लक्षणहरू हेर्दा शक्तिपात भएको छ, गुरुगणले दीक्षा दिएका छन् भन्ने बुझिन्छ । तीव्र मुमुक्षा, संसारप्रति वैराग्य र परमेश्वर-शक्ति-परायणमा भक्ति तथा तत् शासक शास्त्रमा श्रद्धा– ती लक्षणहरूमध्ये यी सबै प्रधान हुन् । पाशको शिथिलता जति धेरै हुने गर्छ, यी लक्षण त्यति नै धेरै देखा पर्दछन् । कसैकसैको विचारमा, स्वयम् भगवान् जुन मानिसमा अनुग्रह गर्नुहुन्छ, ती सबै जगत्का आदिगुरु हुन् ।

जीवको उद्धार र लोककल्याणको आकाङ्क्षा नरहँदा कसैले पनि गुरुपद प्राप्त गर्न सक्दैन । जुन आत्माहरूमा मलपाक निकै धेरै हुनाले परम वैराग्यको उदय हुन्छ, त्यो साक्षात् भगवदनुग्रह प्राप्त गर्नाको कारणले एकै पटकमा पूर्णत्व प्राप्त गर्न सक्दछ । तिनीहरू जगत्का अतीत हुने गर्छन् । आगम मतअनुसार तिनीहरू परमेश्वरको अधिकार-अवस्थामा विन्दुक्षोभ रहँदैन, यसकारण यो सृष्टिको अतीत अवस्था हो । द्वैत दृष्टिबाट विचार गर्दा यसको जगत्-व्यापारसँग नाता रहँदैन । यी मुक्त शिव हुन् । मलहीन भएको कारण यी पनि परमशिव जस्तै सबै शक्तिहरूले युक्त तथा स्वतन्त्र हुँदाहुँदै पनि वासनामुक्त हुन्छन्, यसकारण जगत्को अधिकार आदिबाट उपरत तथा स्व-स्वरूपमा प्रतिष्ठित हुन्छ । निर्मल मुक्त पुरुषको शक्ति अर्थात् अव्ययास्वयम्वेद्य संवित् सम्पूर्ण वस्तुहरूलाई, जस्तो छ, उस्तै रूपमा ग्रहण गर्दछ । यी समर्थ हुन्छन् । तर, सर्वज्ञत्व र सर्वकर्तृत्वको बावजुद यिनमा प्रवृत्ति हुँदैन, राग-द्वेषहीन हुन्छन् । अद्वैत दृष्टिले यी सबै एउटा परमेश्वर रूपमा प्रतिष्ठित छन् । यसकारण, यिनका बारेमा अन्य थप कुरो भन्नुपर्ने आवश्यकता छैन । सदाशिव-पदमा भोग-सम्पत्ति हुन्छ । र, जसले परोपकार गर्न दृढसङ्कल्प गर्दछ, ऊ मलपाकवशः भगवान्को अनुग्रह पाएर नै उनबाट उसको आकाङ्क्षा पूरा हुन सक्छ । उसले अधिकार पद प्राप्त गर्दछ । मन्त्रपदबाहेकका अंशले जगत्को आदिगुरु पद प्राप्त गर्दछन् । यस आदिगुरुमा सबै यानी आठ, मायाभन्दा माथि ईश्वर-तत्त्वको आश्रयले वर्तमान रहन्छन् । यी आठ– अनन्तबाट शिखण्डीसम्म– जगद्गुरुका रूपमा वर्णित हुन योग्य छन् ।

अमायिक विशुद्ध सत्त्वमय वैन्दव देहको बावजुद पनि यी (अ-पर) शिव पदवाच्य तथा सर्वज्ञत्व आदिले सम्पन्न हुन्छन् । यिनको मायिक शरीर हुँदैन । पहिले नै यी योग-विज्ञान आदिद्वारा कर्मलाई क्षय गरेर मायाभन्दा बाहिर

विज्ञान-कैवल्य अवस्थामा मलमात्रले युक्त भएर अवस्थान गरिरहेका थिए।[१९] यो विदेह– कैवल्यको अवस्था हो : जो माया र पुरुषको विवेक-ज्ञानले उद्भूत हुन्छ। त्यस अवस्थामा कर्म, पूर्यष्टक, स्थूल शरीर– केही पनि रहँदैन। तर, शुद्ध वासना रहन्छ, यो सत्य हो। सृष्टिको प्रारम्भमा भगवत् कृपाबाट यी ज्योतिर्मय वैन्दव शरीर प्राप्त गर्दछन् र आफ्नो अधिकारसहित पदमा रहन्छन्। यो पूर्णत्वको अवस्था नहुँदा नहुँदै पनि ऐश्वर्यको अवस्था हो। भगवान्को पञ्चकृत्यकारिता यसले प्राप्त गर्दछ। मायिक जगत्को सृष्टि, यसको रक्षाको भार परमेश्वरमा हुने गर्छ। अनुग्रह पनि यसको अन्तर्गत छ। यसकारण, यो गुरुपद-वाच्य हो। अवश्य यसले गुरुशक्ति-क्रमको आश्रय लिएर पनि बिस्तारै बिस्तारै आउँछ। यी आठ जस्तै अरू पनि गुरु छन्। तर, तिनीहरू आदिगुरु होइनन् र मायाभन्दा टाढा छैनन्। स्वाभाविक नियमबाट जो सम्पूर्ण जीव कलाआदि उपसंहृत हुन्छ र जो यस निमित्त त्यस समय जड कैवल्य-अवस्थामा मायाको साथमा रहन्छ, त्यसलाई प्रलयकाल भनिन्छ। उनीहरूका मल त हुन्छ नै, कर्म पनि रहन्छ। उनीहरूमध्ये जो मल परिपक्व हुनाले भगवदनुग्रह प्राप्त हुन्छ, सृष्टिको समयमा ऊ द्विविध शरीर धारण गरेर जाग्ने गर्दछ। कर्मको कारण प्राप्त हुने आतिवाहिक मायिक शरीर र भगवदनुग्रहको कारण विन्दु-क्षोभबाट वैन्दव शरीर सम्मिलित हुन सक्दछ। यसको कार्यक्षेत्र मायिक जगत्को बीचमा कला-तत्त्वबाट पृथ्वी-तत्त्वसम्म विभिन्न स्तरमा चलिरहन्छ। वैन्दव शरीर प्राप्त हुनुको नाताले पनि यिनले ठूलो काम गर्ने गर्छ। किनभने, मायाबाट उत्तीर्ण अनन्त आदिबाट यसलाई पूर्णज्ञान प्राप्त हुँदैन– साक्षात् परमशिवबाट प्राप्त हुन्छ। अर्थात् परमेश्वर अनन्त आदि विद्येश्वर अथवा आदिगुरुवर्गको अधिष्ठानले मायासँग कला आदि तत्त्व, भुवन, पिण्ड र भावको सृष्टि गरेर सम्पूर्ण कलाहरूसहित पुद्गल अथवा जीवलाई कर्मअनुसार योजना गरेर त्यसमध्ये परिणत मल-अणुहरूलाई मायागर्भको अधिकारी विशेश्वर पदमा साक्षात् अनुग्रह गर्दछ। यी सबै क. मण्डलाधिपति– आठ (कला- शिरमा)[२०],

---

१९. वामाख्या क्रियाशक्तिद्वारा भगवान् अनादि मलयुक्त पशुहरूलाई निरुद्ध गर्दछन् र त्यस्तो नियमित पशुलाई कर्म-विपाकअनुसार मायिक शरीर धारण गर्नका लागि पठाउँछन्, तर विज्ञान-केवलिहरूका होइन।

२०. कलाभुवनमा, अर्थात् रागादि कलान्त अध्यायमा ६४ महापुर छन्– नाम हो :

ख. क्रोधेश आदि– आठ (प्रकृति-तत्त्वमा), ग. वीरभद्र– एक -गुणभन्दा माथि र प्रधानभन्दा तल), घ. शतरुद्र– एक सय, ङ. श्रीकण्ठ (अष्टकपति)– एउटा (गुणतत्त्वमा)। जम्मा ११८।

आचार्य आदि जस्तै पशुहरूका अनुग्रहका लागि मन्त्रको प्रायोजक भएको कारण यी मन्त्रेश्वर हुन्। एक हिसावले यी पनि जगद्गुरु हुन्। तर, मन्त्र अग्रज हो, निष्कल हो, र यी मन्त्रेश्वर मन्त्रका प्रायोजक हुँदाहुँदै पनि अवरज र सफल छन्। विज्ञानाकल र प्रलयाकल– यी जीवहरूबाट सृष्टिका आरम्भबाट यी सबै गुरु र अधिकारी भगवान्को साक्षात् (निरधीकरण) अनुग्रहबाट आविभूत हुन्छन्। स्थितिकालमा साक्षात् स-कला अवस्थामा जुन सबै जीव मलपाकवश भगवान्को अनुग्रह योग्य हुने गर्छ, ती सबै अन्ततः आदि कुनै न कुनै शरीरमा आविष्ट भगवान्द्वारा नै अनुग्रहीत हुन्छन्। श्रीकष्ठ आदि असङ्ख्य रुद्र यस प्रकारले ब्रह्माण्डको अधिपति-पदमा स्थापित हुन्छन्।

रुद्रबाट अनुग्रह प्राप्त गर्ने देवताहरूसँग कतिपय मानिस अनुग्रह पाउँदछन्। रुद्र आदि यी सब अधिकारी– स-कलावस्थामा चार प्रकारका शक्तिपादअनुसार शक्ति प्राप्त हुन्छन्। यिनको मलपाकको उदय स्थितिकालमा नै हुने गर्छ। स्थितिको अन्तमा प्रलयमा जो अनुगृहीत भए, तिनमा अधिकारी छैन। अहिलेसम्मको निचोडअनुसार गुरु वर्ग ६ प्रकारका हुन्छन्। अनादिसिद्ध पञ्चकृत्यकारी हुनाले पञ्चमन्त्रतनु परमेश्वर नै साअनुग्राहक स्वाभाविक स्वातन्त्र्यमय हुनुको नाताले नित्यसिद्ध अनौपाधिक गुरु हुन्। अन्यान्य गुरु क्रमशः उनैको नियोज्य छन्।

परमशिव नियोजक हुन्, मन्त्रेश्वरः उनका नियोज्य। तर, मन्त्रेश्वर जब नियोजक हुने गर्छ, तब रुद्र नियोज्य हुन्छ। यसप्रकारको सम्बन्ध छ, मानिसले गुरुसम्म बुझ्नुपर्ने हुन्छ। मानिसमा ब्राह्मण श्रेष्ठ हो। किनभने, अरूबाट वेदान्त-ज्ञान, अभावले श्रमण गर्ने योग्यता हुँदैन। अन्य वर्णका मलपाक पूर्ण हुनाले निःधिकार दीक्षाबाट तिनीहरू मोक्ष प्राप्त गर्दछन्। अधिकारीगण लोकसङ्ग्रहका लागि श्रुतिविहित वर्णाश्रम-धर्मको लङ्घन गर्दैनन्।

मण्डता जस्तै भुवनेशाष्टक, महादेवाष्टक, वामदेवाष्टक, भवाष्टक, उद्भवाष्टक, एकापांगेक्षपाष्टक, ईशानाष्टक र अङ्गुष्ट मात्राष्टक (८ ह ८ = ६४)। सम्पूर्ण मण्डलेश्वर नै भास्वर र सुकान्ति हो)।

एक वर्ण र चार वर्णका साधकगण पहिलेको जातिबाट उद्धृत भएर पनि आफ्नो जातिको उचित आचार-फलको अभिसन्धि-वर्जन गरेर अवश्य अनुष्ठान गर्नेछ, यस्तो भएमा पुनल्लोक-साकर्य उत्पन्न हुने छैन । अधिकार उदय नहुँदासम्म साधकहरूका लागि आफ्नो आचार-न्यूनता वर्जनीय छ । साधक र पुत्रकलाई समपाद पाइँदैन । शिवपदमा पनि भोग, लय-अवस्था आदि क्रमले पाइन्छ । यसबाट ब्राह्मणश्रेष्ठ नै सामान्य-विशेष शास्त्रहरूमा अधीति, समर्थ र सम्पूर्ण सम्पद्-सम्पन्न छ, यसकारण सर्व पदार्थ-विनियोगका लागि परमेश्वरको अधिकरण-रूप आचार्य हुन सक्दछ ।

आचार्यत्व बन्धन होइन– यो अ-पर मोक्ष हो । सम्पूर्ण पाशलाई भेदन नगरेसम्म आचार्यत्व प्राप्त हुँदैन । आचार्यको अधिकार-मल मात्र बाँकी रहन्छ, जो सर्वज्ञत्वको अविरोधी हो । आचार्य देश-विन्दुबाट उद्भुत हुनाले बोधक र पशुहरूको देश मायाबाट उत्पन्न हो, यसकारण मोहक छ । आचार्य परमेश्वर समान हुने गर्छ । उनलाई परमेश्वरको बहिरङ्गी मूर्ति भन्ने गरिएको छ । वैन्दव शरीर भएका आचार्य परमेश्वरको बाहरी शरीर हो– यसमा अधिष्ठित भएर ऊ पशुको अनुग्रह-व्यापारको सम्पादन गर्दछ । तात्पर्य परमेश्वरको अन्तरङ्गी मूर्तिको बावजुद जगत्को स्थितिकालमा जीवमा अनुग्रहका लागि बहिरङ्गी वैन्दव मूर्तिको आवश्यकता छ । यो मूर्ति कर्मरहित हुन्छ, यसकारण मायालाई उत्तीर्ण गरेर विशुद्ध भोगी कुनै जीवसँग सम्बद्ध हुन्छ । यसकारण परमेश्वर र आचार्य एउटै नै शरीर-अवलम्बन गरेर एउटै व्यापारको व्यापारी हुन् । यसकारण दुवैमा परस्पर साधर्म्य छ । यसकारण दुवैमा भेदरहित व्यापार हुने गर्दछ । आचार्य अथवा गुरु पनि परमेश्वरको प्रेर्य हो, तर पुद्गलले जस्तो कष्टकर भोग-साधन-कर्ममा प्रेरित हुँदैन । आचार्य परमेश्वरको तीव्रतर शक्तिपातको अनुयायिनी तुरीय दीक्षाबाट अनुगृहीत र आत्मकल्प हिन्छ । फलस्वरूप, उनलाई त्यो स्वचित शुद्ध भोगको अविरुद्ध परार्थ व्यापार-मात्रमा नै प्रवर्तित गर्दछन् । आचार्यको यो प्रयोज्यत्व अधिकार समाप्त भएपछि देहपातको साथसाथै पूर्णत्व प्राप्त हुने गर्छ । यसकारण, आचार्यत्व अ-पर मोक्ष हो । साधकको दीक्षाबाट सम्पूर्ण पाश भेदन अवश्य हुन्छ, तर शिवत्वको अभिव्यक्ति हुँदैन ।

शिवत्वको अभिव्यक्तिका लागि कालान्तर भावी अभिषेक नै अ-पर निर्वाण हो, जो साधकका लागि साधनीय र पर-निर्वाणको ढोका-स्वरूप हो । परमेश्वरको अर्चना आदि अविनाचुत शास्त्र-चर्चाद्वारा अभिषेक सम्पन्न हुने

गर्दछ। यसलाई आरोग्य-स्नानलाई झैं बुझ्नुपर्दछ। निर्वाण-दीक्षा ज्ञान साधन साधकत्वको सम्पादक हो। यसबाट पशुत्वको निवृत्ति भने हुँदैन, यसकारण शिवत्वको अभिव्यक्ति हुन सक्दैन। शिवत्व= सर्वत्रत्व आदि षट्गुण– सम्पूर्ण आधारहरूमा फल्न फुल्न सक्दैन। जहाँ कला आदि ६ अध्यायहरूको शुद्धिबाट तीनवटा पाशलाई भेद गर्न सकिन्न, पूर्णज्ञानको साधना त्यहाँ कसरी हुन सक्छ ? तेस्रो अथवा निर्वाण-दीक्षाको प्रयोजक अधिक मलपाक-निबन्धन तीव्र शक्तिपात हो। जसको शक्तिपात मन्द हुन्छ– किनभने, अध्वमल सामान्यतः पक्व हो– उनको भाग्यमा निर्वाण-दीक्षा नै हुँदैन, फलस्वरूप उसका लागि तुरीय दीक्षा र आचार्यत्व पाउनु असम्भव छ। उसलाई पुत्रक- दीक्षा प्राप्त हुन्छ।

पुत्रक-दीक्षाले भक्ति आदि सद्वृत्तिहरूको उदय हुने गर्छ, कर्म आदि पाशहरूको क्षय हुन्छ र मन्त्रग्रहण गर्ने योग्यता आउँछ। जसलाई यो दीक्षा प्राप्त हुन्छ, उसलाई 'पुत्रक' भनिन्छ। यही अर्को दीक्षा हो। यसभन्दा तल्लो स्तरको दीक्षा कुनै पनि आत्माले प्राप्त गर्न सक्दछ। यसलाई समयी दीक्षा भनिन्छ। तर, धेरै जन्ममा कमाएको पुण्यवल नरहनाले यो पनि हुँदैन। अनिवर्चनीय भाग्योदयले अनादिमल किञ्चित पाक हुनाले मन्दतर शक्तिपातको अनुसरणले हुने गर्छ। यो शिष्यको निधारमा शिवले हात राख्ने जस्तो हो। जसले यो प्राप्त गर्छ, उसलाई 'समयी' भनिन्छ। यस दीक्षाबाट भगवान्मा भक्ति हुनाले पुरानो कर्म चाडै नै परिपाक हुने गर्छ। यो दीक्षा प्राप्त गर्नाले शुश्रूषा र साधारण देवताको अर्चन गर्ने अधिकार आउँछ। यसबाट थाहा हुन्छ, मनुष्य योनीमा आचार्य-पद प्राप्त गर्न कति गाह्रो छ।

पुत्रक-दीक्षामा वागीश्वरीको गर्भबाट जुन देश पाइन्छ, त्यस पछि प्राप्त हुने वैन्दव-देह नै आचार्य-देश हो। निर्वाण-भूमिलाई भेदन नगरेसम्म वैन्दव-देह पाइन्न। अधिकारआदि सम्पत्तिको साथ-साथै वैन्दव देहको पनि निवृत्ति हुन्छ। त्यस समय विन्दु-क्षोभ रहँदैन, शुद्ध अध्वा पनि अतिक्रमण भएपछि शिवत्व लाभ हुने गर्छ– त्यस अवस्थामा शाक्तदेह प्राप्ति हुन्छ। यो निराकार अवस्था हो। शक्ति चिद्रूपा हो। शिव र शक्ति दुवै अभिन्न छन्। यो परामुक्तिको अवस्था हो। यस अवस्थामा प्रेर्यत्व रहन्न। यस अवस्थामा परमेश्वरसँग अभेद हुन्छ– अथवा नाममात्रको रतिभर भेद रहन्छ, यो प्रस्थान भेदभन्दा अलग-रहेको आलोच्य हो।

मन्त्र र देवताको रहस्य

देवताका आफ्नो एउटा अलग्गै सृष्टि छ। यद्यपि त्यस सृष्टिक्रमलाई एउटा मात्र ईश्वर छ भनी मान्नेले मान्दैनन्। पौरस्त्य साहित्यमा पनि यस्ता एकेश्वरवादी महात्माहरू पाइन्छन्, जसले आफ्नो निष्ठाको आग्रहको कारण बहु-देववादको कल्पना मान्दैनन्। पौरस्त्य साहित्यमा 'एक ब्रह्म द्वितीयो नास्ति' भनिएको छ, यसको साथ साथै 'एकोऽहं बहु स्यामः' यो पनि भनिएको छ, यसबाट थाहा हुन्छ देवताहरूका आफ्नो अलगै सृष्टि छ। वेदमा पनि धेरै देवताहरूको उल्लेख छ। वैदिक ऋषिहरूले ती सबैको दर्शन गरेका छन् र आफ्नो हृदयमा उनीहरूका पवित्र सूक्त आविर्भूत भए। यी सबै देवताहरूका आफ्ना आफ्ना अलग-अलग लोक छन्, जहाँ निवास गरेर सम्पूर्ण सृष्टिका अलग अलग भुवनहरूमा आफ्नो निर्दिष्ट कर्तव्यहरू पालन गरिरहन्छन्।

यिनै देव-देवीहरूको एउटा प्रमुख कर्तव्यमा आफ्ना भक्तको पुकारमा उनीहरूप्रति विशेष रूपले आकृष्ट हुनु हो। मन्त्र-साधना भक्तहरूका एउटा सर्वश्रेष्ठ पुकार हो। मन्त्र शास्त्रमा देवीहरूका साधनालाई मुख्यतः प्रतिपादित गरिएको पाइन्छ। यसको कारण भनेको– मन्त्र-विद्याका ऋषिहरूले सच्चिदानन्दसँग जुन अनिवर्चनीय रूपको दर्शन गरे, त्यो उहाँहरूलाई मातृरूपमा नै प्राप्त हुनु हो। उहाँहरूका यो दर्शन तथा अनुभव यति धेरै सत्य सिद्ध भयो– देवीहरूका एउटा अलग्गै सृष्टिले नेपाली अध्यात्म-विद्यामा एउटा विशिष्ट स्थान ग्रहण गर्न पुग्यो। मन्त्र-विद्यामा देवीहरूका वैज्ञानिक तरिकाबाट जुन विवेचना गरिएको छ, त्यसबाट देवीहरूका महत्त्व सर्वोपरि स्थापित हुन गयो। त्यसमा भनिएको छ– सच्चिदानन्द तब सच्चिदानन्द हो, जब उसमा पराम्बा अथवा चिन्मय शक्तिको दर्शन हुने गर्छ। मन्त्र-विद्याका देवीहरूका सृष्टि त्यही परमा-शक्तिबाट सम्भूत भएको छ र ती देवीहरूमा पनि मन्त्र विद्यामा वर्णित

'दश महा-विद्याहरू'को विशिष्ट स्थान दिइएको छ। उपासक मन्त्र-शास्त्रमा वर्णित देवी तथा देवताहरूका साधना गरेर आफ्नो कल्याण-साधना गर्दछन्।

तथापि मातृ-रूपको साधना स्वभावतः नै अति मधुर हुने गर्छ र यही मन्त्र-विद्याको साधनाको एउटा विशेषता नै हो भन्नु उचित नै हुनेछ। यही कारणले मन्त्र-शास्त्रमा शाक्त साधना अर्थात् शक्ति-साधनालाई विशेष गौरव प्रदान गरिएको छ। मन्त्र-शास्त्रका द्रष्टा ऋषिहरूले निर्दिष्ट गरेअनुसार ब्रह्मको निष्कल ब्रह्म त्यो रूप हो, जब सम्पूर्ण सृष्टि उसमा लय हुन्छ र सकल ब्रह्म त्यो रूप हो, जब सृष्टिको उद्भव हुन्छ र यही कुरा उसको मातृ-रूप सिद्धान्तको समर्थन गर्दछ अर्थात् जब ब्रह्ममा शक्तिको उदय हुन्छ, जो सृष्टि-रचनाको क्रम स्थापित गर्नका लागि पहिले ब्रह्मालाई जन्माएर उसलाई सरस्वती-रूपको शक्ति प्रदान गर्दछ, जसवाट ऊ सृष्टिको कार्यमा संलग्न हुन्छ।

तदनन्तर उसले विष्णुलाई प्रकट गर्दछ र उनलाई लक्ष्मी-रूप शक्ति प्रदान गर्दछ, जसबाट ऊ सृष्टिको पालन-पोषणको कार्य सम्हाल्ने गर्दछ।

यसपछि ऊ शिवलाई प्रकट गर्दछ र उनलाई स्वयम् आफू आफै अर्पित गरेर उनलाई सृष्टि-संहारको कार्य सुम्पिन्छिन्।

कालान्तरमा जब शिवलाई आफ्नो गौरव-पूर्ण पदको अभिमान हुन्छ, तव उनले आफ्नो शक्तिको उपेक्षा गरेर, त्यागेर स्वतन्त्र विचरण गर्न थाल्छन् तव उनले दश दिशाहरूमा जता पाइला वढाए पनि उनलाई दश दिव्य मूर्तिहरूका दर्शन हुन्छ, तब उनको अभिमान हट्दछ र उनी पुनः माँको शरणापन्न हुन्छन्। त्यस महा-शक्तिका जुन दश रूप शिवको अभिमान हटाउनका लागि आविर्भूत भएका थिए, त्यही रूप तन्त्रहरूका परम प्रसिद्ध 'दश-महाविद्या' हुन्।

यसैकारण तन्त्रमा शिवलाई मन्त्र-द्रष्टा ऋषिहरूले उनको साधनालाई अत्यधिक महत्त्वपूर्ण निर्दिष्ट गरिएको छ, तर यसको अर्थ मन्त्र-विद्यामा निर्दिष्ट अन्य देवी-देवताहरूका उपासना हिन अथवा घटिया हो भन्ने होइन किनभने सवै देव र देवीहरू त्यही चिन्मय महा-शक्तिका विशेष विभूतिहरू हुन् र त्यसमध्ये चाहे जसको साधना गरियोस्, यदि साधकको निष्ठा पराम्बाको शरणापन्न हुनु नै पर्छ, तब त्यस साधनाद्वारा उसलाई लाभ प्राप्त हुन्छ। निस्संदेह धेरै देवी-देवताहरूका साधनाबाट इह-लौकिक महत्त्वाकांक्षाको पूर्ति हुन सक्दैन। वास्तविक कुरा त, मन्त्र-विद्यामा देवताहरूका साधनाको जुन वर्गीकरण गरिएको छ, त्यो लोकाभिरूचिलाई हेरेर गरिएको हो।

कुन कुन देवताको साधना गर्दा कुन कुन कुराको सिद्धि प्राप्त हुन्छ, उक्त वर्गीकरणबाट प्रकट हुन्छ र यसबाट सृष्टि कार्यमा देव र देवीहरूका वर्गीकरण कसरी भएको थियो भन्ने कुरोको पनि प्रमाण हो । देव र देवीहरूका जुन अलग अलग सृष्टि छ र उनीहरूका जुन अलग अलग लोक छ, तिनीहरू त्यसैगरी वास्तवमा स्थित छन्, जसरी हाम्रो यो जगत् छ, यो कुरो यहाँ पुनः दोहऱ्याएइमा अनुचित अवश्य मानिने छैन । यस्तो अवस्थामा यी दुवै स्थितिहरूलाई वास्तविक रूपलाई बुझ्नु मानिसको आफ्नो आफ्नो बुद्धि तथा ज्ञानसँग नै सम्बन्ध राख्दछ।

जसले यसलाई असत्य ठान्दछ, ऊ यसलाई असत्य ठान्नका लागि स्वतन्त्र छ र जो यसको वर्तमान स्वरूपलाई वास्तविक देख्दछ, ऊ यस्तो गर्न स्वतन्त्र छ । वास्तवमा यस्ता कुरोमा वाद-विवाद गर्नु आवश्यक छैन । मन्त्र अथवा देवता-तत्त्व गुरु-तत्त्वसँग नै घनिष्ठ रूपमा सम्बद्ध छ । मन्त्रको स्वरूप के हो, मानिसको आध्यात्मिक उन्नतिमा यसको स्थान कहाँनिर छ, मन्त्र साधनाको तात्पर्य के हो ? साधारणतया यो प्रश्न तत्त्व-जिज्ञासु साधकहरूका मनमा खेल्दछ । यसका साथमा अरूहरू पनि आउने गर्दछन् ।

मनमा उठ्ने यस्ता विचारहरूको प्राकृत समाधानका लागि मन्त्र रहस्य थाहापाउनु आवश्यक छ ।

सृष्टिको आदिमा ईश्वर आफ्नो बहिरङ्गी शक्ति महामाया अथवा विन्दुमा दृष्टि लाउँदछ । यो दृष्टि लगाउनु नै चैतन्य शक्तिको सञ्चार हो। विशुद्ध जड शक्तिको नाम महामाया हो ।

जुन सम्पूर्ण अणुरूपी जीव पूर्वकल्पको साधना, वैराग्य, सन्यास, विवेकज्ञान आदिको फलस्वरूप जडशक्तिरूपा महामायालाई अतिक्रमण गर्नमा समर्थ भएका छन्, परमेश्वरको निजरूपमा उपनीत हुनसकेको हुन्न, ती महामायाको गर्भमा रहन्छन् । यी सम्पूर्ण जीवहरूका अवस्था सुषुप्तिवत रहने कुरामा कुनै शङ्का छैन । यी जीवहरू मायाभन्दा माथि, महामायाको गर्भमा लीन रहन्छन् ।

मायाको गर्भमा रहँदा जस्तो हुन्छ, महामायाको गर्भमा रहँदा पनि धेरै कुरो त्यस्तै नै हुन्छ । दुवैमा आवरणको मात्र फरक हो । अप्राकृत दिव्य अवस्था अथवा भागवत अवस्था धेरै दुर्लभ छ ।

चैतन्यको विकासबाहेक उसको आविर्भाव हुन सक्दैन । मायाको निद्रा र महामायाको निद्रा, दुवै नै स्थलमा पशुभाव विद्यमान हुन्छ । पशुत्व रहेसम्म प्रकृति जागरण कहाँ ? महामायाको विश्रान्तिकालमा उसको गर्भको सम्पूर्ण

जीव सुषुप्त रहन्छ। उनीहरूका जीवत्व पशुत्वमूलक हुन्छ।

चैतन्यको उन्मेष नहुँदासम्म ऊ तिरोहित हुँदैन। ती विदेह कैवल्यप्राप्त जीवहरूका आत्माको स्वरूपगत अणुत्व अथवा पशुत्व, भगवत्ता-प्राप्ति ज्ञान-क्रियात्मक चैतन्यको स्वरूपको आच्छादन हो। र हो माया-मायाको सम्वन्ध।

यी दुई आवरणहरूका निवृत्तिले शुद्ध भगवत्ताको अभिव्यक्तिको बाटो खुल्दछ। सृष्टिको आदिमा जब महामायामा चैतन्य शक्तिको आधान हुने गर्छ, तब त्यस शक्तिलाई क्रियाबाट महामाया क्षुब्ध भएर कार्योन्मुख हुन्छ र त्यसले सुप्तबाट अणुरूपी सम्पूर्ण जीव पनि जागिहाल्छ। निद्राको समय ती सम्पूर्ण जीव विदेह अवस्थामा महामायामा लीन रहन्छ, तर महामाया क्षुब्ध हुनासाथ तिनीहरूका निद्रा भङ्ग हुन्छ। देह-सम्वन्धबाहेक कुनै अणु कहिल्यै जाग्न नसक्ने हुंदा, महामायाको क्षोभले क्षुब्ध महामायासँग प्रयोजनअनुसार ती अणुहरूलाई देह आदि उत्पन्न र विकसित हुन्छ। यसकारण, जब ती जाग्दछन्, तब तिनीहरूमध्ये कुनै पनि विदेह रहन सक्दैन– महामायाजात शरीर लिएर नै ती प्रकाशित हुने गर्छ। महामायामा चैतन्य-शक्तिको आवेग र ती अणुहरूमा चैतन्य-शक्तिको सञ्चार एउटै कुरा हो, किनभने सुप्तावस्थामा सम्पूर्ण अणु महामायामा अभिन्न रूपमा कायम नै रहन्छ।

महामायाको गर्भमा असङ्ख्य अणु छन्। महाप्रलयको अवस्थामा यिनीहरू समभावलीन रहन्छन्, तब पनि चैतन्य शक्तिको सम्पातले सबै समान प्रबुद्ध हुँदैन, हुन पनि सक्दैन।

यद्यपि सबै अणु नै मलविशिष्ट हो र चैतन्य अथवा भगवदनुग्रहको आवश्यकता यद्यपि सबैलाई समान छ, तब पनि मलको परिपक्वता सबैको समान हुन्न। जसको मल जति नै धेरै परिपक्व हुन्छ, उसको मल त्यति नै धेरै परिमाणमा चैतनशक्तितर्फ उन्मुख हुन्छ। मलले अनादिकालदेखि आत्मालाई अणुरूपमा परिणत गरेको छ।

अणुत्व नै पशुत्व हो– यो आत्माको स्वभावसिद्ध धर्म होइन। आत्माको स्वाभाविक धर्म शिवत्व अथवा पूर्ण चैतन्य हो। अनादि हुँदाहुँदै पनि मल आगन्तुक हो। यसबाट ऊ स्वरूप आच्छन्न रहन्छ। यस्तोमा शिवरूपी आत्मा जीव अथवा पशुरूपमा परिणत हुने गर्छ।

यो मल कालशक्तिद्वारा निरन्तर परिपक्व हुँदै रहन्छ। सृष्टिकालमा परिपाकका लागि अर्को उपाय पनि थिएन, कुरो यो पनि होइन। परिपक्वताको

एउटा यस्तो मात्रा छ, जो प्राप्त गर्नाले सम्पूर्ण अणु आफसे आफ चैतन्य-शक्तितर्फ उन्मुख हुने गर्छ। आकाशको सूर्य-किरण, समुद्रमा र केही त्यसको तलसम्म पुग्दछ, तर जुन जीव त्यस किरणको सिमासम्म पुग्न सक्दैन, तिनीहरू आपाततः ती किरणहरूका क्रियाबाट मुक्त रहन्छन्। र, जसले ती किरणहरूको स्पर्श पाएको हुन्छ, तिनीहरू त्यसको प्रभावबाट जाग्दछ र आफ्नो मलपाकको मायाअनुसार विशुद्ध देश प्राप्त गरेर शुद्ध जगत्मा सञ्चरण गरिरहन्छ।

यसकारण अपेक्षाकृत अपक्वमल– जीवको सुषुप्ति भङ्ग हुन सक्दैन। साधारणतः कल्पान्तरमा ऊ हुने पनि सम्भावना रहन्छ।

स्वातन्त्र्य-शक्तिको तर्फबाट विचार गर्दा चैतन्य-शक्तिको सञ्चार मल सकिन्न। जुन जीवहरूका आलोक-स्पर्श हुने कुरा भनिएको छ, ती सवै पुराना जीव हुन्।

तिनीहरू संसारमा पतित भएका थिए र प्रत्यावर्तनमा मायासम्म तत्त्वहरूलाई भेदन गरेर शरीरबाट विमुक्त भएर महामायामा 'केवली' रूपमा विलीन छन्। यसबाट माया-राज्यलाई त छेदन गर्न सक्छ, तर वासनाबाट पूर्णरूपमा मुक्ति भएको हुन्न, किनभने मायातीत वासना अहिले पनि रहन्छ। मायिक वासनालाई क्षीण गर्नका लागि मायिक शरीर ग्रहण गरेर मायिक जगत्मा कर्म गर्नुपर्ने हुन्छ। शरीर धारण नगरीकन वासनाको क्षय हुँदैन। मायिक वासना मलिन हुन्छ, तर मायातीत वासना विशुद्ध हुने गर्दछ। कर्तृत्वको अभिमानले मायिक जगत्मा कर्म र भोक्तृत्वको अभिमानले मायिक जगत्मा भोग हुने गर्छ। कर्मको अनुष्ठान र कर्मफलको भोगलाई नै सम्मिलित रूपमा संसार भनिन्छ। तर, मायातीत वासनामा कर्मको मूलमा त्यसलाई वास्तविक संसार भन्न सक्दैनौं। यो मायातीत कर्मको अधिकार र भोगको अतीत अवस्था 'लय' हो। अब प्रश्न देखा परेको छ, यो मायातीत वासना विदेह अणुमा कुन किसिमबाट चरितार्थ हुन सक्छ ? यसको उत्तर हो– मायातीत वासनाले मायातीत शरीरबाट नै तृप्ति पाउने गर्छ। मायिक उपादानको आवश्यकता हुन्छ, उसको नाम महामाया हो। जब चैतन्यशक्तिले महामायाको स्पर्श गर्दछ, तव पहिले भनिएको जीव, पक्वमल-जीव, जाग्दछ र क्षुब्ध महामायाद्वारा रचित देहमा अधिष्ठान गरेर आफ्नो आफ्नो कार्यमा जुट्न थाल्दछ। महामायाको नामान्तर कुण्डली-शक्ति हो। कुण्डलिनी शक्तिले रचित

जीव तव जीव नादवाच्यमा रहने गर्दैन । जीव हुँदाहुँदै पनि ऊ ईश्वरीय शक्ति सम्पन्न हुने गर्छ ।

परमेश्वरको करुण-दृष्टि रूप चैतन्यशक्ति वास्तवमा चित्तशक्ति नै क्रियाशक्तिका रूपमा उन्मेष हो । चित्तशक्तिको सक्रिय र निक्रिय– दुई अवस्था हुने गर्छ । वास्तवमा यो दुई नहुँदा नहुँदै पनि कार्यगत भेदको कारण कृत्रिम रूपमा दुई भन्ने गरिन्छ । निक्रिय अवस्थामा क्रियाको अभावको कारण शक्तिको सञ्चार हुँदैन, यसकारण यो शक्ति-सञ्चार वास्तवमा चित्तशक्तिको व्यापार हो । यसको अर्को नाम दीक्षा हो । पूर्वोक्त परिपक्वमल-जीव सृष्टिको आदिमा ऊ दीक्षाप्राप्त गरेर महामायाबाट उद्भूत विशुद्ध शरीरप्राप्त गर्दछ, तव परमेश्वरको आदिशिष्यका रूपमा शुद्ध जगत् अथवा महामायिक जगत्मा स्थिति पाउँदछ । हामी जुन मायिक जगत्सँग परिचित छौँ, यसको सृष्टि, स्थिति आदि सम्पूर्ण व्यापारको भार यसको काधमा रहन्छ ।

यो जीव हुँदाहुँदै पनि ईश्वरकल्प हो, तर नित्यसिद्ध परमेश्वरभन्दा न्यून हुन्छ किनभने यसको शुद्ध वासना छ, परमेश्वरमा वासना हुँदैन । समष्टि रूपमा सम्पूर्ण जीवको कल्याण-कामना– यही शुद्ध वासनाको स्वरूप हो । विशुद्ध वासना विशुद्ध कैवल्य-अवस्था हो, भगवदवस्था होइन । सृष्टिको आरम्भमा परमेश्वरको चैतन्य-शक्ति प्राप्त गरेर जुन सवै जीवले विशुद्ध शरीर पाउँदछ, तिनीहरू सबै समान भाव भएका हुँदैनन् । तिनीहरूमा पनि अवान्तर भेद हुन्छ । एक किसिमले सवैलाई एउटै स्तरको भन्न अवश्य सकिन्छ, किनभने सबैमा चित्तशक्तिको उन्मेष रहन्छ । सबैले शुद्ध विद्या प्राप्त गरेर शुद्ध राज्यका अधिकारी बनेका हुन् र न्यूनाधिक रूपमा हुँदाहुँदै पनि सबैमा क्रियाशक्ति जाग्रत भएको हो । वास्तवमा भन्ने नै हो भने शुद्ध जगत्को चैतन्य-वर्गमा जुन विषमता देखा पर्दछ, त्यसको मूल क्रियाशक्तिको अभिव्यक्तिको तारतम्य हो ।

क्रियाशक्तिको तारतम्य किन हुने गर्छ, यसबारे जांच पडताल गर्दा थाहा हुनेछ– अणुहरूका मल समान रूपमा परिपक्व हुँदैनन्, यसकारण भगवत् शक्ति अर्थात् परमेश्वरको क्रियाशक्तिलाई सबैले समान रूपले धारण गर्न सक्दैनन् । आवश्यक परिमाणमा पक्व नहुनाले मल चित्तशक्तिको स्पर्श सहन गर्न सक्दैन त्यो शुद्ध जगत्को सबैको आयत अवस्था अधिगत भएको छ, यो सत्य हो, तर यस परिपक्वताको तारतम्य छ । त्यस हिसाबले परिपक्वता जहाँ धेरै छ, त्यहाँ क्रियाशक्तिको आवेश धेरै मात्रामा हुने गर्छ । मल परिपक्व

नहुनाले क्रियाशक्ति धारण गर्न सक्तैन।

यसकारण, मलपाक नहुनाले श्रीगुरु कहिल्यै जीवमा अनुग्रह गर्दैन।

पक्वमल-अणुहरूमा जसको मल सबभन्दा धेरै परिपक्व हुने गर्छ, क्रियाशक्तिको आवेश हुनाले त्यसमा कर्तृत्वभावको उदय हुन्छ। भनेर भन्नु अवश्य अस्वाभाविक हुने छैन, यो शुद्ध कर्तृत्व हो।

शुद्ध कर्तृत्वमा अहङ्कारको सम्बन्ध रहन्न। यसको मातहतमा बहुसङ्ख्यक अणु पहिले भनिएको प्रणालीबाट भगवत्-शक्ति पाउँछ र चैतन्य प्राप्त गर्दछ। जो केहीमा कर्तृत्व-भावको उदय हुने गर्छ, एक किसिमले सजातीय हुँदाहुँदै पनि त्यसमा पनि परस्पर थोर बहुत हुन्छ नै।

त्यस्तो करण-शक्तिमय समष्टिमा पनि परस्पर त्यस किसिमको थोर वहुत भने हुन्छ नै। जसमा कर्तृत्वभाव हुन्छ, उसले ईश्वर-तत्त्वको आश्रय प्राप्त गर्दछ र जो करण-भाव भएका हुन्छ, उसको सहारा शुद्ध विद्यातत्त्व हुने गर्छ। यो विद्या मायातीत ज्ञान-स्वरूप हो।

जो कोही ईश्वर-तत्त्वमा रहन्छ, ऊ ईश्वर अथवा गुरु हो र जसले विद्यातत्त्वको आश्रय लिन्छ, ऊ मन्त्र अथवा देवता हो। मन्त्र गुरुबाट प्रयुक्त भएर मायिक जीवहरूको उद्धार गर्दछ। ऊ आफैबाट प्रेरित भएर जीव-उद्धारमा लाग्न सक्दैन, किनभने ऊ करण हो, कर्ता होइन।

गुरु र देवता– दुवै नै शुद्ध शरीर भएका हुन्छन्। परमेश्वरको अनुग्रहवाट दुवैमा आफ्नो स्वरूपको ज्ञान जागेकै हुन्छ।

तर, गुरु कर्तृत्वभाव र देवता करणभाव लिएर काम गर्ने गर्छन्। परमेश्वरको अनुग्रह शक्ति यद्यपि गुरु र देवतामा रहेकै छ, तब पनि व्यक्तिगत विकासतर्फ तारतम्य रहन सक्छ। जुन आत्माहरू तत्त्वभेदको क्रमले ऊर्ध्वगतिको परिणाम-स्वरूप मायालाई अतिक्रमण गर्नमा समर्थ भएको छ, तिनीहरू मलपाकको कारण भगवान्को कृपा प्राप्त हुनाले देवत्व-पदमा आसीन हुने गर्छन्। मायातीत देवता शुद्ध शरीरमात्र रहन्छ, अशुद्ध शरीर रहन्न।

तर, गुरुको अवस्था अर्कै हुने गर्छ। मल यदि परिपक्व छ, तब चैतन्य शक्तिको अवतरण निश्चित र मलपाकको तीव्रताको कारण कर्तृत्व-भावको आवेश स्वाभाविक हो। यी सम्पूर्ण अणु दीक्षा प्राप्त गरेर आचार्य-अधिकार पाउँछन्।

तत्त्वभेद-क्रमले, चाहे आत्मिक विकास तिनको जतिसुकै भएको होस्, त्यही पर्याप्त हो। तिनीहरू जुन तत्त्वमा रहन्छन्, गुरु-पदमा अधिरुढ भएमा

तिनीहरूका मायिक शरीर अथवा वैन्दव शरीरप्राप्त हुन्छ, त्यो गुरुपद– वाच्य सबै आत्माहरूको एकै किसिमको हुन्छ। मायातत्त्व-भेद नगरेसम्म गुरुमात्रको नै दुइटा शरीर हुन्छ।

मायातत्त्व-भेद नगरेसम्म रहने गुरुको दुइटा शरीरमा एउटा गुरुले दिएको शुद्ध शरीर हो, जो महामाया अथवा कुण्डलिनीको उपादानबाट गठित हुन्छ र अर्को मायिक शरीर। यो अर्को शरीर जीवको क्रम-विकासको मात्राअनुसार कुनै न कुनै तत्त्वमा आश्रित हुन्छ, अर्थात् कसैको मायिक शरीर पार्थिक, कसैको जलीय, कसैको तेजस आदि हुन्छ। शरीरको विकासको अर्थ– शरीरको उपादानलाई अधोतत्त्वबाट ऊर्ध्वतत्त्वमा परिणत गराउनु हो। कार्यको गति कारणतर्फ र कारणको गति त्यसको स्वकारणतर्फ यही शरीरको उपादानगत उत्कर्ष हो। भगवान्को अनुग्रह पाउनु यो तत्त्वभेद-रूपी उत्कर्षमा निर्भर गर्दैन।

यो उत्कर्ष पार्थिक क्रम-विकासको परिणाम हो। चैतन्यशक्तिको अवतरण एक मात्र मलको परिपक्वतामा निर्भर गर्दछ। यसकारण, कसैले पृथ्वी-तत्त्वलाई भेदन नगरीकन पनि भगवदनुग्रह प्राप्त गर्दछ।

शक्तिको अवतरण तत्त्व-भेदमा पनि जवसम्म मलपाक कारणभावको अभिव्यक्तिको योग्य हुँदैन, तवसम्म उसमा भगवान्को अनुग्रह-शक्ति सञ्चारित हुँदैन। ती अणुहरूले कल्पान्तरका लागि प्रतीक्षा गर्नुपर्दछ। किनभने, देव-शरीरको रचना सृष्टिको समयमा हुँदैन, सृष्टिको प्राक्कालमा हुने गर्छ। र, यदि माया-भेद भएन भने त, तव त कुनै प्रश्न नै उठ्दैन। किनभने, माया-भेदन गरि नसकुन्जेलसम्म कुनै पनि आत्मामा मलपाकवश भगवान्को शक्ति प्राप्त भएपछि पनि देवत्वको आविर्भाव सम्भव हुन्न। माया-भेदन गरेपछि जुन आत्माहरू मलपाकको कारण भगवदनुग्रह प्राप्त गर्ने योग्यता प्राप्त गर्छन्, वर्तमान कल्पमा ती आत्माहरू महामायामा लीन रहन्छन्।

यसकारण, यो निश्चित हो– कुनै विशिष्ट कल्पको आत्मा अनुरूप मलपाक रहँदा रहँदै त्यस कल्पमा देवत्व प्राप्त गर्न सक्दैन। मायालाई भेदन गरेपनि त्यो सम्भव हुन सक्दैन।

उसले महामायामा कल्पान्तको प्रारम्भसम्म विश्राम गर्नुपर्ने हुन्छ। तर, गुरुका लागि यो नियम छैन। गुरुले माया भेदन नगरे पनि हानि हुँदैन।

कहाँसम्म भने गुरु कुनै निम्नवर्ती तत्त्वमा रहँदा पनि खती हुँदैन। किनभने, गुरुभावको अभिव्यक्तिमा जीवको स्वकृत ऊर्ध्वगतिको माग निर्देश

आवश्यक हुन्न । मल-परिपाक सही-सही रहनाले आफ्नो विकासको परिणाम स्वरूप जो जहाँ छ, त्यहींबाट भगवदनुग्रह प्राप्त गरेर शुद्ध शरीर एवम् आचार्यको अधिकार पाउन सक्छ । तर, यदि उसको मायातत्त्व भेदन भइसकेको छ, तब उसले नयाँ जन्मको आरम्भसम्म पर्खिनु नै पर्ने हुन्छ । गुरुको अधीनमा रहने देवता वास्तवमा महामायाको राज्यको अधिवासी हो ।

तर, गुरु महामायाको राज्यको अधिवासी नहुँदा नहुँदै पनि माया-राज्यको पनि अधिवासी हुन सक्दछ । पक्कै पनि यहाँ सृष्टिकालीन गुरुको कुरा गरिएको हो, जसको माया शरीर र शुद्ध शरीर दुवै नै छ । सृष्टिका अतीत गुरुहरूका बारेमा यहाँ केही भनिएकै छैन– तिनीहरू माया शरीर-वर्जित एवम् वैन्दव शरीर भएका हुन् । सृष्टिको मूल उपादान स्वरूप एउटा वस्तु रहन सक्दछ । सामान्यतया यसलाई हामी जड भनेर गणना गर्न सक्छौं ।

सृष्टिको मूल उपादान स्वरूपको वस्तु एकातिर (भित्र) शुद्ध र अर्कोतिर (बाहिर) अशुद्ध रहन्छ । जबसम्म सृष्टिको उदय हुँदैन, तबसम्म यस आन्तर-बाह्य विभाग बुझ्न सकिँदैन ।

यो जुन अचित् स्वरूप मूल उपादान हो, त्यसलाई पनि थाहा पाउन सकिन्न । सृष्टिभन्दा पहिले परमेश्वरको दृष्टि शुद्धांशमा पर्छ, त्यो उज्ज्वल ज्योतिरूप शुद्धांश अथवा ज्योति महामाया हो, बाहिरको छाया माया हो । सूक्ष्म रूपले हेर्ने हो भने त देखा पर्ने नै छ कि यी दुवैमा एउटै नै अचित सत्ता हुन्छ ।

अचित सत्ता क्षुब्ध भएर स्तर-स्तरमा तत्त्वरूपमा अभिव्यक्त हुन्छ । तर, यो सबै तत्त्व अचितको मूल विभाग होइन । अचितको मूल विभाग पाँच कला हो । प्रत्येक कला (शुद्ध दुई र अशुद्ध तीन) अवान्तर रूपले तत्त्वरूपमा अभिव्यक्त हुन्छ । यसअनुसार ज्योतिर्मय राज्यमा पाँच र मायाको छायाको राज्यमा एकतीस तत्त्व अभिव्यक्त छ । पाँच कलाहरू नै क्रमशः धेरै बहिर्मुख छन् । वहिर्मुखताको जहाँ पराकाष्ठा हुन्छ, त्यसको नाम पृथ्वी हो । त्यसैगरी जहाँ अन्तर्मुखताको चरम सीमा छ, त्यसको नाम शिव अथवा महामाया हो । कुण्डलिनी-स्वरूप शिव, शिव नामले परिचित हुँदाहुँदै पनि वास्तवमा विशुद्ध जडवस्तु हो । यसको नाम आदितत्त्व अथवा विन्दु हो । यसबाहेक शिव अथवा परमेश्वर यसभन्दा भिन्न हो । यी तत्त्व स्तर-स्तरमा सजाइएको छ । विश्वमा सर्वत्र यो क्रम-विन्यास देखा पर्दछ । तत्त्वबाट आविर्भाव भएका भुवन-तत्त्वहरूकै गुण, क्रिया, शक्ति आदिको विकासको तारतम्यअनुसार अधः ऊर्ध्व

रूपमा परस्पर शृङ्खलाबद्ध छन् । ऊर्ध्व प्रदेशबाट सबभन्दा तलको प्रदेशसम्म यी भुवनहरूका समष्टि जीवको नजिक भुवन नामले परिचित छ । आफ्नो आफ्नो अधिकार र योग्यताअनुसार जीव प्रत्येक स्तरमा विद्यमान छ ।

सृष्टिकालमा अथवा विश्वमा रहँदै जीव शरीरयुक्त भएर नै रहने गर्दछ । तर, प्रलय-अवस्थामा जीवको शरीर हुँदैन । त्यस समय जीव मायामा परम्परा रूपमा लीन भएर सुषुप्तवत रहन्छ– मायामा जुन एकतीस तत्त्व छ, तिनमा प्रत्येकमा आश्रय लिएर जीव हुन्छ या रहन सक्दछ । मायाअनुसार तत्त्ववर्ती जीवसमूहको पनि श्रेणी-विभाग हुन्छ । तर, यो श्रेणी-विभाग तत्त्वको आपेक्षिक उत्कर्ष-मूलक हो । यसबाट जीवको स्वकीय उत्कर्षको परिचय पाइन्छ । प्रलय जडको क्रिया सापेक्ष हो– त्यो जीव साधनाको अधीन हुन्न ।

उपादानमा जब बहिर्मुख प्रेरणा आउँछ, तब सृष्टितर्फ प्रवृत्ति हुने गर्छ । अभिव्यक्तिको नियमअनुसार जुन सबै जीव यी मूल उपादानहरूका अतिक्रम गरेर महामायामा रहन्छ, त्यसमा मलपाकको तारतम्यबाट कुनै-कुनै नयां सृष्टिमा देव-भावको आविर्भूत हुने गर्छ । यसको शरीर वैन्दव हुन्छ । अवतरण गर्दा पनि एक प्रकारको देव-भावको आविर्भाव हुने गर्छ । ती स्वभावतः मायातीत हुने गर्छन् । यसकारण, शुद्ध हुँदाहुँदै पनि ति क्रम विकासको नियमको अधीन हुँदैन । भन्नु स्वाभाविक छ, दुवै नै मायाको अतीत भूमिको कुरो हो । ठीक त्यसैगरी अशुद्ध अथवा मायिक देवता पनि हो । यसको रहस्य बुझ्न सकिएमा शास्त्रमा वर्णित आजान देवता, कर्म देवता इत्यादि विभिन्न देवताहरूका तत्व हृदयङ्गम हुनेछ ।

शक्तिको रहस्य

आत्माको स्वरूपको अवस्थान अथवा मोक्षप्राप्ति नै मानव-जीवनको वास्तविक उद्देश्य हो। धारणा-शक्तिको अभावमा साधारण मानिसले चाहे यसलाई स्वीकार नगरून्, तर यसको सत्यतामा विश्वास नगर्ने कुनै कारण पाइँदैन। समयमा यो सत्य सबैलाई हृदयङ्गम हुने गर्दछ। जबसम्म मानिस आफ्नो स्वरूपमा स्थिति प्राप्त गर्दैन, कमसेकम स्थितिको मार्गमा जाँदैन, तबसम्म उसले शुभ-अशुभ कर्मको अधीनमा रहेर सुख-दुःख रूप फल-भोग गरेर त्यस अनुरूप विविध भोग-स्थानमा जान र भोगायतन शरीर धारण गर्नु नै पर्छ। जन्म-मरणको चक्रमा निरन्तर आवर्तनको नाम संसार हो। स्वरूपमा स्थिति नपाउन्जेलसम्म यसबाट छुटकारा पाउने कुनै सम्भावना नै हुन्न। तब के स्वरूप-स्थितिको कुनै सम्भावना नै छैन ? छ, अवश्य छ र जीवले त्यो पनि पाउन सक्छ। जीवले जब त्यसलाई पाउँछ, त्यस उपायबाट तारतम्यअनुसार, चाँडै अथवा विलम्ब, क्रम अपनाएर अथवा क्रम विनानै, उ संसारबाट मुक्त भएर आफ्नो पूर्ण स्वरूपमा प्रतिष्ठित हुन सक्दछ। तान्त्रिक आचार्यहरूका परिभाषामा आत्माले पूर्ण ब्रह्मभाव प्राप्त गर्ने उपायको नाम शक्तिपात हो। यसको अर्को नाम कृपा अथवा भगवतनुग्रह हो। यसबाहेक पौरुष-प्रयत्नले मात्रै भगवत् प्राप्ति हुन सक्दैन। वास्तवमा, भगवन्मुखी वृत्तिको मूलमा सर्वत्र नै भगवत्कृपाको प्रभावलाई मान्नै पर्दछ।

शक्तिपाद अथवा कृपाको सम्वन्धमा शास्त्रमा धेरै ठाउँमा निकै चर्चा भएकै छ। ईसाई 'नोस्टिक' (न्लयकतष्अ) आदि विभिन्न सम्प्रदायहरूका ग्रन्थहरूमा पनि यस विषयमा निकै विवरण पाइन्छ। यहाँ तन्त्रशास्त्रअनुसार मात्र यस सम्वन्धमा चर्चा गर्न खोजिएको हो। शक्तिपात अथवा कृपा कहिले र किन हुन्छ, यसको उत्तर विभिन्न दृष्टिकोणबाट विभिन्न प्रकारले दिने गरिएको छ।

अज्ञानको कारण संसारको उद्भव हुने गर्छ र ज्ञानको उदय हुँदा अज्ञान हट्दछ र शक्तिपात हुने गर्छ। ज्ञानको अग्निले सबै प्रकारका कर्महरू भष्म बनाएर शक्तिपात भूमिको रचना गर्दछ। यस मान्यताअनुसार कर्मफलको आत्यन्तिक निवृत्ति हुन सक्दैन। भोग क्रमशः हुने गर्छ, यसलाई स्वीकार गर्दा कर्मान्तरको प्रसङ्ग अनिवार्य हुने गर्छ। क्रमशः फल दिनु नै कर्मको स्वभाव हो। एउटै समयमा सबै कर्महरूका फलभोग हुने गर्छ, यो स्वीकार गर्नाले कर्मको स्वभाव नष्ट हुने गर्छ। तर स्वभावको नाश कहिल्यै पनि सम्भव हुन्न। यसकारण, जस्तो पनि होस्, भोगबाट कर्मको क्षय सङ्गत हुँदैन। ज्ञानवादी आचार्यहरूका मतमा ज्ञानलाई नै कर्मक्षयको कारण मानेका छन्, तर, ज्ञानको आविर्भाव कसरी हुन्छ, यसबारेमा राम्रो जानकारी प्राप्त हुन सकेको छैन। यदि कर्मलाई ज्ञानको कारण मान्ने हो भने, तब ज्ञानलाई कर्मको फल मान्नुपर्ने हुन्छ। यस अवस्थामा ज्ञान र कर्म समानार्थक हुन जान्छ र ज्ञानीलाई कर्म-फलभोगी मान्नुपर्ने हुनेछ। अतएव ज्ञानोदयको कारण शक्तिपातलाई मान्नाले प्रकारान्तरदेखि भोगमा पनि शक्तिपात मान्नु आवश्यक हुन जान्छ। कसै कसैले भन्दछन्– ज्ञान कर्मको फल हो, तर ईश्वरको इच्छाले त्यसमा केही विशेषता हुन्छ। स्वयम् आदि रूप कर्मफल कर्मान्तरलाई भष्म बनाउन सक्छ। ज्ञानको विशिष्टता नै यही हो। यस मतले ज्ञानोदयमा अन्योन्याश्रम अर्थात् ज्ञानोदय हुनमा ईश्वर इच्छाको निमित्तताको अनुमान एवम् ईश्वरको इच्छाले ज्ञानोदय– यसप्रकार अन्योन्याश्रम र व्यर्थता-दोष आउँछ तथा ईश्वरमा रागादि-प्राप्तिको प्रसङ्ग आउँछ। कुनै कुनै आचार्यका मत यस्तो पाइन्छ– शक्तिपातको वास्तविक कारण ज्ञान होइन, कर्मको साम्य हो। दुइटा समान बलशाली कर्महरूका परस्पर प्रतिबन्ध हुनाले कर्म साम्य हुन्छ, यसै शाम्यबाट शक्तिपात हुन्छ। क्रमिक भोगको प्रभावले धेरै कर्म क्षीण भएमा कुनै अनिश्चित समयमा यदि परिपक्व र समान बलभएका विशिष्ट विरुद्ध कर्म फल उत्पादनमा असमर्थ हुन्छ, यानी आफ्नो-आफ्नो फल नदेओस् अथवा नियत भोग-विधान नगरोस् र त्यसपछि सम्पूर्ण कर्महरू अपरिपक्व रहनाले भोग-उन्मुख नहोस्, तब यस्तो विरुद्ध कर्म साम्य हुन्छ। यस मतको विरुद्ध यतीमात्र भन्दा हुन्छ– यदि कर्मलाई क्रमिक मान्ने हो भने, त त्यसले दिने फललाई पनि क्रमिक मान्नै पर्ने हुनेछ। यस्तो अवस्थामा कुनै दुई कर्महरूका परस्पर विरोध सम्भव नभएको हुँदा कुनै पनि प्रकारको विरुद्ध कर्महरू एकसाथ रहन सम्भव हुँदैन।

यसबाट कर्म सर्वथा क्रमको अधीनमा छ भन्ने कुरा बुझ्न सकिन्छ। दुई कर्महरूलाई परस्पर विरोधी हुन भन्नाले– दुईमध्ये एकले अर्काको फललाई बाधा पुऱ्याउने गर्छ, जसको फलस्वरूप जुन कुनै समय यसको युगपत् प्रवृतिको उदय हुँदैन भनेर बुझ्नु उचित हुनेछ। एउटा अर्को कुरा पनि छ। विरोध स्वीकार गरिसकेपछि पनि यदि त्यस अवस्थामा कुनै अविरुद्ध कर्मको प्रवृत्तिलाई स्वीकार गरिएन, तब त्यस समय देहपात हुनै पर्छ। किनभने भोगायतन शरीर भोगविना एक क्षण पनि रहन सक्तैन। यदि यस्तो भनौं– जाति र आयु, यी दुई फल दिने कर्म-प्रतिबद्ध हुँदैनन्, मात्र भोग दिने कर्म नै प्रतिबद्ध हुन्छन्, तब स्वाभाविक रूपमा यो प्रश्न आउने छ– यदि जाति र आयुप्रद कर्म हुँदाहुँदै पनि शक्तिपात हुन सक्छ, तब भोगप्रद कर्म हुँदा शक्तिपात हुन सक्दैन, यसको कारण के हो ? द्वैतवादी तान्त्रिक आचार्यहरूका मतमा– ज्ञान अथवा कर्म-साम्य शक्तिपातको कारण होइन– शक्तिपातको वास्तविक कारण मल-पाक हो। उनीहरू भन्छन्–

परस्परविरोधेन निवारित विपाकयोः।
कर्मणोः सन्निपातेन शैवी शक्तिः पतत्यसौ ॥[1]

दुई विरुद्ध कर्म– स्वर्ग पाएर, ब्रह्मलोक पाएर दुवै धर्मात्मक हुन सक्छ, साथै दुवै अधर्मात्मक हुन सक्छ, जसरी एउटा अवीचि नरक-प्रापक र अर्को रौरव नरक-प्रापक कर्म। अथवा एउटा कर्म धर्मरूप र अर्को अधर्मरूप हुन सक्दछ। जस्तो– अश्वमेध र ब्रह्महत्या। यसप्रकार दुई विरुद्ध कर्महरूका सन्निपात हुँदा पनि शिवत्व दिने अनुग्रह-शक्तिको पात आत्माबाट हुँदैन। मतङ्गागममा छ– मलपाकको अविनाभूत दीक्षा कर्मको क्षयद्वारा मोक्ष प्राप्ति हेतु हुने गर्छ। किरणागममा छ–

अनेक भविकं कर्म दग्धबीजमिवाग्निभिः।
भविष्यदपि संरुद्धं येनेदं तद्धि भोगतः ॥[2]

---

१. जुन कर्महरूका फलदान परस्पर विरोधवश रुद्ध छ, उसको सन्निपातले शैवी शाक्तिपात हुन्छ।

२. धेरै जन्मको सञ्चित कर्म आगोमा भुटेको बीज जस्तै नै दग्ध हुने गर्छ। भावी कर्मको फल दिने चाहिँ शक्त रुद्ध हुने गर्छ र जुन कुनै कर्मबाट यो जन्म भएको छ, त्यसै कर्म यानी प्रारव्ध कर्मको भोगद्वारा क्षय हुने गर्छ।

मलपाकबाट अनुग्रह-शक्तिको पात हुने गर्छ। शक्तिपात हुनासाथ नै मलको आवरण हट्दछ र नित्य सत्य विशुद्ध सर्वज्ञत्व आदिमय[३] स्वरूप प्रकाशित हुने गर्छ। एउटै परमेश्वरले जीवलाई बन्धनमा पनि पार्दछ, मोक्ष पनि गराउँछ। जस्तो एउटै सूर्यले आफ्नो सान्निध्यले पग्लिन योग्य मोमलाई पगाल्छ र सुक्न योग्य माटोलाई सुकाउँछ, त्यसैगरी नै एउटै परमेश्वर मोक्षका अधिकारी मल जीवलाई मोक्ष दिने व्यवस्था गराउँछ र बन्धनयोग्य अपक्वमल जीवलाई मलपाकका लागि उसको बन्धनको व्यवस्था गराउँदैन। मलपाकबाट उपकार र अपकार रूप कर्ममा साम्यबुद्धि हुने गर्छ– तब मोक्ष हुन्छ। सबै प्रकारका कर्म साम्य हुनाले विज्ञान कैवल्य मात्र सिद्ध हुन्छ, मोक्ष हुँदैन। कर्म-साम्यको कारण मलपाक भएकाले यसको दीक्षाको प्रभावले मोक्ष पाइन्छ। परमेश्वर नित्यनिर्मल सर्वत्र र सर्वकर्ता हुन्, तर पशु-आत्मा मल, माया र कर्म-पाशमा बद्ध हुन्छ। परमेश्वरले कृपा गरेर उसको पाश अथवा बन्धनहरू छिनालेर उसलाई आफू जस्तो गराउँछ। यसैको नाम शिव-साधर्म्यको अभिव्यक्ति हो। तर, जबसम्म पशुको चैतन्य अवरोधक आदि मलको अधिकार निवृत्त हुँदैन, तबसम्म अनुग्रहको प्रवृत्ति नै हुँदैन। मृगेन्द्र आगममा छ– तमः शक्त्यधिकारस्य निवृत्तेस्तत् परिच्युतिः।

व्यनक्ति दृक्क्रियानन्त्यं जगद्‌बन्धुरणो शिवः॥

तमः शक्ति रोधशक्ति अथवा तिरोधानको अर्को नाम हो। जबसम्म यस शक्तिको अधिकार रहन्छ[४] तबसम्म उद्धारको कुनै उपाय छैन। अनादिमल परिपक्वता पूर्ण भएपछि उसको निवृत्तिको समय आउँछ। आँखामा मोतीविन्दु भएमा अस्त्रोपचारले त्यसलाई हटाउनुपर्दछ। तर, जबसम्म त्यो राम्ररी पाक्दैन, अस्त्रको प्रयोग हुन नै सक्दैन। अपक्व मललाई तानेर पन्छाउने प्रयत्न गर्नाले जीवको सर्वनाश हुनेछ। यसकारण मङ्गलमय भगवान् मलपाकको अवसरको

---

३. सर्वज्ञत्व, सर्वकर्तृत्व आदि धर्म शुद्ध र अशुद्ध भेदले दुई प्रकारका छन्। अपरामुक्तिमा अर्थात् आधिकारिक शिवावस्थामा शिव र शाक्तमा पूर्ण सामरस्य हुने गर्छ, यसकारण यो सबै धर्म स्वरूपसँग सर्वथा अभिन्न रूपमा प्रकाशित हुने गर्छ।

४. आवरण-शक्तिको अधिकारको निवृत्त भएमा शक्ति क्षय हुन्छ। यसरी नै जगत्‌बन्धु परमेश्वर पशु अथवा बद्धजीवप्रति आफ्नो अनन्त ज्ञानक्रिया अभिव्यक्त गर्दछ यानी उसलाई मुक्त गरिदिन्छ।

प्रतीक्षा गर्छन् र त्यो पाकेपछि दीक्षाद्वारा त्यसलाई हटाउँदछन्। जीवको उद्धार गर्ने उनको क्रम यही हो। यसरी मल हुन त द्रव्यात्मक हो, यसर्थ क्रियाद्वारा उसको निवृत्तिलाई स्वीकार गर्ने गरिन्छ। अवश्य यो क्रिया जीवको व्यापार होइन, ईश्वरको व्यापार हो। तर, मलपाक नहुँदासम्म दीक्षाको प्रवृत्ति हुँदैन। मलपाकका लागि नै भगवान् जीवलाई अलक्षित भावले अनादि कर्म-भोगात्मक संसारमा पठाउँदछन्। भगवान्को यस कृत्यको नाम तिरोधान अथवा रोध हो। वास्तवमा भन्ने हो भने त सृष्टि, स्थिति, संहार– यी तीनवटै तिरोधानका नै प्रकार-भेद हुन्, तीन वटैमा तिरोधान अनुस्यूत रहन्छ, मलको झैँ माया र कर्मको पाक पनि आवश्यक छ। मायाको पाकले कर्म पनि पाक्नाले आफ्नो आफ्नो फल दिनमा समर्थ हुन्छन्। अपक्व कर्मले फल दिन सक्दैन। सम्पूर्ण पाशहरूलाई पाक अथवा परिणाम परमेश्वरको सामर्थ अथवा स्वातन्त्र्यबाट हुने गर्छ। अनेकन जन्मका वासना र पुण्यको प्रभावले जुन कुनै समय अथवा जुन कुनै आश्रममा रहँदा पनि अचिन्त्य भाग्योदयको कारण कुनै कुनै आत्माको चैतन्य शक्तिको अनादि आवरणभूत मल केही पाकेमा त्यसैअनुसार शक्तिपात हुने गर्छ। शक्तिपातको मात्राअनुसार भगवान्प्रति भक्ति र श्रद्धा उत्पन्न हुने गर्छ। तब त्यस शक्तिपातअनुसार दीक्षाको अवसर आउँछ। शक्तिपातको तारतम्यले दीक्षाको भेद हुने गर्छ। यसप्रकार, शक्तिपातको तारतम्यको मूल मलपाकको विभिन्नता छ, यो बुझ्नुपर्दछ। भेदवादी आचार्य मलको नाशलाई स्वीकार गर्दैनन्।

हुन त मल एउटै हो, यसकारण यसको नाश हुन्छ भनेर स्वीकार गर्नाले एउटा आत्मा मलहीन हुनुको साथ साथै सम्पूर्ण आत्माहरू पनि मलहीन हुने कुरो उठ्दछ। तब त एउटाको मुक्तिको साथ साथै सबैको मुक्ति हुनुपर्ने हो। यसकारण, यिनीहरू भन्ने गर्छन्– मलको पाक पाक मात्रै हुन्छ, नाश हुँदैन। कुरो वास्तवमा यही हो– यस्तो विचारबाट पनि पूर्वोक्त दोष मेटिन्न। अथवा आगोको आफ्नो शक्तिको स्तम्भित हुनाले जसरी ऊ सबैका लागि नै समान हुन्छ, त्यसैगरी मलको पाकलाई समान थाहा पाउनु आवश्यक छ।

एउटा अर्को कुरा, पाकको हेतु के हो ? कर्म अथवा ईश्वरको इच्छा हुन सक्दैन, किनभने कर्म भोगको कारण हुन्छ, अर्को कुनै कार्यको कारण हुँदैन। ईश्वरेच्छा यदि भयो, तब प्रश्न देखा पर्छ– यो स्वतन्त्र छ अथवा परतन्त्र ? परतन्त्र भएमा कर्म इत्यादि अर्को कुनै निमित्तको अपेक्षा राख्दछ। यसको

विपरीत यदि ईश्वरेच्छा स्वतन्त्र छ, तब यस स्वतन्त्र इच्छाको फलस्वरूप सबैको मलपाक समान हुनुपर्नेछ। ईश्वरमा राग द्वेष हुँदैन। वास्तवमा उनको इच्छाले कसैको मल पक्व हुन्छ, कसैको हुँदैन, अथवा कसैको चाँडै हुन्छ, कसैको ढिलो। यस विषमताको कारण के हो ? विषमता अथवा पक्षपात-दोष ईश्वरको हुन सक्दैन।

यसकारण यस्तो लाग्दछ– मलपाकको कुनै हेतु छैन, तर यसलाई अहेतुक पनि भन्न सकिन्न। कारण नभएको कार्यको सिद्धिमा संसय हुने गर्छ– यतिका दिनसम्म मलपाक किन भएन ? वास्तवमा यस अहेतु पक्षमा मलको स्थिति नै हुन सक्दैन। यसकारण शक्तिपातको विषयमा मलपाकलाई पनि चरम सिद्धान्त मान्न सकिन्न। यी कारणहरूका आधारमा कर्म-साम्य आदि कुनै मत पनि समीचीन लाग्दैन। अद्वय दृष्टिअनुसार परमेश्वर अद्वय र स्वातन्त्रमय छ।

यस मतअनुसार शक्तिपातको विवरण यस विषयमा चरम सिद्धान्त हो। परमेश्वर स्वभावतया नियत क्रम र अनियत क्रम– दुवैलाई स्पर्श गरेर प्रकाशमान हुन्छ। यसकारण, शास्त्रमा उनलाई स्वच्छन्द भनिएको छ। ऊ जब कर्म र फलको परस्पर सम्बन्धलाई आश्रय बनाएर अवान्तर स्थिति-कालमा सृष्टि, संरक्षण र संहार गर्दछ, तब उसलाई नियम क्रम भन्ने गरिन्छ, अर्थात् त्यो नियम अथवा कार्य-कारण-भावको सहारामा कार्य गर्दछ– यस्तो भन्ने गरिएको छ। अर्थात् ब्रह्माण्ड, प्रकृति-अण्ड र माया-अण्डको सृष्टिमा कर्म र फलको नियमको सहारा लिने गर्छ।

तर, शाक्त महासर्गमा यानी शाक्ताण्डको सृष्टिमा त्यो सर्वथा निरपेक्ष र पूर्णतया स्वतन्त्र रहन्छ। यहाँ त्यो कर्मफल आदि कुनै नियमको अधीनमा रहेर आफूलाई प्रकाशित गर्दैन। कर्मफल शक्तिसम्म अध्वा अर्थात् शाक्ताण्डको सृष्टि जगत्को असङ्ख्य सृष्टि-समूह अन्तर्भूत रहन्छ। यो शाक्त महासृष्टि हो। यो पछिल्लो कर्मको फल रूपमा प्रादुर्भूत हुने गर्दैन। यसकारण, यसमा कर्मको अपेक्षा नियतिको परिग्रह हुँदैन। मायाभन्दा माथि कर्म रहन सक्दैन, यानी अवान्तर सृष्टिमा पनि यो ब्रह्माण्ड आदिमा पनि परमेश्वर नियतिको अधीन हुन्न।

कर्म स्वतन्त्र छ। यसको नियति-त्याग र नियति-ग्रहण यस प्रकार हुने गर्छ– जब ऊ नियतिद्वारा यानी आफ्नो स्वरूपको आस्वादन गरेर भोक्ताका

रूपमा दुःख, मोह आदिको भोग गर्दछ, तब कर्मफलको क्रम अर्थात् नियति ग्रहण गर्दछ। र, जब ऊ यो अनपेक्ष हुनाले कर्मको नियन्त्रण त्याग गरेर तिरोधानको समय दुःख, मोह आदि सम्बन्धलाई अवभासन गर्ने इच्छा गर्दछ तव ऊ स्वतन्त्र र नियम-त्यागी बन्छ।

रङ्गमञ्चमा अभिनयको समय कुशल अभिनेताले जस्तो गर्दछ, कर्म त्यस्तै नै हो। तिरोधानको कारण पछिल्लो कर्म आदि हुन सक्दैन। कर्मबाट जाति, आयु, भोगरूप फल उत्पन्न हुन्छ, तिरोधान हुँदैन। परमेश्वरको स्वतन्त्र इच्छा नै यसको एक मात्र कारण हो। यहाँ विचार गर्दा– यो आलोचना अद्वैत दृष्टि भएको थाहा हुन्छ। द्वैतसम्मत स्वतन्त्र ईश्वरेच्छाबाट जुन दोष हुने गर्छ, यसमा त्यसको प्रसङ्ग हुँदैन, किनभने यस मतमा मूल तत्त्व अद्वैत हो, यसकारण राग-द्वेष आदि प्रसङ्गमा आउन्न। अर्थात् कर्म आदि निरपेक्ष भावले मात्र ईश्वरको इच्छाले नै अनुग्रह उत्पन्न हुन्छ– यही वास्तविक सिद्धान्त हो, मतलब, शक्तिपात कर्मशाम्य, मलपाक प्रभृतिको अधीन होइन, यो निरपेक्ष र स्वतन्त्र छ। पुराण आदिमा पनि यस्तो मत पाइने गरेको छ– 'तस्येव तु प्रमादेन भक्तिरुत्पद्यते नृणाम्'। तान्त्रिक साधनाको दृष्टिभङ्गीको चर्चाबाट कमसेकम स्पष्ट नै भयो– तान्त्रिक साधनाको मूल लक्ष्य हो पूर्णत्वलाभ र पूर्णत्वलाभका लागि अपरिच्छिन्न शक्तिको साथमा सधैं संयोग रहनु आवश्यक हुन्छ। शक्तिको सञ्चयमा नै जीवको अपूर्णता अथवा बन्धन हुन्छ र शक्तिको विकासमा नै त्यसको पूर्णता या मुक्ति हो। दीक्षाद्वारा सद्गुरुले जीवको यस प्रसुप्त शक्तिलाई जगाइदिन्छ। अब, शक्ति जागरणको मतलब के हो ? यस कुराको सुस्पष्ट धारणाको आवश्यकता छ। मानिसको जीवनको वास्तविक उद्देश्य के हो ? मानिसको जीवनमा यो प्रश्न स्वाभाविक रूपमा उठ्छ। मानिसको प्रकृति स्वरूप के हो ? यो थाहा पाएर उसको त्यस स्वरूपको उपलब्धिको चेष्टा गर्नु मानिसको कर्तव्य हो। धेरैको विचारमा प्रकृतिको बन्धनबाट मुक्त भएर चित्स्वरूप आत्मालाई आफ्नो स्वरूपमा प्रतिष्ठित हुनाले नै मनुष्य-जीवनको उद्देश्य सफल भयो, यस्तो भन्न सकिन्छ। विवेक-ज्ञानको प्रभावले मानिस जडबाट अर्थात् त्रिगुणात्मिक प्रकृतिबाट आफूलाई पृथक् पहिचान बनाउन सक्छ।

आफ्नो स्वरूप यसप्रकारले साक्षात्कार हुनाले कर्म-बीज जलेर समाप्त हुन्छ। यस अवस्थामा शरीर रहन्न यानी शरीरको बोध स्पष्ट रहन्न। शरीर-

वीज जलेर समाप्त भएपछि पुनः अभिनव शरीर धारण गर्ने आवश्यकता पर्दैन। विदेह-कैवल्य प्राप्त गर्नाले जन्म-मृत्युको स्रोतबाट सधैंका लागि छुटकारा पाउनेछ।

यस किसिमको विदेह-कैवल्य-लाभ मनुष्य-जीवनको परम उद्देश्य हुन सक्दैन, यस्तो भनाइ अर्को पक्षको छ। यस पक्षका समर्थक मनीषिहरूका भनाइमा– मनुष्य परमेश्वरको स्वभाव भएको हो। जीव वास्तवमा शिवबाहेक अरू केही होइन।

यस मतमा, भगवत्ता भन्नाले अनन्त शक्ति-सम्पन्न शिवभावलाई नै बुझ्नुपर्दछ। शिव अथवा परमेश्वरले लीला-प्रसङ्गमा आफ्नो स्वतन्त्र-बलले आफूलाई सङ्कुचित बनाएर पशुभाव यानी जीवभाव धारण गरेको हो। यस सङ्कोचको कारण पशु-अवस्थामा उनको स्वभाव निकै नै सङ्कुचित बन्न पुगेको छ। यसकारण, उनको स्वभावसिद्ध षड्गुणता परिच्छिन्न बन्न पुगेको छ। जीव-अवस्थामा अनेकन प्रकारका वासनाहरूबाट कलङ्कित हुनु स्वाभाविक हो।

विदेह-कैवल्यमा यद्यपि यो सीमित सङ्कीर्ण भाव रहँदैन, तब पनि अपरिच्छिन्न ज्ञानक्रिया-शक्तिको उन्मेष हुन सक्दैन। फलस्वरूप, यी सम्पूर्ण दिव्यगुणहरूका पूर्ण विकास नहुनाले मात्र कैवल्य-लाभ गर्नाले नै मानिसलाई पूर्णत्व प्राप्त भयो, यस्तो भन्न सकिन्न। पूर्णत्व प्राप्तिका लागि अपरिच्छिन्न शक्ति नित्य संयोग रहनु आवश्यक छ।

भगवान्‌को अनन्त शक्ति प्रधानतः चित्, आनन्द, इच्छा, ज्ञान र क्रियारूपमा विभक्त छ। यसमध्ये चित् र आनन्द उनको स्वरूपअन्तर्गत छ र इच्छा, ज्ञान र क्रिया उनको स्वरूपसँग अभिन्न हुँदाहुँदै पनि प्रमाता-प्रमेयको सम्बन्ध– निबन्धन इच्छादि रूपमा नित्य समवेत भएर विराज गर्दछ। यो भन्नै पर्दछ– मूलशक्ति चित्‌शक्ति नै हो। यो चित्‌शक्ति मनुष्य-शरीरमा सबभन्दा अन्तरतम शक्ति-रूपमा विराजमान छ। स्वतन्त्रवश चित् जसै आनन्दरूपमा परिणत हुन्छ, त्यसैगरी आनन्दको बहिर्मुख उच्छलित हुनाले क्रमशः इच्छा, ज्ञान र सबभन्दा अन्तमा क्रियारूपमा परिणत हुने गर्छ।

जसलाई हामी वर्णमातृका (letters of alphabet) भन्दछौं, त्यो यी सबै अलग अलग भावहरूका नै शाब्दिक द्योतना हुन्। यसअनुसार 'अ' हो अनुत्तर अथवा चित्-शक्ति, 'आ'– आनन्द-शक्ति, 'इ'– इच्छा-शक्ति, 'उ'– उन्मेष अथवा ज्ञानशक्ति र 'ए, ऐ, ओ, औ'– अस्फुट, स्फुट इत्यादि विभिन्न क्रियाशक्ति।

क्रियाशक्ति पछि शक्तिको अरू विस्तार हुँदैन। अनि त्यो प्रत्याहृत भएर अन्तरालवर्तीका सम्पूर्ण शक्तिहरूलाई जम्मा गरेर समष्टिभावले प्राप्त गरेको विन्दु अवस्था वास्तवमा शिव-विन्दु हो, यसमा शङ्का छैन।

यसपछि त्यो विन्दु आफूलाई विभक्त जस्तो बनाएर दुई विन्दुमा आत्मप्रकाश गराउँछ। यही हो विन्दुको विसर्गलीला। यस विसर्गलीलाको प्रसङ्गमा तत्त्व र भुवनको सृष्टि हुने गर्छ र शिव विन्दु विसर्गको प्रभावले 'ह'कारसम्म प्रसृत भएर अहम्वादको विकास गर्दछ। यही हो पूर्ण अहम्ता।

इदं भाव नै विश्वको प्रतीक हो। सुरुमा स्वतन्त्रको प्रभावले अहम्बाट पृथक् नभएर पनि पृथक् रूपमा इदंको प्रकाश हुन्छ। यही महासमष्टि-सृष्टिको पूर्वाभास हो। इदंको यस प्रथम रूपलाई– महाशून्यको पनि अतीत परमशून्य मान्न सकिनेछ। विभिन्न स्तरहरूमा विभक्त शून्यपछि बुद्धि, प्राण, मन, इन्द्रिय र विषय क्रमशः सज्ञान हो।

सज्ञानको भित्रबाट नै सृष्टिको बहिर्मुखी धारा बगिरहेको छ। विषय-सृष्टिको मूलमा प्रकृतिको सदृश-परिणामबाट विसदृश-परिणामको उद्भव थाहा पाउनुपर्ने हुन्छ। चित्तशक्ति अथवा अनुत्तरलाई अत्यन्त सूक्ष्म दृष्टिले हेर्दा यहाँ अकुल-स्वरूपको आदिभूत कौलिकी शक्ति छ। यस कुलशक्ति कुण्डलिनी नामले प्रसिद्धि पाएको छ। यही विसर्ग-शक्तिको सूक्ष्मतम रूप हो, यसमा कुनै शङ्का छैन।

यही कुण्डलिनी शक्तिबाट निखिल विश्वको स्फुरण हुने गर्छ। सृष्टिको तीन प्रकार भेद, भेदाभेद र अभेद मध्ये भेद-सृष्टि स्थूल हो, यसको नाम आणव विसर्ग हो। र, अभेद-सृष्टि परम अथवा सूक्ष्मातिसूक्ष्म हो, यसको नाम शाम्भव विसर्ग हो। यी तीनवटैमा स्थूल विसर्ग सङ्कुचित ज्ञानात्मक चित्तको विसर्ग मात्र हो। सूक्ष्म विसर्गको चित्तलाई सम्बोध भनिन्छ। यस अवस्थामा चित्त आफ्नो निष्कल रूपमा आत्मसमर्पण गर्नका लागि उद्यत हुने गर्दछ। यस अवस्थामा अखण्ड प्रकाशमा समस्त चराचरको आहुति भइरहन्छ, यस्तो लाग्ने गर्दछ। यो आनन्दात्मक अभेद-अवस्था हो। यो विसर्ग-शक्ति अखण्ड प्रकाशको पराशक्तिको नामले परिचित छ। यो प्रमाताको साथमा अभिन्न रूपमा मौजुद रहने गर्छ। अत्यन्त सूक्ष्म दृष्टिले यो इच्छारूपमा वर्णित हुन योग्य छ।

कामकला-विज्ञानमा यही विसर्ग-शक्तिलाई कामकलाका रूपमा ग्रहण गर्ने गरिन्छ। कामकलाको इच्छा जब बाहिरतिर उन्मुख हुने गर्छ, तब यसलाई

विसर्ग भनिन्छ। यसको कारण क्षोभ हो। क्षोभको पूर्वावस्था हो 'अ', परावस्था हो 'आ'। 'अ' चित्शक्ति हो र 'आ' आनन्दशक्ति, जो बिस्तारै बिस्तारै क्रियासम्म विस्तार पाएर बाहिरी उल्लाससँग खेलिरहन्छ। पराशक्ति नित्य उदित हुन्छ, किनभने यसको तिरोधान कहिल्यै हुँदैन, यही अमृत कला हो। यही अन्तःकरण आदि षोड्शकलाहरूको आप्यायन गराउँदछ। विसर्ग दुइटा छ। जो पर विसर्ग हो– त्यही आनन्द अथवा 'आ' र जो अपर विसर्ग हो– त्यही 'ह' हो। यी दुवै विसर्गहरूको स्व-स्वरूपस्थ अथवा आत्मभूत दुई विन्दुका गतिवाट अर्थात् दुई विन्दु अवभासनपूर्वक इच्छावाट वाहिरतर्फ प्रवाहित भइरहन्छ। प्रमाता, प्रमाण र प्रमेय यस अमाकलासँग अभिन्न हुन्। तव पनि, अमाकला उनीहरूलाई त्यस रूपमा, अलग अलग नियत प्रकाश रूपमा प्रकाशित गर्दछ। यो अमाकला जब विसर्गात्मक हुन्छ यानी जब यो बहिर्मुख रहन्न, तब यसलाई शक्ति-कुण्डलिनी भनिन्छ। विसर्गको दुवैतिर दुई कुण्डलिनी छन्। आदि कोटिमा जुन कुण्डलिनी छ, त्यसको नाम प्राण कुण्डलिनी हो। किनभने, बहिर्मुखमा संवित् यहाँ प्राण रूपमा नै प्रकाशित हुने गर्छ। अन्तिम कोटिमा जुन कुण्डलिनी छ, त्यसको नाम हो परा कुण्डलिनी। यही आत्मविश्रान्त परा संवित् अन्तर-उन्मुख छ। यो सप्तदशी कला शिवव्योम परब्रह्म अथवा शुद्धात्म स्थानका रूपमा वर्णित हुने गर्छ। यदि संविद्वाहेक अरू केही भएन भने त, पराशक्ति कसको सृष्टि अथवा संहार गर्छ, यो सोचविचार गर्ने कुरो हो। हामी जुन अवस्थाको कुरा गरिरहेका छौँ, त्यहाँ माया, प्रकृति इत्यादि अलग्गै उपादानका लागि स्थान छैन। किनभने, जो कोही पनि प्रमाता प्रमेय सृष्ट किन नहोस्, सबै आफ्नो स्वरूपभन्दा अभिन्न छन्। यो स्वतन्त्र पूर्ण चैतन्य शक्ति क्रमशः 'अ' देखि 'ह' सम्म स्फुरित हुने गर्छ। मनुष्य-शरीरमा सुषुप्त रूपमा यो कुण्डलिनी शक्ति विद्यमान छ। यो सुप्त शक्ति जाग्रत भएर क्रमशः माथितिर उठिरहन्छ। चक्रपछि चक्र भेदनको उद्देश्य नै क्रमिक उत्थान हुनु हो। केही चक्रहरूका भेदनपछि आत्माको तेस्रो आँखा मलशून्य भएर स्वच्छ र प्रसन्न रूप धारणा गर्दै रहन्छ। विकल्प-समूहको निवृत्तिको कारण निर्विकल्प स्वरूपको दर्शन आफै हुने गर्छ। यानी त्यस समय ज्ञाननेत्रको उन्मिलन हुन्छ र शिवोहं रूपमा आत्मस्वरूपको साक्षात्कार हुने गर्छ। शिवरूपी आत्मा सृष्टिको आदिमा जब पशु वनेको थियो, तव मातृका स्वाभाविक स्वरूपमा 'अ' देखि 'ह' सम्म उल्लसित हुने गर्छ। यस उल्लासमा कुनै विषमता हुँदैन, क्रम हुँदैन, र बोधको

मन्दता र तीव्रता पनि रहँदैन । यही अहन्तारूपी महाशक्तिको प्रकाश हो, जसमा सम्पूर्ण शक्तिहरू समावेश छन् । पशु बन्ने बेलामा यो उल्लास खण्ड र विषम भावको हुन्छ । यसकारण पशुगत अनन्त प्रकारको प्रकृतिको विकास हुने गर्छ ।

पशुको ठाउँमा शिवभाव आच्छन्न हुने गर्दछ र स्वतन्त्रको सट्टामा परतन्त्र आउने गर्दछ । वास्तवमा शिव आफ्नो शक्तिद्वारा व्यामोहित भएर नै पशु बन्छ र पशुभावको त्यागको साथ-साथै शिवभावको उन्मेष देदीप्यमान हुने गर्छ । तन्त्रमा छ– 'शब्दराशि समुत्थस्य शक्तिवर्गस्य भोग्यताम् । कला-विलुप्त-विभवांगतः सन् सः पशुः स्मृतः' । आत्माको जुन ऐश्वर्य छ, त्यसको तात्पर्य हो– त्यसमा सम्पूर्ण वर्ण अन्तर्निहित छ । पूर्वोक्त कलाको प्रभावले विषय स्फूरणले आत्माको यो स्वाभाविक ऐश्वर्य लुप्त हुने गर्छ ।

यसो त यो आत्माले दीनता प्राप्त गर्दछ, आफ्नो स्वरूपबाट सम्भूत शक्तिवर्गको अधीन भइहाल्छ । पशु-अवस्थामा यही स्वाभाविक हो । कुण्डलिनी प्रबुद्ध भएपछि चित्तशक्ति आफ्नो संवित् रूपमा धेरै नै प्रबल अग्नि-स्वरूपको हुन्छ । यसैलाई चिदाग्नि भनिन्छ । यो शक्ति गुरुकृपा, ईश्वरकृपा, कालको परिपाक, पुरुषकार अथवा अरू कुनै कारणले जाग्रत हुने गर्छ । यसै जागरणको मूलमा प्राण र अपान शक्तिहरूका साम्य स्थापना बुझ्नुपर्दछ । विरुद्ध शक्तिहरूको साम्यभावको समयमा सुतेको कुण्डलिनी जाग्दछ तथा साधकको मन र प्राण यस जाग्रत कुण्डलिनी-रूप अग्नि शक्तिसँग एकीभूत हुन्छ । यही एकीभूत शक्तिद्वारा शरीरस्थित ६ चक्रहरूमा प्रत्येकलाई भेदन गर्नुपर्ने हुन्छ । यी ६ चक्रहरू पञ्चभूत र चित्तको प्रतीक हुन् ।

यी ६ चक्रहरूमा क्रिया हुनुको तात्पर्य नै पञ्चभूतको शोधन र त्यसको साथै चित्तको शोधन हो । वास्तविक रूपमा यी ६ चक्र भौतिक चैत्य संस्कारको विकल्प-जालको प्रसार-क्षेत्र हो । यी चक्रहरूलाई जाग्रत कुण्डलिनी-रूप चैतन्य शक्तिले आपूरित गर्नुपर्ने हुन्छ । सृष्टि-क्रममा विन्दु, नाद, कला यानी मातृका– यी तीन स्तरको परिचय पाइन्छ । किनभने, वहिर्मुखबाट हेर्दा प्रत्येक शरीरको चक्र एउटा एउटा कमलको आकारका छन् । कमलको पत्रका रूपमा एउटा व्यापक प्रकाशले ऊर्ध्ववाक्-रूपमा नादको स्थान-अधिकार ग्रहण गऱ्यो । सबैको अन्तमा कमलको कर्णिकाबाट विन्दुरूपमा चक्रेश्वर र चक्रेश्वरीको आसन छ । जसले चित्तशक्ति शरीरबाट उठेर प्रत्येक चक्रलाई आक्रमण

गर्दछ। यो आक्रमण पहिले मूलाधार-चक्रमा हुने गर्छ। फलस्वरूप चक्रस्थित चार वर्ण चिदग्निको प्रभावले पग्लिएर एक एक गरेर चारवटै वर्णलाई जगाएर र आफूमा मिलाएर महाविन्दुतर्फ तीव्र अथवा मन्द वेगमा अग्रसर बनिरहन्छ। मध्यविन्दुमा प्रविष्ट हुँदा नाद उपसंहृत भएर विन्दुरूपमा परिणत हुन्छ। प्रत्येक चक्रको विन्दु अधःऊर्ध्ववाही मध्यमार्ग अथवा शून्य-पथमा हिँड्दछ। वर्णनाद र विन्दु, प्रत्येक कमलमा विद्यमान रहन्छ, प्रत्येक कमलका विन्दुले सम्पूर्ण कमललाई भेदन गरेपछि अलग अलग विन्दु तब एउटै विन्दुमा पर्णवसित हुने गर्छ। यसै गरी पहिलो कमलको विन्दु पनि अन्य कमलका विन्दुको साथ अभिन्न भएर जीव-कल्याणका लागि क्रमशः मध्यनाडीतर्फ दौडन्छ। पञ्चभूतात्मक पञ्चचक्र र मनोमय षष्ठचक्र विध्वस्त भइहाल्छ। पञ्चभूत र योगीको चित्त शुद्ध भएर निर्विकल्प स्वच्छ प्रज्ञामा डुब्दछ। त्यसपछि आज्ञाचक्रको माथि दिव्यज्ञानको केन्द्र वास्तवमा कुण्डलिनी-शक्तिको नै उन्मेषित अवस्था हो। षट्चक्र भेदन गरेपछि भ्रू-मध्यमा तलबाट सम्पूर्ण विकल्प तिरोहित भैहाल्छ। तब तालु-प्रदेशमा शरीरको अभिमान वर्जित भएर परम ज्योतिको अनुभव गर्ने शक्ति उत्पन्न हुन्छ र प्रतिदिन त्यस महाज्योतिको आकर्षणले तानिएर क्रमशः अन्तरतम भावले महाशून्यमा सहस्रदल कमलको आभास देख्न पाइन्छ। भ्रू-मध्य विन्दुबाट सहस्रारको मध्यविन्दुसम्म धेरै नै स्तर छन्। यी सम्पूर्ण स्तरहरूको क्रम पार गरेपछि यानी सुदीर्घकालको विरहपछि शिवशक्तिको यो महामिलन हुने गर्छ। तब कुण्डलिनीशक्ति कुण्डल-भाव छाडेर दण्डरूप धारण गर्दछ र अन्तमा महाविन्दुमा परमशिवसँग सामरस्य प्राप्त गर्दछ। यस मिलनको फलस्वरूप जुन अमृतधारा फुट्दछ, त्यस शीतल धारामा मन र प्राण अभिषिक्त हुन्छ र ऊ माथितिर मुख फर्काएर त्यो धारा पिउँदै रहन्छ। समान वायुको क्रियापछि उदान वायुको क्रिया निबन्धन कुण्डलिनीको ऊर्ध्वगति निष्पन्न हुन्छ। यो ऊर्ध्वगति सहस्रारमा पुग्दा पनि समाप्त नभएर ब्रह्मरन्ध्रसम्म पुगेपछि भने अझ ऊर्ध्वगति हुँदैन। तब व्यानशक्तिको प्रभावले आफ्नो सत्ता अनन्त व्यापक रूप धारण गर्दछ। सङ्क्षिप्त रूपमा आत्मा आफ्नो स्वरूपमा फर्कने यही इतिहास हो। र, तब विश्वपिता, विश्वात्मा, सन्तान एउटै महासत्ता रूपमा आत्मप्रकाश गर्दछ। मनुष्य-जीवनको प्रकृत उद्देश्य कुण्डलिनी जगाएर महापथमा हिँडेर परम लक्ष्य प्राप्त गर्नु हो। खण्डकैवल्य मात्रै प्राप्त गरेर जन्म-मृत्युको भुमरीबाट माथि उठेर स्थान प्राप्त

गर्नु– मानिसको लक्ष्य प्राप्ति होइन । आफ्नो सुतेको भगवत्ता जबसम्म पूर्ण रूपमा जाग्रत हुँदैन, तबसम्म मनुष्य-जीवनको वास्तविक सफलता प्राप्त हुन्न, कुण्डलिनी नजागेसम्म चित्त र अचित्तको द्वन्द्व समाप्त हुँदैन । विवेक ज्ञानको पथमा आरुढ हुने एउटा सोपान मात्र हो । शक्तिको साधना नगरेसम्म शिवभाव प्राप्त असम्भव छ र कुण्डलिनी जागरण नगरेसम्म शक्ति-साधना पनि पूर्ण हुन सक्दैन ।

दीक्षा रहस्य

आज जुन मानिस अध्यात्म तत्त्वको अनुशीलन गर्ने गर्छन्, उनीहरूमा पनि सबैको दीक्षा र गुरु तत्त्वको स्पष्ट धारणा छ, यस्तो लाग्दैन । कतिपयको मतमा दीक्षा अथवा गुरुको कुनै आवश्यकता छैन । तर, कसै कसैको विचारमा, धर्मपूर्वक चलेको-राज्यमा दीक्षा र मार्गनिर्देशन गर्ने गुरुको आवश्यकता अवश्य नै छ। जसले दीक्षाको आवश्यकतालाई स्वीकार गर्दैन, तिनीहरू अवश्य बाह्य अनुष्ठानात्मक दीक्षा देखेर नै आफ्नो राय दिनेहरू हुन्। तिनीहरूलाई इन्द्रियगोचर बाह्य व्यापारबाहेक पनि दीक्षा-कार्य सम्पन्न हुन सक्छ भन्ने कुरा थाहा छैन । हो, अवश्य कुनै कुनै अवस्थामा स्थूल प्रक्रिया पनि अनिवार्य हुन सक्छ, यस कुरालाई मानै पर्छ । अधिकारअनुसार बाह्य:गुरुको आवश्यकता हुने गर्छ। तर, कुनै कुनै अवस्थामा बाह्य गुरुको सहारा नलिएर पनि इष्ट-सिद्धि हुन सक्छ। बाह्य गुरुसँगको तात्पर्य हो मानव-गुरु, सिद्ध गुरु अथवा दिव्य गुरु– यी तीन प्रकारका गुरु-पङ्क्तिअन्तर्गत कुनै महापुरुष । कतिपयको मान्यतामा, भगवान्सँग जीवको विश्वास र भक्तिमूलक साक्षात् सम्बन्ध– यस विषयमा कोही मध्यस्थ हुन सक्दैन । भगवान् सर्वव्यापक, सर्वज्ञ, सर्वशक्ति-सम्पन्न र दयालु छन् । उनीसँग साक्षात् रूपमा मिलन-मार्गमा कोही प्रतिबन्धक हुन सक्दैन। सरल मनले पुकार गरेमा जीवले अवश्य पाउन सक्छ, यस्ता अनेकन विकल्प छन्। एक एक गरेर यस्ता तर्कको पछाडि नलागेर दीक्षा र गुरुतत्त्वको सम्बन्धमा प्राचीन आचार्यहरूका सिद्धान्त सङ्क्षेपमा चर्चा गर्नु नै उचित हुनेछ। यसबाट नै यस निगूढ रहस्य उन्मोचनमा सहायता पाइनेछ।

१. दीक्षाको स्वरूप

आणव, माणीय र कार्म मल अथवा पाशवाट संसारी आत्मा आच्छन्न रहन्छ। यसको प्रभाववाट उसको स्वाभाविक पूर्णत्व प्रस्फुटित हुन सक्दैन ।

वास्तवमा पूर्ण र शिव-स्वरूप हुँदाहुँदै पनि आत्मामा आणव मलको आवरणको कारण स्वरूपगत सङ्कोचन-निबन्धन आफूलाई अपूर्ण ठान्दछ। परिच्छिन्नता[1] अथवा आणव भाव प्राप्त गरेपछि पनि उसमा शुभ-अशुभ वासनाको उद्भव हुने गर्छ। यसकारण विपाकबाट जन्म (शरीर-सम्बन्ध), आयुः (शरीरको स्थितिकाल) र भोग (सुख-दुःखको अनुभव) अनिवार्य हुन्छ।

परिच्छिन्नता अथवा आणवको नाम कर्मफल हो। पुर्यष्टक र स्थूल भूतमय विभिन्न जातीय कारण, सुक्ष्म र स्थूल-शरीर– यी शरीरको आश्रयकृत विचित्त भुवन र अनेकन प्रकारका भोग्य पदार्थहरूका अनुभवको कारण मायिक मलरूपमा प्रसिद्ध छ।[2] बद्ध आत्मामा यी तीन प्रकारका आवरण सदा रहन्छ। दीक्षाबाट मलिन आत्माको संस्कार हुन्छ। जसद्वारा ज्ञान दिने गरिन्छ र पशु-वासनाको क्षय हुने गर्छ, यस प्रकारका दान र क्षपण-युक्त क्रियाको नाम दीक्षा हो। यही दीक्षाको स्वरूप हो। शक्तिपातको स्वरूप, लक्षण, प्रकार-भेद र चित्त आदिको विवरण शक्तिपात-रहस्यको प्रसङ्गमा पहिले नै आलोचित गरिसकिएको छ। पाशको प्रशमन र शिवत्वको अभिव्यक्तिको योग्यता दीक्षाबाट आउँछ। भुटेको बीउ जसरी अङ्कुरित हुँदैन, त्यसैगरी मन्त्रको अचिन्त्य शक्तिको प्रभावले प्रभावित पाशहरूलाई पुनः प्ररोहको सम्भावना रहँदैन।

पाशहरूलाई विच्छेद र सबै विषयहरूका ज्ञान-क्रियाको उद्भव अर्थात् सर्वज्ञत्व र कर्तृत्वको स्फुरण– यही मोक्षको स्वरूप हो। आफ्नो क्रियाशक्ति-रूप दीक्षाद्वारा परमेश्वर पशु-आत्मालाई मुक्त गर्दछ।

---

१. यसको परिभाषिक नाम 'अभिलाषा' हो। भ्रमवश यसलाई धेरैजसो मानिस राग-तत्त्व सोच्ने गर्दछन्। तर वास्तवमा यो राग होइन। रागको तात्पर्य हो विषयासक्ति, जो 'म केही चाहन्छु' यस्तो भाषामा अभिव्यक्त हुने गर्छ। तर अभिलाषा भन्नाले यस्तो कुनै भाव निस्कदैन। यो अपूर्णताको बोध मात्र हो र यही अन्य मलहरूका भित्रि-स्वरूप हो।

२. स्वरूपमा शरीर, भुवन, भाव, भूत जे कुरो पनि प्रतिभात हुने गर्छ, सबै मायिक मलअन्तर्गतका हुन्। आफ्नो स्वरूपबाट अलग रूपमा कुनै पदार्थको भानलाई मायाको रूप बुझ्नुपर्छ। कलादेखि पञ्चमहाभूतसम्म सम्पूर्ण तत्त्व नै शरीर-स्थित मायिक पाश हुन्, यस्तो मान्नुपर्दछ। यो पाश शरीर, इन्द्रिय, भुवन, भाव आदि भोग-सम्पादनका लागि आकार प्रदान गराउँदछ। कलादेखि पृथ्वीसम्म नै संसार हो।

कुनै एउटा अथवा दुइटा पाशको विच्छेदलाई मोक्ष भनिँदैन। ईश्वरको प्रेरणा नभएसम्म पशु-आत्मा स्वयम् केही पनि गर्न सक्दैन। यसकारण, उसको आफ्नो क्रिया, ज्ञान आदि उपायहरूले मोक्ष प्राप्त गर्नु सम्भव हुन्न।

प्रकृति इत्यादि पाशकै अन्तर्गतमा छन्। एक मात्र परमेश्वरले नै जीवलाई मुक्ति दिन सक्छ किनभने अरू कसैलाई पनि पूर्ण स्वतन्त्र छैन। एउटा अर्को कुरो पनि छ। सिद्धान्त मोचनकारी वस्तुको अवस्था-विशेष होइन। किनभने, यस मतले मोचनकारी वस्तु एक मात्र परमेश्वर हुन्। परमेश्वर यथार्थमा नित्यमुक्त छन्, यसकारण उनी कहिल्यै पनि कुनै विशेष धर्मको अधीन हुन सक्दैनन्। कुनै आचार्यहरूका विचारमा ईश्वर अधिष्ठाता मात्रै हुन्। यस मतबाट मोक्षको कर्तृत्व पुरुषको हो। तर अधिकांश आचार्यहरू यस मतको समर्थन गर्दैनन्। धर्म-अधर्म पुरुषमा छ, यो पूर्णतः सत्य हो, किनभने कला आदिबाट केही परिमाणमा आत्माको मल हट्नाले त्यस सम्वन्धबाट पुरुषको ज्ञान क्रिया केही विकसित हुन्छ, भन्ने त्यस्ता आचार्यहरूका मान्यता रहेको पाइएको छ, तर विकास कहिल्यै पनि यति धेरै परिमाणमा हुन सक्दैन– जसबाट सर्वज्ञत्व आदि ऐश्वर्य गुण स्फुरण हुन सकोस्। यसकारण कला आदिद्वारा पूर्णमान निवृत्ति असम्भव हुनुको कारण पुरुषको कर्तृत्व आदि धर्म अविच्छिन्न नै रहने गर्छ। कुनै कुनै आचार्य पाशको निवर्त्तन स्वभावलाई स्वीकार गर्दछन्। पाश आफ्नो स्वभावबाट नै निवृत हुने गर्छ भन्नु उचित लाग्दैन, किनभने जीव अथवा पाशमा आफ्नो प्रवृत्ति अथवा निवृत्तिको कुनै क्षमता नै हुँदैन। ईश्वरको प्रेरणा सर्वत्र आवश्यक पर्छ। यसकारण मोक्षको कर्तृत्व ईश्वरको नै हो भनेर स्वीकार गर्नु उचित हो।

मोक्ष अपरिच्छिन्न ज्ञान र क्रियाको अभिव्यक्ति हो। जुन व्यञ्जकमा जस्तो व्यञ्जनाशक्ति प्रतीत हुने गर्छ, त्यसलाई अन्यत्र अज्ञात विषयमा पनि त्यस्तै नै व्यञ्जनाशक्ति कायम हुँदाहुँदै पनि शरीरमा आत्मबोध रहनाको कारण उसले जसरी ज्ञान र क्रियाको अभिव्यक्ति गर्छ ऊ आफ्नो आवरणात्मक आकारबाट सम्वद्ध स्त्री आदि विषयमा अनुरागयुक्त, कुनै समय, कतै र कुनै विषयमा राग-द्वेष आदि विरुद्ध-भावद्वारा द्वन्द्वयुक्त एवम् शरीर आदिको नाशको साथै नाशलीला हो। यसकारण, आत्मा पाशद्वारा अभिव्यक्त हुन सक्दैन। वत्तीले घर उज्यालो बनाउन सक्छ, यसकारण यसले ब्रह्माण्डलाई पनि प्रकाशित गर्छ, यस्तो भन्न मिल्दैन।

सिद्ध पुरुषको ज्ञान-शक्ति परमेश्वरको शक्ति जस्तै सम्पूर्ण पाशहरूलाई नष्ट गर्न सक्छ। आत्मबोध र अनुराग आदि पशुका शरीरमा युक्त हुँदैन साथै पाशद्वारा अभिव्यक्त पनि हुन्न।

२. द्वैतआगम मत

द्वैतमतसँग आणव मल अज्ञान हुँदैन। अज्ञानको हेतुभाव द्रव्य-विशेष आत्माको अनादि आवरणको कारण हो। जस्तो, आँखामा मासु पलाउँछ, आणव मल पनि त्यस्तै नै हो।

द्रव्य हुनुको कारण यो ज्ञानबाट नष्ट हुन सक्दैन, किनभने ज्ञान यसको विरोधी होइन। यो मतअनुसार अज्ञान दुई प्रकारको छ– (क) पहिलो अज्ञान हो बुद्धिगत अविवेक। पहिलो सादृश्यको अनुभव रहनाले नै यस प्रकारको अज्ञान उत्पन्न हुन सक्दछ, नरहनाले हुँदैन– डोरीमा साँपको भ्रम यसको उदाहरण हो। यस्तै किसिमको अज्ञान विवेक-ज्ञानद्वारा हट्न सक्दछ। (ख) अर्को अज्ञान विकल्पज्ञान हो। यसप्रकारको अज्ञान काँच, जस्तो द्रव्यको सम्वन्धले उत्पन्न हुने गर्छ। द्विचन्द्रज्ञान, पीत शङ्खज्ञान इत्यादि यसको उदाहरण हुन्।

द्वैतआगमअनुसार आत्माको अज्ञान विकल्पात्मक हो, यो द्रव्य विशेषबाट उत्पन्न हुने गर्छ। यो बुद्धिगत अविवेक मात्र होइन। यस द्रव्यको नाम मल हो। द्वैत आगमको सिद्धान्त– ईश्वर दीक्षा-व्यापारद्वारा यस मलरूप आवरण हटाउनु हो। यसकारण मोक्षको कर्ता आत्मा होइन, ईश्वर हो।

“दीक्षव मोचयात्यूर्ध्व शैवंधाम नयत्यपि” अर्थात् दीक्षाले नै मुक्त गराउँछ र माथितिर यानी शिवधामतिर सञ्चालन गराउँछ। वास्तवमा भगवान्को शक्ति एक र अखण्डित छ। यो अभिन्न ज्ञान क्रियात्मक हो, अर्थात् एकै साथ त्रान र क्रिया दुवै छ र दुवैमा कुनै भेद छैन।

यदि ज्ञानभन्दा क्रिया फरक हुन्थ्यो, तब जसरी ईश्वरसँग मायाको समवय-सम्वन्ध स्वीकार गरिँदैनथ्यो, ठीक त्यसैगरी यसबाट पनि सम्वन्ध स्वीकार गर्नु सम्भव हुन्नथ्यो। यसप्रकार कर्ता नभएको कारण विश्व-रचना कुनै प्रकारले न्यायसङ्गत उत्पादन हुँदैन। वास्तवमा ज्ञान र क्रियाको भेद कल्पित हो। क्रियाशक्ति प्रयत्न रूपमा एक हुँदाहुँदै पनि व्यापारको भिन्नताको कारण वामा, ज्येष्ठा र रौद्री– तीन प्रकारका मानिएका छन्। अनुग्रहको प्रवृत्ति कस्तो हुने गर्छ, यही मुख्य प्रश्न हो।

मल अथवा वामाशक्तिको आवरणात्मक अधिकार जब समाप्त हुन्छ र अनुग्रहको प्रवृत्ति हुन्छ, तब आत्मामा एउटा अनिवर्चनीय भावको उदय हुने गर्छ– आत्मा यस समय कैवल्य-अभिमुखी भैहाल्छ। यसकारण सूक्ष्म स्वायम्भुवतन्त्रमा छ– "क्षीठो तस्मिन् पिपासा स्यात् परं निःश्रेयसं प्रति" यो भाव उदय हुनासाथ नै परमेश्वर पशु-आत्माको ज्ञानगत र क्रियागत आवरणलाई छिन्न भिन्न पारिदिन्छ। यसकारण, आत्माको शुभ इच्छा उदयको साथ साथै परमेश्वरको कृपा कार्यकारी हुन थाल्दछ। वास्तवमा, पशु-आत्मामा पनि ज्ञान र अनन्त हुन्छ, तर अनन्त हुँदाहुँदै पनि ऊ मलले आच्छन्न रहन्छ।

मलको परिष्कार भएपछि आच्छादन हटेर जान्छ र साथ साथै ज्ञान र क्रियाको अभिव्यक्ति हुन्छ। अद्वैतवादी तन्त्रमतमा अज्ञान र ज्ञान दुवै नै दुई किसिमका छन्– पौरुष र बौद्ध। पौरुष-ज्ञानमा कुनै किसिमको विकल्प हुँदैन। कृतिम अहङ्कार इत्यादि विकल्प त्यसमा रहन सक्दैन, त्यो पूर्णाहंतामय बोध स्वरूप हो। परमेश्वरसंग पूर्णतया तादात्म्य हुनुभन्दा पहिलेका सम्पूर्ण बन्धनहरू निवृत हुनु आवश्यक हुन्छ।

पौरूष अज्ञान रूपी आणव मल हो र कर्म तथा मायिक मल क्षीण नहुन्जेलसम्म बन्धन हट्न सक्दैन। दीक्षाको प्रभावले पौरुष-अज्ञान अथवा आणव मल निवृत्त त हुन्छ, तर वर्तमान शरीरको कार्म मलको कारण पौरुष-ज्ञान उदय हुन सक्दैन। यही प्रारब्ध मल सकिएपछि देहपात भै हाल्छ। सोही समय आत्म-साक्षात्कारका रूपमा पौरुष-ज्ञान उदित हुने गर्छ। तब जीव शिवरूपमा प्रतिष्ठित भइहाल्छ।

शक्तिपात जब धेरै तीव्र बन्छ, तब जुन दीक्षा हुन्छ, त्यो अनुपाय क्रमको दीक्षा हो। त्यसमा शाम्भव, शाक्त र आणव उपायको सम्बन्ध रहँदैन। यस अनुपाय दीक्षाको प्रभावले एकै क्षणमा पूर्णत्व-प्राप्ति हुन सक्दछ। जब शक्तिपात अपेक्षाकृत कम मात्रामा हुने गर्छ, तब क्रमशः शाम्भवी दीक्षा, र आणवी दीक्षाको सम्भावना रहन्छ। दीक्षाबाहेक मुक्तिको अर्को कुनै उपाय नै छैन, यो सत्य हो, तर यसमा कसैले पनि बाह्य क्रिया मात्रै आवश्यक छ भनेर बुझ्ने भूल गर्नु भएन। आत्म-संस्कार रूप आन्तर दीक्षाको प्रयोजन सर्वत्र छ। अद्वय आगमशास्त्रबाट जुन बौद्ध ज्ञान उदित हुने गर्छ, त्यसको प्रभावबाट बौद्ध अज्ञान तथा त्यसको कार्य नष्ट हुने गर्छ– यसबाट जीवन्मुक्ति पाइन्छ। दीक्षा इत्यादिबाट बौद्ध अज्ञान हट्न सक्दैन। यसकारण, दीक्षा भएपछि पनि विकल्पको

उदय हुनु असम्भव हुँदैन। बौद्ध ज्ञान उदय भएपछि सबै विकल्पहरूको उन्मूलन हुन्छ र तत्काल मुक्ति पाउँछ, तर, जुन चित्तमा विकल्प रहन्छ, शरीर रहँदासम्म त्यसको मुक्ति हुँदैन। शरीर समाप्त भएपछि उसले शिवत्व प्राप्त गर्छ। विकल्पशून्यको जुन सद्योमुक्ति हो, त्यसलाई जीवन्मुक्ति भनिन्छ।

विकल्प हटेपछि शरीर रहँदा पनि मुक्तिमा कुनै बाधा नआओस् भन्नका लागि दीक्षा प्राप्तिबाट आरम्भ गरेर पूर्णत्व लाभसम्मको अवस्थाहरूको क्रम यसप्रकारले देखाउन सकिन्छ–

१. दीक्षा।
२. पौरुष-अज्ञान ध्वंस।
३. अद्वय आगमशास्त्र श्रवण गर्ने अधिकार-प्राप्ति, त्यसपछि श्रवण आदि साधन।
४. बौद्ध ज्ञानको उदय।
५. बौद्ध अज्ञानको निवृत्ति।
६. जीवन्मुक्ति।
७. भोगादिद्वारा प्रारब्ध-नाश।
८. शरीरत्याग पछि पौरुष-ज्ञानको उदय।
९. पूर्णत्व अथवा परमेश्वर प्राप्ति।

३. भगवान्‌को जीवउद्धार-क्रम

श्रीभगवान् नै गुरु हुन्। उनी जीवहरूका उद्धारकर्ता हुन्। जीवहरूलाई मायाको दलदलबाट उद्धार गरेर परमपदमा स्थापित गराउने सामर्थ्य भगवान्‌बाहेक अरू कसैमा छैन।

यसकारण, सर्वत्र भगवान्‌लाई गुरु-रूपमा वर्णन गर्ने गरिन्छ।[३] योगाभ्यासमा लेखिएको छ– "तस्य आत्मानुग्रहाभावेऽपि भूतानुग्रहः प्रयोजनम्, ज्ञानधर्मोपदेशेन कल्प-प्रलय महाप्रलयेषु संसारिणः पुरुषान् उद्धरिष्यामीति"–

---

३. पातञ्जल योगसूत्रमा ईश्वरभन्दा पहिले गुरुवर्गलाई पनि गुरुरूपमा उल्लेख गरिएको छ। सृष्टिको आदिगुरु प्रत्येक सृष्टिमा अलग-अलग हुन्छन्। यिनैलाई सिद्ध पुरुष र कार्येश्वर भन्ने गरिन्छ। तर परमेश्वर कालबाट अविच्छिन्न होइन तथा नित्यसिद्ध हो। ऊ कार्येश्वर-वर्गको पनि ईश्वर स्वरूप हो। ऊ अनादि गुरुतत्त्व हो।

अर्थात्, उनले आफ्नो कुनै प्रयोजन नराख्दा पनि कल्प-प्रलयमा एवम् महाप्रलयमा ज्ञान तथा धर्मको उपदेशले संसारी जीवमात्रको उद्धार गर्नु नै उनको एक मात्र प्रयोजन हो। अनुग्रह योग्य हुनाले नै जीवले उनको अनुग्रह पाउँछ, यो सत्य हो।

योग्य हुनाले नै जीवले अनुग्रह पाउने विषयमा कुनै कालनियम छैन।

कालको भेदअनुसार जीव-द्वारको प्रणालीमा वैचित्र्य आउँछ।

प्रलयको समय जीवको शरीर, इन्द्रिय आदि केही पनि रहन्न, तर त्यस समय पनि आवश्यकताअनुसार मलपाक हुनाले अनुग्रहको प्राप्तिमा कसैलाई विघ्न हुँदैन। सृष्टिको समय पनि यस्तै नै हुने गर्छ। तर यी दुवै समयमा केही-केही अंशमा फरक रहन्छ।

प्रलयको समयमा जुन अनुग्रह या दीक्षा हुने गर्छ, त्यसको प्रभावले जीव साक्षात् शिवत्व पाउँछ।

त्यस समय अशुद्ध रहन्न, यसकारण उसमा अधिकारको उपयोगिता रहँदैन। मलतब, जगत् व्यापार त्यस समय हुँदैन। आधिकारिक पद-प्राप्ति प्रलयकालीन अनुग्रहले हुँदैन, तर सृष्टि र संहारकालमा निराधिकार मुक्ति पनि हुन सक्दछ र मलपाकको विलक्षणतावश ऐश्वर्य अथवा साधिकार मुक्ति पनि हुन सक्दछ।[४]

मलपाकको विलक्षणतावश जसले संहार-कालमा साधिकार अनुग्रह प्राप्त गर्दछ, उसले रुद्राणु अवस्था प्राप्त गर्दछ।

रुद्राणु अवस्था प्राप्त गरेका आत्माहरू पछि हुने सृष्टिमा सृष्टिको अधिकार पाउँछन्। जसले सृष्टिको समय सर्वज्ञानक्रियाको अभिव्यक्तिरूप अनुग्रह प्राप्त गर्दछ, ऊ परमन्त्रेश्वर, मन्त्र र अपर मन्त्रेश्वर पदमा प्रतिष्ठित हुन्छ।[५] यी मन्त्रेश्वर मायिक जगत्मा विभिन्न विभागमा शासक र व्यवस्थापक नियुक्त हुन्छ।

---

४. सृष्टि र संहार-कालमा शिवत्व प्राप्त गर्ने सम्भावना रहन्छ, तर धेरै कम। यसको कारण, मलपाक र परमेश्वरको अनुग्रह नै हो– यसमा कुनै कालद्वारा नियन्त्रित रहन्न।

५. प्रलयकाल जीव परमेश्वरको साधिकार अनुग्रह प्राप्त गरेपछि 'माया-गर्भाधिकारी'को जीवसँग परिचित हुने गर्छ। यही अपरमन्त्रेश्वरको पद हो। यी जीवहरूका सम्यक् रूपले कर्मक्षय हुने गर्छ, यसकारण माया र पुरुषको ज्ञान रहँदैन। यसकारण यी प्रलयकालमा मायागर्भमा लीन रहन्छन् र अभिनव सृष्टिमा

जो परमन्त्रेश्वर हुन्छ, ऊ मायातीत महामाया-राज्यमा ईश्वर-तत्त्वमा आश्रय लिएर आफ्नो आफ्नो भुवनमा बस्तछ। जम्मा आठ परमेश्वरमध्ये प्रत्येकको शरीर, भोग्य विषय र भुवन-विशुद्ध वैन्दव उपादानको बनेको हुन्छ।

आठवटा मन्त्रेश्वरमध्ये कुनै पनि मायाको स्पर्शले कलङ्कित हुँदैन।

यसपछि यानी मन्त्रेश्वर-पदको प्रतिष्ठा पछि परमेश्वर सात करोड विज्ञानाकल अणुहरूका सर्वज्ञत्व आदि शक्तिको अभिव्यञ्जनाद्वारा अनुग्रह गरेर मन्त्र-पदमा स्थापित गर्दछ।

अपर मन्त्रेश्वरको शरीर एकै साथमा मायिक एवम् वैन्दव– दुवै हुने गर्छ। यिनका आफ्ना आफ्ना भुवन, शरीर, भोग्य विषय आदि ती सम्पूर्ण विभिन्न तत्त्वहरूका आश्रय लिएर विद्यमान छन्।

यो जुन सृष्टि, संहार र प्रलयकालमा भगवान्को अनुग्रहको कुरा गरियो, यसलाई साक्षात् भगवान्को अनुग्रह नै बुझ्नुपर्नेछ।

संहारकाल र प्रलयकालमा पार्थक्य छ।

जब कार्य कारणमा लीन रहन्छ, तब यस समयलाई अर्थात् जबसम्म कार्य कारणमा सम्पूर्णतया लीन हुँदैन, त्यस समयलाई संहारकाल भनिन्छ। कार्य लीन भएमा नवीन सृष्टिको आरम्भसम्म जुन समय छ, त्यसको नाम हो, प्रलयकाल।

तान्त्रिक परिभाषामा यसलाई साक्षात् अनुग्रहको निरधिकरण अनुग्रह भनिन्छ तर, स्थितिकालमा परमेश्वर साधारणतः आचार्य अथवा गुरुको शरीरलाई साक्षात् अथवा परम्परा-क्रमले आश्रय गरेर शरीर-इन्द्रिय आदि कलाविशिष्ट स-कल जीवमा अनुग्रह गर्दछ। जुन जीव निरन्तर उनको चिन्तन गर्दा-गर्दै शुद्ध चित्भावप्राप्त छ, यस प्रकारको अनुग्रह तिनैमा हुने गर्दछ।

जागेपछि पहिलेको जस्तै मायिक शरीर पाउँछन्। तर स्मरण राख्नै पर्छ- यिनीहरूले परमेश्वरको साधिकार अनुग्रह प्राप्त गरेका छन्, यसकारण यिनीहरूले वैन्धव शरीर पनि पाउँछन्। विज्ञानकल जीव साधिकार अनुग्रहवश मलपाकको तारतम्यअनुसार परमेश्वर अथवा मन्त्रपदमा प्रतिष्ठित हुन्छन्। यिनीहरूका मायिक शरीर हुँदैन, मात्र वैन्दव शरीर हुन्छ। अनुग्रह पाउनुभन्दा अघि यी माया-पुरुष थिए, विवेकज्ञानवश विज्ञान कैवल्य-अवस्थामा माया भन्दा माथि रहेका थिए। यसकारण विन्दु क्षुब्ध हुनाले विशुद्ध अध्वाको सृष्टिको समयमा सवभन्दा पहिले विशुद्ध शरीर र भुवन आदि यिनैले प्राप्त गर्दछन्।

तर, यहाँ ध्यान दिनुपर्ने हुन्छ, मलपाक पूर्णतया सम्पन्न भएको छ भने त स्थितिकालमा पनि कहिलेकाहीँ कुनै विरलै जीवात्मामा निरधिकरण अनुग्रह हुने गर्छ। साधिकरण अनुग्रहको प्रभावले शिवत्वलगायत विभिन्न पदहरूका प्राप्ति शक्तिपातको तीव्रता आदि वैचित्र्यपूर्वक हुन्छ। यी पद स्थूल दृष्टिले चार श्रेणीहरूमा विभाजन गर्न सकिन्छ–

(क) पञ्चाष्टक आदि रुद्रहरूका पद (रुद्रपद)।

(ख) शतकोटि मन्त्रको पद (मन्त्रपद)।

(ग) अपर मन्त्रेश्वर-वर्गको पद (पतिपद)।

(घ) ईश्वर (अनन्त), सदाशिव र शान्तस्वरूप ईशानको पद (ईशानपद)।

'पतिपद' अनन्त आदि पदभन्दा फरक छ। रौद्रागममा उल्लेख छ–

भुक्त्वा भोगन् सुचिरमणरस्त्री निकायैरूपेताः।
स्रस्तोत्कण्ठाः शिवपदपरैश्वर्यभाजो भवन्ति॥

अर्थात् अनन्तादि पद जसले पाउँछ, ऊ दीर्घकाल देवाङ्गनाहरूका साथमा सम्पूर्ण भोगहरूलाई उपयोग गरेर शून्य भएपछि शिवपदमा स्थित भएर परम ऐश्वर्य पाउनेछ।

तान्त्रिक गण भन्दछन्– आगम-प्रतिपादित ज्ञान र योगलाई छाडेर जुन मानिस अर्को ज्ञान र योग-मार्गलाई अपनाएर सिद्धि-लाभ गर्दछन्, तिनीहरू सत्त्वगुणको सिद्धि-निबन्धन मध्यम अवस्थाको पाउँछन्। यसमा दुई विरुद्ध कर्महरूका समान-समान अभिव्यक्ति हुने गर्छ। यसको फलस्वरूप उपकारीप्रति प्रसन्नता र अपकारीप्रति क्रोध-साम्यरूप अवस्थाको नाम हो– 'माध्यस्थ्य'। तान्त्रिकगणहरूका अनुसार यसैको नाम जीवन्मुक्ति हो।[६]

४. साधिकार मुक्ति र यसको प्रकार भेद

तन्त्र-प्रतिपादित साधिकार मुक्ति अनेकन प्रकारका छन्। साधिकार मुक्तिमा तत्त्वपद पाउनका लागि प्रीति, श्रद्धा आदिको तारतम्य छ। यसकारण

---

६. न हृष्यत्युपकारेण नापकारेण कुपयति।
य: सम: सर्व भूतेषु जीवन्मुक्तः स उच्यते॥
अर्थात् जो उपकारवाट प्रसन्न हुँदैनन्, अपकारवाट पनि कुपित हुँदैनन् र सम्पूर्ण प्राणीहरूमा समदृष्टि राख्दछन्, उनैलाई जीवन्मुक्त भनिन्छ। तर आगम-सम्मत जीवन्मुक्ति यसभन्दा फरक छ।

उपाय र आदरको विलक्षणताबाट योग्यता तीन प्रकारका हुनुको नाताले उत्कृष्ट, मध्यम र निकृष्ट– यी तीन प्रकारका साधिकार पद प्राप्त हुन्छ। यी तीनवटै पदको नाम हो– मन्त्रमहेश्वर, मन्त्रेश्वर र मायिक अधिकारी।

यी पद चरम अवस्था अथवा परासिद्धिका द्योतक होइनन्। यसकारण, यी पदहरूमा आत्मा निश्चिन्त भएर विश्राम गर्न सक्दैन। यसबाहेक यस अवस्थामा आफ्नो पदबाट स्खलित भएर पतनको पनि सम्भावना रहन सक्दछ। यो अवस्था महाप्रलयसम्म नै रहन सक्छ। नयाँ सृष्टिको आरम्भमा भुक्तावशिष्ट कर्मको प्रभावले अधोगतिको आशङ्का रहन्छ, किनभने कर्मफल– भोग मायाको अन्तर्भुक्त संसार-मण्डलमा नै हुन सक्दछ। मल परिपक्व हुनाले जब दीक्षा पाइन्छ तब मुक्त हुने मार्गमा अधिकार प्राप्त हुन्छ। दीक्षाद्वारा बद्ध जीवलाई मुक्त गर्नका लागि प्रत्येक भुवनमा योग्यता-सम्पन्न सद्गुरु विद्यमान रहने हुँदा स्वायम्भुव आगममा भनिएको छ– 'भुवने भुवने गुरुत्वप्रति वसन्ति।' यस पङ्क्तिमा महेश्वर पद श्रेष्ठ छ। यी पदका अधिकार समाप्त हुनासाथ नै अपवर्ग पाइन्छ। प्रलयको समय जीवको उद्धारका लागि भगवान् जब दीक्षा दिनुहुन्छ, तब त्यो जीवको पूर्ववर्णित तीन प्रकारको योग्यतामा ध्यान दिँदैन। यी योग्यताहरू अधिकारबाट संश्लिष्ट हुन्छ। प्रलयकालमा अधिकारको विचार हुँदैन। परमेश्वर र मन्त्रको मुक्तिलाई अपरा मुक्ति भनिन्छ। यो परमेश्वरको वामा आदि तीन शक्तिहरूका कार्य हुन् र भगवान्को आज्ञाका अधीन छ। यसकारण यी शक्ति-तत्त्वभन्दा तल रहन्छन्।[७] यी दुवै नै कलादि कार्य-कारणहीन र अधिकार सम्पन्न छन्। यही कारण हो– व्यापक हुँदाहुँदै पनि यिनलाई मायाभन्दा माथि रहेको मान्ने गरिन्छ। यिनमा परमेश्वर हुने त मन्त्रवर्गका प्रेरक हो, यसकारण ऊर्ध्व स्थित छ र यिनबाट प्रेरित हुने गर्छ, यसकारण मन्त्र अधःस्थित हो।

यी दुवैमा अनुग्रह गरेपछि सबभन्दा अन्तमा परिपक्वमल जीवहरूलाई माया-गर्भाधिकारी अथवा अपर मन्त्रेश्वरको पदमा स्थापित गर्दछ।

भगवान्को यो अनुग्रह परम्पराबाट हुन्छ, साक्षात् रूपमा होइन।

---

७. यो अधोवर्तिता देशकृत होइन। किनभने यी सबै आत्मा समान रूपमा व्यापक र विभूत छ। तर क्रियाशक्तिमा तारतम्य रहनाको कारण ऊर्ध्व र अधः यस्तो निर्देश गर्ने गरिएको छ। यसको तात्पर्य यो विभुत्व समान हुँदै हुँदै पनि क्रियाशक्तिको विकासमा न्यूनताको कारण यसलाई अधोवर्ती भन्ने गरिएको छ।

५. समय दीक्षा

दीक्षाको प्रकार-भेदको बारेमा तान्त्रिकहरूले अनेकन ग्रन्थहरूमा लेखेका छन्, त्यसको सारांशको चर्चाबाट– अनेकन दीक्षामा एउटा निर्दिष्ट क्रम भएको थाहा पाउन सकिन्छ। शिष्यको योग्यतामूलक अधिकार-भेद स्वाभाविक हुनुको कारण यो क्रम अनिवार्य हुँदाहुँदै पनि धेरै स्थानमा यथावत अनुसृत हुँदैन। ब्रह्मचर्य आदि आश्रम-चतुष्ट्य क्रमबद्ध हुँदाहुँदै पनि जस्तो तीव्र वैराग्यको स्थानमा मध्यवर्त्ती एक अथवा दुई आश्रमलाई लङ्घन गरेर पूर्ववर्ती कुनै आश्रमबाट सन्यास-ग्रहण गर्ने अधिकार पाउँछ। ठीक यसैगरी दीक्षा-क्रमको विषयमा पनि भन्न सकिन्छ। समय दीक्षामा सबै पशु-आत्माहरूका समान अधिकार रहन्छ। यसमा काल र आश्रम आदिको नियन्त्रण हुँदैन। आत्माको अनादि मल केही पक्व हुनासाथ जब भगवान्‌को कृपा-शक्ति धेरै नै मन्द रूपमा जीवहरूमा अवतीर्ण भइरहन्छ, यो दीक्षा तब हुनसक्छ। शिष्यको निधारमा गुरुले शिवहस्त गरिने यस दीक्षापछि उसले गुरुको सेवा र विभिन्न देवताहरूको पूजा गर्ने अधिकार पाउँछ। यसबाहेक भगवान्‌प्रति भक्ति पनि जगाउन थाल्दछ। यस दीक्षाको प्रमुख फल पछिल्लो कर्मको परिपाक हो। कालरूपी अग्निद्वारा यद्यपि निरन्तर नै कर्म-समूह पक्व भइरहेको छ, तब पनि काल क्रमधर्मक भएको स्मरण राख्नै पर्छ, यसकारण कालकृत पाक पनि क्रमिक भोगतर्फ चित्तको उन्मुखता मात्रै हो।

क्रमिक भोगद्वारा कर्मक्षय अवश्य हुन्छ, तर क्रमशः हुने गर्छ, एकै साथ हुँदैन, हुन पनि सक्दैन। अनादिकालदेखि असङ्ख्य कर्मउपचित भएका छन्, ती सबैलाई एक एक गरेर क्रमशः नष्ट गर्न सकिन्न। बन्धनलाई विच्छिन्न बनाउन सक्छ। अपूर्ण ज्ञानोदयको समयमा सञ्चित कर्मराशि नष्ट हुन्छ र शरीराम्भक कर्म बाँकी रहने गर्छ। सूक्ष्म दृष्टिले हेर्दा बुझ्न सकिन्छ– कालशक्ति पनि भगवान्‌को क्रियाशक्तिको नै रूपान्तर हो। काल यसो त रूद्रविशेष (कालाग्निरूद्र) हो, यसकारण कालशक्ति रौद्री शक्ति हो। दीक्षा पनि रौद्री नामको क्रियाशक्तिको व्यापार हो तर, यी दुवैमा मात्रा र विकास आदिको परस्पर विशिष्टता छ। 'समय'को अर्थ आगमशास्त्रीय मर्यादा पालन हो। पहिलो अथवा समय-दीक्षाप्राप्त भएपछि शास्त्रको अध्यापन, श्रवण आदि र होम, जप, पूजन, ध्यान आदिको योग्यता आउँछ। गुरुले उपदेश गरेका शास्त्रोक्त आचार आदिको पालनलाई चर्या भनिन्छ। ध्यान योग-अभ्यासको नामान्तर हो। यस दीक्षाको

प्रभावले पूर्णत्व प्राप्त हुँदैन र मन्त्रको आराधना-क्रममा भोग-लाभ हुनसक्दैन। पाश-शुद्धि नै ऐश्वर्यको कारण हो– यस दीक्षाबाट ईश्वर-सम्बन्ध त हुन सक्छ। तर, यस्तोमा पाश-शुद्धि पाशहरूको समूल निवृत्ति हुन्न। किनभने, कला-तत्त्व र भुवन आदि ६ अध्वाहरूमा शुद्धि र परतत्त्वको योजना– यी दुई व्यापार जबसम्म सिद्ध हुँदैन, तबसम्म सम्पूर्ण पाशहरूका अपगम हुँदैन र पूर्णत्वको प्राप्ति हुँदैन, यसका लागि सूक्ष्म विधान छ। प्रश्न उठ्न सक्छ, समयीको ईश्वर-आराधनाको योग्यता कसरी उत्पन्न हुन्छ ? उत्तर हो– यस्तो योग्यता पाउनका लागि अधिष्ठात्री कारण-वर्गको विश्लेषण नै पर्याप्त छ। यहीसम्म समयको सीमा छ। जाति-उद्धार, द्विजत्वको प्राप्ति र रुद्रांश-लाभ- यी तीन व्यापारहरूबाट समयीको आत्म-संस्कार हुन्छ। प्रारब्ध भोगका लागि पशु-आत्माले जुन शरीर पाउँछ, यो व्यापार यथाविधि सम्पन्न भयो भने त पहिलो जातिसँग सम्वन्ध रहन्न। यसबाट जाति-उद्धार-क्रियाको प्रभावले शरीरको सूक्ष्मतम अवयव-संस्थानमा आमूल परिवर्तन हुन सुरु हुने गर्दछ। यसपछि जुन अनुष्ठान गर्नुपर्ने हुन्छ, त्यसको एउटै उद्देश्य हो– द्विजत्व प्राप्ति। यी दुवै प्रक्रियामा उपयोग हुने मन्त्रशक्ति अलौकिक र औचिन्त्य हो। प्रयोग गर्ने व्यक्ति यदि योग्य छ भने त यसबाट दुस्साध्यकार्य पनि सुगमता पूर्वक सिद्ध हुन सक्छ। मन्त्रशक्तिलाई शरीरमा प्रयोग गर्नु उचित होइन– साधारणतः यही नियम छ। मन्त्रमा यस्तो शक्ति हुन्छ, यसको प्रयोग गर्न सक्दा क्षणमा नै प्राण लिन सकिन्छ, तर यस्तो गर्नु उचित होइन। यसकारण मन्त्रशक्तिले अभक्त प्रारब्ध-कर्मभोगका लागि देहान्तपछि पनि अवस्थान्तरमा आबद्ध रहनु आवश्यक हुने गर्छ। यसबाट मोक्षमा धेरै विलम्ब हुने गर्छ। उग्र मन्त्र आदिबाट शरीरको शोषण हुने गर्छ– यसकारण अभिषेकको आवश्यकता परेको हो। द्विजत्वको प्राप्तिका लागि मन्त्रद्वारा नै शरीरको योनि, बीज, आहार, देश र भावलाई शुद्धि गर्नुपर्दछ। शरीर रज, र वीर्यको संयोगले उत्पन्न हुने हुँदा जबसम्म रजोवीर्य शुद्ध हुँदैन तवसम्म शरीर पनि शुद्ध हुन सक्दैन। गर्भाधान आदि संस्कारको रहस्य हिजोआजका मानिस जान्दैनन्।

स्त्री-पुरुषको नैतिक संयमको कमी तथा चित्तको चंचलताको कारण वर्तमान युगमा विशुद्ध शरीर जन्मनु असम्भव हुन गएको छ। यसकारण तन्त्रशास्त्रको आदेश, मन्त्रशक्तिद्वारा योनि र बीजको शोधन आवश्यक छ भन्ने छ। श्रौत र स्मार्त प्रक्रियाअनुसार आहार-निर्वाण गर्नाले आहार-शुद्धि हुन

सक्छ। तर वर्तमान समयमा यो पनि उचित रूपमा हुने गर्दैन। यसकारण यस कमी पूरा गर्नका लागि मन्त्रको प्रयोग आवश्यक हुन गएको छ। यसकारण मन्त्रबाट नै देश र भावको पनि शोधन गर्नु आवश्यक छ।

यसप्रकार शुद्धिको आधान भएकाले मन्त्रद्वारा शुद्ध विद्यामा जन्म-लाभ गरेको कारण अलौकिक द्विजत्व प्राप्त हुने गर्छ।[८] यसैको नाम अर्को जन्म हो। यस दीक्षाले एउटै जातिको अभिव्यक्ति हुन्छ। यसको नाम 'शिवमयी' अथवा 'भैरवीय' जाति हो। यसपछि यदि कुनै पूर्वजातिबाट सम्बन्ध व्यक्त गर्दछ त शास्त्रमतले ऊ प्रायश्चित योग्य हुने गर्छ। द्विजत्व सिद्ध भएपछि शिशुलाई उपवीत दिने नियम पनि अलौकिक छ। उपवीत लिनुको अर्थ हो आत्माको सान्निध्यमा मन्त्रको सामर्थ्यद्वारा सम्वद्ध हुनु। तन्त्रशास्त्रको मतले उपवीत अनन्त मन्त्र र देवता-वर्गको व्यापक शुद्ध विद्यारूप शक्तिसूत्रको प्रतिरूपक हो। गर्भाधानदेखि अन्त्येष्टिसम्मका संस्कारहरूद्वारा पूर्ण द्विजत्व हुने गर्छ।

संस्कारद्वारा पूर्ण द्विजत्व भएपछि समयीको रुद्रांशापादन गर्नु आवश्यक हुन्छ। स्वयम् रुद्रांश हुन नसकेमा शास्त्र-अर्थ-ज्ञानबाट रुद्रको ध्यानमा एकाग्रता लगाउन असम्भव छ। यसबाहेक भविष्यमा ईश्वरसँग सम्बन्ध प्राप्त गर्न गाह्रो छ।

यस क्रियालाई व्यवस्थित बनाउन गुरुले शिष्यलाई प्रोक्षण र ताडन गरेपछि गुरु स्वयम् उच्च मार्गको रेचकबाट आफ्नो शरीरबाट बाहिर निस्केर शिष्यको शरीरमा प्रवेश गर्नुपर्छ र सोही मार्ग भएर शिष्यको हृदयमा पुग्नुपर्छ। त्यहाँ पुगेर शिष्यको चैतन्य या पुर्यष्टकलाई शिथिल बनाउँछ। यसको पारिभाषिक नाम विश्लेषण-क्रिया हो।

यसपछि पुर्यष्टकलाई भेदन गरेर अर्थात् त्यसलाई अलग गरेर त्यसको अवगुण्ठनलाई शुद्ध उपादानले छोप्नुपर्छ। त्यसपछि सम्यक् रूपले तानेर द्वादशान्त या माथमा स्थापित गर्नुपर्छ। त्यसपछि त्यस स्थानबाट जीवलाई सम्पुटित गरेर संहार-मुद्राद्वारा तान्नुपर्ने हुन्छ। यसरी गुरुले शिष्यको अभेद ज्ञानको रक्षा गरेपछि ऊर्ध्वपूरकद्वारा गुरु आफ्नो हृदयमा फर्कनुपर्छ। यस व्यापारमा कुम्भकद्वारा स्वारस्यलाई सम्पादन गरेर अर्थात् आफूबाट शिष्यलाई

---

८. गर्भाधान आदि चालीस संस्कार मन्त्रशक्तिबाट नै सिद्ध हुने गर्छ। यी संस्कार शुद्ध विद्यामा जन्म-ग्रहणको सर्वथा उपयोगी हो।

अभेदापादन गरेर पुनः ऊर्ध्वउद्वेष्टनको क्रममा रेचन गर्नुपर्ने हुन्छ। रेचनको समय जीव उत्तरोत्तर ६ वटै देवता[९]लाई त्याग्दछ। शरीर जस्तै बाह्य जगत्मा पनि यी ६ देवताहरू क्रमबद्ध अधिष्ठान छन्। वास्तवमा विश्वको निम्नतम प्रदेशबाट सम्पूर्ण अध्वा नै यी ६ देवताहरूबाट अधिष्ठित छ। देवताको त्यागले नै शिष्यमा ती देवताहरूका अधिष्ठित मार्गले विश्लेष-लाभको योग्यता आउँछ। स्वामीलाई पराभूत गरेपछि उनको वशका सम्पूर्ण अधीनता स्वीकार गरेपछि उनको साथमा लड्नु झगड्नु पर्दैन। देवता त्याग गरेपछि यानी देह अथवा विश्वको अधिष्ठात कारण-वर्गले विश्लेष भएपछि ईश्वर-पद प्राप्तिका लागि ईश्वरको आराधनाको योग्यता प्राप्त गर्नुपर्छ। आँखी भुईबाट जीवलाई लिएर सम्पुटित गर्नुपर्छ र संहारमुद्राद्वारा त्यसलाई उठाएर पुनः शिष्यको हृदयमा स्थापित गराउनुपर्छ।

भोग-दीक्षाः साधक दीक्षा

समयी दीक्षापछि पुत्रक आदि अन्य दीक्षाको व्यवस्था छ। यसबाहेक पहिले नै पुत्रक आदि दीक्षा हुन सक्छ। यस समय दीक्षामा अध्वाशुद्धि आवश्यक हुन्छ। पाश-शुद्धि पूर्ण रूपमा नभएसम्म भोग या मोक्ष, कुनै पनि फल प्राप्त हुन सम्भव छैन।

समयी दीक्षामा पाश-शुद्धिको आवश्यकता हुँदैन। किनभने दीक्षाद्वारा नै अंशतः पाश-शुद्धि हुने गर्छ। मोक्षार्थी या मुमुक्षु पुत्रक र आचार्य-भेदले दुई प्रकारको छ। शिष्यलाई दीक्षा दिनुभन्दा पहिले गुरुले हेर्नुपर्छ ऊ स्व-प्रत्ययी अथवा गुरु-प्रत्ययी हो। स्व-प्रत्ययी भएमा गुरुले उसको वासनाअनुसारकै दीक्षा दिनुपर्छ। र, गुरु-प्रत्ययी भएमा तथा गुरुमा निर्भरशील भएमा गुरुको कर्तव्य हुन्छ– पहिले उसलाई भोग-दीक्षाको व्यवस्था नगरेर मोक्ष-दीक्षाको व्यवस्था गर्ने।

शिवधर्मी र लोकधर्मी दीक्षा

साधक दुई प्रकारको हुने हुँदा भोग या भूत (भुक्ति) दीक्षा पनि शिवधर्मी र लोकधर्मी– दुई प्रकारको नै हुन्छ। दुवै दीक्षाहरूमा भिन्नता हुँदाहुँदै पनि

---

९. १. हृदयमा ब्रह्मा, २. कण्ठमा विष्णु, ३. तालुमा रुद्र, ४. आँखीभुइँको मध्य ईश्वर, ५. निधारमा सदाशिव, ६. ब्रह्मरन्ध्रमा शिव।

दुवैमा साधन छ। यसकारण, दुवै दीक्षाहरूलाई साधक-दीक्षा भनिन्छ।

शिवधर्मी दीक्षाको प्रभावले योग्यताअनुसार साधकले पहिले प्राप्त गर्ने मन्त्रेश्वर पद प्राप्ति, मन्त्र पद प्राप्तिको सिद्धि एक प्रकारले पारमेश्वरिक फल हो। र, पिण्ड-सिद्धि या अवान्तर सिद्धि– विभिन्न भोग-भूमिमा आपेक्षित अमृत-तत्त्व प्राप्त गर्ने अभीष्ट-सिद्धि हो। दीक्षाको प्रभावले जीव जुन भोगभूमिमा आस्वादनका लागि जान्छ त्यहाँ ऊ जरा-मृत्युहीन स्थिर शरीर प्राप्त गर्दछ।

पिण्ड-सिद्धिमा धेरै अवान्तर सिद्धिहरू पनि छन्, जस्तो खड्ग-सिद्धि, अंजन-सिद्धि, पादुका-सिद्धि आदि। शिवधर्मी साधक गृहस्थ हुन सक्छ।

ज्ञानवत्ता, अभिषेक आदि यी दीक्षाको फल हो।

यस मार्गका साधकले पनि समयाचारको पालन गर्नुपर्ने हुन्छ।

लोकधर्मी दीक्षाको प्रभावले पछिल्लो अथवा सञ्चित कर्महरूमा अशुभ अंश या दुष्कृत अंश नै नष्ट हुन्छ र शुभ अंश अणिमा आदि सिद्धिमा परिणत हुने गर्छ। प्रारब्ध कर्मको भोगको अन्तमा प्रारब्धजात शरीर समाप्त भएपछि गुरु दीक्षित साधकलाई अणिमादि भोगका लागि ऊर्ध्वलोकतर्फ सञ्चालित गर्दछ। त्यहाँको भोग समाप्त भएपछि पनि यदि भोगको वासना अतृप्त रहन्छ तव त्यस वासना अनुरूप भोगका लागि गुरुले उसलाई त्यसभन्दा पनि माथिल्लो भुवनमा पठाउँछ। यसरी शुभ कर्मको भोग पछि वैराग्यको उदय भएमा त्यस स्थानबाट– अन्तिम भोग-स्थानबाट– परमेश्वरको निष्कल स्वरूपबाट योजित गर्दछ। अनेकन प्रकारका मायातीत विश्वभुवनलाई अधीश्वर-वर्गको साथमा पनि सम्पूर्ण अवस्थाहरू साधकको आध्यात्मिक उत्कर्षको तारतम्यमूलक हो। भनिएको छ–

लोकधर्मिणमारोप्य मते भुवन भर्त्तरि।
तद्धर्मापादनं कुर्यात् शिवे वा मुक्तिकांक्षिणम्॥

लोकधर्मी साधक यदि मुक्तिकामी छ भने त शिवमा आरोपित गरेर उनको धर्म जोड्दछ। यो ऊर्ध्वगति र योजना क्रमशः साधक र गुरुको सङ्कल्पअनुसार हुने गर्छ।

सबीज र निर्बीज दीक्षा

मुमुक्षुको दीक्षा तीन प्रकारको छ– सबीज, निर्बीज र सद्यः निर्वाण दिने। मुमुक्षुको दीक्षा वास्तवमा दुई प्रकारको छ। साधारणतया निर्बीज दीक्षा

बालक, मूर्ख, वृद्ध, स्त्री र रोगग्रस्तका लागि हो । अर्थात् निर्वीज दीक्षा उसका लागि हो, जो शास्त्र-विचारमा कुशल हुँदैन । यस दीक्षाको प्रभावले मात्र गुरुभक्तिबाट नै मुक्ति पाइन्छ ।

दीक्षामात्रेण मुक्तिः स्याद् भक्तिमात्राद् गुरोः सदा ।
(स्वत्छन्दतन्त्र)

यसमा गुरुको भक्ति नै समय हो, अर्को समय हुन्न । दीक्षाको साथ साथै शरीरको शुद्धि र देशपातपछि परमपद प्राप्ति हुन्छ ।

दृष्ट्वा शिष्यं जराग्रस्तं व्याधिना परिपीडितम् ।
उत्क्रमचय ततस्त्वेनं परतत्त्वे नियोजयेत् ॥

शिष्य जरा र व्याधिग्रस्त भएमा गुरुले उसलाई शरीरबाट उत्क्रमित गराएर परमतत्त्वमा नियोजित गराउँदछ । यस दीक्षा प्राप्त गर्नेले शास्त्र-विहित आचारहरूलाई सही शुद्ध रूपमा पालन गर्नुपर्ने हुन्छ । नगर्दा आफ्नो शिवमय सत्तावाट केही सम्यक् लागि भ्रष्ट भएर विपत्तिमा पर्नु पर्ने हुन्छ । मुमुक्षुको दुवै किसिमको– सबीज र निर्वीज– दीक्षाको एक मात्र प्रयोजन मोक्ष हो । मुमुक्षु-साधक दीक्षा पनि सबीज हुन्छ । सबीज दीक्षा भएकाले नै अभिषेक हुन सक्छ । विद्वान् र कष्ट-सहिष्णु व्यक्तिलाई सबीज दीक्षा दिएर आचार्य र साधक-पदमा अभिषिक्त गराउनुपर्ने हुन्छ । अभिषेक नगरिएसम्म साधकले भोग र मोक्षको अधिकार पाउँदैन । मात्र सबीज दीक्षा नै परमेश्वरसँग योजनाको साधक हो । यसकारण साधक र भोगार्थीको पनि पहिले शिव या परमेश्वरको निष्कल रूपमा योग हुने गर्छ । निष्कल रूपले सर्वप्रथम योगको उद्देश्य भनेको– सम्पूर्ण रूप सिद्धि बहुल हुँदा पनि यो निष्कल योजनको क्रियाको प्रभावले सम्पूर्ण पदहरूमा अवस्थानको समय सिद्धि या ऐश्वर्य-भोग रहँदा रहँदै पनि भोगको अन्तमा परमपद प्राप्त गर्न कसैले बाधा पुर्‍याउँदैन ।

दीक्षा रहस्य

शिवधर्मी दीक्षामा साधकको साधकत्वमा अभिषेक हुने गर्छ । अभिषेक विद्यादीक्षापछि हुने गर्छ । बत्तीस वर्णात्मक सम्पूर्ण मन्त्र विद्या हो, त्यसबाट विद्यादीक्षा हुने गर्छ । सदाशिव-पद विद्यात्मक हो ।

सदाशिव-पदसम्म अणिमादि भोग-दीक्षा नै भूतिदीक्षा हो । यो शान्तिसम्म पद-योजन पछि हुनेछ । अवश्य गुरुको कृपाले यो शिव-योजनात्मक पनि हुन सक्छ । निवृत्ति, प्रतिष्ठा र विद्या– यस कलामा जुन कर्मफल छ, त्यो स्थूल हो । सूक्ष्म रूपमा पाँचवटा कलामा नै कर्मसत्ता रहन्छ ।

अर्थात् शान्ति र शान्ति-अतीत कलामा सूक्ष्म कर्मफल हुने गर्छ । साधकले कर्मको क्षय त गर्नुपर्ने हुन्छ, तर सबै कर्मको होइन । पछिल्लो या सञ्चित र आगामी कर्महरूको क्षय एकसाथ गर्नुपर्ने हुन्छ । तर, वर्तमान शरीरबाट मन्त्र-आराधना आदि कर्मलाई नष्ट गर्नु हुँदैन, यसबाट साधकलाई सिद्धि या भृति प्राप्ति हुने गर्दैन । विद्यादेह या सदाशिव रूपमा मन्त्रहरूको न्यास गरेर र त्यस शरीरलाई अणिमादि गुणसम्पन्न ध्यान गरेर त्यस्तो गुण-सम्पत्तिका लागि होम गरेर साधकले अभिषेक गर्नु आवश्यक छ । सम्पूर्ण योग सही रूपमा पूरा भएपछि अणिमादि गुण उदयका लागि प्रक्रिया गरिन्छ ।

अभिषेकको प्रणालीबाट बुझ्न सकिन्छ कि भोगार्थी साधकका लागि आपाततः भोगको व्यवस्था रहँदा रहँदै पनि अन्तमा मोक्ष नै पाउँछ ।

शिष्याभिषेक

अभिषेकको पाँच कलशहरू क्रमसँग दक्षिण, उत्तर, पश्चिम, पूर्व र ईशान कोणमा स्थापित गरिन्छ । पहिलो तीन कलशहरू क्रमशः निवृत्ति आदि तीन कलाहरूका न्यास पछि शान्ति-अतीत कलाको न्यास ईशान कोणको कलशमा गरेर अन्तमा पूर्वको कलशमा शान्ति कलाको न्यास गर्नुपर्दछ ।

शान्ति-अतीत कलापछि शान्तिकलाको न्यासको अर्थ हो– साधकले पहिले शिवदशामा विश्रान्ति लिएर निर्विध्न भावले सदाशिव दशामा सिद्धि प्राप्त गर्न सकोस् । शान्ति-अतीत कला पहीलो तीन कलाहरू र शान्तिकलाले आवृत्त रहन्छ । यी पाँच पञ्च स्थूलभूत होइन, तर वास्तवमा ब्रह्मस्वरूप हो, प्रत्येक कलशमा आराध्य मन्त्रहरू न्यास गरेर सर्वज्ञत्व आदि विद्या-समूह द्वारा 'सकलीकरण' गर्नुपर्ने हुन्छ ।

त्यसपछि त्यसमा यी सबै सर्वतत्त्व आदि विद्याङ्ग सिद्धि-सम्पादन अनुरूप हो, यसकारण अर्को प्रकारको आवरण-न्यासको आवश्यकता पर्दैन । यसपछि साध्य मन्त्रले कलश अभिमन्त्रित गरेपछि मन्त्रको प्रभावले सकल भूमि नै सिद्धिप्रद हुन सक्छ ।

आचार्याभिषेक

जो कोही पनि चाहना साथ आचार्य-पदमा नियुक्त हुन सक्दैन । जसले गुरुबाट आगमको यथार्थ ज्ञान प्राप्त गरेको छ या कायिक, वाचिक र मानिसक प्रवृत्तिमा संयमशील छ, जो सदाचारी छ र सम्यक् रूपले शास्त्रविहित अनुष्ठान गराउँछ– यस्तो व्यक्ति आचार्य-पदमा अभिषिक्त हुन योग्य हुन्छ । शिव-योजनसम्मको दीक्षा समाप्त भएपछि नै यो अभिषेक गराउनुपर्छ ।

कलशहरूको पूजन गरेर नै मुख्य अभिषेक कार्य आरम्भ हुने गर्छ । एउटा मण्डल बनाएर त्यसमा स्वस्तिक आदि अलङ्कृत गरेर त्यसमा एउटा चन्द्रातप लगाउने अनि त्यसलाई ध्वजाले सुशोभित गर्नुपर्दछ ।

अनि त्यस मण्डलमा कुनै राम्रो जातको काठले बनेको पिर्कामा बसेर अन्तरासन ध्यान लगाएपछि अभिषेकार्थी शिष्यलाई 'सकलीकरण' संस्कार गराउनुपर्दछ । त्यसपछि उसलाई त्यस पिर्का (आसन)मा ईशानतर्फ मुख गराएर बसाउनुपर्छ ।

त्यसपछि शिवभावले अविष्ट भएर गुरुले गन्ध-पुष्प आदिले उसको अर्चना गर्दछ ।

दियोको आरती, पूर्ण कलशले निर्मन्थन गराउँदा सम्पूर्ण विघ्न हट्दछ । अनि ती निवृत्यादि कलशको मुखले शिष्यमा जलधारा गर्नुपर्दछ । यही अभिषेचन हो । पहिले धारण गरेको वस्त्र मायिक कंचुक-भाववाला भएकाले शिष्यले अभिषेकपछि त्यसको त्याग गरेर नया वस्त्र धारण गर्नुपर्छ । नया वस्त्र परम शिवको प्रकाश हो ।

यसलाई नै सधैं धारण गर्नुपर्ने हुन्छ । यसपछि योगपीठ (आसन)मा बसेको शिष्यलाई गुरु अधिकार (उष्णीय, मुकुछ, छत्र, पादुका, आसन, अश्व, शिविका आदि उपकरण) दान गर्नुको साथ साथै आदेश दिने गरिन्छ : "आजबाट तिमी आश्रम चतुष्टयस्थ भगवत् शक्तिपात-युक्त हुनाले दीक्षा योग्य व्यक्तिलाई मात्र अनुग्रह गर्ने इच्छाले (स्नेह, लोभ आदिको वशमा परेर होइन) दीक्षा दान गर्नू । यो अधिकार तिमीलाई साक्षात् परमेश्वरको आदेशले दिइएको हो ।"

त्यसपछि आचार्य अभिषिक्त शिष्यलाई आफ्नो हातले उठाएर मण्डलमा प्रवेश गराउनेछ र त्यहाँ परमेश्वरको पूजा गराएर भन्नेछ– "भगवन् ! तपाईंको आदेशले तपाईंको आज्ञानुवर्ती आचार्य-पदमा प्रतिष्ठित मैले यस व्यक्तिलाई अभिषिक्त गरेको छु । यो व्यक्ति अब गुरु-परम्परा-क्रममा शिवतत्त्वको

उपदेश गर्नेछ । म तपाईंको सान्निध्यमा यसलाई उपदेश दिँदै छु, जसबाट यो अनुगृहीत पुरुष तपाईंको स्वरूप लाभ गर्न सकोस् ।"

त्यसपछि मण्डपबाट बाहिर आएर गुरुले पाँचवटा कलश अग्निमा आहुति दिएपछि पूर्णाहुति हुन्छ । अनि, अभिषिक्त पुरुषको दायाँ हातले पञ्च औँलाको मन्त्रले चिन्हित गराउँछ र कान्छी औँलासहित पाँचवटै औँलाले पनि स्पर्श गराउँछ । यथाविधि यस स्पर्शको प्रभावले मन्त्रदीप्त करणरूपमा कम समयमा कार्यक्षम हुन्छ हुने गर्छ र सम्पूर्ण पाश डढेको बीजसँग हुने गर्छ ।

शिष्य अधिकार प्राप्त गरेर प्रसन्न भएर जीवन्मुक्ति र परम शिवत्व दुवै फल प्राप्त गरेको समयदेखि उ शिव समान भएर शिवधाम-प्रापक गुरुपदवाच्य हुने गर्छ । परमेश्वरको सकल रूपमा योजना तथा त्यसपछि अणिमा आदि गुण प्राप्तिका लागि यो जुन अभिषेक-क्रियाको कुरा गरियो, त्यसभन्दा पहिले भगवान्लाई निष्कल रूपमा योग तथा उनको गुण प्राप्तिका लागि क्रिया आवश्यक छ । किनभने, भोगार्थी साधकका लागि शास्त्रमा– पहिले निष्कल-योजन गरेर तब स-कल योजन गर्नुपर्छ ।

जो मुमुक्षु र निवृत्ति-मार्गी छ, उनीहरूमा भोग-वासना नहुनाको कारण मोक्षरूप फल पाउनमा कुनै अड्चन रहन्न । तर, भोगार्थी पुरुष पहिले इच्छानुरूप भोगको आस्वादन गरेर भोग-वासना रहित भएमा मुक्त हुन्छ । यी दुवै दीक्षाहरूका प्रयोजनमा भेद छ, तर फल प्राप्तिमा भने भेद छैन ।

क्रिया-दीक्षा

क्रिया र ज्ञानको कारणबाट हुने दुई प्रकारको दीक्षाहरूको एउटा वैज्ञानिक तरिका हो । सूक्ष्म दृष्टिबाट अनुसन्धान गर्दा यो कुरो बुझ्न सकिन्छ । क्रिया-दीक्षा अनेकन प्रकारका, तर ज्ञान-दीक्षा भने एउटै प्रकारको हुन्छ । क्रिया-दीक्षा साधारण र असाधारण दुई प्रकारका भए पनि अध्वा भेदले असाधारण दीक्षा फरक हुने गर्छ– जस्तो, कला-दीक्षा, तत्त्व-दीक्षा, भुवन-दीक्षा, वर्ण-दीक्षा, मन्त्र-दीक्षा इत्यादि । यिनीहरूमध्ये तत्त्व-दीक्षा साधारणतः चार प्रकारका छन्– छत्तीस तत्त्व-दीक्षा, नौ तत्त्व-दीक्षा, पञ्चतत्त्व-दीक्षा र त्रितत्त्व-दीक्षा ।

एक तत्त्व-दीक्षाको कुरो पनि पाइने गरिएको छ । नौ तत्त्व हो– प्रकृति, पुरुष, नियति, काल, माया, विद्या, ईश्वर, सदाशिव र शिव । छत्तीस तत्त्वहरूलाई

पाँच अथवा तीन तत्त्वहरूमा परिणत गरेपछि पञ्चतत्त्व या त्रितत्त्वबाट त्यही एउटै फल प्राप्त हुन सक्छ।

पञ्चतत्त्व हो– पृथ्वी, अप, तेज, वायु र आकाश। त्रितत्त्व शिव, आत्मा र माया हो भने एकतत्त्व-दीक्षामा छत्तीस तत्त्वहरूलाई समष्टि रूपमा एक तत्त्व ग्रहण गर्ने गरिन्छ। यसैको नाम 'विन्दु' हो। यसको शुद्धिले सम्पूर्ण तत्त्वहरूको शुद्धि हुने गर्छ। पद-दीक्षाको प्रणाली नौ तत्त्व-दीक्षा जस्तो छ भने वर्ण, मन्त्र, भुवन-दीक्षाको प्रणाली कला-दीक्षा जस्तो छ। यसकारण, अध्वाको विचित्रले क्रिया-दीक्षा एकदश प्रकारको दीक्षा छ। तर ज्ञान-दीक्षा एउटा र अभिन्न छ। सबै जोड्दा बाह्र प्रकारको दीक्षा हुन्छ।

पुत्रकको दीक्षा सबीज, निर्वीज र सद्योनिर्वाणदायी भेदले तीन प्रकारको छ– जम्मा (१२ह३) छत्तीस प्रकारको। आचार्य-दीक्षा मात्रै सबीज हुने गर्छ, यसकारण बाह्र प्रकारको छ। समयीको दीक्षामा अध्वन्यास हुँदैन। ज्ञानले हृदय-ग्रन्थि भेदन गरेपछि एक र क्रियाद्वारा ग्रन्थि भेदन भएपछि एक– जम्मा दुई प्रकारको। कुलसङ्ख्या (३६ + १२ + २४ + २ = ७४) चौहत्तर। यसरी दीक्षा अनन्त प्रकारको छ। आचार्य अभिनव गुप्तले भनेका छन्–

यत्र यत्र हि भोगेच्छा तत् प्राधान्योपक्षेपतः।
अन्यांतर्भावनातश्च दीक्षाऽनन्तविभेद भाक्॥

यसप्रकार, तत्त्वाध्वामा कुनै तत्त्वको प्रधानता र अर्को तत्त्वहरूको गौणता हुन सक्छ। नौतत्त्वबाट पञ्चतत्त्व, त्यसबाट त्रितत्त्व र त्यसबाट एकतत्त्व-दीक्षाको अधिकार विरलै पाइन्छ। वास्तवमा एक तत्त्व-दीक्षाका गुरु र शिष्य– दुवै नै दुर्लभ छन्।

कला-दीक्षाको विज्ञान

कला-विज्ञानको सम्बन्धमा एउटा स्पष्ट धारणाका लागि यहाँ दृष्टान्त-रूपमा कला-दीक्षाको विवरण दिन खोजिएको हो। सम्पूर्ण अध्वाहरूका मूलमा कलाको प्रधानता रहेको हुँदा यहाँ पुत्रक कलादीक्षाको वर्णन गर्न चाहेको हुँ। वागीश्वरीको गर्भबाट जन्म पाएपछि संसार-उपशमको कारण पुत्रक नामको सार्थकता छ। पृथ्वीदेखि कलातत्त्वसम्म मायाको अधिकार छ। यसपछि शुद्ध विद्याको राज्य आउँछ। शुद्ध विद्या नै वागीश्वरी हो। वागीश्वरीको गर्भबाट जन्म लिन सक्नाले विशुद्ध भुवनमा रहन र सञ्चारको अधिकार पाउन सकिन्छ। यस

जन्म-व्यापार सम्पादनका लागि एक्काइस अवान्तर संस्कार आवश्यक हुने गर्छ। जन्मेपछि क्रमशः अरू पनि पाँच संस्कार आवश्यक हुन्छ– जस्तो अधिकार, भोग, लय, निष्क्रिति र विश्लेष। यही ६ संस्कारहरूबाट मन्त्रको प्रभावले पशुपाश सबै विनष्ट हुन्छ। पाश काटिन्छ, पछि उसको संस्कार पनि काटिन्छ यो नै दीक्षाको पहिलो अङ्ग या पाशक्षय हो। दीक्षाको अर्को अङ्ग हो शिवत्व-योजन, जसका लागि तेह्र पदार्थहरूका अनुभावात्मक ज्ञान आवश्यक हुने गर्छ। सद्गुरु जब दीक्षा दिन्छन्, तब यी दुवै अङ्ग नै पूर्णरूपमा निष्पन्न हुन्छ।

शिवत्व-व्याप्तिमा आफ्नो शिवभावापत्ति पूरा हुन्छ। योजन-क्रियाको यही उद्देश्य हो।

पाशक्षपण-कलामा अन्य अध्वाको आविर्भाव

दृष्टान्तस्वरूप यहाँ कला-अध्वालाई अवश्य लिइएको छ, तर यसमा अन्य अध्वा पनि अन्तर्भूत छन्।

सबभन्दा पहिले सम्पूर्ण अध्वाहरूका सन्धान र उपस्थापन गर्नुपर्छ। पुञ्ज, मण्डल, गुरु, शिष्य र दीक्षार्थी शिष्यको शरीरमा पाशसूत्र– यी ६ अधिकरणमा आवस्थित अध्वाहरूको एकत्र सम्मेलन– यही अध्वसंगर हो। यस क्रियाको साथमा अध्वाहरूका साधारण या अभिन्न रूपमा त्रान नै उपस्थापन क्रियाद्वारा सम्मिलित अध्याहरूसँग इष्ट अध्वाको उपस्थापन। अध्वा उपस्थित भएपछि उसको विस्तार देख्न पाइन्छ– यो व्याप्तिदर्शन वास्तवमा सर्वत्र विश्वको नै दर्शन हो, किनभने विश्व यसमा अन्तर्भूत हुन्छ। कला-दीक्षामा पाँच कलामा छत्तीस तत्त्व, दुई सय चौबीस भुवन, पचास वर्ण, दस मन्त्र र एकासी पद अन्तभुक्त छ।

यस भावनाबाट समष्टि रूपमा र फरक बुझ्नुपर्दछ। कला-वर्गको अधिष्ठानबाट ब्रह्मादेखि शिवसम्म ६ देवता छन्। अर्थात् पाँच कलाको समष्टिभूत विन्दुको अधिष्ठाता शिव हुन्। यसकारण कुल ६ अधिष्ठाता देवताहरूको शुद्धिले कला-शुद्धि हुन्छ।

अध्वा-शुद्धि

अध्वा शुद्धिको अर्थ बुझ्नका लागि सृष्टि र शुद्धितत्त्वको रहस्यलाई बुझ्नु आवश्यक छ।

चिदानन्दमय परमेश्वर आफ्नो स्वरूपभूत स्वतन्त्र या उन्मना-शक्तिद्वारा समग्र विश्वलाई आफूभन्दा अभिन्न हुँदाहुँदै पनि भिन्नवत भासित गर्दछ। शिवदेखि पृथ्वीसम्म सम्पूर्ण विश्व वाच्य या ग्राह्य र वाचक या ग्राहक रूपमा स्थित छ। वाच्य पनि पद आदि रूपमा कला, तत्त्व, भुवन नामले प्रसिद्ध छ। वर्ण शब्दको तात्वर्य हो– अभेद विमर्शनरूपा शक्ति– यो परा हो। केही स्थूल हुनाले यो भेदाभेद विमर्शमय मन्त्र हुन्छ– यो सूक्ष्म छ।

वाच्यरूपा शक्ति क्रमशः कला, तत्त्व र भुवन-रूप धारण गर्दछ। यथार्थ यही हो, कला नामले एक मात्र शक्ति स्फुरित हुन्छ। यस स्फुरणमा योग अनुकूल रहन्छ नै, यसबाहेक दर्शननगरवत् क्रमको पनि भान हुने गर्छ।

जो पूर्वकालिक हो, ऊ उत्तरकालिक रूपमा व्यापक भावले रहन्छ– जस्तो घडा आदिमा माटो रहन्छ, जस्तो वृक्ष बीउमा रहने गर्छ। यसकारण, सबै वस्तुमा सबै वस्तु हुन्छ– 'सर्व सर्वात्मकम्'।

परम शिवको स्वरूप ६ अध्वाहरूका स्फुरण-रूप परमेश्वर शक्तिमय तथा अकारदेखि हकारसम्म परामर्शरूप पूर्णाहन्तामय विश्राम-स्थान हो। तर, आतमा आफ्नो माया-शक्तिको प्रभावले आफ्नो परम शिवलाई थाहा पाउन्न, यसकारण आफूलाई अपूर्ण मान्दछ। शाब्दी कलाको प्रभावले उसको ऐश्वर्य लुप्त हुने गर्छ। ऐश्वर्य लोप हुनाको मुख्य फल वर्ण र कला आफ्नो तात्त्विक रूपमा स्फुरित नभएर उत्पादन हुने प्रत्ययको कारण नै आत्मा देहादि अनात्म वस्तुमा अहम्‌को प्रतीति गर्न विवश हुने गर्छ। र साथ साथै क्रियांशसँग सम्बन्ध हुनुको नाताले आफूलाई भोक्ता ठान्दछ।

यस अभियानको कारण खेचरी, दिक्‌चरी, गोचरी र भूचरी– यी चार शक्तिचक्रहरूका अधीन भएर 'पशु' पदवाच्य हुन्छ। गुरुको स्फुरण-रूप मन्त्र आदि शोधक हो र पशु-आत्मामा अभिनिविष्ट मन्त्र आदि शोध्य हो।

यसरी मन्त्र आदिमा शोध्य-शोधक भाव छ– यसलाई ख्याल राख्नै पर्छ। एक एक अध्वा सर्वमय हुनुको कारण ती ती अध्वाहरूको प्रधानतावशः दीक्षाको व्यापारमा अन्य पाँच अध्वाहरूलाई पनि अन्तर्भुक्ति रूपमा शोधन हुने गर्छ।

निवृत्ति–कलाको शोधन

पूर्ववर्णित उपस्थापन क्रियाद्वारा जब कला अध्वाको सम्मुख उपस्थित हुने गर्छ, तब त्यसलाई नजिक ल्याएर शुद्ध बनाउनु आवश्यक हुन्छ।

यसपछि शिष्यको शरीरमा तलदेखि माथिसम्म क्रमश: निवृत्ति आदि पाँच कलाहरूको न्यास गराउनु आवश्यक हुन्छ। यहाँसम्मको क्रिया आरम्भिक व्यापार हो। यो भएपछि अध्वगत तीनवटै पाशको शोधन हुन सक्छ। सम्पूर्ण विश्वनै पाशमय हो। निवृत्ति-कलामा वर्ण छ एक (क्ष), मन्त्र छ दुई र पद छ अट्ठाइस।

प्रतिष्ठा-कलामा जलबाट प्रकृति-तत्त्वसम्म तेइस तत्त्व छ। भुवन छ छपन्न।[१०] विद्याकलामा तत्त्व छ सात (पुरुषदेखि मायासम्म), भुवन छ सत्ताईस[११], वर्ण छ सात (जदेखि य) मन्त्र छ दुई र पद छ बीस। वर्ण तीन छ (ग. ख. क.), मन्त्र दुई र पद छ एघार।

शान्त्यतीत कलामा तत्त्व छ दुई (अर्थात् विन्दु, नाद अपरूपा शक्ति र शिव), भुवन छ सोह्र,[१२] वर्ण सोह्र (विसर्गदेखि अ सम्म), मन्त्र एक र पद एक (ॠ) छ। यस विशाल विश्वव्यापक पाश-पाश समूहलाई शोधन गर्नका लागि

---

१०. जलतत्त्वमा गृह्याष्टक नामक आठ भुवन छ। तेजतत्त्वमा अति गुह्याष्टक नामक आठ भुवन। आकाशतत्त्वमा पवित्राष्टक, अहङ्कार, तन्मात्र र इन्द्रियतत्त्वमा स्थाष्टक नामको आठ– यसप्रकार कुल योग छपन्न भुवन छन्। बुद्धितत्त्वमा देवयोनि अष्टक र गुणतत्त्वमा योगेश्वराष्टक नामको आठ। देवयोनि नामको जुन भुवनको कुरा गरिएको छ, त्यो सूक्ष्म हो। यसको स्थूल भुवन पनि छ, यी सव ब्रह्माण्डअन्तर्गत हुन्।

११. पुरुष र रागतत्त्वमा आठ विद्येश्वरको भुवन, नियति र विद्यातत्त्वमा वामादेखि मनोन्मनासम्म नौ शक्तिको भुवन, कालादेखि कालतत्त्वमा महादेव आदिद्वारा अधिष्ठित तीन भुवन र माया तत्त्वमा सात भुवन– एउटा तल, एउटा माथि, चारवटा बीचमा र मायाधिष्ठाता अनन्तको भुवन एक– कुल सात भुवन।

१२. शान्त्यतीत कलामा जुन शिवतत्त्व छ, त्यसमा विन्दुदेखि समनासम्म सम्पूर्ण भूमि विद्यमान छ। यिनमा विन्दु, नाद र कला– यी तीन आवरण प्रधान छन्, यिनमा विन्दु-आवरणमा तीन भुवन छन्। जस्तै, शान्त्यतीत भुवन– यो निवृत्ति आदि चार कलाहरूले वेष्टित छ। अर्धचन्द्र भुवन र निरोधिका भुवनहरू यी आफ्ना आफ्ना पाँच कलाहरूले वृष्टित छन्। नाद आवरणमा ६ भुवन छ, नादमा इन्धिका आदि पञ्चशक्तिको पाँच भुवन र नादान्तमा सुषुम्नेश्वर परब्रह्ममा एक भुवन। शक्ति आवरणमा जम्मा सात भुवन छन्, जस्तै सूक्ष्म व्यापिनी भूमिमा पञ्चकलाको पञ्चभुवन एवम् समना अथवा महामायामा एउटा शिवभुवन– जम्मा सोह्र भुवन।

एउटा प्रणाली छ,[१३] जसमा जन्म आदि ६ संस्कारअन्तर्गत पर्छ। सम्पूर्ण जगत्मा रहेका चौद प्रकारका सम्पूर्ण प्राणी देवता, मनुष्य र तिर्यक– यी तीन श्रेणीअन्तर्गत पर्दछन् । यी जीवहरूका देह-सृष्टि भूतसर्गको नामले परिचित छ । तर, योनिको अभावमा देहसृष्टि हुन सक्दैन । शतरुद्र ब्रह्माण्डको बाहिर अवस्थित छ र अनन्त ब्रह्माण्डको अधोभागमा अवस्थित छ । वाक् अथवा वागीश्वरी यी योनिहरूमा नरहेर निवृत्तिको ऊपरवर्ती कलाहरूमा व्याप्त रहन्छ । निवृत्तिव्यापिका वागीश्वरीको पृथ्वीतत्त्वमा स्थित अनन्तबाट शतरुद्रसम्म विभिन्न भुवनहरूका अधिवासी चौद प्रकारका प्राणिहरूका विभिन्न शरीरको सम्बन्ध छ । कला-दीक्षाको समय जब अध्वसन्निधान पछि अध्व विशेष रूपले कला, अध्वा र यसअन्तर्गत निवृत्ति-कलाको उपस्थापन हुन्छ, तब निवृत्ति-व्यापिका वागीश्वरीलाई निवृत्ति-कलाअन्तर्गत योनिहरूमा एकसाथ ऋतुरूपमा सन्निहित गर्नु आवश्यक हुन्छ । वास्तवमा, जुन व्यक्तिमा भगवान्को अनुग्रह उत्पन्न हुने गर्छ, उसका लागि वागीश्वरी आर्त्तव-रूपमा सन्निहित रहन्छ । यो आर्तव शुद्ध सृष्टितर्फ उन्मुखता-युक्त एकै साथमा धेरै शरीर सृष्टिको सामर्थ मात्रै हो । गुरुले सन्निहित वागीश्वरीलाई मुद्रा-बन्धनले स्थापित गरेपछि त्यस शिष्यलाई पाशसूत्रको प्रोक्षण र ताडन गरेर आफ्नो दक्षिणमार्गबाट बाहिर गरेर फेरि त्यसलाई शिष्यको बाममार्गबाट भित्र प्रवेश गराएर पाशशूत्रको पुर्यष्टकलाई छेदन गर्नुपर्ने हुन्छ । त्यसपछि छिन्न पुर्यष्टकलाई तानेर शरीरसँग त्यसको रश्मि मात्र सम्वन्ध बनाउँदै आफ्नो द्वादशान्त स्थानमा यानी टाउकोमा राख्नुपर्छ । त्यसपछि त्यस स्थानको चैतन्यलाई सम्पुटित गरेर दिव्य शिवहस्तले संहारमुद्राद्वारा पूरक क्रियाको सहायताले हृदयमा आफ्नो आत्माले योजन गर्नु आवश्यक छ । यसपछि कुम्भक र रेचक क्रियाद्वारा त्यसलाई द्वादशान्तमा उठाएर लिङ्गमुद्राद्वारा वागीश्वरीमा गर्भाधान गराउँदाको समयमा गुरु आफूलाई क्रियाशक्ति प्रधान स्रष्टा ईश्वररूपमा एवम् वागीश्वरीलाई मायारूपमा नै हुने गर्छिन्, तर कालान्तरमा शुद्ध जगत् प्रसव गर्ने समयमा यही महामायारूपा हुने गर्छिन् । यस मायारूपा वागीश्वरीबाट शुद्ध विद्याको कुनै सम्बन्ध भने हुँदैन,

---

१३. दीक्षाले पुरुषमा विद्यमान सम्पूर्ण पाशहरू शोधन हुने गर्छ । बुद्धिगत पाशको भने शोधन हुँदैन । यसकारण बुद्धिमा दोष रहँदा पनि दीक्षा निष्फल हुँदैन । तर, शक्तिपात तीव्रतम हुंदा बुद्धिगत दोष-समूहको बीज पनि नष्ट भएर जान्छ ।

हुँदो हो त क्रमिक कर्मभोगद्वारा सबैलाई एउटै समयमा शुद्ध बनाउनका लागि अनन्त देह-सृष्टिको आवश्यकता नै हुने थिएन। यी शरीर सृष्टिको एक मात्रै उद्देश्य– यसमार्फत पछिल्लो कर्मवासना-निमित्त अनन्त जन्म, आयु र भोगात्मक फल पाइयोस्। यी सम्पूर्ण विभिन्न शरीरमा ती देश-काल र स्वभावअनुसार भोग हुन्छ, किनभने मन्त्रशक्तिको प्रभावले यो शरीर एकै साथ फलोन्मुख हुन्छ। यति मात्रै होइन अनेकन प्रकारका र बहुसख्यक हुन्छ। निर्दिष्ट भोगका लागि विभिन्न जीवभावमा वागीश्वरीको योनिमा संयोजित हुनुपर्ने भएकाले दीक्षाको पात्र एउटै हुँदाहुँदै पनि विभिन्न शरीर धारण गर्नुपर्ने हुनाले उसलाई अनेक भनिएको हो।

अनेक शरीरको आश्रयस्वरूप शरीर र विचित्र भोग्यको सम्वन्धले एक हुंदाहुँदै पनि त्यसमा अनेकत्व आविर्भूत हुन्छ। वागीश्वरीको गर्भमा शिष्यको चैतन्यलाई संयोजित गरिसकेपछि सबै गर्भमा एकसाथ शतरुद्रबाट अनन्तसम्म परमेश्वर-भावले आविष्ट गुरुको इच्छाले अनेकौं प्रकारका शरीर सम्पन्न हुन्छ। यसपछि गर्भबाट निःसरण हुनुको नाम जन्म हो। पापको नाशका लागि जुन ६ संस्कार छन्, त्यसमा यही प्रथम संस्कार हो।

जन्मपछि अधिकार आदि अरू पनि पाँच संस्कार छन्, यस्तो भनिएको छ। जन्म भएपछि शरीर बढ्दै गएपछि त्यसमा भोगको अधिकार उत्पन्न हुन्छ। मायाअन्तर्गत भोग नै कर्मको फल हो। कर्म शुद्ध या अशुद्ध वासनात्मक हुने गर्छ।

अनेक जन्मको सञ्चित पछिल्लो कर्म जलेर समाप्त हुन्छ र भविष्यको कर्मको वृत्ति पनि विरुद्ध हुने गर्छ। भोगबाट देहात्मक कर्म मात्रै नष्ट हुने गर्छ। कर्मको अनुष्ठानले भोगको साधन प्राप्त भएपछि सुख-दुःखात्मक भोगको अनुभवको अवसर पाइन्छ। भोग निवृत्त भएपछि केही सम्यक् अनुभवका लागि प्राप्त हुने परम निष्कृति नामको संस्कारको आवश्यकता पर्दछ।

शुभ अथवा अशुभ कर्मले वीरभद्र भुवनसम्म विभिन्न भुवनहरूमा जन्म, आयु, भोग– यी तीन फलको अनुभव हुन्छ। भुवनाकार विषयमा जुन सम्पूर्ण विषय भोग्यरूप हुन्छ, त्यलाई शुद्ध बनाउनु आवश्यक पर्छ। निष्कृतिको साथ साथै सम्पूर्ण कर्मको फलभोग समाप्त हुने गर्छ। यति मात्रै होइन यसबाट जन्म आदि मात्र शुद्धि हुने गर्छ, बरु रुद्रांश-प्राप्तिरूपा शुद्धि पनि उत्पन्न हुने गर्छ। निष्कृति भोगको समाप्तिपछि विश्लेष हुन्छ।

अर्थात् भविष्यमा भोगबाट कुनै प्रकारको सम्बन्ध हुँदैन ।

किनभने, त्यस समय भोक्तामा भोक्तृत्व रहन्न । विश्लेष अथवा भोंगभाव सम्पन्न भएपछि भूतसर्गरूप अनेकन प्रकारका स्थूल, सूक्ष्म आदि शरीर नष्ट हुने गर्छ । अनि पुनः हुने सम्भावना पनि रहँदैन ।

यसप्रकार दीक्षाले तीन प्रकारको नै पाशको विश्लेष हुन्छ । पाश-सम्बन्धमा विमुक्त चैतन्य शुद्ध निवृत्ति-कलामा स्थिर र सुनको दीप्तिजस्तो चम्कने गर्छ ।

यस्तोमा निवृत्तिद्वारा व्याप्त पृथ्वी-तत्त्वबाट शिष्यलाई उठाउनुपर्ने हुन्छ ।

यद्यपि निवृत्तिको शुद्धताको कारण यो चैतन्य निर्मल हुन्छ, तथापि तबसम्म अन्यान्य कला शुद्धि भएको हुँदैन, यसकारण यसलाई मलयुक्त नै भन्नुपर्छ ।

त्यस चैतन्यलाई पृथ्वी-तत्त्वबाट तानेर गुरु प्रणवपुष्टिमा हंसवीजको आकारमा संहार मुद्राद्वारा पूरक क्रियाको सहायताले आफ्नो हृदयमा ल्याएपछि कुम्भक र द्वादशान्तमा रेचन गरेर फेरिबाट द्वादशान्तबाट उठाएर नाडीरन्ध्रमार्फत शिष्यको हृदयमा पुऱ्याइदिन्छ । तन्त्रशास्त्रमा यस क्रियालाई 'तत्स्थीकरण' भनिन्छ ।

निवृत्ति-कला शुद्ध भएपछि त्यस कलाको अधिष्ठाता ब्रह्मालाई आवाहन गरेर पूजन र तर्पण गर्नुपर्ने हुन्छ ।

त्यसपछि शिष्यलाई गरिने पुर्यष्टक संस्कारको अर्थ हो सम्पूर्ण या शरीरको आरम्भिक पञ्च तन्मात्रा र मन, बुद्धि तथा संस्कार– यी आठ अवयव ।

यी आठ अवयवहरूबाट शब्द र स्पर्श– यी दुवै अवयव ब्रह्मालाई अर्पण गर्नु र त्यसपछि परमेश्वरको निम्नोक्त आदेश सुनाउनुपर्ने हुन्छ–

"भुवनेश त्वया नास्य साधकस्य शिवाज्ञया ।
प्रतिबन्धः प्रकर्तव्यः यातु पदमनामयम् ॥"
(द्रष्टव्यः मालिनीविजय)

हे भुवनेश्वर ! भगवान् शिवको आदेशानुसार परमपदको यात्री यस साधकको बाटोमा विघ्न नपुगाउनुस् । वागीश्वरी वास्तवमा स्वतन्त्र शक्तिरूपा परावाक्को स्फुरण-मात्र हो ।

यसकारण, परावाकसँग उसको एकत्व गर्नु नै उसको विसर्जन हो । यसपछि विशुद्ध निवृत्ति-कलामा विशुद्ध पाशहरूको दर्शन गर्नुपर्ने हुन्छ । यसको फलस्वरूप पछिल्लो र भविष्यको दुवै प्रकारका कर्मफल सकिएको स्पष्ट देख्न

सकिन्छ, किनभने पुत्रक शिष्य मुमुक्षु हुन्छ, यसकारण साधक नयां फलतर्फ उन्मुख हुँदैन ।[१४] फलदानका लागि उन्मुख वर्तमान या प्रारब्ध शुद्धिको विधान छैन । भोगले मात्र नै त्यसलाई क्षीण बनाउनुपर्ने हुन्छ । साधारणतः निवृत्तिकला शुद्धि पछि गरिने सन्धान दुइ प्रकारको छ– १. शुद्ध कलाको सन्धान र २. प्रतिष्ठा कलाको सम्बन्धको कारण अशुद्ध कलाको सन्धान ।

सम्पूर्ण पाश शोधन एकादश अङ्ग विशिष्ट निष्कल मन्त्रले नै शोधन गराउँदछ ।

शुद्ध कलाको वाचक हुनाको नाताले यो निष्कल मन्त्रलाई शुद्ध मान्ने गरिएको छ । शुद्ध निवृत्तिवाचक निष्कलको उच्चारण कुन स्वरूपबाट गर्ने गरिन्छ । यसको स्वरूप परविन्दुसम्म व्यापक र फिजारिने हुन्छ ।

यी दुवैको एकत्व अथवा सामरस्य गर्दा-गर्दै र शुद्ध निवृत्तिलाई लीन र अशुद्ध प्रतिष्ठालाई उद्‌बुद्ध गर्नका लागि तदाचक्र[१५] मूल मन्त्रको साथमा भावनालाई एकीभूत गरेर उच्चारण गर्नुपर्ने हुन्छ ।

प्रतिष्ठाकलाको शोधन

यहाँ पनि पहिले जस्तै कला-सन्धान, प्रतिष्ठा-कला प्राप्तिको दर्शन, वागीश्वरीको गर्भदेखि जन्म र त्यसपछिको अधिकार आदि विश्लेषणसम्म सम्पूर्ण क्रियाहरू नै गर्नुपर्छ । तर कतै कतै निवृत्तिबाट विशिष्टता देख्न पाइन्छ । यहाँ ताडन, प्रोक्षण आदि कार्य क्रिया-प्रधान ऐश्वर्य-मूर्तिमा अरू अधिकार, भोग, लय तथा निष्कृति शिवभावापन्न[१६] भएर गर्नुपर्ने हुन्छ साथै

---

१४. शिवधर्मी दीक्षामा साधकले पनि जन्मान्तरबाट सञ्चित शुभाशुभ एवम् वर्तमान जन्ममा भावी कर्मलाई शुद्ध गराउनुपर्ने हुन्छ । मन्त्र-आराधना रूप कर्मलाई शोधन गर्नमात्र सकिन्न, किनभने यी कर्महरूबाट विभूतिको आविर्भाव हुन्छ । लोकधर्मी दीक्षामा लौकिक साधकको पछिल्लो या अघिल्लो कर्ममा अधर्मको अंशमात्रलाई नष्ट गर्ने गरिन्छ, धर्मांशलाई राख्ने गरिन्छ । दीक्षाको प्रभावले यो धमांश अणिमादि विभूतिरूप फल दिने गर्छ ।

१५. निवृत्ति आदि पाँच कलाहरूका बीजमन्त्रलाई क्रमशः हृत्, शिरः, शिखा, कवच र नेत्र मन्त्र भन्ने गरिन्छ ।

१६. अधिकार आदि ज्ञान प्रभुत्वश हुने गर्छ । सदाशिव आदि सम्पूर्ण स्थलहरूमा एक मात्र शिव नै प्रभु हुन् ।

विश्लेषण एउटा चैतन्य भावना तथा उद्धार आदि क्रिया ज्ञानशक्ति-प्रधान सदाशिवरूपमा हुन्छ। प्रतिष्ठा-कलाको अधिपति हो विष्णु।

विष्णुलाई पहिलेको प्रणालीअनुसार रस अर्पण गर्नुपर्ने हुन्छ। यिनलाई पनि पहिलेको जस्तै भगवत् आदेश विसर्जन गरिसकेपछि परावाक्मा वागीश्वरी विसर्जन गर्नुपर्ने हुन्छ।

विद्याकलाको शोधन

यसप्रकार पशु जब दुई कलाहरूबाट मुक्त हुने गर्छ तब उसको चैतन्यलाई विद्याले युक्त बनाएर शुद्ध गर्नुपर्ने हुन्छ। यसमा पनि सम्पूर्ण प्रक्रिया पहिलेको जस्तै नै हो। तर विश्लेषण र पाशच्छेदपछि आत्मस्थता र तत्स्थीकरण गर्नु आवश्यक छ। यस कलाको अधिपति रुद्रलाई आमन्त्रण गरेर पुर्यष्टकको गन्धरूप अंश अर्पण गर्नुपर्छ।

शान्ति र शान्त्यतीत कलाको शोधन

शान्ति र शान्त्यतीत कलाको शोधनमा कुनै नयाँ प्रक्रिया छैन, तर यहाँ पुर्यष्टकको अहङ्कार-रूपको अंशलाई शान्तिको अधिष्ठाता ईश्वर र मनरूप अंशलाई शान्त्यतीतको अधिष्ठाता सदाशिवलाई अर्पण गर्नुपर्ने हुन्छ। पञ्चकलाविशिष्ट दीक्षा समाप्त भएपछि वागीश्वरीसँग क्षमा-प्रार्थना गर्ने विधान छ।

पुर्यष्टक-अर्पण

ब्रह्मादि पञ्चदेवता समस्त अध्वाका प्रतिष्ठाता हुन्। ब्रह्मामा शब्द र स्पर्श अर्पण गर्नुपर्ने हुन्छ। यो ब्रह्मा वास्तवमा परम व्यापक रूपमा नादान्तको ऊर्ध्वमा विराजमान छन्। ब्रह्मरन्ध्रको अधिष्ठाता ब्रह्मस्वरूप[१७] विष्णु प्रसरणमय शक्ति स्वरूप[१८] हुन्। रुद्रलाई रूप र गन्धको समर्पण हुने गर्छ। यी परम

---

१७. ब्रह्ममा सूक्ष्मतम शब्द र स्पर्श तथा स्पर्शको सम्वन्ध छ, किनभने यो नादान्त र शक्तिको बीचको अवस्था हो।

१८. विष्णुसँग सूक्ष्म रसको सम्वन्ध छ। किनभने, शक्ति मूलतः स्पर्श-प्रधान हुँदाहुँदै पनि प्रश्रवण अवस्थामा रसमयी हुन्छ। यसकारण शक्तिमय बिष्णुमा सूक्ष्मतम रसको सम्वन्ध मानिएको छ।

व्यापम रूपमा व्यापिनी पदमा अवस्थित अनाश्रित नाथ[१९] हो। बुद्धि र अहङ्कार रूप अंश ईश्वरलाई नै अर्पित गर्ने गरिन्छ। यो ईश्वर समना पदमा आरूढ सृष्टिको अधिकारले युक्त शिवको नै नामान्तर हो।[२०] मन सदाशिवमा अर्पित हुन्छ। सदाशिवलाई पुर्यष्टकको अंश समर्पित गर्ने उद्देश्य भनेको यस उपायले सूक्ष्म शरीरमा सूक्ष्मतम संस्कार पनि शान्त हुने गर्छ। अत्यधिक रूपमा सूक्ष्म शरीरको निवृत्त भएपछि भन्न सकिन्छ– दीक्षाको पहिलो उद्देश्य पुरा भयो। शान्त्यतीत कला शुद्ध भएर परम शिवमा लीन हुने गर्छ। यो परम शिव स्वतन्त्रमय र व्यापिनीबाट पृथ्वीसम्म सबै प्रकारको भाव र अभावको भित्ति जस्तै महाशून्यको आश्रय हो। स्वतन्त्र-शक्ति नै उन्मना हो, महाशून्य समनात्मक। माथिको विवरणबाट मायातत्त्वसम्म अध्वशुद्धि देखाइएको छ। मायाभन्दा माथि शुद्धविद्यादेखि सदाशिवसम्म अर्ध्वा भगवान्को ज्ञानक्रियात्मिका शक्तिद्वारा व्याप्त हुन्छ। समग्र अध्वाको यस अंशलाई परम दृष्टिले प्रमाण र करुणात्मक बुझ्न सकिन्छ। अर्को शब्दमा भन्न सकिन्छ, पृथ्वीदेखि मायासम्म आत्मतत्त्व नै प्रमेय हो, शुद्ध विद्यादेखि सदाशिवसम्म विद्यातत्त्व नै प्रमाण र शक्ति तथा शिवरूप शिवतत्त्व नै प्रमाता हो।

शिखाच्छेद

यसपछि शिखाच्छेदको विधान छ।

स्थूल शरीरमा जुन शिखा राख्ने गरिन्छ, त्यो शिरसम्म ऊर्ध्वगतिशील प्राणशक्तिको अनुकरण हो।

यस शक्तिको अधः प्रवाह नै बन्धनको हेतु हो। शान्त्यतीत शक्ति सम्पूर्ण तत्त्वहरूमा व्याप्त छ, यो सम्पूर्ण कारणहरूका कारण र सम्पूर्ण उपाधि-रहित साथै निष्कलङ्क छ।

---

१९. रुद्र सूक्ष्मतम संस्कार रूपमा अति सूक्ष्म गन्धको सत्ता हो। व्यापिनी अथवा अनाश्रित पदमा समग्र विश्वमा सन्धायक रूपमा रुद्रको स्थिति छ। सूक्ष्मतम संस्कार अर्थात् गन्ध पूर्वसृष्ट जगत्को उपसंहार पछिको स्थितिशील बीजभाव मात्र हो।

२०. शिव मननात्मक मात्र हुने गर्छन्, यसकारण उनमा लीन बुद्धि र अहङ्कार-वासनाको सम्बन्ध रहन्छ।

यस शक्तिलाई फूलको अगाडिको भागको जलविन्दु जस्तै शिष्यको शिखाको टुप्पोमा भावना गरेर मन्त्रपूतं कैचीले त्यस शिखाको छेदन गराउनुपर्छ। उसले प्राण शक्तिको विलापन बुझ्नुपर्ने हुन्छ। शिष्यलाई निश्चित रूपमा परमशिव अवस्थामा पुऱ्याउने एक मात्र उपाय गुरुको निरपेक्ष अनुग्रह नै हो।

शिवत्वयोजन

योजनाको उपयोगको जुन क्रियाहरू छन्, त्यसको तात्पर्य के हो ? पाशशुद्धिको अनन्तर भगवत्-आदेशअनुसार गुरुले शिष्यको अभेद-सम्पादक क्रिया गर्नुपर्छ। यस क्रियाअन्तर्गत प्राथमिक कृत्य गरेर उनले अङ्गमन्त्रहरू शुद्ध बनाउनुपर्ने हुन्छ। अन्तरङ्गी शक्ति स्वरूप मन्त्रले चैतन्य-स्वरूप आत्माको निष्कल स्वरूपलाई आच्छादित, स-कल भावहरू स्फुरित गर्दछ र यसप्रकार भेदज्ञानको उत्पादक हुन्छ। यी मन्त्रहरूले गर्नुपर्ने अनुरोध यस्तो छ– पशुलाई स-कल भावमा परिणत नगरियोस्। योजन कर्म बडो गाह्रो छ। यसकारण स्वच्छन्दतन्त्रमा लेखिएको छ :

तस्मिन् युक्तः परे तत्त्वे सर्वज्ञादिगुणान्वितः।
शिव एको भवेद्देवी अविभागेन सर्वतः॥

ज्ञान र योगको अभ्यास नगर्नाले योजन-क्रिया गर्न सकिन्न। पुर्यष्टकमा यानी लिङ्ग-शरीरमा जुन अहङ्कार रहन्छ, पहिले त्यसलाई नै शान्त बनाउनुपर्ने हुन्छ। स्वप्नावस्थामा यसको आश्रय शून्य हुने गर्छ। यसकारण, प्राण र शून्यभूमिलाई शान्त बनाउनु आवश्यक हुन्छ। किनभने, यद्यपि कारण-अधिष्ठात्री देवतादिको पुर्यष्टकको अवयव अर्पित गरिएको हुन्छ, तथापि यसबाट एउटा तरिकाको मात्रै बुद्धि सकलको निरोध हुन सक्छ। प्राण र शून्यको प्रशमनका लागि ज्ञान तथा योग आदि अन्तरक्रिया केही केही आवश्यक पर्छ। यस प्रसङ्गमा श्वासलाई देशगत र कालगत परिणाम थाहापाएर प्राणको आरोहण र अवरोहण– यी दुई क्रियाहरूका तत्त्वको बारेमा थाहा पाउनु आवश्यक छ। यसकारण, पूर्णत्व पाउनका लागि जुन परिमाण अध्वालाई अतिक्रमण गर्नुपर्छ, यसको जानकारी हुनु आवश्यक छ। यसको पारिभाषिक नाम हो– 'हंसोच्चार'।

हंसोपचार

यो उच्चारण दुई प्रकारको छ : एउटा स्वाभाविक र अर्को प्रयत्नले सिद्ध हुने गर्छ। यही दोस्रो प्रकारको उच्चारणको प्रभावले निष्कल मन्त्रको अवयवभूत

वर्ण अर्थात् अ, उ, म इत्यादि ब्रह्मादि कारण-वर्गतर्फ तदनुकूल काललाई छोड्नमा समर्थ हुन्छ। प्राण उपशमको प्रणली क्रिया गर्दा प्राणको चंचलता हटेर शान्ति पाउनु हो। यसपछि शून्यभूमिलाई शान्त बनाउने आवश्यकता हुन्छ। यसको सम्यक् ज्ञान आवश्यक छ, किनभने यो नहुँदा मन्त्र, आत्मा र नाडी आदिको सामरस्य बुझ्न सकिन्न। प्रमेय प्रणव अवयवको नाम हो– अ, उ, म विन्दु अर्धचन्द्र, निरोधिका, नाद, नादान्त, शक्ति, व्योपिनी, समना र उन्मना। यी सम्पूर्ण प्रमेयको बारेमा थाहा पाएर तिनको प्रत्येक दशा त्याग गर्न सकेमा क्रमशः ऊर्ध्व आरोहरूले पनि अवस्था पाउँछ। यसलाई उद्भव भनिन्छ। त्रान एवम् मन्त्र रूपी शूलले अर्थात् विशुद्ध ज्ञान र मुद्रा तथा भावयुक्त मन्त्रको बलले ग्रन्थिहरू भेदन गर्न नसक्दा माथि वर्णन गरिएको दशा-त्याग या उद्भव केही पनि हुन सक्दैन। यो ज्ञान र योगको मूल हो भाव प्राप्ति अर्थात् सृदृढ धारणा र शव्दादिको अनुभव। यी दुई प्रकारका भावका वलमानै विशुद्ध ज्ञान र योग प्राप्त हुन सक्छ। यती टाढासम्मको बाटो तय गरेपछि आत्मतत्त्वमा आफ्नो विशुद्ध अवस्थाको अनुभव हुन्छ।

विशुद्ध अवस्थाको अनुभवलाई आत्म-व्याप्ति भनिन्छ। यसपछि विद्यातत्व क्रमशः उन्मनामा विश्रान्त भएपछि विद्याव्याप्ति आयत्त हुन्छ। शास्त्र र अनुभवबाट जब यी तीन प्रकारका व्याप्तिहरूका सही सही त्रान हुन्छ, तब सही सही परमतत्त्व-योजन हुन सक्छ।

उपसंहार

१. तान्त्रिक साधना

अहिलेसम्म दीक्षाको चर्चा गरियो । तान्त्रिक मतमा दीक्षापछि नै वास्तविक साधना सुरु हुन्छ । कुनै पनि साधनाको बारेमा चर्चा गर्नु छ भने त सबभन्दा पहिले उसको दृष्टिभङ्गीसँग परिचित हुनु आवश्यक रहन्छ । दृष्टिबाट नै लक्ष्यको निर्देश बुझ्न सकिन्छ । जबसम्म लक्ष्य निर्दिष्ट हुँदैन, तबसम्म साधनाको चेष्टा नाहक सम्यक् नाश मात्र बुझ्नुपर्दछ । तान्त्रिक साधनाको रहस्य बुझ्नु छ भने, त तान्त्रिक दृष्टिको परिचय प्राप्त गर्नु अवश्य पर्छ । पूर्ण र अपूर्ण-दृष्टिको विकास भएपछि त्यो लक्ष्यको गणनामा योग्य लाग्दैन । जे भए पनि, चर्चाका लागि हामीले दुवै दृष्टिको मर्यादा राख्नु आवश्यक हुन्छ । साधनाको परिपक्वताको साथ साथै अपूर्ण दृष्टिमा पर्यवसित हुने गर्छ । बौद्धमार्गीहरू जसरी बुद्ध, धर्म र संघ नामक त्रिरत्न स्वीकार गर्छन्, त्यसैगरी वेदवादी तान्त्रिक शिव, शक्ति र विन्दु– यी रत्न स्वीकार गर्छन् ।[क] शुद्ध तत्त्वमय कार्यात्मक शुद्ध जगत्को उपादान विन्दु एवम् कर्ता शिव र करण शक्ति हो ।

क. कामिक, रौरव, स्वायम्भु, मृगेन्द्र आदि आगममा तथा अघोर शिव, सद्योजात, रामकण्ठ, नारायणकण्ठ आदि आचार्यहरूका ग्रन्थहरूमा यसको विशेष विवरण पाइन्छ । यसको मूलमा भेददृष्टि छ । यस चर्चाको मूलमा त्यही दृष्टि लिइएको छ । अभेदवादी आगम-आचार्यहरूका ग्रन्थहरूमा कुनै कुनै विषयमा केही फरक विवरण पाइन्छ । दृष्टिभेदवाहेक यसको अर्को कारण छैन । शाक्तमतः प्रधानतः अद्वैतवादी हो । शैव सम्प्रदायमा द्वैत र अद्वैत– दुवै प्रकारको दृष्टि देख्न पाइन्छ । प्रसिद्धि छ, शिवको ईशानादि पञ्चमुखबाट नै सम्पूर्ण मुल तन्त्र आविर्भूत भएको थियो । यसमा भेदप्रधान शिवतन्त्र १० वटा छ, भेदाभेद प्रधान रुद्रतन्त्र १८ र अभेद प्रधान भैरवतन्त्र ६४ छ । ईशान, तत्पुरुष र सद्योजात– यी तीन मुखहरूमा प्रत्येकको दुइ अवस्थाहरू छन्– एउटाको नाम उद्भूत र

अशुद्ध तत्त्वमा जगत्मा पनि परम्परामा शिव र शक्ति, कर्ता र करण तथा निवृत्ति आदि पञ्चकलाको माध्यममा विन्दु आधार हो। विन्दुको अर्को नाम महामाया हो। भोगार्थी साधक भौतिक दीक्षाको प्रभावले शुद्ध जगत्को आनन्द-राज्यमा प्रवेश गर्ने अधिकार पाउँछ।

तर, जुन साधक सुरुदेखि नै महामायाको राज्यमा सुखभोगको आकाङ्क्षा राख्दैन, उसले नैष्ठिक दीक्षाप्राप्त गरेर शक्तिले नित्यमिलित शिवस्वरूप साक्षात् परमेश्वरको उपलब्धि गराउँछ। विन्दु क्षोभको परिणामस्वरूप जस्तो एकातिर शुद्ध शरीर, इन्द्रिय, भोग र भुवनरूपी शुद्ध अध्वाको उत्पत्ति हुन्छ, त्यसैगरी अर्कोतिर शब्दको पनि उत्पत्ति हुन्छ। अक्षरको तीन भेद– सूक्ष्म नाद, अक्षर विन्दु र वर्णमा– सूक्ष्म नाद अभिधेय वुद्धिको कारण हो– यही विन्दुको पहिलो प्रसार हो।

सूक्ष्म नाद चिन्तन-शून्य हो। अक्षरविन्दु सूक्ष्म नादको कार्य र परामर्श ज्ञानरूप हो। वर्णात्मक स्थूल शब्द श्रोत्रग्राह्य हो।

यो वायु र आकाशबाट उत्पन्न हुने गर्छ।

कालोत्तरतन्त्रमा उल्लेख छ :

स्थूलं शब्द इति प्रोक्तं सूक्ष्मं चिन्तामयं भवेत्।
चिन्तया रहितं यत्तुतत् परं परिकीर्तितम्॥

पञ्चरात्र अथवा भागवत-सम्प्रदायअन्तर्गत वैष्णव-आगममा जसलाई विशुद्ध तत्व भनिन्छ, त्यसैको नाम विन्दु हो। परमेश्वरसँग विन्दु अथवा महामायाको के सम्बन्ध छ, यस बारेमा दुई प्रकारका मत प्रचलित छन्–

अर्कोको उद्भवोन्मुख हो। यसप्रकार फरक फरक तीन मुखबाट ६ तन्त्रहरूको आविर्भाव भएको छ। त्यसपछि दुई-दुई मुख मिल्नाले (अर्थात् ईशान + तत्पुरुष, ईशान + सद्योजात र सद्योजात + तत्पुरुष) तीन तन्त्रहरूको आविर्भाव भएको छ। यसप्रकार, तन्त्रको कुल सङ्ख्या १० हो। यी भेदप्रधान छन्। १८ भेदाभेद तन्त्रहरूको उदय पनि यसै गरी बुझ्नुपर्नेछ। यी पूर्व वर्णित तीन मुखहरूबाट वामदेव र अघोर नामक दुइ मुखहरूका व्यष्टि र समष्टि-भावको मिलनले अथवा मात्र वामदेव र अघोर– यी दुइ मुखहरूबाट उत्पन्न भएका हुन्। यहाँ भनिएका, शिवज्ञान र रुद्रज्ञान ऊर्ध्वस्रोतको अन्तर्गत छ। अभेदज्ञान अथवा भैरवागम शिवको दक्षिण-मुख अथवा योगिनीवक्त्रबाट उद्भूत हुने गर्छ। यो शिवशक्तिको संयोगात्मक र अद्वय स्वभाव-विशिष्ट छ।

(क) एउटा प्रसिद्ध मतअनुसार–

समवायिनी र परिग्रहरूपा दुई शक्ति शिवमा आश्रित छ । आगमशास्त्रको छत्तीस तत्त्वहरू अनतर्गत यही शक्तितत्व हो । यो शिव स्वरूपमा नित्य समावेत रहन्छ ।

शिव र शक्ति– दुवैमा तादात्म्य सम्बन्ध छ । विन्दु शुद्ध र अशुद्ध– दुई प्रकारका छन् । साधारणतः शुद्ध रूपलाई नै विन्दु या महामाया भन्ने गरिन्छ। अशुद्ध रूपको नाम माया हो ।

अशुद्ध अध्वमको उत्पादन कारण माया एवम् शुद्ध अध्वाको उपादान कारण महामाया हो ।

माया र महामाया यही पार्थक्य छ । साङ्ख्यसम्मत तत्त्व र कलादिकञ्चुक अशुद्ध अध्वाअन्तर्गत छ । अवश्य पुरुष अथवा आत्मा नित्य एवम् यी सबैभन्दा भिन्न छ ।

तर, त्यसमा पनि पुङ्स्त्व नामक आवरण रहने गर्छ । मायाको ऊर्ध्वस्थित तत्त्व शुद्ध अध्वाअन्तर्गत हो ।

(ख) अर्को मतमा माया नित्य होइन, कार्यरूपा हो । महामाया अथवा विन्दुको तीन अवस्थाहरू–

परा, सूक्ष्म र स्थूल । परा अवस्थाको नाम 'महामाया', 'परामाया', 'कुण्डलिनी' आदि हो ।

सूक्ष्म एवम् स्थूल यी दुई अवस्थाहरू विन्दुको कार्य हुन्, यसकारण अनित्य हो । महामाया विक्षुब्ध हुनाले त्यसबाट शुद्धधाम एवम् ति सबै धामहरूमा स्थितिशील मन्त्र (विद्या) र मन्त्रेश्वर (विद्येश्वर) वर्गको शरीर र इन्द्रिय आदि रचित हुने गर्छ । यानी कि शुद्ध जगत्को संस्थान र शरीरादि सबै साक्षात् रूपमा महामायाको कार्य हो ।

महामायाको सूक्ष्म र अर्को अवस्थाको नाम 'माया' हो ।

कला आदि तत्त्वको अविभक्त स्वरूपलाई माया भनिन्छ । कला आदि सम्बन्धको कारण नै द्रष्टा आत्मा भोक्ता पुरुषरूपमा परिणत हुने गर्छ ।

समस्त अशुद्ध अध्वाको मूल कारण 'माया' हो ।

आगममा एकातिर मायालाई जसरी 'जननी' भनिएको छ, अर्कोतिर त्यसैगरी यसलाई 'मोहिनी' भनिएको छ ।

महामायाको स्थूल या तेस्रो अवस्थाको नाम 'प्रकृति' हो। त्रिगुणमयी प्रकृति साक्षात् भावले या परम्परा-क्रमले भोक्ता पुरुषको बुद्धि आदि भोगसाधन एवम् भोग्यादि विषयको उत्पादिका हो। कलादि तत्त्वको सम्पर्कले पुरुष भोक्त रूप धारण गर्दछ।

पुरुषको भोग्य र भोग-साधनको सृष्टिका लागि महामाया प्रकृतिरूप स्थूल अवस्था ग्रहण गर्दछ। यही प्रचलित मत हो।

यस मतले परिणामी हुनुको नाताले विन्दु 'जड' हो। यसकारण, चिदात्मक परमेश्वरको स्वरूपले यसको समवाय-सम्बन्ध स्वीकार गर्ने गरिएको छैन। शिवसँग विन्दुको समवाय-सम्वन्ध स्वीकार गरेर चित्-स्वरूप शिवको अचेतनत्व-प्रसङ्गको बारेमा श्रीकण्ठाचार्य भन्नुहुन्छ–

"स हि तादात्म्यसम्वन्धी जडेन जडिमावहः।
शिवस्यानुपमाखण्ड चिद्घनैक स्वरूपिणः॥"[ख]

तर, तान्त्रिक भेदवादिहरूमा कुनै कुनै विन्दु-समवायवादी पनि थिए। उनीहरूकाअनुसार शिवको समवायिनी शक्ति दुई प्रकारका छन्– एक दृक्शक्ति या ज्ञानशक्ति र अर्को क्रियाशक्ति या कुण्डलिनी। माया यी सबै भन्दा फरक हो।

माया शिवस्वरूपमा समावेत हुँदैन।

परमेश्वरको जगद्विषक ज्ञान र क्रियाशक्तिद्वारा मायिक जगत्-रचना उत्पन्न हुने गर्छ। क्रियाशक्तिको अभावमा ज्ञानशक्तिले ग्रहणगरेका वस्तुनिर्माण-रूप फल उत्पन्न हुन सक्दैन। ज्ञान र क्रियारूप– यी दुई शक्तिहरू परमेश्वरमा अविनाभूत रूपमा मौजुद रहेको हुन्छ। विन्दुको क्षोभले जसरी शुद्ध जगत् उत्पन्न हुन्छ, ठीक त्यसैगरी मायाको क्षोभले अशुद्ध जगत् उत्पन्न हुन्छ।

आत्मसवेत शक्तिमार्फत परमेश्वरले स्पर्श गरेपछि मात्र विन्दु क्षुब्ध भएर उसमा वैषम्य आउँछ, यसबाहेक विन्दुमा अन्य कुनै किसिमबाट पनि क्षेभ आउन्न।

यसकारण, साक्षात् परमेश्वरको शक्तिको प्रभावले मात्रै शुद्ध जगत्को उत्पत्ति हुन सक्छ। तर, मायाको क्षोभ साक्षात् रूपमा परमेश्वरको शक्तिले घटित हुन सक्दैन। तन्त्रको मतमा सृष्टि, पालन, संहार, निग्रह र अनुग्रह– यी पाँच कार्यका वास्तविक कर्ता ब्रह्मा, विष्णु इत्यादि होइनन्।

ख. अर्थात् अनुपम एवम् अखण्ड चिद्घनस्वरूप शिवका लागि जडको साथमा तादात्म्य-सम्वन्ध-स्वीकार जडत्वको कारण हुन जान्छ, यो आशङ्का रहन्छ।

यसकारण तन्त्र मतमा यी पाँच कार्यका मुख्य कर्ता रहेकाले परमेश्वरलाई सर्वत्र पञ्चकृत्यकारी भन्ने गरिएको छ। यी सम्पूर्ण कृत्यहरू गर्नका लागि शुद्ध अध्वा आवश्यक पर्छ। परमेश्वर एवम् उनको शक्ति वास्तवमा एउटा र अद्वितीय हुँदाहुँदै पनि उपाधि-भेदले त्यसमा आरोपित-भेद पनि अवश्य नै छ। जब यो शक्ति अव्यक्त रहन्छ, तब यो निष्क्रिय, शुद्ध एवम् संविद्रूपमा आत्मप्रकाश गर्दछ।

त्यससमय क्षोभको कारण रहेको विन्दु पनि अक्षुब्ध र स्थिर रहन्छ। शक्ति सक्रिय नभएको यस अवस्थामा विन्दुको स्वरूप-अधिष्ठाता परमेश्वरको लयावस्था हो। प्रचलित मतमा शक्ति एउटा हो, यसकारण यसमा ज्ञान र क्रियागत भेद हुन्न। जुन भेद देखा परेको हुन्छ, त्यो औपाधिक हो। यसकारण, साम्प्रदायिक साहित्यमा 'क्रिया' शब्द प्रायःजसो शक्तिवाचक रूपमा व्यवहृत हुने गरेको छ। जब शक्ति सम्पूर्ण व्यापारहरूबाट उपरत भएर स्वरूपमात्रमा अवस्थित रहेको समय क्रियारूप शक्ति मुकुलित भएर शिवमा अवस्थान गर्दछ।परमेश्वरको लयावस्था नै यही हो। तर, जब शक्ति उन्मेषित भएर उद्योगपूर्वक विन्दुलाई कार्य-उत्पादनका लागि उन्मुख गराउँछ र कार्य-उत्पादन गरेर शिवको ज्ञानक्रियालाई समृद्ध पार्दछ, त्यस सम्यको् त्यस अवस्थालाई शिवको भोगावस्था भनिएको छ। मलहीन चित्त्-सत्तामा उपाधिभूत परमेश्वरको आनन्दरूपी भोग हुन सक्दैन। यस अवस्थामा शक्ति सक्रिय हुने गर्छ, यसकारण साथ साथै शिवलाई पनि सक्रिय भन्ने गरिन्छ :

> "स तया रमते नित्यं सम्पद्युक्तः सदाशिवः।
> पञ्चमन्त्रतनुः श्रीमान् देवः सकलनिष्कलः॥"

लयावस्थामा शिवलाई निष्कल र भोगावस्थामा उसलाई सकल-निष्कल भन्ने गरिन्छ। यी दुई अवस्थाबाहेकको अधिकारावस्थामा शिव स-कल भावमा रहन्छन्। सदा ध्यानमा राख्नै पर्ने हुन्छ– शिव या परमेश्वरको यी अलग अलग अवस्थाहरू वास्तविक होइनन्, औपचारिक मात्रै हुन्। शक्ति अथवा कलाको अविकास-दशा एवम् पूर्णविकसित-दशाको अनुसरण गरेर शिवको उपर्युक्त अलग अलग दशाहरू कल्पना गरिएका हुन्। निवृत्ति, प्रतिष्ठा, विद्या, शान्ति र शान्त्यतीत नामक कलाको विन्दुको नै फरक फरक नाम हुन्। यिनमा शान्त्यतीत कलालाई विन्दुको स्वरूप मान्न सकिन्छ। यो अक्षुब्ध विन्दु या लयावस्था हो। वास्तवमा, 'भोगाधिष्ठान' शब्दले यहाँ शान्ति आदि चार

कलाहरूको भुवन बुझ्नुपर्दछ। शान्त्यतीत कला अथवा परविन्दु सम्पूर्ण कलाहरूका कारणावस्था या लयावस्था हो। यसकारण, शान्त्यतीत भुवनलाई भोगस्थान नै हो भनेर किटेर भन्न सकिन्न। तर, सृष्टिको आरम्भमा उत्पन्न भएको हुँदा यो भोगको बीजावस्था हो। कलात्मक शक्ति नै शिवको शरीर-रूपमा कल्पित गरिने गरिएको छ। यसकारण लयावस्थामा विन्दुको विक्षेभ नरहंदा पनि कलाको उद्‌भव हुन्न, यसकारण निष्कल शिवलाई 'अशरीर' भन्ने गरिएको छ। सकल-निष्कल-उभयात्मक भोगावस्थाको समयमा शिवको शरीरलाई पञ्चमन्त्रात्मक भन्ने गरिन्छ। तन्त्रमतमा शक्ति नै मन्त्र हो। यसकारण, त्यस शरीरलाई पञ्चमन्त्रमय बुझ्नुपर्दछ। मूलतः मन्त्ररूपा शक्ति एउटा र अभिन्न छ, तर उपाधि-भेदले भिन्न भिन्न छन्। अधिष्ठानवश कार्यभेद हुने गर्छ, यसकारण एउटै मूलशक्ति पञ्चरूप लाग्दछ।

यसअनुसार विन्दु-भुवन अथवा शान्त्यतीत कलाभुवनको अधिष्ठात्री शक्तिलाई ईशान मन्त्र भन्ने गरिन्छ र शान्ति आदि चार भुवनहरूका अधिष्ठात्री शक्तिलाई तत्पुरुष, सद्योजात, वामदेव र अघोर मन्त्र भन्ने गरिएको छ। ईशान आदि पञ्चमन्त्रात्मिका शक्ति शरीरको कार्य गर्दछ, यसकारण, 'शिवतनु' नामले प्रसिद्ध छ। वास्तवमा, पारमार्थिक शरीर होइन। यो शरीर पञ्चभूर्ति परमेश्वरको पञ्चकृत्यको उपयोगी हो। विन्दुको सम्पूर्ण कला कारणावस्थामा लीन हुने हुनाले यसको अधिष्ठात्री शक्ति शिवको परामूर्ति हो। यो लयावस्थाको कुरा हो। शिवलाई जब अशरीर भन्ने गरिन्छ, तब त्यसै अवस्थाको लक्ष्य गर्ने गरिन्छ। शक्ति लीन र विन्दु अक्षुब्ध रहेको समय एक मात्र शिव नै आफ्नो महिमामा अडिएका हुन्छन्। विन्दुको कलाहरू जब कार्यावस्थामा रहन्छ, तब यसमा पनि भुवनको ऊर्ध्व-अधः विभागको कारण क्रमिक उत्कर्ष-उपकर्ष रहेको बुझ्न सकिन्छ। उदाहरणका रूपमा विद्यातत्त्वमा जुन वामा, ज्येष्ठा आदिका भुवन छन्, त्यसमा वामाको अपेक्षा ज्येष्ठा भुवन श्रेष्ठ छ र ज्येष्ठाभन्दा रौद्री भुवन श्रेष्ठ रहेको भन्न सकिन्छ। ईश्वर-तत्त्वमा आठ विद्येश्वर आफ्नो पुरमा रहन्छन्। यसमध्ये शिखण्डी सबभन्दा तल र अनन्त सबभन्दा माथि छन्। यी आठवटैमा पहिले जस्तै क्रमोत्कर्ष छ। यस प्रसङ्गमा पशु-आत्माको सम्बन्धमा दुई चार कुरा उल्लेख गर्नु आवश्यक लागेको छ।

यो सबै आत्मा स्वरूपगतः नित्य, विभु एवम् चैतन्य आदि विभिन्न शिवधर्ममय हुदा हुँदै पनि यो संसार-अवस्थामा यी सबै धर्मका विकासको

अनुभव गर्न सक्तैनन् । जस्तो शिवमा सर्वज्ञानक्रियारूपा चैतन्यशक्ति छ, त्यसै गरी जीव अथवा पशु-आत्मामा पनि छ । मल, कर्म र माया– यी तीन पाशहरूबाट कुनै कुनै आत्मा एउटा पाशबाट कुनै दुई र कुनै तीन पाशबाट आवद्ध हुने गर्छन् । जुन आत्माहरूमा यी तीनवटै पाशको बन्धन हुन्छ, त्यसलाई 'सकल' भनिन्छ । जुन आत्मामा मायिक कला आदि प्रलयादि अवस्थामा लीन हुने गर्छ र मल तथा कर्म क्षीण हुँदैन, त्यसको शास्त्रीय नाम 'प्रलया कला' हो । विज्ञान आदि उपायले कर्म क्षय भएपछि मल नामक एउटा मात्र पाश बाँकी रहेको अवस्था 'विज्ञानाकल' हो र यसको अर्को नाम 'विज्ञानकेवली' हो । मलको परिपाकगत तारतम्यले यो आत्मा तीन प्रकारको हुने गर्छ । सबै मायातीत र सबै कर्म-वासनाबाट मुक्त हुन्छन् । तीन प्रकारका विज्ञानाकल आत्माको नाम र परिचयको सम्बन्धमा यहाँ सामान्य चर्चा गरिएको छ :

(क) विद्यातत्त्व-निवासी मन्त्र र विद्या

सङ्ख्यामा यी सात करोड छन् । यी सबै विद्येश्वर-वर्गका अधीन छन् । पाशबद्ध सम्पूर्ण जीवहरूका उद्धारको समय विद्येश्वरगण यी सबै मन्त्र र विद्यासंज्ञक विज्ञानकल आत्मा अथवा देवतालाई आफ्नो अनुग्रह-कार्यको करण-रूपमा व्यवहार गर्दछन् । पञ्चकृत्यकारी हुनाले यी विद्येश्वरहरूमा पनि अनुग्राहकत्व छ । वामा आदि सम्पूर्ण विद्या-भुवन उत्तरोत्तर सजाइएको हुन्छ । ज्ञान, योग, सन्यास आदि उपायहरूद्वारा अथवा भोगद्वारा कर्मशिवक्षय भएपछि कर्महरूका फलभोगका साधन-भूत मायिक, सूक्ष्म एवम् स्थूल शरीरको आत्यन्तिक विश्लेष हुने गर्छ । त्यस समय आत्मा कैवल्य प्राप्त गरेर मायाभन्दा माथि शुद्ध विधातत्त्वको आश्रय लिएर अणुरूपमा स्थित हुने गर्छ । यस्तो स्थितिमा कर्म र माया काटिएता पनि मल भने बचेकै हुन्छ । मल जबसम्म परिपक्व हुँदैन, तबसम्म पशुत्वको निवृत्ति असम्भव छ । यसकारण, यी आत्माहरूले मायातीत र कैवल्यभाव प्राप्त गरेपछि पनि अपरा मुक्तिसम्म प्राप्त गर्न सक्दैन, परामुक्ति त टाढाको कुरो भयो । सृष्टिको प्रारम्भमा यी 'अणु' रूपी आत्माबाट जसको मल धेरै थोरै परिपक्व हुने गर्छ, उसमा भगवान् स्वयम्ले नै कृपा गर्नुहुन्छ । यसमध्ये जो धेरै नै शुद्ध हुने गर्छ, ती एकै साथ परतत्त्व अथवा शिव-तत्त्वमा नियोजित हुन्छ । बाँकी आत्माहरूको मलपाक हुँदैन, यसकारण, उनीहरूका आवरण धेरै नै घनीभूत रहनेगर्छ । उनीहरू विज्ञान

कैवल्य-अवस्थामा नै रहन्छन् । यसकारण, कैवल्य-अवस्थामा पनि उसको पशुत्वको निवृत्ति भएर शिवत्वको अभिव्यक्ति हुँदैन । कर्महीन हुनुको नाताले यो केवली आत्मा एकातिर जसरी मायाको कार्यरूप जगत्लाई नाघ्दछ, अर्कोतिर त्यसैगरी महामाया अथवा विन्दुको कार्यरूप विशुद्ध जगत्मा अहिलेसम्म प्रवेश पाएको हुँदैन । यो मध्यावस्थामा रहने गर्छ । विज्ञानकेवलिहरूका यो मध्यस्थता औपचारिक मात्र रहेकोमा कुनै शङ्का रहन्न किनभने कैवल्य तन्त्रसम्मत मुक्ति होइन ।

(ख) ईश्वरतत्त्ववादी

विद्येश्वर आठ छ । तिनमा अनन्त प्रधान हो । आठ भुवन भएको ईश्वर-तत्त्वमा उत्तरोत्तर गुणको आधिकता देख्न पाइन्छ । यानी कि 'शिखण्डी'बाट 'श्रीकण्ठ'मा गुणगत विशिष्ठता छ । भोग, शरीर, करुणा आदि विषयहरूमा यसको भुवन शिखण्डी-भुवनभन्दा श्रेष्ठ छ । यी विद्येश्वरहरूमा अनन्त सर्वश्रेष्ठ र परम समर्थ छ । यसको मल पूर्णरूपमा शान्त भइसकेको छ । अधिकार-मलको यत्किंचित् वासनामात्र रहेको पाइन्छ । मलको उपशम, अधिकार-मलको केही सम्बन्ध र स्वयम् शिवबाट अनुग्रह-लाभ, यी सम्पूर्ण विशिष्टताहरू मन्त्रवर्गमा पनि छन् । तर विद्येश्वरगण नै पञ्चकृत्यकारी हो, यसकारण जीवोद्धारको व्यापारमा अनुग्रह बार्ता तथा मन्त्रगण अनुग्रहको कारण हुने गर्छ । दुवैमा यही भेद छ । रौरव आगम[ग]बाट विद्येश्वरको बारेमा थाहा हुन्छ, यसको आत्मशक्ति सकल शिवको अनुग्रहरूप संसर्गबाट विकसित हुन्छ ।

(ग) सदाशिवतत्त्वस्थ

भुवनवासी पशुसदाशिव अथवा संस्कार्य सदाशिव अधिकारस्थ शिव समान पञ्चकृत्यकारी छ । सदाशिव-तत्त्वमा आश्रित हुनाको कारण यी सदाशिवको नामबाट परिचित छन् । शुद्ध अध्वामा विद्या, ईश्वर र सदाशिव– यी तीन तत्त्वहरूको आश्रयमा भोक्तृवर्ग-सहित अठार मुख्य भुवन छन् । प्रत्येक भुवनमा त्यस भुवनको अधीश्वर । यी आत्माहरू मध्येबाट कुनै कुनै त्यस-त्यस भुवनका अधिष्ठाताको आराधनाले र कुनै कुनै दीक्षाको प्रभावले

ग. "सृष्टि संरक्षणादानभावानुग्रहकारिणः ।
शिवर्ककरसम्पर्कविकासात्मीयशक्तयः ॥"

भुवनमा स्थान पाएका हुन्छन् । यस विषयमा सूक्ष्म-स्वायम्भुव आगम[घ] अनि स्वच्छन्दतन्त्रमा पनि विशेष चर्चा गरेको पाइएको छ ।

अब प्रलयाकाल र सकल पशु आत्माको बारेमा सङ्क्षेपमा केही चर्चा गर्नु उचित नै हुनेछ । प्रलयको समयमा ईश्वर सम्पूर्ण मायिक कार्यहरूको उपसंहार गरेर अवस्थान गर्दछन्, यो कुरो प्रसिद्ध नै छ । प्रलयको एउटा उद्देश्य संसारको परिभ्रमण गर्दा गर्दै थाकेका सम्पूर्ण आत्मालाई विश्राम दिनु हो भने, अर्को उद्देश्य– कर्मको परिपाक र असङ्ख्य कार्य-परम्पराको उत्पादन शक्ति क्रमशः क्षीण बन्ने हुँदा मायाको शक्ति बढाउनु हो । जुन कला आदि भोग-साधनाद्वारा आत्मा-विषय-भोगमा समर्थ हुन्छ, त्यो सबै प्रलयकालमा विलीन हुने गर्छ । यसकारण कर्म र मल– यी दुई पाशमा बद्ध भएर आत्मा मायामा अवस्थान गर्दछ । यद्यपि त्यस समयसम्म पनि यसको कर्मक्षय हुन सकेको हुन्न, तथापि प्रलयको प्रभावले यी कालआदि शून्य भएर कैवल्य-अवस्था जस्तो कुनै एक अवस्थामा कायम रहन्छ । यसमा जसको कर्म र मल सम्यक् रूपमा परिपक्व हुने गर्छ, उसलाई अधिकार-प्रदानको अवसर त्यस समय रहन्न ।[ङ] जुन जीवहरूका मल, कर्म र माया परिपक्व हुन सक्दैन, ति प्रलय कालमा नयां सृष्टिको आरम्भभन्दा पहिलेसम्म मुग्धवत् अवस्थामा विश्राम गर्दैरहन्छन् । पछि जब तिनीहरूले भोग गर्नलायक अवस्था प्राप्त गरेपछि तब परमेश्वरको 'अनन्त' नामक विद्येश्वरमा आफ्नो शक्ति सञ्चार गरेर गरिने अशुद्ध जगत्को सृष्टिमा ती सबै अपक्वपाशजीव कलाआदि सम्पूर्ण भोग-साधना प्राप्त गरेर 'सकल' पशुरूपमा आविर्भूत हुन्छन् ।

'सकल' पशुरूपमा तीन प्रकारको पाश कायम रहने गर्छ । यी पशुहरूका वाहेक अरू पनि एक प्रकारको 'सकल' जीव छ जसको मल र कर्म परिपक्व

घ. "यो यत्राभिलषेद् भोगान् स तत्रैव नियोजितः ।
सिद्धिभाङ् मन्त्रसामर्थ्यात् ।"

ङ. कर्मपाक र मलपाकको धेरैजसो तत्त्व चर्चा गर्न योग्य छन् । मलपाक मुख्यतया श्रीभगवान्को शक्तिको सम्पर्कले हुने गर्छ । कर्मपाक पनि धेरै हदसम्म यसै अनुरूप हो । कर्मको अनेकन भेद छन् । जुन कर्म क्रमशः पक्व हुने योग्य हुन्छ, त्यसको क्षय जीवको शरीर-सम्वन्ध भएपछि भोगवाट हुने गर्छ । र जुन सबै कर्म एकसाथ सक्व हुन्छ, त्यसको क्षय श्रीभगवान्को अनुग्रहवाट हुने गर्छ । त्यसको भोगले क्षय हुनु पर्दैन ।

भएपछि यो सृष्टिको आरम्भमा साक्षात् परमेश्वरको अनुग्रह प्राप्त गर्न पाउँछ। यस विश्व-व्यापारको सम्पादक मायाको गर्भमा स्थित अधिकारी-मण्डल हो। आतिवाहिक शरीर पनि मायिक शरीर हो, यसमा शङ्का छैन। सबभन्दा पहिले मायाभन्दा माथि स्थित शुद्ध जगत्मा जुन सम्पूर्ण अधिकारिहरूका विषयमा चर्चा गरियो, उनीहरूका शरीर वैन्दव, यानी महामायारूप उपादानले गठित हुन्छ। परमेश्वरको अनुग्रह प्राप्तिको सम्यक् बैन्दव शरीर अत्यन्त सूक्ष्म हुन्छ। यसकारण, यो विद्यमान रहँदा पनि यसद्वारा सबै पशुको अधिकार र शासन-कार्य हुन सक्दैन। अतएव, यो वैन्दव शरीरलाई अधिकरण-रूपमा एउटा मायिक शरीरको आवश्यकता रहन्छ। वैन्दव शरीर शुद्ध र स्वच्छ हुनाले बोधमय र मायिक शरीर आतिवाहिक हुँदाहुँदै पनि यथार्थतः मोहमय हुने गर्छ। तव पनि, यस वैन्दव शरीरको सम्वन्धको कारण आफ्नो स्वाभाविक मोहमयता त्यागेर बोधमय रूपमा भासमान हुन्छ। मन्त्रवर्गको सम्वन्धमा पनि यही नियम लागु हुन्छ। यि भुवन विभिन्न स्तरमा विभक्त र औलाबाट कालानलसम्म विस्तृत छ। पाशको सम्वन्धको कारण आत्मा पशुभाव प्राप्त गर्दछ र संसार-अवस्थाको अनुभव गर्दछ। अचेतन हुनुको नाताले पाश चेतनको अधीन रहन्छ, उ परिणामशील र चैतन्यको प्रतिबन्धक हुने गर्छ। सामान्यतया मल, कर्म र माया– यी तीन प्रकारका पाशहरूको वर्णन पाइन्छ।

आत्मचैतन्य-रूप शुद्ध संवित-शक्ति मलहीन हुनाले कारण स्वरूप प्रकाशित गर्दछ। यो सधैं अभिन्नरूप एवम् परिणामहीन हुन्छ। मन्त्रमतले घट-बढ आदि बाहिरको भेद असत्य होइन सत्य हो। तर, अर्थभेदको सानिध्यले वौद्धज्ञानमा भेद हुँदाहुँदै पनि त्यस ज्ञानको आश्रयभूत आत्मशक्ति अथवा ग्राहक चैतन्य सर्वथा एउटै रूपमा भासमान हुने गर्छ। यो नित्य र निर्विकार छ। यस आत्मसंवित्लाई पौरुषज्ञान भनिन्छ। पौरुषज्ञानबाट बौद्धज्ञानको पार्थक्य थाहा नहुनुको मूल कारण अरू केही नभएर, पशुत्वको हेतुभूत मल हो।

"सा तु संशब्दविज्ञाता तैस्तैर्भावैर्विवर्त्तते।
मलोपरुद्धदृक्शक्तेर्नरस्येवोहराट् पशोः।"

मल निवृत्त नभएसम्म पशुत्व टाढा हुन सक्दैन र शिवत्व पनि अभिव्यक्ति हुन सक्दैन। द्वैतमतमा मल द्रव्यरूप हो। यसकारण आँखाको छाला जसरी चिकित्सकको शल्योपचारले हट्दछ, त्यसैगरी मलको निवृत्ति ईश्वरको दीक्षात्मक व्यापारबाट हुन सक्छ। द्वैतदृष्टिले मल निवृत्तिको अर्को उपाय नै

छैन । चित् र अचित्को अविवेक मलबाट उद्भूत हुन्छ । यसकारण, मलको निवृत्ति नभएसम्म पूर्ण विवेकको उदय हुन सक्दैन । यस अविवेकबाट विवेकको अध्याय उत्पन्न हुने गर्छ । आत्माको नित्य र व्यापक चित्-शक्ति यदि आणव पाशबाट अवरुद्ध हुँदैन, तब संसार-अवस्थामा भोग-निष्पत्तिका लागि कला आदिद्वारा आफ्नो सामर्थ्यलाई उत्तेजित बनाउने आवश्यकता पर्दैन । मल एक हुँदा पनि उसको शक्ति अनेक छ । ती शक्तिहरू मध्ये एक-एक शक्तिबाट एक-एक आत्माको चित्क्रिया निरुद्ध हुन्छ । मलको यो सम्पूर्ण शक्ति आफ्नो रोध र अपसारणको मामलामा स्वाधीन हुन्न, सबै भगवत्-शक्तिका अधीनमा हुन्छन् । यसकारण, उपचारवशः भगवत्-शक्ति पनि अनेकन रूपमा व्यवहृत हुने गर्छ । मलको शक्तिहरू आ-आफ्नो अधिकारको समयमा चैतन्यलाई रोकिरहन्छ, त्यस समय भगवत्-शक्ति ती शक्तिहरूका परिणाम सम्पादन गरेर त्यसको निग्रह-व्यापारको अनुसरण गर्दछ । जब भगवत् शक्ति सर्वानुग्रहशील नित्य उद्योगमय सदाशिवको ईशान नामक शिरबाट निस्किएर मोक्ष-प्रकाशक ज्ञान-प्रभावाट अणुवर्गको हृदय कमललाई उन्मीलित गर्दछ, तब उसको नाम हुने गर्छ अनुग्रह-शक्ति । जबसम्म मलको अधिकार समाप्त हुँदैन, तबसम्म मुक्ति हुन सक्दैन ।

मलको अधिकारको यो समाप्ति आफ्नो परिणाम-सापेक्ष हो । मन आफू आफै परिणत हुन सक्दैन । यसकारण भन्ने गरिएको छ– परमेश्वरको शक्तिको प्रभावले नै मलले परिणति प्राप्त गर्छ । यो युक्तिसङ्गत सिद्धान्त हो । शास्त्रमा धर्माधर्म, कर्म, अदृष्ट, बीज आदि नामबाट यसको वर्णन गर्ने गरिएको छ । कर्म-सन्तान अनादि हो र सूक्ष्म शरीरभन्दा माथि बुद्धितत्त्वमा अवस्थान गर्दछ । मायापाशलाई मायातत्त्वभन्दा फरक बुझ्नुपर्दछ । कलादेखि पृथ्वीसम्म तीस तत्त्वहरूको समष्टि नै मायाको स्वरूप हो । पुर्यष्टक, सूक्ष्मशरीर आदि एक प्रकारले मायाको नै नामान्तर हो ।[च]

यो प्रत्येक आत्माभन्दा फरक-फरक र मोक्ष नहुँदासम्म त्यस आत्माको भोग-साधनका रूपमा कर्मअनुसार सबै अधोवर्ती भुवनहरूमा पर्यटन गरी

च. साङ्ख्य र वेदान्तसम्मत सूक्ष्म या लिङ्गशरीरबाट यो सूक्ष्म शरीर कुनै कुनै अंशमा भिन्न छ । साङ्ख्य अथवा वेदान्तमा तन्त्रोक्त कलाआदि तत्त्वको स्थान नरहनाको कारण सूक्ष्म शरीरको लक्षणमा भेद देखा पर्दछ । तर, यो शरीर जीवनको भोग-साधनामा प्रधान हो । यो सर्ववादिसम्मत छ ।

रहन्छ। कला आदि तत्त्वहरूका समष्टिरूप माया– साधारण र असाधारण– दुई प्रकारको छ। साधारण माया धेरै विस्तृत र सम्पूर्ण आत्माको भोगरूपा भुवनावलीको आधारभूत हो। यो विन्दुको विद्या, प्रतिष्ठा र निवृत्ति नामको कलामा निश्चलवत रहन्छ। विद्याकलामा माया, कला, काल, नियति, विद्या (अविद्या), राग र प्रकृति– सात भुवन अवस्थित छ।

प्रतिष्ठा-कलामा त्रिगुणदेखि जलसम्म तेइस तत्त्वमय भुवनधार छन्, जसमा श्रीकण्ठ भुवनदेखि अमरेश भुवनसम्म छपन्न भुवनहरूका सन्निवेश छ। निवृत्तिकला पृथ्वी-तत्त्व मात्र छ : यो भद्रकालीपुरदेखि कालाग्नी भुवनसम्म एकसय आठ भुवनहरूका आधार हो। यो साधारण मायाको विशाल राज्यको नाम असाधारण माया या पुर्यष्टक हो। आफ्नो आफ्नो भुवनबाट उत्पन्न स्थूल शरीरबाट जब यी सूक्ष्मशरीरको सम्वन्ध हुने गर्छ, तव त्यसमा आफ्नो-आफ्नो कर्मफल भोग्ने योग्यता आउँछ। माया-तत्त्व नित्य, विभु र एक हो। सृष्टिको आरम्भदेखि यो ईश्वर-शक्तिले युक्त भएर कला, काल र नियति– यी तत्त्वहरूलाई उत्पन्न गर्दछ। यसमध्ये कलातत्त्व मलशक्तिलाई केही अभिभूत गरेर आत्माको चैतन्य शक्तिलाई केही उद्‌बुद्ध गराउँछ। फलस्वरूप, आत्मस्वरूप अनुबिद्ध हुनाको कारण आत्मामा आफ्नो व्यापारका लागि केही मात्रामा कर्तृत्व भावको विकास हुने गर्छ। शक्ति नै करण हो।

यसकारण, कलातत्त्व आत्मशक्तिको मलरूप आवरणलाई केही पन्छाएर र आत्माको कर्तृत्वलाई अलिकता उद्‌बुद्ध गरेर आत्मालाई आफ्नो पछिल्लो कर्महरूका फलभोग गर्नमा सहायता गराउँदछ। विषयद्वारा बुद्धितत्त्वको उपारंजन नै आत्माको भोग हो। अनन्त नामक विद्येश्वरद्वारा मायालाई क्षोभ हुन्छ। तान्त्रिक आचार्यगण मायाको क्षोभवाट परमेश्वरको साक्षात् कर्तृत्वलाई स्वीकार गर्दैन, तर उनको प्रयोजकत्वलाई स्वीकार गर्दछ। किनभने, उनको अधिष्ठानविना अनन्त आदिको कर्तृत्व सम्भव छैन। माया, जो यस प्रकारले विचित्र भुवन आदि रूपमा र अनेकन प्रकारका देहादि इन्द्रिय रूपमा अर्थात् कर्मफल-भोगको साधन-रूपमा परिणत हुन्छ, त्यो अनेकन बन्धनयुक्त 'सकल' पशुका लागि नै हुन्छ। यी सबै पशुहरूमा, अनात्मामा आत्माभिमान रूप मायामय बन्धन, सुख, दुःख, मोहको हेतुभूत विपर्यय र अशक्ति आदि भावप्रत्ययात्मक कर्ममय बन्धन र पशुत्व-प्राप्तिको मूल हेतु अनादि आवरणमय आणव बन्धन रहन्छ। यसकारण परमेश्वरको आफ्नो शक्तिले क्रियामाण विन्दु

या महामायाको क्षोभ र आफ्नो शक्तिद्वारा प्रेरित 'अनन्त'द्वारा क्रियमाण मायाको विक्षोभ– यी दुवै व्यापार सर्वथा एकै प्रकारको होइन।

शरीर र इन्द्रिय– यी सबैसँग सम्बन्ध नहोस्, तब कर्तृत्व हुन सक्दैन, यस्तो कुनै कुरो छैन। किनभने, अशरीर आत्माको पनि आफ्नो शरीरसँग स्पन्दन आदिमा कर्तृत्व रहेको थाहा पाइएको छ। आत्मामा मल आदिको सम्बन्ध रहनाले नै कर्तृत्वको प्रकाशका लागि शरीर आदिको प्रयोजन हुने गर्छ। माया-अधिष्ठाता अनन्त सर्वथा निर्मल छैन, किनभने त्यसमा अरू मल नभए पनि, अधिकारमल रहन्छ। यसको शरीर विन्दु या महामायाको उपादानबाट गठित रहन्छ। अनन्त आदिमा सविकल्प ज्ञान कसरी उत्पन्न हुन्छ, यो थाहा पाउने विषय हो। तन्त्र मतमा, चेतनमा शब्दानुबेधबाट नै सविकल्प ज्ञान हुने गर्छ। यसकारण अनन्तको विकल्प विज्ञानमा पनि शब्दोल्लेख अवश्य रहन्छ, यसलाई स्वीकार गराउनुपर्छ। तर यो कसरी हुन सक्छ ? हामीहरू जुन सम्यक् चर्चा गरिरहेका छौं, त्यस समय अशुद्ध जगत्को उत्पत्ति नै थिएन।

तान्त्रिकगण स्थूल आकाशलाई यस शब्दको अभिव्यञ्जक रूपमा मान्दैनन्। तिनीहरू भन्छन्, परमेश्वरद्वारा महामाया अथवा विन्दुको क्षोभ हुँदा नै शब्दको उत्पत्ति हुन्छ। महामाया नै कुण्डलिनी या परव्योम-स्वरूप हो। पञ्चभूतहरूमा आदिभूत आकाश जस्तो अवकाशदान तथा स्थूल शब्दको अभिव्यजनावाट चन्द्र-सूर्य आदि ज्योतिर्मण्डलमा भोग र अधिकार सम्पन्न गराउँछ, त्यसैगरी विन्दु नामक परमाकाश पनि अवकाशदान र शब्दव्यञ्जनद्वारा शुद्ध जगत्-निवासी शिव अर्थात् सर्वज्ञत्व र कर्तृत्व-सम्पन्न विद्येश्वरको भोगको अधिकारको कारण हुने गर्छ। विन्दु, परा, पश्यन्ती आदि आफ्नो शब्दात्मिका वृत्तिको सम्बन्धवाट, 'यो घडा रातो छ' यस्तो परामर्शरूप विकल्पको उल्लेखले सविकल्प ज्ञान-उत्पादन गर्दछ। जाति आदि विशेषत-विशिष्ट सविकल्प ज्ञान शब्दानुविद्ध भएर उत्पन्न हुने गर्छ। प्रत्यक्ष अनुभव ज्ञानलाई पूर्वानुभूत वासनात्मक संस्कार या भावना-रूपमा ग्रहण गर्ने कुनै पनि कारण छैन। अध्यवसाय बुद्धिको कार्य हो।

यसकारण, कसै कसैले यस सविकल्प अनुभवलाई बुद्धिको कार्य नै बुझ्दछन्। मायाभन्दा माथि बुद्धिको स्थान हुन्न, यो सत्य हो। तर, विद्येश्वर आदि शुद्ध जगत्वासीको विकल्प अनुभव बुद्धि जनित हुँदैन, उसको एक मात्र निमित्त वाक्शक्तिको प्रभाव हो। अनन्तले विकल्पज्ञानद्वारा मायालाई विक्षुब्ध

बनाएर सृष्टि गर्ने गर्छ। विन्दुको शब्दात्मिका वृत्ति चार प्रकारको छ– वैखरी, मध्यमा, पश्यन्ती र परा[छ]। चिदणु या जीवमात्रमा यी वृत्ति रहने गर्छ। यिनै वृत्तिहरूका भेदले कसैको ज्ञान उत्कृष्ट, कसैको मध्यमा र कसैको निकृष्ट भन्ने गरिएको छ। शैव अथवा शाक्त अद्वैत-सिद्धान्तमा धेरै कुरा सादृश्य छ। यस मतअनुसार आत्मा चित् अर्थात् प्रकाशको स्वरूप हो।

आत्माको विमर्श रूप शक्ति उससँग अभिन्न छ। यो शक्ति वाक्रूप[ज] हो। परा अवस्थामा यसको स्वरूप प्रकाशमय महामन्त्रात्मक हुन्छ, जसको गर्भमा 'अ' कारदेखि 'स' कारसम्म सम्पूर्ण शक्ति निहित छ। परावाक् पश्यन्ती

छ. यी चार वृत्तिहरूका वर्णन पृथक् रूपवाट गर्न सकिन्छ– १. वैखरी– यो श्रोत्र-ग्राह्य अर्थवाचक स्थूल शब्द हो। घाटी आदि स्थानमा आहत हुनाले वायुले वर्णको आकार लिन्छ। साधारणतया यो शब्द प्राणको वृत्तिको आश्रय लिएर प्रवृत्त हुने गर्छ। यसकारण, यसको उद्भव आकाश र वायु मानिएको छ। २. मध्यमा– यो प्राणवृत्ति भन्दा टाढा श्रोत्रको अविषय हो। यो अन्त-सङ्कल्प-रूपमा अथवा चिन्तन-रूपमा भित्र-भित्रै चलिरहन्छ। यसको अर्को नाम हो– परामर्श ज्ञान। यो शुद्ध बुद्धिको परिणाम हो र क्रमविशिष्ट हुने गर्छ। यही स्थूल शब्दको कारण हो। ३. पश्यन्ती– यसको अको नाम अक्षरविन्दु हो। यो स्वयम्प्रकाश, अविभक्त, वर्णमय र क्रमहीन हुन्छ। ४. परा या सूक्ष्म– कतै कतै यसलाई नाद पनि भन्ने गरिन्छ। यही अभिधेयद्धिको वीज हो। यसको स्वरूप ज्योतिर्मय र प्रत्येक पुरुषमा भिन्न भिन्न हुने गर्छ। यो सुषुप्तावस्थामा पनि निवृत्त हुँदैन। परावाकवाट पुरुष या आत्माको स्वरूपको पृथक् रूपमा साक्षात् गर्नाले नै भोगाधिकार निवृत्त हुने गर्छ। यो मुख्य विवेक ज्ञान हो। अतीत विशुद्ध निर्विकल्प ज्ञान प्राप्त हुने कुनै उपाय नै हुन्न। साङ्ख्यसम्मत सत्त्वपुरुष-अन्यथा-ख्याति या विवेक-ख्यातिवाट तन्त्र-प्रसिद्ध आत्माको स्वरूपस्थिति हुन सक्दैन। यसकारण, साङ्ख्यमा आएको कैवल्यलाई आगममा कही पनि मोक्षरूपमा ग्रहण गरिएको छैन। वास्तवमा यस अवस्थामा आत्मामा आत्मा पशुत्व होइन निवृत्त हुन्छ। शिवत्वको अभिव्यक्ति पनि हुँदैन। यसप्रकार केवली आत्मामा परावाक्को सम्वन्ध रहनेगर्छ। दीक्षाको प्रभावले मल निवृत्त भएपछि आत्मा र परावाक्को स्वरूपगत अविवेक हट्ने गर्दछ।

ज. द्वैत मतमा परावाक विन्दुको वृत्ति-विशेषको नाम हो। यसलाई अतिक्रम गर्नाले मुक्ति हुने गर्छ। शुद्ध हुँदाहुँदै पनि विन्दु जड हो। तर, अद्वैत मतमा परावाक् परमेश्वरको स्वतन्त्र शक्तिको नै अर्को नाम हो र यो चिद्रूप हो। पूर्णवस्थामा यो आत्मा र परमेश्वरमा अभिन्न रूपले विद्यमान रहन्छ।

आदि क्रमले एकपछि अर्को भूमिकाहरू प्रकाशित गर्दछ। वास्तवमा भन्ने हो भने आत्मा आफ्नो शक्तिबाटै मोहित भएर आफ्नो पञ्चकृत्यकारी स्वरूपलाई बिर्सन पुग्छ।[फ] अनि जब स्वेच्छावश अर्थात् शक्तिपातको प्रभावले नै उसको तागत उन्मीलित हुने गर्छ, तब ऊ सर्वज्ञत्व एवम् सर्वकर्तृत्वादि रूप आफ्नो पारमेश्वरी स्वभावमा सदाका लागि स्थिति लाभ गर्दछ। आणव मल आदि तीन प्रकारका मल वास्तवमा सङ्कुचित ज्ञानबाहेक अरू केही होइन। यसबाट जुन परिच्छिन्न ज्ञेय पदार्थको भान हुन्छ, त्यो वास्तवमा ज्ञानभन्दा बाहेक केही होइन। वर्णमालाबाट सम्पूर्ण विश्वको उत्पत्ति हुन्छ।

यसकारण तन्त्रमा वर्ण विश्वजननी मातृका रूपमा वर्णित हुने गर्छ। यी मातृकाहरू जबसम्म ज्ञानको विषयीभूत हुँदैन, तबसम्म यी बन्धनका कारण हुने गर्छन्। मलात्मक ज्ञानत्रय निर्विकल्प या सविकल्प, दुवै अवस्थामा शब्दानुविद्ध रहन्छ। मातृका-वर्णको प्रभावले तत् तत् ज्ञान तत् तत् शब्दको अनुबेधद्वारा शोक आदि विभिन्न भावहरूका आकार धारण गरेर अष्टवर्ग, निवृत्ति आदि पञ्चकला एवम् आदि अध्वाको अधिष्टात्री आदि शक्तिमण्डलको प्रभाव पनि पर्दछ। अम्बा, ज्येष्ठा, रौद्री र वामा– यी चार शक्तिहरू सम्पूर्ण शक्तिहरूका मूल कारण हुन्। अकारादि मातृकाको कला, देवी, रश्मि नामबाट अभिहित गर्ने गरिन्छ। यी सबै स्थूल वर्णका रूपमा एवम् पद, वाक्य प्रभृतिको योजनाले अनेकन प्रकारका लौकिक र अलौकिक शब्दहरूमा परिणत हुन्छ। यसको प्रभावले जुन ज्ञानाभास अथवा आणव, मायीक या ऐश्वर्य लुप्त हुने गर्छ। 'म दुब्लो हुँ', 'म मोटो छु' यस्तो ज्ञानाभासलाई मायामल भनिन्छ। यसैगरी 'म यज्ञादि कर्मको कर्ता हुँ'– यस्तो ज्ञानाभासलाई कर्ममल भनिन्छ। जब अनावृत प्रकाश नै जगत्को स्वभाव हो, तब बन्धनको आविर्भाव कहाँबाट हुन्छ ? यस प्रश्नको समाधानको सम्बन्धमा आचार्यगण भन्छन्– परमेश्वर आफ्नो स्वतन्त्रशक्तिबाट सबभन्दा पहिले आफ्नो स्वरूप ढाक्ने महामायाशक्तिलाई

फ. वास्तवमा, मायिक अवस्थामा पनि आत्माको पञ्चकृत्यकारित्व पूर्णरूपले आच्छन्न हुँदैन। जुन पुरुष भक्तिले आफ्नो पञ्चकृत्यकारित्व-स्वभावको दृढ भावनाले सधैं परिशीलन गर्न सक्दछ, उसको परमेश्वर-भाव अभिव्यक्त हुन्छ। उसले जगत्को आफ्नो स्वरूपको विकास थाहापाएर जीवन्मुक्त पद आरोहण गर्न सक्दछ। त्यस समय उ सम्पूर्ण जागतिक पदार्थलाई नै आफ्नो आत्माबाट अभिन्न बोध गरिरहन्छ। यस्तोमा उसको सम्पूर्ण बन्धन काटिन्छ।

अभिव्यक्त गर्दछ। यसको प्रभावले आकाशवत् स्वच्छ आत्मामा सङ्कोच आउँछ। यो सङ्कोच अनाश्रित या शिवतत्त्वदेखि लिएर माया प्रमातासम्म सर्वत्र व्याप्त छ। वास्तवमा, यो अभिन्न परमेश्वर भावको अस्फुरण-मात्र हो।

यसको नाम अपूर्णस्मन्यता या आणव मल हो। यसको अर्को नाम अज्ञान हो। अद्वैत आगमअनुसार यसको नाम 'अख्याति' हो, जो आत्मामा अनात्म भावको अभिमान-मात्र हो। आत्मामा आत्माभिमान-रूप अज्ञान-मूलक ज्ञान पनि बन्धन हो। यसकारण, आणवमललाई दुई प्रकारको भन्ने गरिन्छ– (१) चिदात्मामा स्वतन्त्रको अप्रकाश अर्थात् अपूर्णस्मन्यता विज्ञानकल पशुमा रहन्छ। (२) स्वतन्त्र हुँदाहुँदै पनि शरीरआदि अनात्मामा अवरोधात्मक आत्माधिमान। विश्वको कारण माया हो। यसको अर्को नाम योनि हो। कला आदि पृथ्वी तत्त्वहरूबाट विभिन्न भुवन, शरीर, इन्द्रिय आदि रचित हुन्छ। यी सबैलाई मायामल भनिन्छ। यसको आश्रय लिएर जुन शुभ अशुभ कार्य हुने गर्छ, त्यही कार्ममल हो।

यी सबै मल पदवाच्य हुन्। तीनवटा मल र कलासमूहको अधिष्ठात्री हो मातृकाशक्ति। यसमा अभेद ज्ञानको अधिष्ठात्री अघोराशक्ति हो, जसको प्रभावले बाहिर-भित्र आत्मभावको स्फूर्ति हुन्छ र भेदज्ञानको अधिष्ठात्री घोराशक्ति हो, जसको प्रभावले बहिरोन्मुख भाव स्वरूपको आवरण हुने गर्छ। प्रसारणपछि परावाकको मातृकारूप नै वर्णमाला हो। स्वर वर्णमा बीज अथवा शिवको अंश र व्यन्जन वर्णमा योनि अथवा शक्तिको अंश प्रवल रहन्छ। यी सबै वर्ण ती ती प्रमाताहरूमा सविकल्प एवम् निर्विकल्प– दुवै अवस्थामा आन्तर परामर्शद्वारा स्थूल तथा सूक्ष्म शब्द उल्लेख गर्दछ। यसप्रकार वर्णादि देवताहरूको अधिष्ठानले राग, द्वैष, दुःख, सुख, भय आदि र सङ्कोचहीन चिद्घन आत्माको स्वरूप आच्छन्न भएर परिच्छिन्न हुन्छ र परतन्त्र शरीरमय भएको आविर्भाव हुन्छ।

महाघोरा, यसले पशुभातृका शक्तिहरूका भेद-ज्ञान उत्पन्न गर्दछ तथा ब्रह्म-ग्रन्थिको सहाराले विद्यमान रहन्छ। यो पशुहरूको अधः पतनको मूल कारण हो। सृष्टि आदि सम्पूर्ण व्यापारको मूलमा प्रकाश र विमर्श– दुवैको सत्ता नै कायम रहन्छ। स्वतन्त्र उन्मेषले पराशक्ति जब अन्तलीन अवस्था त्यागेर अभिव्यक्त हुने गर्छ, सोही समय विश्वरूप चक्रको आवर्तन भइरहन्छ। वास्तवमा, शक्ति अथवा विमर्शको नै अभिव्यक्ति हुन्छ, प्रकाशबाट त्यसको उपचार मात्रै हुन्छ। यसकारण, शिवतत्त्वलाई तत्त्व भनेर शक्तिश्रेणीमा गणना

गर्ने गरिन्छ। यसरी विचार्दा प्रकाश-विमर्श एक हिसाबले परम विमर्शको नै उपभेद हो।

यसकारण तत्त्वको विचारको प्रसङ्गमा प्रकाश र विमर्श– दुवै नै विमर्शात्मक या शक्त्यात्मक छ। वामकेश्वर तन्त्रअनुसार प्रकाशको चार अंश छ र त्यसको साथ अधिनाभूत विमर्शको पनि चार अंश छ। प्रकाशको चार अंशको नाम हो– अम्बिका, वामा, ज्येष्ठा र रौद्री। विमर्शको चार अंशको नाम हो– शान्ता, इच्छा, ज्ञान र क्रिया। अम्बिका र शान्ताको समरस अवस्था आत्मस्फुरणको अवस्था हो।

"आत्मनः स्फुरणं पश्येत् यदा सा परमा कला।
अम्बिकारूपमापन्ना परावाक् समुदीरिता ॥"[त्र]

आत्मस्फुरणको यस अवस्थामा समग्र विश्व बीजरूपमा अर्थात् अस्फुट रूपमा आत्मसत्तामा कायम रहन्छ। र, तब इच्छाशक्ति वामाशक्तिबाट तादात्म्य-लाभ प्राप्त गर्छ र पश्यन्ती वाकको नामबाट परिचित हुन्छ। यसपछि ज्ञानशक्तिको आविर्भाव हुने गर्छ। ज्ञानशक्ति जेष्ठासंग अभिन्न छ। यो शक्ति सृष्टि विश्वको स्थितिको कारण हो। ज्ञानपछि क्रियाशक्ति रौद्रीको साथ एक भएर 'वैखरी'को नामले प्रसिद्ध हुन्छ। प्रपञ्चात्मक वाग्वैचित्र वैअरीको नै स्वरूप हो। शान्ता र अम्बिकाको सामरस्य-रूप परावाक् नै मूल त्रिकोण अथवा महायोनि-रूपको मध्यविन्दु या केन्द्र हो। यो नित्य स्पन्दमय छ। पश्यन्ती यसको बाया, वैखरी दाया र मध्यमा सरल अग्ररेखा छ। चित्रकलाको प्रभावले वीचको महाविन्दुमा शिवशक्तिको आसन रहेको यो त्रिकोणमण्डल समुज्ज्वल छ। यसको बाहिर क्रमनिव्यासमा शान्त्यतीत, शान्ति, विद्या, प्रतिष्ठा र निवृत्ति– यी पाँच कलाहरूको आभामय स्तर छ। यिनै स्तरहरूका समष्टि भनेकै जगत्‌को रूप हो।

मध्य त्रिकोण विन्दु-विसर्गमय छ। यसको प्रत्येक रेखा नै पञ्चस्वरमय छ। पञ्चदेश स्वरात्मक त्रिकोणमण्डलको विन्दुस्थान विसर्ग (अः)बाट आक्रान्त छ। यस त्रिकोणको स्पन्दनले कल्पित अष्टकोण रौद्रीशक्तिको रूप र शान्त्यतीत कलाद्वारा उज्ज्वल छ। त्यस-त्यस स्तर नै प्रकाश र विमर्शमय अर्थात् शव्द र अर्थमय छ। त्यस-त्यस वर्ण र त्यस-त्यस तत्त्व (वाचक र वाच्य)को

त्र. पराशक्ति जुन समय आफ्नो स्फुरण आफै देख्दछ, त्यससमय ऊ अधिकार-रूप प्राप्त भएर परावाक्‌मा वर्णित हुन्छ।

तादात्म्य त्यस-त्यस चक्रांशमा प्रत्यक्ष अनुभूत हुन्छ । कुण्डलिनी-जागरण पछि साधक जब उत्तरोत्तर माथि उठ्छ अथवा इष्टदेवताको स्वरूपभूत चक्र भित्र प्रवेश गर्न सुरु गर्छ, तर वास्तवमा यो विश्वचक्रमा नै उसको यात्रा चलिरहन्छ । अकुलबाट महाविन्दुसम्म फिजारिएको महामार्गमा जुन सबै अवान्तर चक्र छन्, उनीहरूका समष्टि नै विश्वचक्र हो । यसमा अकुलबाट आज्ञाचक्रसम्मको अंश 'सकल-निष्कल' र उन्मनापछि महाविन्दु-अंश 'निष्कल' हो ।[ट] वास्तवमा महाविन्दु सदाशिव हो, जसमा चित्तकला अथवा चित्तशक्ति स्वतन्त्रमय रूपमा खेल्ने गर्दछ । यो खेल परावाक् या परामात्राको विलास हो । शुक्ल र रक्तविन्दु-रूप प्रकाश-विमर्शमय कामकलाक्षरको परस्पर संघट्टबाट चित्तकलाको अभिव्यक्ति हुन्छ । महाविन्दुको स्पन्दनले तीन विलीन विन्दु अलग

ट. योगमार्गको सम्पूर्ण अंशमा सवभन्दा पहिले अकुल या विषुवत स्थान छ । यसको अष्टदल पछि षड्दलविशिष्ट कुलपद्म अवस्थित छ । यसपछि सम्पूर्ण नै पथ कुलमार्गको नामले प्रसिद्ध छ , षड्दल कमलभन्दा माथि मूलाधार र त्यसमा शक्ति या ह्ल्लरेखाका स्थान छ । यो अनङ्ग आदि देवताद्वारा परिवेष्टित छ र आधार कमलभन्दा साढे आठ अङ्गुली माथि नीलो रङको कणिकामा प्रतिष्ठित छ । ह्ल्लेखाभन्दा दुई अङ्गुलीमाथि अधिष्ठान कमलको स्थान छ । यसपछि क्रमशः मणिपुर, अनाहत, विशुद्ध, लग्निकाग्र (अष्टदल कमल) र अन्तमा आज्ञाचक्र छ । अग्नि, सूर्य र चन्द्रको विम्व पनि यस मार्गमा देख्न सकिन्छ । मूलाधारमा अग्निविम्व, अनाहतमा सूर्यविम्व र विशुद्धमा भद्रविम्वको दर्शन हुने गर्छ । आज्ञाचक्रभन्दा माथि विन्दुदेखि उन्मनासम्मका भूमिका नाम यी हुन्– विन्दु, अर्द्धचन्द्र, निरोधिका, नाद, नादान्त, शक्ति, व्यापिका या व्यापिनी, समना र उन्मना । यहाँसम्मको जुन मार्ग छ, ति सकल-निष्कल हुन् । विन्दुको भेद गरिसकेपछि नै अर्द्धचन्द्र आदि कलाहरू क्रमशः उपलब्धि गोचर हुन्छ । उन्मनासम्म पुगेपछि कालको कला, तत्त्व, देवता र मन एकदम निरुद्ध भै हाल्छ । तन्त्रशास्त्रमा यसैको नाम निर्वाणात्मक रुद्रवक्त्र नामले वर्णित गर्ने गरिन्छ । यो अन्तिम भूमि सर्वथा निराकार छ, उच्चारणहीन, शून्यमय र विश्वातीत छ । यसपछि महाविन्दु नै निष्कल भूमिको स्वरूप हो । यसको अर्को नाम सादाख्य अथवा सदाशिवरूपी आसन हो । यसको माथि तत्त्वातीत शिव या शक्तिको लीला हुन्छ । यी सबै योगमार्ग चक्रवेधक्रमबाट प्रदर्शित भएको छ । उपासनाक्रमले पनि यसको भेद प्रदर्शित हुन सक्छ । श्रीचक्रमा प्रविष्ट भएर क्रमशः तत्त्वातीत अवस्थातर्फ यात्राको मार्गमा तीन विभाग देखा पर्छ– (१) चतुष्कोणबाट त्रिकोण

अलग भएर रेखारूपमा परिणत भएर महात्रिकोणको रूप धारण गर्दछन्। यसैबाट शिवदेखि पृथ्वीसम्म समस्त विश्वको आविर्भाव हुन्छ। यस महात्रिकोणको प्रत्येक पीठ (चार पीठ) मा विश्वको रूप भासमान हुने गर्छ। स्वरूपमा उसको भान बीजरूपमा हुन्छ, बाहिर सृष्टि रूपमा। पीठ शब्द प्रकाश र विमर्शको मात्रा पीतवर्ण चतुष्कोण आकारमा आधार-स्थान देखा पर्दछ।

कामरूप पीठको अर्को नाम हो मन। यसमा जब विन्दु चैतन्यको छाया पर्छ, तब यसलाई स्वयम्भू लिङ्ग भनिन्छ। यस्तै महात्रिकोण अग्निरूपका अन्य दुई कोणमा पूर्णगिरि र जालन्धर पीठको नाम प्रसिद्ध छ। त्यहाँ प्रतिफलित चैतन्य इतरलिङ्ग र वाणलिङ्गको नामले प्रसिद्ध छ। यी दुवै बुद्धि र अहङ्कारको

चक्र, (२) विन्दुबाट उन्मनासम्म र (३) महाविन्दु। यसमध्ये दोस्रो अथवा तेस्रो विभाग पूर्वोक्त सकल-निष्कल र निष्कल मार्गबाट सर्वथा अभिन्न र पहिलो विभाग पूर्वोक्त सबै मार्गको नै नामान्तर हो। तर दुवैमा वासना-भेदले उसको स्थान र उपाधिमा भेद देख्न सकिन्छ। यसकारण भूपुर, षोड्शदल, अष्टदल, चतुर्दशकोण, बाह्य दशकोण, अष्टकोण र त्रिकोण यो अंश सुषुम्णा-मार्गमा निम्नतम अकुलबाट आज्ञाचक्रसम्म अवस्थित छ। यसपछि विन्दुमा प्रतिष्ठित भएपछि वासना अलग नरहनाको कारण अग्रवर्ती भूमिमा कुनै भेद रहेको लाग्दैन। तत्त्वातीत अवस्थामा शिव र शक्तिको सामरस्य रहन्छ। यसो पनि विश्वशक्तिको गर्भमा अन्तः संहृत भावले यानी शक्तिसँग अभिन्न रहेर विद्यमान रहनेगर्छ। तर, पराशक्ति जब स्वेच्छाले आफ्नो स्फुरण आफै देख्दछ, तब विश्वको सृष्टि हुन्छ। यस अवस्थामा दृष्टि नै सृष्टि हो। अनुत्तर दशामा स्वरूपमा अभिन्न रूपले रहँदा पनि विश्व हृष्ट हुँदैन। अतः त्यो अवस्था सृष्टि-व्यापार होइन। यो दृष्टि या सृष्टि-व्यापारमा शिव तटस्थ रहन्छ। उनको स्वरूप-भूत स्वतन्त्र-शक्ति नै सबै काम गर्दछ। शिव अग्नि-स्वरूप, सर्वर्तानल या प्रलयानल-स्वरूप हो। शक्ति सोमस्वरूप, विवर्त्त चन्द्रस्वरूप। दुवैको साम्य नै तान्त्रिक भाषामा 'विन्दु'को नामले अभिहित हुन्छ। यसै विन्दुको अर्को नाम 'रवि' अथवा 'काम' हो। यसको क्षोभ या साम्य भङ्ग भएपछि सृष्टिको सूत्रपात हुन्छ। साम्य अवस्थामा अग्नि र चन्द्ररूपी रक्त र शुक्ल विन्दु ('अ'– 'ह') सूर्यबाट अभिन्न रहन्छ– क्षुब्ध भएमा चित्तकलाको आविर्भाव हुन्छ। आगोको रापले घीउ जसरी पग्लीएर बगदछ, त्यसरी नै प्रकाश-स्वरूप अग्निको सम्पर्कले विमर्शरूपा शक्तिको स्राव हुने गर्छ। यसप्रकार, श्वेत र रक्त विन्दुको बीचबाट चित्त्कलाको निःसरण हुन्छ। चैतन्यको अभिव्यक्तिको यही रहस्य हो।

अर्को नाम हो । मध्यविन्दुलाई उड्डीयान या श्रीपीठ भनिन्छ । यो चित्तस्वरूप छ । यसमा प्रतिविम्बित ज्योतिलाई परलिङ्ग भनिन्छ । परलिङ्ग सम्पूर्ण वर्णहरूबाट वेष्टित रहन्छ । यो परलिङ्ग नै परमपदबाट प्रथम स्पन्दरूपमा उदित हुने गर्छ । शिवशक्ति-यामलको अहम्-परामर्श पूर्ण र स्वाभाविक हो– यसकारण यसलाई पूर्णाहन्ता भनिन्छ । स्वतन्त्र रहेको कारण यस निर्विकल्प ज्ञानस्वरूपमा विभागको आविर्भाव हुने गर्छ । पूर्णहन्ता या परावाक विभाग-दशामा पनि पश्यन्ती आदि तीन रूप धारण गराउँदछ । यसमध्ये प्रत्येकको स्थूल, सूक्ष्म र परभेदबाट तीन-तीन अवस्थाहरू छन् । परमतत्त्वको मुख्य तीन शक्तिहरू यसप्रकारका छन्– १. परा या अनुत्तरा– यसको अर्को नाम चित्तशक्ति हो, २. परम्परा– यसको नाम इच्छाशक्ति हो र ३. अपरा– यसको नाम उन्मेषरूपा ज्ञानशक्ति हो ।

यी तीनवटाकै अभिन्न रूप नै परमेश्वरको पूर्णशक्ति हो । यसमा अनुत्तर अथवा चित्त= 'अ', इच्छा= 'इ' र उन्मेश या ज्ञान= 'उ' हो । यही तीन शक्तिको नाम त्रिकोण हो र क्षोभबाट भने शक्तिवर्गको सङ्ख्या ६ हुन्छ । 'अ' क्षुब्ध भएपछि 'आ' हुन्छ, 'इ' क्षुब्ध भएपछि 'ई' हुन्छ, 'उ' क्षुब्ध भएपछि 'ऊ' हुन्छ । 'आ' आनन्द, 'ई' ईशान र 'ऊ' ऊणत्वको वाचक हो । आनन्द इत्यादि शक्तिहरू क्षुब्ध भए पनि आफ्नो रूपबाट स्खलित नहुने हुँदा मलिन हुँदैन । यसकारण आफ्नो संघट्टको कारण यी शक्तिहरू अर्को शक्तिहरूलाई प्रकट गर्न सक्दछ । यही ६ स्वर वर्णसन्ततिको मूल हो । यही ६ शक्तिहरूका परस्पर संघट्टलाई क्रियाशक्ति भनिन्छ, जसबाट द्वादश शक्तिको विकास हुन्छ । ॠ, ॠ, ऌ, ॡ– यी चार नपुंसक हुन् । यीनमा सृष्टिको कारणता हुन्न । यहि प्रधान शक्तिचक्र हो, जसबाट अधिष्ठात्री रूपमा सम्बन्ध रहनाको कारण शिवलाई पूर्णशक्ति भन्ने गरिन्छ ।[ठ] यी शक्तिहरू सम्पूर्ण प्रक्षीण-मल शुद्ध र उद्रिक्त चैतन्य हुन् । यसको ज्ञान क्रियात्मक सामर्थ्यमा कुनै प्रकारको आवरण हुँदैन । द्वादशशक्तिहरूबाट उत्पन्न हुने चौसठ्ठी योगिनीहरूका समष्टि अघोराशक्ति हो । घोरा र घोरतरा शक्ति यसैबाट आविर्भूत हुन्छ । सृष्टि आदिको क्रमले द्वादशशक्तिको पृथक्-पृथक् रूप छ । जुन क्रममा सृष्टि आदि अपाधि हुन्न,

---

ठ. यी बाह्रलाई कतै कतै कालिका भनिएको छ । 'श्रीसार' शास्त्रमा यसको नाम 'द्वादश योगिनी' छ ।

उसैको नाम अनाख्या हो । यसको अर्थ– निरूपाधिक स्वरूप-सृष्टिमा पनि यो विभाग कायम छ । स्वरूपगत उपाधि हीनताको जुन कुरो गरिएको छ, त्यो दुई प्रकारले सम्भव छ : (१) उपाधि-वर्गको अनुल्लासवशतः र (२) उपाधिको उपशम । तान्त्रिक आचार्यगण दुई प्रकारको पाक स्वीकार गर्दछन्– मधुर पाक र हठ पाक । जुन गुरु इत्यादिको आराधना गरेर समयी र पुत्रकादी दीक्षा-सम्पादन पछि नित्य-नैमित्तिकादि कर्ममा निष्ठा राख्दछन्, तिनीहरू देहान्तमा सृष्टि आदि उपाधिबाट मुक्त हुन सक्छन् । यस्ता उपाधिहरूका प्रमशन स्वभावतः हुँदैन । शास्त्रीय उपदेशको उपायबाट बिस्तारै बिस्तारै देहपातपछि उपाधिनाशमा समर्थ हुन्छ । परमेश्वरको शक्तिपात तीव्र नहुनाले यस्तै नै हुन्छ ।

यसको विपरीत जसमा भगवत् कृपाको मात्रा धेरै पर्छ, ऊ एकपल्टको उपदेशले नै मुक्ति प्राप्त गर्दछ । अर्थात् यी सम्पूर्ण लोक अचिद्भाव त्यागेर आत्मशक्तिको स्फुरण-रूपमा प्रतिभात भइरहन्छ । यसको क्रम यसप्रकार छ– ज्ञानाग्निको उद्दीपनपछि यसप्रकारको पाकबाट सृष्टि आदि पदार्थगत भेद सकिन्छ । त्यस समय विश्व अमृतमय हुन्छ, अर्थात् बोधबाट तादात्म्य लाभ गर्दछ । किनभने, यी शक्तिहरू अघोरशक्तिका प्रकाशरूपा हुन् । यस भोगको फलस्वरूप यी शक्तिहरू (करणेश्वरी) या देवीहरूले तृप्ति पाउँछन् । यस स्थितिमा यसमा अर्काका लागि अपेक्षा या आकाङ्क्षा रहन्न । यी शक्तिहरू परमेश्वरको स्वरूपमा विद्यमान र त्यसमा अभिन्न हुन्छ । तर, यी अभेदको वावजुद कृत्य, क्रियावेश, नाम र उपासना-भेदबाट यी अलग-अलग रूपमा भासित हुने गर्छ । यी शक्तिहरूमा सङ्कोच र प्रकाश, दुवै नै हुन्छ । स्वरूप-दृष्टिले आत्मा सम्पूर्ण भावहरूभन्दा टाढा छ, यसकारण यी सम्पूर्ण भावहरूमा सर्वात्मक भएर पनि सर्वत्र आफ्नो स्वभावमा स्वयम् रूपमा अवस्थित छ । यसकारण, यो निर्विकार, द्वन्द्वातीत, निर्दोष र समरस छ । तर, व्यवहार-भूमिमा र प्रतिभासक्षेत्रमा यसमा अवस्थागत भेद देखा पर्छ । अवान्तरको मुख्य पाँच अवस्थाहरूमध्ये जाग्रत, सुषुप्ति र स्वप्न– यी तीन अवस्थाहरू सबैको सुपरिचित छ । बचेको दुइटाको धारणा ज्ञानको उदय र परिणति नभएसम्म कसैले पनि स्पष्ट रूपले बनाउन सक्दैन । स्मरणमा राख्नुपर्ने हुन्छ, कुनै पनि अवस्था वास्तवमा विशुद्ध आत्माको होइन, शरीर आदि संसृष्ट आत्माको हो ।

आत्मा भन्नाले यहाँ शरीरविशिष्ट जीवात्माको भनेर बुझ्नुपर्छ, विदेह आत्मा मात्रै होइन । आत्मा र मनको संसर्ग, मन र इन्द्रियको संसर्ग तथा

इन्द्रिय र विषयको संसर्ग जुन अवस्थामा कायम रहन्छ, त्यसलाई जाग्रत अवस्था भनिन्छ। तर, जुन अवस्थामा इन्द्रिय र विषयको सम्बन्ध हुँदैन, तर बाँकी दुई सम्बन्ध पहिलेको जस्तै नै भइरहन्छ, त्यसको प्रचलित नाम स्वप्नावस्था हो। अज्ञानबाट आच्छन्न जीव यी तीन अवस्थाहरूका आवर्तनलाई निरन्तर अनुभव गर्दछ। यस आवर्तनबाट छुट्कारा पाउनका लागि अपरोक्ष ज्ञानको आवश्यकता छ। जबसम्म त्यो हुँदैन, यानी जबसम्म आत्माको सम्यक् ज्ञान उदित हुन्न, तबसम्म यो आवर्तन अवश्यम्भावी छ। मृत्युपछि लोकान्तर-गमन या जन्मान्तर-परिग्रह, यहाँसम्म कि प्रलय आदि व्यापार– सम्पूर्ण यसै नियमको अधिनमा छन्। सुषुप्ति-अवस्थामा पनि आत्मासंग मनको संयोग रहन्छ। यो अनादि संयोग र मूल अज्ञानबाट प्रसूत छ। सुषुप्तिकालमा मन पुरीतत् नाडी आकाश-स्थान हो। त्यहाँ कुनै प्रकारको नाडी रहन्न र वायुको पनि कुनै स्पन्दन अनुभूत हुँदैन। सुषुप्ति-कालमा मन भने हृदयमा निश्चल भएर रहन्छ, यसकारण त्यस समय कुनै प्रकारको लौकिक ज्ञानको सम्भावना रहन्न। नाडी-मात्र नै वायुघटित संस्थान हो– सम्पूर्ण मानव शरीर नाडी-जालबाट आच्छन्न छ, तर शरीरमा एक मात्र त्यही हृदयस्थ दहराकाश नै नाडी-रहित छ, वायुशून्य र मनको क्रिया शून्य स्थान हो। मनको सञ्चरण र वायुको क्रिया शरीरमा सर्वत्र-सम्भव छ, तर हृदयमा वायु, मन इत्यादि कुनै पनि क्रिया रहन्न।

मन, जब हृदयमा प्रविष्ट हुन्छ, तब त्यहाँ स्तब्ध भएर रहन्छ। मनको क्रिया नहुनाको कारण त्यस समय भने विलक्षण आत्म-मनः संयोग हुँदैन, यसकारण ज्ञान, इच्छा आदि आत्माको लौकिक विशेष गुणहरूको उद्भव हुँदैन। तर, जब गुरुको कृपाले र आफ्नो पछिल्लो शुभ अदृष्टको परिपाकले अलौकिक ज्ञानको उदय हुन्छ, तब अनादि आत्मा-मनःसंयोगको त्यो हेतुभूत अज्ञान समाप्त हुन्छ, तब ऊ आत्म-मनः संयोग पनि रहन्न। त्यस समय हृदयको आकाश नयाँ उदय भएको ज्ञान-सविताकोस्निग्ध किरणमालाबाट आलोकित हुने गर्छ। यस अवस्थाको उदय हुन र यसको स्थायी हुनाले यो जाग्रत, स्वप्न र सुषुप्ति– तीनवटै अवस्थाहरूमा समान रूपले अनुस्यूत रहन्छ। पूर्णावस्था हुँदाहुँदै पनि यसको उन्मेष पहिले नै साधारणतः पूर्ण रूपमा पाउन सकिन्न। यसकारण ज्ञान उदय भएपछि पनि जाग्रत इत्यादि अज्ञान-अवस्था केही समयसम्म कायम रहन्छ। शरीर रहेसम्म अथवा प्रारब्धको

तागत भोगको माध्यमले समाप्त नहुन्जेलसम्म साधारणतया यसै गरीकन चलि नै रहन्छ। प्रारब्ध समाप्त भएपछि देहाभिमान आभासरूपमा रहन्न। जाग्रत इत्यादि अवस्था-भेद पनि रहन्न।

त्यस समय तुरीय अवस्था तुरीयातीत नामबाट प्रसिद्ध हुने गर्छ। यो उद्यपि वास्तवमा नित्यावस्था हुन्छ, तर पनि तुरीय अवस्थाको उदय र परिपाक नहुनाले उसको स्वरूपको साक्षात्कार हुँदैन। जाग्रत आदि तीन पृथक् अवस्थाहरू जबसम्म रहन्छ, तवसम्म चतुर्थ या तुरीय नामको सार्थकता हुन्छ– जबसम्म अज्ञान छ, तबसम्म ज्ञानको अर्थ छ। जाग्रत अवस्थामा इन्द्रियहरू बहिर्मुख रहन्छन् र रूप, रस आदि विषय पञ्चकबाट संसृष्ट भएर त्यसलाई ग्रहण गर्दछ। यसप्रकारले हाम्रो बाह्यजगत्को ज्ञानको उदय हुन्छ। तर, स्वप्नावस्थामा यो बाहिरी ज्ञान भने रहन्न। इन्द्रियहरू अन्तर्मुख हुँदाहुँदै पनि मन त्यस समयसम्म पनि बहिर्मुख नै रहन्छ : यानी, त्यससमय इन्द्रियहरूका विरूपाभिमुख नरहँदा पनि मनको इन्द्रियमुखी उदय हुन्छ। यो संस्कारजन्य ज्ञान हो। पिण्ड र ब्रह्माण्ड अभिन्न छन्, यसकारण यो सञ्चार एकातिर जसरी व्यष्टिमा हुन्छ, त्यसैगरी अर्कोतिर समष्टिमा पनि हुन सक्छ। सूक्ष्म पदार्थको ज्ञान पनि यसै श्रेणीअन्तर्गतको हो। यसपछि जब इन्द्रियहरूको जस्तै मन पनि क्लान्त हुन जान्छ, तब मनको इन्द्रियमुखी गति निवृत्त हुन्छ र मन उपरत भएर विश्राम गराउँदछ।

मन बहिर्मुख नभएर अन्तर्मुख हुनासाथ नै हृदयको ढोका खुल्दछ, किनभने हृदय अविच्छिन्न आकाश परिमित प्रतीत हुँदा पनि वास्तवमा ऊ सर्वव्यापक छ। मन चाहे जहाँ रहोस्, ऊ नित्य नै उसको सन्निहित रहन्छ। तब पनि मन सवै समय उसमा प्रवेश गर्न सक्दैन। हृदयमा एक पटक प्रविष्ट गरिसकेपछि मनलाई पुनः सञ्चरण गर्ने सामर्थ्य रहँदैन, किनभने त्यस आकाशमा हिंड्ने कुनै पथ नै छैन। यसकारण मन त्यहाँ निश्चल भएर रहन्छ। तर, आश्चर्यको कुरो मन क्लान्त भएर निश्छल हुनुको साथसाथै हृदय-गुहामा प्रविष्ट गर्दा पनि मनतिर आत्माको उन्मुख भाव नष्ट हुँदैन। अनादि अविद्या जहिलेसम्म प्रकृति ज्ञानको उदयबाट निवृत्त हुँदैन, तवसम्म आत्मा यानी जीवात्माको यस मनको अभिमुखता जाँदैन। यसकारण मन केही सम्यक् लागि सुषुप्तिमा स्थिर हुँदा पनि यो स्थिति दीर्घकालसम्म रहन्न। पूर्व-संस्कारको उद्बोधनको साथ साथै ऊ बहिर्मुख हुन्छ र पहिले जस्तै नाडी-मार्गमा सञ्चरण

गर्न आरम्भ गर्दछ। सुषुप्ति अवस्थामा पनि मन कालातीत हुन सक्दैन। यसकारण, मन स्थिर हुँदा पनि सुषुप्तिमा ज्ञानको उदय हुँदैन। जागतित ज्ञान मनको क्रिया-सापेक्ष हो। जुन समयमा मन स्थिर हुन्छ र साथ साथै लोकोत्तर र ज्ञानको प्रकाश जाग्दछ, थाहा पाउनुपर्छ त्यस समय तुरीय अवस्थाको उन्मेष हुन्छ। सुषुप्तिमा जुन स्थिरता हुन्छ, त्यो तामसिक हो। त्यस समय सत्त्व हुने पनि गर्छ, त्यो विशुद्ध सत्त्व होइन, यसकारण विशुद्ध सत्त्वको उदय र विकास नहुँदासम्म मूल अज्ञानलाई काट्न सकिँदैन र लोकोन्तर ज्ञानको पनि अविर्भाव हुन सक्दैन। त्यस समय मन निक्रिय र चेतन भावापन्न हुने गर्छ। यसको नाम मनको जागरण हो, यही मनको उद्धार या मनको त्राण यानी ज्ञानको उन्मेष हो। हामीले जुन तुरीय अवस्थाको उल्लेख गरेका थियौं, यो त्यसैको अर्को नाम हो। चेतन र शुद्ध मन पनि नरहेको अवस्था तुरीयतत्त हो। त्यस समय एक मात्र आत्मा नै आफ्नो स्वरूपमा विराज गर्दछ र आफसे आफ नै क्रीडा गर्दछ। अहिलेसम्म जे जति पनि भनियो, त्यो प्रचलित साधारण दृष्टिको कुरा गरियो। विज्ञान विद्हरूले यस सम्वन्धमा जे जति उपलब्धि गरेका छन्, साधारण जिज्ञासुहरूका उत्सुकता मेटाउन र जानकारी गराउनका लागि सङ्क्षेपमा त्यसको थोरवहुत चर्चा गर्नु उपलब्धिमूलक नै लागेको छ। जो शरीर-विज्ञानका विज्ञ हुन, तिनीहरू हाम्रो यो मानव-शरीर सर्वमय छ– यसमा सबै कुरो छ भन्दछन्। यतिमात्रै होइन, जो सबै कुरोभन्दा पर छ, त्यो पनि यसमा छ। यो शरीरचक्रको विश्लेषण गरेर यसलाई साङ्केतिक यन्त्ररूपमा हेर्दा एउटा दृष्टिले यसलाई चतुरत्न या चतुष्कोण रूपमा र अर्को दृष्टिले षट्कोण रूपमा वर्णन गर्न सकिन्छ। जाग्रत, स्वप्न र सुषुप्ति– यी तीन दशाहरू जीवभावदेखि संसृष्ट छ, यसकारण यी तीनवटैलाई जीवदशा भन्न सकिन्छ। तुरीय अवस्थाको नाम शिव दशा हो। शरीरको आश्रय लिएर शिव-दशाले चार दिशा प्रकाशित हुने हुनाले यसको कल्पना चतुरत्न रूपमा गर्ने गरिएको छ। किनभने, यस अवस्थामा जाग्रत, स्वप्न र सुषुप्तिको उपाधिगत सम्बन्ध रहनु सम्भव छ। यो औपाधिक सम्बन्धको दृष्टिकोणले तुरीयलाई पनि तीन प्रकारको मान्न सकिन्छ।

देहचक्रमा यी दुवै दशाहरूको मिलन हुन्छ। यसकारण, शरीरको चक्रलाई साङ्केतिक रूपले षट्कोण भन्न सकिन्छ। अतएव, तुरीयलाई एउटा दशा मान्नाले शरीर चतुरत्न नामबाट अभिहित हुन्छ। शरीरको चक्रमा एउटा

नाभि या मध्यविन्दु छ। यसले सम्पूर्ण चक्रलाई धारण र नियन्त्रण गराउँदछ। हामी जसको निर्देश तुरीयातीत अवस्था भनेर गर्दछौँ– त्यही उसको स्वरूप हो– त्यही शरीरचक्रको केन्द्र हो। सुप्ति-अवस्था निवृत्त भएपछि घट-पट आदि बाहिरी पदार्थहरूको अनुसन्धानको अर्थको पनि जिज्ञासा जाग्दछ, त्यही जाग्रत हो। यसमा क्रियाको प्रधानता हुने गर्छ। तर, सुप्ति अवस्थामा क्रियाको प्रधानता रहन्न– यो जय प्रधान निष्क्रिय अवस्था हो।

निष्क्रिय अवस्थाको नाम स्वप्न हो। सुप्ति मेटाउनुभन्दा पहिले अनेकन प्रकारका मानसिक भेदभाव विकल्प ज्ञानको उदय हुन्छ– यही स्वप्नको नामले परिचित छ। जीवको संसार-दशाको विश्लेषण गर्नाले हामी तीन दशाहरूसँग परिचित हुने गर्छौं। आत्मा संस्कारको क्रमिक आधिक्यअनुसार क्रमले यी तीन अवस्थाहरूका निर्देश गरिएको छ। तर, तुरीय अवस्था यी तीनवटै अवस्थाहरूभन्दा एकदमै फरक छ। यी तीनवटै अवस्थाहरूमा परस्पर भेद-सम्बन्ध रहनाको कारण यसमध्ये कुनै पनि दुई अवस्थाहरू एकसाथ प्रकट हुन सक्दैन, एक एक गरेर हुन्छ। जब स्वप्न अवस्था रहन्छ, तब जाग्रत या सुषुप्ति रहन्न र जब सुषुप्ति रहन्छ, तब जाग्रत रहन्छ, तब जाग्रत या सुषुप्ति रहन्न र जब सुषुप्ति रहन्छ, तब जाग्रत या स्वप्न अवस्था रहन्न। तर, तुरीय अवस्था यस्तो होइन। किनभने, यो यी तीनवटै अवस्थाहरूमध्ये प्रत्येकको साथमा साथसाथै रहेको हुन्छ। तुरीय अवस्थाको प्रकाशका लागि कुनै अर्को अवस्था निवृत्त हुनुपर्ने आवश्यकता रहन्न। चित्तको अनुसन्धान नै तुरीयको विशिष्टता हो। पहिले वर्णन गरिएका तीनवटै अवस्थाहरूमध्ये प्रत्येक चित्तबाट उद्भूत हुन्छ, यसकारण चित्त उनीहरूका कारण हो र उनीहरू चित्तको कार्य हुन्। तुरीय अवस्था शुद्ध र निर्मल हुँदाहुँदै पनि यसमा जाग्रत आदि फरक अवस्थाहरूका अलङ्ग-स्पर्श हुने गर्छ। यो स्पर्शै मात्रै हुन्छ, यसमा शङ्का छैन। तर पनि, यो सत्य हो। परमशिवको प्राण-स्वरूपा पराशक्ति मातृका-महायन्त्रको वाच्य हो। यो महाशक्ति पञ्च अवयव-विशिष्ट हुने गर्छ– यसको स्वरूप जाग्रत आदि पाँच अवस्थाहरूबाट गठित हुन्छ। मूर्तिको अवयवतर्फबाट विचार गर्दा जाग्रत अवस्थालाई यसको शरीरको दक्षिण-पाश्वका रूपमा धारण गर्न सक्छौँ, किनभने दक्षिण-पाश्व क्रिया-प्रधान हो र जाग्रत अवस्था पनि क्रिया-प्रधान हो। स्वप्न-अवस्था जाग्रत र सुषुप्ति बीचको अवस्था हो– यो देवीको जघन या गुप्त-प्रदेशका रूपमा कल्पित हुने गर्छ।

विकल्प-समूहको उद्भव यसै अंशबाट हुने गर्छ। सुप्ति निवृत्त भएपछि जुन विषय ज्ञान हुने गर्छ, त्यो जाग्रत हो र सुप्ति निवृत्त नहुँदा पनि यो अर्थज्ञान हुने गर्छ, तब यसलाई सपना बुझ्नुपर्छ। जाग्रत आदि त्रिविध दशामा जुन जडभाव प्रकट हुन्छ, त्यसलाई ग्रास गर्ने सामर्थ्य एक मात्र तुरीयमा नै रहन्छ। मुखले जसरी चपाउन र खाने काम गराउँछ, त्यसैगरी चित्त-अनुसन्धान-प्रधान तुरीय अवस्था पनि जडत्वलाई ग्रास बनाउँछ। तुरीयातीत अवस्था देवीको हृदय-रूपमा परिकल्पित हो। वास्तवमा, तुरीयातीत अवस्था साक्षात् महाशक्तिलाई नै भनिएको हो। यस दृष्टिले अवस्थाको विचारको प्रसङ्गमा तुरीयातीत अवस्थालाई नै प्रधानता स्वीकार गर्नुपर्ने हुन्छ। तुरीय र तुरीयातीत, यद्यपि दुवै नै अवस्थाहरूमा चिद्भावको प्रकाश रहन्छ, फेरि पनि तुरीयावस्थामा संसारको कलङ्कको सामान्य आभास रहन्छ, तर तुरीयातीतमा त्यो पनि रहन्न। परमशिवको अवस्था अखण्ड र व्यापक हुँदा पनि परमशिवबाट पराशक्तिको उत्कर्ष नै कीर्त्तीत हुन योग्य छ, किनभने परमशिवको सत्ता चित्त सारभूत विमर्शरूप पराशक्तिको अधीनमा छ।

यसकारण विश्वशक्तिमा, वास्तवमा कुनै भेद नहुँदा पनि शक्ति नै प्राधान्य अङ्गीकृत हुने गर्छ। यो जुन विभिन्न दशाहरूका वर्णन गरियो, यसमा 'अं' कारादि वर्ण-समूहको एउटा निगूढ सम्बन्ध छ। सृष्टिको प्रसङ्गमा शब्द नै अर्थ रूपमा विवर्तित हुने गर्छ, भर्त्तृहरिको यस्तो भनाइ रहेको छ। वैदिक र तान्त्रिक साधना-शास्त्रमा शब्द र अर्थको गहिरो सम्पर्कको कुरा निकै गरिएको छ। इसाई योगी पनि यस कुरो जान्दथे र यस विषयमा अनेकन गुह्यतत्व उनीहरूका साधना-साहित्यमा पाइन्छ। शब्द-अध्वा या धाराको मूल कला हो, जसबाट तत्त्व, भुवन आदि कार्य-वर्गको स्फुरण हुने गर्छ।

वैदिक र तान्त्रिक दुवै धाराहरूका पारस्परिक सम्बन्ध प्रतिस्तरमा विद्यमान रहन्छ। आत्मिक दशाको ज्ञापकअनुसार दशा र वर्णमा व्यङ्ग्य-व्यञ्जक-सम्बन्ध छ, यस्तो भन्न सकिन्छ। वर्णबाट नै दशाहरूको अभिव्यक्ति हुने गर्छ, यही तात्पर्य हो। जुन निमित्तले दुवैमा यस्तो सम्बन्ध कल्पित भएको छ, त्यो दुवैको सादृश्य हो।

'अ' विसर्गसम्म स्वर वर्ण सुषुप्ति-अवस्थाको द्योतक हो। 'क' कारदेखि 'म' कारसम्म पच्चीस स्पर्शवर्ण जाग्रत अवस्थाको द्योतक हो। 'य', 'र', 'ल' र 'व'– यी चार अन्त:स्थ वर्ण स्वप्नावस्थाको परिचायक हो। 'श', 'ष' र 'स'–

यी तीन ऊष्म वर्ण तथा कूटाक्षर 'क्ष' को विचार तुरीयको साथमा नै गर्नु पर्ला। जसलाई तुरीय भनियो, त्यो जाग्रत अवस्थामा आविर्भूत सुषुप्तिको नै अर्को नाम हो। यसैको पारिभाषिक संज्ञा योगनिद्रा हो। वर्षहरूका उच्चारणगत सङ्कोच र विकासलाई हेरेर नै यी कुरा भनिएका हुन्। स्पर्शवर्णको उच्चारणमा स्पृष्ट प्रयत्नको आवश्यकता हुने गर्छ– यो जाग्रत अवस्थाको द्योतक हो। यस प्रयत्नमा सङ्कोच भाव प्रधान रहनेगर्छ। स्वरवर्णहरूका उच्चारण विवृत प्रयत्नबाट नै हुने गर्छ।

स्वरवर्ण सुषुप्ति-अवस्थाको ज्ञापक हो। स्वरवर्ण नाद-कल्प हो। स्पर्शवर्ण सृष्टि र प्रलय-विषयक हो। स्पृष्टता-प्रयत्न भन्नाले कण्ठ, तालु आदि उच्चारण स्थानको निम्न र ऊर्ध्वभागको संघट्टन बुझ्नुपर्ने हुन्छ। यसैको नाम सङ्कोच-ग्रहण हो यसको अर्को नाम सङ्कोच-त्याग हो।

जाग्रत अवस्थामा घटपट आदि अर्थलाई ग्रहण हुने गर्छ। यस अवस्थामा आत्मामा सङ्कोचभाव आउँछ। वर्ण नै यद्यपि दशाको अभिव्यञ्जक हो, तब पनि सङ्कोच-ग्रहण र सङ्कोच त्यागमूलक अवस्थाको सादृश्य वर्णको प्रयत्न सापेक्ष्य हो। यसकारण प्रयत्नलाई उपचारवशतः अवस्था-व्यञ्जक मान्ने गरिन्छ। स्वप्न अवस्थाको ज्ञापक अन्तःस्थ वर्णगत ईषत्स्पृष्टता– प्रयत्न हो। यसलाई मिश्र प्रयत्न या ईषतेस्पृष्ट प्रयत्न भन्ने गरिन्छ। तुर्यदशा ज्ञापक ऊष्मवर्णगत ईसत् विवृतता-प्रयत्न हो।

यो विवृतता-प्रयत्न स्पृष्टताबाट सिमित छ, फलतः यो समग्र होइन, सङ्कीर्ण या ईषत् हो। विकल्पको अभाव नै पूर्णत्वको बोधक हो। जाग्रतको अपूर्णता ठीक यसैगरी सम्यक् अथवा पूर्ण हो। किनभने, यो संसारपद र गहिरो विकल्पको उदय-स्थान हो। यो विकल्पद्वयले नै जाग्रत अवस्थालाई महासङ्कोचमय रूपमा परिणत गरेको छ। तुरीय अवस्थालाई जाग्रत र सुषुप्तिको मिश्रण बुझ्नुपर्दछ। यद्यपि तुरीय अवस्थामा चिद्-विश्रान्ति व्यापक रूपमा छ र चिद्-विश्रान्ति नै सुषुप्ति हो, तब पनि त्यस व्याप्तिको बारेमा थाहा चैत्यवर्ग या जड वस्तुमा हुन्छ।

सपना पनि मिश्ररूप हो– यो जाग्रत र सुषुप्तिको समवाय-रूप हो। तुरीयमा पूर्णता असमग्र हुन्छ, तर सपनामा सङ्कोच असमग्र हुन्छ। अद्वैत सुफी-साहित्यमा परमात्माको तीन यात्राहरूका विवरण पाइन्छ। पहिलो यात्रामा– परमात्मासँग बहिर्मुख गतिले अविद्याको आश्रय लिएर र जीवभाव धारण गरेर

मनुष्यभाव प्राप्तिसम्म हो भने, दोस्रो यात्रामा– मनुष्य भावबाट ज्ञानप्राप्तिपछि अविद्या निवृत्ति गरेर फेरि सचेतन भावबाट आफ्नो भाव या परमात्म भावको प्राप्ति र सोहं रूपमा सम्यक् प्रकारले बोध-स्वरूप आफ्नो परिचयसम्म रहन्छ । यी दुई यात्राहरूका कुरा अध्यात्म-साहित्यमा सर्वत्र प्रचलित छ । पहिलो यात्रा अज्ञानको यात्रा हो, दोस्रो ज्ञानको यात्रा । चौरासी लाख योनिहरूसम्म शरीरको क्रमविकासको फलस्वरूप शरीर र चैतन्यको विकास पूर्ण भएर मानवीय सत्ताको अभिव्यक्ति सम्भव हुने गर्छ । त्यस समय मनुष्य आफू आफैलाई पूर्णरूपले सञ्चेतन रूपमा थाहा पाउने अवसर प्राप्त गराउँदछ, किनभने तब अहम्भावको विकास हुने गर्छ । तर अवसर प्राप्त हुँदाहुँदै पनि व्यक्तिले आफूलाई अहम्‌रूपमा थाहा पाउन सक्दैन ।

क्रमविकासको परिणामस्वरूप विकसित ज्ञानमा संस्कारको घनीभूत आवरण नहट्दासम्म आत्मज्ञानको परिपूर्ण स्फूर्ति हुनु सम्भव छैन । आवरण हट्नुको साथसाथै क्रमशः शरीर, मन, बुद्धि आदि प्रकृत सत्ताबाट अहम्‌बोध मुक्त भइहाल्छ र चरम स्थितिमा ऊ 'म' वर्जित भएर आफू आफै नै प्रकाशित गराउँदछ । यी दुई यात्राहरूका फलस्वरूप आत्मा आफ्नो सर्वत्रत्व, सर्वकर्तृत्व र अर्को सम्पूर्ण भागवद् गुणहरूका प्रकाशलाई अनुभव गराउँछ तथा भागवत सत्तामा ज्ञानपूर्वक प्रतिष्ठा पाउँछ । विश्लेषणको कारण बुद्धिको सौकार्यका लागि भन्ने गरिन्छ– उसमा एकातिर बोध र अबोधको कुनै भेद छैन, अर्कोतिर त्यस्तै नै दुई अलग अलग दिक् पनि स्पष्ट रूपले नित्य विद्यमान छ । त्यसमध्ये जुन अबोधको दिक् हो, त्यो नित्य सुषुप्ति या जडभावका रूपमा वर्णित हुन योग्य छ । यस सुषुप्ति भङ्गको साथसाथै जडभाव खण्डित भएर जड रूप धारण गराउँदछ र चिद्भावको उन्मेष जीवरूप धारण गरेर क्रमविकासतर्फ अग्रसर हुने गर्छ । यसको विपरीत जुन बोधको दिशा छ– त्यो नित्य जाग्रत स्थितिरूपमा वर्णित हुन्छ । यो नित्य सिद्ध स्वप्रकाश चैतन्यको अवस्था हो– महासुषुप्तिभन्दा यो फरक छ । यस अवस्थामा आत्मा स्वभावतः आफ्नो अनावृत चेतन परमात्मा र अनन्त शक्ति सम्पन्न रूपमा बोध गराउँदछ । सदा याद राख्नुपर्छ मूलमा प्रकृति र पुरुष अभिन्न छ ।

पहिलो अवस्थामा अहम्‌को उदय हुँदैन, साच्चै भन्ने नै हो भने कुनै पनि बोधको नै उदय हुँदैन– महासुषुप्तिको भङ्गपछि त्यस बोधको उदय र पुष्टि हुन्छ । द्वितीय अवस्थामा अहम्‌बोध पूर्णाहं– रूपमा नित्य प्रतिष्ठित हुन्छ ।

पहिलो भगवत सत्ता आफ्नो स्वरूपबाट बाहिर निस्कन्छ। दोस्रो, बाहिरबाट यो सत्ता अन्तर्मुख भएर आफ्नो स्वरूपमा प्रवेश गर्दछ। आफ्नो स्वरूपमा प्रवेश गरेपछि त्यस स्वरूपमा नै भिन्न-भिन्न परम अव्यक्त स्वरूपतर्फ जुन यात्रा छ, त्यसलाई तेस्रो यात्रा बुझ्नुपर्दछ। तेस्रो यात्राको एउटा सीमा छ। यो यात्रा यद्यपि अनन्त छ, तथापि मानिसको शरीरमा अवस्थित भएर यस यात्राको अनुशरणमा प्रवृत्त हुनाले एउटा परम अव्यक्तको ढोकामा पुगेर स्तम्भित बन्नु अपरिहार्य छ। अत्यन्त नै सूक्ष्मदर्शी खष्टीय अध्यात्मविद् योगीले– कतै कतै यसकारण God देखि Godhead लाई फरक गरेर विश्लेषण गर्ने कोसिस गरेका छन्। अव्यक्त सदा अव्यक्त नै रहन्छ। त्यसलाई व्यक्त गर्ने जति सुकै चेष्टा गरे पनि, चरम स्थितिमा अव्यक्त अव्यक्त नै रहने गर्छ। "यतो वाचोनिवर्त्तन्ते अप्राप्य मनसा सह।" खास गरेर, तान्त्रिक शास्त्र यथार्थमा गुह्य-तत्त्वको प्रतिपादक छ, यसकारण यस मार्गमा धेरै टाढासम्म जान समर्थ भएको हो, यस्तो लाग्छ। अन्य शास्त्रहरूमा पनि स्थान-विशेषमा यसको परिचय पाइन्न, यस्तो कुरो होइन। साधारण दृष्टिले परम शिव-अवस्था नै पूर्णत्वको प्रतिपादक चरम अवस्था हो, यस्तो आगमशास्त्रमा मानिएको छ। शिवभक्त अभिव्यक्त प्रकाशको भाव हो– यही परम प्रकाश हो, जसको सहाराले सबैकुरो प्रकाशित हुने गर्छ र सबै कुरो नहुँदा पनि जो स्वप्रकाश हो, यस नाताले आफैमा नै निरन्तर प्रकाशमान रहन्छ। यस प्रकाशको जुन आत्मा विश्रान्ति यानी अहम्‌रूपमा विमर्शन छ, त्यही शक्ति हो। शक्तिको स्फुरणले नै विश्वको उदय हुन्छ– यति मात्रै होइन, विश्वको स्थिति र लय पनि शक्तिको स्फुरण-सापेक्ष्य हो। यसकारण समग्र प्रकाशमा विश्वको आभाष देखा पर्दछ। यो आभास अहम्‌रूपमा लिने या इदंरूपमा, यो अलग कुरा हो– तर, यस आभासको सत्ता नै महाप्रकाशलाई आभास-रूपमा निर्देश गर्दछ। आभास नरहनाले यो प्रकाश निराभासरूपमा प्रकाशमान हुने गर्छ।

महाप्रकाशरूपी पूर्ण अहम्‌को स्वतन्त्र-कल्पित इदंरूपी बाह्य सत्ता सबभन्दा पहिले शून्य रूपमा अर्थात् शून्यातिशून्य-रूपमा प्रकाशित भएर क्रमशः स्तर-स्तरमा अनन्तभावमा आत्मप्रकाश गर्दछ। यस विश्वातीत र विश्वमयपूर्ण परम शिवसत्ताको अन्तरालमा या पृष्ठभूमिमा के छ, हामी शास्त्र र गुरुशक्तिको सहायताले त्यसैको केही धारण गर्ने प्रयत्न गर्दछौं। समान्यतयाः यो गुह्य तत्त्वको आवरण-उन्मोचन जस्तो लाग्न सक्छ, तर वास्तवमा जेजति

प्रकृत गुह्य तत्त्व छ, त्यसको आवरणको उन्मोचन गर्न सकिन्न । यस विश्लेषणमा जुन क्रम उपलब्धिमा आउँछ, त्यो क्रम कालगत होइन, बोधको क्रम मात्र हो । यस क्रमलाई नलिनाले चैतन्य आफ्नो अन्तरको अनन्त विचित्रको केही अंशलाई सचेतन भावले धारण गर्न सक्दैन । ब्रह्म सचिदानन्द-स्वरूप हो, यो शास्त्रमा प्रसिद्ध छ । सतभाव असत्‌भावबाट अलग भएर सन्मात्र रूपमा मौजुद रहन सक्छ, र फेरि चिद्‌भावको साथमा अभिन्न रूपमा पनि आत्म-प्रकाश गर्न सक्दछ । यसै गरी, चिद्‌भाव आनन्दको अतीत परमात्मामा विराज गर्नसक्छ र यसको विपरीत आनन्दबाट अभिन्न भएर पनि आत्म-प्रकाश गर्न सक्छ । पूर्णत्वको जुन गम्भीरतम स्थिति छ, त्यो सत्, चित् र आनन्द कल्पित हुन सक्दैन । यस दृष्टिले हेर्दा यो चिद्‌भाव पूर्ण सत्यको बहिरङ्ग भावको आदि-प्रकाश हो । तान्त्रिक साहित्यमा यस चिद्‌भावलाई 'अनुत्तर' भनेर अभिहित गरिएको छ । सत्‌बाट निज सत्ता चित्तरूपमा निकल्नाले चित् प्रतिष्ठा-लाभ गर्दछ । यसको फलस्वरूप चित् आफ्नो सत्ताबाट आंशिक रूपले निस्किएर आनन्दरूपमा स्थितिलाभ गराउँदछ । तर, यहाँ यो स्मरण राख्नै पर्छ, जो शुद्ध सन्मात्र हो, ऊ एकातिर निस्पन्द हुँदाहुँदै पनि अर्कोतिर स्पन्दन-रहित होइन । यो स्पन्दन बाहिरी स्पन्दन हो, जसबाट प्रभावले सत् चित् रूपमा प्रकाशित हुन्छ । अन्तःस्पन्दनलाई स्वीकार गर्दा पनि त्यो आलोचनाको योग्य हुन्न । चित् आदि प्रत्येक स्थितिमा अन्तः स्पन्दन र बहिःस्पन्दन– दुवै नै समान रूपले मौजुद छ । यसकारण, स्पन्दनवशतः चित् जस्तो आनन्दको अभिमुख हो, त्यस्तै नै अर्कोतिर ऊ सत्‌को पनि अभिमुख हो । ठीक यसै गरी परम सत्यमा पनि चित् र आनन्द– यी दुवै अंशहरूमा यो द्विविध स्पन्दन गेहीत हुने गर्छ । चित्‌को बाहिर स्पन्दनको फलस्वरूप जब अर्को चित् आविर्भूत हुन्छ, तब बहिर्मुख पहिलो चित् उस्को अर्को चित्‌मा आफूलाई, यानी आफ्नो प्रतिविम्बलाई, देख्न पाउँछ र देखेर उसलाई आफ्नो सत्ताका रूपमा चिन्न सक्छ । यसैको शास्त्रीय नाम आनन्द हो । वास्तवमा, यो अलग केही होइन, आफ्नो सत्ता नै हो । चित् जसरी सत्‌बाट पृथक् हुँदैन, तर पनि पृथक् छ, त्यसैगरी आनन्द चित्‌भन्दा पृथक् होइन, तर फेरि पनि उसलाई पृथक् जस्तै बुझ्नुपर्दछ । चित्तको शास्त्रीय नाम अनुत्तर हो । सम्पूर्ण वर्णहरूमा वर्णमालाको प्रतीक अग्रभूत 'अ' बाट अनुत्तरलाई नै लक्ष्य गर्ने गरिन्छ । त्यसैगरी 'आ'– यो वर्ण आनन्दको प्रतीक हो । यो सत्, चित् र आनन्द अखण्ड रूपले गृहीत हुँदा पनि

एउटा अद्वैत ब्रह्मरूपमा आफ्नो नजिक आफै प्रकाशित हुने गर्छ । यो ब्रह्मसत्ता निरंश हो, तब पनि बुझ्नका लागि– सन्मात्र, जो सधैं अव्यक्त र अव्याकृत छ– यो चिरनिगूढ र सत्यको गम्भीरतम स्थिति हो ।

सत्यको आश्रय लिएर उसको प्रकाश चित्‌रूपमा विराजमान छ– यो चित्त वास्तवमा चित् शक्तिको स्वरूप हो र यो जब आफ्नो अधिमुख हुने गर्छ तथा अनुकूल संवेदन-रूपमा प्रकाशमान हुने गर्छ, तब यो आनन्द-रूपमा परिचित हुने गर्छ । यो आनन्दह्लादिनी शक्ति-स्वरूप हो । चित् सत्तामा एक नै एक मात्र छ, अर्को कोही छैन । तर, आनन्द-सत्तामा एक नै अर्को भएर आफ्नो साथमा आफै खेल गर्दछ । जुन अवस्थाको कुरा गरिएको हो, त्यो सृष्टिभन्दा पहिलेको अवस्था हो, सृष्टिको सम्पूर्ण सामग्रीको अभिव्यक्तिको पूर्वावस्था हो । यसैबाट आनन्द हुने हुँदा 'श्रुति'को भनाइ रहेको छ– "आनन्दादेव खल्विमानि भूतानि जायन्ते ।" युगल भावविना आनन्द हुँदैन र आनन्दविना सृष्टि हुँदैन । बृहदारण्यक उपनिषद्‌मा छ– "स एकाकी न अरमत । नआत्मानं द्विधा अकरोत्" आदि । यही आत्मरमण हो– आत्माराम अवस्था हो, जसको आस्वादन ब्रह्मविद्‌गण गर्ने गर्दछन् । फोहोराबाट जसरी जलकण निरन्तर उच्छ्वसित भएर निस्किरहन्छ, आनन्दरूप झरनाबाट त्यसैगरी निरन्तर आनन्दको कण उच्छ्वसित भएर बाहिरतिर निस्कन्छ । यथार्थ यही हो– बाह्य नामको कुनै चीज छैन, तर एउटा कल्पित बाह्य सत्तालाई प्रतिभास रूपमा मान्ने गरिएको छ । वास्तवमा आनन्दको सूक्ष्मकणको आनन्दको मूल झरनाबाट निस्कनासाथ त्यो एउटा आवरणबाट आच्छन्न भइहाल्छ, आफ्नो अन्तरको आनन्द-सत्तालाई फेरि अनुभव गर्न सक्दैन । शास्त्रीय परिभाषामा यही इच्छाको विकास हो । यसको प्रतीक हो 'इ' । इच्छाको जुन विषय हो, त्यसैलाई इष्ट भनिन्छ– यो अरू केही होइन, आनन्द नै हो ।

किनभने, इच्छा-मात्रले नै आनन्द चाहन्छ र आनन्द पाएपछि नै इच्छा आफू-आफैमा विलीन हुने गर्छ । यो वास्तवमा आनन्दको खोज हो यो खोजेर त्यसलाई निकाल्ने शक्ति हो । यसकारण, सम्पूर्ण जगत्‌को अन्तःस्थलमा अनेकन अन्वेषणको एउटा भाव रहेको छ । अणु-परमाणुबाट सूर्यमण्डल अथवा नक्षत्र-मण्डलसम्म । स्थूलको कारण जगत्‌सम्म, सर्वत्र, प्रकट रूपबाट होस्, चाहे प्रकट रूपले, एउटा अदृश्य आकाङ्क्षाको रूप पाइन्छ । यो अरू केही होइन, कुनै हराएको धन पाउने आन्तरिक आकाङ्क्षा हो । आनन्दप्राप्ति

नहोउन्जेलसम्म अन्वेषणको विराम हुन्न, यसकारण इच्छाको पूर्ति पनि हुन्न, यसकारण पूर्णत्व पनि प्राप्त हुन्न। यो आनन्द रूप इष्ट वस्तु अहिले पनि अमूर्त अवस्थामा विद्यमान छ। इच्छाशक्ति जब घनीभूत हुने गर्छ या संवेगबाट स्पन्दित हुन्छ, तब ईशन-शक्तिको उदय हुन्छ। 'ई' प्रतीक रहेको ईशन-शक्ति नै त्यस शक्तिको प्राण हो। वास्तवमा यो इच्छाबाहेक अरू केही होइन। यो इष्ट वस्तु सम्पूर्ण एषणीय यानी इच्छाको विषयीभूत हो। यसो त, इच्छाशक्ति ज्ञानशक्तिको रूप धारण गर्दछ। यो ज्ञानशक्तिको अर्को नाम उन्मेष हो, जसको प्रतीक हो 'उ'।

उन्मेषरूपा त्रानशक्ति आफ्नो विषय ज्ञेय सत्तालाई प्रकाश गर्दछ। ज्ञानशक्ति 'उ' कारबाट वर्णित हुन्छ र यसको विषय ज्ञेय 'ऊ' कारद्वारा वर्णमालामा जोडिइरहन्छ। यो 'ऊ' वास्तवमा 'उ'को नै घनीभूत अवस्था हो। शास्त्रीय परिभाषामा यसलाई 'ऊनता' या 'ऊनि' भनिन्छ। पानीबाट वरफ स्वरूपतः अभिन्न छः वरफ घनीभूत हुनाको कारण पानीबाट फरक लाग्दा लाग्दै पनि वास्तवमा पानी नै हो र पानीबाट बरफ उत्पन्न भएर पानीको आश्रय गरेर नै रहन्छ। हो यस्तै गरी, जुन समयमा हामी ज्ञेय भन्छौँ यानी ज्ञानको नै मूर्त अवस्था हो र ज्ञानबाट नै उद्भूत भएर ज्ञानको नै आश्रय लिएर आत्मप्रकाश गराउँदछ। अविद्या निवृत्त भएपछि त्यो ज्ञानभन्दा पृथक् लाग्दैन। न अविद्याको बारेमा यहाँ भनिएको छ, जसको प्रभावबाट ज्ञानबाट ज्ञेय पृथक् हुने अवस्था उत्पन्न हुन्छ, शास्त्रअनुसार त्यो क्रियाशक्तिको अर्को नाम हो। यस क्रियाशक्तिबाट ज्ञानबाट ज्ञेय पृथक् हुने गर्छ। जब बरफको टुक्रा पानीबाट अलग हुन्छ, जब पानीबाट बरफ पृथक् रूपमा प्रतीतिगम्य हुन्छ, तब बुझ्नुपर्छ– अविद्या-रूपी क्रियाशक्तिको खेल आरम्भ भयो। वर्णमालामा यस क्रियाशक्तिको प्रकाशक वर्ण चार छन्– ए, ऐ, ओ, औ।

अस्फुट, स्फुट, स्फुटर, स्फुटम– क्रियाशक्तिको यी चार अवस्थाहरू ए, ऐ, ओ, औ स्वरवर्णबाट घोतित हुन्छ, क्रियाशक्तिको खेल जब सम्पूर्ण तागतले सम्पन्न हुने गर्छ, तब क्रियाको निवृत्ति हुन्छ। स्थूल रूपमा यो शक्ति या कला पाँच भागमा बाँडिइन्छ– चित्, आनन्द, ज्ञान, इच्छा र क्रिया। प्राचीन विद्वान्हरूले शिव या परमेश्वरको पञ्चमुखको कल्पना गरेर यसै पञ्चशक्तिलाई नै सङ्केत गरेको छ। यस पञ्चशक्तिमा चित्त र आनन्द स्वरूप-शक्तिको अन्तर्गत छन्। आपेक्षिक दृष्टिले इच्छा, ज्ञान र क्रिया बहिरङ्गी शक्ति त्रिकोण-रूपी विश्वयोनि

या महामाया हो। मूलमा भने पञ्चशक्ति नै शक्ति हो। जसलाई स्वरूप भनिन्छ, त्यो पनि शक्ति हो।

श्रुतिको भनाइ रहेको छ– 'अस्ति इति व्रु वतो अन्यत्र कथं तदुपलभ्यते' यही भनेर त्यस पराशक्तिलाई स्तव गरेको छ। यो जुन शक्तिको प्रवाह छ, त्यो स्पन्दनको बहिःप्रवाह हो। प्रत्येक स्थितिमा नै एउटा अन्तःप्रवाह छ– जस्तो, सृष्टिमुखी गति बहिर्मुख र प्रलयको गति अन्तर्मुख हो, जस्तो बाहिरतर्फ ईक्षण बहिर्मुख, तर स्वरूपको प्रति ईक्षण अन्तर्मुख हो। तर यस्तो पनि स्थिति छ, जहाँ अन्तर्मुख हुन्न, बहिर्मुख हुन्न। यस्तो वाणीको अगोचर हो। अतएव, 'अ'बाट 'उ' सम्म जुन धारा हो, तर क्रियाशक्तिको पूर्णताको साथ साथै वहिर्मुख धाराको अवसान हुने गर्छ, र तब स्वभावतः नै बहिर्मुख धाराको अभिव्यक्ति हुने गर्छ। प्रवृत्तिको धारा अवनिवृत्तिको धारामा परिणत भयो। अनि ती सम्पूर्ण पृथक्-पृथक् अवभासमान शक्ति एकीभूत भएर समष्टिभावापन्न भई बनेको एकीभूत अवस्थाको अर्को नाम विन्दु हो। विन्दुको अभिव्यक्ति हुनाले यो स्वभावतया नै 'अनुतर' अथवा 'अ' कारलाई आश्रय बनाएर प्रकाशित हुन्छ। किनभने, 'अ' कार नै चित्तशक्ति या अनुत्तर हो। 'तस्य भासा विृमिदं विभाति'। यसको नाम अङ्कार अर्थात् विन्दु-संयुक्त अनुत्तर हो। बहिः स्पन्दनको वेगभन्दा अघि जुन आविर्भाव हुने गर्छ, यो सन्मात्र या अव्यक्तबाट हुने गर्छ। चित्त या 'अ' कारवाट निस्किएको बहिर्मुख धाराको अवसान 'औ' कारमा नै अर्थात् चित्तशक्तिवाट क्रियाशक्तिसम्म पञ्चशक्तिको आविर्भाव पूरा भयो। अब अनुत्तर पञ्चशक्तिबाट समान्वित भयो यानी विन्दुबाट युक्त भयो। अब जुन सृष्टि हुनेछ त्यो 'अं' बाट हुनेछ, 'अ' बाट होइन। पहिले सृष्टि बेन्दव सृष्टि थियो, अब यो एउटा विन्दुवाट बाँडिएर आफूलाई दुई विन्दुहरूमा परिणत गराउँदछ। यसैको अर्को नाम बिमर्स हो– अब जुन सृष्टि हुनेछ, वैसर्गिक सृष्टि हुनेछ।

यो वैसर्गिक सृष्टि यथार्थतः व्यञ्जनवर्णको सृष्टि हो– तान्त्रिक परिभाषामा यही तत्त्व-सृष्टि हो। 'क' देखि 'ह' सम्मका व्यञ्जनवर्ण विभिन्न तत्त्वहरूका द्योतक प्रतीक मात्रै हुन्। यी तत्त्वहरूका अभिव्यक्त हुनाले जब तत्त्व-सृष्टिको अवसान हुने गर्छ, तब बुझ्नुपर्ने हुन्छ, 'ह' कारसम्म सृष्टि भइसकेको छ। वैन्दव सृष्टिको समय कला या शक्तिहरू जसरी वहिर्मुख वृत्तिपछि अन्तर्मुख गतिले विन्दुरूप धारण गरेर 'अ' कारदेखि संयुक्त भएको छ, यहाँ पनि त्यस्तै नै 'अ' कारदेखि 'ह' कारसम्म सृष्टि-प्रत्यावर्तन–क्रमबाट अहम्भावमा पर्यवसित

हुने गर्छ । कला-सृष्टि र तत्त्व-सृष्टिको अवसान पूर्ण अहम् हो, किनभने यसको प्रतियोगी अर्को अहम् छैन । सन्मात्र अवस्थामा भने अहम् हुन्न र शक्ति या कला सृष्टि जहाँ समाप्त भएको हुन्छ, त्यहाँ पनि अहम् हुन्न । तत्त्व-सृष्टि सम्पूर्ण भएपछि हुने पूर्णाहं नै शिवावस्था हो, जसको साथमा अभिन्न रूपमा परमाशक्ति रहेको हुन्छ । हामी जसलाई सृष्टि भन्दछौं, त्यो यही परम शिवबाट नै हुने गर्छ । तर यीनको यो सूक्ष्म अवस्था हो– एउटा स्थूल अवस्था पनि हो । अहम्भावबाट पहिले इदंभावको विकास हुने गर्छ, तब विश्वसृष्टिको सूचना बुझ्नुपर्दछ ।

यस इदंभावको आविर्भावभन्दा पहिले अहम् नै अनन्त अहम्रूपमा आत्मप्रकाश गराउँदछ । तब 'सर्व खल्विदं ब्रह्म'– यस श्रुति-वाक्यको सार्थकता हुन्छ । यसपछि इदंभावको स्फुरण हुनाले सर्वशून्यरूप परम-आकाश आविर्भाव र प्रकाशित हुनु इदं सृष्टि हो । तर यो महासमष्टि-रूप हो । यतिबेलासम्म पनि कालको आविर्भाव भएको हुँदैन । कालको पूर्वाभास महाकालको सृष्टिमा पनि वास्तविक क्रम हुन्न । एउटा आन्तर क्रम छ अवश्य– यो वास्तवमा क्रम होइन, यसकारण त्यस समय अतीत, अनागत र वर्तमान– यी तीनवटा कालहरूका क्रिया रहन्न, प्रचलित कार्यकारण-भाव पनि रहन्न । अनन्त वैचित्र अवश्य रहन्छ, तर सम्पूर्ण सत्तामा सम्पूर्ण सत्ता अनुस्युत रहन्छ । यसपछि यस महासृष्टिबाट खण्ड-सृष्टिको आविर्भाव हुने गर्छ । यो सबै ऐश्वरिक सृष्टि हो– उनमा कालगत, देशगत, स्वरूपगत अनन्त वैचित्र छ । समष्टि-सृष्टि र व्यष्टि-सृष्टि यसै अन्तर्गतमा छ । महासमष्टि सृष्टिमा समष्टि-सृष्टिको झै कर्म, जन्म, मृत्यु, सृष्टि, प्रलय इत्यादि व्यापार हुन्न । अहिलेसम्मको प्रचलित धारणाअनुसार विश्वसृष्टि परमशिवबाट नै हुन्छ । यो युक्तिसङ्गत धारणा हो, यसमा शङ्का गर्नु हुन्न । वास्तवमा परमशिव-तत्त्व बुझ्न मानवीय भाषाबाट प्रकाश पार्न सकिन्न, तब पनि भगवदुपदिष्ट तन्त्रशास्त्रको दृष्टिअनुसार धेरै नै सङ्क्षेपमा त्यस अन्तराल अवस्थालाई आभास गराउने प्रयास गरिएको छ ।

२. शक्ति जागरण

तान्त्रिक साधनाको मूख्य लक्ष्य हो पूर्णत्वलाभ र पूर्णत्वलाभका लागि अपरिच्छिन्न शक्तिको साथ सदा संयोग रहनु आवश्यक रहन्छ । शक्तिको सङ्कोचले नै जीव अपूर्णता या बन्धनमा पर्छ र शक्तिको विकासमा नै उसको

पूर्णता या मुक्ति हो। दीक्षाबाट सद्गुरु जीवको यस प्रसुप्त शक्तिलाई जगाई दिन्छ। मनुस्य जीवनको वास्तविक उद्देश्य के हो, मनुष्य जीवनमा यो प्रश्न स्वाभाविक रूपमा आउने गर्छ। मनुष्यको प्रकृतस्वरूप के हो, यो थाहा पाएर उसको त्यस स्वरूपको उपलब्धिको बारेमा जानकारी गराउनु मनुष्यको कर्तव्य हो। धेरै मानिसको विचारमा, प्रकृतिको बन्धनबाट मुक्त भएर चित्तस्वरूप आत्माको आफ्नो स्वरूपमा प्रतिष्ठित हुनाले नै मनुष्य-जीवनको उद्देश्य सफल भएको हो। विवेक-ज्ञानको प्रभावले मनुष्यले जडबाट आफूलाई पृथक् रूपमा चिन्नु द्रष्टाको स्वरूप हो।

आफ्नो स्वरूपलाई यसप्रकार साक्षात्कार हुदा कर्म-बीज खाक बन्दछ। यस अवस्थामा शरीर रहँदैन यानी शरीरको बोध स्पष्ट रहन्न। देह-बीज खाक भएपछि अनि अभिनव शरीर धारण गर्नुपर्ने आवश्यकता पर्दैन। यस अवस्थालाई साधारणतः विदेह-कैवल्यको नामबाट अभिहित गर्ने गरिन्छ। योस्थिति प्राप्त हुँदा जन्म-मृत्युको स्रोतबाट सदाका लागि मुक्ति पाइन्छ। यस प्रकारको विदेह-कैवल्य-लाभ मनुष्य-जीवनको परम उद्देश्य हुन सक्दैन भन्ने मनीषिहरूका भनाइमा, मनुष्य परमेश्वरको स्वभावको हो। जीव वास्तवमा शिवबाहेक अरू केही होइन। यस मतबाट मनुष्य जबसम्म अन्तर्निहीत भगवत्तालाई जगाउन सक्दैन, तवसम्म उसको जीवन असम्पूर्ण रहनु निश्चित छ। शिव अथवा परमेश्वरले लीलाप्रसङ्गमा आफ्नो स्वतन्त्र-तागतले आफूलाई सङ्कुचित बनाएर पशुभाव यानी जीवभाव धारण गरेको छ। यस सङ्कोचको कारण पशु-अवस्थामा उनको स्वभाव धेरै नै सङ्कुचित हुने गर्छ।

यसकारण, उनको स्वभावसिद्ध षड्गुणता परिच्छिन्न हुने गर्छ। जीव-अवस्थामा अनेकन प्रकारका वासनाहरूले कलङ्कित हुनु स्वाभाविक हो। विदेह-कैवल्यमा यद्यपि यो सिमित सङ्कीर्ण भाव रहन्न, तब पनि अपरिच्छिन्न ज्ञानक्रिया-शक्तिको उन्मेष हुन सक्दैन। फलस्वरूप, यी सम्पूर्ण दिव्यगुणहरू पूर्ण विकास नहुनाले– कैवल्य-लाभमात्र गर्नाले मनुष्यको पूर्णत्व प्राप्त भयो, यस्तो भन्न सकिन्न। मूलमा भगवत्-शक्तिको चित्तशक्ति र आनन्दशक्ति-रूप हुँदा पनि वास्तवमा इच्छाशक्ति, ज्ञानशक्ति र क्रियाशक्ति त्यस मूल अव्यक्त शक्तिको नै प्रकाश मात्र हो। भगवान्‌को अनन्त शक्ति प्रधानतः चित्त, आनन्द, इच्छा, ज्ञान र क्रियारूपमा विभक्त छ। यसमध्ये चित्त र आनन्द उसको स्वरूपअन्तर्गत छ र इच्छा, ज्ञान र क्रिया उसको स्वरूपभन्दा अभिन्न हुँदाहुँदै

पनि प्रमाता-प्रमेयको सम्बन्ध-निबन्धन इच्छादि रूपमा नित्य समावेत भएर रहने गर्दछ। यो चित्तशक्ति मनुष्य-शरीरमा सबभन्दा अन्तरतम शक्तिरूपमा विराजमान छ। आनन्द यसै चित्तको नै स्वाभिमुख विश्राम-मात्र हो। स्वतन्त्रवश चित्त जसरी आनन्दरूपमा परिणत हुने गर्छ, त्यसैगरी आनन्दको वहिर्मुख उच्छालित हुनाले क्रमशः इच्छा, ज्ञान र सबभन्दा अन्तमा क्रियारूपमा परिणत हुने गर्छ। वर्णमातृकाअनुसार 'अ' हो अनुत्तर या चित्त-शक्ति, 'आ'– आनन्दशक्ति, 'इ'– इच्छाशक्ति, 'उ'– उन्मेषा या ज्ञानशक्ति र 'ए', 'ऐ', 'ओ', 'औ'– अस्फुट, स्फुट आदि विभिन्न क्रियाशक्ति। क्रियाशक्तिपछि शक्तिको अरू विस्तार हुँदैन। अनि यो प्रत्याहृत भएर अन्तरालवर्त्ती सम्पूर्ण शक्तिहरूलाई एकत्रित गरेर समष्टिभावले विन्दु-अवस्था प्राप्त गर्दछ र यो विन्दु अनुत्तर चित्तशक्तिले संयुक्त हुने गर्छ।

चित्तशक्तिसँग संयुक्त भएपछि यो विन्दु आफूलाई विभक्त जस्तो गरेर दुई विन्दुहरूमा आत्मप्रकाश गराउँदछ। यो नै विन्दुको विसर्गलीला हो। यस विसर्गलीलाको प्रसङ्गको प्रभावले 'ह' कारसम्म प्रसृत भएर अहम्भावको विकास गराउँछ। यस अहम्को प्रतियोगी रूपमा इदंभावको विकास अहिले पनि हुँदैन। इदंभाव नै विश्वको प्रतीक हो। शुरूमा स्वतन्त्रको प्रभावले अहम्बाट पृथक् नभएर पनि पृथक् रूपमा इदंको प्रकाश हुन्छ। इदंको यस प्रथम रूपलाई– महाशून्यको पनि अतीत परमशून्य मान्न सकिन्छ। महासमष्टि-सृष्टिबाट समष्टि र समष्टिबाट क्रमशः व्यष्टिको उदय हुन्छ। विभिन्न स्तरहरूमा विभक्त शून्य पछि बुद्धि, प्राण, मन, इन्द्रिय र विषय क्रमशः सज्ञान हो। यसको भीत्रबाट नै सृष्टिको वहिर्मुखीधारा बगिरहेको छ। चित्तशक्ति या अनुत्तरलाई अत्यन्त सूक्ष्म दृष्टिले हेर्दा यो अकुल-स्वरूपको आदिभूत कौलिकी शक्ति हो। यसै कुलशक्ति कुण्डलिनी नामले प्रसिद्ध छ। यही विसर्ग-शक्तिको सूक्ष्मतम रूप हो। सृष्टि तीन प्रकारको छ– भेद, भेदाभेद र अभेद। भेद, सृष्टि स्थूल हो, यसको नाम आणव विसर्ग हो। भेदाभेद-सृष्टि सूक्ष्म हो, यसको नाम शाक्त विसर्ग हो। परम या सूक्ष्मातिसूक्ष्म अभेद-सृष्टिको नाम शम्भव विसर्ग हो र यी तीनवटैमा स्थूल विसर्ग सङ्कुचित ज्ञानात्मक चित्तको विसर्ग मात्र हो। जुन स्फुरणमा भेदोन्मुख जाग्रत रहन्छ, त्यसमा प्रमाता-प्रमेय आदि सम्पूर्ण विश्व नै सृष्टिको विषयरूपमा प्रकट हुने गर्छ। सूक्ष्म विमर्शलाई चित्तको सम्बोध भनिन्छ। चित्त आफ्नो निष्कल रूपमा आत्मसमर्पण गर्न

उद्यत रहेको अवस्थामा अखण्ड प्रकाशमा सम्पूर्ण चराचरको आहुति भइरहेको छ, यस्तो लाग्ने गर्दछ। यही शक्तिको अवस्था हो। सूक्ष्मातिसूक्ष्म विसर्गमा चित्त रहन्न। आनन्ददायक अभेद अवस्थामा चित्त प्रलीन भइहाल्छ र मात्र संवित या चैतन्य नै रहन्छ। यो विसर्गशक्ति अखण्ड प्रकाशको पराशक्तिको नामबाट परिचित छ। यो प्रमाताको साथमा अभिन्न रूपमा रही रहेको हुन्छ। अत्यन्त सूक्ष्म इच्छारूपमा रहेको यसलाई कामकला-विज्ञानमा कामकलाका रूपमा ग्रहण गर्ने गरिन्छ। कामकलाको स्वरूप तत्त्वसृष्टिको पूर्वावस्थाको कुरा हो। यो कुरा जब बाहिरतिर उन्मुख हुन्छ, तब यसलाई विसर्ग भनिन्छ। यसको कारण हुने क्षोभको पूर्वावस्था हो 'अ', परावस्था हो 'आ'। 'अ' चित्तशक्ति हो र 'आ' आनन्दशक्ति, जो बिस्तारै-बिस्तारै क्रियासम्म विस्तार पाएर यस बाहिरी उल्लाससँग खेल्दै रहन्छ। यही पराशक्ति 'अ'को नाम सप्तदशी कला अमा हो।

नित्य उदित हुने यही अमृत कला अन्तःकरण आदि षोडश कलाहरूलाई आप्यायन गराउँदछ। विसर्ग दुइ वटा छ। जो पर विसर्ग हो– त्यही आनन्द या 'आ' र जो अपर विसर्ग हो– त्यही 'ह' हो। यी दुई विसर्गहरूका दुइ विन्दुहरूका गतिबाट अर्थात् दुइ विन्दु अवभासनपूर्वक प्रसेत भएर अमाकला उल्लसित हुने गर्छ। यानी 'अ' ती-ती अवभासनपूर्वक इच्छाबाट बाहिरतिर प्रवाहित भइरहन्छ। प्रमाता, प्रमाण र प्रमेय यस अमाकलासंग अभिन्न छन्। यो अमाकला जब विसर्गात्मक हुन्छ यानी जब यो वहिर्मुख रहन्न, तब यसलाई शक्ति-कुण्डलिनी भनिन्छ। यो प्रसुप्त भुजंगाकार स्वात्म-मात्र विश्रान्त परासंवित हो।

विसर्गको दुवैतिर दुइटा कुण्डलिनी छन्। आदि कोटिमा जुन कुण्डलिनी छ, त्यो वहिर्मुखमा संवित प्राणरूपमा प्रकाशित हुनेहुँदा यसको नाम प्राणकुण्डलिनी हो। अन्तिम कोटिमा जुन कुण्डलिनी छ, त्यसको नाम हो परा कुण्डलिनी। यही आत्मविश्रान्त परा संवित हो। यो अन्तर-उन्मुख सप्तदशी कला शिवव्योम, परब्रह्म अथवा शुद्धात्म स्थानका रूपमा वर्णित हुने गरेको छ। यदि संविदबाहेक अरू केही पनि नहोस्, तब पराशक्ति कस्को सृष्टि र संहार गर्न सक्छ, यो सोच विचार गर्ने कुरा हो। हामी जुन अवस्थाको कुरा गरिरहेका छौं, त्यहाँ माया, प्रकृति आदि फरक उपादानका लागि ठाउँ छैन। जो कोही पनि प्रमाता-प्रमेय सृष्टि किन नहोस्, सबै आफ्नो स्वरूपबाट अभिन्न छ।

यो स्वतन्त्र पूर्ण चैतन्य शक्ति क्रमशः 'अ' देखि 'ह' सम्म स्फुरित हुने गर्छ। मनुष्य-शरीरमा सुषुप्त रूपमा यो कुण्डलिनी शक्ति विद्यमान छ। यो

सुप्त शक्ति जाग्रत भएर क्रमिक उत्थानको कालमा मनुष्यको विकासको परिपन्थी सम्पूर्ण विकल्पज्ञान उपशमित हुन्छ । चक्र पछि चक्र भेदको यही उद्देश्य हो । केही चक्रहरूका भेदपछि आत्माको तृतीय नेत्र मलशून्य भएर स्वच्छ र प्रसन्न रूप धारण गराउँदछ ।

विकल्प-समूहको निवृत्तिको समय ज्ञाननेत्रको उन्मीलन हुन्छ र शिवोऽहं रूपमा आत्मस्वरूपको साक्षात्कार हुने गर्छ । शिवरूपी आत्मा सृष्टिको आदिमा जब पशु बनेको थियो, तब मातृकाको सहायताले नै ऊ आफ्नो स्वरूप गोपन गर्नमा समर्थ भएको थियो । मातृकाहरू स्वाभाविक स्वरूपमा 'अ' देखि 'ह' सम्म उल्लासित हुन्छ । यही उल्लास अहन्तारूपी महाशक्तिको प्रकाश हो, जसमा सम्पूर्ण शक्तिहरू समावेश रहन्छ । पशु वन्ने समयमा यो उल्लास खण्ड र विषम भावमा परिणत हुने गर्छ । यसकारण पशुगत अनन्त प्रकारका प्रकृतिको विकास हुने गरेको हो ।

पशुको ठाउँमा शिवभाव आच्छन्न हुने गर्छ र स्वतन्त्रको सट्टामा परतन्त्र आउँछ । वास्तवमा शिव आफ्नो शक्तिद्वारा व्योमोहित भएर नै पशु बन्दछ र पशुभावको त्यागको साथ साथै शिवभावको उन्मेष देदीप्यमान हुने गर्छ । तन्त्रमा छ– 'शब्दाशिसमुत्थस्य शक्तिवर्गस्य भोग्यताम् । कला-विलुप्त-विभवो गतः सन् सः पशुः स्मृतः ।' आत्माको जुन ऐश्वर्य छ, त्यसको तात्पर्य हो– त्यसमा सम्पूर्ण वर्ण अन्तर्निहित छ । पूर्वोक्त कालको प्रभावले, विषम स्फुरणबाट, आत्माको यो स्वाभावक ऐश्वर्य लुप्त हुने गर्छ । त्यसैगरी यो आत्मा दीनता प्राप्त गर्दछ, आफ्नो स्वरूपबाट सम्भूत शक्तिवर्गको अधीन हुने गर्छ । कुण्डलिनी प्रबुद्ध हुनाले चित्शक्ति आफ्नो संवित् रूप मात्र प्रकाश गर्दछ । यो धेरै नै प्रबल अग्नि-स्वरूप हो । यसैलाई चिदग्नि भनिन्छ । यसको जागरणको मूलमा प्राण र अपान शक्तिहरूको साम्य-स्थापन बुझ्नुपर्छ । र प्राण तथा अपानले यहाँ सम्पूर्ण विरुद्ध शक्तिहरूलाई बुझ्नुपर्ने हुन्छ । विरुद्ध शक्तिहरूको साम्यभावको नाम नै समान वायुको क्रियाको फल-प्राप्ति हो । साधकको मन र प्राण जाग्रत कुण्डलिनी रूप अग्नि शक्तिसंग एकीभूत शक्तिद्वारा शरीरमा रहेको ६ वटै चक्रहरूलाई आयत्त गराउनुपर्ने हुन्छ । यी ६ चक्र पञ्चभूत र चित्तको प्रतीक हो ।

यी ६ चक्रहरू क्रिया हुनुको तात्पर्य नै पञ्चभूतको शोधन र त्यसको साथमा चित्तको शोधन हो । वास्तविक रूपमा यी ६ चक्र भौतिक चैत्य संस्कारको विकल्प-जालको प्रहार-क्षेत्र हो । यी चक्रहरूको जाग्रत कुण्डलिनीरूप

चैतन्य शक्तिबाट आपूरित गराउनुपर्ने हुन्छ। सृष्टि क्रममा विन्दु नाद, कला यानी मातृका– यी तीन स्तरहरूको परिचय पाइन्छ। यसबाट कमल पत्रका रूपमा मातृका-वर्ण रश्मिका रूपमा नादको स्थान-अधिकारमा लिएको छ। सबैको अन्तमाकमलको कर्णिकाबाट विन्दु-रूपमा चक्रेश्वर र चक्रेश्वरीको आसन छ। जाग्रत चित्तशक्ति जाग्रत भएर गर्ने आक्रमण पहिले मूलाधार-चक्रमा हुन्छ। फलस्वरूप चक्रस्थित चार वर्ण त्यस चिदाग्निको प्रभावले पग्लिएर प्रदक्षिणाको क्रममा बगिरहन्छ। यो धारा आफ्नो प्रभावले एक-एक गरेर चारवटै वर्णहरूलाई जगाएर आफूमा मिलाएर महाविन्दुतर्फ तिव्र या मन्द वेगले अग्रसर भइरहन्छ। प्रत्येक चक्रको विन्दु अधःयर्ध्ववाही मध्यमार्ग या शून्य-पथमा पुग्दछ। वर्णनाद र विन्दु, प्रत्येक कमलमा विद्यमान छ। प्रथम कमलको विन्दु सम्पूर्ण कमललाई भेदनगरेपछि ब्रह्म-नाडीभन्दा माथिको आकर्षणको कारण चक्रमा प्रविष्ट भएर पहिले जसरी नै उसको वर्ण, नाद र विन्दुलाई गलाएर तथा आफ्नो साथमा मिलाएर पूर्ववत मध्यनाडीलाई एकभित विन्दु-पथमा ब्रह्मनाडीको ऊर्ध्व आकर्षणभन्दा माथितर्फ तानी रहन्छ। यसरी यो विन्दु पनि अन्य विन्दुहरूका साथ अभिन्न भएर जीव कल्याणका लागि क्रमशः मध्यनाडीतर्फ दौडन्छ। पञ्चभूतात्मक पञ्चचक्र र मनोनय षष्ठचक्र विध्वस्त भइहाल्छ। पञ्चभूत र योगीको चित्त शुद्ध भएर निर्विकल्प स्वच्छ प्रज्ञामा डुब्ने गर्छ।

आज्ञाचक्रभन्दा माथि दिव्यज्ञान केन्द्र वास्तवमा कुण्डलिनी शक्तिको नै उन्मेषित अवस्था हो। षट्चक्र भेदनपछि भ्रू-मध्यमा तलबाट सम्पूर्ण विकल्प तिरोहित भइरहन्छ। तब तालु-प्रदेशमा शरीरको अभिमान वर्धित भएर परम ज्योतिको आकर्षणबाट तानिएर क्रमशः अन्तरतम भावले महाशून्यमा सहस्रदल कमलको आभास देख्न पाइन्छ। भ्रू-मध्यबाट सहस्रारको मध्यविन्दुसम्मको स्तरहरू पार गरेर महाशक्ति महाविन्दुको परमशिवलाई आलिङ्गन गर्दछ। सुदीर्घकालको विरह पछि शिवशक्तिको यो महामिलन हुन्छ। तब कुण्डलिनीशक्ति कुण्डलभाव छाडेर दण्डरूप धारण गर्दछ र अन्तमा महाविन्दुमा परमशिवसंग सामरस्य प्राप्त गर्दछ। समान वायुको क्रियापछि उदान वायुको क्रियानिबन्धन कुण्डलिनीको ऊध्वगति निष्पन्न हुने गर्छ। यो ऊध्वगति वास्तवमा सहस्रसारमा परिसमाप्त नभएर ब्रह्मरन्धसम्म जान्छ। यसपछि अरू ऊर्ध्वगति हुँदैन। सङ्क्षिप्त रूपले आत्मा आफ्नो स्वरूपमा फर्कने इतिहास यही हो। र, तब

विश्वपिता, विश्वमाता, सन्तान एउटै महासत्तारूपमा आत्मप्रकाश गराउँदछ ।

कुण्डलिनी नजाग्दा परम लक्ष्य प्राप्तिको कुरा त टाढा, महापथमा पनि हिंड्न सम्भव हुँदैन । खण्ड कैवल्य मात्रै प्राप्त गरेर जन्म-मृत्युको भुँमरीबाट माथि उठ्नु– मनुष्यको लक्ष्य प्राप्ति होइन । आफ्नो सुतेको भगवत्ता जबसम्म राम्ररी जाग्दैन, तवसम्म मनुष्य-जीवनको वास्तविक सफलता कहाँ ? कुण्डलिनी नजागेसम्म चित्त र अचित्तको द्वन्द्व सकिदैन । विवेक ज्ञानको पथमा आरुढ हुने एउटा सोपान मात्रै हो ।

३. कुण्डलिनी तत्त्व

विषय साधना-जगत्को एउटा गम्भीर रहस्य हो । भाषाको माध्यमले कुण्डलिनी तत्त्वको सम्यक् आलोचना हुन सक्दैन । तव पनि, नगन्य नै सही आलोचना नगर्दा एउटा भ्रान्त धारणालाई स्थायित्वको अवसर दिइएको हुनेछ । पहिलेको समयमा बोधचक्षु : श्रीतात्पर्याचार्य देवले "संविदेव हि भगवती वस्तूपगमे नः शरणम्" भनेर जसको जय-घोषणा गरेका थिए, यहाँ पनि त्यही भगवती संविद्देवी नै वस्तुनिर्देशको पथ-प्रदर्शिका हुन् । जुन अनुभव-रसिक छ, त्यो शब्दको मोह छाडेर तत्त्वांशतर्फ लक्ष्य गर्नुपर्छ । सामान्यतया हामी प्रेम या स्वरूप निर्वचन या त्यसको पुरुषार्थत्व-निर्णयको बारेमा कुनै आलोचना नगरौं । पञ्चम पुरुषार्थवादी सम्प्रदाय धेरै प्राचीन समयदेखि नै छ । ज्ञानको अभावमा मुक्ति हुन सक्दैन– जो भक्तिवादी छ, उनले पनि कुनै न कुनै प्रकारले यसलाई स्वीकार गर्नुपरेकै छ र मत्स्येन्द्रनाथ, गोरक्षनाथ आदि हठमार्ग-प्रवर्तक नामाचार्यगण तथा आगमविद्गणको भनाइमा– मूलाधारमा सुषुप्त अवस्थामा रहेको कुण्डलिनी-शक्तिलाई जाग्रत नगरेसम्म कर्म, ज्ञान या भक्ति, कुनै पनि मुक्ति या अनर्थ-निवृत्तिको उपाय-रूपमा परिणत हुन सक्दैन । जुन कर्म ज्ञान या भक्ति कुण्डलिनी शक्तिको जागरणमा सहायता गर्छ, त्यही यथार्थ कर्म, ज्ञान या भक्ति हो– त्यही कर्मयोग, ज्ञानयोग र भक्तियोग हो । यसको अभावमा कर्म आदि व्यर्थको प्रयास हो । यहाँ यो प्रश्न छ : यो कुण्डलिनीवाद नवीनवाद-विशेष हो या नित्य सत्य हो ? सम्प्रति यस्तो लाग्दछ, यस तत्त्वले पौरस्त्य दर्शनशास्त्रमा कुनै खास समयमा कारणवश स्थान पाएको छ । तर, मूलतः यो वैदिक सिद्धान्त होइन र वेदानुकूल दर्शनशास्त्रमा यो अपनाइएको पनि छैन । कतिसम्म भने पातञ्जल योगशास्त्रमा कुण्डलिनी या षट्चक्र

आदिको उल्लेख भएको देख्नसम्म पाइन्न। कसै कसैको मान्यतामा यो तन्त्रको निजस्व हो। हठयोग र अक्षर-उपासनाको जुन समय एउटा आन्दोलनको सूत्रपात भएको थियो, त्यही समयदेखि यसको प्रधानता कायम भयो।

र, कतिपयको विचारमा, कुण्डलिनी-योग एउटा उपाय-विशेष हो– यसको सहारा नलिए पनि, अर्को उपायबाट पनि मोक्ष प्राप्त गर्नु सम्भव छ। यस्ता सम्पूर्ण संशय कुण्डलिनी तत्त्वको सम्बन्धमा जानकारी नहुनुको परिणाम हो।[ड.] 'वाग् वैखरी शब्द झरी'तर्फ मात्र लक्ष्य गरेर उसको प्रतिपाद्य अर्थतिर उदासीन रहनाले यस प्रकारका व्यर्थका सन्देह जन्मिने गर्छ। सत्य-असत्य थाहा छैन, तर मेरो आफ्नो विश्वास भने– यी यसप्रकारका ग्रन्थमूलक वैकल्पिक ज्ञान हो, जसबाट हाम्रो सम्पूर्ण मत-वैषम्यहरू जन्म भएको छ। कुण्डलिनी के हो ? त्यसको चैतन्य सम्पादन के हो ?– यो नबुझेसम्म यस सम्बन्धमा कुनै पनि आलोचना फलप्रद हुनेछैन। कुण्डलिनीको अर्को नाम आधारशक्ति हो– जुन शक्ति सम्पूर्ण पदार्थहरूलाई आश्रय दिएर सम्पूर्ण पदार्थहरूको मूलसत्ताका रूपमा कायम छ। यसको चैतन्य-सम्पादन गर्नाले यो निराधार रहेको बुझ्न सकिन्छ। कुण्डलिनी जब चैतन्यमय हुने गर्छ, तब विश्व-ब्रह्माण्ड नै चैतन्य-रूप धारण गर्दछ। अतः जसलाई कुण्डलिनी जाग्नु भन्दछौँ, त्यो र 'सर्व खल्विदं ब्रह्म' यो श्रुति-निर्दिष्ट सर्वत्र ब्रह्म साक्षात्कार या ब्रह्मयता-अनुभवको साधना, एउटै कुरा हो। यो जागरण क्रमशः हुने गर्छ। जव जागरण पूर्ण हुन्छ जब निद्रा लेशमात्र पनि बाँकी रहन्न, तब परिपूर्ण अद्वैत सिद्धि-लाभ हुने गर्छ, त्यसभन्दा अघि द्वैतस्फूर्ति अवश्यम्भावी छ। तन्त्रशास्त्रमा यसैलाई पूर्णाहन्ता भनिएको छ। मूल वस्तु परम साम्यावस्था-स्वरूप हो। यसमा नामरूपको कल्पना हुन सक्दैन, यसको चिन्तन छैन, वर्णन छैन– यो अवाङ्मनसगोचर हो। र फेरि सम्पूर्ण नामरूप, चिन्तन र वर्णनको– सङ्क्षेपमा समग्र विश्वको– यही मूल हो। यसलाई तत्त्व र तत्त्वातीत दुवै नै भनिएको छ।

ड. The six Centres and the Serpent Power नामक ग्रन्थमा Arthur Avalon ले भनेका छन्– But whereas the Jnan Yogi affortrs Svarupa Jnan by his mentel efforts without rousing Kundalini, the Hatha Yogi gets this to Jnan through Kundalini Herscif (p.201). ज्ञानयोगी श्रवण-मननादि जुन कुनै उपायवाट पनि अवलम्वन किन नगरोस्, कुण्डलिनी चैतन्य नगर्नाले स्वरूपको ज्ञान प्राप्त हुन सक्दैन। यो ध्रुव सत्य हो।

'परमं साम्य' उपनिषद्को 'पूर्ण' (The Absolute) हो। विश्वात्मक पक्ष मिथ्या हो र विश्वातीत नै सत्य हो भन्ने वीचार कसैले पनि बनाउन हुन्न। लक्ष्यभेदवशतः जीव परम पदार्थलाई जुन सुकै स्थितितर्फ लैजान सक्छ। यो विश्वको जुन दिक् छ– यही 'अपर' साम्य हो। यही विन्दु हो– महाविन्दु। यो शिव र शक्ति, ब्रह्म र माया, पुरुष र प्रकृति समरस छ– एकाकार छ। यहाँ अनन्त विचित्र छ, तर सवै एकाकार। जब यो साम्यभङ्ग हुन्छ अर्थात् स्तरअनुसार विश्वको आविर्भाव हुने गर्छ, तव यो विन्दु नै शक्ति-अंशमा परिणाम-लाभ गराउँदछ र शिवांशमा साक्षी राख्दछ।

साक्षी अपरिणामीतर्फ एउटै, तर शक्ति क्रमशः स्तर-स्तरमा फिजारीरहन्छ। तर शक्तिमा प्रसारण र सङ्कोच– दुई अवस्था हुन्छ। साक्षीको उ होइन– साक्षी प्रत्येक दशाको निरपेक्ष द्रष्टा-मात्र हो– अर्थात् यो जसरी केन्द्रस्थ आत्मभावापन्न मूल या साम्यमयी शक्तिको द्रष्टा हो, त्यसैगरी प्रसारण र सङ्कोच नामक अवस्थाद्वयको पनि द्रष्टा हो। शक्तिको प्रसारलाई सृष्टि भनिन्छ, सङ्कोचनको संहार। प्रसार र सङ्कोच दुवैको नै आदि र अन्त साम्यावस्था हो। बीचमा वैषम्य या कालचक्रको आवर्तन। सृष्टि र संहार अर्थात् प्रसार र सङ्कोच, शक्तिको स्वभाव हो, स्वधर्म हो, यसकारण अनपायी हो। यो प्रतिनियत भइरहेको छ। यो बहिर्गति र अन्तर्गति, अद्योगति र ऊर्ध्वगति, प्रकृति र निवृत्ति सम्मिलित रूपले वृत्त-रूपमा कल्पित तथा कालचक्रको नामबाट अभिहित हुन्छ। यो क्रम वर्द्धमान हुने गर्छ, तर बढ्ने पनि सीमा छ। किनभने सृष्टिको प्रसृति अनन्त हुन सक्दैन– यो प्रेरणाको तीव्रता-सापेक्ष हो। प्रसार-शक्ति जति जति क्षीर्ण हुँदै जान्छ, सङ्कोच शक्ति त्यति त्यति पुष्ट हुँदै जान्छ।

ठीक यसैगरी सङ्कोच-शक्तिको क्षीणताले प्रसारको पुष्टिलाई बुझ्नुपर्दछ। सङ्कोच र प्रसार-शक्ति क्रमले एकपछि अर्को प्रकट हुन्छ– यही कालचक्रको आवर्तन हो– ऊर्ध्वतम स्तरले सबभन्दा निम्नभूमिसम्म समग्र विश्व यस चक्रमा आवर्तित हुन्छ। यसप्रकार सम्पूर्ण व्यक्त जगत् यस चक्रको आवर्तन विन्दुलाई केन्द्र बनाएर प्रदक्षिणा गर्दछ।[ढ] विन्दु अपरिवर्तनशील, साक्षी उदासीन

ढ. यसलाई साङ्ख्य दर्शनमा परिणत (सदृश र विसदृश, अनुलोम र विलोम) भनिन्छ। वैदिक साहित्यमा यसको नाम संवत्सर-चक्र– अथवा उत्तरायण र दक्षिणायन-गति हो। उत्तरायण या ऊर्वगतिलाई भन्दछन्। जसले तन्त्रको

हुन्छ। विन्दुरूप साम्यशक्ति जब विभक्त भएर व्याकृत रूप धारण गर्दछ, तव यो तीनवटा स्वतन्त्र विन्दुरूपहरूमा परिणत हुने गर्छ। साम्य अवस्थामा त्यस तुरीय विन्दुबाट अपर तीनवटै विन्दुहरूमा कुनै भेद रहन्न, तर विषमताकालमा मूल विन्दु प्रकट हुनाले रेखाको सृष्टि हुन्छ, यो रेखागणितको सिद्धान्त हो।

सङ्कल्प नै कम्पनको हेतु हो, यसकारण सङ्कल्प जहाँ विकल्प रहित अर्थात् द्वितीय सङ्कल्प रहित छ, जसलाई शास्त्रीय भाषामा सत्यसङ्कल्प भनिन्छ– त्यहाँ रेखा पनि अखण्ड, अनवच्छिन्न, अवाधित हुने गर्छ। रेखा चारैतिर समभावले बन्दछ, यसकारण मण्डलाकारमा प्रकाशित हुन्छ। यही प्रथम मण्डल सहस्रार नामले परिचित छ। यो विन्दु ब्रह्मविन्दु या आदिसूर्य ज्योतिर्मय लोक भावभेदवशतः ब्रह्मलोक आदि नामबाट विभिन्न रूपहरूमा सम्पूर्ण शास्त्रहरूमा वर्णित छ। यो सत्यमय राज्य हो। यस ज्योतिर्मण्डलको बाहिर द्वितीय विन्दुको मण्डल छ, जसलाई हामी तटस्थ, मध्यस्थ या उदासीन मण्डल भन्दछौँ। यसको केन्द्र रज हो र अर्थ हुन्छ कण या अणु। प्रथम स्तर अखण्ड ज्योतिर्मय धाम हो। प्रसार-शक्ति जब जुन स्तरमा चरमसीमा–ज्योतिरेखाको अन्त्य विन्दु नाघेर बाहिर निस्कन्छ, तब त्यसैको प्रेरणाले त्यस ज्योतिराशिबाट कण विक्षिप्त भइरहन्छ। अग्नि-स्फुलिङ्ग जस्ता अखण्ड सत्त्वको अंश भएको कणका सम्पूर्ण खण्ड सत्त्व पनि, जो अखण्ड सत्य जस्तै ज्योतिर्मय, चैतन्यमय हुन्।

पाञ्चरात्रगण र भागवत सम्प्रदायले यी कणहरूका नाम 'चित्तकण' भनेका छन्।[ण] शैवाचार्यगणका परिभाषाअनुसार यसको नाम 'विज्ञानकल' हो। यसको माथि, सहस्रारको प्रान्तभूमिबाट, शिवभाव या ईश्वरभाव आरब्ध भएको छ। श्रीमद्‌भगवद् गीतामा पनि यस तटस्थ मण्डललाई नै 'सनातन जीवलोक' भनिएको छ– 'ममैवांशो जीवलोके जीवभूतः सनातनः'। यी सबै नित्यजीव अनन्त शून्यगर्भमा निशाकाशविहारी चम्कँदै गरेका नक्षत्र मण्डल जस्तै विराजमान छन्। कसै कसैले चाहिँ आफ्नो उपाधि निरुद्ध गरेर कैवल्य-

---

षोडशनित्याको आलोचना गरेको छ, तिनीहरूलाई थाहा छ यो सृष्टि-संहार नै शुक्ल र कृष्णपक्षका रूपमा मासचक्र हो। चन्द्रको षोडशकिला अमृत-स्वरूप र विन्दुस्वरूप हो।

ण. 'त्रसेरणु प्रमाणास्ते रश्मिकोटि विभूषिता'– पाञ्चरात्र सम्प्रदायको ग्रन्थ आदिमा मुक्त पुरुषको यस्तै वर्णन देख्न पाइन्छ।

पदमा प्रतिष्ठित छन् । यसबाट स्पष्ट हुनेनै छ, प्रथम मण्डल पछि नै महाशून्य छ, त्यसैमा विशुद्ध जीव-विन्दुको स्थिति छ । साक्षीको जुन दृष्टिक्षेत्र छ, त्यही आकाश हो । साम्यावस्था या महाप्रलयको कुरा गर्दिन । तर प्रथम विन्दुको प्रसार-क्षेत्र चिदाकाश हो । अर्को विन्दुको प्रसार-क्षेत्र नै चित्ताकाश हो– जसमा खद्योतमालाको जस्तै कोटि-कोटि ब्रह्माण्ड-पङ्क्ति भासमान छ । यो द्वितीय मण्डलको वाहिर गाढा अन्धकारमय तृतीय मण्डल छ । यो अखण्ड तमोमय तथा विभक्त तृतीय विन्दुको प्रसारणले अद्‌भुत छ ।

यही भूताकाश मायाको आवरण हो । वैष्णवागमले यस स्तरको नाम वहिरङ्ग भनेका छन् । जसलाई प्रसारण-शक्तिले विशुद्ध जीवभाव सम्मको अभिव्यञ्जना गरेको छ, हुन त यो अहिलेसम्म पनि क्रियाशील छ, यसकारण जीवरूप विन्दु प्रसृत हुँदाहुँदै रश्मि रूपमा अन्धकारको राज्यमा प्रवेश गराउँदछ । यसैको पारिभाषिक नाम हो– विशुद्धादि पञ्चचक्र । तटस्थ विन्दुबाट जुन मण्डलको विकास हुन्छ, त्यसको नाम हो आज्ञाचक्र । यसैको माथि सहस्रारचक्र छ । सबभन्दा तल रहेको घोर अन्धकारको केन्द्रस्थल मूलाधार-विन्दुबाट बाहिर हुनासाथ जीव-कण या सुषुम्णावादी जीवरश्मी स्थूल पञ्चीकृत भूतमय आवरणबाट वेष्टित हुने गर्छ । यसै स्तरमा भूतजगत्को जीव गठित भएर अवस्थित रहन्छ । समग्र ब्रह्माण्डमा जति गठित भएर अवस्थित रहन्छ र समग्र ब्रह्माण्डमा जति प्रकारको स्थूल वस्तुहरू थिए, छन् र हुनेछन्– ती सबैको बीज यस स्तरमा सदा वर्तमान छ ।

महाप्रलयको अवस्थामा प्रसार शक्तिको अवसानबाट सङ्कोच शक्तिको उन्मेषले हुन्छ । सङ्कोच-शक्तिको क्रिया जति बढ्दै जान्छ, पञ्चचक्र क्रमशः त्यती नै उपसंहृत भएर पञ्चविन्दुको रूप धारण गर्दछ र पछि पञ्चविन्दु मिलेर एक भइहाल्छ । आज्ञामण्डल या तटस्थ चित्त परमाणुपुञ्ज पनि यसैप्रकार उपसंहृत हुने गर्छ । सहस्रारमण्डल पनि मूल सत्त्व-विन्दुमा आकुंचित भएपछि सत्त्व, रज, तम– यी तीन विन्दु या मूल त्रिकोण-रूप महाशक्तिको तीन कोण– जो त्रिवृत्करण-प्रणालीबाट अभिव्यक्त भएको छ– वैषम्य छाडेर अन्तःस्थ महाविन्दुमा साम्यभावले रहन्छ । यो महाविन्दु नै वैष्णवगणको महाविष्णु हो, त्रिक मतावलम्वी शैवाचार्य एवम् शाक्त आगमविद्‌हरूका सदाशिव हो । वेदान्तमा यसलाई तुरीय भनिएको छ– यो सामरस्य-अवस्था हो । यहाँ देश रहन्न, काल हुन्न, कला हुन्न, मन रहन्न– कतीसम्म भने उन्मनी शक्ति पनि

यहाँ निष्क्रिय हुने गर्छ। यसभन्दा माथि पनि अवस्था छ। कसै कसैले यसको नाम तुर्यातीत राखेका छन्। पञ्चीकरण या स्थूल जगत् या बीज-सृष्टिको सम्बन्धमा एउटा कुरा अवश्य भनै पर्छ। विशुद्धादि पञ्चविन्दुबाट रश्मि विकीर्ण हुन्छ– यही पञ्चतन्मात्रा-चक्र हो। रश्मि विकीर्ण हुनाले नै परस्पर मिश्रण हुने गर्छ। यानी पहिले विन्दुबाट निस्केको रश्मिजाल द्वितीयादि चार विन्दुहरूबाट निस्केको रश्मिहरूसँग मिल्दछ, मिश्रित हुने गर्छ। यसप्रकार बनेको आकाश स्थूलाकाश हो, जसमा शब्दांशको प्रधानता रहँदा पनि स्पर्श आदि तन्मात्राको मिश्रण हो।

यसप्रकार अर्को विन्दुबाट रश्मि निस्किएर अन्यान्य स्तरसंग मिल्नाले स्थूल वायुमण्डल रचित हुने गर्छ। यस प्रणलीबाट स्थूल वायुमण्डल रचित भएर क्रमशः अभ्यन्तरमा स्थिति-लाभ गराउँदछ। स्थूलतम भूमण्डलमध्यमा– अर्थात् निम्नभूमिमा– अवस्थित हुने गर्छ, यो सजिलै बुझ्न सकिन्छ। भूमण्डल भन्नाले कसैले यस पृथ्वीलाई मात्रै बुझ्न हुन्न। अन्य मण्डलहरूका बारेमा पनि बुझ्नुपर्छ। पञ्जीकरण-कालमा पञ्चतन्मात्राको मिश्रणको तारतम्य-निबन्धनबाट अनन्त प्रकारको स्थूल कण या अणु (बीज) उत्पन्न भएका छन्। एउटा-एउटा मण्डलमा एक-एक भावको प्रधानता रहन्छ, यसकारण यस परमाणुलाई पाँच भागमा विभक्त गर्ने गरिन्छ।[त] योगी-गण विवेक अज्ञानद्वारा

त. नैयायिक र वैशेषिकगण आकाशका परमाणुलाई स्वीकार गर्दैनन्। अन्यान्य दार्शनिकहरूमा कसैले गर्छन्, कसैले गर्दैनन्। मूलतः भूत ४ प्रकार या ५ प्रकारका छन् र ५ प्रकारका हुनाले पनि आकाश आणविक संघात विशेष अथवा विभुपदार्थ हो, यहाँ यसको विस्तृत आलोचना सम्भव देखिन्न। मात्र तत्त्वहरू तिर लक्ष्य गर्नाले बुझ्न सकिन्छ– अपात-प्रतीयमान मतवैषम्यमा साम्यभाव कायम छ। 'योगवर्तिक' (३।४०)मा विज्ञानभिक्षुले यसकारण कारण र कार्यभेदबाट आकाशको द्विविधित्वलाई अङ्गीकार गरेको छ। उनको कारणाकाश र हाम्रो पूर्ववर्णित तमोमण्डल या आवरण-शक्ति एउटै कुरो हो। उनले जसलाई 'महाभूताकाश' भनेका छन्, त्यो अण्वात्मक छ, यो उनले स्वीकार गरेका छन्। जो स्वर-शोधन-प्रक्रियासँग अवगत छ, उसले यस आकाश-अणुलाई देख्न सक्छ। सर्वास्तिवादी बौद्धगण आकाशलाई असंस्कृत धर्ममा गणना गर्दछन् र आवरणाभाव अथवा अवकाशात्मक भनेर यसको व्याख्या गर्दछन्। यो नित्य र विभू हो, यो अन्य पदार्थहरूको वाधक होइन र अन्य पदार्थहरूबाट बाधित पनि

त्यस वैषम्यलाई ग्रहण गर्न सक्दछन् ।[थ] पार्थिव परमाणुमा जसरी परस्पर भेद छ, त्यसैगरी अन्यान्य परमाणुहरूमा पनि छ । स्थूल स्तरमा आएर प्रसार-शक्ति प्रतिहत हुन्छ । बाह्य जगत्मा-स्थूल शरीरमा, कालचक्र आवर्तित भइरहन्छ । यो आवर्तन-मार्गको एउटा अंश इडा (वाम) र अर्को अंश पिङ्गला (दक्षिण) हो । यी दुवै मार्गहरूमा प्रत्येक असङ्ख्य शाखा-प्रशाखा भएकाहरू छन् र मत्स्य-जालले जस्तै सम्पूर्ण शरीरलाई व्याप्त गरेको छ । प्रसार शक्ति स्थूलमा आएर प्रतिहत हुने गर्छ । यसलाई सञ्चारको संसारको गति अथवा कालचक्रमा परिभ्रमण भनिन्छ ।

जुन शक्ति-प्रवाह पहिले ज्योतिरूपमा र पछि नादरूपमा प्रकटित भएको थियो, त्यो स्थूल रूपमा प्राणरूप[द]मा प्रकाशित हुने गर्छ । ज्ञानेन्द्रिय, कर्मेन्द्रिय, प्राणादि, वायु प्रभृति यसै प्राणशक्तिको विकास हो, प्रसार-शक्तिमा जब अबरोध हुन्छ, तब सङ्कोच शक्तिको क्रिया सुरु हुन्छ । यस सङ्कोच शक्तिको प्रभावले

हुँदैन । यसको ह्रासवृद्धि हुन्न । यो नीरूप स्वप्रकाश वस्तु हो । वसुवन्धु भन्दछन्– यदि आवरणाभाव यसको स्वभाव नहुदो हो, त कुनै वस्तुको क्रिया नै सम्भव हुन्थेन । भन्नै पर्ने हुन्छ, यो हाम्रो पूर्वोक्त साम्यशक्ति-स्वरूप हो । स्थविरवादी बौद्धगणले आकाशको संस्कृतधर्मजन्य पदार्थहरूमा गणना गरेका छन् । विज्ञानभिक्षुको कार्यकाश र हाम्रो विशुद्ध चक्रसँग उसको सादृश्य छ ।

थ. वैशेषिक आचार्यहरूले प्रति पार्थिव परमाणुमा द्विविध विशेषलाई स्वीकार गरेका छन्– एउटा 'पाकज विशेष' र अर्को 'अन्त्यविशेष' । अन्त्यविशेष अन्यान्य परमाणुहरूमा पनि रहन्छ । यो पाकज विशेष तबसम्म हुन्छ, जबसम्म परमाणु छ– अन्त्यविशेष पनि यस्तो नै छ । अवान्तर प्रलयमा पनि पाकज विशेष वर्तमान रहन्छ । सृष्टिको प्रारम्भमा यस विशेषवशतः द्वयणुकादि क्रमले सम्पूर्ण पदार्थहरूको उत्पत्ति हुन्छ । वैशेषिकगण परमाणुलाई विश्लिष्ट गर्न सकेका छैनन्, यसकारण विशेषको मूलकारणलाई चिन्न सकेनन् । योगभाष्यकारले स्पष्ट भनेका छन्– परमाणु पनि क्षुद्रतर अवयवहरूको समष्टि हो– 'अयुतसिद्धावयवसंघातः परमाणुः' । यस अवयव-सन्निवेश या पञ्चीकरणको तारतम्य-निबन्धन नै परमाणुको वैलक्षण्यको उत्पत्ति हो ।

द. भन्नु पर्दैन, जहाँसम्म सम्भव हुन्छ, हामीले पारिभाषिक शव्दहरू छाड्ने चेष्टा गरेका छौं । प्राण शब्द नाद एवम् ज्योतिको पर्यायरूपमा पनि व्यवहृत हुने गरेको छ । स्पन्दन या कम्पन नै प्राणतत्त्व हो । ज्योतिः, नाद र तथाकथित प्राण एउटै शक्तिको क्रमिक विकास हो, यसलाई स्मरणमा राख्नुपर्छ ।

ब्रह्माण्डले क्रमशः वैषम्य त्यागेर साम्यावस्थातर्फ अग्रसर हुने गर्छ। फरक किसिमबाट प्रयत्न नगर्दा प्रत्येक व्यक्ति ब्रह्माण्डको मुक्तिको साथ महाप्रलयको समयमा मुक्ति प्राप्त गर्नेछ। तर, पुरुषाकार प्रयोग गर्नाले ब्रह्माण्डको मुक्तिको समय पर्खिनु पर्दैन। पूर्वसंस्कार या वासना, अभिमान या कर्तृत्व-बोध, पलको आकाक्षा या भोगाभिलाष (जसलाई कामना भनिन्छ)– यी तीन अवस्थाहरूसँग जीवको स्थूलत्व भएको छ। विषय, इन्द्रिय आदि रूपमा यो स्थूल आवरण जीवलाई आफ्नो धाममा प्रत्यावृत्त हुन दिँदैन। जीवमात्र नै ज्ञान चाहन्छ, आनन्द चाहन्छ, अमृत चाहन्छ– एक शब्दमा ब्राह्मी स्थिति चाहन्छ र त्यसैको आशामा विषयको राज्यमा घुम्दछ। आनन्दको साधना-रूपमा गौणभावले ऊ विषय आदिको कामना गर्दछ। तर, युगयुगान्तर, यहाँसम्म कि कल्प-कल्पान्तर, लोक-लोकान्तरमा सञ्चरण गरेर पनि उसको आकाङ्क्षा तृप्त हुँदैन। यसको एक मात्र कारण, ऊ समस्त वासना र कर्तृत्व आदिबाट परिभ्रमण गर्दछ। जबसम्म वासनाको उच्छेद, कमसेकम एक निमेषका लागि पनि हुँदैन, तबसम्म स्थूलवस्तु सूक्ष्म मार्गमा प्रवेश गर्न सक्दैन। भूतशुद्धि, चित्तशुद्धि आदिको पनि मतलब यस स्थूलता-विसर्जनबाहेक अरू केही होइन। पञ्चभूत जब शुद्ध हुन्छ, तब पञ्चीकरण रहँदैन, कतिसम्म भने पञ्चविन्दु पनि एउटा विन्दुमा परिणत हुने गर्छ। त्यसपछि हुने चित्त शुद्धि विशुद्ध जीवावस्था हो। यसपछि ईश्वर-तत्त्वको समुख भएर क्रमशः बढ्नु नै उपासना हो। उपासनामा आज्ञास्थ विन्दु र सहस्रारस्थ महाविन्दुमा भेद रहन्छ, अभेद पनि रहन्छ। बिस्तारै बिस्तारै ब्रह्मज्ञान-लाभ गरेपछि त्रिगुणातीत परम साम्यावस्था या ब्रह्मतत्त्व प्राप्त हुन्छ। कुण्डलिनी-शक्तिको उद्‌बोधन नभएसम्म जीवको ऊर्ध्वगति सम्भव हुँदैन। अरणि-मन्थन गरेर जसरी आगो बालिन्छ, अर्थात् अरणिको सुप्त अगिन जसरी सङ्घर्षबाट उद्दीपित हुने गर्छ, त्यसैगरी साधन-प्रणालीद्वारा प्रसुप्त कुण्डलिनी-शक्तिलाई जगाउनुपर्ने हुन्छ। ब्रह्म साधना मात्र नै विचार, भक्ति अथवा हठ या मन्त्रयोग आदि– पुरुषकार सापेक्ष, कर्तृत्वबोध-मूलक हो। यो कर्तृत्वबोध क्रमशः कुण्डलिनी-चैतन्यको साथ लुप्त हुँदै जान्छ, र फेरि कर्तृत्वबोध लुप्त हुँदाहुँदै कुण्डलिनी प्रायशः जाग्रत भएर आउँछ। कुण्डलिनी जब एक पटक चेतन हुन सुरु गर्दछ, तब स्वभावको नियमले नै सम्पूर्ण कार्य भइरहन्छ। सङ्कोच-शक्ति अथवा ऊर्ध्व-विन्दु-स्थित आकर्षण-शक्तिको प्रभावले अन्तर्मुख गति क्रमशः बढ्दछ। कुण्डलिनी-चैतन्यको

साथसाथै इडा-पिङ्गलामा प्रवहमाण स्रोत सूक्ष्मता प्राप्त गरेर सुषुम्णा पथबाट प्रवेश गराउँदछ र सुषुम्णाको पथबाट उठ्दै उठ्दै क्रमशः अरू पनि सूक्ष्मता प्राप्त गराउँदछ ।

यस प्रकार, जीवशक्ति वज्रा र चित्रिणी नाडीलाई भेदन गरेर अन्तमा ब्रह्मनाडी या आनन्दमय कोषमा जान्छ । जब आनन्दमय कोष पनि लक्ष्य रहन्न, तब गुणातित परम साम्य अवस्था प्राप्त हुने गर्छ । ऊर्ध्वस्थ सत्त्व-विन्दु र अधःस्थ तमो-विन्दुसम्मको रेखालाई मेरु (axis) भन्न सक्दछौँ । यस (north and South Poles) हो ।

अधोविन्दुको आकर्षकको नाम मध्याकर्षण हो– यो भूमध्यबाट प्रसृत छ । ऊर्ध्वविन्दुको आकर्षक सङ्कर्षणको नामबाट परिचित छ । यसको अर्को नाम कृपा हो । आज्ञास्थ विशुद्ध जीव या कैवल्यप्राप्त पुरुष दुवै आकर्षणहरूका ठीक बीचमा तटस्थ भावले वर्तमान छ । मध्याकर्षणको क्रिया नहुने हुँदा ब्रह्माण्ड भित्र उसको स्थिति छैन । ऊर्ध्वदृष्टि नहुनाले उसप्रति भगवत्कृपाको शक्तिले पनि क्रिया गर्दैन । शास्त्रमा यसलाई साङ्ख्यज्ञानी भनिएको छ– यसले ईश्वरको शुद्ध सत्तात्मक धाममा स्थान पाउँदैन । आगममा यसको नाम विज्ञानकल दिइएको छ । यसको अवश्य क्रम छ । कुनै अनिर्वचनीय कारणले जब यो तटस्थ विन्दु ऊर्ध्वमुख हुन्छ, तब अखण्ड सत्त्व विन्दुबाट उसको सम्मुख हुने गर्छ । यसरी हुने ईश्वर साक्षात्कारको समय ऊ तटस्थ रहन सक्दैन, त्यस समय ऊ सहस्रारमा प्रवेश गरेर आफ्नो रेखाको सहाराले केन्द्रतर्फ अग्रसर भइरहन्छ ।

यो भावको साधना हो, यो पनि स्वभावतः नै हुने गर्छ । तमोविन्दु जस्तो पाँच भागमा विभक्त छ, त्यसैगरी यो शुद्ध सत्त्व स्तर पनि पाँच भागमा विभक्त छ । शान्तबाट माधुर्यसम्म यी पाँच स्तर फिजारिएका छन् । माधुर्य नै शुद्ध सत्त्व विन्दुको अन्तरतम या ऊर्ध्वतम भाव हो । जब यो अतिक्रान्त हुने गर्छ, तब पूर्णावस्था प्राप्त हुन्छ, योभन्दा पहिले होइन । कुण्डलिनीको पूर्ण जागरणले एक मात्र अद्वितीय र पूर्ण वस्तुमा नै स्थिति हुन्छ, समग्र जगत् निराधार भएर ब्रह्मरूपमा परिणत हुने गर्छ, आत्यन्तिक र ऐकान्तिक ब्राह्मी स्थिति, शाश्वत पदमा अवस्थान सुसिद्ध हुने गर्छ । कुण्डलिनी-तत्त्वहरूको घनिष्ठ सम्बन्ध छ । जो मुक्ति-पथको पार्थिक हुन्छ, उसले जड तत्त्व, चित्त तत्त्व र ईश्वर तत्त्व– सम्पूर्ण तत्त्व पार गरेर अगाडि बढ्नुपर्ने हुन्छ । सम्यावस्था तत्त्वको अतीत हो ।

तब पनि कहिले काहीँ जसले उसलाई तत्त्व भनेर वर्णित गर्ने गरिन्छ, त्यो व्यवहार-सौकार्यको अनुरोधले मात्र हो । कुण्डलिनी केही प्रबुद्ध हुनासाथ नै जीवको ऊर्ध्वगति अथवा क्रम-मुक्तिको अनुयायी आरोहण आरब्ध हुने गर्छ । जबसम्म चित्त एकाग्र भूमिमा रहन्छ, तबसम्म उसको अवलम्बन रहन्छ । हो, यो अबलम्बन क्रमशः स्थूलबाट सूक्ष्म भाव प्राप्त गर्दछ र अन्तमा विन्दुरूपमा परिणत भइहाल्छ । प्रचलित पातञ्जल मतानुसार अस्मिता नै यो विन्दु हो, यसकारण सास्मित समाधि नै सम्प्रज्ञात समाधिको चरम अवस्था हो ।

चित्त अवलम्ब-रहित भएर पूर्ण शुद्धि प्राप्त गरेपछि उपाय-प्रत्ययात्मक असंप्रज्ञात समाधिको उदय हुन्छ । यस अवस्थामा क्लेश रहन्न, कर्माशय रहन्न, पूर्व संस्कार, कर्तृत्वबोध– केही पनि रहन्न– चित्त सबै प्रकारको आवरणबाट मुक्त भएर पूर्णचन्द्र जस्तो विमल र स्निग्ध ज्योतिबाट समुद्भासित हुन्छ । यो शुद्ध सत्त्व नै निर्माण-चित्त र निमांण-कायादिको प्रसूति हो । सङ्कोच-कालमा यो निरुद्र हुनाले पुरुषको कैवल्य-सिद्धि हुने गर्छ र विकासकालमा यसको अवस्थिति-निबन्धन-जीवन्मुक्ति हुने गर्छ ।[ध] साङ्ख्यको कैवल्य पूर्ण अवस्था होइन, यो भन्नु नै बाहुल्य हो । वास्तवमा चैतन्य पुरुष एउटा या धेरै हुन सक्दैन । उपाधि एक हुनाले तदुपहित चैतन्यलाई एउटा भन्नु सम्भव छ, त्यसैगरी उपाधिको बाहुल्य-निबन्धन तदुपहित चैतन्यलाई पनि बहुत्वलाई अङ्गीकार गर्न सकिन्छ । साङ्ख्यको बहुपुरुष वास्तवमा बहु सत्वमा परिच्छिन्न चैतन्य स्वरूप हो । सत्त्वको बहुत्व जो खण्डता-निबन्धन छ, यो अवश्य स्वीकार्य छ ।

एउटा नै धेरैको उत्पत्ति, स्थिति र संहारको कारण हो । यसकारण, धेरै पुरुष जबसम्म एउटा उत्तमपुरुष प्राप्त गर्दैन, तबसम्म यथार्थ साम्यभाव पाउने आशा दुराशा हो । एकाग्र भूमिको अवलम्बनविना निरोधभूमिमा पदार्पण गर्न सकिन्न । द्वैतभावलाई अद्वैतमा परिणत नगरेर निवृत्त गर्नाले व्युत्थान अवश्याम्भावी हो । जुन कारणबाट प्रकृतिलीनको मग्न-उत्थानवत् पुनरुत्थान हुन्छ, ठीक

ध. सत्त्वादि गुणत्रय, जो शक्तिको नै स्फुरण हो, यो साङ्ख्ययोगमा प्रस्टसँग उल्लेखित नभएको हुँदा पनि सर्वोच्च भूमिबाट लक्ष्य गर्दा सहज नै बुझ्न सकिन्छ । मुक्तिको आदर्श विभिन्न हुनुको कारण जीवन्मुक्ति पनि अनेकन प्रकारका छन् । जुन मतले जुन अवस्था मुक्ति गणना गरिन्छ, त्यस मतले त्यस अवस्थाको आभास जीवित दशामा प्राप्त गरेर नै जीवन्मुक्ति प्राप्त भयो ।

त्यसैगरी त्यसै कारणले साङ्ख्यको केवलीलाई पनि पुनः उत्थित हुनुपर्ने हुन्छ। यसकारण वैशेषिकको मुक्ति त टाढाको कुरा भयो, साङ्ख्यको मुक्ति पनि वास्तविक मुक्ति होइन। साङ्ख्यमा ईश्वर अङ्गीकृत छैन। जो नित्यमुक्त, तर नित्य ऐश्वर्यसम्पन्न छ, योगभाष्यकारले जसको उपाधिलाई 'प्रकृष्ट सत्व' भनेर व्याख्या गरेको छ र जसलाई क्लेश आदि विहीन परम गुरुपदमा वर्णित गरेको छ, त्यो 'कारण ईश्वर' साङ्ख्यदर्शनमा स्वीकृत भएको छैन। साङ्ख्यसम्मत ईश्वर हिरण्यगर्भादि 'कार्येश्वर' हो। साङ्ख्यको ऐश्वर्य अनित्य, कारण हो, द्वैतबोधबाट उत्पन्न हुनाको नाताले यो कैवल्यको परिपन्थि हो। मतलब साङ्ख्यिनिर्दिष्ट साधनले जीव तटस्थ भावले माथि उठ्न सक्तैन।

तटस्थविन्दु ऊर्ध्वविन्दुको आकर्षण नै बाहिरी सीमामा छ, यसकारण सहस्रारमा प्रवेश पाउन्न। शैवागमको मतमा यो एकप्रकारले 'विज्ञानकल अवस्था' हो। भक्ति (वैधी) एवम् उपासनाको वलले खण्ड-सत्व अखण्ड सत्त्वको धारामा अर्थात् आदि सूर्यको रश्मिमा संयोग लाभ गराउँदछ र क्रमशः त्यसै रश्मिको अवलम्बनले केन्द्रको निकट भइरहन्छ। खण्ड सत्त्वमा भावको विकास हुनाले नै सहस्रदल कमलको नित्य विभूति प्रत्यक्ष अनुभवमा आउँछ। रागको पनि क्रम-विकास छ। दास्यभावसम्म ऐश्वर्य अवस्थाको अनुभव हुन्छ। त्यसपछि दास्यभावको अतीत हुनाले नै माधुर्य-अवस्थाको विकास हुने गर्छ। त्यसबाट कान्त भावमा नै माधुर्यको पराकाष्ठा छ। भाव क्रमशः महाभावमा परिणति-लाभ गराउँछ। यो महाभाव– विभाग र अनुभव आदि कारणले शृङ्गार-रसमा परिणत हुन्छ। यसप्रकार, कुण्डलिनीको क्रमिक चैतन्यबाट ऊर्ध्वविन्दुसम्म जीव उठ्दछ। केन्द्रमा प्रवेश हुनासाथ लीलाभूमिको अर्कोतर्फ आयत्त भइहाल्छ। त्यस समय साम्यभावमा स्थिति हुन्छ। कसैकसैको परिभाषाअनुसार उपशम या शान्त अवस्था नै निर्वाणपद हो। यसकारण, शुद्ध सत्त्वको प्राकटचमा शृङ्गार-रस नै सम्पूर्ण रसको सारभूत आदिरस हो र गुणातीत अवस्थामा त्यो आस्वाद पनि रहन्न।

४. नाद, विन्दु र कला

कुण्डलिनी-जागरणको एउटा विशिष्ट लक्षण हो– नादको स्फुरण। नादको अङ्गागिभावबाट जोडिएको छ विन्दु र कला-तत्त्व। यसकारण, यी तीन तत्त्वहरू राम्ररी बुझ्नु आवश्यक हुन्छ। नाद, विन्दु र कला शब्दको

पारिभाषिक अर्थ के हो, स्पष्ट रूपमा यसबारे धेरैलाई थाहा हुँदैन । धेरै नै प्रसिद्ध भएको हुँदा यद्यपि यी शब्दहरूका व्यवहार तन्त्रशास्त्रबाहेक अन्य अन्य शास्त्रहरूमा पनि कतै कतै देख्न पाइन्छ, तब पनि भावको मूल स्वरूप र त्यसको विश्लेषण-प्रणालीलाई राम्ररी बुझ्नका लागि तन्त्रशास्त्रले देखाएको मार्गलाई नै अवलम्बन गर्नु उपयुक्त हुन्छ । जगत्को सृष्टि-प्रणालीको विवरण-प्रसङ्गमा 'शारदा तिलक'मा पाइएको छ–

सच्चिदानन्दविभवात् सकलात् परमेश्वरात् ।
आसीत् शक्तिस्ततो नादस्ततो विन्दुसमुद्भवः ॥ इत्यादि ।

'स-कल'को अर्थ 'कला-सहित'– यही बुझ्नुपर्छ । 'कला' शब्दको अर्थ हो शक्ति । तर, पारिभाषिक शक्ति कलाभन्दा फरक छ । परमेश्वर एकातिर निष्कल, यानी कलारहित र अर्कोतिर सकल, अर्थात् अखण्ड कला-सम्पन्न छ । उनको यस 'सकल' अवस्थाबाट नै सृष्टिको धारा प्रवर्लित हुन्छ । 'सकल' परमेश्वर शक्ति-सम्पन्न हो, यसकारण शक्तिको न्यूनतालाई आफ्नो स्वतन्त्र बलले अवभासित गर्नमा समर्थ हुन्छ । महाशक्ति-रूप हुँदाहुँदै पनि यसमा शङ्का छैन कि यो शक्ति परिच्छिन्न हो । अनन्त ऐश्वर्य-सम्पन्न ईश्वरको यही प्रथम आविर्भाव हो । शक्ति जब कलारूपमा शिव-स्वरूपमा प्रतिष्ठित रहन्छ, तव यो पृथग्भूत नरहेर र अण्खड शिवस्वरूपमा नै एकात्मभावले मग्न रहन्छ । सकल परमेश्वरको जुन सम्पूर्ण शक्तिहरू एकात्मभावले कलारूपमा उनको अङ्गीभूत थियो, परमतत्त्व क्षुब्ध हुनाको साथ साथै ती अतिरिक्त जस्तो भासमान हुन्छ ।

सकल परमेश्वरको सम्पूर्ण शक्तिहरूको समष्टिको नाम शक्तितत्त्व हो । शक्ति (पर)बाट नादको आविर्भाव हुन्छ, र नाद (पर)बाट विन्दु, घनीभूत हुनुको साथै प्रकटित हुने गर्छ । वाफ जसरी घनीभूत भएर जलविन्दुमा परिणत हुन्छ, त्यसैगरी नै घनीभूत भएर नाद आदिसृष्टि या विन्दु रूपमा परिणत हुन्छ । नाद वर्णात्मक होइन । वर्णको अभिव्यक्ति अरू पनि पछाडिको हो । शक्तिको विश्रान्ति-दशामा यो स्वरूपको अङ्गीभूत हुन्छ, यसकारण यसलाई कलाका रूपमा निर्देश गर्दछ । कला-अवस्थामा स्वरूपबाट शक्तिको पृथक् भाव सम्पन्न हुँदैन ।

तर, जब कलामा किञ्चित स्वयम्सिद्ध न्यूनताको आविर्भाव हुन्छ, तब त्यही कलाशक्तिको नामले अभिहित हुन्छ । शक्तिको क्रिया-अवस्था नै नाद हो

र निष्क्रिय अवस्था कला। यसप्रकार कलाको बहिर्मुख अवस्था शक्ति र अन्तर्मुख अवस्था शिव हो। स्वरूपनिष्ठ क्रियाद्वारा कार्योन्मुख भएर शक्ति नादरूपमा आत्मप्रकाश गर्दछ। यो व्यापक नादसत्ता प्राकृतिक एकाग्रताको प्रभावले जब एउटा निर्दिष्ट विन्दु-रूपमा स्थूलभाव ग्रहण गर्दछ, तब सृष्टिको प्राथमिक क्रम परिसमाप्त हुन्छ। सृष्टिको, पछिको क्रम क्षुब्ध विन्दुबाट प्रकट हुने गर्छ।

शिवपुराण (वायवीय संहिता)मा छ– सृष्टि आदिमा शक्तिको आविर्भाव तिलबाट तेलको अभिव्यक्ति समान हो। जब शिवको इच्छा उन्मेष हुन्छ, तब उसको प्रभावले शक्ति शिवसँग पृथग्वत् स्फुरित हुन्छ।

शिवेच्छा पराशक्तिः शिवतत्त्वैकतां गता।
ततः परिस्फुरत्यादौ सर्गे तैलं तिलादिव॥

परमेश्वरको स्वरूपमा जुन अनन्त कलाहरू विद्यमान छ, ती सबैको चिदात्मक हुनाले ऊ परमेश्वर-तत्त्वसँग अभिन्न छ। परमेश्वरको स-कल अवस्था चैतन्यशक्ति-विशिष्ट चित्र-स्वरूपको नै बोध गराउँछ। वास्तवमा, यो अवस्था शिवको नै अवस्था हो– यही पूर्णत्व हो। तर, पूर्णत्व हुँदा पनि ती सबै शक्तिहरू या कलाहरूको परमाकला या आधाकला भन्न मिल्दैन। सृष्टिक्रममा शक्तिको आविर्भावको एउटा निर्दिष्ट स्थान छ। शक्ति इच्छारूपा हो। इच्छा जाग्नुको साथ साथै अनेकनमा एउटा तीव्र अभाव-बोध देखा पर्छ। अभाव नभएसम्म इच्छा उदय हुँदैन। जे छैन, त्यो प्राप्त गर्ने जुन इच्छा छ, त्यही अभाव-बोधको अर्को नाम हो। जसका लागि अभाव-बोध हुन्छ अर्थात् जो इच्छाको वास्तविक विषय हो, त्यसका लागि एउटा तीव्र आकाङ्क्षा जाग्दछ। इच्छाको विषय पूर्व सृष्टि विलीन भएको विश्व सत्ता पुनः प्राप्ति हो। प्रलयको महासुषुप्ति पछि जाग्रत हुनुको साथ साथै एउटा अस्फुट आकाङ्क्षा अस्फुट रूपले नै जाग्दछ। महाशून्य आकाशको नै अर्को नाम हो। पूर्णावस्थामा आतमा परिपूर्ण अहम्-भावमा विश्रान्त रहन्छ। यसकारण, त्यही सम्यक् आत्मचैतन्यको अवस्था हो। सुषुप्ति पछि पुरानो स्मृति जाग्नाले एउटा अनिर्दिष्ट वस्तुका लागि अनिर्दिष्ट रोदनको भावले हृदय भरिने गर्छ। यस समय खण्डित भएर ऊ एकातिर परिच्छिन्न 'अहम्' र अर्कोतिर उसको प्रतियोगी 'इदं' देखा पर्छ। अहम् द्रष्टा हो, इदं दृश्य। द्रष्टाको सम्मुख दृश्य रूपमा महाशून्यको आविर्भाव हुनु नै इच्छाशक्तिको विकास हो। विश्वको आधार महाशून्य हो।

यसकारण, विश्वको आविर्भूत हुनुभन्दा पहिले उसको आधार-रूपी महाशून्य आविर्भूत हुन्छ। द्रष्टाको लक्ष्य दृश्यरूपी शून्य हो, त्यस शून्यबाट एउटा अव्यक्त नादध्वनि झङ्कृत भइरहेको छ। यही आदिनाद या परनादको विकास र चैतन्यको आत्मस्फुरण एउटै कुरा हो। नादको स्फूर्तिको साथ साथै ज्योतिको पनि विकास हुने गर्छ। वास्तवमा, नाद र ज्योति एउटै महासत्यको दुई अवतरणशील अवस्था मात्र हो। आफ्नो इच्छाले जगत्लाई प्रकाशित बनाएर परमेश्वर त्यसको खण्डरूपमा आफ्नो उपलब्धिमा समर्थ भएको समय महाशून्य नादको संस्कारले अविश्रान्त संस्कृत भइ नै रहन्छ। यसको आकर्षणले जब यो वाफ-जस्तो व्यापक सत्ता घनीभूत भएर एउटा केन्द्रको आश्रय लिएर फुट्दछ, तब वास्तवमा कोलाहाट-चक्रको भेद भइरहन्छ।

अभिव्यक्त नादबाट महाशून्य क्रमशः आच्छन्न भइरहन्छ। ज्योति र नाद एउटै वस्तुको दुई विभिन्न पहलु हो। यसका लागि जबसम्म ज्योति र नाद प्रकट भएर विश्वलाई अवभासित गर्दैन, तबसम्म यो प्रक्रिया बिस्तारै बढिरहन्छ। जुन व्यापक रश्मिमाला नाद ज्योति-स्वरूपमा शून्यमा प्रकाशित हुन्छ, त्यसको घनीभूत अवस्था नै विन्दु हो। यसो त काल या श्रीभगवान्को क्रिया शक्ति आघात गरेर विन्दुलाई क्षुब्ध गर्दै उसलाई विभक्त बनाउँछ। त्यस समय क्षोभको परिणामस्वरूप विन्दु, बीज र नाद– यी तीन अवस्थाहरूका उद्रेक हुने गर्छ। यही विन्दु अपर विन्दु र यही नाद अपर नाद हो। कुनै कुनै दार्शनिकहरूका दृष्टिमा शक्ति या इच्छाशक्तिको शून्य नै मायापदवाच्य हो। माया, शिव र शक्तिको पारस्परिक सङ्घर्षबाट आविर्भूत हुने गर्छ। शिव-स्वरूपमा जीवको र जीव-स्वरूपमा शिवको प्रतिविम्ब समान रूपले दुवै आधारहरूमा पूर्णतया प्रकाशमान हो।

सृष्टि-रचनाको आरम्भिक कालमा मूल सामग्रीको आविर्भूत भएको देख्न पाइन्छ। शिव-शक्तिमय विशुद्ध चैतन्यबाट विश्व रचना हुने गर्छ। विश्वको चार स्तर छ– स्थूल, सूक्ष्म, कारण र महाकारण। सृष्टिको समयमा सबभन्दा पहिले महाकारण-स्तर प्रकट हुने गर्छ। उत्तरोत्तर स्थूलतातर्फ गति बढ्दछ र चरम अवस्थासम्म अभिव्यक्ति हुनाले सृष्टिको धारा निवृत्त हुने गर्छ।

यही स्वाभाविक नियम हो। जीवको व्यष्टि-धारामा जस्तो महाकारण, कारण आदि विभिन्न शरीरको सत्ता र क्रिया उपलब्धि-गोचर हुने गर्छ, समष्टि-धारामा पनि ठीक त्यसैगरी हुन्छ। महासुषुप्तिपछि इच्छा शक्तिको जब

प्रथम उन्मेष हुने गर्छ, तब साथ साथै महाशून्य पनि आविर्भूत हुने गर्छ– यो भविष्यको सृष्टिको भित्ति हो । पर्खालमा जस्तो चित्र अङ्कित हुने गर्छ, त्यसैगरी महाशून्यको अवलम्बन गरेर जगत्‌को विराट चित्र अङ्कित हुने गर्छ । यो महाशून्य नै मायास्वरूप शिव र शक्तिको परस्पर एक अर्कासंग प्रतिफलनबाट भेद हुनु र चैतन्यमय शिवशक्तिको चरणमा पुग्नु, एउटै कुरा हो । शून्य आविर्भूत हुनाले ज्योतिर्मय नाद या नादात्मक ज्योति जुन गुह्यभूमिमा स्फुरित भएर दृष्टिको गोचरीभूत हुने गर्छ, त्यही विसर्गमण्डलको नामले प्रसिद्ध छ । मानव शरीरमा यो ब्रह्मरन्ध्रभन्दा पनि माथि अवस्थित छ । समष्टि-ब्रह्माण्ड-शरीरमा पनि यही छ । सृष्टि-रचनाको मूलसूत्र यहीबाट उपलब्ध हुन्छ । (पर) नाद र (पर) विन्दुरूप क्रमबद्ध जुन दुई अवस्थाहरूका उल्लेख गरिएको छ, त्यो विश्वसृष्टिको प्रारम्भको वस्तु हो ।

यो विसर्ग-मण्डललाई जगत्-रूपी वृक्षको अङ्कुर भनौं, तब अत्युक्ति हुनेछैन । यसैलाई महाकारण अवस्था भनिन्छ । यसको मूल उपादान धेरै नै सूक्ष्म रूपमा विसर्ग-मण्डलमा नै कायम रहन्छ । विसर्ग-मण्डलको अतीत चैतन्य-स्वरूपमा खोज्दा केही पनि पाउने आशा हुन्न, किनभने यो विशुद्ध र निर्वीज छ । विसर्ग अन्तर्मुख हो, तब सम्पूर्ण सृष्टि लुप्त हुनेछ । परनाद र परविन्दुलाई महाकारण– शरीर मान्न सकिन्छ । यसको जुन बहिरङ्ग प्रकाश छ, त्यही जगत्‌को कारण-सत्ता हो । क्रिया-शक्तिरूपी कालले परविन्दुलाई क्षुब्ध बनाउँदा हुने अस्पष्ट महाध्वनि शब्द ब्रह्म नामले परिचित छ । यही अव्यक्त ध्वनि या शब्दब्रह्म पछि हुने सम्पूर्ण सृष्टिको मूल कारण हो । परनाद र परविन्दुलाई महाकारण रूपमा ग्रहण गर्दा परविन्दुको क्षोभबाट उत्पन्न विन्दु, बीज र नाद– यी तीनवटैलाई कारण मान्न आवश्यक छ । महाकारण-शरीरको मूल जसरी विमर्स-मण्डलमा निहित रहन्छ, कारण-शरीरको मूल त्यसैगरी शब्द ब्रह्ममा निहित रहन्छ ।

यसकारण, शब्दब्रह्माण्डको भेद नहुँदासम्म कारण-शरीर अस्तमित हुँदैन । सृष्टिको मूलमा शिवशक्ति रहनाको कारण सृष्टिको प्रत्येक स्थितिमा शिव-शक्तिको स्वरूपको अनुभव गर्न सकिन्छ । परविन्दुमा जसरी गुणत्रय साम्य अवस्थामा विद्यमान रहन्छ, यति मात्रै होइन इच्छा, ज्ञान र क्रिया– यी तीनवटै आदिशक्तिहरूको पनि त्यही हो । तर, जब कालको दृष्टिले क्षोभ प्राप्त गर्नुको कारण विन्दु वैषम्य अवस्थामा पुग्यो, तब अपर विन्दुरूप जुन कार्य

उत्पन्न भयो, त्यसमा शक्ति-अंशको प्रधानता रह्यो, कारण, अपरविन्दु प्रधानतः शिव-भावमय र बीज प्रधानतः शक्तिभावमय छ । यस विन्दु र बीजको परस्पर सम्मिलित हुनाले जुन नादको अभिव्यक्ति हुन्छ, त्यसमा शिव र शक्ति– दुवैको मिश्रभाव रहन्छ । विन्दु, बीज र नाद– यी तीनवटा नै कुण्डलिनीको स्वरूप हो । यी तीनवटै सम्मिलित भावले त्रिकोणात्मक योनिरूपमा आत्मप्रकाश गर्दछ । यही त्रिकोण नै वास्तवमा कारण-शरीरको नामान्तर हो । विन्दु र बीज आपसमा संश्लिष्ट भएर नै कार्य गर्दछ । परविन्दुको महानादबाट अपरविन्दुमा अवतीर्ण हुँदा यो विन्दु जब बीजलाई स्पर्श गराउँदछ, तब सम्पूर्ण बीज विन्दुयुक्त, भएर गुञ्जन गरिरहन्छ । यस नाद बीजको शास्त्रसम्मत पारिभाषिक नाम 'अ-क-थ' त्रिकोण हो, जो तीन फरकफरक रेखाहरूबाट बन्दछ । यो 'अ-क-थ' चक्र समष्टि-वर्णमालाको द्योतक हो । यो त्रिकोण गुरुको आसन हो । उसमा प्रकाशमान गुरुमूर्ति, अर्द्धनारीश्वर-रूपमा आफूलाई प्रकट गर्दछ । परविन्दु क्षुब्ध हुनाले जुन महानाद उत्पन्न हुने गर्छ, त्यसको दुइटा प्रवाह छ– एउटा ऊर्ध्वमुख र अर्को अधोमुख । ऊर्ध्वमुख-प्रवाह आदिनाद-स्वरूपमा गएर लयमा प्राप्त गर्दछ । यो आदिनाद जगत्-सृष्टितर्फ इच्छा-शक्तिको पहिलो आत्म-प्रकाश हो । परविन्दुमा क्षोभ ल्याउने काल महामायाको नामबाट प्रसिद्ध छ ।

'अ-क-थ' रेखा भएको त्रिकोण पूर्ण वर्णावलीको द्योतक हो । यी सम्पूर्ण वर्णहरूमा प्रत्येकबाट नै स्वभावसिद्ध ध्वनि निस्कन्छ । साधक जब मानिसक जपद्वारा इष्ट मन्त्रलाई सूक्ष्म रूपमा परिवर्तन गरेर सुषुम्णा-स्थित शून्यमा छाडिदिन्छ, तब ऊ ध्वनि नादसम्म उठेर त्यसमा मिसिन्छ । नादबाट महानादसम्म बढ्नमा समर्थ हुँदैन । अवश्य विशेष परिस्थितिहरूमा यस्तो पनि हुँदैन, यस्तो कुरो होइन । मानिसको हृदयमा अस्फुट भावबाट जुन चिन्ताहरू क्रीडा गरिरहन्छ, त्यो नादको नै खेल हो । ज्ञानरूपमा अथवा भावरूपमा या यसबाहेक अरू कुनै वृत्तिरूपमा अन्तःकरणको जुन परिणाम हुन्छ, त्यो नादबाट व्याप्त हुन्छ । यसकारण, ऊ वर्णावलीको अतीत हुँदैन । भर्तृहरिले भनेका छन् :
"अनादिनिधनं ब्रह्म शब्दतत्त्वं यदक्षरं । विर्त्ततेहर्थ-भावेन प्रक्रिया जगतो यतः ॥"
अर्थात् अनादि र अनन्त अक्षरब्रह्म, अर्थात् शब्द ब्रह्म अर्थरूपमा विवर्तित हुने गर्छ । यसबाट जगत्को प्रक्रिया आरम्भ हुन्छ । दृष्टिभेदबाट शब्दब्रह्मको धारणा केही-केही अलग हुनु अवश्यम्भावी छ । हामी यहाँ जुन धाराअनुसार विश्लेषण गरिरहेका छौँ, उसको हिसावबाट परविन्दु अपरविन्दुको मध्य अवस्थामा

शब्दब्रह्मको स्थिति बुझ्न सकिन्छ। कालद्वारा परविन्दुको भेद हुनाले जुन अस्फुट महानाद अभिव्यक्त हुन्छ, त्यही शब्द ब्रह्म हो। परविन्दु क्रियाशक्ति-प्रधान भएको हुँदा यसको उन्मेषबाट नै शब्द ब्रह्मको स्फुरण मान्नुपर्ने हुन्छ।

शब्दब्रह्मबाट सृष्टितत्त्वको अभिव्यक्ति हुन्छ, यो सत्य हो, तर शब्दब्रह्म या महानाद कुनै प्रणालीबाट यी तत्त्वरूपहरूमा परिणत हुन्छ, यो सोच हेर्ने कुरो हो, किनभने जुन सम्पूर्ण तत्त्व-जगत्को सृष्टिको मूलभूत उपादान हो, त्यो बीजशक्तिबाट स्फुरित हुने गर्छ। यसकारण, महानाद बीजरूपमा र बीज तत्त्वरूपमा क्रमशः स्फुरित हुने गर्छ। क्रियाशक्तिको विकासको यही क्रम हो। परविन्दु विस्फोट हुनाले त्यसवाट जुन दुई अंश प्रकाशित हुने गर्छ, त्यसमा शक्तिप्रधान अंशको नाम बीज हो र शिवप्रधान अंशको नाम विन्दु हो। शिव-शक्तिको परस्पर संश्लिष्ट रहनाको कारण शिव-अंशमा शक्ति र शक्ति-अंशमा शिव विद्यमान रहने गर्छ। वास्तवमा यी बीज वर्णसमष्टिको नै नामान्तर हो। तर फेरि पनि, यसको स्थितिको तारतम्य निबन्धन-अवस्थाको तारतम्य द्योतित हुने गर्छ। सबभन्दा पहिले अ-क-थ आदि त्रिरेखा-समन्वित त्रिकोणका तीन रेखाहरूमा नित्य वर्तमान वर्ण प्रकट हुन्छ। यो कुण्डलिनीको कारण-अवस्था हो। वर्णराशि जबसम्म कुण्डलिनीमा रहन्छ, तवसम्म वर्ण ज्योतिकणका रूपमा प्रकाशित हुन्छ।

यो तीन रेखा 'वाग्भव त्रिकोण'को नामले प्रसिद्ध छ। मेरुपथको दुवै किनारमा सहस्रदल-कमल छ, यसकारण एकातिर जसरी यस वर्णगर्भ त्रिकोणको सत्ता मस्तिष्कमा उपलब्ध हुन्छ, त्यसैगरी अर्कोतिर यो मूलाधारको नजिक पनि उपलब्ध हुन्छ। यही परावाणीको अवस्था हो। महानादबाट एउटा धारा ऊर्ध्वमुख र अर्कोतिर एउटा धारा अधोमुख फैलिएको छ। जुन अ-क-थ त्रिकोणको बारेमा भनियो, त्यो यही अधःशक्तिअन्तर्गत छ। तर, जब यो शक्ति ओर्लिएर आज्ञाचक्रलाई भेदन गरेर तलतिर प्रसारित हुन्छ र मेरुदण्डको बीच र शून्यपथमा सञ्चरण गर्दछ, तब विभिन्न चक्र र यन्त्र आदि अवलम्बनले यो शक्ति आत्मप्रकाश गर्दछ। जो सम्पूर्ण वर्ण भ्रू-मध्यको ऊर्ध्वप्रदेशमा परम अव्यक्त पदमा विराज गर्दछ, त्यही सम्पूर्ण शक्तिको अवतरणको साथ-साथै भ्रू-मध्यलाई भेद नगरेर मेरुपथमा, षट्चक्रमा फिँजारिन्छ। षट्चक्रको विभिन्न दल (पत्र)हरूमा विभिन्न प्रकारका वर्ण छन्। यी सम्पूर्ण त्यस मूल त्रिरेखाको नै वर्ण हुन्। वास्तवमा भन्ने हो भने, यी सम्पूर्ण वर्ण सही सत्य वर्ण नभएर

सूक्ष्म सृष्टितत्त्वको मुक्त प्रकाश हुन् । महानाद या शब्दब्रह्ममा जुन विशाल नाद र ज्योति प्रकाशमान छ, आंशिक रूपले ती यी वर्णहरूमा पनि प्रकाशमान छ । अतएव, प्रत्येक वर्ण वर्णमात्र होइन, त्यसमा नाद र ज्योति पनि छ । ती सब कारण, सूक्ष्म र स्थूल रूपमा विन्यस्त सृष्टितत्त्वबाहेक अरू केही होइन । कुण्डलिनीचक्रको आश्रय नलिएर जगत्को सृष्टि हुन सक्दैन । प्रकृत रूपमा कुण्डलिनी-शक्ति नै भाव-विकासको मूल हो, यसकारण यही जगत्-सृष्टिको मूल उपादान हो । वर्णको पहिलो आविर्भाव ब्रह्मरन्ध्रको तल अ-क-थ तीनरेखामा हुन्छ । यस अवस्थामा वर्ण ज्योतिकणका रूपमा कुण्डलिनीमा विद्यमान रहन्छ । वर्ण यस अवस्थामा सुषुप्त रहन्छ । यसपछि सुषुम्णा-पथबाट नाभिपथमा उदित भएर वर्ण त्यहाँको तेज-तत्त्वबाट प्रकाशित हुन्छ । यस अवस्थाको वाणी पश्यन्ती पनि ज्योतिप्रधान अवस्था हो । योगीबाहेक अरू कोही यो अवस्था यसभन्दा पहिलेको अवस्थाको बारेमा थाहा पाउन सक्दैन । यसपछिको अवस्था हृत्पद्ममा वर्णको उदय हुन्छ ।

यस वर्णमा आन्तर नादको प्रचुरताको अनुभूत भएपछि प्राण-वृत्तिहरूबाट वर्णहरूको सम्बन्ध हुन्छ । यो अवस्था अन्तःसङ्कल्प नामले परिचित छ । यसबाहेक बहिर्मुख अवस्थामा वर्ण कण्ठ आदि स्थानहरूमा वायुको आघातबाट उच्चरित भएर स्थूल रूप धारण गर्दछ एवम् इन्द्रियको विषय-रूपमा बाहिरी शब्दको आकार धारण गर्दछ । कालको प्रभाव प्रत्येक अंशमा अनुस्यूत हुन्छ । महानादको मुख्यतया दुई वृत्ति या शक्ति देखिन आएको छ । त्यसमा एउटा महानाददेखि परनादसम्म फिँजारिएको छ र अर्को तलतिर गएको छ । अ-क-थ त्रिकोणमा नित्य सिद्ध वर्णमाला प्रकाशमान छ । यसको पनि तीन स्थितिहरू देख्न पाइन्छ, या चारवटा पनि भन्न सकिन्छ । पहिलो हो परा, जसमा वर्णमालाको पहिलो आविर्भाव हुन्छ, तर यो अभिव्यक्त हुँदैन । सम्पूर्ण सृष्टिको मूलमा वर्णमाला विद्यमान छ । वास्तवमा, यो वर्णमाला नै सृष्टिको बीजस्वरूप हो ।

परस्परको भेदलाई विगलित गरेर वर्ण जहाँ ऊर्ध्वगामी हुन्छ, त्यही महानादको ऊर्ध्वशक्तिको व्यापार हो । महानादबाट नै बीजहरूका आश्रय गरेर सृष्टि-व्यापार प्रवर्तित हुन्छ । अर्कोतिर महानाद नै मुक्तिको पनि कारण हो । यसकारण ती बीज आपसमा मिलेर र आपसको भेदलाई छाडेर जब ऊर्ध्वगति प्राप्त गर्दछ, जसको प्रभावले बीज विशुद्ध चिन्मय सत्तामा प्रतिष्ठित हुन सक्दछ । परविन्दु विभक्त भएर सृष्टि भएको विन्दु र विसर्गमा विन्दु एउटा

र अभिन्न छ । यसको अर्को नाम ब्रह्मविन्दु हो । विसर्ग दुई विन्दु हो, जसमध्ये एउटालाई विष्णुविन्दु र अर्कोलाई रुद्रविन्दु भन्ने गरिएको छ । ब्रह्मविन्दुबाट निस्किएको रेखा षोडश स्वरको आश्रयस्थल हो र यसलाई वामा रेखा भनिए जस्तै विसर्गभन्दा पहिले विन्दु अर्थात् विष्णुविन्दुबाट जुन रेखा निस्कन्छ, त्यही विष्णु रेखा हो । यो ब्रह्मरेखा जस्तै सृष्टिका अनुकूल हुन्छ । रुद्रविन्दुबाट जुन रेखा बन्दछ, त्यसको नाम रुद्ररेखा हो । विन्दु रेखाबाट विसर्गमण्डलसम्म जुन प्रवाह छ, त्यो 'हंस' प्रवाहको नामले परिचित छ । 'हं' शब्दमा ब्रह्मविन्दु छ, यसमा शिव-अंश प्रधान छ र 'स' शब्दमा विष्णु र रुद्रविन्दु । यसमा विष्णुरेखा सृष्टिको अनुकूल छ । यसले सृष्ट जीवहरूको रक्षा गर्ने गर्छ ।

विन्दुबाट जब धारा विसर्गतर्फ हिँड्छ, तब रुद्ररेखा तिरोहित रहन्छ । यस धाराको नाम 'हंस' हो । ब्रह्मरेखा जब तिरोहित रहन्छ, तब रुद्ररेखाको प्रधानता हुन्छ र जब 'सोऽहं' धारामा पर्दछ । विन्दुबाट विसर्गसम्म हंसधारा महानादको अधःशक्तिअन्तर्गत पर्छ । यसपछि विसर्गबाट विन्दुसम्म सोऽहंधारा हो ।

५. नादरहस्य

शास्त्रमा आत्मस्वरूपमा प्रतिष्ठित हुनका लागि जुन उपाय निर्दिष्ट गरिएको छ, त्यसमा नाद-समाधान या नादानुसन्धान नै उत्कृष्ट उपाय मानिएको छ । साधकहरूले मुक्त कण्ठले नादको गुण-कीर्तन गरेका छन् । प्राचीनकालमा वाग्योगलाई मुमुक्षुहरूको आश्रय-योग्य सबभन्दा सरल राजमार्ग मान्ने गरिएको थियो । योग तथा तान्त्रिक साधनामा मन्त्रजपमा पनि नादको नै सबभन्दा धेरै महत्त्व प्रकाशित भएको छ । आत्मा निर्विकल्प, प्रकाशात्मक, स्वतन्त्रमय, शिवस्वरूप हो– त्यो नित्य, शुद्ध, बुद्ध र मुक्त छ । तर, जीव परम स्वरूपमा शिवमय हुँदाहुँदै पनि पतित दशामा परस्वरूप र मात्र-चित्त-रूप अपर स्वरूप– दुवैलाई नै बिर्सिएको छ । यही नभएसम्म आत्मा आफ्नो स्वरूपमा स्थिति-लाभ गर्न सक्दैन र उसको स्वाभाविक ऐश्वर्य पनि निखार आउन्न । तर, अशुद्ध विकल्प-युक्त यस आत्माको स्थिति सबैका लागि एकै किसिमको हुन्न । यस्ता सम्पूर्ण आत्माले नियमहरूको सहारा लिएर कुनै खास साधन-पद्धतिको अनुसरण गर्न पर्दैन– यी मन्त्र, पूजा, ध्यान, चर्चा– कुनै नियन्त्रणको अधीनमा रहन्न । यी भगवान्‌को धेरै नै तीव्र अनुग्रह पाएको महापुरुष हुन् । आत्मास्वरूपमा समावेश गर्नका लागि यिनलाई कुनै उपायको

अपेक्षा हुन्न। एउटा विवेक उत्पन्न हुनको कारण यी एकै क्षणमा क्रमरहित रूपबाट शिवको आवेश प्राप्त गर्दछन्। यिनको विवेचन-प्रकार थोरबहुत यस्तो हुने गरेको छ– एउटा नै चिदात्मक (अपरिच्छिन्न तत्त्व) हो, देश, काल, उपाधि, आकार, शब्द र प्रमाण उसलाई अलिकता पनि हुन सक्दैन।

अरू निरपेक्ष हुनाको नाताले यो तत्त्व स्वतन्त्र र आनन्दधन हो। यी सबैमा 'म' रूपमा यस तत्त्वको उपलब्धि गर्दछ र समग्र विश्व यस 'म'मा प्रतिविम्बजस्तै भासमान भएको देख्न सक्छ। यी पुरुषहरूबाट केही निम्नस्तरमा यस्ता आत्माहरू छन् जो पूर्वोक्त आत्मवर्ग जस्तै अखण्ड मण्डलरूप महाप्रकाशमा स्वयम् अवश्य नै प्रवेश पाउँन सक्दैन, तर आत्मास्वरूपबाट अभिन्न स्वतन्त्रशक्तिको उपायका रूपमा लिएर विनाआयाम त्यसमा प्रवेश गर्ने गर्छ, अर्को कुनै उपायको सहारा लिनु आवश्यक हुन्न। यी पनि विधि-निषेधभन्दा पर तथा मन्त्र, पूजा, ध्यान, चर्या आदिको नियन्त्रणबाट मुक्त छ। भाव-समूह प्रकाशभन्दा अलग भासमान हुन सक्दैन। यसकारण स्वरूपतः सबै भाव प्रतिविम्बात्मक छ। परमेश्वरलाई जुन विश्वरूप भन्ने गरिएको छ, त्यसको कारण यही हो– त्यो हुन त अजड या चिदात्मक छ, यसकारण आफ्नो स्वरूपको आमर्शन त्यसमा सधैँ नै रहन्छ। यही स्वयम्प्रकाश तत्त्वको महिमा हो। यस आर्शनको जुन मूल छ, त्यसको नाम परनाद हो। आगमशास्त्रमा यसको स्वरूप 'परावाक रूप'मा कीर्तित गरिएको छ।

स्वर-रूपी र व्यञ्जनरूपी परामर्श नै शक्तिको आफ्नो स्वरूप हो। यी मायिक भूमिमा र मायातीत विद्याको स्तरमा काम गर्दछ। विशुद्ध विद्याको स्तरमा यसमा मायाको उन्मेष-मात्रको कारण केही सङ्कोच आउँछ। तर, मायिक भूमिमा यी सम्पूर्ण परामर्श मायिक वर्णको रूप लिएर आत्मप्रकाश गर्दछ। यस्तोमा भेद र विभाग– दुवै नै परिस्फुट भएर प्रकाशित हुन्छ। यी सबै वर्ण पश्यन्ती, मध्यमा, वैखरी दशामा व्यवहार योग्य हुन्छ र बिस्तारै बिस्तारै बाहिरी रूपमा प्रकट भएर तत्त्वरूपमा देखा पर्दछ। यसो त मायिक वर्ण वीर्य-सम्पन्न भएर भोग र मोक्ष प्रदान गर्दछ। जो पुरुष आफ्नो आत्माको साक्षात्कारको समय– त्यही सबै परामर्श अथवा शक्तिको एक मात्र विश्रान्ति-स्थल हो, त्यसैमा सम्पूर्ण तत्त्व तथा भुवन आदि प्रतिविम्बित छ, परिश्रम नगरिकन नै निर्विकल्प भगवत-स्वरूपमा समावेश पाउँछ, यसका लागि अरू कुनै साधनाको आवश्यकता छैन– भन्ने कुरा देख्न सक्छ। कतिसम्म भने विकल्प-संस्कारका

लागि भावना पनि आवश्यक हुन्न। जुन आत्माहरू अझ पनि निम्न स्तरमा छ, तिनीहरूका अधिकार अझ पनि सङ्कुचित छन्। भावनाभन्दा पहिले सत्-तर्क, सद्-आगम, सद्गुरुको उपदेशको आवश्यकता हुन्छ। यस्तो स्थितिमा शुद्ध विकल्पद्वारा अशुद्ध विकल्पको संस्कार गर्नुपर्ने हुन्छ। अनादि कालबाट प्रत्येक जीव-हृदयमा 'म वद्ध छु'– यो जुन एउटा धारणा निरूढ रहेको छ, त्यही अशुद्ध विकल्प हो– यसैबाट संसार उत्पन्न हुने गर्छ। परतत्त्व शुद्ध विकल्पको पनि विषय होइन। शुद्ध विकल्पद्वारा अशुद्ध द्वैतवासना निवृत्त हुने गर्छ, परमतत्त्वको प्रकाशनमा यसको कुनै कारणता हुन्न। सर्वत्र सर्वरूप हुनाले परतत्त्वको स्वप्रकाश हो, त्यसमा विकल्पको कुनै प्रकारको प्रभाव पर्दैन। साधारणतः यसलाई 'दैवी दीक्षा' भनिएको छ। शक्तिपातको मात्रा अपेक्षाकृत थोरै हुनाले सत्‌को उदय साक्षात् रूपमा अवश्य हुँदैन, तर आगमको सहाराले भने हुन्छ।

जसले आगमको निरूपण गर्दछ, ऊ गुरु हो। आगम शङ्काहीन सजातीय विकल्पात्मक विकल्प विशुद्ध विकल्प हो, यसबाट अविच्छिन्न प्रवाह नै सतर्कको स्वरूप हो। प्रचलित भाषामा जसलाई भावना भन्ने गरिएको छ, त्यो सतर्कको नै धारा-मात्रै हो। जो भूतार्थ अस्फुट हुनाको कारण अभूतवत् ...... विद्यमान रहन्छ, त्यो पनि यसद्वारा परिस्फुट हुने गर्छ। यही वास्तवमा शुद्ध विद्याको प्रकाश र साक्षात् योगाङ्ग हो– अन्य योगाङ्ग थोरवहुत परिमाणमा व्यवधान-विशिष्ट छ। तर, जुन साधकको आधारगत, योग्यता अझ थोरै हुन्छ, त्यस्ताको मलिन विकल्पको शोधनका लागि शुद्ध विकल्प पर्याप्त हुन्न। त्यस्ताको सहायताका लागि जीव-सत्तातर्फ कुनै न कुनै उपायको सहारा लिनु आवश्यक हुन्छ। यसरी सहारा लिने साधन अनेकन प्रकारका हुन सक्छन्। त्यसमध्ये तीनवटा प्रधान छन्–

१. ध्यानात्मक–यो बुद्धिको काम हो। बुद्धिको असाधारण धर्म अनुसन्धान हो।
२. स्थूलमा उच्चारणात्मक र सूक्ष्ममा वर्णात्मक। यो प्राणको कार्य हो।
३. कारण, मुद्रा आदि क्रियात्मक। यो शरीर, इन्द्रिय आदिको व्यापार हो। इन्द्रिय, विषय, प्राण आदिलाई पिण्डरूपमा एकीभावको संस्थान नै शरीरको विशिष्ट धर्म हो।

जुन उपाय शरीरभन्दा पनि बाह्य छ, त्यो धेरै नै स्थूल उपाय हो। बुद्धिको स्तरमा जुन अभिमान-सम्पन्न छ, त्यसका लागि ध्यान नै श्रेष्ठ उपाय

हो। जो प्राणमय-भूमिमा अधिष्ठित छ, त्यसका लागि उच्चारण नै प्रधान उपाय हो। जुन साधकको देहात्म-भाव निकै प्रबल छ, त्यस्ताका लागि कारण, मुद्रा, आसन आदि उपाय विकल्प उपशमका लागि कारण, मुद्रा, आसन आदि उपाय विकल्प उपशमका लागि समधिक उपयोगी छ। यसलाई अझ स्पष्ट पार्नका लागि– यो विश्व प्रमातृ प्रमेयात्मक हो। यो आत्माको साथ अभिन्न भएर अवस्थित छ, यो विचित्रको हुंदाहुँदै पनि वास्तवमा प्रकाशात्मक छ। शुद्ध संवित्-स्वरूप आत्मा पूर्ण हुंदाहुंदै पनि लीलाको छलले आफूमा अपूर्णत्व अवभासन गर्ने इच्छा गरेर आफूसँग अविभक्त समग्र विश्वलाई आफूबाट विभक्तवत गर्दछ।

यही चैतन्यको शून्य रूपता हो। जो प्रमाता यस अवस्थाको अधिष्ठाता हो, त्यसैलाई शून्यप्रमाता भनिन्छ। याद राख्नै पर्ने कुरा के भने यो शून्य वास्तवमा शून्य होइन, यो अभावको नै नामान्तर हो। अर्थात् सम्पूर्ण अवलम्बन-धर्म, सत्त्ववर्ग र क्लेश नरहनाले त्यस अभावलाई नै शून्य गणना गर्ने गरिन्छ। केही बहिर्मुख हुनाले नै शून्यप्रमाता प्राणप्रमाताका रूपमा परिणत हुन्छ। आफूलाई अपूर्ण मान्नाको कारण शून्यप्रमाताको हृदयमा आकाङ्क्षा जाग्दछ र यस आकाङ्क्षाको विषयलाई ग्रहण गर्नका लागि ऊ आफ्नो सत्तावाट पृथक् गरेको आन्तर र बाह्य पदार्थतर्फ आकृष्ट हुन्छ, यानी त्यसमा बहिर्मुख भाव आउँछ। यस समय ऊ प्राणप्रमाताको नामबाट अभिहित हुने गर्छ। सवित् या चैतन्य शक्ति शून्यतालाई जगाएर त्यसपछि प्राणरूप धारण गर्दछ।

यथार्थ यही हो– बुद्धिको आविर्भावभन्दा पहिले नै प्राणको उल्लास हुन्छ, किनभने अन्तःकरण तत्त्वको सारभूत वुद्धि प्राणको सहारा लिएर नै प्रकट हुनमा समर्थ हुन्छ। जीवको आफ्नो अधिष्ठित भूमिको तारतम्यअनुसार उसको साधनको प्रकारलाई तारतम्य हुन्छ। यसकारण, प्राणभूमिमा उच्चार, बुद्धिभूमिमा ध्यान तथा देहभूमिमा करण आदि उपायका रूपमा गणना गरिन्छ। यसमा उच्चार आदि सवभन्दा अन्तरङ्ग उपाय हो, ध्यान आदिलाई यसको तुलनामा वहिरङ्ग बुझ्नुपर्दछ।

प्राण आदि जड तथा अपारमार्थिक हुँदाहुँदै पनि यसको उच्चार आदि पारमार्थिक स्वरूप प्राप्त गर्नमा सहायक हुनमा बाधा हुन्न किनभने विभिन्न प्रकारका अवच्छेदमध्यबाट परिस्फुट रूपमा अवधारण सम्भव छ। फलस्वरूप तद्गत उच्चार या ध्यान पारमार्थिक स्वरूप-प्राप्तिको निमित्त हुन सक्छ। शून्य

प्रमातामा पनि अवश्य त्यस प्रकारका ऐश्वर्य सम्भव छ, तर प्राण आदि प्रमातामा जस्तो नियत अवच्छेद छ, शून्य प्रमातामा त्यस्तो कुनै अवच्छेद छैन । प्रश्न देखा पर्न सक्छ– प्राण आदि जड हुनुको साथै यदि त्यसको व्यापार पारमार्थिक स्वरूप-प्राप्तिको निमित्त हुन सक्दछ, तव घट-पट आदि ब्राह्य जड पदार्थको व्यापार पनि त्यस्तो निमित्त किन हुन सक्दैन ? यसको उत्तर प्राण आदि जड र चित्त दुवै नै धर्म-विशिष्ट हो । मायिक सृष्टि-विकासको समय परमेश्वर स्वेच्छाले वाहिर अवभासित भावहरूमा प्राणादि कुनै कुनै जड पदार्थमा स्व-गत अहन्तात्मक कर्तृत्व अभिषिक्त गरेर त्यसको ग्राहक रूपमा रचना गर्दछ, तर घट-पटआदि जड पदार्थको इदन्तालाई विषयीभूत गरेर चित्त-रूपताको लङ्घन गरेर ग्राह्य रूपमा प्रकट गर्दछ । यसकारण प्राण आदि जड हुँदाहुँदै पनि एक हिसावले परमेश्वरको स्वतन्त्रवश चित्त हो ।

नाद-तत्त्व परमेश्वरको स्वतन्त्रवश चित्त हो । साधनमा प्राणगत उच्चारणको रहस्यलाई राम्ररी बुझ्नुपर्ने हुन्छ । प्राणगण उच्चारणको रहस्यलाई राम्ररी बुझ्नुपर्ने हुन्छ । प्राणको स्वाभाविक धर्म नै उच्चार हो । यसको दुई प्रकारको वृत्ति छ– एक सामान्य या स्पन्दात्मक तथा भेदहीन र अर्को विशिष्ट जो प्राण आदिको भेदभन्दा पाँच किसिमको छ । वृत्तिहरू शरीरले आत्मसात गरेको छ, यसकारण अचेतन हुँदाहुँदै पनि शरीर चेतना जस्तो लाग्दछ । यो प्राणात्मक उच्चारले एउटा अव्यक्त ध्वपन निरन्तर स्फुरित हुन्छ । यसलाई अनाहत नाद भनिन्छ । अविभक्त रूपमा सम्पूर्ण वर्णमा यो रहन्छ– यो नै वर्णहरूका उत्पत्तिको निमित्त हो । यसकारण यो पनि वर्णपदवाच्य हो ।

अनाहत नादको मुख्य अभिव्यक्ति-स्थान दुई बीज छ– एउटा सृष्टि-बीज 'स' कार र अर्को संहार-बीज 'ह' कार । योगीहरूलाई थाहा छ, प्राणको आदिमूलको अनुसन्धान गर्नाले चिदाकाशको प्रथम स्पन्दन नै दृष्टिमा पर्दछ । चिदाकाशको स्पन्दन पनि वास्तवमा स्वतः सिद्ध होइन– परम पुरुष र परमा प्रकृतिको योगावस्थाबाट उद्भूत हुन्छ । विन्दुयुक्त 'ह' कार (हं) परम पुरुष र विसर्गयुक्त 'स' कार (सः) परमा प्रकृतिको वाचक हो । दुवैको युक्तावस्था नै आदिहंस रूपको आदि प्राणलाई नै संवित्‌को पहिलो परिणाम भनिन्छ– यही सृष्टिको सम्पूर्ण तत्त्वहरूका धारिका शक्ति हो । हाम्रो शरीरमा श्वास-प्रश्वासको खेल यस हंसरूपी प्राणको नै व्यापार हो । 'हं' कारमा बहिर्मुख या अनन्ततर्फ गति हुन्छ र 'सः' कारबाट अन्तः प्रवेश या शरीरमा फर्कने सूचित हुने गर्छ ।

यही गतागति नै अजपा मन्त्र हो, जसको जप प्रत्येक मानिस रात-दिनमा २१,६०० पटक गर्दछ । सृष्टि-क्रममा शब्दको गति परावाकदेखि वैखरी वाक्तर्फ हुने गर्छ ।

तर साधना-क्रममा संहार या प्रत्याहारको धारा अवलम्बित हुने गर्छ । वाक्-इन्द्रियबाट जुन शब्दको उच्चारण हुने गर्छ र श्रोत्रेन्द्रियले जे सुन्ने गर्छ, त्यो शब्दको वैखरी अवस्था हो । यही शब्दको स्थूल रूप हो । जय र कीर्तन आदिमा वैखरी वाक्को आश्रय लिएर नै साधन-कार्य हुन्छ । अन्य अन्य कर्म जस्तो सङ्कल्पमूलक हुन्छ, यो पनि त्यस्तै नै हो । तर गुरुले दिएको मन्त्र र भगवान्को नामको निष्ठाले जप्दा जप्दै बिस्तारै बिस्तारै यस्तो एउटा अवस्था आउँछ, जब प्रयत्न गरेर उच्चारण गर्ने आवश्यकता रहन्न । मन्त्र या नाम त्यस समय आफसे आफ कण्ठबाट स्फुरित भइरहन्छ या कण्ठ रुद्ध भएमा हृदयबाट चलिरहन्छ । यस अवस्थालाई साधकगण साधारणतः जप गर्नु या नाम लिनु भन्दैनन्, यो जप र नाम आफसे आफ हुने अवस्था हो । किनभने यसले कुनै इच्छा या प्रयन्तको अपेक्षा राख्दैन । साधक अवहित चित्तले मात्रै भित्रको नामको यस खेलबाट आनन्द प्राप्त गर्दछ । साधकको हृदय परिष्कृत भएपछि चेष्टा गरेर चलाउनु पर्दैन, एकाग्रभावले त्यसलाई सुन्नु मात्रै पर्छ । साधकको धेरै दिनको अभ्यासबाट खास गरेर श्रद्धाभक्तिको प्रभावले साधारण किसिमबाट हुने जप पनि त्यस्तो अवस्थामा परिवर्तन हुने गर्छ ।

यही मन्त्र चैतन्यको पूर्वाभास हो । तत्त्व-विश्लेषणबाट बुझ्न सकिन्छ– मनुष्य जुन परिमाणमा कर्तृत्वको अभिमानले आबद्ध रहन्छ, र पूर्व संस्कार तथा फलको आकाङ्क्षाले सङ्कुचित हुन्छ, ठीक सोही परिभाषामा उसको प्राणको क्रिया पनि चैतन्यको गतिबाट वञ्चित हुने गर्छ । त्यस समय उसको प्राण वक्रगति भएको हुन्छ, यसकारण इडा र पिङ्गला नाडीको अवलम्बन गरेर क्रिया गर्दछ । विधिपूर्वक साधन हुनाले प्राण र अपानको विरुद्ध प्रवाह क्रमशः साम्य प्राप्त गर्दछ तथा ऊ समशक्ति सुप्त कुण्डलिनीको जागरणले मध्य नाडी सुषुम्णामा प्रवेश गरेर सरल गतिले माथितिर सञ्चालित भइरहन्छ । प्राणको साथै मन पनि क्रमशः सूक्ष्म र निर्मल भएर ऊर्ध्वगति प्राप्त गर्दछ । कुण्डलिनीको प्रबोधनले प्राण र मन एक साथ नै संस्कार लाभ गर्दछ । यसको अर्को नाम कुण्डलिनी शब्द– मातृका, विन्दु या विशुद्ध सत्त्व हो । नादको अधिष्ठान हो सुषुम्णा । यो अधःशक्तिबाट उठेर– मूलधारको जगबाट उठेर– प्राणात्मिका

ऊर्ध्वशक्तिद्वारा समग्र जगत् र तत् तत् भूमिको अधिष्ठात्रीरूप कारणवर्गलाई भेदन गरेर त्यस सुषुम्णा नाडीको नै माथिको भागमा निस्कन्छ र ब्रह्मरन्ध्रमा विश्रान्त भएर सर्वभूतमा चैतन्यरूपमा प्रकट हुन्छ। नादान्त स्थान वास्तवमा ब्रह्मरन्ध्रभन्दा केही माथि छ– नाद त्यही लीन भएर सम्पूर्ण प्राणीहरूका हृदयमा स्फुरित हुन्छ। वास्तवमा अनाहत नादको अभिव्यक्त हुनुभन्दा पहिले इडा-पिङ्गलाको क्रिया मन्द हुनुको साथ साथै अनेकन प्रकारका, सुन्दा मधुर स्थूल नाद कानमा पर्न थाल्दछ। मन, प्राण र कुण्डलिनीको सम्मिलित रूपले सूक्ष्म र सूक्ष्मतर नाडी-मार्गबाट सञ्चारण गर्नाको फलस्वरूप ती सबै आनन्द दिने ध्वनि सुन्न थालिन्छ। ती सबै विभिन्न स्तरहरूबाट उदित हुन्छ र त्यसको सङ्ख्या वास्तवमा अनिगन्ती हुँदा पनि साधारण रूपमा ती नौ भागमा विभक्त छ।

ती ध्वनिहरूमा केही अनाहत प्राप्तक भए पनि तिनीहरूलाई छाडेर जो वास्तवमै अनाहत ध्वनि या परमनाद हो, त्यसैलाई ग्रहण गर्नुपर्छ। यसको विपरीत ती मधुर ध्वनिहरू सुन्दा सुन्दै अचानक गुरुको कृपाले अनाहत नाद कानमा पर्न पनि सक्छ। यस्तोमा पुनः ती अवान्तर ध्वनिहरू सुन्न सकिन्न, किनभने त्यस समय मन अनाहतमा लीन हुने गर्छ। तर, यसमा पनि क्रम छ। अविच्छिन्न नादको उदय मध्यमा वाक्को आविर्भावलाई सूचित गर्दछ। वैखरी वाक्यमा साधनाको अभिमान-मूलक कण्ठ-क्रिया रहन्छ, तर मध्यमाको उदयले धेरै पटक कण्ठमा अवरोध आउँछ या रोध हुन थाल्नेछ। यस्तो अवस्थामा दृष्टिको अन्तर्मुखता क्रमशः बढ्दै जान्छ। परिणाम-स्वरूप, अविद्याले ढाकिएको हृदयाकाश निर्मल हुनुको साथसाथै आलोकित भइहाल्छ।

वासनाको कालिमा या कुहिरो चित्तबाट हट्दछ। अनाहतको सूचक सम्पूर्ण अवान्तर नाद पनि नाडी-शोधन, भूत-शोधन र चित्त-शोधनको कार्य गर्दछ। तर यस अवस्थामा पनि साधारणतः स्थिर भावबाट ज्योतिको दर्शन नहुनुको साथसाथै अवान्तर ध्वनिहरू क्रमशः क्षीणबाट क्षीणतर हुँदै रहन्छ। अनि एउटा यस्तो स्थिति आउँछ, जब निर्मल बाह्य आकाशमा सूर्यमण्डलको उदय जस्तै विशुद्ध अन्तर-आकाशमा ज्योतिको मण्डल स्पष्ट रूपले उत्रिन थाल्दछ। यो मध्यमा पार गरेर वाक्को पश्यन्ती अवस्थाको सञ्चारको लक्षण हो। पूर्ण पश्यन्ती अवस्था आउनाले पूर्वोक्त नाद-ध्वनिहरू रहँदा पनि जस्तो त्यो रहन्न यानी तब त्यो सुनिँदैन, किनभने त्यस समय मन उपरम प्राप्त गर्दछ। यही मन्त्रात्मक इष्ट देवताको साक्षात्कारको अवस्था हो, यही षोडश

कलाविशिष्ट आत्माको षोडशी या अमृत कलाको अभिव्यक्तिको सूचना हो। त्रयीवाकको यही उपशम हुन्छ भन्ने कुरा थाहा पाउनै पर्छ। ज्योतिष्मती प्रवृत्ति जस्तो चरममा अस्मिताको उत्कर्ष लाभ गर्दछ, त्यस्तै नै यो ज्योति-दर्शन पनि क्रमशः आफ्नो सत्ताको साक्षात्कारमा पर्यवसित हुने गर्छ। वैखरीमा शब्द र अर्थमा परस्पर भेद रहन्छ, मध्यमामा दुवैमा भेद पनि रहन्छ र त्यसको साथ साथै अभेद पनि रहनेगर्छ, तर पश्यन्तीमा भेद रतिभर पनि रहन्न। यसपछि सम्पूर्ण विकल्पको उपशम भएपछि जब पूर्ण अहन्ताको विकास हुने गर्छ, तब बुझ्नुपर्छ परावाक प्रकट भयो। यो परावाक नै परमेश्वरको परमशक्ति हो र यो ऊभन्दा अभिन्न छ। यसको स्वरूप नित्य उदित छ र यसकारण यसको स्थानमा जीव आफ्नो शिवभावलाई पुनः प्राप्त गर्दछ। पश्यन्तीमा अखण्ड ज्योतिर्मण्डलको दर्शन भएपछि आकाश रहँदैन, बरू चिदाकाश पनि रहन्न, आफैमा नै आफ्नो स्वरूप प्रकट हुन्छ। यसकारण, उपनिषद्‌ले भनेको छ– 'स्वे महिम्नि'। 'ज्योतिरभ्यन्तरे रूपम् चिन्तय श्यामसुन्दरम्'– यसैलाई भनिन्छ, ज्योतिको भेदवाट स्वरूपको प्राप्ति। पश्यन्तीको जुन पृष्ठभूमि छ, त्यही परा हो। परावाक नै 'शब्द ब्रह्म-रूप सूर्यमण्डल' हो र यसलाई भेदन गरेर आत्मस्वरूपमा स्थित हुनु नै महात्रानको वास्तविक फल हो। चित्तशक्ति आत्मस्वरूपको अन्तरङ्ग शक्ति हो। आनन्द-शक्ति पनि यही हो। सृष्टिभन्दा पहिले यो चित्तशक्ति क्रियात्मक रूप धारण गर्दछ यानी चित्तस्वरूपमा अक्षुण्ण साम्य रहँदा पनि चित्तशक्ति मानौं उद्रिक्त भएर महामायालाई क्षुब्ध बनाउँदछ। महामाया कुण्डलिनी या विन्दु रूपमा विश्वको मूल उपादान-स्वरूप अव्यक्त हो। त्यस क्षुब्ध विन्दुवाट नाद र ज्योतिको स्फुरण हुन्छ।

वास्तवमा, नाद र ज्योति यसो त नित्य हो, यसकारण एकहिसाबले विन्दु-क्षोभभन्दा अघिदेखि नै विद्यमान रहन्छ। त्यस समयको यो ज्योति परमप्रकाशरूपमा र नाद परनाद-रूपमा कतै कतै वर्णित भएको छ। चित्तशक्ति क्रियात्मक हुनुको साथ-साथै नाद र ज्योति समसूत्र-रूपवाट सृष्टिको मूलदेखि नै क्रमशः अधिकतर बहिर्मुख प्रकट भइरहन्छ। यसकारण चित्तशक्तिको जुन दशा परविन्दुतर्फ छ, त्यसलाई नादमय भन्न सकिन्छ। चित्तशक्तिमा वस्तुतः यस्तो विभाग छैन र हुन पनि सक्दैन। शक्तिको बहिर्मुख अवस्थामा नाद हुन्न, विन्दु हुन्न र शिवशक्ति पनि नभएकै जस्तो हुन्छ, तर सबै एउटा अव्यक्त महासत्ताका रूपमा हुन्छ। यसकारण, प्राचीन आगममा कसैकसैले परविन्दु र परनादमा

अभेदको कल्पना गरेका छन् र कसैकसैले भेदको । द्वैतदृष्टिबाट परविन्दुदेखि परनाद भिन्न हो– यो नाद सृष्टिको हृदयमा निहित बीजरूप नाद होइन, किनभने यो विन्दुवाट आविर्भूत हुने गर्छ । यसलाई कुनै तत्त्वमा राख्न सकिन्न र राख्नु छ, तब विश्वातीत शक्तिमा अन्तर्भूत गर्न सकिन्छ । यस्तोमा परनाद र विशुद्ध संवित् या चित्त सत्ता एक प्रकारले अभिन्न हो । अद्वैत दृष्टिले परावाक आत्माको स्वरूप-शक्ति एवम् स्वरूपबाट अनितरिक्त छ, यसकारण चित्तरूप हो । यो परावाक नै आत्माको आफ्नो विमर्शरूपा स्वरूपानुवन्धी शक्ति हो । विन्दु क्षुब्ध हुनाले जुन नाद र ज्योति प्रकट हुने कुरा गरियो, त्यो सृष्टिको मूल हो ।

तर सृष्टिको मूलमा सर्वत्र दुई व्यापार विद्यमान रहन्छ भन्ने कुरा स्मरणमा राख्नुपर्छ । एउटाको मूलमा एक मात्र स्वभाव नै कार्य गर्दछ तर अर्को व्यापारमा इच्छाशक्ति या त्यस्तो कुनै शक्ति रहन्छ । पहिलो व्यापार नरहँदा दोस्रोको कुनै सम्भावना रहन्न । वायुमण्डलमा वायु निरन्तर सञ्चरण गरिरहन्छ । यसैगरी, स्वभावको शक्ति स्वभाववश आफ्नो कार्य-साधनामा तत्पर छ । यो नित्य एवम् आफू-आफै स्फूर्तिशील छ । तर, यो क्रियाशक्तिलाई कुनै कार्य-साधनामा लगाउनका लागि, यसलाई नियन्त्रित गर्नका लागि, इच्छाशक्तिको आवश्यकता हुन्छ । इच्छाको प्रेरणा नभएसम्म शक्तिले कुनै पनि काम गर्न सक्दैन । तर, शक्तिको स्पन्दन भने भइ नै रहन्छ । साङ्ख्यमा सदृश परिणाम र विसदृश परिणामको चर्चा छ । इच्छाको संसर्गबाट अथवा भोगको निमित्त कर्म-बीजको परिपक्वताको फलस्वरूप अर्थ सृष्टि-सम्पादनका लागि धर्म-परिणाम साधक तत्त्वान्तर-परिणामको ठाउँमा गुणगत विषमता आपसेआप देखा पर्दछ । यो विसदृश परिणाम हो । स्वरूप-परिणाम आफसे आफ हुन्छ, तर धर्म-परिणामको मूलमा इच्छा या कर्म मौजुद रहन्छ र तत्त्वान्तर परिणाममा त्यही विप्रकृष्ट रूपमा रहन्छ । सृष्टितर्फ कलाको प्रसाद आफसे आफ हुन्छ, तर तत्त्वको प्रसार ठीक यसैगरी हुँदैन । त्यसपछि तत्त्व भुवनको आविर्भाव एक प्रकारले अर्थ-सृष्टिअन्तर्गत छ, यसकारण स्फुटभावले नै प्रयोजनको अपेक्षा राख्दछ । यसकारण, भुवन-सृष्टिको आविर्भाव एक प्रकारले अर्थ-सृष्टिअन्तर्गत छ, यसकारण स्फुटभावले नै प्रयोजनको अपेक्षा राख्दछ । यसकारण भुवन-सृष्टिको पछाडि इच्छा, कर्म या अधिकार रहन्छ नै । प्राणको गतिले वर्ण आदिको उदय हुन्छ । प्राणको गति दुई प्रकारको हुन्छ– एउटा स्पन्दन र स्वाभाविक, अर्को क्रियात्मक र प्रयत्नजनित ।

जुन चलन स्पन्दन-रूप स्वाभाविक हो, त्यसबाट स्वभावतः नै वर्णको उदय हुने गर्छ। वर्णको उदयमा कसैको इच्छा या प्रयत्नको आवश्यकता हुँदैन तर, मन्त्रपद आदिको उदय योगीको इच्छा नभएमा हुन सक्दैन ती अनिगन्ती र अनियत छन्, वर्णको जस्तो परिगणित र नियत होइन। प्रयोजन-विशेषको अनुरोधले योगी विशिष्ट मन्त्र आदिलाई अभिव्यक्त गर्ने इच्छा गरेमा त्यस्तो प्रयत्न गर्दछन् र त्यसको फलस्वरूप अभिप्रेत मन्त्र आदिको उदय हुने गर्छ। यो उदय प्राणको गतिले नै हुन्छ, यसमा शङ्का छैन, तर यसका लागि इच्छा र प्रयत्नको आवश्यकता पर्छ। यो स्वभावतः नै अभिव्यक्त हुन्छ– वास्तवमा त ऊ निरन्तर नै अभिव्यक्त भइरहन्छ। चित्तशक्ति या संवित् स्पन्दनरूप हो। सृष्टितर्फ जब ऊ प्राण रूपमा परिणत हुने गर्छ, तब त्यस प्राणबाट नै विराट कालको महल ठडिने गर्दछ। सम्पूर्ण विश्व नै प्राणमा प्रतिष्ठित छ। जहाँ प्राण छ या स्पन्दशक्तिको खेल छ, त्यहाँ प्रवाह रहन्छ नै– मूलमा यो प्रवाह सरल रहन्छ, पछि क्रमशः वक्र रूपमा बदलिन्छ। नादको जुन परम रूप छ, त्यो त्यस सरल प्रवाहबाट नै परिस्फुरित हुन्छ। नादको अर्को रूपको भने निरन्तर उदय र अस्त हुन्छ। दुवै नै वर्णको उदयअन्तर्गतका हुन् र प्रयत्न-निरपेक्ष तथा स्वारसिक हो। नादको पर-अपर रूपमा सूक्ष्मतम तारतम्य छ। जुन अनाहद ध्वनिको बारेमा पहिले भनी सकिएको छ, त्यही उसको स्वरूप हो। यो ध्वनि प्राणिमात्रको हृदयमा सदा नै आफसे आफ ध्वनित भइ नै रहन्छ–

एको नादात्मको वर्णः सर्ववर्णाविभागवान्।
सोऽनस्तमित रूपत्वाद् अनाहत इवोदितः॥

यसको उदय मात्र छ, अस्त छैन। वर्णको जुन अपेक्षाकृत थोरै सूक्ष्म अवस्थाको अस्त अस्त होइन, किनभने यो अस्तमा पनि पुनः उदयको बारे थाहा हुन्छ। सूक्ष्म वर्णको उदय वर्गको क्रमबाट हुने गर्छ। अष्टवर्गको उदय सम्बन्धमा विविध मत छन्– एक मतले यो बाह्य अहोरात्रको अधीनमा रहन्छ, अर्को मतले यो कसैको अधीनमा हुन्न। पहिलो मतमा जुन उदय हुन्छ, त्यो विषम हो, तर अर्को मतले यो उदय विषम नभएर समभावको हुने गर्छ। अर्को मतले प्राण– सञ्चारको परिमाण छत्तीस अङ्गुली हुनुको कारण एक एक वर्गको उदय ४.५ अङ्गुल हुन्छ। दिनमा तेह्र सङ्क्रान्ति र रातमा बाह्र सङ्क्रान्ति निर्दिष्ट छ। दिनको भागमा प्राणको जुन 'चार' हुन्छ, त्यसको सङ्ख्या १०,८०० हो। रातीमा पनि यही बुझ्नुपर्दछ। चार यानी श्वास-

प्रश्वासको कुल सङ्ख्या २१,६०० । वर्णको अविभक्त सामान्य रूप या नादको जुन कुरो गरियो, यो ब्रह्म-प्रणव-संलग्न नाद या ज्योति हो । मनले यहाँ लय प्राप्त गर्नासाथ परमपदको साक्षात्कार हुन्छ । मन नरहनाले नाद रहन्न र अनि नाद नरहनाले मन पनि रहन्न ।

जब (आवरणवशतः) नाद सुन्न सकिन्न, त्यो विक्षिप्त, क्षिप्त या मूढ दशा हो, तर जब नाद सुन्न थालिन्छ, त्यो एकाग्र अवस्था या ज्ञान अवस्था हो । र, जब नाद-श्रवण रोकिइन्छ, तब त्यो चित्तको निरोध अवस्था हो । त्यस समय मानको वृत्ति रहन्न, संस्कार-मात्र रूपमा मन विद्यमान रहने छ । यो अविभक्त वर्ण या (पर) नाद या (पर) ज्योति यथार्थतः चिदात्मिका शक्ति हो । यही 'परावाक्' पदवाच्य हो । पूर्ण अहन्ता यसको स्वरूप हो, यो पहिले नै भनिसकिएको छ । परावाकलाई भेदन नगरिकन आत्मा आफ्नो शिवस्वरूप प्राप्त गर्न सक्दैन ।

यस दृष्टिले परावाक् नै शब्दब्रह्म-रूप रवि हो, जसलाई बोध-रूपी खड्गले भेदन गरेर स्वरूप प्राप्त गर्नुपर्ने हुन्छ । यो मात्रातीत चिन्मय तथा असीम नाद-प्रवाह विश्व-कल्याणका लागि माथिबाट भ्रू-मध्यमा खस्दछ । भ्रू-मध्य स्थान नै चित्तको केन्द्रविन्दु हो । यस स्थानबाट प्रकृति ह, क्ष र त्यसमा लं बीजको रक्षा गरेर तल ओर्लन्छ । यसपछि चित्त-सूत्रको अवलम्बनले अधः प्रदेशमा क्रमशः तीन मण्डल रचिएको हुन्छ– पहिलो सोममण्डल, त्यसपछि सूर्यमण्डल र अन्तमा अग्निमण्डल । यी तिनवटै वर्णमय मण्डलमा सोममण्डल स्वरवर्णमय, सूर्यमण्डल क-कारादि २५ व्यञ्जन वर्णमय र अग्निमण्डल य-कारादि बाँकी व्यञ्जनवर्णमय । यी तीन मण्डलहरूमा क्रमले कारणशरीर, सूक्ष्मशरीर र स्थूलशरीर उद्भूत हुन्छ । इच्छा, मन र प्राणको अभिव्यक्तिको यही क्रम हो । वर्णमालात्मक रचना सम्पूर्ण भएपछि वर्ण-समष्टि अझ तल ओर्लिन्छ र अज्ञानमय कारण-समुद्रमा गएर डुबेपछि त्यसको नाम हो कुण्डलिनी । चिन्मय वर्णमालाको सुप्त अवस्था हो । यो व्यष्टि र समष्टिमा समान भावले रहन्छ । नादबाट नै समग्र विश्वको सृष्टि हुन्छ र सृष्ट विश्वको अन्तरमा नाद नै प्राण या जीवनी-शक्तिका रूपमा निहित रहने हुँदा अनन्त विश्वको गर्भमा धारण गरेको यही प्रसुप्त भुजङ्गको आकारमा रहन्छ । आगमविद्गण यसलाई स्वयम्-उच्चरणशील अनचक 'ह'कार या परम बीज भन्दछन् । यस अवस्थामा यसको नाद-भाव अभिभूत र प्राणात्मक भाव उन्मुक्त रहन्छ । जब यो नादरूप पनि डुबेर गहिरो सुषुप्तिमा अवस्थान हुन्छ, तब यसको नाम हुन्छ प्राणकुण्डली–

यही नै हो प्राण हंस । आफ्नो स्वभावले यो अधऊर्ध्व सञ्चरण गर्दछ– 'ह'कार विमर्श-रूपमा हान (त्याग) गराउँछ र 'स'कार विमर्श-रूपमा समादान (ग्रहण) गर्दछ– त्याग र ग्रहण यसको स्वभाव हो ।

यही नादात्मक हंसको नित्य उच्चार हो । अनचक (ह) अभिव्यञ्जक (अ) नादको शिरोरूपमा कल्पित हुन्छ । यो आकारमा जोडिंदा उकार अध: ऊर्ध्व सञ्चारक हुनुको नाताले चरण रूपमा कल्पित हुन्छ । ऊ कारको योग हुनाले विन्दु आदि प्रमेय प्रकट हुने सूत्रपात हुन्छ । अनुस्वार या 'म' कार मात्रामा नै हुने हुँदा अ-उ-म या प्रणव-रूपमा यस उच्चारणको उपलब्धि सम्भव हुने गर्छ । वर्ण-उच्चारको जुन विवरण दिइयो, यसको अनुभूति किञ्चित् अन्तर्मुख हुनाले साधारण व्यक्ति मात्रको पनि हुन सक्छ । यो नादको स्थूल अनुभूति हो । मन र प्राण सम्मिलित भएर जाग्रत कुण्डलिनीसँग मिलेर मध्यनाडीमा प्रवेश गर्नासाथ नै अनन्त प्रकारका विचित्रता भएका स्थूल नादको अनुभव हुन आरम्भ हुने गर्छ ।

साधारण रूपमा दस प्रकारका ध्वनिको वर्णन पाइन्छ– यसका पनि अनेकौं भेद छन् । नौवटा ध्वनिहरूलाई छाडेर दशौंलाई समातेर राख्ने विधान छ । सुषुम्णा नाडी नै ब्रह्मनाडी हो, तर जबसम्म यससँग जोडिएका अन्य नाडीहरूका योग-सूत्र छिन्न हुँदैन, यो प्रकृत ब्रह्मनाडी हुँदैन । वज्रा, चित्रिणी आदि नाडी ब्रह्म नाडीको नै पूर्वाभास हो । यस नाडी-संघटको कारण मन, वायु र कुण्डलिनीको सञ्चार विभिन्न मार्गहरूबाट हुन्छ । व्यक्तिगत अन्तर प्रकृतिको भेदले स्थूल नादमा विचित्र हुन्छ । नादसँग ज्योतिको सम्बन्ध छ । नादको भिन्नता अनुरूप ज्योतिको भिन्नता हुने गर्छ । विशुद्ध नाद पनि विशुद्ध ज्योति हो, जसमा स्वरगत, मात्रागत र गुणगत कुनै विभाग हुन्न । हठयोगमा नाद-साधनाको उपदेश छ । आदिनाथ शङ्करले भनेका सवाकरोड लययोगमा नादानुसन्धानको नै श्रेष्ठता मानिएको छ । हठयोगिहरूका विष्पत्ति अवस्था नै सिद्ध अवस्था हो । यसको एक एक अवस्थामा एक एक ग्रन्थिको भेद हुन्छ र एक एक प्रकारको शून्यको उदयले एक एक प्रकारको ध्वनिको अभिव्यक्ति हुन्छ ।

अ-उ-म रूपमा जुन नाद-क्रियाको पछि भनिएको छ, त्यो योग अभ्यासबाट क्रमश: अधिकाधिक सूक्ष्मता प्राप्त गर्दछ । 'म' कार मात्रापछि यो उच्चारण भ्रू-मध्यमा विन्दुको रूप लिनेगर्छ । अकारादि तीन मात्राहरूमा स्थूल, सूक्ष्म, कारण-रूपमा विदित नि:शेष भेद छ– यी सम्पूर्ण भेद पिण्डीभूत भएर अविभक्त

रूपमा जहाँ विदित हुन्छ, त्यही विन्दु हो । योगीहरूका नौवटा योगभूमिहरू या चिन्मय अनुभूति- भूमिमा विन्दु नै पहिलो हो । यसका नौ भूमिहरू पनि 'नौनाद'को नामले प्रसिद्ध छ । स्थूलमा पनि नादको जस्तो नौ विभाग कल्पित हुन्छ, त्यस्तै नै सूक्ष्ममा पनि नौवटा नै विभाग कल्पित हुने गर्छ । विन्दुको उच्चारण एक मात्राबाट आधी मात्रामा प्रवेश गर्न धेरै नै दुरुह छ । मनको लौकिक स्थितिमा अर्धमात्रामा प्रवेश हुनै सक्दैन, किनभने अर्धमात्रा एकाग्रता र निरोधको सन्धिस्थानमा अवस्थित छ । प्रज्ञाको उत्कर्ष यदि विभूतितर्फ हुनेछ, तब सर्वज्ञत्वको आविर्भाव हुन्छ, तर यो यदि चित्त-प्रकाशतर्फ हुने गर्छ, तब सर्वज्ञत्वको निरोध र विवेकको उदय– यही त्यस उत्कर्षको लक्षण हो । यसैको नाम उन्मनी हो । मात्राको ह्रासअनुसार कालको सम्बन्ध जति थोरै हुन्छ, जडको सम्बन्ध पनि त्यत्तिकै थोरै हुने गर्छ र त्यही अनुपातमा चित्त-प्रकाशको उज्ज्वलता पनि बढ्दछ । यसकारण, निरोध या उन्मनी अवस्थामा काल रहन्न । देहतत्त्वलाई भेद गर्नका लागि शरीरको सकल, सकल-निष्कल र निष्कल– यी तीन स्तरहरूको भेदन गर्नुपर्दछ ।

अकुल सहस्रारबाट मूलाधार आदि सम्पूर्ण पद्महरूलाई भेदन गरेर माथितर्फ उठनुपर्ने हुन्छ । सामान्य रूपमा हामी जुन सहस्रदल-कमलबारे सुन्ने गरेका छौ, त्यो शरीरको ऊर्ध्वदेशमा छ । भ्रू-मध्यमा निधारतर्फ केही माथि विन्दुको स्थान छ । यो वर्तलाकार र हेर्नमा दियो जस्तो छ ।

विन्दु-आवरणमा मूल पाँचवटै नै कलाहरूका स्थिति छन् । 'मतङ्ग परमेश्वर' नामक आगमअनुसार जुन परम तत्त्वलाई लय अवस्थामा शिव भन्ने गरिन्छ– व्यक्त अवस्थामा त्यसैलाई विन्दु पनि भन्ने गरिएको छ । सृष्टिको उन्मुख अवस्था नै विन्दु हो । आज्ञाचक्रमा एकाग्रताको पूर्ण विकास हुने गर्छ । पातञ्जलमतबाट सम्प्रज्ञात समाधिको पूर्ण विकासलाई अस्मिता भन्ने गरिन्छ । त्यसमा प्रज्ञाको पूर्णविकास हुँदा पनि यो स्थूलको नै व्यापार हो, किनभने सर्वज्ञत्व पनि स्थूल धर्मवाहेक अरू केही होइन । ग्रन्थि-भेदन पछि निरोधको ढोका खुल्ने हुँदा सूक्ष्म चिदन्भूमिको सूत्रपात हुने गर्छ । निरोधको क्रमविकासको इतिहास र पूर्ववर्णित नौनाथको क्रमिक विकास एउटै कुरो हो । निरोधको चरम अवस्थामा चित्तवृत्ति शून्य हुन्छ । यस भूमिमा ज्योतिर्मय ज्ञान-रूपमा ईश्वर-बोधको सुचना हुने गर्छ । यहाँ प्रवेश नगरेसम्म जागतित ज्ञान विलुप्त हुन सक्दैन । यो समाधि जनित प्रज्ञाभन्दा धेरै माथिको अवस्था

हो, किनभने समाधिजनित ज्ञान उत्कृष्ट हुँदा हुँदै पनि जागतित ज्ञानमात्र हो।

लौकिक ज्ञानबाट त्रिपुटीको लोप हुँदैन– विराट् अभेद्ज्ञानको उदय हुँदा पनि भेद-बोधको क्रमशः निवृत्ति हुने गर्छ। स्तर-भेद गर्दागर्दै यो भेद-बोध बिस्तारै बिस्तारै हराउँछ। त्यस समय पहिलो देश-कालको ज्ञान त रहन्छ, तर त्यो अलिक अर्कै किसिमको हुने गर्छ। विन्दु स्तरमा बीज रहन्न यानी प्रकृतिको स्फुरण रहन्न, यसकारण यसलाई पुरुषको अभिन्न स्वरूप पनि भन्न सकिन्छ। विन्दुको पछि आउँछ अर्धचन्द्र। यो द्वितीय भूमि हो। विन्दुलाई पूर्णचन्द्र या चन्द्रविन्दु कल्पना गरेर अर्धचन्द्रलाई त्यसको अर्धांश-रूपमा कल्पना गरिएको छ। यो विन्दुभन्दा माथि अवस्थित छ।

यसको चारैतिर चारवटा र बीचमा एउटा– जम्मा पाँचवटा कलाहरू छन्। निधारमा स्थित अर्धचन्द्र विन्दुको ज्ञान-प्रधान भाव हटेर जान्छ। यसपछि तृतीय भूमिको नाम निरोधिका या बोधिनी हो। यसको मात्रा अझ धेरै सूक्ष्म हुन्छ। सम्पूर्ण विश्वको शासनको भार ब्रह्मा आदि जुन पञ्च कारणहरूमा अर्पित छ, त्यसको पनि ऊर्ध्वगति यस निरोधिका भूमिमा रुद्ध हुने गर्छ, किनभने यस भूमिलाई भेदन गर्नाले विश्व-सासनको काम गर्नु उसका लागि तव सम्भव रहन्न। एक मात्र योगीले नै यसलाई भेदनगरेर नाद-पथमा प्रवेश गर्न सक्छ। वास्तवमा, यो विन्दु आवरणको नै अन्तिम छेउ हो।

निरोधिका पछिको नादको मात्रा १/१६ र नादान्तको मात्रा १/३२ हो। यस नादलाई घेरेर असङ्ख्य मन्त्र, महेश्वर रहेका हुन्छन्। नादको स्थान ब्रह्मरन्ध्रमा मुखमा छ– विशुद्ध, त्रिगुणातीत र चित्तको आभासयुक्त शब्द यही नै अनुभूत हुने गर्छ। नादान्त शून्य हो– यो तृतीय शून्य हो। कुनै कुनै आचार्यका मतमा नाद र नादान्त ईश्वर पद-रूपमा गृहीत हुने गर्छ। यसमा गुणीभूत वोद्यको भेद नै प्रधान हो। यस भूमिमा सम्पूर्ण वाचक शब्द अभिन्न रूपमा विमर्शनको विषयीभूत भएपछि अनाहत ध्वनि या हंस तालुमा ध्वनित भइरहन्छ। नादान्त नाडीको आधार र ब्रह्मविलमा लीन छ– यसले मोक्षको ढोका रुद्ध गरिरहन्छ। यो अधःशक्तिद्वारा सकल जगत्लाई भेदन गरेर ऊर्ध्वशक्तिमा समाप्त हुन्छ। यसपछिको शक्तिको स्थान यानी छैटौं चिद्भूमि ब्रह्मरन्ध्रभन्दा माथि छ।

ऊर्ध्वकुण्डली चार कलाहरूले घेरिएको छ, यसको केन्द्रको कलाको नाम व्यापिनी हो। शक्तिको मात्रा १/६४ छ। शक्तिमा नै आनन्द-सत्ताको

अनुभव हुने गर्छ। शक्तिदेखि उन्मनीसम्म प्रत्येक भूमि नै दीप्त द्वादश सूर्यजस्तै उज्ज्वल छ। शक्ति शून्यात्मक होइन, तर व्यापिनी शून्यस्वरूप हो। पञ्चशून्यमा यही चतुर्थ शून्य छ।[न] पृथ्वीसम्म सम्पूर्ण तत्त्व र भूवन वास्तवमा शक्तिको नै प्रपञ्च हो। शक्ति तत्त्व नै अनाश्रित भुवन या योगीहरूका वास्तविक निरालम्ब पुरी हो। शिवतत्त्व प्रकृत प्रस्ताव शक्तितत्त्वमा नै व्यापिनीमा अवस्थित छ। शिवरूपी अनाश्रित देवको उत्सङ्गमा अनाश्रिता शक्ति विराजमान छ। व्यापिनीपछि समनाको स्थान छ। यही पराशक्ति हो।

यही पराशक्ति सम्पूर्ण कारणहरूको कर्त्तृभूता एवम् सम्पूर्ण अण्डहरूको आधारभूता हो। यही शक्तिमा आरूढ भएर नै शिव समग्र विश्वको सृष्टि, रक्षा, संहार, निग्रह र अनुग्रह-रूप पाँचवटा कार्य गर्दछ। तन्त्रको मतमा महेश्वर हेतुकर्ता हो र शक्ति त्यसको कारण हो। व्यापिनीको मात्रा १/१२८ र समनाको मात्रा १/२५६ छ। यसपछि छ उन्मना। कसैको मतमा यसको मात्रा १/५१२ छ।

केहीको मतमा यसको उच्चारण काल छैन, किनभने यो मनको अतीत हो। यो नै नादरूपी शब्दब्रह्मको अन्त हो। यही पञ्चमशून्य हो र नवनादमा

न. अधिकांश योगी उपासकको यही मत हो। स्वच्छन्दागममा पनि यसै मतका समर्थक छन्। यस मतबाट–

१) ऊर्ध्वशून्य– शत्ति,पथ, जहाँ नादान्तसम्म निःशेष पाश प्रशान्त।

२) अधःशून्य– हृदयक्षेत्र, जहाँ अहिलेसम्म प्रपञ्चको उल्लास भएको छैन।

३) मध्यशून्य– कण्ठ, तालु, भ्रूमध्य, ललाट र ब्रह्मरन्ध्र नै शक्ति-स्थान हो।

यही व्यापिनी चतुर्थ शून्य। तीन शून्य चल र हेय हो, यसकारण कि यी आपेक्षिक छन्। वास्तवमा, चतुर्थ शून्य पनि त्यही हो। यस मतबाट समनामा पञ्चम शून्य र उन्मनामा षष्ठ शून्य छ। यी पनि चल र हेय हुन्। परतत्त्वको तुलनामा उन्मनामा पनि केही चलत्व छ। तर यी सबे शून्य तत्त्व र परमशिवबाट अधिष्ठित छ– यसकारण सिद्धि दिनेवाला छ। यसकारण, स्वच्छन्द शास्त्रको परिभाषामा छवटै शून्य त्याग गरेर, सातौँमा प्रवेश गर्नु आवश्यक छ। यही यथार्थतः परम पद हो। छवटै शून्य अवस्थाहरू हुने– पथअन्तर्गत। सातौं नै योगिहरूका महालक्ष्य हो। त्यो–

अशून्यं शून्यमित्युक्तं शून्यं चाभाव उच्यते।
अभावः स समुद्दिष्टः यत्र भावाः परं गताः॥
अतएव यो सप्तम शून्य नै अखण्ड महासत्ता हो।

यही नवौँ भूमि हो । शक्तिमा आनन्दमय स्पर्शको अनुभव हुन्छ भने व्यापिनीमा– त्वक् र केश स्थानमा– व्याप्ति हुन्छ। त्यसपछि शिखा-केश-स्थानमा या समना पदमा मनन मात्रै रहन्छ, तर मननको कुनै विषय नै रहन्न । पछि गएर पनि रहन्न, त्यस समय हंस शुद्ध आत्माको रूप धारण गर्दछ ।

त्यस स्थितिमा विश्वको अभेद प्रकाश उन्मना-शक्तिको आश्रयमा हुने गर्छ । तब शिवत्व प्राप्त हुने गर्छ– चिदानन्दघन परमेश्वर-स्वरूपमा समावेश हुन्छ र हंस सङ्कोचहीन भएर प्रसृत हुने गर्छ यानी व्यापक भएर ३६ तत्त्वरूपमा तथा त्यसमा पनि उत्तीर्ण भएर स्फुरित हुने गर्छ। स्थूल वर्णको उच्चारण-काललाई मात्रा भनिन्छ। काल-अंश क्रमशः प्रायजसो सूक्ष्म हुने गर्छ। प्राचीन आचार्यहरूले सूक्ष्मतम काललाई अवयवको नाम दिएका छन् 'लव' । कमलको एउटा दल (पत्र) भेदन गर्नमा जुन समय लाग्छ, त्यसको नाम 'लव' हो ।

प्राचीन आचार्यहरूका सूक्ष्मतर र काल छैन भन्ने मत वास्तवमा उचित होइन । मन्त्र या नाम चैतन्य-सम्पन्न हुनाले क्रमशः सूक्ष्मता प्राप्त गर्दछ । त्यस समय कालमात्रा अर्धमात्राले क्रमशः अधिकाधिक कम हुँदै आउँछ। सूक्ष्मता क्रमशः अर्धमात्राको धारा समातेर वढिरहन्छ। मात्रा चाहे जतिकै होस्, एकै पटक शून्य हुँदैन र हुन पनि सक्दैन । तर, शून्य नहुंदा नहुँदै पनि व्यवहारमा यो शून्यवत् हुने गर्छ ।

मात्रा शून्य भएमा मनको क्रियालाई राख्न सकिन्न, यसकारण यसलाई उन्मना भन्ने गरिन्छ। त्यस समय मनलाई समाउन सकिन्न । मन नै त चन्द्र हो– विन्दु पूर्णचन्द्र, अवश्य विशुद्ध र चिन्मय हो । स्वच्छ ऐनामा जसरी ज्योति प्रतिफलित हुन्छ, त्यसै गरी चिदालोक प्रतिफलित हुने गर्छ । मात्रा-विभागको फलस्वरूप मनको उपादान क्रमशः क्षीण भइरहन्छ। मन रहनाले नै कालको भय रहन्छ। काल अवश्य सूक्ष्म काल हो, जो जरा र क्षयको हेतु हो । मन जति नै क्षीण हुने गर्छ, कालको स्पर्श त्यति नै कम हुने गर्छ। तर, कम हुंदा पनि रहन्छ। यसको विपरीत प्रतिफलित चित्तको उज्ज्वलता क्षीयमान मन समनासम्म रहन्छ। विन्दु पूर्णिमा हो– यसपछि नै कृष्ण पक्ष सुरु हुने गर्छ। समनालाई कृष्ण चतुर्दशी भनिन्छ। तर समनाबाट उन्मना यानी अमावास्या कसरी हुन्छ, यो बुझ्न गाह्रो छ। योगीले यसको स्वयम् अनुभव गर्छ, उ स्व-संवेद्य हो । एक हिसावले उन्मनामा कला रहन्न– तर नरहँदा पनि संस्कार रूपमा रहन्छ।

सानामा सूक्ष्म मन हुन्छ। उन्मनामा सूक्ष्म मन हुन्न, संस्कार हुन्छ। र यो पनि एउटा रहस्य हो।

प्रकृत पूर्णिमा षोडशी हो, पञ्चदशी होइन। पूर्ण पूर्णिमा हुँदा पूर्णता अक्षुर्ण्ण रहन्छ– कृष्णपक्ष आउँदैन। कृष्णपक्ष नै काल-ग्रास हो। विन्दुमा १५ कला हुन्छ, यसको अर्थ अमृतकला या षोडशीको कमी हो। यही कारणले उन्मनामा १५ कलाहरूको अवसान हुन्छ, तर गुप्त कला हो। त्यसमा षोडशीको आभास रहन्छ। यदि वास्तवमै षोडशी हुन्थ्यो भने त अमावस्यापछि शुक्लपक्ष हुन्थेन। कालचक्रको आवर्तन षोडशीको व्यक्तताको अभावमा हुने गर्छ। षोडशकला- पुरुषमा अमृतकला एक हो, यही नै वास्तविक अमाकला हो, बाँकी कलाहरू कालपृष्ठ र काल-राज्यमा सङ्क्रमण गर्दछ। भाव-साधना मार्गमा रसको पथ नै नित्यलीलाको पथ हो। नाम-साधना र भाव-साधना पथमा परस्पर सम्बन्ध या योग हुन्छ।

नाम-साधना र भाव-साधना पथमा पृथक् रूपबाट पनि प्रस्थान सम्भव छ। नामबाट भाव-साधनाको पथमा पहिले सद्गुरु-प्राप्ति र मन्त्र-साधनाको अधिकार उत्पन्न हुन्छ। मन्त्र-साधनाबाट शारीरिक उपादान विशुद्ध हुन्छ र मन्त्र सिद्धिको साथसाथै भावशरीरको विकास हुने गर्छ। यसबाट स्वभावको मार्ग खोल्दछ र विधि-निषेधको घेरा हट्दछ, यसकारण राग-मार्गमा भजनको अधिकार आउँछ।

साधनाको प्रारम्भमा आश्रय-तत्त्व व्यक्त हुने गर्छ, यसकारण राग-साधना सम्भव हुन्छ– यो भावराज्यको व्यापार हो। भाव-सुमन फक्रिनाले प्रेमको विकास हुन्छ। तब विषयतत्त्वको अधिकार हुन्छ। पछि गएर आश्रय र विषय आपसमा मिसिएर एक भइहाल्छ। यही एउटा सत्ता नै रस हो– यही समरसता सिद्धावस्था या रस-अद्वैत हो। यस महास्थितिमा अनन्त लीलाको स्फुरण सम्भव हुने गर्छ। तब नाममात्रको महात्म्य भन्दा विशुद्ध रूपमा आएर आनन्द, अनन्तकाल, अनन्त भावमा आफैमा आस्वादित सत्ता रूपमा पनि रहन सक्छ। सार कुरो नै नाम शक्ति अनन्त र अचिन्त्य हो।

■

सन्दर्भग्रन्थ सूची

कमलयोगी (२०७४ दोस्रो संस्करण) **गुह्यकालीतन्त्रम्**, काठमाडौं : गुह्यकाली साधना सिद्धपीठ, गुह्येश्वरी ।

कविराज, श्रीगोपीनाथ महामहोपाध्याय डा. (सन् १९९४ द्वितीय संस्करण) **तान्त्रिक साधना और सिद्धान्त**, पटना : बिहार-राष्ट्रभाषा-परिषद् (भारत) ।

'किरण', मोहन वैद्य (२०७४) **हिमाली दर्शन**, ललितपुर : साझा प्रकाशन ।

के.सी., सुरेन्द्र (२०६०) **नेपालको इतिहास र ऐतिहासिक परम्परा**, काठमाडौं : बौद्धिक संसार प्रकाशन समूह ।

कौल, मधुसूदन (सन् १९१८) **श्रीतन्त्रालोक : जयरथकृतिविवेकव्याख्योमतेः**, श्रीनगर : काश्मीर शैवतन्त्र सिरीज ।

चट्टोपाध्याय, देवीप्रसाद (अनु. वृज शर्मा, सन् २००५) **लोकायत**, दिल्ली : राजकमल प्रकाशन प्रा.लि. ।

ज.ब.रा., धनशमशेर (२०४६) **कुलार्णव-रहस्य**, काठमाडौं : ने.रा.प्र.प्र. ।

ज.ब.रा., धनशमशेर (२०३४) **मन्त्रविद्यारहस्यम्**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

द्विवेद, व्रजवल्लभ (सन् १९८३) **लुप्तागमसङ्ग्रह : २, उपाद्घात**, वाराणसी : सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय ।

देवकोटा, रत्नाकर (२०६४) **बृहत् जुम्ला राज्यको ऐतिहासिक विवेचना**, काठमाडौं : कुमार खड्ग प्रा. स्टडिज

नेपाल, ज्ञानमणि सं. (२०५५/०५६) **'प्रज्ञा' वर्ष २९, अङ्क ८९**, काठमाडौं : ने.रा.प्र.प्र. ।

पन्त, पण्डित श्री कालीचरण (२०२५) **शाक्त-दर्शन**, प्रयाग : कल्याण मन्दिर, अलोपीवाग, मार्ग ।

पन्त, दिनेशराज (२०४३) **गोरखाको इतिहास**, दोस्रो भाग, काठमाडौं : वटु ।

प्रश्रित, मोदनाथ (२०६९) **दर्शन दृष्टिकोण**, ललितपुर : माइलस्टोन प्रा.लि.।

प्रश्रित, मोदनाथ (२०७०) **नेपालमा गणयुगदेखि राष्ट्रसम्म**, ललितपुर : माइलस्टोन प्रा.लि.।

पाण्डेय, जनार्दन (सन् १९७६) **गोरक्षसंहिता भाग १**, सरस्वतीभवन ग्रन्थमाला १२०, वाराणसी : सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय ।

पोखरेल, वालकृष्ण (२०५५) **खस जातिको इतिहास**, विराटनगर : उदात्त अनुसन्धान अड्डी ।

पौड्याल, वीणा (२०६२) **काठमाडौँउपत्यकाका विष्णुविभव मूर्ति र चित्रहरू,** काठमाडौँ : नेपाल र एशियाली अनुसनधान केन्द्र त्रिभुवन-विश्वविद्यालय ।

वज्राचार्य, धनवज्र र अरू (२०३८) **नुवाकोटको ऐतिहासिक रूपरेखा**, काठमाडौँ : नेपाल र एसियाली अध्ययन संस्थान, त्रि.वि.

भट्टराय, प्रा.चूडानाथ (२०७८, दोस्रो) **तन्त्र-सर्वस्व**, काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान कमलादी ।

भट्ट, विद्यानाथ उपाध्याय (२०६२) **तन्त्रविद्यालोक**, काठमाडौँ : अन्नपूर्णा उपाध्याय भट्ट ।

महाराज र माता, १०८ आचार्य गणधर कुन्थुसागर र १०५ गणनी आर्यिका विजयमती (सन् १९८१) **यन्त्र, मन्त्र, तंत्र विद्या**, राजस्थान : कुन्थु विजय ग्रन्थ माला समिति, घी वालों का रास्ता, केसरों की गली, जौहरी बाजार, जयपुर–३०२००३

मालवीय, सुधाकर (सन् २००६) **आगमरहस्यम्**, वाराणसी : चौखम्वा संस्कृत सिरिज अफिस ।

राई, भक्त (२०७४) **पूर्वीय दर्शन**, काठमाडौँ : नेपाल प्राज्ञिक अनुसनधान केन्द्र ।

राष्ट्रिय अभिलेखालय (२०६९) **वास्तुशास्त्रीय ग्रन्थहरूको सङ्क्षिप्त अध्ययन**, काठमाडौँ : राष्ट्रिय अभिलेखालय, पृ. २३-२४) ।

रेग्मी, डा.जगदीशचन्द्र (२०४०) **प्राचीन नेपाली संस्कृति**, काठमाडौँ : साझा प्रकाशन ।

रेग्मी, डा.जगदीशचन्द्र (२०५३) **लिच्छवि-इतिहास,** काठमाडौँ : नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

रेग्मी, रामराज (२०७४) **नेपालको इतिहास : एक मार्क्सवादी दृष्टिकोण**, काठमाडौँ : जागरण बुक हाउस ।

लामिछाने, डा. माधवप्रसाद (२०७९) **शैव तथा शाक्त दर्शन**, काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान कमलादी ।

लामिछाने, डा. माधवप्रसाद (२०७३) **नेपाली समाजमा तन्त्रपरम्परा**, काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान कमलादी ।

वज्राचार्य, गौतमवज्र (२०३३) **हनुमानढोका राजदरबार**, काठमाडौँ : नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

वज्राचार्य, धनवज्र (२०५६) **मध्यकालमा अभिलेख**, काठमाडौँ : नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

वज्राचार्य, धनवज्र (२०२०) **लिच्छविकालका अभिलेख**, काठमाडौँ : नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

वज्राचार्य, धनवज्र (२०३०) **लिच्छविकालको अभिलेख**, काठमाडौं : नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

वज्राचार्य, धनवज्र र श्रेष्ठ, टेकबहादुर (२०३२) **नुवाकोटको ऐतिहासिक रूपरेखा,** काठमाडौं : नेपाल र एसियाली अनुसन्धान संस्थान ।

वज्राचार्य, धनवज्र र श्रेष्ठ, टेकबहादुर (२०३५) **पाञ्चाली शासन पद्धतिको ऐतिहासिक विवेचना**, काठमाडौं : नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

शर्मा, बुद्धिसागर (२०२५) **बृहद्सूचीपत्रम्** तन्त्रविषयकः चतुर्थो भागः पुरातत्त्वप्रकाशनमाला ।

शर्मा, भद्रशील पण्डित, (सप्तम संस्काण २०५२) **मन्त्र-सिद्धिका उपाय**, प्रयाग : कल्याण मन्दिर प्रकाशन, अलोपीबाग मार्ग (भारत) ।

शर्मा, लक्ष्मीनारायण पंडित (सन् १९८२ द्वितीय संस्करण) **मन्त्रतन्त्र साधना**, दिल्ली : वर्ल्ड बुक कं. चावडी बाजार (भारत) ।

शिवाकोटी, गोपाल (सन् २०१४) **खस जातिको सत्त्वको लडाइँ**, काठमाडौं : पैरवी प्रकाशन ।

श्रीवास्तव, सी.एम. (सन् २०१४ पाचौँ संस्करण) **वशीकरण सिद्धियां साधना एवम् प्रयोग**, दिल्ली : मनोज पब्लिकेसन्स ७६१, मेन रोड, बुराडी, दिल्ली (भारत) ।

श्रेष्ठ, कल्पना (२०७०) **भक्तपुरका ऐतिहासिक काष्ठ झ्यालहरू**, काठमाडौं : गोपाल धौबन्जार ।

श्रेष्ठ, पुरुषोत्तमलोचन (२०७३) **गृहा, गुहालेख, गुहाचित्र एवम् अन्य सम्पदा,** भक्तपुर : विनोदराज शर्मा ।

श्रेष्ठ, पुरुषोत्तमलोचन (२०५८) **त्रिपुर र युथुनियम् राजकुल**, भक्तपुर : भक्तपुर नगरपालिका ।

श्रेष्ठ, पुरुषोत्तमलोचन (२०६०) **भक्तपुरको नवदुर्गा गण**, भक्तपुर : बबिता श्रेष्ठ ।

सापकोटा, चन्द्रमणि (२०७४) **धौलागिरि हिमालय क्षेत्रका जडीबुटीहरू**, म्याग्दी : माया सापकोटा ।

सापकोटा, सन्दीप (२०७९ सम्पादक) **तन्त्र चर्चा** काठमाडौं : भोलानाथ वास्तोला ।

सापकोटा, सन्दीप (२०७९ सम्पादक) **नेपालमा तन्त्र** काठमाडौं : भोलानाथ वास्तोला ।

सुवेदी, हंसपुरे (फागुन-जेठ २०५३) **प्रज्ञा** "पूर्णाङ्क ८२", काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान (धामी पतुर्नु तथा देवता चढ्नु) पृष्ठ– ७७-९० ।

Ritterspach, B.R.O.A. (1995) The Water Conduits in the Kathmandu valley, Delhi : Munshiram Manoharlal Publishers.

■

A453



शीतल गिरी

सुपरिचित लेखक शीतल गिरीले 'तन्त्रसाधना रहस्य' शीर्षकको यस कृतिमा तन्त्रको स्वरूप र आविर्भाव, तान्त्रिक संस्कृति, गुरुतत्त्व र सद्गुरु रहस्य, मन्त्र र देवताको रहस्य, शक्तिको रहस्य, दीक्षारहस्य, तान्त्रिक साधना, कुण्डलिनी तत्त्व, नाद, बिन्दु र कला, नादरहस्य आदि विषयलाई शास्त्रीय प्रमाणहरूले परिपुष्ट गरी बडो सुन्दर ढङ्गले प्रस्तुत गर्नुभएको छ। नेपाली भाषामा तन्त्रविषयक कृतिको रचना ज्यादै कम रहेको परिप्रेक्ष्यमा यस कृतिको विशिष्ट महत्त्व रहनेछ। ...

... यस ग्रन्थमा तन्त्रसाधनाका विविध विषयलाई समेट्ने प्रयास भएको छ। लेखकको यो प्रयास स्तुत्य छ। तन्त्रसाधनासँग सम्बद्ध विपुल साहित्य र विस्तीर्ण परम्परा रहेकाले एउटै ग्रन्थमा सबै विषयवस्तुलाई समेट्नु सम्भव छैन तर यस ग्रन्थमा समेटिएका विषयवस्तुका माध्यमबाट तन्त्रसाधनाका बारेमा जानकारी राख्न चाहने पाठकले प्रशस्त बौद्धिक खुराक प्राप्त गर्नेछन् भन्ने मेरो विश्वास छ।

डा. माधवप्रसाद लामिछाने

एकेडेमी अफ तन्त्र एण्ड स्यामनिक स्टडिज्

9789937183765